काठमाडौं उपत्यकाको मध्यकालिक आर्थिक इतिहास



[illegible] प्रधानाङ्ग

CNAS
Kirtipur

काठमाडौं उपत्यकाको मध्यकालिक आर्थिक इतिहास

ग्रन्थकार

रमेश ढुङ्गेल   ऐश्वर्यलाल प्रधानाङ्ग

नेपाल र एशियाली अनुसन्धान केन्द्र
त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

प्रकाशक :
नेपाल र एशियाली अनुसन्धान केन्द्र
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर ।
फोन - ३३१ ७४०

प्रथम संस्करण :
प्रकाशन मिति : २०५६ असार
प्रकाशन प्रति : ५००
प्रकाशनाधिकार : प्रकाशकमा सुरक्षित

G·8532
०५६।४।१५

GNAS
Kirtipur

मूल्यः रु. :

मुद्रक : *आगम प्रिन्टर्स पब्लिसर्स एण्ड जनरल सप्लायर्स सहकारी लि.,*
नयाँ बानेश्वर, फोन नं. : ४७२५१६

प्रकाशकीय

नेपाल गौरवपूर्ण अतीत भएको एक पुरानो अधिराज्य हो । यस मुलुकको इतिहास स्थानीय स्रोतका आधारमा वैज्ञानिक तवरले लेखनकार्य धेरै पछाडि मात्र शुरू भएको हो । अन्य मुलुकमा जस्तै नेपालमा पनि कथा र गाथाको रूपमा अतीतका कुरा सुरक्षित राख्ने परिपाटी थियो ; तर इतिहासको मर्म त्यसबेला आत्मसात् हुन सकेको थिएन, यसै कारण घटना र तथ्य उल्लेख गर्दा कल्पनाले प्राथमिकता पाएको थियो । अभिलेख राख्ने, ताम्रपत्र लेख्ने, वंशावली लेखाउने चलन नेपालमा प्रचलित थियो । विभिन्न शासकहरूका दरवारिया पण्डितहरूले त्यसबेलाका महत्वपूर्ण घटना लेख्ने परम्परा रहेको पाइन्छ । पण्डितहरूले राजाहरूको गुणगानमा नै सर्वाधिक प्राथमिकता दिने गरेकाले तथ्य, कथ्य र मिथ्य पृथक् गर्न कठिन परेको दृष्टान्त पाइन्छ । उन्नाइसौं शताब्दीपूर्व नेपालको इतिहास केवल ऐतिहासिक स्रोतको स्वरूपमा मात्र रहेको थियो । नेपाली स्रोतहरू चयन गरी तथ्यपूर्ण नेपालको इतिहास लेख्ने प्रयास सर्वप्रथम अंग्रेज लेखकहरूबाट शुरुवात भएको हो ।

वि. सं. २००७ भन्दा पहिले नेपालीहरूले नेपालको इतिहास लेखनकार्यमा विशेष ध्यान दिएको पाइँदैन । २००७ सालको क्रान्तिपश्चात् नेपालमा अन्य क्षेत्रमा आएको परिवर्तन सँगसँगै नेपालको इतिहास लेखनमा पनि नयाँ अध्यायको सूत्रपात भयो । स्वदेशी विद्वान्हरू तथ्यपूर्ण नेपालको इतिहास लेखनमा अग्रसर हुन थाले । यस क्रममा बाबुराम आचार्य, पं. नयराज पन्त, सूर्यविक्रम ज्ञवाली, धनवज्र वज्राचार्य, योगी नरहरिनाथ आदिका कृतिहरू प्रकाशमा आए । संशोधन मण्डल नामक संस्था वि. सं. २००९ सालतिर स्थापना भयो, जसमार्फत् तथ्यपूर्ण इतिहास प्रकाशमा आउन थाल्यो । यस संस्थाले पूर्ववर्ती इतिहासकार, लेखकहरूले गरेका गल्ति सच्याउने कार्य गर्‍यो । संशोधन मण्डलका अतिरिक्त अन्य संस्था तथा लेखकहरूका नेपालको इतिहास सम्बन्धी कृतिहरू प्रकाशमा आउन थाले ।

नेपालको तथ्यपूर्ण इतिहास प्रकाशन गराउने कार्यमा, प्रारम्भमा नेपाल अध्ययन संस्थान र पछि नेपाल र एशियाली अध्ययन संस्थान हुँदै नेपाल र एशियाली अनुसन्धान केन्द्रमा संगठित त्रिभुवन विश्वविद्यालयको, यस अनुसन्धान केन्द्रले

स्थापनाकालदेखि नै नेपालको इतिहासका विविध पक्षमा प्रामाणिक पुस्तकहरू प्रकाशित गर्दै आएको छ। यसै पृष्ठभूमिमा अनुसन्धान केन्द्रका पूर्व कार्यकारी निर्देशकहरू प्रा. डा. माधवराज पाण्डे तथा कुमार श्री खड्गविक्रम शाहका कार्यकालमा "राष्ट्रिय इतिहास परियोजना" संचालन भई विभिन्न अनुसन्धान कार्यहरू सम्पन्न भए। प्रस्तुत ग्रन्थ पनि राष्ट्रिय इतिहास परियोजना अन्तर्गत वि. सं. २०४२/४३ मा तयार भएको अनुसन्धान प्रतिवेदन हो।

यस ग्रन्थका अन्वेषक डा. रमेश ढुङ्गेल र प्रा. ऐश्वर्यलाल प्रधानाङ्ग दुवैजना विद्वत् क्षेत्रमा अपरिचित व्यक्ति हुनुहुन्न। डा. ढुङ्गेलले नेपालको इतिहास, संस्कृति, विशेषगरी आर्थिक इतिहास र हिमाली क्षेत्रको अध्ययनमा उल्लेखनीय अन्वेषणकार्य गरिसक्नुभएको छ, भने प्रा. प्रधानाङ्ग नेपालका एक वरिष्ठ अर्थशास्त्री, योजनाविद् र राजनीतिज्ञ हुनुहुन्छ। दुवै विद्वान् ग्रन्थकारलाई उहाँहरूको यस प्रशंसनीय कामका निम्ति म अनुसन्धान केन्द्रको तर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छु। २०४५ सालमा केन्द्रमा बुझाएको प्रतिवेदनलाई पुन: लेखन, नयाँ थप समेत गरी यस पुस्तकलाई अन्तिम रूपमा ल्याउने काम भने डा. ढुङ्गेलले गर्नुभएको हो।

यसैगरी यो ग्रन्थ प्रकाशित गराउन कम्प्यूटरसम्बन्धी कार्यमा सहयोग गर्ने यस केन्द्रका अनेश श्रेष्ठाचार्य, कमल बानियाँ, रानीमैयाँ शाक्य, गंगा खरेल र गोविन्द बहादुर थापा पनि धन्यवादका पात्र छन्। यो ग्रन्थको भाषा सम्पादन गर्ने श्री भूपहरि पौडेललाई पनि धन्यवाद दिन चाहन्छु।

मध्यकालीन नेपालको आर्थिक इतिहासमा हालसम्म पनि छुट्टै अध्ययन नभएको वर्तमान स्थितिमा सम्बन्धित विषयका स्थापित विद्वान्‌हरूद्वारा लिखित प्रस्तुत ग्रन्थले नेपालको आर्थिक इतिहास अध्ययन गर्ने विद्यार्थी, शोधार्थी तथा अन्य जिज्ञासुलाई ठूलो सहयोग पुग्ने अपेक्षा गर्न सकिन्छ।

प्रा. तीर्थप्रसाद मिश्र
कार्यकारी निर्देशक

प्राक्कथन

अध्ययन गर्न सुविधा होस् भन्ने दृष्टिले नेपालको इतिहासलाई पूर्ववर्ती इतिहासकारहरूले प्राचीन, मध्य र आधुनिक गरेर ३ भागमा विभाजन गरी अध्ययन गर्ने परम्परा बसाएको देखिन्छ। यसरी काल विभाजन गर्दा राजनीतिक दृष्टिले थोरबहुत इतिहाससम्मत भए तापनि समग्र नेपाललाई आर्थिक एवम् सामाजिक दृष्टिकोणले दृष्टि दिँदा त्यति मेल खाएको देखिँदैन तर यही राजनीतिक इतिहासको कालविभाजनलाई आधार मानेर नै सामाजिक तथा आर्थिक पक्षको समेत अध्ययन गरऽउने राष्ट्रिय इतिहास निर्माण परियोजनाको लक्ष्य तथा निर्देशन भएको हुनाले यसमा त्यही परम्परागत काल विभाजन प्रणालीलाई नै अँगालिएको छ।

साधारणतया नेपालको इतिहासको कालविभाजनमा अनुश्रुति वा पौराणिककालदेखि लिच्छवि राजाहरूको अन्त्यताका सम्मलाई प्राचीन, त्यसपछि बाईसीचौबिसी युग र काठमाडौं उपत्यकाका मल्लराजाहरूको अन्त्यसम्मको युगलाई मध्यकाल र बडामहाराजाधिराज पृथ्वीनारायण शाहले काठमाडौं उपत्यका विजय गरेदेखि पछिको युगलाई आधुनिककाल भनेर मान्ने गरेको छ। यसमा पनि प्राचीन र मध्यकाललाई छुट्याउने आधारको रूपमा इतिहासकारहरू मल्लकालमा नेपाल विशेषणद्वारा चिनिएको एक नयाँ संवत्को थालनीको मितिलाई मान्ने गर्दछन्। यसो हुँदा मध्यकालले विक्रमाब्द ९३६ देखि १८२६ सम्मको जम्मा ८९० वर्षको एक लामो युगलाई समेट्दछ। यही लामो युगको आर्थिक विषयवस्तुलाई यस अध्ययनका पत्रभित्र प्राप्त भएसम्म ऐतिहासिक स्रोतसामग्रीका आधारमा लेखाजोखा गर्ने प्रयास गरिएको छ।

आर्थिक एवम् सामाजिक विषयमा लेखाजोखा गर्दा ऐतिहासिक कालविभाजनका विषयमा अलिक बढी नै चर्चा गर्नुपर्ने हुन्छ। राजनीतिक तथा वंशगत इतिहासलाई आधार मान्दा किराँत, लिच्छवि, मल्ल र शाहकाल भनेर अध्ययन गरेजस्तो किसिमले सामाजिक आर्थिक पक्षको अध्ययन गर्दा सामाजिक मान्यता र मूल्य तथा उत्पादनका साधनहरूको स्वामित्व जस्ता सामाजिक आर्थिक पक्षका सैद्धान्तिक धारणालाई वेवास्ता गरेर कुन व्यापारीले कति सम्पत्ति

कमायो, समाजमा को को र कस्ताकस्ता व्यापारी थिए र के कस्ता सामग्रीको आयात-निर्यात हुन्थ्यो भन्ने जस्ता विवरणात्मक लेखाजोखा तर्फ मात्र अध्ययन केन्द्रित हुन पुग्दछ । वास्तवमा लिच्छविराजाहरूको अन्त्य खास कुन मितिदेखि भयो र नेपाल संवत् १ देखि नेपालको सामाजिक र आर्थिक पक्षमा एकैचोटी के परिवर्तत आयो भन्ने जस्ता महत्वपूर्ण प्रश्न अगाडि राखेपछि कालविभाजनका आधारमा मात्र आर्थिक लेखाजोखा गर्न मिल्दैन कि भन्ने जस्तो लाग्छ । त्यसैगरी लिच्छविकालका राजा मानदेव, शिवदेव, अंशुवर्मा, नरेन्द्रदेव आदिका राज्यकालमा देशका उत्पादनका साधनहरूको उपयोग कसले र कसरी गरेको थियो र त्यसबाट देश र जनताको आर्थिक दशामा कस्तो प्रभाव परेको थियो तथा पछि मध्यकालको सुरुसुरुका शासक राघवदेव, शंकरदेव, गुणकामदेव, शिवदेव, आनन्ददेव, अनन्त मल्ल र त्यसपछिका शासक स्थिति मल्ल आदिका समयमा आउँदा उपर्युक्त कुरामा के कति फरक आयो भनेर हेर्‍यो भने, कुनै खास सैद्धान्तिक र व्यवहारिक अन्तर आएको देखिँदैन । देश र जनताको आर्थिक दशामा पनि कुनै त्यस्तो उल्लेखनीय परिवर्तन भएको पाइँदैन । त्यसैले यस दृष्टिकोणले हेर्ने हो भने आर्थिक इतिहासको अध्ययन अलिक छुट्टै ढङ्गले गर्नुपर्ने हुन्छ तर यहाँ त लिच्छविकालपछि र शाहकालभन्दा अगाडिका राजाहरूका शासनकालमा विद्यमान कृषि, भूमि व्यवस्था, व्यापार-वाणिज्य, राजकोष तथा करव्यवस्था जस्ता पक्षमा के-कस्ता क्रियाकलाप भएका थिए ? राजाहरूले त्यस्ता कुरामा कस्तो देन दिएका थिए ? मध्यकालका व्यापारीहरू को थिए ? तिनलाई राजाहरूबाट के कस्ता सुविधा-सहुलियत दिइएको थियो र त्यसबाट राजकोष भर्नमा कति सहयोग पुगेको थियो ? मुद्रापरम्परा तथा विनिमयप्रणाली कस्तो थियो र त्यसका सुधारका निमित्त के कस्ता प्रयास भएका थिए भन्ने जस्ता ऐतिहासिक विवरणलाई यहाँ आर्थिक इतिहासको रूपमा समेट्नु परेको छ ।

यस सन्दर्भमा मध्यकालका ऐतिहासिक सामग्रीहरूलाई गहिरो रूपमा दृष्टि दिँदा मध्यकालका अधिकाँश शासकहरूले क्रमवद्ध, संगठित तथा योजनाबद्ध रूपले देशको आर्थिक उन्नति गर्ने नीतिगत पाइला चालेका उदाहरण भने पाइएका छैनन् यद्यपि पूर्वमध्यकालका राजा शिवदेव, आनन्ददेव, अनन्त मल्ल र त्यसपछिका स्थिति मल्ल, महेन्द्र मल्ल, सिद्धिनरसिंह मल्लजस्ता शासकहरूले भने आर्थिक विकासको क्षेत्रमा गरेका प्रयासहरूलाई चाहिँ स्थिति बसाल्ने खालका भएकाले बिर्सन सकिँदैन । उत्पादनका साधन तथा राष्ट्रिय स्रोतको उपयोगको इतिहासलाई दृष्टि दिँदा चाहिँ पुरै मध्यकाल प्राचीन सामन्त पद्धतिमा चुलुम्म डुबिरहेको छर्लङ्ग हुन्छ ।

यस किसिमले हेर्दा प्राचीन र पूर्वमध्यकालका आर्थिक आधार तथा गतिविधिहरूमा केही सामञ्जस्य रहेको र पूर्वमध्यकाल र मध्यकालमा भने निकै फरक हुँदै गएको देखिन्छ । त्यसो भए तापनि यस अध्ययनमा प्राचीनतासँगको तुलनात्मक हिसाबले मध्यकालको पूर्वार्द्ध र उत्तरार्द्धसम्म के-कस्तो परिवर्तन आयो भन्ने एकै ठाउँमा स्पष्ट्याउनका निमित्त पूर्वार्द्ध र उत्तरार्द्धको बेग्लाबेग्लै खण्ड नगरिकन एकै खण्डमा समावेश गरिएको छ । आर्थिक गतिविधिमा खासगरी कृषि तथा भूमिव्यवस्था, करप्रणाली, विनिमय र नापतौलजस्ता कुरामा धेरै हदसम्म पूर्वमध्यकालले प्राचीनकालसँग सामञ्जस्य राखेको देखिन्छ । राजनीतिक इतिहासमा पनि मध्यकालको पूर्वार्द्धका सुरुका शताब्दीहरूमा कुनै वंशगत परिवर्तन भएको कुरा स्पष्ट्याउने ऐतिहासिक सामग्री पाइएको छैन । खालि केन्द्रीय शासन कमजोर हुँदै जानाले बाहिरका सामन्त शासकहरू स्वतन्त्र हुने र उपत्यकाको केन्द्रीय दरबारमा आएको फूटले गुहारको रूपमा बाह्य शक्तिको प्रवेश, आक्रमण र दवावको अवस्था सिर्जिएको मात्र हो । त्यसैले पूर्वमध्यकालका शिवदेव राजाको शासनकालमा केही आर्थिक गतिविधि बढेका र विनिमयको परम्परामा केही परिवर्तन हुनुको साथै वि.सं. १२३६ (ने.सं. ३००) ताकादेखि नै भूमिव्यवस्थामा समेत केही परिवर्तन भएका उदाहरणबाहेक अरू सबै प्राचीन परम्परामै आधारित व्यवस्था चलेको देखिन्छ ।

यसपछि स्थिति मल्लले उपत्यकाको केन्द्रीय शासनमा हात हालेपछि यहाँको राजनीतिक, सामाजिक साथै आर्थिक पक्षमा समेत धेरै परिवर्तन आयो । यसरी नयाँ राजवंशको स्थापनाको साथसाथै मल्लकालमा सामाजिक ढाँचामा समेत केही परिवर्तन र सुधार गरिए र आर्थिक गतिविधिमा पनि सुधार र परिवर्तन हुन थाल्यो । भूमिव्यवस्था, करप्रणाली र व्यापारनीतिमा समेत निकै परिवर्तन तथा विस्तार हुन थाल्यो । यक्ष मल्लको शासनकालसम्म उपत्यकाका आर्थिक स्रोतहरूको एक रूपमा उपयोग गर्ने/गराउने र आर्थिकविस्तार गर्ने काम यस युगमा भयो । यक्ष मल्लको शासनकालपछि उपत्यका टुक्रियो । कान्तिपुर, ललितपुर र भक्तपुरले तीनवटा छुट्टाछुट्टै राज्यको रूप लिन पुगे । यसले गर्दा स्रोतसाधनको विभाजन र प्रतिस्पर्धाको कारण खिचातानीको युगको सिर्जना भयो तैपनि आ-आफ्नो राज्यको आर्थिक उत्पादनका निमित्त तीनवटै राज्यले एकै रूपले प्रयत्न गर्दै गए । फलत: राज्यविभाजन भए तापनि आर्थिक अवस्थामा त्यति कमजोरी आएन । उत्तर-दक्षिण व्यापारमा प्रतिस्पर्धात्मक रूपले उपत्यकाका तीनवटै राज्यहरू संलग्न रहे । यस युगमा उपत्यकाका मुद्राहरू समेत तिब्बतमा चल्ने र तिब्बतबाट त्यसको सट्टामा शुद्ध सुनचाँदी ल्याएर यहाँको राजकोष भर्ने परम्परा चल्यो । एक किसिमले तिब्बत नेपाली उत्पादनको

बजार बन्न पुग्यो । नेपाली व्यापारीहरूको समूह नै तिब्बत जाने र त्यहीँ कोठी समेत खोलेर व्यापार गरी बस्ने परम्परा समेत चल्यो । यसका निमित्त वाणिज्य दूत (वकिल वा नायक) को समेत व्यवस्था उपत्यकाको कान्तिपुर राज्यको तर्फबाट भएको उल्लेख पाइन्छ । काजी भीम मल्लले गरेको व्यापारसन्धि यस परिप्रेक्ष्यमा निकै उल्लेखनीय छ ।

स्थिति मल्लपछि कान्तिपुरका राजा महेन्द्र मल्ल, पाटनका सिद्धिनरसिंह मल्लजस्ता राजाहरूका आर्थिक सुधारका कार्यहरू उल्लेखनीय रूपमा देखिएका छन् । पाटनका राजा विष्णु मल्लले गरेका सुधारको टिपोट पनि केही वर्षअघि पाइएको चर्चा सुन्नमा आएको छ ।[1] यदि विष्णु मल्लको सुधार पनि पाइएको हो भने शिवदेव, स्थिति मल्ल, महेन्द्र मल्लजस्ता सुधारक राजाका पङ्क्तीमा विष्णु मल्ललाई पनि राख्नुपर्ने हुन्छ । यसै समयँताका व्यापार विस्तारकै कारण दोलखा जस्तो नयाँ व्यापारिक राज्यको जन्म समेत हुन पुग्यो । त्यहाँका इन्द्रसिंहदेवजस्ता राजाहरूको नाम मध्यकालको आर्थिक इतिहासको क्षेत्रमा उल्लेखनीय रूपमा रहेको छ । यही कारणले मध्यकालमा व्यापारमार्गहरूमा परेका विभिन्न ठाउँले व्यापारिक शहरको रूप लिँदै गएको देखिन्छ ।

स्रोतसामग्रीका दृष्टिले पनि पूर्वमध्यकाल र मल्लकालमा निकै अन्तर छ । मल्लकालका प्रशस्त अभिलेखिक सामग्रीहरू प्राप्त भएका छन् र हुँदै पनि छन् । तर पूर्वमध्यकालका स्रोतसामग्रीको भने अभाव छ । खालि औंलामा गन्न सकिने शिलालेख, ताम्रपत्र र केही मात्रामा हस्तलिखित ग्रन्थहरूका विशेषरूपमा पुष्पिका लेखहरूबाट केही आर्थिक विषयमा जानकारी प्राप्त गर्न सकिन्छ । यसबाहेक यस युगका ताडपत्रहरू हालै प्रकाशित भएका छन् र प्रकाशित हुँदैछन् । त्यसैले, पूर्वमध्यकालको अध्ययन यिनै सिमित सामग्री र वंशावलीहरूका आधारमा गरिएको छ तापनि प्राप्त भएसम्मका प्रतिनिधि स्रोतहरूलाई अध्ययनको आधार अवश्य बनाइएको छ ।

उत्तरमध्यकाल अर्थात् मल्लकालका असंख्य सामग्रीहरूलाई भने सबै स्रोतसामग्रीको नबिराइकन अध्ययन गर्नु सीमीत समयभित्र असम्भवजस्तै नै भएको छ । फेरि प्रायःजसो सामग्रीहरू आर्थिक भन्दा राजनीतिक तथा सामाजिक पक्षसँग बढी सम्बन्धित देखिन्छन् । तैपनि यस युगको अध्ययनको क्रममा मुख्यमुख्य अभिलेखहरू, ठ्यासफू, तमसुक-ताडपत्र तथा धरःपौजस्ता सामग्रीहरूलाई नै आर्थिक व्याख्याको विशेष स्रोतको रूपमा उपयोग गरिएको छ ।

अनुसन्धानको क्रममा प्रकाशित तथा अप्रकाशित दुवै स्रोतको उपयोग गरिए तापनि समयाभावको कारण बढी मात्रामा प्रकाशित स्रोतमा यो

अनुसन्धान कार्य निर्भर रहेको छ तर प्रकाशित स्रोतमा पनि ऐतिहासिक विश्लेषणका पुस्तकहरू भन्दा ऐतिहासिक अभिलेखकि स्रोत सामग्रीयुक्त प्रकाशनलाई नै उपयोग गरिएको छ । यसबाहेक मध्यकालका पुरातात्विक वस्तुहरू जस्तै मूर्ति, ऐतिहासिक स्मारकहरू, मुद्राका साथै अन्य धार्मिक तथा लौकिक महत्वका पुरातात्विक वस्तुहरूको स्थलगत अवलोकन र सर्वेक्षणका आधारमा पनि आर्थिक व्याख्या गर्न प्रयास गरिएको छ ।

स्रोतसामग्री र आर्थिक एवम् सामाजिक परिवेशले मध्यकालको त्यति लामो युगमा माथि उल्लेख गरिएअनुरूप विभिन्नता रहे तापनि पूर्वार्द्ध र उत्तरार्द्धलाई एउटै समुच्च अध्ययन र पन्जिका (content) भित्र राखेर अध्ययन गर्ने कोसिस यसमा गरिएको छ, यद्यपि स्रोतसामग्री तथा आर्थिक आधारका तथ्यहरूलाई दृष्टि दिँदा एकै पन्जिकाभित्र समान रूपले राखेर अध्ययन गर्नु कठिनाइकै विषय हो । अध्ययनको संगठनका सम्बन्धमा साधारणतया अध्ययनलाई १० मूल परिच्छेदमा विभाजन गरी उक्त मूल परिच्छेद अन्तर्गत आवश्यकतानुरूप दुईदेखि पाँचसम्म उपशीर्षकहरू राखेर अध्ययन गरिएको छ । मूल परिच्छेदमा परिचय, स्रोतसाधन, कृषि तथा भूमिव्यवस्था, उद्योगधन्दा, श्रमशक्ति, व्यापार-वाणिज्य, मुद्रा, नापतौल, यातायात, सञ्चार र वित्त व्यवस्था पर्दछन् । कतिपय शीर्षकहरूमा स्रोतसामग्रीको अभावले गर्दा विस्तृत रूपमा उल्लेख गर्न सकिएको छैन, तर आर्थिक अध्ययनका सिद्धान्तको ढाँचामा अध्ययनलाई ढाल्नुपर्दा यी सबै शीर्षकहरूलाई अध्ययनका निमित्त समावेश गर्न बाध्य हुनुपरेको छ ।

प्रस्तुत ग्रन्थको अनुसन्धान र प्रतिवेदनको रूपमा लेखनकार्य करीव एक दशक अगाडि नै त्रि.वि., नेपाल र एशियाली अनुसन्धान केन्द्रको बृहत राष्ट्रिय इतिहास निर्माण परियोजना अन्तर्गत भएको हो । एक दशकभन्दा पनि लामो अवधिसम्म नेपालको राष्ट्रिय इतिहासको एक खण्डको रूपमा प्रकाशित हुने विशेष मौका पर्खदा पर्खदा थकित भएर प्रकाशित हुन नसक्ने अवस्थामा झण्डै पुगिसकेको यो अध्ययनले अहिले आएर स्वतन्त्र अस्तित्वका साथ पाठकसामु पुग्ने मौका पाउनुलाई पनि एक किसिमको राम्रै अवसर पाएको मान्नु उचित होला । यद्यपि राष्ट्रिय इतिहासको सिंगो रूपको परिकल्पना भित्र रहेर गरिएको अध्ययनलाई अलग्याएर बेग्लाबेग्लै ग्रन्थका रूपमा प्रकाशित गर्नाले प्रस्तुत ग्रन्थले पनि कुनै सिंगो वस्तुबाट अलगिएको चोइटोजस्तो अनुभूति पाठकहरूमा पैदा गर्न के बेर ? किनभने, यसमा मध्यकालको एउटै सीमित पक्ष, आर्थिक गतिविधिलाई मात्र समेटिएको छ । त्यसैगरी अध्ययन प्रतिवेदन बुझाएको एक दशक भन्दा लामो समयको अन्तरालका कारण यस बीचमा भएका नयाँ खोज र

अनुसन्धानबाट प्राप्त तथ्य तथा व्याख्या प्रणालीमा देखा परेको सैद्धान्तिक परिवर्तनलाई यसमा राम्रोसित समावेश गर्न सकेको छैन ।

चालु वर्षको बजेटलाई उम्कन नदिने बाध्यताको वेग पछिपछि लाग्नु पर्दा र यस अध्ययनका एक अध्येता रमेशकुमार ढुङ्गेलको लगभग ९ वर्षको संयुक्त राज्य अमेरिकाको अध्ययन अध्यापनसँग सम्बन्धित बसाई सरेर फर्कनासाथ, लगत्तैपछि यस ग्रन्थलाई प्रकाशित गर्नु परेकोले यसमा सम्भावित सुधार अपेक्षाकृत रूपमा हुन सकेको छैन । यसो भए तापनि मध्यकालको आर्थिक इतिहास जस्तो महत्वपूर्ण विषयमा छुट्टै ग्रन्थाकारमा लेखिएको पहिलो ग्रन्थ भएका कारण यसको महत्व अध्येता, अनुसन्धाता, शिक्षक, विद्यार्थी तथा अरु पाठकवर्गमा अवश्य अत्यधिक होला भन्ने अनुमान गर्न सकिन्छ ।

अन्त्यमा यस अन्वेषण कार्यमा अन्वेषकलाई विभिन्न क्षेत्रबाट सहयोग पुऱ्याउने महानुभावहरू प्रति कृतज्ञता तथा धन्यवाद दिनु अन्वेषकहरूको कर्तव्य भएको छ । सर्वश्री त्रि.वि. नेपाल र एशियाली अनुसन्धान केन्द्रका तात्कालिक कार्यकारी निर्देशक श्री खड्गविक्रम शाहप्रति अनुसन्धान परियोजना स्वीकृत गरी यो अन्वेषण कार्यमा प्रोत्साहित तुल्याइदिनु भएकोमा कृतज्ञता व्यक्त गर्दछौं । त्यसैगरी समयसमयमा सल्लाह एवम् सुझाव दिनुहुने इतिहासकार हाल स्व. धनवज्र वज्राचार्यप्रति पनि हामी कृतज्ञ छौं । यसको प्रकाशनको क्रममा बजेट व्यवस्था तथा विशेष चासो र तदारुकताका निम्ति प्रा. प्रेमकुमार खत्री (भू.पू. कार्यकारी निर्देशक, ने.ए.अ. केन्द्र) र वर्तमान कार्यकारी निर्देशक प्रा. तीर्थप्रसाद मिश्रलाई हार्दिक धन्यवाद दिन चाहन्छौं ।

त्यसैगरी पाण्डूलिपि ध्यानपूर्वक सुरुदेखि अन्त्यसम्म पढी भाषासम्बन्धी कार्यमा सहयोग पुऱ्याउनुहुने श्री भूपहरि पौडेल (उप प्रा., पद्मकन्या बहुमुखी क्याम्पस) र श्री ज्ञानप्रसाद ढुङ्गाना (कृषि विकास बैंक) लाई धन्यवाद छ ।

कम्प्यूटरसम्बन्धी कार्यमा खटिनु हुने नेपाल र एशियाली अनुसन्धान केन्द्रका अनेश श्रेष्ठाचार्य, गोविन्द बहादुर थापा, कमल बानियाँ, श्रीमती रानीमैया शाक्य र श्रीमती गंगा खरेल पनि धन्यवादका पात्र हुनुहुन्छ ।

ग्रन्थकारद्वय

विषय सूची

शीर्षक	पृष्ठ
प्राक्कथन	
प्रकाशकीय	
परिच्छेद १ परिचय	**१-१३**
१.१ ऐतिहासिक पृष्ठभूमि	१
१.२ वस्तीहरूको विस्तार र शहरीकरणमा द्रुतता	७
परिच्छेद २ प्राकृतिक स्रोत र साधन	**१४-२७**
२.१ जमिन (भूमि)	१४
२.२ वनजङ्गल	१७
२.३ खनिज	२३
परिच्छेद ३ कृषि तथा भूमि व्यवस्था	**२८-८७**
३.१ कृषि उत्पादन	२९
३.२ सिँचाइ व्यवस्था	३५
३.३ कृषि प्रविधि	४४
३.४ पशुपोलन	४९
३.५ भूमिव्यवस्था	५८
३.५.१ जग्गाका किसिम र भू-स्वामित्व	६२
३.५.२ जग्गा बेचविखन, धरौटी र भागबण्डा आदि	७१
३.५.३ मोही तथा कुतव्यवस्था	७५
परिच्छेद ४ औद्योगिक परम्परा	**८८-१३३**
४.१. कपडा उत्पादन व्यवसाय	९०
४.२. धातु सम्बन्धी व्यवसाय	९६
४.३. खनिज उद्योग	१११
४.४. काठ, ढुंगा तथा माटोसँग सम्बन्धित शिल्प व्यवसाय	११३
४.५. तेलपेल्ने, ऊखुसम्बन्धी-चाकु, सख्खर बनाउने तथा ढिकी, जाँतो, ओखल, घट्ट आदि व्यवसायहरू	११६
४.६. अन्य व्यवसाय तथा उत्पादनहरू	११८

परिच्छेद ५ श्रमशक्ति तथा पेशेवर वर्ग १३४-१५२
५.१ विभिन्न व्यवसायी पेशेवर वर्ग १३५
५.२ ज्याला मजदूरी १४०
५.३ झारा तथा वेठ-वेगार १४५
५.४ दास प्रथा १४८

परिच्छेद ६ व्यापार-वाणिज्य १५३-१९६
६.१. बाह्य व्यापार १५५
६.२. व्यापारी वर्ग तथा सङ्गठन १७६
६.३. व्यापार मार्ग, भन्सारचौकी र व्यापारिक बस्ती आदि १८१
६.४. आन्तरिक हाटबजारका विषयमा १९१

परिच्छेद ७ विनिमय परम्पराः मुद्रा तथा लेनदेन १९७-२३४
७.१. मौद्रिक परम्परा १९८
७.२. विविध लेनदेन, ऋण सापटी तथा बजार भाउ २१६

परिच्छेद ८ नाप तौल व्यवस्था २३५-२४३
८.१ नापतौलका इकाइ र साधन (भर्ने र जोख्ने) २३५
८.२ घरजग्गा, खेतबारी आदिको नापोको परम्परा (भू-नाप) २३८

परिच्छेद ९ यातायात तथा सञ्चार २४४-२५६
९.१ यातायात २४५
९.२ सञ्चार २५१

परिच्छेद १० राज्यको आम्दानी र खर्च (वित्त) व्यवस्था २५७-२८१
१०.१. राजस्व अर्थात् आम्दानीका स्रोतहरू २५८
१०.१.१. कर व्यवस्था २५८
१०.१.२. अस्थायी वा विशेष उद्देश्यका करहरू २६६
१०.१.३. आम्दानीका अन्य स्रोतहरू २७०
१०.२. राज्यको खर्च २७५

सन्दर्भग्रन्थ सूची २८२-२८८

परिच्छेद एक : परिचय

ऐतिहासिक पृष्ठभूमि

वस्तीहरुको विस्तार र शहरीकरणमा द्रुतता

परिच्छेद एक
परिचय

१.१ ऐतिहासिक पृष्ठभूमि

नेपालको राजनीतिक भूगोललाई दृष्टि दिँदा काठमाडौँ उपत्यकाले प्राचीन युगदेखि नै केन्द्रस्थलको भूमिका खेल्दै आएको देखिन्छ । यसो भए तापनि मध्यकालको पूर्वार्द्धताका भने उत्तर-पश्चिम तथा दक्षिणतर्फ पनि केही मजबुत शक्तिहरू देखा नपरेका होइनन् । परन्तु ती बलिया शक्तिहरूको क्षणिकताले प्राचीनकालदेखि नै केन्द्रस्थल बन्ने यस काठमाडौँ उपत्यकाको गुणमा त्यति खास असर पर्न सकेन ।

पहाडी भू-भाग भए तापनि उब्जाउ उपत्यका र प्राकृतिक मनोरम अवस्थिति भएका कारण यहाँ प्रागैतिहासिक युगदेखि नै मानिसको बसोवास भइआएको कुरा प्रमाणित भएको छ । समशीतोष्ण प्रदेश-भएको हुनाले पनि मानव बसोवासका निमित्त यो उपत्यका उपयुक्त मानियो । उत्तर र दक्षिणबाट आएका जनजातिको सङ्गमस्थल भएकोले यहाँबाट बाह्यजगत्सँग सम्बन्ध राख्ने काम सभ्यताको प्रारम्भिक चरणदेखि नै भएको थियो । किरातकालदेखि नै नेपाल-भारतबीच व्यापारिक सम्बन्धको थालनी भएको तथ्य इतिहासमा स्पष्ट नै छ । यस क्रममा लिच्छविकालमा अझ द्रुतगति आयो । व्यापारिक तथा सांस्कृतिक आदान-प्रदानको कारण काठमाडौँ उपत्यकाबाट दक्षिणतर्फ झर्ने बाटोहरू खुले । यसको फलस्वरूप बाटोमा पर्ने महत्त्वपूर्ण स्थानहरूमा अनेक बाक्ला बस्तीहरू गुल्जार भए ।

प्राचीन कालको उत्तरार्द्धदेखि उत्तरतर्फ पनि सांस्कृतिक तथा आर्थिक सम्बन्धको सूत्र नेपालले विस्तार गर्‍यो । उत्तर हिमालयका भञ्ज्याङ्गहरू पार गर्दै कुती, क्यीरोङको बाटोबाट नेपालले तिब्बत चीनतर्फको व्यापारको प्रारम्भ गरेको इतिहास पनि स्पष्ट नै छ । यस किसिमले हिमालय पार गरेर उत्तरतर्फ जाने बाटो खुलेपछि उत्तर र दक्षिणका दुइ ठूला साम्राज्यको बीचमा रहेर सांस्कृतिक तथा आर्थिक सम्बन्धमा मध्यस्थको भूमिका नेपालले खेल्न थाल्यो । यसै क्रममा व्यापारीहरूको संख्या र व्यापारको परिमाणमा वृद्धि हुन थाल्यो ।

यसैको प्रतिफल अनेक व्यापारिक बस्तीहरूको विकासको क्रम काठमाडौं उपत्यका र आसपासमा अगाडि बढ्यो ।

यस किसिमले प्राचीनकालदेखि नै नेपालमा आर्थिक पूर्वाधारहरू बनिसकेका थिए । व्यापार-वाणिज्यको क्षेत्रमा भएको उन्नतिको फलस्वरूप उद्योग-धन्दा, विनिमय, नापतौल व्यवस्था, पशुपालन, वित्तव्यवस्था आदि मुख्य-मुख्य आर्थिक क्षेत्रमा क्रमशः उन्नति हुन थालेको थियो । कृषि त नेपालको प्रारम्भिक युगदेखिकै महत्त्वपूर्ण पेशा थियो । मूल उपत्यका र त्यसको आसपासका नदीको किनाराका समथर उपत्यकाहरू कृषि उत्पादनको दृष्टिकोणले निकै महत्त्वपूर्ण थिए । यस परिप्रेक्ष्यमा काठमाडौं उपत्यका बाहेक बनेपा, पनौती, खोपासीतर्फका भू-भागहरू र नुवाकोट तर्फका भू-भागहरूलाई समेत बिर्सन सकिँदैन । अन्य आर्थिक क्षेत्रको उन्नति र बाह्य सम्बन्धका कारण कृषि-प्रविधि र भूमि-व्यवस्थामा पनि उल्लेखनीय उन्नति भएको कुरालाई यहाँ बिर्सन सकिँदैन ।

माथि प्रस्तावनामा उल्लेख गरिएबमोजिम नेपाल संवत्को थालनीदेखि नेपालको इतिहासलाई मध्यकाल मानिएको छ । साधारणतया मध्यकालमा उपत्यकाको विखण्डन पछिको युगलाई मध्यकालको उत्तरार्द्ध मानेर अध्ययन अध्यापन गर्ने/गराउने परिपाटी इतिहासज्ञहरूले लिइआएको देखिन्छ । कसैकसैले भने पछिल्लो मल्लवंशको स्थापना अर्थात् स्थिति मल्लदेखिको मल्लकाललाई पनि मध्यकालको उत्तरार्द्ध मान्ने गरेका छन् । त्यसैले यहाँ स्थिति मल्ल र सोभन्दा अगाडिको युगलाई मध्यकालको पूर्वार्द्धयुग र त्यसपछि पृथ्वीनारायण शाहले उपत्यका विजय गर्नु भन्दा अगाडिको युगलाई मध्यकालको उत्तरार्द्धयुग मानेर अध्ययन गर्नु पर्ने भएको छ ।

राजनीतिक इतिहासको दृष्टिकोणले उपर्युक्त कालविभाजन त्यति उपयुक्त देखिँदैन भनेर माथि प्रस्तावनामा नै उल्लेख गरिसकियो । यसो भए तापनि सांस्कृतिक तथा आर्थिक दृष्टिकोणले भने यस विभाजनलाई केही उपयुक्त मान्न सकिन्छ । बस्तीहरूको विस्तार तथा शहरीकरणको थालनीको दृष्टिकोणले भने यो कालविभाजन धेरै नै मिल्दो देखिएको छ । किनकि प्राचीनकाल र मध्यकालको उत्तरार्द्धबीच यस क्षेत्रमा धेरै अन्तर आएको देखिन्छ । बस्ती बसाइ र शहरीकरणको इतिहासले आर्थिक गतिविधिको इतिहाससँग सोझै सम्बन्ध राखेको हुन्छ ।

लिच्छविहरूको पतनपछि राजनीतिक क्षेत्रमा आएको कमजोरीले नेपालको प्राचीन राष्ट्रिय एकताको विखण्डन भयो । राजनीतिक एकताले गर्दा आर्थिक स्रोतहरूको एकीकृत रूपमा परिचालन भइरहेकोमा विखण्डनपछि त्यस्ता स्रोतहरू पनि विभिन्न शक्तिहरू बीच छरिन पुगे । त्यसैले राजनीतिक

कमजोरीको प्रतिकूल असर आर्थिक क्षेत्रमा पनि पऱ्यो । केन्द्र बलियो हुँदा उपत्यका भन्दा परपर सम्मका सामन्त प्रदेशहरूबाट आउने कर-शिर्तो, आदिको आम्दानी विखण्डनपछि घट्नु त छँदै थियो, त्यतिमात्र नभएर आन्तरिक झगडा तथा बाह्य साथै कतिपय समयमा त तिनै सामन्तहरूकै समेत आक्रमणको सामना गरिरहनु पर्ने अवस्था परेकोले अनुत्पादक क्षेत्रमा श्रमको खर्च गर्नु पर्ने, गढ-किल्ला, सुरक्षा पर्खालजस्ता सामरिक महत्त्वको निर्माणकार्यमा खर्च गरिरहनु पर्ने अवस्था सिर्जिएकोले झन झन विकसित हुँदै जानु पर्ने नेपालको आर्थिक अवस्था अपेक्षाकृत रूपमा विकसित हुन सकेन । त्यसैले उपत्यकाको आर्थिक अवस्थामा पनि राजनीतिक अवस्थाको प्रतिकूल प्रभाव त केही न केही रहेकै देखिन्छ । यसो भए तापनि लिच्छविकालमा आर्थिक पूर्वाधारहरू खडा भइसकेका हुनाले नेपाल (काठमाडौं) उपत्यकाको आर्थिक अवस्थामा चाहिँ अपेक्षाकृत प्रगति नभए पनि खास गिरावट चाहिँ आएन ।

खेतीयोग्य उब्जाउ भू-भागको प्रचूरता, विदेश व्यापारको निरन्तरता, कलाकौशल तथा तत्सम्बन्धी उद्योगधन्दाको परम्परा र उत्पादन पक्षको तुलनामा जनघनत्वमा कमी आदि कुराले आर्थिक सन्तुलन कायम रहेको थियो । उपत्यकाको विखण्डनपछि पनि गोरखाली आक्रमण सुरु हुनुभन्दा अगाडिसम्म तीनै राज्यबीच प्रतिस्पर्धात्मक रूपमा आर्थिक सन्तुलन कायम रहेकै थियो । यस युगमा पनि सुधारक राजाहरू देखापरेका पिथए । कान्तिपुरका महीन्द्र मल्ल, पाटनका विष्णुमल्ल आदि राजाहरूका सुधारका विषयका टिपोटहरू प्राप्त भएको कुरा यहाँ उल्लेखनीय छ ।

आर्थिक प्रगतिकै फलस्वरूप यहाँ मध्यकालको पूर्वार्द्धदेखि नै विद्या-परम्परा, साहित्य तथा धर्म-संस्कृतिको क्षेत्रमा उन्नति हुन थालेको थियो । त्यसै हुनाले समाजका उपर्युक्त क्षेत्रमा बढेका गतिविधिले नेपालको इतिहासमा उल्लेखनीय स्थान ओगटेको छ । यस युगमा शैव र बौद्ध दुवै धार्मिक सम्प्रदायहरू चलिरहेका हुनाले तिनैका माध्यमबाट विद्या-परम्परा साहित्य तथा संस्कृतिको क्षेत्रमा प्रगति भएको थियो । तिनताका शैव र बौद्ध दुवै सम्प्रदायमा तन्त्रसिद्धान्तले प्रश्रय पाएको थियो । त्यसैले यी दुवै धर्मका क्रिया-प्रक्रिया र सिद्धान्तमा समेत नयाँ मोड आयो र धेरै कुराहरू थपिन पुगे । यस युगमा एकपल्ट बौद्धधर्म र शिक्षाको निमित्त काठमाडौं उपत्यकाले सबैभन्दा महत्त्वपूर्ण केन्द्रको रूप समेत लिन पुग्यो । भारतीय मैदानमा बढ्दै आएको मुगल शक्तिको कारण हिंन्दू तथा बौद्ध दुवै थरी विद्वान्-पण्डितहरू नेपालतर्फ प्रवेश गरे । नेपालको माध्यमबाट प्राचीनकाल देखिं नै भारतीय बौद्ध पण्डितहरूले तिब्बतमा बुद्धधर्मको प्रसार तथा विस्तार गराएका थिए । यस काममा नेपाली पण्डितहरूको पनि उत्तिकै महत्त्वपूर्ण देन थियो भन्न सकिन्छ । पूर्वमध्यकालमा

आइपुग्दा हिमालय पारका तिब्बत र चीन साम्राज्यतर्फ आफ्नो सांस्कृतिक सम्बन्ध विस्तार गर्ने काममा नेपाल अझ अगाडि वढेको देखिन्छ । त्यसैले तिव्वतमा विद्या प्रसार गर्ने काममा यस युगका नेपाली विद्वान् पण्डितहरूको अझ बढी योगदान रहेको कुरा प्रमाणित हुन्छ । तिब्वतमा अनेकौं महत्त्वपूर्ण बौद्ध ग्रन्थहरूको अनुवादको युग यो थियो, जुन काममा धेरै संख्यामा नेपाली विद्वान्हरू पनि संलग्न थिए । फर्पिङ्का गुणमित्र, वागीश्वर कीर्ति (ङग्ग्यीदवङ् फ्युग-ग्रगस-प) र उनका भाइहरू धर्ममति दुस् खोस-प, थङ हुङ-प र बोधि भद्र (व्यङ-छुव-वजङ-पो) आदि विद्वान्हरूको तिब्वतमा ठूलो योगदान रहेको छ । यिनीहरूले गुह्य समाजतन्त्रमा दक्षता हासिल गर्नुका साथै तिब्वतका लामा नारो-पासँग पठनपाठनको काम समेत गरेका थिए ।[१]

मध्यकालका विद्याका केन्द्रहरूमा सर्वोच्चस्थान बिहारहरूको नै थियो । मध्यकालको पूर्वार्द्धमै निर्माण गरिएका र संस्कार गरिएका अनेकौं विहारहरूका त्यसैबेला लेखिएका असङ्ख्य धार्मिक ग्रन्थहरू, मूर्तिहरू तथा अन्य विविध कलाका नमूनाहरूबाट त्यसकालमा विद्या, कला-संस्कृति आदि कुराको विकास क्रममा पनि कुनै रुकावट र कमी आएको थिएन भन्ने कुरा स्पष्ट हुन्छ । त्यसैले हिजोआज यदाकदा पूर्वमध्यकाललाई “नेपालको बौद्धधर्मको पुनरुत्थानको युग” भनेर सम्बोधन गर्ने चलन पनि चलेको छ । यस रायलाई पूर्णरूपमा मान्न नसकिए तापनि नेपालमा अहिले व्यवहारमा भएका प्राय:जसो विहारहरू मध्यकालको पूर्वार्द्धताका निर्माण तथा जीर्णोद्धार तथा संस्कार गरिएका हुन भन्ने कुरा चाहिँ प्रमाणित भइसकेको छ । यस क्रममा भाष्करदेव संस्कारित केशवचन्द्रकृत पारावत महाविहार (इटुंवहाल),[२] विक्रमशील महाविहार (थं वहिल),[३] भास्करदेव संस्कारित हिरण्यवर्ण महाविहार (क्वा-वहाल, पाटन)[४], श्री शिवदेव संस्कारित श्री रुद्रवर्णमहाविहार (उकु वहा),[५] रुद्रदेव नङ्गपाल संस्कारित ज्योति महाविहार (ज्या-वहाल), पाटन,[६] रुद्रदेव गर्गगोत्र वर्म संस्कारित श्री दत्तनाम महाविहार (दौवहाल), पाटन[७], सुनश्रीमित्रद्वारा संस्कारित पाटन यम्पि महाविहार (इ-वहि), काश्यप मित्रद्वारा संस्कारित ललितवन महाविहार (कुन्तिवहि) र गोवर्द्धन मित्रद्वारा संस्कारित नापिचन्द्र महाविहार (दुन्तुवहि) आदि विहारहरूलाई उदाहरणका रूपमा लिन सकिन्छ । यी सवै विहारहरू दशौंदेखि बाह्रौं शताब्दीताका बनेका तथा संस्कारित भएका प्रमान पाइएका छन् ।

यसै किसिमले त्यसबेला धार्मिक तथा सांस्कृतिक उत्थान प्रशस्त मात्रामा भएको थियो भन्ने कुराको प्रमानको रूपमा मध्यकालको पूर्वार्द्धमा लेखिएका हस्तलिखित ग्रन्थहरू अझै पनि सुरक्षित रहेकै छन् । त्यस्ता महत्त्वपूर्ण धार्मिक ग्रन्थहरू मध्ये पाटन महाबोधि विहारमा फेला परेको ने.सं.४० मा राजा शङ्करदेवको समयमा लेखिएको अष्टसाहस्रिकाप्रज्ञापारमिता,[८] तिब्बतको डोर्

मठमा पाइएका ने.सं. ११९ र ने.सं. १८९ मा क्रमशः सुवर्णकार राणा र गङ्गारानाले लेखेका अष्टसाहस्रिकाप्रज्ञापारमिताहरू,[९] वेंडालले उल्लेख गरेका निर्भयदेव र रुद्रदेवको संयुक्तशासनकाल (ने.सं. १३५) मा लेखिएका अष्टसाहस्रिकाप्रज्ञापारमिता,[१०] आचार्य अतीश दीपङ्कर श्रीज्ञानको नाम उल्लिखित ठमेलस्थित भगवानवहाल (विक्रमशील महाविहार) मा सुरक्षित सम्भवतः ने.सं. १६१ ताकाको शतसाहस्रिकाप्रज्ञापारमिता,[११] शङ्करदेवको शासनकाल (ने.सं. २०२) मा भुजिमोल लिपिमा लेखिएको मित्रराष्ट्र चीनबाट प्राप्त भई नेपाल राष्ट्रिय अभिलेखालयमा सुरक्षित रहेको सत्धर्मपुण्डरिकसूत्र[१२] तथा अभयमल्लको शासनकाल ने.सं. ३४५ मा लेखिएको हाल हिरण्यवर्ण महाविहारको संग्रहमा रहेको अष्टसाहस्रिकाप्रज्ञापारमिता आदि ग्रन्थहरू निकै उल्लेखनीय छन् । अझ खोज अनुसन्धान भएको खण्डमा नेपाल हिमालयका पुराना गोन्-पा तथा तिब्बत, चीन र मङ्गोलियासम्म पनि मध्यकालको सुरु-सुरुमा लेखिएका त्यस्ता महत्त्वपूर्ण ग्रन्थहरू प्राप्त हुन सक्ने सम्भावना धेरै छ ।

यतिका महत्त्वपूर्ण विहार तथा ग्रन्थहरूको लेखनकार्य हुने ठाउँमा आर्थिक उन्नति भएको थिएन भन्न सकिँदैन । राजसंरक्षण तथा आर्थिक उत्थान नभई यस्ता सांस्कृतिक गतिविधिहरू बढ्न पनि सम्भव छैन । नेपाली कलाले त्यसै युगदेखि नै बाह्य जगत्मा समेत ठूलो प्रभाव जमाएको थियो । तिब्बत र चीनमा समेत नेपाली कलाकारहरूको माग भएको युग पनि यही नै थियो । देशको आर्थिक समृद्धि कायम हुनुको साथै असङ्ख्य मात्रामा धातुका देवमूर्तिहरूको निर्माण भएको थियो । भारत-तिब्बत-चीनदेखिका विद्वान् पण्डितहरू, तीर्थयात्री, भिक्षु तथा शिक्षार्थीहरूको आवतजावत पनि यहाँ हुन थालेको थियो । यस सांस्कृतिक आवतजावतले आर्थिक क्षेत्रमा खासगरी व्यापार सम्बन्धमा पनि अनुकूल प्रभाव परिरहेकै थियो ।

तिब्बतमा बौद्ध धर्मको प्रवेश प्राचीनकालमै भइसकेको भए तापनि यसमा व्यापकता भने मध्यकालमा आयो । दशौं शताब्दीअघिदेखि चलिआएको तिब्बती बुद्धधर्मको पुरानु सम्प्रदायमा सुधार ल्याउने र परिष्कृत गर्ने क्रम चल्न थाल्यो । यसै क्रममा 'ञिङ्-म-प' सम्प्रदायलाई उछिनेर 'क-र्ग्यू-प', सक्य-प जस्ता नयाँ सम्प्रदायको उदय तिब्बतमा भयो । क-र्ग्यु सम्प्रदायका प्रवर्तक मर-प-ल्हो-ढग्-प[१३] भारत जानुभन्दा अघि ३ वर्षसम्म नेपालमा बसेर यहाँको पण्डितहरूसँग तन्त्रशास्त्रको अध्ययन गरेको उल्लेख पाइएको छ ।[१४] मर-पले आफ्ना गुरु फर्पिङका पण्डित बागीश्वरकीर्ति आदि पण्डितहरूको प्रशंसा गर्दै मोन-लम् (शुभकामना प्रार्थना गीत) को रचना गरेर गाएका थिए भन्ने पनि चर्चा पाइन्छ ।[१४]

यस्तै किसिमले तिब्बतमा हेवज्रतन्त्रको प्रसार गराउन विद्वान् भिक्षु ठोग्-मिले भारत जानुभन्दा अघि नेपालमा बसेर यहाँका शान्तिभद्र नामक नेपाली पण्डितसँग संस्कृत भाषा र बज्रयानी ग्रन्थहरू अध्ययन गरेका थिए ।[१६] भारतबाट फर्किएपछि पनि १३ वर्षसम्म नेपालका विभिन्न विहारहरूमा रही अध्ययन गरेर विताएका थिए ।[१७] एघारौं शताब्दीको अन्त्यताकादेखि विकसित[१८] स-क्य सम्प्रदायका संस्थापक लामा कोन्-छोग्-ग्याल-पोका गुरु यिनै ठोग-मि थिए ।[१९]

यस किसिमले तिब्बतका सुधारिएका तथा परिष्कृत गरिएका मानिने 'क-र्ग्यु' तथा 'स-क्य' सम्प्रदाय दुवैको स्थापनामा नेपालका पण्डितहरूको अप्रत्यक्ष रूपमै भए पनि प्रभाव रहेको देखिन्छ । माथि उल्लिखित नेपाल आउने तिब्बती विद्वान्हरूको प्रभावले तिब्वतमा नयाँ सम्प्रदायको स्थापनामा नै महत्त्वपूर्ण भूमिका निभाएको हुनाले यस विषयमा विशेष रूपमा उल्लेख गर्नै पर्दछ । त्यत्तिमात्र नभएर यस युगमा तिब्बतबाट साधारण तीर्थयात्री भिक्षु शिक्षार्थी तथा विद्वान् पण्डितहरूको नेपाल आगमन यति संख्यामा भएको थियो भनेर अनुमान गर्न नै नसकिने अवस्था छ । यस परिप्रेक्ष्यमा ई.सं. १२२६ देखि १२३४ सम्म नेपालमा आई शिक्षा लिने तिब्बतको याङ्-दोग् गोन्पाका विद्वान् भिक्षु छ्याग्-लो-च-व छो-जे-पल (धर्मस्वामी) लाई पनि भुल्न सकिँदैन ।

मध्यकालमा कला र वास्तुकलाको क्षेत्रमा पनि उत्तिकै उन्नति भएको थियो भनेर केही माथि नै उल्लेख गरिसकियो । मध्यकालको पूर्वार्द्धदेखि नै यस क्षेत्रमा निकै द्रुतता आइसकेको देखिन्छ । यसै सन्दर्भमा पश्चिम तिब्बतका एक राजा खोर-रेले इशाको एघारौं शताब्दीको पूर्वार्द्धमा स्थापना गराएको खोजरनाथ गोन्पाको विवरणिकामा उक्त गोन्पामा स्थापित रिग्-सुम-गोन-पो, (मञ्जुश्री, पद्मपाणि र बज्रपाणि) का चाँदीका मूर्तिहरू बनाउने दुइजना कलाकार मध्ये नेपालका अश्वधर्म पनि एकजना भएको[२०] चर्चालाई भुल्न सकिँदैन । इशाको १२६० मा चिनियाँ सम्राट् कुल्वाय खाँका धर्मगुरु शक्य मठाधीस छो-ग्याल-फग-प को निमन्त्रणामा असीजना कलाकारको दलसहित गएका नेपाली कलाकार अ-नि-कोलाई पनि यस प्रसङ्गमा भुल्न सकिँदैन जसले तिब्बत र चीनमा समेत कलाको क्षेत्रमा हलचल मच्चाएका थिए ।[२१] यस्तै इशाको तेह्रौं शताब्दीताकाको ललितपुरको कलाकार विजित सिंह[२२] तथा नन्दपालजस्ता प्रसिद्धि पाएका अरू कलाकारहरू पनि थिए । मध्यकालको उत्तरार्द्धसम्म पनि नेपालका असंख्य कलाकारहरू तिब्बती भू-भागमा आफ्नो कालिगढी देखाएर आएका प्रशस्त उल्लेख हामी पाउँदछौं । यस सन्दर्भमा अठाह्रौं शताब्दीमा नेपाल-तिब्बत भ्रमण गर्ने इशाई पादरीहरूको टिपोटलाई प्रमानको रूपमा मान्न सकिन्छ ।

यसरी मध्यकालमा पूर्वार्द्धको राजनीतिक पक्ष कमजोर भए तापनि समाजका विविध क्षेत्रमा भने त्यति कमजोरी आएको देखिँदैन । कलाकौशल, परम्परागत उद्योगधन्दा, व्यापार, वाणिज्य अटूट रूपमा चलिरहेको हुनाले मध्यकालको आर्थिक अवस्था पछिसम्म नै राम्रै थियो भन्न सकिन्छ तर अन्तिम युगमा आइपुग्दा भने गोरखाली आक्रमण, आर्थिक नाकाबन्दी र उपत्यकाको राजनीतिक अस्थिरताले गर्दा आर्थिक अवस्था नराम्रोसँग बिग्रन पुगेको थियो । यहाँका राजाहरूलाई मन्दिरका ढुकुटी तथा अन्य भौतिक सम्पत्ति समेत मास्नु पर्ने बाध्यता आइपरेको थियो ।

१.२ बस्तीहरुको विस्तार र शहरीकरणमा द्रुतता

नेपालको ऐतिहासिक कालविभाजन अनुरूप मध्यकालको सुरुआत विक्रमको दशौं शताब्दीको झण्डैझण्डै मध्यताका (वि.सं. ९३६) देखि मानिएको छ भनेर माथि नै चर्चा गरिसकियो । त्यसै समयदेखि नेपाल तथा भारतीय इतिहासमा मध्यकालको सुरु भएको मानिए तापनि पाश्चात्य इतिहासमा भने त्यस समयसम्ममा मध्ययुगको अन्त्य हुने र आधुनिकयुगतर्फ लाग्ने समय आउनै लागिसकेको थियो । यहाँ नेपालमा मध्यकालको पूर्वार्द्धमा देखापरेका राजनीतिक खिचातानी तथा परम्परागत समाज-संस्कृतिमा नयाँ तर अझ जटिल हाँगाविङ्गाहरू पलाउने दिनहरू गुज्रिइरहेको बेलामा युरोपले मध्ययुगलाई पन्छाएर 'पुनर्जागरण' तथा 'धर्मसुधार आन्दोलनजस्ता महत्त्वपूर्ण अभियान लिएर आधुनिक युगमा प्रवेश गरिसकेको थियो । त्यसको फलस्वरूप इशाको अठारहौं शताब्दीदेखि विस्तार-विस्तार युरोपीय राष्ट्रहरू बेलायतको नेतृत्वमा औद्योगिकीकरणको बाटोमा लागे । त्यहाँ अनेकौं नयाँ औद्योगिक तथा व्यापारिक बस्तीहरू बस्नुको साथै कतिपय बस्ती त अत्यन्त विस्तारित नगर पनि बन्न पुगे । यस किसिमले प्राचीन र मध्य युगका शहर बस्ती र पछिका शहर-वस्तीको निर्माण तथा प्रकृतिमा समेत धेरै अन्तर रहेको हामीले बुझेका छौं । त्यसैले औद्योगिक क्रान्तिपछि शहरीकरणको विस्तारमा विश्वका प्रमुख राष्ट्रहरूमा यान्त्रिक उद्योगधन्दा तथा आधुनिक व्यापार-वाणिज्यको तीव्र विकास तथा विस्तारले महत्त्वपूर्ण भूमिका निभाएको देखिन्छ । तिथिमितिका हिसाबले नेपालको मध्यकाल पनि युरोपमा पुनर्जागरण, धर्मसुधार-आन्दोलन, औद्योगिक क्रान्ति र यान्त्रीकरणको थालनी र विस्तार जस्ता महत्त्वपूर्ण घटनाहरू भएकै समयकालको हो भन्ने कुरा सावित भएको छ, तर पश्चिमको तुलनामा यहाँ नेपालमा न उताको जस्ता महत्त्वपूर्ण काम नै भएका छन्, न त वस्तीबसाई तथा शहरीकरणमा औद्योगिक विकास र विस्तारले नै भूमिका खेलेको देखिन्छ । यहाँ मध्यकालको सुरु-सुरुदेखि नै बाक्ला शहरी प्रकृतिका बस्तीहरूको

विकासको क्रम चलेको देखिए तापनि त्यस्ता बस्तीहरूको विकास खासगरी उत्तर-दक्षिण (भोट-चीन र भारत) को परम्परागत ढाँचाको व्यापार तथा सामरिक आक्रमण-प्रत्याक्रमणका घटनाका कारण भएको थियो । परम्परागत उद्योग-धन्दाहरू यहाँ प्रशस्त चलेको पाइए तापनि त्यस्ता औद्योगिक उत्पादनहरू सबैजसो घरेलु रूपमा व्यवसायीहरूका घर पर्खालभित्र नै हुन्थे । त्यसैले सामुद्रिक यातायात उपयोग गर्ने मुलुकहरूमा झैं ठूल्ठूला शहरी बस्तीको तुलनामा त यहाँका मध्यकालका बाक्ला बस्तीहरूलाई शहर भन्न नै कठिन हुने हुन्छ तैपनि आफ्नै किसिमले सुरक्षात्मक किल्लाभित्र रहने र बाह्य व्यापारमा संलग्न रहने परम्पराले यहाँ प्राचीनकालको तुलनामा वस्ती वसाइमा परिवर्तन आएको थियो; जसको इतिहासलाई निम्न रूपमा उल्लेख गर्न सकिन्छ ।

माथि ऐतिहासिक पृष्ठभूमि अन्तर्गत चर्चा गरिएका तथ्यले मध्यकालको पूर्वार्द्धदेखि नै राजनीतिक क्षेत्रमा केही कमजोरी भए तापनि उपत्यकाको आर्थिक तथा सांस्कृतिक क्षेत्रमा कायमै रहेको प्रगतिको अवस्थालाई इङ्गित गर्दछ । मध्यकालमा कला क्षेत्रमा भएको उन्नतिबाट नेपाललाई प्रतिष्ठामा मात्र फाइदा नभएर आर्थिक समृद्धि कायम गर्नमा पनि उत्तिकै भूमिका खेलेको थियो । यसै माध्यमबाट परम्परागत उद्योगव्यवसाय तथा अन्य उत्पादन र बाह्य (निकाशी) व्यापार चलेको थियो । विद्वान् पण्डितहरू तथा धर्म ग्रन्थहरूको माध्यमबाट पनि तिब्बततर्फबाट धेरै सुनचाँदी नेपाल भित्रिन्थ्यो । यसरी तिव्वत, चीन र भारतसँगको सांस्कृतिक तथा आर्थिक सम्बन्धले गर्दा काठमाडौं उपत्यका र आसपासका बाटोका विभिन्न स्थलहरूमा व्यापारिक बस्तीको विकास पूर्वमध्यकालदेखि नै बढ्न थालेको थियो ।

मध्यकालको सुरुआतदेखि काठमाडौं उपत्यका र आसपासका क्षेत्रका बस्तीको विकासमा प्राचीनकालको तुलनामा धेरै फरक देखापर्न थालिसकेको थियो । पहिले लिच्छविकालमा ग्राम, तल, द्रङ्ग नामक बस्तीहरू थिए । ग्राम र द्रङ्गहरूले यस बेलादेखि 'टोल', 'देश', 'पुर' जस्ता विशेषण लिन थालेको देखिन्छ । लिच्छविकालमा व्यापार-वाणिज्यका हिसावले महत्त्वपूर्ण शहरी रूपका व्यापारिक बस्तीलाई द्रङ्ग भनिन्थ्यो ।[२३] यस्ता बस्तीहरू धेरैजसो पछि मध्यकालमा आइपुग्दा पुरको रूपमा परिवर्तित भएका देखिन्छन् । जस्तो यूपग्राम द्रङ्ग ललितपुर मनिगलमा परिवर्तित भयो ।[२४] उत्तर र दक्षिणकोलीग्राम द्रङ्ग अब कान्तिपुर-काष्ठमण्डप बन्न पुग्यो ।[२५] त्यस्तै, लिच्छविकालको खोंपृङ द्रङ्गले भक्तपुर नगरको नाम लियो । भक्तपुरको त्रिपुरक्वाठ (कोट) ले मध्यकालको पूर्वार्द्धयुगमा उपत्यका तथा नेपालकै केन्द्रीय राजधानीको स्थान लिएको देखिन्छ ।[२६] व्यापार-वाणिज्य तथा कला-कौशलका दृष्टिकोणले

महत्त्वपूर्ण संमृद्धशाली शहरको स्थान मनिगल (ललितपुर) ले लियो ।[२७] त्यसै हुनाले सुरुदेखि नै ललितपुरमा ठूल्ठूला विद्वान्पण्डितहरू पनि देखापरे । चौधौं शताब्दीका ललितपुरका महासामन्त जयसिंहको समयकालका जयतद्वारा लिखित महीरावणवध नाटक तथा त्यसै समयमा वज्राचार्य अमरेन्द्र र देवजु अभयद्वारा साफी गरिएको र त्यसै समयका पण्डित धर्मगुप्तद्वारा लिखित 'रामाङ्क-नाटिका'[२९] जस्ता ग्रन्थहरूले उपर्युक्त कुरालाई पुष्टि गरेका छन् । हुनत यस समयमा भक्तपुरको केन्द्रीय दरबारमै पनि विद्वान् पण्डितहरू नभएका होइनन् । यसको प्रमानका निमित्त जयस्थिति मल्लको शासनकालका पण्डित लुन्तभद्र वज्राचार्यद्वारा तयार गरिएको नारद संहितामा आधारित 'मानवन्यायशास्त्र'[३०] नामक ग्रन्थलाई विशेष रूपले लिन सकिन्छ । काठमाडौंले पनि कोलिग्राम र दक्षिणकोलिग्रामबाट य, यम्बु, य-ग्वल हुँदै कान्तिपुर शहरको रूप लियो । पूर्वमध्यकालमा एक पटक यहाँ बाह्र ठकुरी (भिन्-न्हिम्न थकुल) हरूको मनोमानीपूर्ण शासन कायम भएको थियो । यस बेलासम्ममा कान्तिपुर नगर पूर्व, पश्चिम, उत्तर, दक्षिण यन्ता, वन्ता, (थं ने कों ने) आदि टोलको रूपमा विभाजित भइसकेको थियो यस बेला काठमाडौंको दक्षिणलाई यङ्गल र उत्तरी भागलाई 'यम्बु' भन्ने परम्परा पनि चलेको थियो ।[३१]

यस किसिमले लिच्छविकालका स-साना ग्रामहरू विस्तार-विस्तार टोल र नगरका रूपमा परिवर्तित हुने परम्परा नै चल्न पुग्यो । एकजना प्रधानले नायकत्व गर्ने २४ जति यस्ता टोलहरू ललितपुरमा मात्र भएको उल्लेख पाइन्छ ।[३२] उत्तरमध्यकालको भए तापनि यस किसिमको शहरीकरणको थालनी भने पूर्वमध्यकालदेखि नै भएको यथार्थलाई चाहिँ भुल्न सकिँदैन । अझ लिच्छविकालमा नै ग्राम प्रधानहरूको व्यवस्था भइसकेको हुनाले मध्यकालको उत्तरार्द्धसम्म यस व्यवस्थाको निरन्तरता कायम रहेको देखिन्छ । यसै युगदेखि उपत्यकाका मुख्य शहरी बस्ती बाहेक आसपासका र वाहिरका केही बस्तीहरू समेत क्रमशः 'देश' तथा 'पुर' को रूपमा परिवर्तित हुन थालेको देखिन्छ ।

मध्यकालको पूर्वार्द्धदेखि नै प्रायःजसो मुख्य बस्तीहरूले व्यापारिक केन्द्र तथा गढ (किल्ला) को रूप लिन थालेको पनि देखिन्छ । त्यसै हुनाले मध्यकालमा 'मण्डल', 'देश', वा 'पुर' कहलाउनका निमित्त कुनै पनि प्रदेशको आवादी बढेर मात्र पुग्दैनथ्यो । त्यसका निमित्त त सुरक्षात्मक बलिया पर्खाल आदिले परिवेष्ठित गढ (दुर्ग) रूपको नगर हुनुपर्ने र बस्तीको सांस्कृतिक तथा आर्थिक विकास समेत प्रचुरमात्रामा भएको हुनु पर्दथ्यो । खास गरी धार्मिक उत्थान र देवमन्दिरहरूको प्रचूरता, कलाकौशलको विकास, विद्या परम्परामा व्यापकता र स्तरीयता, विद्वान्हरूको जमघट, सभा-सम्मेलन तथा सांस्कृतिक नृत्य-नाटक आदि प्रदर्शन गर्ने सार्वजनिक मण्डपहरूको नगरका महत्त्वपूर्ण

ठाउँहरूमा व्यवस्था, व्यापार-वाणिज्यको क्षेत्रमा समुचित व्यवस्था तथा व्यापारिक आदानप्रदानमा वृद्धि तथा विकास आदि गुणले युक्त वस्तीलाई मात्र नगर, देश वा मण्डल मान्ने सामान्य सिद्धान्त नै बनेको थियो । ऐतिहासिक स्रोतहरूबाट पनि यस कुराको स्पष्ट जानकारी हुन्छ । जस्तो स्थिति मल्लको समयमा लेखिएको नेवारी भाषासहितको अमरकोशमा नगरको परिभाषा दिँदा निम्नबमोजिम उल्लेख भएको छ –

> "मूल नगर धाये प्राकार खार ग्रह राजधानिक देवल मण्डप
> स्रोतीवेद युदिसि आदिपं पण्डितलोक थ्वतेनस मण्डल, जुव,
> ध ध्वंग्व नगरलीस्य चंग्व चचीनगर द्राको शाखा नगर धाये"
> (पर्खाल, खाई, गढ, राजधानी, देवमन्दिर, मण्डप तथा वेद जान्ने ज्योतिषी आदि पण्डित मण्डली समेत भएको मुख्य नगर भनिन्छ । यो सँगै रहेको सानु शहरलाई 'शाखानगर' भनिन्छ ।)

यसरी मध्यकालको पूर्वार्द्धताकामा नै मण्डल, देश वा नगरको परिभाषा उपर्युक्त रूपमा भइसकेको र उपत्यकाका मुख्य वस्तीहरूले नगर, पुर वा पत्तनको विशेषण पाइसकेका र देशलाई समेत नेपाल मण्डल भन्ने परम्परा चालिसकेकोले मूलनगर वा मण्डललाई आवश्यक हुने सबै गुण र सुविधाहरू यहाँ थिए भन्न सकिन्छ । कान्तिपुरमा यही युगमा काष्ठमण्डप बनेको थियो ।[३३] पछि त्यही मण्डपको नामबाट यस नगरको नाम नै काष्ठमण्डप भन्ने रह्यो । यही काष्ठमण्डपबाट अपभ्रंश भएर काठमाडौं वा काठमाण्डू भन्ने परम्परा चलेको हो । ललितपुरको मणिमण्डप र मणिग्वल नामलाई पनि यस सन्दर्भमा उल्लेख गर्नु पर्ने हुन्छ । साँखु, बनेपा, पलान्चोक, फनपिङ, कीर्तिपुर, टोखा, देउपाटन, नुवाकोट, दोलखा, पनौती खोपासी, थानकोट, ठिमी, साँगा, बोडे, नकदेश बलम्बू, लेले, नाला, धुलिखेल, चोभारजस्ता मध्यकालिक वस्तीहरू पनि उल्लेखनीय छन् । यी वस्तीहरूको जनघनत्वमा पनि वृद्धि भएको थियो । कर्कपेट्रिकले मल्लकालमा भक्तपुरमा १२००० घर कीर्तिपुरमा ६००० घर र पाटनमा २४००० सम्म घरसङ्ख्या पुगेको चर्चा गरेका छन् ।[३४]

उपर्युक्त वस्तीहरूका अलावा उपत्यकामा हालसम्म विद्यमान सयौं विहारहरूमध्ये अधिकाँश मध्यकालमै बनेका हुन्, जसमध्ये धेरैजसो त पूर्वमध्यकाल मै स्थापित भइसकेका थिए भन्ने विषयमा माथि नै सप्रमान उल्लेख गरिसकिएको छ । यी बाहेक अन्य हिन्दू मठमन्दिर देवालयहरूको निर्माणको क्रममा पनि खास कुनै कमी आएको थिएन । हिन्दू तथा बौद्ध मूर्तिहरूको उत्तिकै प्रचुरता थियो भनेर पनि उल्लेख गरियो ।

यस किसिमले मध्यकालमा प्राचीनकालको तुलनामा बस्तीहरूको विस्तारमा वृद्धि हुनुका साथै शहरीकरणको क्रम द्रुतगतिले बढेको थियो, जसमा व्यापारीहरूका कारण भएको आर्थिक प्रगति तथा त्यसैको आडमा विस्तारित सांस्कृतिक गतिविधिले महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । उपत्यकाको मध्यकालिक इतिहासलाई दृष्टि दिँदा झण्डै १० शताब्दीजति लामो युगमा २।४ राजाको शासनकाल अपवादको रूपमा देखिए तापनि अधिकांश समय राजनीतिक दृष्टिले गडवडीपूर्ण र कमजोर अवस्थामा नै गुज्रिएको देखिन्छ । यसो भए तापनि सांस्कृतिक तथा आर्थिक क्षेत्रमा भने उपत्यकाका राजाप्रजा दुवै थरी सम्पन्न नै देखिन्छन् । मध्यकालको पूर्वार्द्धयुगमा त राजनीतिक क्षेत्रमा अझ चर्को गडबडी थियो । त्यसो भए तापनि उल्लेखनीय सांस्कृतिक उत्थान भने अवश्य भएको थियो । यस युगमा प्राचीनकालको सांस्कृतिक जग र प्रारूपलाई संरक्षण गरिएको थियो भने सँगसँगै नयाँ सांस्कृतिक गतिविधिहरूले पनि उत्तिकै प्रश्रय पाइरहेका थिए । तिनताका शहर बसाउँदा समेत सांस्कृतिक स्वरूपलाई ध्यानमा राखिन्थ्यो । विभिन्न साँस्कृतिक प्रतीकहरूको आकारमा शहर बसाउने परम्परा चलेको थियो, जस्तो कान्तिपुर शहर 'खड्गाकार' रूपमा बसाइएको थियो भने भक्तपुर 'शङ्खाकार' रूपमा । कान्तिपुरमा शहरको चारैतिर अष्टमातृकाका मन्दिर स्थापना गरिएको पनि देखिन्छ । मध्यकालको सुरुदेखि नै सुरक्षात्मक किल्ला, राजदरबार, वनदुर्ग, देवमन्दिर, मूर्ति, विहार-चैत्य, मण्डप, प्रणाली (ढुङ्गेधारा) पोखरी, पाटी-पौवा आदिको नयाँ निर्माण तथा जीर्णोद्धार गर्ने परम्परामा कमी नआएर अझै वृद्धि भएको थियो । सामाजिक तथा धार्मिक गोष्ठीहरू पनि कायमै रहेका प्रमानहरू पाइएका छन् ।[३५] मध्यकालको उत्तरार्द्धमा त यस्ता धार्मिक तथा लौकिक गोष्ठीहरूले गुठीको रूपमा अझ महत्त्वपूर्ण भूमिका निभाउन थालेको कुरा स्पष्ट नै छ । नृत्य, गीत, वाद्य, साहित्य आदि सांस्कृतिक गतिविधिहरूमा पनि मध्यकालमा अन्धाधुन्ध प्रगति भएको थियो । प्राचीनकालदेखि नै उपत्यकाका जनजातिहरू अनेकौं चाडपर्व, उत्सव मनाएर मनोरन्जनपूर्ण जीवन बिताउने गर्दथे । पूर्व-मध्यकालमा पनि यसमा कुनै ह्रास आएन, बरु विविधता थपिँदै थियो । मध्यकालको उत्तरार्द्धमा आइपुग्दा त समाजको आधार नै परम्परागत चाडपर्व, उत्सव, मनोरञ्जन हुन थालेको देखिन्छ ।

यस किसिमको सांस्कृतिक उत्थान हुनका निमित्त आर्थिक क्षेत्रमा उन्नति हुनु अपरिहार्य थियो । मध्यकालमा आर्थिक उत्पादन तथा व्यापारिक फाइदाको तुलनामा जनधनत्व त्यति धेरै वृद्धि भइसकेको थिएन । मध्यकालको पूर्वार्द्धमा महाभूकम्प, हिमपात, अतिवृष्टि, अनावृष्टि, महामारी, दुर्भिक्ष, आदि प्राकृतिक प्रकोपले गर्दा धेरैपटक जनधन क्षय भएका प्रमान पाइएका छन् ।[३६]

गोपालवंशावलीमा कहीँ 'अर्धभागलोक क्षय' कहीँ 'प्रजा शिक्व त्रिभागस छ भाग', त्यस्तै कहिँ 'चवुभागस छ भाग शिक्व लोक' भन्ने जस्ता उल्लेख परेका छन्[३७] जसबाट क्रमशः 'कुल जनसङ्ख्याको आधा जनको नास भयो', 'तीन भागमा १ भाग जनता मरे', '४ भागमा १ भाग जनताको मृत्यु भयो' भन्ने बुझिन्छ । त्यसैले आर्थिक स्रोतसाधनको तुलनामा जनसङ्ख्यामा त्यति धेरै वृद्धि भएको थिएन । समयसमयका प्राकृतिक प्रकोपका बेलामा बाहेक साधारण अवस्थामा यहाँको कृषि उत्पादनले जनतालाई आवश्यक खाद्य आपूर्ति प्रचूर थियो । कलाकौशलको प्रगतिको कारण शिल्पविद्यामा यहाँका मानिसहरू निपुण थिए । शिल्पसँग सम्बन्धित उत्पादनका वस्तुहरूको ठूलै परिमाण बाहिर निकासी हुने परम्परा चलिसकेको थियो । व्यापारिक महत्त्वका मूल नगर तथा शाखा नगरहरूको समेत वृद्धि भएको थियो । त्यसैले यहाँ मध्यकालमा आर्थिक अवस्था राम्रो थियो र बस्ती तथा शहरीकरणमा पनि त्यसको अनुकूल प्रभाव परेको थियो ।

टिप्पणी

१. जर्ज एन. रोरिक, *व्लू एनल्स्* ई. १९५९, पृ. २२७-२८, ३८०-८२, ३८४, ३९५, ४०२, ८५१ ।
एस.सी. दास, *टिवेटन-इङ्लिश-डिक्सनरी*, ई १९८३, पृ. २१९ ।
२. जोन्. लक. *बुद्धिष्ट् मनास्टरीज् अफ नेपाल*, पृ. २८४ ।
डेनियल राइट, *हिष्ट्री अफ नेपाल (पुनर्मुद्रण)*, ई. १९७२, पृ. १६७-७० ।
३. जर्ज. एन. रोरिक, *वायोग्राफि अफ धर्म स्वामिन्*, ई. १९५९, पृ. २४७ ।
जर्ज एन. रोरिक, *पूर्ववत्, ई . १९५९, पृ. ५ ।*
रमेश ढुङ्गेल, "अतीशदीपङ्करको तिब्बत यात्रा" *कन्ट्रिव्यूसन्स टू नेपलीज स्टडिज*, भोल. १३, नं.२, पृ.१९१-९२ ।
४. लक, *पूर्ववत्*, पृ. ३१ ।
५. वर्नहार्ड कुल्भर र हेमराज शाक्य, *डकुमेन्टस् फ्रम् द रुद्रवर्ण महाविहार पाटन*, ई १९८५, पृ. १३, ११४ ।
६. लक, *पूर्ववत्, पृ. ७४ ।*
७. *उही*, पृ. १४६ ।
८. धनवज्र वज्राचार्य, "मध्यकालको शुरुका केही अभिलेख" '*कन्ट्रिव्यूसन्स् टू नेपलीज् स्टडिज्* , वर्ष ५, अंक १ (वि.सं. २०३४), पृ. ९३-१०० ।
९. वज्राचार्य, *उही* र लुसियानो पेटेक, *मेडिएवल हिष्ट्री अफ नेपाल*, ई. १९५८, पृ. ३३, ४५ ।
१०. सूर्यविक्रम ज्ञवाली, *नेपाल उपत्यकाको मल्लकालीन इतिहास*, वि.सं. ३०१९, पृ.१ ।
११. रुक्मिणी वन्त, "विक्रमशील महाविहारको ऐतिहासिक महत्त्व", *कन्ट्रीव्यूसन्स टू नेपलीज स्टडिज*, भोल १२, संख्या २, ई. १९८५ ।
१२. जनकलाल शर्मा,"सद्धर्मपुण्डरीकसूत्र" *अभिलेख* वर्ष २, अङ्क २, वि.सं. २०४१, पृ. ७२ ।

१३. रोरिक, *पूर्ववत्* (ब्लू एनल्स), पृ. ३९९ ।
१४. *उही*, पृ. ४०० ।
१५. *उही*, पृ. ४०१-२ ।
१६. *उही*, पृ. २१५ ।
१७. *उही*, पृ. २०६ ।
१८. खोन वंशका कोन्-छोग् ग्याल पोले पानी गोरु (छु-लाङ) वर्ष- (ई. १०७३) मा स-क्य गोन्प बनाएका हुन् । (रोरिक *उही*, पृ. २१०-११) । उनका छोरा से-छेन् कुन्-ग निङ्-पोको समय (जन्म ई. १०९२) देखि त्यसै गोन्पाको नामबाट स-सक्य-प सम्प्रदायको विकास भएको मानिन्छ ।
१९. रोरिक *उही*, पृ. २१०-११ ।
२०. जुसेफ टुची, *प्रिलिमिनरी रिपोर्ट् अन् टू साइन्टिफिक् एक्सपिडिशन् इन् नेपाल*, ई. १९५६, पृ. ६२ ।
२१. सत्यमोहन जोशी, *कलाकार अरनिको*, वि.सं. २०४४ ।
२२. हेमराज शाक्य "पूज्य गुरु धर्मादित्य कर्माचार्यज्यू नाप बौद्धकला अनुसन्धान" *सितु*, वर्ष १, अङ्क ३, वि.सं. २०२१, पृ. ९३ ।
२३. रमेश ढुङ्गेल, *प्राचीन अर्थव्यवस्था*, वि.सं. २०४३, पृ. १२८-३० ।
२४. धनवज्र वज्राचार्य, "शक्तिशाली भारादार रामवर्द्धनहरू" *पूर्णिमा*, ७, पृ.२४।
२५. *इतिहास संशोधनको प्रमान प्रमेय*, पृ. ११०-११५ ।
२६. *गोपालराजवंशावली* मूलपत्र संख्या २५ ।
२७. *इतिहास संशोधनको प्रमान प्रमेय*, पृ. १३६ ।
२८. ज्ञानमणि नेपाल (अनु.सं.) *जयत रचित महिरावण नाटक विवेचनात्मक अध्यय*. वि.सं. २०४३ ।
२९. गोविन्दप्रसाद भट्टराई (अनु.) *रामाङ्ग नाटिका, पण्डित धर्मगुप्त लिखित*, वि.सं. २०३२ ।
३०. शान्तहर्ष वज्राचार्य (सं.) पण्डित लुन्तभद्र वज्राचार्य रचित *मानव न्यायशास्त्र*, वि.सं. २०४४ ।
३१. गौतमवज्र वज्राचार्य, *हनुमानढोका राजदरबार*, वि.सं. २०३३, पृ. ४८ ।
३२. धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ, *पाञ्चाली शासन पद्धतिको ऐतिहासिक विवेचना, वि.सं. २०३५, पृ. १४८, १९१,* कुनू शर्माको *कीर्तिपताका*, पृ. २६ ।
३३. वज्राचार्य, *पूर्ववत्* ३१, पृ. ४८ ।
३४. विलियम कर्कप्याट्रिक, *यान एकाउण्ट अफ द किङ्डम अफ नेपौल*, पृ. १६२ ।
३५. रामजी तिवारी र अरू, *अभिलेख संग्रह*, दोस्रो भाग, काठमाडौं: संशोधन मण्डल, वि.सं. २०१८, पृ. १३ ।
३६. *गोपालराजवंशावली*, पत्र संख्या ३३, ३७, ४४, ४६ आदि ।
३७. *उही*, पत्र संख्या ४४ ।

Documentation & Information Division CNAS Kirtipur

परिच्छेद दुइ : प्राकृतिक स्रोत र साधन

जमिन (भूमि)

वनजङ्गल

खनिज

परिच्छेद दुइ
प्राकृतिक स्रोत र साधन

लिच्छविपूर्वको नेपालको इतिहास त्यति स्पष्ट छैन, तापनि पौराणिक अनुश्रुतीकालको रुमपा वंशावली र धार्मिक साहित्य स्रोतका आधारमा गोपाल, महिषपाल र किरातवंशको शासन लिच्छविभन्दा पहिले नै कायम भइसकेको थियो भनेर इतिहासकारहरू उल्लेख गर्ने गर्दछन् ।

उपर्युक्त स्रोतहरूका आधारमा गोपाल र महिषपालकाललाई दृष्टि दिंदा त्यस युगमा नेपालमा कृषिसभ्यताको थालनी भइसकेको देखिँदैन । वंशगत विशेषण (गोपाल र महिषपाल) कै आधारमा पनि त्यस वखतका उक्त राजवंशहरू गाई तथा भैंसीपालन गर्ने गोठालाहरूका नाइके जस्ता मात्र थिए भन्न सकिन्छ । नेपाल नामको कारणी बनेका 'नीप' वा 'नेप' भन्ने गोपालहरू गोठ पाल्ने जङ्गलमा डुल्ने, जङ्गलकै कन्दमूल खाएर जीविकोपार्जन गर्ने पहाड निवासी जाति भन्ने कुरा विभिन्न स्रोतवाट स्पष्ट हुन आएको छ ।[1] यतावाट प्राकृतिक स्रोतको रूपमा जङ्गल, पहाड आदिको प्रयोग पशुपालन तथा कन्दमूल, फलफूलका निम्ति प्रयोग गर्ने परम्पराको थालनी नेपालमा गोपालकालदेखि नै भएको देखिन्छ । पशुपालनको सभ्यता फैलाउन पनि प्राकृतिक स्रोत वनजङ्गल आदि वनस्पति तथा नदीनाला जस्ता पानीका स्रोतको नितान्त आवश्यकता हुन्छ । हुन त पानी, वनस्पति र भूमिजस्ता प्राकृतिक स्रोतको कुनै न कुनै रूपमा उपयोग तथा परिचालन नगरी विश्वकै कुनै पनि मानवसभ्यता फैलन सम्भव थिएन र छैन पनि ।

२.१ जमिन (भूमि)

किरातकालदेखि नेपालमा कृषि सभ्यताको थालनी भएका संकेत पाइएका छन् । लिच्छविकालका अभिलेखहरू नै पनि यसको प्रमानका रूपमा हाम्रो सामु खडा छन् । लिच्छविकालमा स्पष्ट रूपमा कृषिसभ्यता फैलिएको र त्यस क्षेत्रमा उल्लेखनीय प्रगति समेत भएका प्रमान पाइएका छन् । त्यसकालमा आइपुग्दा लिच्छवि शासकहरूले उपयुक्त कृषि तथा भूमिव्यवस्था समेत कायम गरिसकेका थिए । त्यसैले अब वन तथा नदीनाला मात्र आर्थिक स्रोतका रूपमा

सीमित नरहेर कृषियोग्य जमिनहरू (जो आवाद हुन सक्ने र भएका थिए) पनि महत्त्वपूर्ण राष्ट्रिय स्रोतका रूपमा देखापरे । त्यसै युगदेखि नेपालको मुख्य आर्थिक आधार कृषि रहिआएको छ । उपत्यकामा अझ बढी उब्जाउ जमिन भएकोले यहाँको मुख्य आधार कृषि हुनु स्वभाविकै थियो । प्राचीनकालदेखि नै धान, गहुँ, जौ, दलहन, तेलहन तथा फलफूलको समेत उत्पादन उपत्यका र यसका आसपासका भूभागमा प्रशस्त हुन्थ्यो । लसुन, प्याज, ऊखु र मुला जस्ता सागसब्जीको समेत प्राचीन युगदेखि नै यहाँ उत्पादन हुन्थ्यो । लिच्छविकालका अभिलेख[२] तथा प्राचीन औषधि विद्या सम्बन्धी सुश्रुत संहिता, भावप्रकाशजस्ता प्राचीन ग्रन्थ[३] तथा अन्य विविध स्रोतबाट यस विषयमा जानकारी पाइन्छ । भारतीय वैद्य ग्रन्थहरूमा नेपालले ठूला विशेष प्रकारका मुलाका उल्लेख पाइएको छ ।[४]

प्राचीनकालमै भूमिस्रोतलाई अनेक ढङ्गले उपयोग गर्ने परम्परा चलिसकेको थियो भनेर भर्खरै चर्चा गरियो । मध्यकालमा आइपुग्दा जनसंख्यामा आएको वृद्धिले आवादी भूमिको प्रतिशतमा वृद्धि हुनु स्वाभाविकै हो । त्यसैले मध्यकालको पूर्वार्द्धदेखि नै कृषि व्यवसाय तथा उत्पादनमा अझ वृद्धि हुन थालेको थियो । कृषि उत्पादनमा वृद्धि गर्नका निमित्त सिंचाई कुलो आदिको व्यवस्थाका निमित्त गरिएका प्रयासहरूको उल्लेख पूर्वमध्यकालदेखि मध्यकालको उत्तरार्द्धसम्म निकै नै प्राप्त भएका छन् । यस सन्दर्भमा पूर्वमध्यकालका राजा शिवदेवले कीर्तिपुर नजिकैको बल्खु खोलामा बाँध बाँधेर सिंचाईको व्यवस्था गरी नयाँ कृषियोग्य जमिनलाई आवादी गराएको तथ्य यस प्रसङ्गमा उल्लेखनीय छ ।[५] मध्यकालको पूर्वार्द्धताकादेखि नै कृषि उत्पादनका साथ-साथ बलियो भूमिव्यवस्था समेतको स्थिति शासकहरूले मिलाउनु परेको थियो । स्थिति मल्लको समयमा गरिएको भू-मापन, भूमिको स्तरीकरणजस्ता स्थितिलाई यस प्रसङ्गमा उल्लेख गर्नु सान्दर्भिक हुन्छ । यसो भए तापनि ऐतिहासिक सामग्रीहरूका आधारमा भूमिस्रोतबाट के कति उत्पादन हुन्थ्यो भन्ने परिमाणका विषयमा भने जानकारी प्राप्त गर्न सकिएको छैन । जे भएपनि तुलनात्मक रूपमा अन्य पहाडी भू-भागभन्दा उपत्यकाको जमिन उब्जाउ भएको कुरामा शङ्का गर्ने ठाउँ छैन । स्थिति मल्लकै पालादेखि यहाँ प्रशस्त अब्बल जग्गाको उल्लेख पाइन्छ । कर्कप्याट्रिकले यसैको परम्परागत उत्पादन तथा जमिनको रूपलाई हेरेर निकै 'उत्पादनशील भूमि (Luxurious Soil) भन्ने विशेषण जोडेको देखिन्छ ।[६] हुन पनि मध्यकालमा यहाँको भूमिबाट प्राप्त कृषि उत्पादनले उपत्यकावासीलाई प्रशस्त मात्रामा खान पुग्दथ्यो । सिंचाई तथा खानेपानीको प्रयोजनका निमित्त यहाँ मध्यकालको पूर्वार्द्धदेखि नै अनेक धारा, कुवा, पोखरी आदि निर्माण गरिएका उदाहरण पाइएका छन् ।[७] तिनताका

नेपालीहरुले ठूल्ठूला नदीहरूमा बाँध बाँध्न र ठूल्ठूला पानीका धारलाई समेत रोकेर खोलो फर्काउने काममा समेत दख्खल प्राप्त गरेका थिए भन्ने बुभिन्छ। जस्तो- नवौं शताब्दीमा लेखिएको काश्मिरको राजवंशावली 'राजतरङ्गिणी' मा गण्डकीलाई समेत बाँध बाँधेर नेपाली सैन्यहरूले थुनेको चर्चा छ । (राजतरङ्गिणी अध्याय-४ श्लोक ५३०-५४५) । तिनताका केन्द्रिय नेपालको राज्यविस्तार पनि पश्चिममा गण्डकी प्रस्रवण क्षेत्र पारसम्म फैलिएको थियो ।[८] मध्यकालमा लेखिएका नेपाल माहात्म्य तथा स्कन्दपुराणअन्तर्गतको हिमवत्खण्ड आदि पौराणिक स्रोतमा पनि 'कोशी, गण्डकी, नीलकण्ठ हिमाल आदि जलस्रोतद्वारा सिञ्चित नेपाल भनेर वर्णन भएको पाइन्छ ।[९]

त्यसबेलामा पनि जलस्रोत र कृषिव्यवसायलाई अन्योन्याश्रित विषय हुन् भन्ने बुझेको देखिन्छ । त्यसैले त प्राचीनकालदेखि नै कृषिको उन्नतिका निमित्त 'तिलमक' (कुलो) हरूको व्यवस्था गरेर सिंचाईको व्यवस्था मिलाइएका प्रमानहरू पाइएका छन् ।[११] मध्यकालको पनि सुरुदेखि नै कुवा, इनार, पोखरी, धारा, नहर, कुलो आदिको व्यवस्था भएका केही चर्चा भर्खरै गरियो । गोपालराजवंशावलीमा पूर्वमध्यकालमा भएका अनेकौं अनावृष्टिका घटनाका संस्मरणको उल्लेख छ । कतिपटक त पानीका स्रोत नदीनाला समेत सुकेर 'लख्खयात' नामक पानीमाग्ने जात्रा समेत चलाइएका उदाहरण गोपाल वंशावलीमा पाइन्छ । जस्तो ने.सं. ४९७, ने.सं. ५००, ने.सं. ५०४[१२] मा 'लख्खयात' गरिएका उदाहरण पाइएका छन् । ने.सं. ५०० मा त खडेरी परेर पानीका स्रोत सुक्नाले बीउ रोप्नै नपाएको समेत चर्चा छ,[१३] तर यस्ता उदाहरणहरू अनावृष्टिका कारण भएका भए तापनि उपत्यकाका बाग्मती, विष्णुमती, रुद्रमती, इन्द्रायणी, मनहरा, इच्छुमती, बल्खुजस्ता खोलाको माध्यमबाट सिंचाइको पनि व्यवस्था भएकै थियो । यी बाहेक टाढाटाढादेखि पहाडका खोलाहरूबाट साधारण तथा राजकुलोको माध्यमबाट सिंचाइको र खानेपानीको समेत आपूर्ति गरिन्थ्यो । यस्ता अनेक कुलोहरू पूर्वमध्यकालमा नयाँ बनेका र सम्भार तथा पुनः निर्माण गरिएका उदाहरणहरू गोपालवंशावलीमा पाइन्छन् । ने.सं. ५०० मा पुरानु मुख्य कुलो 'यतपाट' का पानीका १२ वटा मुहान-स्रोतहरू बन्द भएका हुनाले उक्त कुलो र पानीका स्रोत बटुल्ने सहायक कुलोहरूको मरम्मत गरेको चर्चा गोपालवंशावलीमा परेको छ । उक्त मुख्य कुलोको पुनः निर्माण तथा जिर्णोद्धार गर्न भक्तपुर निवासीहरूलाई पूरा १५ दिन लागेको र यो कामको समापन भएको खुसीयालीमा राजाप्रजा दुवै थरी मिलेर धुमधामसाथ भोज खाएर मनोरञ्जन समेत गरेको उल्लेख गोपालवंशावलीमा परेको छ ।[१४] यसैगरी ने.सं. ५०१ मा पनि 'म्यालखा' भन्ने कुलोको राजाबाट विशेष व्यवस्था गरेको र सिंचाइ सुविधा लिने जनतालाई

कुलोको पानीको कर त्यस बेलादेखि तिर्नु नपर्ने व्यवस्था भएको समेत चर्चा वंशावलीमा परेको छ ।[१५] यस सन्दर्भमा भक्तपुरका राजा जितामित्र मल्लको शासनकालमा बनेको भक्तपुरको राजकुलोको विशेष महत्त्व रहेको छ ।[१६]

उपत्यका बाहिर पनि पनौतीतर्फ र नुवाकोट आदि क्षेत्रहरूमा समेत नदीहरुको माध्यमबाट सिंचाइको व्यवस्था भएकै थियो । मध्यकालमा उपत्यकामा धेरै हिउँ पर्दथ्यो भन्ने जानकारी गोपालवंशावलीको स्रोतबाट पाइएको छ । त्यसैले वरीपरी डाँडाहरूमा त हिमपातको परिमाण धेरै भएर हिमाल झैँ हिउँ थुप्रनु स्वाभाविकै हो । पछि एकीकरणताका सम्म पनि काठमाडौं उपत्यकामा धेरै दिनसम्म हिउँ परेर थुप्रिन्थ्यो भन्ने विषयको जानकारी कर्कप्याट्रिकले उल्लेख गरेका छन् ।[१७] यति मात्र नभएर जम्मा भएको पानी समेत जमेर हिउँमा परिणत भई ३-४ महिनासम्म रहन्थ्यो भन्ने जानकारी समेत कर्कप्याट्रिकले दिएका छन् । त्यसैले हिमपातको माध्यमबाट पनि जलस्रोतको वृद्धिमा उपत्यकालाई केही न केही मात्रामा भए पनि आपूर्ति भएको हुनुपर्दछ । गोपालवंशावलीमा ठूल्ठूला हिमपात र त्यसको असरका विषयमा अरू पनि धेरै ठाउँमा उल्लेख छ ।[१८]

खेती बाहेक परम्परागत प्रविधिको रूपमा चल्ने घट्ट आदिका निमित्त खानेपानीको आपूर्तिका निमित्त पनि जलस्रोतको प्रयोग हुन्थ्यो । यसरी भूमि र जल दुवै प्राकृतिक स्रोतको प्रचुर मात्रामा पूर्वमध्यकालदेखि मध्यकालसम्म नै उपयोग भएको थियो ।

२.२. वनजङ्गल

नेपालका प्रमुख प्राकृतिक स्रोतहरू मध्ये वनजङ्गल तथा वनस्पति पनि एक हो । पशुपालनको सभ्यताका युगदेखि नै नेपालमा यस स्रोतको उपयोग भएको थियो भन्ने केही चर्चा भर्खरै गरियो । थोरै चर्चाले मात्र नपुग्ने हुनाले यहाँ यस विषयमा केही विस्तारपूर्वक उल्लेख गर्नु परेको छ ।

नेपालको इतिहास अध्ययन गर्ने महत्त्वपूर्ण स्रोतको रूपमा रहेको गोपालराजवंशावलीको सुरुमा नै यस देशको वर्णनको क्रममा 'हिमालयको काखमा अवस्थित घना जङ्गललेयुक्त' भन्ने विशेषण जोडिएको पाइन्छ । त्यसैगरी यहाँ किरातेश्वर भगवानको प्रादुर्भाव र श्लेषमान्तक (लप्सी) को जङ्गलको सन्दर्भ पनि उल्लेखनीय छ ।[१९] इशापूर्वकै शताब्दीको मानिने बौद्ध ग्रन्थ *मूलसर्वास्तिवादविनयवस्तु* मा पनि हिमपात हुने, पहाड जङ्गल आदिले भरिएको स्थल भएको कारण नेपालका भिक्षुहरू काठका खराउ लगाउँथे भन्ने चर्चा परेको छ ।[२०] यसबाट प्राकृतिक स्रोतमा हिमाल तथा वनजङ्गलको उपयोग त्यसैबेलादेखि भएको थियो भन्ने बुझिन्छ । खराउको उत्पादन पनि काठबाटै

हुने कुरा उल्लेखनयि छ । यस्तै किसिमले इशापूर्वको तेस्रो शताब्दीमा लेखिएको मानिने आचार्य कौटिल्यको अर्थशास्त्रबाट पनि यतावाट राजदरवारको ढुकुटीमा संग्रह गर्नलायक विशेष प्रकारका छालाहरू मगधतर्फ पुगेको जानकारी पाइएको छ । त्यहाँका दरबारका बहुमूल्य रत्नमा नेपालका जङ्गली जनावरका छालालाई गणना गरिएको पाइन्छ ।[२१] त्यसैगरी भेडा-च्याङ्ग्राबाट उत्पादन हुने ऊनवाटै बन्ने राडी, पाखीको चर्चा पनि त्यहाँ परेको कुरा विदितै छ । ग्रामीण अर्थव्यवस्थामा यस्तो पशुपालन व्यवसायसँग वनजङ्गलको एक शरीरका विविध इन्द्रियजस्तै सम्बन्ध रहेको हुन्छ भन्ने कुरा निर्विवाद छ ।

कस्तूरी र श्वेतचमरको देशको रूपमा नेपालले धेरै अगाडिदेखि नै ख्यातिप्राप्त गरेको यथार्थलाई पनि यहाँ भुल्न सकिँदैन । नेपालका राजाहरूले निधारमा हिलै टाँसे पनि त्यसलाई कस्तूरी नै मानिन्थ्यो भनेर व्यङ्गात्मक अभिव्यक्ति प्राचीन आचार्यहरूले गरेका छन् । राजशेखरको काव्यमीमांशामा नेपालका कस्तूरी तथा वनजङ्गलको निकै रोचक चर्चा भएको पाइन्छ । उक्त ग्रन्थमा "आलोकस्तूरीका टीका टाँसेका नेपाली तरुनीहरू गर्मीका याममा आफ्ना प्रेमी केटासँग जङ्गलमा ठूल्ठूला झाडभित्र सुतेर आनन्दसँग बिताउँछन्" जस्ता चर्चाहरू परेका छन् ।[२२] यस्तै किसिमले प्राचीन अरबी पुस्तक हुदूद-अल्-आलममा पनि नेपालका कस्तूरीको अरव मुलुकसम्म निकासी हुन्थ्यो भन्ने उल्लेख परेको छ ।[२३] *भावप्रकाश* नामक प्राचीन ग्रन्थमा पनि काश्मीर, नेपाल र आसामलाई कस्तूरी उत्पादन गर्ने देशको रूपमा चर्चा गरिएको पाइन्छ ।[२४] यस्तै गरेर प्राचीनतम युगदेखि नै अनेकौं औषधिसम्वन्धी जडीबुटीहरूको उत्पादन हुने देशको रूपमा पनि नेपालको उल्लेख भएको पाइन्छ । यस क्रममा चिराइतोको नाम नै 'किराततिक्त' उल्लेख भएको प्रसङ्गलाई भुल्न सकिँदैन ।[२५] नीम तथा जवमल्लिका, शेफाली आदि वनजङ्गलमा पाइने फूलहरूको स्रोतको रूपमा पनि 'शब्दस्तोममहानिधि',[२६] 'राजनिघण्टु', *भावप्रकाश* (पूर्वखण्ड, प्रथम भाग, पुष्पवर्ग ४।१९२ श्लोक) जस्ता ग्रन्थहरूमा नेपालको नाम उल्लिखित भएको पाइन्छ । नवमल्लिका आदि फूलहरू त सोझै काठमाडौं उपत्यकासँगै सम्बन्धित गराएर उल्लेख भएको देखिन्छ ।[२७]

वनजङ्गल र त्यसबाट उत्पादन हुने वस्तुहरूका विषयमा नेपालका प्राचीन अभिलेखहरूमै पनि प्रशस्त चर्चा भएको पाइन्छ । कस्तूरी, चमर, ऊन आदिको निकासी सरकारी स्वीकृति लिएर उपत्यकावाट वाहिर (भारतीय भू-भागतर्फ) गर्ने परम्परा भएको चर्चा अंशुवर्माको समयकालका अभिलेखमा स्पष्ट उल्लेख भएको पाइन्छ ।[२८] नेपालको प्रसिद्ध भाषावंशावलीमै पनि अन्यत्र नपाइने खरीको रुखको प्रचुरता यहाँ उपत्यकामा भएको चर्चा छ ।[२९]

प्राचीनकालदेखि नै काठमाडौं उपत्यका र आसपासका क्षेत्रहरू हरिया ज़ङ्गलले भरिएको तथ्य अन्य साहित्यिक तथा आभिलेखिक स्रोतबाट पनि स्पष्ट रूपमा बुझ्न सकिन्छ । महाभारतकालदेखि नै उपत्यकाको चांगुको डाँडोलाई 'चम्पकारण्य' अर्थात् चाँपका रुखहरूको जङ्गल भनिएको छ ।[३०] मध्यकालमा लेखिएको नेपाल महात्म्यमा चाँगुको उत्पत्तिको कथालाई चाँपको वनसँग नै जोडिएको छ । मध्यकालका अभिलेखहरूमा पनि चम्पापुर, चारूपर्वत, चम्पकवन आदि नामहरू चाँगुनारायणलाई चिनाउनका निमित्त प्रयोग भएको देखिन्छ ।[३१] मध्यकालको समाप्तिको दुइ दशकभित्रै नेपाल भ्रमण गर्ने विलियम कर्कपेट्रिकले त्यस बेलासम्म पनि नेपालमा प्रशस्त जङ्गल भएको, हरियालीले भरिएको काठमाडौं उपत्यका, सङ्लो पानी भएका नदीनालाहरूले युक्त र मधुस्वादका फलफूल र त्यस्तै सुवास फैलाउने वनस्पतिहरूले ढाकिएको हुँदा प्रशस्त मात्रामा असलगुणको महको पनि उत्पादन यहाँ हुन्थ्यो भन्ने चर्चा गरेका छन् ।[३२] यस्तै गरी उनले वनबाट प्राप्त हुने कन्दमूल, तरुल, जडिबुटि (नीम, जटामसी, कुड्की, चिराइतो, कुरिलो आदि) को समेत प्रचुरता नेपालमा भएको र अन्य मुलुकमा हराउन लागेका अमूल्य जडिबुटीहरू समेत नेपालमा पाइने चर्चा गरेका छन् ।[३३]

प्राचीनकालदेखि नै नेपालमा वनजङ्गललाई दुइ दृष्टिकोणले महत्त्व दिइएको छ । जस्तो सर्वप्रथम आर्थिक स्रोतको रूपमा र दोस्रोमा सुरक्षात्मक किल्ला (वनदुर्ग) को रूपमा । काठ-दाउरा (इन्धन) जडिबुटी, तरकारी फलफूल, घाँसस्याउला, खोटो, हरिताल, सुगन्धित वस्तु (साल धूप, गोकुलधूप आदि), साथै कलममसी, रङ्गरोगन, डोकोनाम्लो, डोरी, लुगाफाटो, भाङ्ग्रा, बोरा, कागज तथा अन्य लेख्न प्रयोग हुने सामग्री आदिको निमित्त कच्चामालको प्राप्ति पनि वनजङ्गलबाटै हुन्थ्यो । यतिमात्र नभएर जङ्गली जनावर, पशुपंक्षी आदिको पनि मानिसका आर्थिक स्रोत र साधनको रूपमा प्रयोग गरिन्थ्यो । जस्तो-कस्तूरीमृग, वाज (शिकारीवाज), बँदेल, वनभेडा, कालिज, मोनाल, डाँफेलगायत अन्य पशुपंक्षीहरू पाल्न, मासुको रूपमा प्रयोग गर्न र छाला आदिको प्रयोजनका निमित्त समेत उपयोग गरिन्थ्यो । साधारण पशुपालन व्यवसाय नै पनि वन्य स्रोतविना सम्भव हुँदैनथ्यो । त्यसमाथि पनि भैँडाच्याङ्ग्रा, याक (चौरी), घोडा आदिको पालन त वनजङ्गल विना झनै सम्भव थिएन । यस किसिमले माथि उल्लेख गरिएका सबै वस्तु तथा पशुजन्य स्रोतको उपयोग यहाँ मध्यकालमा व्यापक रूपमा भएका प्रमान पाइएका छन् ।

उपर्युक्तका अलावा यहाँ मध्यकालमा खनिज व्यवसायको पनि परम्परा चलेको हुनाले खनिज उत्पादनबाट प्राप्त धातु पगालेर सफा बनाउन पनि वन्य स्रोतको प्रयोग हुन्थ्यो । मध्यकालभन्दा पछिसम्म नै पनि खनिज उत्पादनका

निमित्त खानी चलाउन इजारा प्राप्त व्यक्तिहरूलाई वनका रुख काटेर दाउराको आपूर्ति गर्ने अधिकार राजाहरूबाट दिने परम्परा थियो ।[३४] मध्यकालका ऐतिहासिक कागजातहरू केलाइ हेरेमा उपत्यकाले नुवाकोट, दोलखा भेकबाट प्रशस्त वन्यस्रोत प्राप्त गरेका प्रमान भेटिन्छन् । जस्तो नुवाकोट भेकमा प्रशस्त जडीबुटी पाइन्थ्यो । त्यहाँको ऐतिहासिक अशोकवारी त यस सन्दर्भमा उल्लेखनीय नै छ । जहाँ उत्तम जात र गुणका अशोकका रुखहरू प्रशस्त थिए । त्यसै स्रोतबाट कतिपय व्यापारीहरूले जडीबुटीको निकासीको व्यवसाय नै चलाएका प्रमान पाइएका छन् ।[३५] मध्यकालको भ्रमणमा आउने क्यापुचिन पादरीहरूले पनि नेपालमा सालका रुख जताततै पाइने कुराको उल्लेख गरेका छन् ।[३६]

यहाँ पाइने वन्यजन्तुका विषयमा दोलखा भेकका ऐतिहासिक सामग्रीमा प्रशस्त चर्चा पाइन्छ । दोलखाका सामग्रीमा बँदेलको वेचविखनको चर्चा अझ धेरै परेको छ ।[३७] कर्कप्याट्रिकको नेपाल भ्रमणताका सम्म पनि नुवाकोट क्षेत्रमा प्रशस्त कस्तूरीमृग पाइन्थ्यो । अझ त्यसभेकका कस्तूरीलाई विशेष जोड दिएर कर्कप्याट्रिकले नुवाकोट वर्णनका सन्दर्भमा कस्तूरीको चित्रसहित वर्णन गरेका छन् ।[३८] नुवाकोट भेकका मध्य तथा शाहकालसम्मका कागजपत्रहरूमा पनि अनेक वन्यजन्तु तथा पंक्षीहरूको उल्लेख आएको छ । कर्कप्याट्रिकले त्यस भेकमा बँदेल, चराचुरुङ्गी, कालिज, डाँफे, रङ्गिन बुट्टे कालिज पनि पाइने कुराको चर्चा गरेका छन् ।[३९]

वनको उपयोग दुर्ग अर्थात् किल्लाको रूपमा पनि प्राचीन तथा मध्यकालमा प्रशस्त गरिन्थ्यो । उपत्यकामा चाँगु, स्वयम्भू, बलम्वू, गोकर्ण, वज्रयोगिनी, देवपत्तन, वज्रबाराही, चोभार, कीर्तिपुर आदि वनदुर्गहरू प्राचीनदेखि मध्यकालसम्म नै कायम रहेका प्रमान पाइएका छन् । प्राचीनदेखि मध्यकालसम्म नै चाँगुनारायणलाई "जलशैल वनदुर्ग" को रूपमा उपयोग गरिएको थियो । चाँगुनारायणको मन्दिरको भण्डारमा प्राप्त लिच्छविकालदेखि मल्लकालसम्मका अनेकौं सामरिक हातहतियारबाट पनि यस कुरामा पुष्टि मिलेको छ । राजाहरूले यस्ता दुर्ग तथा प्राकृतिक स्रोतको रूपमा रहेका वनजङ्गलको सुरक्षाका निमित्त समुचित व्यवस्था गर्ने परम्परा पनि प्राचीनकालदेखि नै यहाँ राम्रैसँग चलेको थियो । यहाँ मध्यकालको पूर्वार्द्धताका बाह्य आक्रमण हुँदा मानिसहरू खाद्यपदार्थ तथा धनसम्पत्ति जमिनमुनि गाडेर वनदुर्गभित्र पसेका उदाहरणहरू पाइएका छन् । पश्चिमबाट खसिया मल्लहरूको आक्रमण हुँदा "सारा जनता वन पस्यो" भन्ने उल्लेख गोपालवंशावलीकारले स्पष्ट रूपमा गरेका छन् ।[४०] स्वयम्भू पनि एक वनदुर्ग थियो भनेर भर्खरै चर्चा गरियो । तिब्बतीहरूले त अहिले पनि स्वयम्भूलाई

'फग्-प-शिङ्-कुन' अर्थात् "आर्य सर्ववृक्ष" भनेर जङ्गलले ढाकेको ठाउँको रूपमा नै उल्लेख गर्ने गर्दछन् । मध्यकालको पूर्वार्द्धदेखि नै स्वयम्भूलाई तिब्बतीहरूले यसरी सम्वोधन गरेका प्रमान पाइएका छन् ।[४१]

माथि उल्लेख गरिएजस्तै वन्यस्रोतबाट वन्यजन्तु, फलफूल, जडीबुटी, गोल, पातपत्कर आदिको आपूर्ति हुन्थ्यो भन्ने कुराको प्रमान लिच्छविकालका अभिलेखहरूमा पनि पाइएको छ । घाँसदाउरा, गोल आदि जङ्गलबाट स्वतन्त्र रूपमा ल्याउन दिएमा दुर्ग रूपका जङ्गलहरूको विनाश हुन्छ भन्ने भावनाबाट प्रेरित भएर प्राचीनदेखि मध्यकालसम्म नै राजाहरूले नियन्त्रण गर्नुपर्ने खालका त्यस्ता वनदुर्ग रूपका जङ्गलका निमित्त स्थिति बन्देज बाँधिदिने गर्दथे । लिच्छवि राजा शिवदेवले गरेको वनव्यवस्था यस परिप्रेक्ष्यमा विशेष उल्लेखनीय छ । उनले वनभित्र पत्कर सोहर्न जानुपर्दा समेत काट्ने हातहतियार कटारी, बन्चरो आदि लिएर वन पस्न नपाइने बन्देज बाँधिदिएका थिए ।[४२] यस किसिमले वनसंरक्षण नीति प्राचीनकालदेखि नै यहाँ अपनाइएको देखिन्छ । यसमा आफ्नो आवश्यकता र उपादेयतालाई मात्र ध्यान दिएर होइन प्राचीन तथा मध्यकालिक समाज धार्मिक नीतिमा आधारित भएर पनि वनजङ्गलको सुरक्षामा ध्यान दिइन्थ्यो । शमि, बेल, वरपिपल, नीमजस्ता वृक्षहरूको रोपण गर्नु नेपालीहरूका लागि मोक्षको ढोका खोल्नु सरह नै मानिन्थ्यो । हाम्रा धर्मशास्त्रले पनि काँचा वृक्षहरू वेपरवाहसँग काट्नु, ढाल्नु पाप हो भनेर त्यस कर्मलाई त्याग्न आव्हान गरेका छन् । जस्तो मनुंस्मृतिमा भनिएको छ :

> वृक्षाश्चित्वा पशून हत्वाकृत्वा रुधिरकर्मकम् ।
> यद्येवं गम्यते स्वर्ग नरकं केन गम्यते ॥
>
> अर्थात्-
> काँचो रुख काटी जङ्गल मास्ने र पशु मारी रगत बगाउने गरेर स्वर्ग जान्छु भन्ने (कोही) सम्भन्छन् भने नरक जाने को त ?

यस्तै किसिमले मनुले 'पशुहिंसा मात्र नत्यागेर वनस्पतिमा पनि जीव हुनाले अति आवश्यक काममा मात्र रुख काट्नु र दाउराका निमित्त काँचो रुख काट्नु पाप हो भन्ने कुराको उल्लेख गरेका छन् ।[४३] प्राचीन स्मृति तथा धर्मशास्त्रहरूबाट गहिरो रूपमा प्रभावित मध्यकालिक नेपाली समाजमा पनि वेपरवाहसँग रुख काट्ने, जङ्गल मास्ने आदि कार्यहरू पाप कार्यकै रूपमा स्वीकारिन्थे । त्यसै हुनाले वनजङ्गलसम्बन्धी बलियो स्थिति बाँध्ने परिपाटी मध्यकालभर पनि कायमै रहेको देखिन्छ । जस्तो चोभार गणेशस्थानस्थित पाटनका राजा विश्वजित मल्लको ने.सं. ८८० (वि.सं. १८१६) को अभिलेखमा

चोभार डाँडोको जङ्गलको स्थिति बन्देज कायम गरेको चर्चा छ । उक्त अभिलेखमा राजा वा राजमाताको स्वीकृति नलिई त्यस जङ्गलबाट दाउरा काट्न नपाइने र गुठीहरूले पनि मक्किएको वा सुकेको रुखबाहेक अरू काठ किल्ला निर्माणका निमित्त लिनुपरेमा चलिआएको दस्तुरअनुसार मात्र आवश्यक परेका बखत लिन पाउने व्यवस्था भएको उल्लेख छ । उपर्युक्त बाहेक कसैले रुख काटेमा वा काट्न लगाएमा, मैन, दाउरा आदि लिएमा वा लिन लगाएमा चोभार गणेश र लोकेश्वरनाथ भन्ने स्थानीय दुवै प्रमुख देवताको नाक काटेर लिएको वा उक्त देवताका शरीरमा घाउ पारेजस्तै पाप हुने कुराको उल्लेख छ ।[४४]

यसै गरी पाटनमा राजा भएका राज्यप्रकाशमल्लको ने.सं. ८७० को अभिलेखमा पनि वनसंरक्षण विषयमा राजाज्ञा भएको चर्चा छ जसमा कीर्तिपुर गढमा कसैले रुख काट्न नहुने र उक्त आज्ञा जसले मान्दैन वा जसले उक्त आज्ञा नाघेर रुख काट्छ त्यस्ता मानिसलाई रु. १२ दण्ड राजातर्फबाट लग्राउने नियम भएको कुराको उल्लेख छ । त्यतिमात्र नभएर त्यस्तो नियम स्थिति उल्लङ्घन गरेमा राजाले दण्डमात्रै लिने नभएर बाघभैरवजस्ता स्थानीय देवताको कुदृष्टि पर्दछ भनेर पनि चर्चा भएको छ । राजा जयप्रकाशमल्लले गरेको चाँगुनारायणस्थान वरिपरिका वनदुर्गको सुरक्षाको व्यवस्था चाँगुनारायण मन्दिरकै दक्षिणढोकामा टाँसिएको ताम्रपत्रबाट स्पष्ट हुन्छ । यस्तै चर्चाहरू मध्यकालका अन्य धेरै अभिलेखहरूमा पनि पाइन्छन् ।

उपर्युक्त कुराले स्रोतसंरक्षण खासगरी वनसंरक्षणको मध्यकालमा के कस्तो व्यवस्था थियो भन्ने विषयमा स्पष्ट प्रमान प्रस्तुत गरेको छ । नेपालको एकीकरण र त्यसभन्दा पछिसम्म पनि आर्थिक स्रोतको रूपमा वनजन्य स्रोतको महत्त्व उत्तिकै थियो र उपयोग पनि भइरहेको थियो । त्यसै हुनाले बडामहाराजाधिराज पृथ्वीनारायण शाहबाट "जिनिस जडीबुटी देश लैजानु र नगद खैंचनु" भन्ने उपदेश भएको थियो (दिव्योपदेश) । पछिसम्म पनि वन संरक्षणको परम्परा कायमै रहेको ऐतिहासिक सामग्रीले देखाउँछन् । यस प्रसङ्गमा नुवाकोटमा भएको एउटा व्यवस्था र त्यससँग सम्वन्धित घटना उल्लेखनीय छ । त्यहाँको परम्परागत स्थितिअनुसार मुख्यमुख्य वनको सुरक्षा गर्ने गरी मात्र उपयोग गर्न ठेकेदारहरूलाई जिम्मा दिइन्थ्यो र पछि पनि त्यस्तै व्यवस्था गरेर लालमोहर दिइन्थ्यो । अर्कोतर्फ खनिज स्रोतको परिचालन गर्ने खानीका ठेकेदारहरूले खनिज वस्तु झिक्न रुख काट्ने इजाजत पाउँदथे यस्तो दुइथरी उद्देश्यको परिपूर्ति गर्ने क्रममा उचित नीतिनियमको को व्यवस्था नहुँदा दुइथरी ठेकेदारहरू बीचमा झगडा उत्पन्न हुन्थ्यो, तर यस्तो झगडामा अन्तिम

लुकभित्रै प्रयोग गर्ने परम्परा त अत्यन्त लोकप्रिय रूपमा नै चलेको र्कप्याट्रिकले नेपालमा परम्परागत रूपमा उत्पादन हुने तामाको गुण उच्च भएको तर खानीको आधुनिक प्रविधि र यातायातको असुविधाको मात्र कालान्तरमा नेपालबाट अवध र कलकत्तातर्फ पहिले जाने गरेको न नसकेको कुराको चर्चा गरेका छन् ।[५६] धादिङ भेकमा पनि ाका अवशेषहरू पाइएका छन् ।[५७]

प्याट्रिकले नेपालका परम्परागत रूपमा प्रचलित खनिज वस्तुमा सेसा, ढुङ्गा र असलजातका चूनढुङ्गा आदिको पनि चर्चा गरेका छन् । मा जस्तै नेपालको फलाम पनि अत्यन्त असल गुणको हुने र बाहिर समेत हुन्थ्यो भनेर उल्लेख गरेका छन् । नुवाकोटको पश्चिम भेकमा ाका संकेतहरू देखेको कुरा पनि उनले चर्चा गरेका छन् ।[५८] दोलखा मध्यकालमा शिशा उत्पादनका दृष्टिले महत्त्वपूर्ण थियो । दोखला ाइएको मध्यकालका ऐतिहासिक कागजपत्रमा शिशाखानी र त्यसको विषयमा उल्लेख परेको छ । एउटा ऐतिहासिक सामग्रीमा ीको हेरचाह गर्ने आकरे, सुनुवार आदिलाई रु.५०।- पारिश्रमिक दिने ल्लेख परेको छ ।[५९] त्यस भेकमा खानीको काम गर्ने दुनियाँलाई राजाहरूबाट जारी भएका मोहरहरूमा 'मुसा प्रजा' भनेर सम्बोधन ने उल्लेख पाइएको छ ।[६०]

किसिमले मध्यकालका आर्थिक (प्राकृतिक) स्रोतमा खनिज स्रोत पनि ो थियो । सुनचाँदी बाहेक अन्य धात्विक तथा ढुङ्गेकला सम्बन्धी सम्पूर्ण का निमित्त कच्चापदार्थ चाहिँ यहींको खनिज स्रोतबाट नै पूर्ति हुन्थ्यो । उत्पादनजस्ता परम्परागत उपयोगिता बाहेक सोझो आर्थिक फाइदा हरूबाट उठाउन सकिएको थिएन । कठोर भौगोलिक बनौटका कारण का शासकहरू अन्तर्गतका त्रिशुली गण्डकी, सुनकोशी जस्ता ठूला र अन्य विभिन्न नदीहरू भए तापनि अरू कुनै आर्थिक प्रयोजनका समकालिक अन्य सभ्यताहरूमा जस्तो प्रयोग हुन नसक्नु स्वाभाविकै नत्र त व्यापारिक आदानप्रदानका निमित्त ठूल्ठूला नदीहरूलाई रू प्राचीनतम युगदेखि नै उपयोग गर्दै आएका उदाहरण नपाइएका ।

नमणि नेपाल, *नेपाल निरुक्त*, वि.सं. २०४०, पृ. १५-१७ ।
वज्र वज्राचार्य, *लिच्छविकालका अभिलेख*, वि.सं. २०३०, पृ. २४४-४७ आदि ।
ाल, *पूर्ववत १*, पृ. ५-६, २३-२४ ।
वप्रकाश १।१ शाकवर्ग ९।७५-७६ ।

५. *गोपालराजवंशावली,* पत्र संख्या २४-३१ ।
६. विलियम कर्कप्याट्रिक, *यान् एकाउन्ट् अफ् द किङ्गदम् अफ् नेपौल,* पृ. १८२ ।
७. *गोपालराजवंशावली,* पत्र संख्या २४, ३१ आदि ।
८. वज्राचार्य, *पूर्ववत्* संख्या २, पृ. २७-२ ।
९. *नेपाल माहात्म्य* १५।३।३५ ।
१०. *हिमवत्खण्ड* ७।१-२ ।
११. वज्राचार्य, *पूर्ववत्* संख्या २, पृ. २६६-७०, ४०१-२, ४०८, ५२०, ५४३-४४ ।
१२. *गोपालराजवंशावली,* पत्र संख्या ५७, ५९, ६२ ।
१३. *त्यही,* पत्र संख्या ५९ ।
१४. *त्यही,* पत्र संख्या ५८ ।
१५. *त्यही* पत्र संख्या ६० ।
१६. भोलानाथ पौडेल, "भक्तपुरको राजकुलो" *पूर्णिमा,* पूर्णाङ्क ४, वि.सं. २०२२, पृ. ४४-४९ ।
१७. कर्कप्याट्रिक, *पूर्ववत्* संख्या ६, पृ. १८५ ।
१८. *गोपालराजवंशावली,* पत्र संख्या, ३४,४५,५१,५४-५५, ५७ आदि ।
१९. *त्यही,* प.सं. १७ ।
२०. एस.वाग्ची (अनु. सम्पा.) *मूलसर्वास्तिवादविनय वस्तु,* इ.सं. १९७०, पृ. १७८ ।
२१. कौटिल्यको अर्थशास्त्र २।१७।११ ।
२२. राजशेखर, *काव्यामीमांसा,* वाराणसी: चौखम्वा विद्याभवन, २०२१, पृ. १०४ ।
२३. वि. भिनौस्को, हुदूद अल आलम, लण्डन, ई.१९३७, पृ. ८६ ।
२४. नेपाल, *पूर्ववत्,* पृ. २१ ।
२५. *भावप्रकाश,* १।१।१३६-३७ र श० कल्पद्रुम, पृ. ९२८, उद्धृत नेपाल निरुक्त ।
२६. *शब्दस्तोभमहानिधि,* पृ. २५३ ।
२७. नेपाल, *पूर्ववत्,* पृ. ५ ।
२८. रमेश ढुङ्गेल, *प्राचीन अर्थव्यवस्था,* काठमाडौं: शारदाप्रसाद उपाध्याय, सन् १९८४, पृ. २४४-४५ ।
२९. नयनाथ पौडेल (सम्पा.), *भाषावंशावली -१,* वि.सं. २०२०, पृ.३-४ ।
३०. *महाभारत वनपर्व,* अध्याय ८४, श्लोक १३०-३३ ।
३१. मोहन खनाल, *चाँगुनारायणका ऐतिहासिक सामग्री,* काठमाडौं: नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.सं. २०४०, पृ. १५६,३१० आदि ।
३२. कर्कप्याट्रिक, *पूर्ववत्* संख्या ६, पृ. १७०-७२ ।
३३. *त्यही,* पृ. १८२ ।
३४. धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ, *नुवाकोटको ऐतिहासिक रूपरेखा,* काठमाडौं: नेपाल र एशियाली अध्ययन संस्थान, वि.सं. २०३२, पृ. १०३, ऐतिहासिक सामग्री संख्या ८८ को पत्र ।
३५. *त्यही* ।
३६. डि.आर.रेग्मी, *मेडिएभल नेपाल,* पार्ट टू, पृ. ५२० ।
३७. धनवज्र वज्राचार्य र टेक बहादुर श्रेष्ठ, *दोलखाको ऐतिहासिक रूपरेखा,* काठमाडौं: नेपाल र एशियाली अध्ययन संस्थान, वि.सं. २०३१, पृ. ५६, १४६-४७, सामग्री संख्या २३, २४ का कागजपत्र ।

३८. कर्कप्याट्रिक, *पूर्ववत्* संख्या ६, पृ. १३१ ।
३९. *त्यही* ।
४०. *गोपालराजवंशावली*, पत्र संख्या २६ ।
४१. जि.एन. रोरिक, *बायोग्राफि अफ धर्मस्वामिन्*, पटना: के.पी. जायसवाल, इन्स्टिच्यूट, ई. १९५९, पृ. ५ ।
४२. वज्राचार्य, *पूर्ववत्* संख्या २, पृ. २३३-३४ ।
४३. 'इन्धनार्थमशुष्काणां द्रुमाणामवपातनम्' *मनुस्मृति* ११।६४ ।
४४. तुलसीराम वैद्य र हेमराज शाक्य, *मेडिएभल नेपाल*, ई. १९७०, पृ. २३६ । धनवज्र वज्राचार्य, *मध्यकालका अभिलेख*, (पाटन खण्ड) अप्रकाशित प्रतिवेदन नेपाल र एशियाली अनुसन्धान केन्द्र ।
४५. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्* संख्या ३४, प. १०३ । यो झगडा नुवाकोटको मैथिलीटारको वनको उपयोगका सम्बन्धमा उठेको थियो ।
४६. नेपाल, *पूर्ववत्* संख्या १, पृ. ५, २१ ।
४७. जगदीशचन्द्र रेग्मी, *लिच्छवि संस्कृति*, वि.सं. २०२६, पृ. १४८ ।
४८. ढुङ्गेल, *पूर्ववत्* संख्या २८, पृ. २४३-४५ ।
४९. *त्यही*, पृ. १५३ ।
५०. *त्यही*, पृ. १५३-५४ ।
५१. कर्कप्याट्रिक, *पूर्ववत्* संख्या ६, पृ. ६२ तथा देवीप्रसाद लम्साल (सम्पा.), *भाषावंशावली* २, पृ.५२ ।
५२. ढुङ्गेल, *पूर्ववत्* संख्या २८, पृ. २१९-२२६, चित्रफलक १५-१६ ।
५३. कर्कप्याट्रिक, *पूर्ववत्* संख्या ६, पृ. ४४-४५ ।
५४. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्* संख्या ३४, पृ. १०२ ।
५५. *त्यही* ।
५६. कर्कप्याट्रिक, *पूर्ववत्* संख्या ६, पृ. १७६ ।
५७. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्* संख्या ३४, पृ. १०२ ।
५८. कर्कप्याट्रिक, *पूर्ववत्* संख्या ६, पृ. १७८ ।
५९. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्* संख्या ३७, पृ. ५९, ६० । सामग्री संख्या २९ को पत्र ।
६०. *त्यही*, पृ. ६० ।

परिच्छेद तीन : कृषि तथा भूमि व्यवस्था

कृषि उत्पादन

सिंचाइ व्यवस्था

कृषि प्रविधि

पशुपालन

भूमिव्यवस्था

जग्गाका किसिम र भू-स्वामित्व

जग्गा बेचविखन, धरौटी र भागबण्डा आदि

मोही र कुतव्यवस्था

परिच्छेद तीन : कृषि तथा भूमि व्यवस्था

कृषि उत्पादन

सिंचाइ व्यवस्था

कृषि प्रविधि

पशुपालन

भूमिव्यवस्था

जग्गाका किसिम र भू-स्वामित्व

जग्गा बेचविखन, धरौटी र भागबण्डा आदि

मोही र कुतव्यवस्था

परिच्छेद तीन
कृषि तथा भूमि व्यवस्था

प्राचीनकालदेखि नै नेपालको मुख्य पेशा खेती भएको तथ्य ऐतिहासिक अभिलेखका आधारमा स्पष्ट रूपमा देखिएको छ । मध्यकालमा काठमाडौं उपत्यकाको मुख्य आर्थिक स्रोतको रूपमा बाह्यव्यापार र त्यसैसँग सम्बन्धित औद्योगिक उत्पादन व्यवसायले स्थान लियो । यसो भए तापनि जीवनपद्धतिसँग गाँसिएर संस्कारकै रूपमा भिजेको कृषिव्यवसाय यहाँका जनजातिहरूसँग अलग हुन सकेन । यतिसम्म कि, आफ्नै खेती तथा भूमिबाट उत्पादित अन्नको प्रयोग गर्नु सामाजिक दृष्टिले ठूलो इज्जतको रूपमा मान्ने परम्परा मध्यकालमा चल्यो । त्यसै हुनाले अरू विविध पेशा अपनाए तापनि आफ्नो जग्गाजमिन र कृषिव्यवसाय भने अनिवार्य रूपमा हुन्थ्यो । आफुले नै उब्जाएको वा आफ्नै भूमिमा उब्जिएको अन्न तथा फलफूल तरकारी प्रयोग गरेर जीवनयापन गर्ने संस्कारको कारण उपत्यकाका जनजातिले कृषि तथा भूमि व्यवस्थातर्फ विशेष चासो देखाउनु स्वाभाविकै हो । उपत्यका र आसपासका नुवाकोट, दोलखा, बनेपा, पनौतीतर्फका जग्गाजमिनहरू उब्जाउ भएको कारण कम परिश्रमले यहाँ धेरै उपार्जन हुन्थ्यो । जनसंख्याको चाप त्यति धेरै नहुनाले कृषिउत्पादनबाट खानलाउन प्रशस्त मात्रामा पुग्दथ्यो । व्यापार तथा अन्य व्यवसायबाट आएको आम्दानी धर्मकर्म तथा लोकहितका कार्यमा लाग्दथ्यो । त्यसैगरी केही हिस्सा मनोरंजन तथा चाडपर्वमा खर्च हुन्थ्यो । यस किसिमले कृषिव्यवसाय महत्त्वपूर्ण भएको हुनाले कृषिउत्पादनमा वृद्धिका निमित्त सिंचाइ-सुविधामा समेत राजाप्रजा दुवैथरीबाट ध्यान दिइन्थ्यो, तैपनि सिंचाइ नहरकुलोको अपर्याप्तताले गर्दा समयसमयमा राजा तथा जनताहरूबाट वर्षातका निमित्त पूजाप्रार्थना, आराधना आदि गरिएका उदाहरणहरू गोपाल वंशावलीमा उल्लिखित छन् । समयसमयमा भूकम्प, अनावृष्टि माहामारीजस्ता प्राकृतिक प्रकोपको कारण अनिकाल परेको उदाहरण पाइए तापनि तात्कालिक भूमिव्यवस्थालाई समय-परिस्थिति अनुरूप दोषपूर्ण थियो भन्न चाहिँ सकिँदैन किनकि त्यस विषयमा अव्यवस्था भएका कुनै उदाहरण वंशावली तथा अन्य ऐतिहासिक स्रोतमा पाइएको छैन । बरु राजा आनन्ददेव (वि.सं. १२०३-१२२३)[१], स्थिति मल्ल[२] जस्ता राजाहरूले समयसमयमा भूमिव्यवस्थाको क्षेत्रमा पनि

चासो देखाएको देखिन्छ । मध्यकालको कृषि तथा भूमिव्यवस्थाको वारेमा प्रकाश पार्ने सामग्रीको अब त्यति अभाव छैन । साधारण अभिलेखहरू बाहेक कृषि तथा भूमिव्यवस्था सम्बन्धित ऐतिहासिक ताडपत्र तमसुकहरू समेत हजारौँको संख्यामा प्राप्त भएका छन् र तीमध्ये कतिपय प्रकाशमा समेत आइसकेका छन् । यस सन्दर्भमा पाटन उकुवहालमा पाइएका ऐतिहासिक ताडपत्रहरू अझ बढी उल्लेखनीय छन् । किनकि मध्यकालको पूर्वार्द्ध अर्थात् ने.सं. १०० ताकादेखि मल्लकालको उत्तरार्द्ध र उपत्यकामाथि गोरखाको विजयकालको आसपासका सामग्रीहरू समेत त्यहाँ प्राप्त भएका छन् ।[३] यसै गरी राष्ट्रिय अभिलेखालयमा संग्रहित ताडपत्रहरू पनि मध्यकालको उत्तरार्द्धको कृषि तथा भूमि व्यवस्था बारेमा जानकारी दिन अत्यन्त उपयोगी सावित भएका छन् । ने.सं. ५१६ देखि मल्लकालको अन्त्यताका सम्मका ताडपत्रहरू अभिलेखालयमा सुरक्षित रहेका पाइएका छन् । अभिलेखालयमा सुरक्षित यस्ता ताडपत्रहरूमध्ये कतिपय ताडपत्रहरूलाई 'भूमि सम्वन्धी तमसुक-ताडपत्र' शीर्षकमा राष्ट्रिय अभिलेखालयले अभिलेख माला-४ सम्म प्रकाशित गरिसकेको छ ।[४] वालीनाली तथा पशुपालनका विषयमा भने मल्लकालमा 'धरःपौ' हरूवाट पनि केही जानकारी पाइन्छ । यस्ता 'धरःपौ' कतिपय राष्ट्रिय अभिलेखालयमा सुरक्षित रहेका छन् र कतिपय बाहिर व्यक्तिगत संग्रहमा पनि पाउन सकिन्छ । यसैगरी ठ्या-सफू तथा अभिलेखिक स्रोतहरू त छँदैछन् तर पूर्वार्द्धकालका ताडपत्र बाहेक अभिलेखिक स्रोत कम मात्र प्राप्त छन् ।

३.१ कृषिउत्पादन

मध्यकालमा आर्थिक क्षेत्रमा बाह्य व्यापारले सवैभन्दा महत्त्वपूर्ण स्थान ओगटे तापनि अनिवार्य रूपले बहुसंख्यक जनताले कृषिव्यवसाय अपनाउँदथे भनेर माथि उल्लेख गरियो, तर कृषि उत्पादन के कस्तो र कति परिमाणमा हुन्थ्यो भन्ने विषयमा चाहिँ स्पष्ट जानकारी पाइँदैन, तर उपत्यका तथा आसपासका भूमिहरू प्रायः उब्जाउ भएबाट कम परिश्रमले नै धेरै कृषिउपज प्राप्त हुन्थ्यो । मल्लकालको समाप्तिको डेढ दशक नबित्दै नेपाल भ्रमण गर्ने विलियम कर्कप्याट्रिकले यहाँ सिंचाइको समस्या नभएको र माटो उच्च गुणको भएकोले कम श्रमले धेरै असल जातका अन्न उब्जने, जसका निमित्त त्यति धेरै श्रमशक्तिको खर्च गर्नु नपर्ने कुराको चर्चा गरेका छन् । उनले भूमिको उत्पादकत्वका सन्दर्भमा चर्चा गर्दा करिव चार विगाह जति जग्गामा १०० मुरीसम्म अन्न उपत्यकामा फल्ने कुराको उल्लेख गरेका छन् ।[५] अर्को कुरा भूमि माथि जनसंख्याको त्यति ठूलो चाप परेको थिएन । त्यसो हुँदा असल-असल जग्गाहरू मात्र आवाद भएका थिए । प्राचीनकालको समाप्तिपछि

पूर्वमध्यकालमा यहाँ ठूल्ठूला प्राकृतिक प्रकोपहरूको कारण कहिले सम्पूर्ण जनसंख्याको आधा[६] कहिले तीन खण्डको एक खण्ड[७] कहिले चार खण्डको एक खण्ड[८] जनताको नाश भएका घटनाहरूको वंशावलीमा वर्णन परेको छ । एकपल्ट त ने.सं. ४४९ (वि.सं. १३८६-८७) मा फाल्गुण महिनादेखि भाद्र महिनासम्म महामारी फैलिएर दिनको १०० जना जति मानिस लगातार मरेको घटनाको समेत गोपालवंशावलीमा चर्चा परेको छ ।[९] यसरी करिव ७ महिनासम्म दिनको सयजनाका दरले मानिस मर्दा सम्पूर्ण महामारीको अवधिभरमा २०-२१ हजार जति मानिसको नाश भएको देखिन्छ । यस घटनालाई डरलाग्दो महामारीको रूपमा वंशावलीमा 'कनिमरक' भनिएको छ । माथि उल्लिखित अरू घटना चाहिँ क्रमशः ने.सं. ३३९ (वि.सं. १२७६), ने.सं. ३५२ (वि.सं. १२६२) ने.सं. ३७५ (वि.सं. १३१२) ने.सं. ४३६ (वि.सं. १३७३) मा घटेका थिए । यस किसिमको प्राकृतिक प्रकोप वाहेक आक्रमण-प्रत्याक्रमणका घटनाले पनि त्यत्तिकै धनजनको क्षति हुन्थ्यो । शत्रुपक्षबाट आगो लगाउनेजस्ता घटनाले एकै बस्तीमा धेरैसंख्यामा मानिसहरू मरेका घटनाको पनि गोपालवंशावलीमा प्रशस्त चर्चा पाइन्छ ।[१०] यसरी अनावृष्टि, अतिवृष्टि, हिमपात, बिफर, भूकम्प, असिना, अन्य रोग तथा महामारीजस्ता प्राकृतिक प्रकोप तथा युद्ध-संघर्षहरूका प्रकोपले मध्यकालको पूर्वार्द्धमा नै काठमाडौं उपत्यकाको जनसंख्यामा ठूलो ह्रास आएको थियो । यस्ता प्रकोपका कारण अनिकाल, महामारी मच्चिएर तत्काल जनको क्षति भए तापनि आर्थिक तथा साधनको अनुपातमा जनसङ्ख्याको वृद्धिमा रोक भने अवश्य लागेको थियो । त्यसैले यस्ता घटनाको समयमा बाहेक अरू स्वाभाविक समयमा कृषि उत्पादनले यहाँका जनजातिलाई प्रशस्त खान लाउन पुग्दथ्यो ।

नेपालमा खासगरी काठमाडौं उपत्यकामा प्राचीनकालदेखि नै मुख्य बालीको रूपमा धानको उत्पादन हुन्थ्यो । लिच्छविकालका अभिलेखमा 'धान्य' तथा 'तण्डुल' (धान, चामल) को प्रशस्त उल्लेख परेको छ । त्यस वाहेक लसुन, प्याज जस्ता तरकारी फलफूलको र तेलहनसम्वन्धी उत्पादनको पनि चर्चा प्राचीन अभिलेखमा परेको छ ।

मध्यकालमा पनि मुख्य बालीको रूपमा "धानको खेती गर्ने परम्परा नै चलेको कुरा तात्कालिक स्रोतका आधारमा बुझिएको छ । मध्यकालको पूर्वार्द्धदेखि नै 'तण्डुल', 'धान्य' धान्यमिश्र तण्डुल' जस्ता धान चामलसँग सम्बन्धित शब्दहरूको ताडपत्रहरूमा प्रयोग भएको पाइएको छ ।[११] चामले बाहेक 'तेल', 'तैलपिण्ड', 'लवण तेल'जस्ता तेलसँग सम्बन्धित चर्चा ताड़पत्रहरूमा परेको हुनाले तिल आदि तेल पेल्ने कच्चा सामग्रीको उत्पादन पनि यहाँ हुन्थ्यो भन्न सकिन्छ ।[१२] मध्यकालका अभिलेख तथा मल्लकालका

धर:पौ जस्ता स्रोतहरूबाट यहाँ उत्पादन हुने अन्नमा धान, गहुँ, दलहनमा भटमास, मास, बोडी, गहत, चना, केराउ आदि र तेलहनमा तोरी, विभिन्न रङ्गको तिल (सेतो, कालो, कैलो), सर्स्यौं, हालस, रायोजस्ता वस्तुको उपत्यकामा उत्पादन हुन्थ्यो भन्ने जानकारी पाइएको छ । यसैगरी सागसब्जीमा माथि उल्लिखित रायो, तोरीबाहेक तोरीयाँ, पिँडालु, फर्सी, घिरौंला, भण्टा, सखरकन्द, अदुवा, आदि, फलफूलमा केरा, उखु, ज्यामिर, बयर, विमिरो, बेल, कटहर, लप्सी, सुन्तला, अनार, सासि, अमला, आर, ऐंशेलु, काँक्रो, कुभिण्डो, दारिम र मरमसलामा बेसार, खुर्सानी, किसमिस आदि देखिन्छन् । यस्ता वस्तुहरू मल्लकालिक धर:पौहरूमा ठाउँठाउँबाट विभिन्न पर्वपर्वमा उठती उठाउने क्रममा उठाइएको देखिन्छ ।[१३] भूपतीन्द्र मल्लको 'गादेश भ्रमण' को धर:पौमा चाकुसि (चाक्सी), स्वंतोरा (सुन्तला), कमलासे (कमला), लेवोसे काराजंविर तु, वयलसे, म्वाच (केरा), सुन (?), कटहर, झामसे (झम्सि) जस्ता फलफूलको उल्लेख छ ।

कर्कप्याट्रिकले काठमाडौं उपत्यका तथा आसपासमा हुने कृषिउत्पादनको विषयमा चर्चा गर्दा धान, गहुँ, दलहन, तेलहनको उत्पादन हुने र टार तथा बारी जग्गामा फलफूल, सागपात तथा कमसल जातका अन्नहरू जस्तो मकै, कोदो, घैया, तोरी गहुँ, ज़ौ, तथा कपास, फापर आदिको समेत उत्पादन हुने कुराको चर्चा गरेका छन् । उनले फापरको प्रयोग गरीब कृषकहरूबाट मात्र हुन्छ भन्ने समेत चर्चा गरेका छन् ।[१४]

कर्कप्याट्रिकले चित्लाङ्ग उपत्यकातर्फ आरू, ओखर, ऐंसेलु, किम्बूजस्ता फलफूलको उत्पादन राम्रो हुने कुराको पनि चर्चा गरेका छन् । यतिसम्म कि उनले चित्लाङ्गलाई हेरेर नेपालका यस्ता उपत्यकाहरूमा बेलायतमा उब्जनी हुन नसक्ने असलगुणका र जातका फलफूल तथा सागसब्जीको उत्पादन हुनसक्ने विचारसमेत व्यक्त गरेका छन् ।[१५]

इशाको तह्रौं शताब्दीमा नेपाल र उत्तर भारतको समेत भ्रमण गर्ने तिब्बतका प्रसिद्ध बौद्ध आचार्य भिक्षु धर्मस्वामी (छ्याग् लो-च व छो-जे-पल) ले नेपालका विहारहरूमा भिक्षुहरू दारिम (द-रिव) को अमिलो रस पिउने गर्दथे भनेर चर्चा गरेका छन् ।[१६] यस आधारबाट अनार दारिमजस्ता फलफूलको उब्जनी पनि उपत्यकामा हुन्थ्यो भनेर उल्लेख गर्न सकिन्छ । मध्यकालमा उपत्यकामा मकै, कोदो आदिको उत्पादन खास हुँदैनथ्यो । उपत्यकाको काँठ-काँठमा र सुख्खा ठाउँमा मात्र केही मात्रामा यस्ता बालीको उत्पादन हुन्थ्यो यसो भए तापनि उपत्यका बाहिर नुवाकोट, दोलखा भेक र बनेपा, पनौतीका पलाञ्चोकतर्फ भने यस्ता बालीको पनि उत्पादन हुन्थ्यो । मध्यकालमा आलुको खेती भएको उल्लेख कुनै पनि ऐतिहासिक कागजपत्रमा पाइएको छैन ।

ह्यामिल्टन र कर्कप्याट्रिकले आलुलाई उपत्यकामा भर्खरै बाहिरबाट भित्र्याइएको भनेर चर्चा गरेका छन्। कर्कप्याट्रिकले आलु बाहिरबाट ल्याएको तरकारी बाली हो र उपत्यकामा त्यसको उत्पादन भए तापनि बीउ भने बाहिरबाटै ल्याउनु पर्दछ भनेर चर्चा गरेका छन्। यसै प्रसङ्गमा उनले बन्दा, मटरकोसाजस्ता उत्पादन पनि त्यति सन्तोषजनक नभएको र सलगमलाई पनि तिब्बततर्फबाट ल्याएर भर्खरै जगाएको भनेर चर्चा गरेका छन्।[१७] यसै किसिमले ह्यामिल्टनले पनि उपत्यकाको मुख्य बाली धान नै भएको चर्चा गरेका छन्। उनले धानबाहेक पानी लाग्ने र चिसो ठाउँमा गहुँ, पानी नलाग्ने सुख्खा ठाउँमा घैयाजस्ता अन्नबालीको उत्पादन परम्परागत रूपमा भइआएको चर्चा गरेका छन्। उनले गहुँ नहुने ठाउँमा हिउँदे तरकारीको रूपमा गेडागुडी (बकुल्ला) मूला, केराउ, प्याज, अदुवा, गाजर, तिब्बती सिमी, उखू, तोरी आदिका साथै चमसुर, पालुङ्गो, पाछै, आदि सागसब्जीको उत्पादन हुने कुराको चर्चा गरेका छन्। यसैगरी ह्यामिल्टनले पानी नलाग्ने तर उब्जाउ ठाउँमा मकैको खेती गर्ने र मकैभित्र कालो भटमास र (मुस्या) मास, केराउ आदि दलहनको पनि उत्पादन गर्ने परम्परा भएको बारेमा चर्चा गरेका छन्।[१८] ह्यामिल्टनले पनि आलु खेतीका विषयमा कर्कप्याट्रिकको जस्तै विचार व्यक्त गरेका हुनाले र अन्यत्र अभिलेखिक स्रोतमा पनि आलुको उल्लेख नआएको हुँदा आलु खेती मल्लकालमा हुँदैनथ्यो र भएमा पनि ज्यादै अन्तिम समयदेखि मात्र खेती हुन थालेको हुनुपर्दछ।

मध्यकालको उत्तरार्द्धताका उपत्यकामा भ्रमण गर्ने इशाई पादरीहरूमध्ये पादरी डेसीडेरी (Father Desideri) को टिपोटले पनि त्यसबखतको नेपाल उपत्यकाको कृषि उत्पादनका विषयमा थप जानकारी दिएको छ। डेसीडेरीले नेपालमा ईशाको १७२२ को जनवरी महिनामा भ्रमण गरेका थिए र उनी १५ दिन बसेर यहाँको समाज संस्कृति, चालचलन, राजाप्रजाको रहनसहन बारेमा टिपोट गरेका थिए। कृषिउत्पादनको सन्दर्भमा डेसीडेरीले उपत्यकामा धान धेरै उब्जने साथ-साथै गहुँ, कोदो, उखू, तथा केराउ, भुइँकटर, कागती, सुन्तलाजस्ता फलफूल र तरकारीहरूको पनि उत्पादन हुन्थ्यो भनेर उल्लेख गरेका छन्।[१९] वास्तवमा ह्यामिल्टनले दिएको विस्तृत विवरणसँग डेसीडेरीको विवरण त्यति फरक छैन, खाली अधुरो मात्र छ तर ह्यामिल्टनले उपत्यकामा स्याउ, सुन्तलाको उब्जनी हुँदैन भनेका छन् भने डेसीडेरीले मध्यकालमा यहाँ उपत्यकामा सुन्तला फल्दथ्यो भनेर स्पष्ट उल्लेख गरेका छन्। यसैगरी पादरी लोरो (Father Loro) ले यहाँ के कस्ता खाद्यसामग्रीको उत्पादन हुन्थ्यो भन्ने विषयमा उल्लेख गरेका छन्। उनको टिपोटमा भनिएको छ "उपत्यका उब्जाउ छ, धान र ज़्यामीर निवुवा कागतीजस्ता फलफूल प्रशस्त हुन्छन् तर गहुँको

कमी नै छ । गहुँको जाँडरक्सी बनाउन बन्देज लगाईएको छ । तेल तोरीबाट बनाउँछन् तर यसको पनि त्यति प्रचुरता छैन । घिउ (नौनी) को अभाव छ, त्यसैले हामीले तोरीको तेल प्रयोग गर्‍यौं मानिसहरू आफ्नो पेय उखुबाट लिन्छन्..."[२०] यसरी फादर लोरोको पत्रबाट पनि नेपालमा मुख्य बाली धान नै भएको कुरा बुझिन्छ । उनले उपत्यकामा केही मात्रामा तोरीको उत्पादन हुने कुराको जुन उल्लेख गरेका छन् त्यसले माथि उल्लेख गरिएको "तैलपिण्ड' 'तेल' जस्ता ताडपत्रमा परेका उल्लेख र तेल उत्पादनको परम्परालाई अझ पुष्टि गरेको छ । अरू गहुँ, उखु, कागती, अमिलो-ज्यामिर आदिको त अरू सामग्रीमा पनि प्रशस्त चर्चा परेकै छ । मल्लकालका पाटनका एक प्रसिद्ध कवि कुनू शर्माले पनि उपत्यकामा थरी थरीका फलफूलको प्रशस्त मात्रामा उब्जनी हुन्छ र पाइन्छ भनेर उल्लेख गरेका छन् ।[२१]

मध्यकालमा उपत्यकाका शासकहरूको अधिकार उपत्यकाको चार भञ्ज्याङभित्र मात्र रहेको थिएन दोलखा, नुवाकोट, बनेपा, पनौति पलाञ्चोक भेकमा त कुनैकुनै बेला बाहेक मध्यकालभरि नै उपत्यकाका शासकहरूले अधिकार गरेका प्रमान पाइएका छन् । त्यसैले उपत्यकाको मध्यकालिक कृषिउत्पादनका विषयमा चर्चा गर्दा नुवाकोट, दोलखाजस्ता महत्त्वपूर्ण प्रदेशको कृषिउत्पादन, बालीनालीका बारेमा पनि चर्चा गर्नै पर्ने हुन्छ ।

दोलखा भेकमा पनि उपत्यका र आसपासमा जस्तै मुख्य बालीमा धानको नै पैदावार हुन्थ्यो । यसबाहेक पहाडी भूखण्ड भएको कारण मकै, कोदो साथै फापर, लसुन-प्याजजस्ता अन्न तथा तरकारीहरूको उत्पादन हुन्थ्यो । यस भेकमा उत्पादन हुने दलहनमा मुसुरोको खेती यस प्रसङ्गमा उल्लेखनीय छ ।[२२] दोलखा भेकमा माथि उल्लिखित अन्न तरकारीबाहेक केरा, सुन्तला र कागतीजस्ता फलफूलको पनि उत्पादन परम्परागत रूपमा मध्यकालदेखि नै भइरहेको जानकारी पाइएको छ ।[२३] दोलखा भेकका जनताहरूले उपभोग गरिआएका तामाकोशीको किनाराका उब्जाउ भूभागमा उहिलेदेखि नै राम्रो उत्पादन हुन्थ्यो ।

यस्तै किसिमले नुवाकोट भेकमा पनि अन्न तथा फलफूलको उत्पादन राम्रो हुन्थ्यो । यस भेकमा त्रिशूली नदी सिंचाइका दृष्टिले उपयोगी नभए तापनि तादी उपत्यकाको जग्गा भने सिञ्चाइ सुविधालेयुक्त अत्यन्त उब्जाउ थियो । नुवाकोट भेकमा पनि विशेष गरेर धान, गहुँ, जौ आदि अन्नको उत्पादन हुन्थ्यो, तर तादीको किनार बाहेकका माझीटार वट्टार, विदुर आदि समथर टारहरूमा भने मध्यकालदेखि नै कुनै सिञ्चाइको व्यवस्था भएको उल्लेख पाइएको छैन । कर्कप्याट्रिकले पनि यस भेकमा सिंचाइको अभावलाई संकेत गरेका छन् ।[२४] यसै सन्दर्भमा कर्कप्याट्रिकले तादी उपत्यकामा सिञ्चाइको

समस्या नभए तापनि वर्षाद्को बाढीले गर्दा क्षतिग्रस्त भइरहने कुराको पनि चर्चा गरेका छन् ।[२५] उनको अध्ययनमा नुवाकोट भेकमा उत्पादन हुने अन्न 'जीरासेरा' नामक धान उत्तम मानिएको उल्लेख पाइएको छ ।[२६]

नुवाकोट भेकमा उत्पादन हुने कृषिउपजहरूमा फलफूल खेती पनि मध्यकालदेखि नै महत्त्वपूर्ण रहेको देखिन्छ । यस प्रदेशमा आँप, अम्बा, कटहर आदि फलफूलको खेती नै लगाईएको थियो । यस भेकको आँप उपत्यका सम्म आइपुग्थ्यो र त्यहाँका आँपले उहिलेउहिले काठमाडौं उपत्यकामा प्रसिद्धि पनि पाएको थियो । खासगरी नुवाकोट गडखारका आँपको प्रसिद्धि त्यसबेला धेरै थियो । नुवाकोटको श्री ५ पृथ्वीनारायण शाहको सेरा दरबारको अभिलेखमा पनि त्यहाँको आँप बगैँचाको उल्लेख परेको छ ।[२७] नुवाकोट भेकका मध्यकालदेखिका नौवटा फलफूल बगैँचा १/२ पुस्ता अगाडिसम्म पनि प्रसिद्ध भएको जानकारी पाइएको छ ।[२८]

नुवाकोट भेकमा धान, गहुँ, जौ र माथि उल्लिखित फलफूलबाहेक दोलखामाजस्तै मकै, कोदोको पनि उब्जनी पहिलेदेखि नै हुन्थ्यो । धानमा कर्कप्याट्रिकले चर्चा गरेको बाहेक ऐतिहासिक अभिलेखहरूमा मार्सी धानको पनि चर्चा परेको छ ।[२९] त्यस भेकमा प्राप्त अभिलेखहरूमा खेतको कूतको विषयमा उल्लेख हुँदा प्राय: धानको नै उल्लेख परेको छ । यसबाहेक नुवाकोट प्रदेशमा उत्पादित पिँडालु,[३०] मास, वदाम आदि स्वादिष्ट हुन्छ भन्ने विश्वास उपत्यकामा अहिले पनि रहेको पाइएको छ । ऊखुको उत्पादन गरी सख्खर बनाउने र अदुवाको समेत खेती गर्ने परम्परा पनि यस भेकमा चलेको थियो । नुवाकोट भिल्टुङ्तिरको एक प्रदेशले 'अदुवावारी' भन्ने विशेषण नै पाएको कुरा अभिलेखमा उल्लिखित छ ।[३१]

माथि उल्लिखित तथ्यबाहेक प्रसिद्ध गोपालराजवंशावलीमा नै पनि मध्यकालको सुरुवातदेखि नै कृषिउत्पादन, बालीनाली, कृषक व्यवसायी आदिको विषयमा चर्चा परेको छ । जस्तो ने.सं. २३९ (वि.सं. ११७६) ताका "आधा दाम दस्तूर पण' मुद्रामा तिर्ने कृषकहरूले पोखरी खनेका बखत पुरै १ दाम पणमा दस्तूर तिर्नुपर्‍यो" भन्ने चर्चा परेको छ ।[३२] यस्तै किसिमले कहिले अतिवर्षा, कहिले खडेरी, कहिले असिना, कहिले सलहको प्रकोपजस्ता कारणले अन्नबाली नउब्जिएर अनिकाल, दुर्भिक्ष भएका उदाहरण गोपालराजवंशावलीमा धेरै ठाउँमा पाइएको चर्चा माथि पनि गरियो । त्यसैले माथि उल्लेख गरिएका जस्ता बालीनालीको उल्लेख गोपालराजवंशावलीमा पनि ठाउँठाउँमा परेको छ । जस्तो- धान्य (धान), तण्डुल (चामल), दाल, भटमास, गहुँ, आँप, सुन्तलाजस्ता फलफूलको चर्चा गोपालराजवंशावलीमा स्पष्टै देखिन्छ ।[३३]

कृषि उत्पादनको विषयमा उल्लेख गर्ने क्रममा अन्त्यमा कर्कप्याट्रिकले बताएको उपत्यकाको भूमिको कृषिउत्पादकत्वका विषयमा पनि थोरै चर्चा गर्नु सान्दर्भिक हुन्छ । उनका अनुसार उपत्यकामा बीउ जति लाग्दछ त्यसको २० देखि ३० दोब्बरसम्म अन्न उब्जन्थ्यो । कर्कप्याट्रिकले काठमाडौं उपत्यकामा परम्परागत रूपमा चलिआएको १ मुठी बीउको १ मुरी अन्न फल्ने कहावटलाई पनि आफ्नो टिपोटमा समेटेका छन् । यसै आधारलाई भनेर उनले सबैभन्दा राम्रो जग्गा त्यसैलाई मानेका छन् । यसका साथसाथै उनले राम्रा जग्गामा वर्षमा २ बाली लगाउने परम्परा भएको पनि चर्चा गरेका छन् ।[३४] त्यस्तै वि.सं. १८५८ मा नेपाल भ्रमण गर्ने ह्यामिल्टनले २५ रोपनी जग्गामा १०० मुरी धान उब्जन्थ्यो भनेर उल्लेख गरेका छन् ।[३५]

३.२ सिंचाइव्यवस्था

प्राचीनकालदेखि नै यहाँ सिचाँइका निमित्त राजाप्रजा दुवै थरीको ध्यान जान्थ्यो । त्यसै अनुरूप त्यसबखत यहाँ अनेक स्थानीय ससाना सिंचाइ कुलोका अतिरिक्त राजकुलोहरूको समेत निर्माण भएको थियो । यस्ता उल्लेखनीय राजकुलोहरूलाई प्राचीन अभिलेखमा 'तिलमक' को रूपमा ठाउँठाउँमा उल्लेख भएको पाइन्छ ।[३६] यस्ता राजकुलोहरूको पानी प्रयोग गर्ने र त्यसको दस्तुर तथा स्याहारसम्भारको व्यवस्थाका निमित्त राज्य तथा ग्रामपान्चालीको तर्फबाट समुचित नियमहरू बनाइएका हुन्थ्यो ।[३७]

यस्तो सिचाँइसम्बन्धी व्यवस्था मध्यकालमा पनि कायमै रह्यो । यसकालमा पनि सिचाँइ कुलो निर्माण गर्न र त्यसको स्याहार-सम्भार गर्न राजा-प्रजा दुवैको विशेष ध्यान जान्थ्यो । स्थिति मल्लका पालामा लेखिएको नेवारी अनुवाद सहितको अमरकोशमा कुलोको अर्थ गर्दा 'तिलमक' कै रूपमा गरिएको पाइएको छ । यसो हुनाले प्राचीनकालका र नयाँ बनेका सिचाँइ कुलोहरू मध्यकालमा यत्रतत्र थिए र कुलोको पुरानो नाम 'तिलमक' पनि पूरै हराइ सकेको थिएन भन्ने बुझिन्छ । लिच्छविकालमा राजकुलो (तिलमक) हरूको निर्माण तथा व्यवस्थासम्म गरेको उदाहरण अभिलेखहरूबाट थाहा भए तापनि खोलामै बाँध बाँध्नेजस्ता अझ महत्त्वपूर्ण काम भने भएका प्रमान पाइएको छैनन् । मध्यकालमा भने पूर्वार्द्ध युगमै ने.सं. २४० (वि.सं. ११७७) तिर राजा शिवदेवले कीर्तिपुर नजिकैको बल्खु खोलामा बाँध बाँध्न लगाई कीर्तिपुर शहरका बासिन्दाहरूको जीवनस्तरमा वृद्धि गर्न कृषिउत्पादन बढाउने व्यवस्था गरेका थिए ।[३८] यसै गरी पानीको व्यवस्थाका निमित्त धारा, पोखरी, कुवा आदिको निर्माण गरेर टाढाटाढादेखि पानी ल्याएर जमाई पानी सञ्चय गर्ने गरेका उदाहरण मध्यकालको सुरुदेखि नै प्रशस्त पाइएका छन् । यिनै राजा

शिवदेवबाटै पनि अनेकौं ढुङ्गेधारा पोखरी, कुवाहरू बनाएका र त्यसैवेला उनका छोरा युवराज महेन्द्रदेवले 'योधं' भन्ने ठाउँमा 'महेन्द्रसर' नामक ठूलो पोखरी बनाएको चर्चा पनि गोपाल वंशावलीमा परेको छ ।[३९] गोपालवंशावलीबाहेक त्यस बखतका ताडपत्र, हस्तलिखित ग्रन्थका पुष्पिका, शिलालेख, ताम्रपत्र आदिमा पनि जलद्रोणी, पोखरी आदि प्रशस्त निर्माण भएका उदाहरण पाइएका छन् । मध्यकालका पूर्वार्द्धका यस्ता अभिलेखिक स्रोतहरूमा कहीं मूर्ति स्थापना गरेका, कहीँ देवमन्दिर या विहार निर्माण गरेका र कहीँ यस्तै धारा, पोखरी बनाएका उदाहरण नै बढी मात्रामा पाइएका छन् । उदाहरणका निमित्त ने.सं. १५९ (वि.सं. १०९६) को पाटन जलद्रोणीको अभिलेख, ने.सं. २२२ (वि.सं. ११५९) को देवगुप्तले जलद्रोणी बनाइराखेको अभिलेख, ने.सं. २५९ (वि.सं. ११५९) को काठमाडौं ब्रह्मटोलको जलद्रोणी बनाइराखेको अभिलेख (जसमा नदीबाट पानी ल्याएर धारा बनाएको चर्चा छ), ने.सं. २९१ (वि.सं. १२०७) को पाटन कुम्भेश्वरमा जलद्रोणी बनाइराखेको अभिलेख (जसमा अनावृष्टिको बेला जलद्रोणी बनाएको र जलाशयको रूपमा पोखरी बनाएको समेत चर्चा छ) र ने.सं. २९२ (वि.सं. १२०८) को पाटन वलटोलको जलद्रोणीको रुद्रदेवको शासनकालको जयचन्द्रको अभिलेख आदिलाई लिन सकिन्छ ।[४०] कुलोबाट पानी ल्याएर सुवर्ण प्रणाली (सुनधारा) तथा पोखरी बनाई दान गरेको उल्लेख समेत पाइएको छ । जुन काम रुद्रवर्ण विहारका शाक्य भिक्षु धर्म सिंहले ने.सं. ६६७ (वि.सं. १६०४) मा गरेका थिए ।[४१] यस्ता सुवर्ण प्रणाली धारा पोखरी कुवा आदि खानेपानी तथा सिंचाइ दुवै कामका निमित्त बन्दथे । टाढाटाढाबाट कुलो बनाइ पानी ल्याउँदा केही बस्तीबस्तीमा खानेपानीका निमित्त र केही खेतीका निमित्त प्रयोग गर्ने परम्परा पनि मध्यकालमा प्रचलित थियो ।[४२]

अभिलेख तथा वंशावलीहरूमा नयाँ कुलो बनाएका तथा पुराना कुलोहरूको जीर्णोद्धार गरिएका पनि उदाहरण भेटिएक छन् । गोपालवंशावलीमा राजा स्थिति मल्लको शासनकालमा ने.सं. ५०० (वि.सं. १४३७) मा भक्तपुर यिथिनिमम् राजदरबार इलाकामा आउने १२ धाराको पानीको कुलो बिग्रिई पानी आउन बन्द भएकोले उक्त पानीको मुहान र कुलोको मर्मत गरेर पानी आउने बनाएको चर्चा छ ।[४३] यस आधारबाट उक्त भक्तपुर भेकमा आउने पानीको कुलो स्थिति मल्लभन्दा अघिदेखि नै चलिरहेको थियो भन्ने बुझिन्छ । यसै सिलसिलामा गोपालवंशावलीमा यसै वर्ष स्थिति मल्लले 'यटपाट' भन्ने ठाउँमा अर्को नयाँ विशाल कुलो बनाएको चर्चा परेको छ । उक्त कुलो बनाउन, भक्तपुरका सारा प्रजाहरूले श्रमदान गर्दा १५ दिन लागेको र कुलो निर्माण कार्य सकेको खुसियालीमा राजाको तर्फबाट ठूलो तयारीका साथ भव्य भोज खुवाएको वर्णन गोपालवंशावलीमा परेको छ । उक्त कुलोको महत्त्व र त्यसप्रति

राजा प्रजाले कति दिलोज्यान दिएका थिए भन्ने कुरा गोपालवशावंलीमा वर्णित उक्त खुसियालीको भोजको भव्यताले देखाउने हुनाले गोपालवंशावलीको उक्त वर्णनको अनुवादलाई यहाँ समावेश गर्नु प्रासङ्गिक देखिन्छ –

> "यस साल (वि.सं. १४३७) यटपाटको ठूलो कुलो बनाइयो, सो कुलो १५ दिनभित्र बनाई सिध्याइएको हो । यस खुसियालीमा प्रजाहरूलाई भोज खुवाइयो । चनिगल देशभरिको अनुरोधमा श्री उपाध्याय (राजगुरुज्यू) ठाकुर (राजपरिवार) ले समेत भोजको अभिभारा बोक्न स्वीकार गरे । जाँड २२० घडा, राङ्गा तीनवटा, चामल, चिउरा, तेल, नून, दाल, घुलंकशी, पतलि (?) र दाउराको समेत बन्दोबस्त गरियो । प्रत्येक टोल, प्रत्येक ग्राम र ठिमीसम्म यटपाटका समस्त मानिसहरूको गणना गरी, प्रतिव्यक्ति चामल डेढ कुरुवा, दाल, भटमास, वाफल (?) १, नून, तेल, वेसार, मासु, जाँड आदि सबै मिलाई सन्तुष्ट हुने गरी भोज खुवाइयो । श्री श्री जयस्थिति राजमल्लदेव आउनुभयो । प्रधान शिष्ट देवब्राह्मण आदि सारा बोलाइएका थिए । एउटा राङ्गो, चामल ३०० पाथी, दही २०० कहतारा, चिउरा १०० पाथी, यति अनुसारको भाग ज्योति कस्त भाले राखेका थिए, सुवारलाई भान्छे बनाइएको थियो, ब्राह्मणहरूलाई पनि खुवाइएको थियो । तीनै ठाकुर (राजकुमार) हरूलाई पनि खुवाइएको थियो । सारालाई आनन्द भयो ।"[४]

गोपालवंशावलीको यस उल्लेखले तिनताका सारा प्रजाहरूले प्रयोग गर्ने ठूल्ठूला राजकुलोको निर्माण हुँदा राष्ट्रिय उत्सवकै रूपमा भव्य भोजसहित राजा, प्रजा तथा भारदारहरू समेत मिलेर मनोरन्जनात्मक पर्व मनाउने परम्परा चलेको थियो भन्ने कुरा स्पष्ट पारेको छ । गोपालवंशावलीजस्तो राज्यका महत्त्वपूर्ण घटनाहरूलाई मात्र ज्यादै सङ्क्षेपमा टिपोट गरिएको अभिलेखमा यस 'यटपाट' क्षेत्रले प्रयोग गर्ने राजकुलोको विषयमा त्यति विस्तारपूर्वक उल्लेख गरेबाटै पनि कुलोको आवश्यकता र महत्त्व तथा कुलोबाट पानी चलेपछिको जन सन्तोष कति हुन्थ्यो भन्ने कुरामा स्पष्ट हुन्छ ।

यहाँ उल्लिखित यटपाटको कुलो र त्यसको निर्माणपछिको भोजको वर्णनको क्रममा भक्तपुर भेकमा यसभन्दा पहिले अर्को, एउटा 'भ्यालंखा नामक कुलो भएको प्रसङ्ग पनि गोपाल वंशावलीमा परेको छ, किनकि यटपाटको उक्त कुलो निर्माण र त्यसपछिको भोजको उत्सवको सम्पूर्ण प्रबन्ध मिलाउने व्यक्तिहरू र राजाबाट आदेश गराउने व्यक्तिहरूको चर्चाको क्रममा "भ्यालंखा कुलोका जयत मूलमी" को पनि चर्चा त्यहाँ परेको छ ।[४६] यटपाटको उक्त

राजकुलोको निर्माण भएको ठीक १ वर्षपछि ने.सं. ५०१ (वि.सं १४३८) जेष्ठ महिनामा राजा स्थिति मल्लले यस भ्यालंखा कुलोको बन्दोबस्त गरिदिएको पनि गोपालवंशावलीमा उल्लेख परेको छ । त्यहाँ उक्त कुलो (भ्यालंखा) को पानीको निमित्त दस्तुर मूल्यको रूपमा पानीको प्रयोग गर्ने जनताहरूबाट १२०० पाथी धान उठाएर उक्त एकमुष्ट धान उठाइसकेपछि राजा स्थिति मल्लले सदाका निमित्त उक्त कुलोको पात्ती बापतको दस्तुर तिर्नु नपर्ने निगाह गरिदिएको कुराको समेत स्पष्ट रूपमा उल्लेख भएको छ ।[४७] यस तथ्यबाट राजकुलोहरूको हेरविचार, स्याहारसम्भारका निमित्त त्यस बेला कोषसमेत राखिन्थ्यो भन्ने जानकारी मिल्दछ । ने.सं. २६७ (वि.सं. १२०३) ने.सं. २८७ (वि.सं. १२२३) को बीचमा शासन गर्ने एक सुधारक राजा आनन्ददेवले भक्तपुर राजधानीमा त्रिपुरसहितको राजकुल (राजदरबार) बनाएर त्यस दरबारको नजिकै सुन्धारा (सुवर्णप्रणाली) बनाएको चर्चा गोपालवंशावलीमा परेको छ ।[४८] भक्तपुरमा यस्ता धाराहरू बनाउँदा टाढाटाढादेखि पहाडको फेदबाट कुलो र नाली बनाएर पानी ल्याउने परम्परा भएको हुनाले त्यस बेलादेखि वा त्यसभन्दा अघिदेखि नै त्यस भेकमा राजकुलोहरू भएको संकेत मिल्दछ । जस्तो भर्खरै चर्चा गरिएका राजा स्थिति मल्लद्वारा मर्मत गराइएका यिथिनिमम् राजदरबार क्षेत्रका १२ धाराको मुहान र कुलो र पछि राजा जितामित्र मल्लको शासनकालमा बनेको थंथुदरबार भित्रको सुवर्णधाराको पानीको मुहान र कुलोको चर्चाले माथि उल्लिखित कुरालाई पुष्टि गरेको छ ।

मल्लकालमा यस्ता कुलो निर्माण र कुलोको पानीको प्रयोग गर्ने र त्यसको निमित्त श्रमदान तथा दस्तुर आदिको व्यवस्था गरिएका अन्य प्रमानहरू पाइएका छन् । जस्तो ने.सं. ७९७ (वि.सं. १७३४) को फर्पिङमा प्राप्त प्रमान (मुख्यमंत्री) भगीरथ भैयाको अभिलेखमा कुलोको पानी प्रयोग गर्ने सबै मिलेर कुलो मर्मत र सफाइ गर्न अनिवार्य रूपमा श्रमदान दिन जानुपर्ने कुराको उल्लेख छ ।[४९] ने.सं. ७५९ को एक ताडपत्रमा पनि पाटन भेकको एक सिंचाइ कुलोको उल्लेख परेको छ ।[५०]

पाटनका राजा श्रीनिवास मल्लका प्रमान यिनै भगीरथ भैयाकै ने.सं. ८०१ (वि.सं. १७३) को चोभारमा प्राप्त अर्को एक अभिलेखमा पनि सिंचाइ कुलोको चर्चा परेको छ ।[५१] त्यस अभिलेखमा आदिनाथ स्नान गराउनका निमित्त राखिएको 'थसिगाव' भन्ने खेतको सिंचाइका निमित्त एउटा कुलो खनिएको र त्यसको व्यवस्थाका निमित्त प्रमान भगीरथ भैयाले व्यवस्था बाँधिदिएका थिए । बाँधिएको व्यवस्थामा उक्त कुलोबाट र कुलोसँगैको घाट भएको ठाउँबाट कृषकहरूलाई कालिमाटी झिक्न बन्धेज गरिएको थियो ।[५२] यस्तै श्रीनिवास मल्लको फर्पिङमा प्राप्त एउटा अभिलेखमा पनि त्यस भेकको एउटा कुलोको

उल्लेख परेको छ । त्यहाँ मूल कुलोबाट २ थरी गाउँलेले बराबर पानी बाँडेर २ शाखा कुलोबाट आआफ्नो क्षेत्रमा सिंचाइ गर्ने आदेश दिइएको देखिन्छ ।[५३] मल्लकालको सिंचाइ व्यवस्थाका बारेमा अध्ययन गर्ने क्रममा भक्तपुरका राजा जितामित्र मल्लले पुनः निर्माण गराएको राजकुलो र त्यसको व्यवस्थाका बारेमा चर्चा नगरी खानेपानी र सिंचाइ कुलोकोमल्लकालको व्यवस्था बारेमा राम्रो जानकारी पाउन सकिँदैन । त्यसै हुनाले महादेव पोखरीको फेदिदेखि भक्तपुरको बस्ती तथा त्यस भेकका जग्गालाई सिंचाइ गर्ने जितामित्रमल्लको शासनकालमा मरम्मत भएको यस कुलोको बारेमा चर्चा गर्नु यहाँ अनिवार्य भएको छ ।

भक्तपुरमा राजा जितामित्रमल्लभन्दा ५ शताब्दी अगाडिदेखि नै राजकुलो भएको संकेतका विषयमा माथि भर्खरै चर्चा गरियो । वि.सं. १४३७-३८ अर्थात् जितामित्रले राजकुलोको स्थिति बाँध्नु भन्दा पूरा ३ शताब्दी पहिले भने त्यहाँ राजकुलो भएको स्पष्ट प्रमान नै पाइएको चर्चा पनि माथि गरियो । त्यसैले वि.सं. १७४० मा जितामित्र मल्लले राजकुलोको स्थिति बन्धेज बाँधि दिएको र वि.सं. १४३५ मा थंथु दरबार बनाएर त्यस दरबारभित्र बनाएको सुन्धारामा राजकुलोको पानी ल्याइएको भए तापनि उक्त राजकुलो जितामित्रले नै पहिलोपल्ट निर्माण गरेको हो भन्न नसकिने अवस्था छ तर राजकुलोको पानीले चलेका धाराहरूमध्ये मुख्य धारा मानिएको सुन्धारा जितामित्रले बनाएको प्रमानको आधारमा त्यस धारामा आउने पानीको कुलो पनि उनै जितामित्रद्वारा बनाइएको हो कि भनेर पनि केही अन्वेषकले अनुमान गरेका छन् ।[५४] भक्तपुरमा जितामित्रको समयमा थंथु दरबार बनेर त्यसभित्र बगैंचा र सुन्धारा उनले बनाई उक्त सुन्धाराले प्रसिद्धि पाए तापनि त्यसभन्दा अघि आनन्द मल्लकै समयमा पनि त्रिपुर सहितको राजकुल (दरबार) निर्माण गराई दरबारभित्र सुन्धारा समेत बनाएका थिए भन्ने विषयमा सप्रमान माथि उल्लेख गरियो । त्यस्तै स्थिति मल्लको समयभन्दा पहिले नै भक्तपुरमा शहरभरि १२ वटा प्रमुख धाराहरू थिए र ती धाराको पानी पनि बाहिरबाट कुलोको माध्यमबाटै ल्याइएको थियो भन्ने विषयमा पनि सप्रमान चर्चा गरियो । त्यसै हुनाले भक्तपुरका २/३ वटा राजकुलोहरू राजा जितामित्रमल्लभन्दा अगाडिदेखि विद्यमान थिए तर कुलोको व्यवस्था भने प्राप्त स्रोतहरूमध्ये राजा जितामित्र मल्लद्वारा गरिएको व्यवस्था नै दरो र विस्तृत भएको बुझिएको छ । राजा जितामित्र मल्लले खाने र सिंचाइका निमित्त प्रयोग हुने पानीको स्रोतको रूपमा रहेको मुख्य राजकुलोको विषयमा र अन्य कुलो-पानीका विषयमा बारम्बार झमेला उठेको कारण ने.सं. ८०३ (वि.सं. १७४०) मा कुलोसम्बन्धी बन्धेज बाँधी प्रजाहरूलाई सम्बोधन गरेर एक सनद रूपको शिलालेख लेखाएका थिए ।

उक्त अभिलेख स्पष्ट होस् भनेर संस्कृत तथा नेवारी दुवै भाषामा लेखाइएको थियो । उक्त अभिलेखको व्यहोरा यहाँ उल्लेख गर्दा नै सिंचाइ कुलोको मल्लकालिक स्थितिको राम्रो जानकारी हुने हुँदा अभिलेखको मूल व्यहोराको अनुवाद यहाँ उल्लेख गरिन्छ ।

> "ॐ कल्याण होस् । श्री श्री श्री भवानीलाई नमस्कार छ । देवल, पाटी बनाएको कामबाट प्रसन्न हुनुभएका श्री श्री सुमति जयजितामित्र मल्लदेवले, ढलपाहरूले ढलको (कुलाको) विषयमा कचिंगल उठाइरहने हुँदा प्रजाउपर निगाह गरी यो बरबन्धेज बाँध्नु भयो । यसबाट खेतमा पानी लाउनु पर्ने सबैले रोपनीका २ जव (आधादाम) का दरले पैसा दिनुपर्छ । कुलो बनाउन सबैले जानु पर्दछ । चाडवाड नपरेका दिन कुलो बनाउन जानेले बेलैमा (सवेरै) गएर दिनभर मेहनतसँग (जाँगरपूर्वक) काम गर्नु पर्दछ । कुलो बनाउन (मर्मत गर्न आएका मानिसलाई काम गरेपछि मुदि-मुद्रा (काम गरेको निस्सा छाप) दिनु पर्दछ । कुलो बनाउन गएन भने नजानेसँग ३ द्रम्म बरि – (बलि खण्ड) गरी लिनू । यसभन्दा बढी लिन पाइँदैन । दंदु–दण्डको बलले दाम उठाएर लिन पाइन्न । दण्डद्वारा दाउरा लिन पाइन्न, काम लगाउन पाइन्न । कुलाको पानी लगाउँदा फलानालाई भनी मुख हेरी कसैलाई दिन पाइन्न । ठूलालाई भएपनि सानालाई भएपनि पालैसँग दिनुपर्छ । यस नियमको पालना गरेनन् भने श्री श्री राजाले विचार गर्नु पर्दछ । जसलाई यस कामको अधिकार दिइएको हुन्छ, त्यही भारदारले विचार गर्नुपर्छ । यसमा ढलपाले कचिंगल उठाएमा ६ रूपैयाँ राजदण्ड गर्नु पर्दछ । यसमा लेखिएबमोजिम गरेमा इश्वरी (तलेजु) को सुदृष्टि पर्नेछ, गरेनन् भने कुदृष्टि पर्नेछ ।"

यस अभिलेखमा भएको उल्लेखका आधारमामल्लकालमा सिंचाइको कस्तो व्यवस्था थियो र पानी वितरण तथा कुलोको रक्षाका निमित्त कतिको ध्यान दिइन्थ्यो भन्ने बारेमा राम्रो जानकारी भएको छ । जसअनुसार सिंचाइ कुलो आदि हेर्ने बेग्लै प्रशासनिक व्यवस्था मल्लकालमा थियो भनेर उल्लेख गर्न पनि सकिन्छ । सिंचाइ कुलो हेर्ने अधिकारीहरूलाई त्यस बेला ढलपा भनिन्थ्यो । ढलपाहरू मार्फत सरकारले कुलोको पानी प्रयोग गर्ने प्रजाहरूबाट कुलोको दस्तुर उठाउँथ्यो तर त्यस्तो दस्तूर साधारण हुन्थ्यो । त्यसबाहेक वर्षमा १ दिन प्रत्येक कुलोको पानीको प्रयोग गर्ने घरले बिहानदेखि बेलुकी साँझसम्म पूरा

काम गर्ने गरी झाराको रूपमा श्रमदान तिर्नु पर्दथ्यो । यस्तो श्रमदानलाई बडो निगरानी साथ हेरिन्थ्यो र श्रमदान नगर्नेलाई दण्ड कडा थियो (३ दाम) । पानीका अधिकारीले पक्षपात गर्ने वा सेवासुविधा जनताबाट उठाउने काम गर्लान् भनेर विशेष ध्यान दिइन्थ्यो । पानी मुहान नजिकको खेतको क्रमअनुरूप प्रयोग गर्न ढलपा (पानी अधिकृत) ले दिनुपर्दथ्यो । पानीको वितरणमा अत्यन्त राम्रो न्याय हुन्थ्यो भेदभाव गर्न पाइँदैनथ्यो । यस्तो व्यवस्थामा ढलपाले राम्रोसँग काम नगरेमा राजाकहाँ वा ढलपा भन्दा माथिका प्रमान भारदारहरू कहाँ जनताले उजुर गर्न पाउँदथे । ढलपाहरूले पक्षपात वा मुलाहिजा गरी कचिंगल उठाएमा अत्यन्त चर्को दण्ड (६ रूपैयाँ) लाग्दथ्यो । त्यस्तै गरेर तोकिएको बाहेक बढी दण्ड पनि कसैलाई गर्न नपाइने समेत बन्धेज बाँधिएको कुरा यस अभिलेखबाट स्पष्ट रूपमा बुझिएको छ । यतिमात्र नभएर ठूलठूला कुलाका मुहानमा बाढी वा अन्य कारणले कुलाको मुहान बिग्रिइरहने हुँदा जनताको श्रमदान तथा साधारण दस्तुर रकमले मात्र निर्माण कार्य हुन सम्भव नहुनु स्वाभाविकै हो । त्यस्तो कामका निमित्त मल्ल राजाहरूले स्थायी सम्पत्तिको रूपमा जग्गा गुठी राखिदिने परम्परा पनि थियो । जस्तो वि.सं. १७४५ मा राजा जितामित्र मल्लले भक्तपुरको राजकुलोको मुहानको रक्षाका निमित्त असल जग्गा १० रोपनी गुठी राखिदिएका थिए ।[५६] यस कुलोको जीर्णोद्धार गर्ने काम पछिका मल्लराजाहरूबाट तथा शाहकालसम्म नै भइरहेका प्रमान पाइएका छन् । जस्तो राजा जितामित्र पछि उनका छोरा भूपतीन्द्र मल्लबाट वि.सं. १७६० मा त्यस कुलाको जीर्णोद्धार भएको थियो र पछि रणबहादुर शाहका पालामा वि.सं. १८७५ मा त्यस कुलोको दायाँबायाँ जमिनको चौरमा चपरी नकाट्नु र त्यहाँ गाई-भैंसी समेत नचराउनु भन्ने महाराजाधिराजबाट काजी भीमसेन थापा मार्फत् लालमोहर भएको र त्यस बेला पनि जीर्णोद्धार गरिएको थियो । त्यसपछि वि.सं. १९१२ मा परम्परागत दरबन्दीमा राखिएका त्यस कुलोको हेरविचार गर्ने ६ जना ढलपाले नपुगेर अरू ३ जनाको दरबन्दी थपिएको सालमा फेरि राणा प्रधानमन्त्री (प्राइममिनिष्टर) जुद्धशमशेरबाट जीर्णोद्धारको काम गराइएको व्यहोरा जुद्धशमशेरकै उक्त मितिको ताम्रपत्रबाट स्पष्ट हुन आएको छ ।[५७] यस ताम्रपत्रमा "यो राजकुलो वि.सं. १७३५ मा राजा जितामित्र मल्लद्वारा निर्माण गराएर ढुङ्गेधाराहरू चलाउनु भयो" भन्ने व्यहोरा लेखिएको भए तापनि भक्तपुरका धाराहरू त्यस अघि पनि चलेको तथ्यबारे माथि नै उल्लेख गरिसकियो ।

सिंचाइ कुलोको प्रसङ्गमा राजा प्रताप मल्लद्वारा निर्माण गराइएको शिवपुरीको फेदीदेखि ल्याइएको कुलोको पनि चर्चा आउँछ । यस कुलोले काठमाडौंका उत्तरी भागका जग्गाजमिनहरू सिंचित हुने कुरा समेत

इतिहासकारहरूले व्यक्त गरेका छन् ।[५८] प्रताप मल्लले निर्माण गर्न लगाएको यस कुलोको ठाउँठाउँमा अवशेषहरू अझै पाइन्छन् भन्ने जानकारी डि.आर. रेग्मीले प्रस्तुत गरेका छन् ।[५९] गत दशकमा टंगालको दूरसञ्चार भवनको निर्माणका निमित्त जग खन्ने क्रममा पनि यस ढलको अवशेष भेट्टाइएको चर्चा सुन्नमा आएको थियो । भाषावंशावलीमा पनि प्रताप मल्लले खनाएको कुलोको चर्चा परेको छ ।[६०] त्यहाँ शिवपुरीदेखि कुलो बनाई पानी ल्याउँदा परेको कठिनाइ र राजाले पानी नपुर्‍याई नछाड्ने गरेको प्रतिज्ञाको समेतको बडो रोचक ढङ्गले प्रस्तुत गरिएको छ ।[६१]

धुलिखेलमा पनिमल्लकालमा एक प्रसिद्ध राजकुलो थियो । उक्त राजकुलोको खानेपानी र सिंचाइ दुवै कामका निम्ति प्रयोग गरिन्थ्यो । त्यस्तै गरेर त्यस भेकमा सिंचाइका निमित्त अनेकौं पोखरी (पुखु) हरू बनाइएका थिए ।[६२]

उपर्युक्त बाहेक उपत्यका र आसपासमा ऐतिहासिक सामग्रीमा उल्लेख नभएका तर परम्परागत रूपमा चलिआएका नहरकुलोका अवशेषहरू अझै पनि पाइन्छन् । कतिपय ठाउँका नाउँ नै मध्यकालीन कुलोबाट भएका पनि उदाहरण यहाँ छन् । जस्तो घट्टेकुलो । सिंचाइकुलोहरूमा बीचबीचमा यस्ता पानीघट्टहरू समेतको स्थापना गरेर पानीको सदुपयोग गर्ने परम्परा मध्यकालदेखि नै प्रचलित थियो।[६३] यस विषयमा मल्लहरूको पतन र गोरखाको विजयभन्दा करिब २ दशकमात्र पछि नेपालभ्रमण गर्ने एफ.वी. ह्यामिल्टनले पनि विस्तारपूर्वक चर्चा गरेका छन् । ह्यामिल्टनका अनुसार नेपाल उपत्यकामा ठाउँठाउँमा धेरै पानीघट्टहरू चल्दथे ।[६४]

यस्तै किसिमले स्थानीय रूपमा जनताले बनाएका तर राजाका तर्फबाट कुनै आर्थिक वा अन्य सहयोग नभएका सिंचाइ कुलोहरू पनि हुन्थे । कहींकहीं प्राकृतिक जलकुण्ड वा पोखरीहरूबाट पनि कुलो बनाएर वरिपरिका जग्गामा सिंचाइ गर्ने परम्परा पनि मध्यकालमा भएको जानकारी पाइएको छ । कपुचीन पादरीहरूले वर्णन गरेअनुरूप काठमाडौंको टौदह आसपासका कृषकहरू यस्तो सिंचाइको व्यवस्था 'टौदह' को पोखरीबाट कुलो बनाएर गर्ने गर्दथे ।[६५] तहाचल पोखरीबाट पनि स्थानीय मानिसहरूले त्यसैगरी वरिपरिका जग्गामा सिंचाइ गर्ने परम्परा भएको कुरा डि.आर. रेग्मीले उल्लेख गरेका छन् ।[६६]

यी माथि उल्लिखित उदाहरणहरू त उपत्यका भित्रका मात्र हुन् । उपत्यकाका केन्द्रीय शासन तथा तीनवटै राज्य अन्तर्गत उपत्यका नजिकका पूर्वपश्चिमका केही भूभागहरू पर्दथे भनेर माथि ऐतिहासिक पृष्ठभूमि अन्तर्गत चर्चा गरिसकिएको छ, जसमध्ये नुवाकोट, दोलखा, बनेपा, पनौती, पलाञ्चोक आदि प्रमुख हुन् ।

नुवाकोट भेकमा खेतीपाती हुने उब्जाउभूमि भए तापनि मध्यकालमा खास सिंचाइको व्यवस्था यता उपत्यका तथा उता दोलखाभेकमा जस्तो हुन सकेका प्रमान पाइएका छैनन् । त्रिशूली नदी ठूलो धारयुक्त साथै गहिरिएर बगेको हुनाले त्यसबाट कुनै पनि सिंचाइको सुविधा जनताहरूले लिन सकेका थिएनन्। तादी उपत्यकामा भने धान बाली हुने खेतहरू धेरै भएको र केही सिंचाइको प्रबन्ध हुन सकेका उदाहरणहरू पाइएका छन्, तर उपत्यकामा जस्तो कृषकहरू ढुक्क हुन त्यहाँ पाउँदैनथे । किनकि वर्षाद्मा तादीमा आएको बाढीले खेत बाली नष्ट गरिरहन्थ्यो । गोरखाको विजय भन्दा करिब २ दशकपछि नेपाल आएका कर्कप्याट्रिकले पनि नुवाकोट भेकमा फलफूल खेती, पशुपालन आदि राम्रै भए तापनि सिंचाइको समस्या भएको कुरालाई नै औल्याएका छन् । त्यसै गरी उनले तादीमा आउने बाढीले बाली नष्ट गर्ने गरेको समेत चर्चा गरेका छन् । नुवाकोट भेकका ऐतिहासिक कागजपत्रहरूमा पनि कुनै सिंचाइ कुलोको चर्चा पाइएको छैन ।

दोलखा भेकमा भने धानवाली प्रशस्त हुन्थ्यो । त्यसतर्फ भने बाँध, कुलो, नहरहरूको बन्दोबस्त मध्यकालदेखि आधुनिककालसम्म नै पनि भएका उदाहरण पाइएका छन् । व्यापारिक बस्ती भए तापनि खेतीलाई पनि आर्थिक स्रोतमा महत्त्वपूर्ण स्थान नै दिइएको देखिन्छ । मध्यकालदेखि चलेका बाँध कुलोहरू खोला-पैह्राको प्रकोपको कारण भत्किएर खेत जग्गाहरू बाँफिन जाँदा बाहिर गएर झारामा काम गर्नुपर्ने परम्परा छुट दिने र बाँझिएका खेत जग्गाहरू आवाद गरी रोप्न लगाउने परम्परा चलेका देखिन्छ । यस किसिमको व्यवस्था बाँधिएका लालमोहर दोलखा शहरका नेवार प्रजाहरूका नाममा वि.सं. १८७४ मा श्री ५ महाराजाधिराजबाट जारी भएको पाइएको छ ।[६७]

यस किसिमले मध्यकालमा कृषिको निमित्त सिंचाइतर्फ ध्यान दिइन्थ्यो र कृषिउपज बढाउनमा जोड दिइन्थ्यो । यतिका राजकुलो, कुलो, बाँध पोखरी, इनार, धारा आदिको व्यवस्था गरेका आभिलेखिक उदाहरणहरू पाइए तापनि मध्यकालमा शहरबस्तीमा खाने तथा खेतमा सिंचाइको निमित्त समेत पानीको अभाव भएर बाली नउब्जिई अनिकाल, दुर्भिक्ष भएका उदाहरणहरू पनि गोपालवंशावलीमा प्रशस्त परेका छन् ।[६८] यदि सिंचाइको स्थायी र बलियो प्रबन्ध उपत्यकामा हुन सकेको भए साधारण अनावृष्टिको कारण अनिकाल नपर्नु पर्ने हो तर वर्षाद्को पानी आउन १ महिना मात्र ढिला भएमा बीउ राख्न समेत पानीको अभाव भएका उदाहरण पनि गोपालवंशावलीमा वर्णित छन् ।[६९] त्यसै अनावृष्टिको कारण आषाढदेखि भाद्रसम्म पानी नपर्दा खेती गर्न नपाएर आधा लोकको क्षय भएको र त्यस वर्ष ठूलो अनिकाल परी एक द्रम्म (रूपैयाँ) नगद पैसाले ४ माना मात्र चामल पाइने अवस्था सिर्जिएको समेत उल्लेख

गोपालवंशावलीमा वर्णित छ ।[७०] यस्तैगरी पानी नपरेर खेती गर्न र खानेपानी समेतका शहरभित्रका मुहानहरू सुक्नाले र खडेरी पर्नाले अभाव भई 'लख्वयात' भन्ने पानी माग्ने जात्रा गर्ने गरेका उदाहरण पनि पाइएका छन् ।[७१] यस्तो पानी माग्ने जात्रा 'लख्वयात' ज्येष्ट महिनामा र भाद्र महिनामा भएको देखिन्छ । यस किसिमले आवश्यकता अनुरूप सिंचाइको सुविधा उपत्यकामा र बाहिरका बस्तीमै पनि पुगेको थियो भन्न सकिँदैन । धेरैजसो जग्गाजमिनमा वर्षाद्को पानीको तथा ससाना खोल्साका पानीको सिंचाइको भरमा खेती गरिन्थ्यो । यस्ता ससाना पानीका स्रोतहरू वर्षाद्मा महिनौं पानी नआउँदा पुरै सुक्नु स्वाभाविकै हो । टाढाटाढा लेकदेखि ल्याइएका कुलोमा भने एकदुइ महिना पानी नपर्दैमा पुरै स्रोत नसुक्नु पर्ने हो ।

गोपालराजवंशावलीमा उपर्युक्त अनावृष्टिका उदाहरणहरू उल्लिखित भए तापनि यस्तो प्राकृतिक प्रकोप कममात्र हुन्थ्यो । समयसमयमा ठूल्ठूला वर्षा भएका र पानी परेर खुसीयाली मनाएका उदाहरणहरू पनि गोपालवंशावलीमा नपरेका होइनन् ।[७२] त्यस्तै गरी ठूल्ठूला हिमपातहरू पनि उपत्यकामा भइरहने हुनाले उपत्यकाको वरिपरि जमेको हिउँले पनि सिंचाइको निमित्त नजिकमा रहेका ससाना खोलाहरूमा पानी पटाउने स्रोतको काम गर्थ्यो होला । मध्यकालको पूर्वार्द्धमा यहाँ ठूल्ठूला हिमपातका घटनाहरू घट्दथे । कहिलेकाहीँ त ८-१० दिनसम्म अविरल हिउँ पर्ने (गोपालवंशावली पत्रसंख्या ५४), कहिले परेको हिउँ महीनौसम्म उपत्यकाका मूलबस्तीमै पनि नबिलाउने (गोपालराजवंशावली ५१, ५५, ५७ पत्र) र कहिले देशका आधा पशुहरू समेत नाश हुनेगरी हिमपात हुने (गो.वं. ३४ पत्र) जस्ता घटनाहरू घटेका उदाहरण पाइएका छन् । जस आधारबाट उपत्यका वरिपरिका डाँडाडाँडाहरूमा हिमाल बराबर हिउँ जमेर गर्मीयाममा पानीको स्रोत पनि बन्दथ्यो भन्ने सजिलै अनुमान हुन्छ ।

मध्यकालको उत्तरार्द्धमा नेपालभ्रमण गर्ने युरोपीय पादरीहरूको टिपोटमा तिनताका यहाँ उपत्यकामा ६०" देखि ७०" सम्म वर्षाद् हुन्थ्यो भन्ने जानकारी पाइएको छ[७३] तर वर्षाद्को पानी अनिश्चित हुने हुनाले उपत्यका धेरै सुख्खा ठाउँ नभए तापनि सिंचाइको प्रबन्ध गर्नु पर्ने हुन्थ्यो तर आवश्यकता अनुरूप सिंचाइ सुविधा पुग्न नसक्नाले कहिलेकाहीँ खेती लगाउन नपाएर अनिकाल नै पर्दथ्यो । त्यसो हुनाले पर्याप्त सिंचाइ सुविधा थियो भनेर चाहिँ भन्न सकिँदैन ।

३.३ कृषि प्रविधि

प्राचीन तथा मध्यकालको काठमाडौं उपत्यकाको कृषि प्रविधिबारे जानकारी दिने सामग्रीको निकै अभाव रहेको छ । परम्पराको दृष्टिकोणबाट अध्ययन गर्दा

नेपालका अन्य क्षेत्र भन्दा उपत्यकाको कृषि प्रविधि भिन्न रहेको देखिन्छ। मध्यकालमा काठमाडौं उपत्यकाकै शासन व्यवस्था अन्तर्गत रहेका दोलखा, नुवाकोट तथा उपत्यका बाहिरका अन्यत्र ठाउँको र उपत्यकाको कृषिप्रविधिमा पंनि फरक पाइन्छ। प्राचीनकालका आभिलेखिक स्रोतमा कृषिप्रविधि बारेको चर्चा अझै छँदैछैन भने पनि हुन्छ। त्यसै हुनाले मध्यकाल र प्राचीनकाल बीचमा यस क्षेत्रमा कति अन्तर आयो भन्ने विषयमा पनि सप्रमान उल्लेख गर्न सकिने स्थिति छैन, तैपनि केही सांकेतिक प्रमान मात्रका आधारमा भए पनि प्राचीन र मध्यकालको कृषिप्रविधिमा केही अन्तर आएको भने नदेखिने होइन। यसो भए तापनि प्राचीनदेखि मध्यकाल हुँदै आधुनिककालमा पनि आजभन्दा ३०-४० साल अगाडिसम्म यहाँको कृषि प्रविधिमा खास कुनै परिवर्तन आएको देखिँदैन। युरोपमा भएको कृषिक्रान्तिको असर त नेपालमा अझै पनि राम्रो परिसकेको छैन। यहाँ कृषिमा यान्त्रिकरण तथा वैज्ञानिक मलखादका यदाकदा चर्चा तथा प्रयोग हुन थालेको पनि २०/४० वर्षभन्दा बढी भएको छैन। त्यसै हुनाले नेपाल उपत्यकाको मध्यकालिक कृषिप्रविधि र पछि राणाकालसम्मको कृषिप्रविधि खास एउटै थियो र केही अझै पनि एकै छ भन्नुमा अतिशयोक्ति नहोला। यसक्रममा गोरखालीहरूले उपत्यका विजय गरेको ३ दशक भित्रै नेपाल भ्रमण गर्ने बेलायतका विद्वान् एफ.वी. ह्यामिल्टनको विवरण विशेष उल्लेखनीय रहेको छ। त्यसैगरी केही गोपालवंशावली तथा अन्य भाषावंशावलीहरू र दोलखा भेकमा प्रचलित खेतीसँग सम्बन्धित मध्यकालिक विशेष परम्पराहरू पनि मध्यकालको कृषि प्रविधिका विषयमा अध्ययन गर्ने स्रोतको रूपमा रहेका छन्।

प्राचीनकालका अभिलेखहरूमा 'गोहले', 'गो युद्ध' जस्ता शब्दहरूको प्रयोग भएको हुनाले तिनताका खेत जोत्नका निमित्त गोरुको प्रयोग हुन्थ्यो भन्ने कुरामा धेरै हदसम्म विश्वास गर्न सकिन्छ।[७४] जग्गाजमिनको क्षेत्र छुट्याउँदा हलका हिसाबले (अर्थात् हलोको प्रयोग गरेर १ जोर गोरु लगाई १ दिनमा जोतिने जग्गा) छुट्याउने परम्परा उपत्यका बाहिर खास गरी मध्यपहाडतर्फ अझै पनि प्रचलितै छ। त्यसैले लिच्छविकालमा यहाँ खेती गर्नका निमित्त काठको हलो बनाएर गोरुको प्रयोग गरी खेत जोत्ने परम्परा भएको संकेत 'गाहले' जस्तो शब्दले राम्रैसँग गरेको छ। यसदेखि बाहेक खेतीबालीमा धान, गहुं, तोरी, तिल, जस्ता र तरकारी फलफूलमा लसुन, प्याज आदिको उब्जनी यहाँ हुने कुरा र सिंचाइकुलो आदिको प्रबन्धका अलावा कृषि सम्बन्धका चर्चा अभिलेखमा खास पाइएको छैन।

मध्यकालमा आएर प्राचीनकालमा प्रचलित खेतजोत्न गोरुको प्रयोग गर्ने परम्पराको उपत्यकाभित्र अन्त्य भएको देखिन्छ तर खासमा कहिलेदेखि यस्तो

परम्परा चल्यो भन्ने विषयमा स्पष्टरूपमा जानकारी भने पाउन सकिएको छैन । गोरुलाई शिवजीको वाहनको रूपमा सम्मान गर्ने परम्परा हिन्दूहरूमा भएको कारण यसै सम्मानको चरम प्रक्रियाको रूपमा उपत्यकामा जोत्नका निमित्त गोरुको प्रयोग नभएको कुरामा द्विविधा हुन सक्दैन । मुद्रा आदिमा र अन्यत्रै पनि साँढेको चित्र मूर्ति आदि वनाएर गोरुलाई उच्चस्थान दिने परम्परा त प्राचीनकालदेखि नै लोकप्रिय रूपमा चलिसकेको थियो ।[७५]

मध्यकालमा पनि अहिलेजस्तै वाँफो खेतहरू र गहुँवाली आदि लगाएका ठाउँमा उक्त बाली उठाइ खेत खन्ने काम वैशाख र ज्येष्ठ महिनामा हुन्थ्यो । मुख्यबाली धानको खेती गर्ने क्रममा विशेष महत्त्व वीउलाई दिइन्थ्यो । अन्न राम्रो फलोस् भनी खेती गरिने सवै प्रकारका वीउका नमूनाहरू घरघरवाट जम्मा गरेर नदी (तामाकोशी) मा चढाउने मध्यकालदेखि प्रचलित परम्परा दोलखामा अझै कायमै रहेको छ ।[७६] यसै गरी ने.सं. ४०५ को एक उल्लेखमा आषाढपूर्णिमा सम्ममा धान रोप्ने काम पूरा भएको चर्चा परेको छ ।[७७] यी उदाहरणले धानबाली लगाउने र उठाउने समयमा अझै कुनै परिवर्तन आएको देखिँदैन । मध्यकालको कृषि परम्परामा, खासगरी उपत्यकामा आएको परम्परामा नयाँ जाति व्यवस्था कायम भएपछि कृषि व्यवसायलाई नै आफ्नो एकमात्र मुख्य पेशा मान्ने जातिको पेशागत स्थिति वाँधियो ।

यसपछि कृषि गर्ने मुख्य जाति ज्यापु भए । स्थिति मल्लको सुधारको सिलसिलामा भाषा वंशावलीमा टेपोच र किसानी (ज्यापु) जानलाई खेतीपाती व्यवसायसँग सम्वन्धित गराइएको देखिन्छ ।[७८] पेशाले नै कृषिऔजार (ज्या) प्रयोग गर्ने हुनाले यस कृषकवर्गलाई ज्यापु भनिएको हो । यस व्यवस्थाले कृषिमा कार्य विशिष्टीकरण भई कृषिक्षेत्रमा केहीं उन्नति अवश्य भएको थियो भन्नुमा अत्युक्ति हुन्न । यसै क्रममा यस वर्गले उपयुक्त प्रविधि अपनाउने तर्फ पनि आफ्नो ध्यान केन्द्रित गर्नु स्वाभाविकै हो । अझै पनि ज्यापु बराबर नेपालमा राम्रो र ध्यानपूर्वक खेती गर्न सक्ने अर्को वर्ग छैन भन्नुमा अत्युक्ति हुन्न । उपत्यकामा यस कृषक वर्गले कसरी र कुन याममा खेती लगाउँथ्यो र बाली उठाउने काम गर्दथ्यो भन्ने विषयमा ह्यामिल्टनले वि.सं. १८५८ मा गरेको टिपोटतर्फ यहाँ दृष्टि दिनु प्रासङ्गिक हुनेछ जुन परम्परा मध्यकालदेखि चलेको कृषि परम्परासँग अवश्य भिन्न थिएन ।

यस विषयमा ह्यामिल्टनले टिपोट गरेका छन्:

"यहाँका खेतीवालहरू तिनताका हलोको प्रयोग गर्दैनथे । हलोको सट्टामा कोदाली (कु) को प्रयोग गर्दथे । यसरी कोदालीको प्रयोग गरेर खेत खन्दा एक रोपनी खेत खन्न एकजना कृषकलाई ३ दिन लाग्दथ्यो । खेत खन्ने काम सकिएपछि डल्ला फोर्ने काम हुन्थ्यो । डल्ला फोर्न लामो वींड भएको काठको

ज्यावलको प्रयोग हुन्थ्यो । त्यसपछि खेतमा पानी जमाइन्थ्यो । प्रत्येक ससाना गह्रा वा चकला खेतमा १ फुट जति अग्लो आली लगाईएको हुन्थ्यो । प्रकृतिले नै भिरालो परेर गह्रागह्रा भएका खेतमा १ फुटभन्दा अग्लो डिल हुन्थ्यो । यसले गर्दा कुलोबाट आएको पानीलाई रोकेर खेतको गह्रामा पानी भर्न सहयोग पुग्दथ्यो । सिंचाइको सुविधा नभएका जग्गामा खेती लगाउन वर्षाद्को पानीमा निर्भर रहनु पर्दथ्यो र पानी नपरेमा त्यस्ता जग्गामा पछिमात्र खेती लाग्दथ्यो । पानीले डुबाइएको र हिलो बनाइएको माटो तयार गरेर उम्रिएको बीउ ल्याएर रोपाइँ गरिन्थ्यो । रोपाइँको काम स्वास्नीमानिसबाट मात्र हुन्थ्यो । रोपाइँ हुने समयभन्दा १५-२० दिन अगाडि नै ससाना साँगुरो चकला वा गह्रा खेतमा बीउ छरिन्थ्यो (राखिन्थ्यो) । रोपाइँ गरेको ३ महिनामा बाली तयार हुन्थ्यो । यस बीचमा किसानहरूले २ पटक झार उखेल्ने (गोड्ने) काम गर्दथे । उक्त गोड्ने काममा खुर्पी नाम गरेको कृषि औजारको प्रयोग हुन्थ्यो ।

यसरी बाली लगाएपछि अक्टोबर महिनाको अन्त्यतिर (कार्तिक महिनामा) बाली पाक्दथ्यो र काटिन्थ्यो । रोपाइँमा जस्तै बाली कटनीमा पनि स्त्रीपुरुष दुवैले भाग लिँदै हँसियाको सहयोगले सम्पूर्ण बाली काट्दथे । अन्नबाली सहितको धानको काटिएको बोटलाई एकजना मानिसले बोक्न गह्रौं नहुने गरी बिटो बाँध्दथे । त्यसपछि उक्त बिटोलाई फिँजारिएको सम्म ढुङ्गा वा काठमा बजारेर अन्न झार्दथे । त्यसपछि भुस तथा धूलोमूलो उडाउन दुइतिरबाट दुइनजना मानिसले नाङ्लोले बताउँदथे । त्यसपछि अन्न- धानलाई थुप्रोबाट झिकेर नजिकैको ठाउँमा सार्न बास्केटजस्तो सामान (थुन्चे) को प्रयोग गर्दथे ।

"काठमाडौं उपत्यका बाहिर खेत जोत्ने र धान झार्न (दाइँ गर्न) गोरुको प्रयोग हुन्थ्यो । गोरु जोडी-जोडी पारेर बाक्लो परालमाथि हिँडाइन्थ्यो ।"

"घैयाधानका निमित्त रोपाइँ गर्नु पर्दैनथ्यो । मार्च महिनामा बीउ छरेर जुलाई-अगष्टमा बाली उठाइन्थ्यो । त्यसपछि आलु वा तोरी लगाईन्थ्यो"[७९]

यस किसिमले ह्यामिल्टनले नेपाल उपत्यकाको मध्यकालदेखि चलिआएको कृषि प्रविधिको विषयमा केही विस्तारपूर्वक जानकारी छाडेका छन् ।

दोलखामा सामूहिक खेती "फेर प्रथा" को प्रचलन मध्यकालदेखि नै चलेको थियो तर यो परम्परा दोलखाको मुख्य वस्तीसँग गाँसिएका खेतका निमित्त मात्र चलेको थियो । यो परम्परा अझै चलिरहेके छ । यस "फेर प्रथा" अन्तर्गत चैत्र शुक्ल पूर्णिमाको दिन वर्षे खेतीको काममा व्यवधानहरू नआऊन् र बाली राम्रो होस् भनेर सारा जनताको तर्फबाट गङ्गाजीसँग्र पुकारा गर्ने काम हुन्छ । त्यसबेला खेती लगाउने सबै प्रकारका बीउबीजनका नमूनाहरू घरघरबाट मागेर जम्मा गरी नदीमा (तामाकोशीमा) पुऱ्याएर पानीमा चढाउने काम हुन्छ । त्यसैबेला त्यहाँ बोका-पूजा गर्ने कामसमेत त्रिपूरासुन्दरीका

पुजारीमार्फत् सम्पन्न हुन्छ । त्यसबेला चालुवर्षको रोपाइँ समयमै हुन्छकि ढिला गर्नुपर्ने हुन्छ भन्ने लक्षणको विचार गर्ने काम पनि हुन्छ । यसरी लक्षण विचार गर्दा शकुन (चराविशेष) को गतिविधि अनुरूप विचार गरिन्छ ।

त्यहाँ ज्येष्ठ शुक्ल षष्ठी तिथि (सिठीपर्व) का दिनदेखि चालुवर्षको खेतीका निमित्त तयारीको कामको प्रारम्भ हुन्छ । खेतीका निमित्त प्रत्येक टोलटोलबाट १/१ जना नाइके चुन्नुको साथै कृषिऔजारहरू जम्मा गर्ने काम हुन्छ । यसरी खेतीको बन्दोवस्त मिलाउने टोली बन्दछ र त्यस टोलीलाई नै 'फेर' भनिन्छ । टोलीमा एकजना नायक र एकजना सुँडेल रहन्छन् । नाइके छान्दा गत वर्षको खेतीको कामको मूल्याङ्कन गरेर मात्र छानिन्छ । यसरी छानिएको नाइकेकै खटनपटनअनुसार पालोपालो गरेर क्रमैसँग रोपाईं गर्ने काम हुन्छ । खेतीको कामका समयमा खाजाको बन्दोवस्त मिलाउने काम सुँडेलले गर्दछन् । यसकिसिमले मध्यकालको एक उल्लेखनीय कृषिपरम्पराको जीवन्त रूप दोलाखामा अझै छँदैछ ।[८०]

मुख्य बस्तीभन्दा टाढाटाढाका जग्गाका निमित्त भने उपर्युक्त परम्परा चलेको थिएन । त्यसैले यस्ता खेतहरूमा खेती गर्नका निमित्त जग्गाविहिन रैतीहरूलाई जिम्मा दिने परम्परा थियो । त्यस्ता रैतीहरूमाथि विभिन्न बन्देजहरू लागु गरिएका थिए ।[८१]

यस किसिमले उपत्यका र आसपासको कृषिप्रविधि मध्यकाल तथा आधुनिककाल बीचमा खास कुनै भिन्नता थिएन । खासगरी नेवारी बस्ती तथा सभ्यता भएका ठाउँमा एकै किसिमको प्रविधि अपनाइन्थ्यो तर अन्य पर्वतेहरूको बसोवास भएका क्षेत्रमा भने गोरु जोत्नेदेखि लिएर प्रविधिमा केही भिन्नता अवश्य थियो । कृषिसामग्रीमै पनि उपत्यका तथा मध्यपहाड र तराईबीच अहिले पनि केही फरक नै छ । पहाडमा जस्तो लामो बीँडयुक्त स्वास्नीमानिसहरूले चलाउने कोदालोभन्दा साना तर फलामका फैलिएको पाताले बनेको कोदालोको प्रयोग उपत्यकामा पहिलेदेखि नै भएको उल्लेख पाइँदैन । त्यसैगरी काठको कुटोले डल्ला फोर्ने काम पनि पहाडतर्फ हुँदैन । गोरुको प्रयोग हुँदाको र नहुँदाको कृषिप्रविधिमा निकै अन्तर हुनु स्वभाविकै हो । रोपाईंमा हिलो बनाउनेदेखि लिएर डल्लाफोर्ने तथा रोपाइँ गर्नुअघि जमिन सम्याउने कामसम्म उपत्यका बाहिर गोरु प्रयोग गरेर हलो, दाँते तथा लिङ्को जस्ता काठका सामानले गर्ने परम्परा पहाडि क्षेत्रमा चलेको देखिन्छ । जमिनको बनोटको कारण पनि प्रविधिमा फरक हुनु स्वभाविकै हो । उपत्यकामा साधारण खन्ने काम भएपछि माटोले बाँझो छोपेको ठाउँमा पनि माटो गलेर बाली लगाउन योग्य हुने हुनाले रोपाइँ गर्न योग्य बनाउन धेरै ठूलो परिश्रम (पहाडको तुलनामा) पर्दैन । काठमाडौं उपत्यका तथा नेपालका अन्य भू-भागमा समेत

आवश्यक कृषिसामग्रीहरू र कृषिप्रविधिसँग सम्बन्धित सहयोगी सामग्रीहरू आफैँ उत्पादन गर्ने परम्परा प्राचीनकालदेखि आधुनिककालसम्म नै कायम थियो । हिजोआज मात्र केही यान्त्रिकरणको गन्धले छुन थालेको छ । मलखाद पनि पशुपालन मार्फत् तथा आफ्नै परम्परागत तरिकाले बनाउने परम्परा पहिलेदेखि नै प्रचलित भएको कुरामा विवाद गर्ने ठाउँ छैन । गोबर, गुइँठा, बड्कुला, पातपत्कर, सोत्तर तथा दैनिक रूपमा थुपारिएको रछ्यान तथा फोहरको थुप्रोलाई मलको रूपमा प्रयोग गर्ने नेपालको पुरानै परम्परा हो । पातपत्कर सडाइ-गलाई गर्ने र उठाएर खरानी बनाई मलखाद बनाउने परम्परा पनि यहाँ प्रचलित लोकप्रिय परम्परा हो ।

३.४ पशुपालन

नेपालका विभिन्न आर्थिक स्रोतहरूमध्ये पशुपालन पनि महत्त्वपूर्ण रहेको छ । पशुपालन व्यवसाय नेपालको धेरै पुरानु व्यवसाय हो । नेपालको इतिहासको थालनी नै पशुपालन व्यवसायसँग सम्बन्धित राजवंशहरूबाट भएको छ । गोपाल र महिषपालवंश भन्नाले गाई तथा भैंसीपालन गर्ने भन्ने बुझिन्छ । गोपाल र महिषपालपछि किराँत र लिच्छविकालमा पनि पशुपालन व्यवसायले उत्तिकै स्थान पाएको थियो । किराँतकालका व्यापारिक सामग्रीहरूमा ऊन र ऊनले बनेका सामान राडीपाखी आदि भएको कुरा कौटिल्यको अर्थशास्त्रमा परेको नेपाल कम्वलका चर्चाले स्पष्ट हुन्छ । लिच्छविकालका अभिलेखहरूमा तिनताका पशुपालन व्यवसायलाई महत्त्व दिइएको चर्चा ठाउँ-ठाउँमा परेका छन् । गाई, भैंसी, भैँडा, घोडा, हात्ती, मृग, सुँगुर, कुखुरा आदिको उल्लेख प्राचीन स्रोतमा पाइन्छ । तिनताका पशुचिकित्सा तथा पशुसम्बन्धी नियम-कानूनहरू समेत बनेका थिए । गौचरन तथा सार्वजनिक जलकुण्ड तथा नून खुवाउने व्यवस्था समेत थियो । पशुपालन व्यवसायबाट सरकारले कर उठाएर राजकोष वृद्धि गर्ने काम पनि गर्दथ्यो । पशुपालन व्यवसायमा लागेको करलाई त्यस युगमा 'भोगकर' भनिन्थ्यो ।

मध्यकालमा पनि पशुपालन व्यवसायमा पहिलेको तुलनामा कुनै कमी आएको देखिँदैन । मध्यकालको पूर्वार्द्धदेखि यहाँको बस्ती बसाइँमा परिवर्तन आएको कुरा माथि परिचय अन्तर्गत सप्रमान चर्चा गरिसकिएको छ । बस्ती बसाइँमा आएको परिवर्तनले उपत्यकाका मुख्य-मुख्य बस्तीहरूले पछि ठूला र घना रूप लिई पशुपालन व्यवसाय मध्यकालमा उपत्यकाको काँठ-काँठ र उपत्यका बाहिरका टिष्टुङ्-चित्लाङ भेक तथा दोलखा-नुवोकोट साथै बनेपा, पनौती, पालञ्चोक, खोपासीतर्फ धेरै हुन थाल्यो । हुनत प्राचीनकालमा पनि यी

ठाउँहरूमा नै पशुपालन वढी हुन्थ्यो । तिनताका उपत्यका भित्रैका प्रमुख वस्तीहरू भएका ठाउँमा पनि पशुपालन हुन्थ्यो ।

उपत्यका र आसपासमा तथा त्यसबखतका उपत्यकाका शासकहरूको अधिकारको राज्य क्षेत्रभित्र पूर्वमध्यकालमा घटेका विभिन्न घटनाहरूको उल्लेख गर्ने क्रममा गोपालवंशावलीमा विभिन्न प्राकृतिक प्रकोपका कारण जनक्षयको साथसाथै पशुक्षय भएका कुराको पनि निकै महत्त्व दिएर उल्लेख भएको पाइएको छ । जस्तो ने.सं. ३५० (वि.सं. १२८६) ताका हिमपातको कारण आधा पशु मरेको,[८२] ने.सं. ४५४ (वि.सं. १३९०) मा आगलागी हुँदा बोडेमा मात्र ४६ गोटा राँगा, गाई र बाछा गरेर ११६ गोटा, भैंडावाखा ५८ गोटा र धेरै संख्यामा कुखुरा, परेवा, कुकुर आदि पाल्तु पशुपंक्षी मरेको चर्चा परेको छ ।[८३] यसकारण उपत्यकामा कान्तिपुर, ललितपुर र भक्तपुर बाहेक ठिमी, बोडेजस्ता उपनगरहरूमा पनि काँठमा भैं पशुपालन हुन्थ्यो भन्ने कुरामा गोपालवंशावलीको उपर्युक्त वर्णनले स्पष्ट पारेको छ । त्यसैगरी पशुपालनको स्थान जनजीवनमा कत्तिको थियो भन्ने कुरा पनि यस उल्लेखबाट बुझ्न सकिन्छ । यसै किसिमले गोपालवंशावलीमा भैंसी गोठाला तथा राँगाको विषयमा पनि ठाउँ-ठाउँमा उल्लेख पाइन्छ । मध्यकालको उत्तरार्द्धकालमा सरकारी गोठ, खर्क आदिको व्यवस्था भएका प्रमानहरू पाइएका हुनाले यहाँ गोपालवंशावलीमा वर्णित भैंसी राँगा हेर्ने गोठालाहरू पनि यस्तै सरकारी गोठका हुन् कि भन्ने अनुमान हुन्छ । ने.सं. ४९६ (वि.सं.१४३३) मा "दुइजना गोठालाले राँगा सम्पूर्ण फिर्ता गरी ल्याएका हुनाले ठिमीका डोयका बाबुलाई तिराई (विगो) दाम प्ल १० दण्ड गरियो" भन्ने चर्चा परेको छ ।[८४] त्यस्तैगरी वि.सं. १४३७ मा बनाइएको यटपाटको ठूलो कुलोको निर्माण कार्यको समाप्ति विशाल भोजमा ३ गोटा राँगा काटेको र २०० कतारा दही खर्च भएको कुरा उल्लिखित छ ।[८५] यस आधारबाट भैंसीगोठ र राँगापालनको व्यवस्थाको साथै राँगाको मासुको र पछि दूधको व्यापक प्रयोग मध्यकालको पूर्वार्द्धदेखि नै हुन्थ्यो भन्ने कुरा स्पष्ट हुन्छ ।

मध्यकालमा यातायात, पारवहन, कृषि मल-खाद, सुरक्षा, छाला तथा ऊन, युद्ध र खाद्य पदार्थमा दूध, दही, घ्यू, आदिका साथै मासु तथा देवदेवीलाई भोग दिन र चढाउनका निमित्त समेत विभिन्न किसिमका पशुपालन गर्ने परम्परा भएको कुरा अन्य ऐतिहासिक स्रोतहरूबाट पनि बुझ्न सकिन्छ ।

भाषावंशावलीमा स्थिति मल्लले बाँधेको व्यवस्था अन्तर्गत "ग्वाल जातको व्यवस्था गर्नुका साथै तिनीहरूको व्यवसायमा गाई पालेर दूध, दही, घ्यू, कोटल उत्पादन गरी बेचिखाने" र "सरकार तथा जनतालाई आवश्यक परेको बेला गाईको माग पूरा गर्न गोठमा गाई तयार गरेर राख्ने" भनेर विशेष व्यवस्था

बाँधिएको देखिन्छ ।[८६] यस्तै किसिमले कसाईं जातको व्यवस्थामा सर्वसाधारणका राँगा, बँदेल आदि काट्ने र मासुको व्यापार गर्नुपरेमा सरकारलाई काटिएको प्रति जनावर २ पैसा दस्तूर तिरेर व्यापार गर्ने व्यवस्था बाँधिएको थियो । त्यस्तै, पशुपालन गरेर दही, दूध, घ्यू उत्पादन गर्नू तर ठूला जातकालाई मासु समेत उपर्युक्त दही, दूध, घ्यू नबेच्नू भन्ने पनि उक्त स्थितिमा उल्लिखित छ ।[८७] यस आधारबाट पनि मध्यकालको पूर्वार्द्धदेखि नै पशुपालनलाई राज्यको तर्फबाट विशेष ध्यान पुऱ्याइन्थ्यो भन्ने बुझिन्छ । उपत्यकाको काँठकाँठमा, थानकोट, कीर्तिपुर भेकमा र टिष्टुङ चित्लाङ भेकमा गोपाली थर भएका जनजातिहरू अहिले पनि परम्परागत व्यवसाय चलाएर रहेका देखिन्छन् । कसाईंहरू हिजोआज दही दूध उपार्जन गर्ने काममा संलग्न नभए पनि खसी-बोका र राँगा आदि काटेर मासुको व्यापार चलाई बसेका त यत्रतत्र नै छँदैछन् ।

यस किसिमले वंशावलीमा वर्णित व्यवसायीहरू र पाल्तु पशुहरूको उपभोग मध्यकालकै रूपमा अहिले पनि भइरहेकै छ । कान्तिपुरका प्रसिद्ध राजा प्रताप मल्लले पछि 'भूदानषेल' नाम रहन गएको जग्गा पशुपालनका निमित्त संकल्प गरी गौचरन राखिदिएको चर्चा पनि वंशावलीमा परेको छ ।[८८] मध्यकालको उत्तरार्द्धमा नेपालमा धर्मप्रचारका उद्देश्यले आएका कपुचीन पादरी 'लोरो' (Father Loro) को विवरणमा पनि राँगा-भैंसीको मासु पसलै राखेर उपत्यकाका शहरहरूमा सुपथमूल्यमा बिक्री हुन्थ्यो भन्ने पाइएको छ ।[८९] यसरी उपर्युक्त स्रोतबाट मध्यकालमा यहाँ गाई, भैंसी, भेडा, बाखा, बँदेल, कुखुरा परेवाजस्ता पशुपंक्षी खास गरी दही, दूध, घ्यू, र मासुको प्रयोजनका निमित्त पालिन्थ्यो भन्ने बुझिन्छ । यस बाहेक ऐतिहासिक चिठ्ठीपत्रहरूमा पशुपालन र तिनको उपयोगका बारेमा धेरै चर्चा पाइएको छ । त्यसैले ती स्रोतहरूबाट प्राप्त हुने पशुपालनसम्बन्धी जानकारीलाई पनि यहाँ उल्लेख गर्नु आवश्यक हुन्छ ।

दोलखा भेकमा मध्यकालदेखि आधुनिक कालको पूर्वार्द्धसम्म पनि विशेष व्यवस्था सहित घोडा, गाई, भैंसी, भैंडा, च्याङ्ग्रा आदि पालन हुन्थ्यो ।[९०] यसबाहेक कस्तूरी, बँदेल, बाज, कालिज, डाँफे माछा र भोटेकुकूर आदिका लागि पनि दोलखा भेक प्रसिद्ध थियो भन्ने जानकारी पाइएको छ ।[९१] यस्तै किसिमले नुवाकोट भेकमा पनि दोलखा भेकमा जस्तै- घोडा, गाईभैंसी, भैंडाच्याङ्ग्रा आदिको पालन हुन्थ्यो ।[९२] त्यस्तै कस्तूरी मृग, बँदेल, बाज, कालिज, डाँफे तथा माछा पनि यस भेकमा प्रशस्त पाइन्थ्यो ।[९३] यस्ता जनावरहरूमा कस्तूरीमृग, बँदेल, माछा, बाज, आदि घर-घरमा पनि पालन गर्ने परम्परा चलिआएको भए तापनि यस्ता जनावरहरू वनजङ्गलबाट नै प्राप्त गरिन्थ्यो । डाँफे, कालिज आदिं घरमा पालन गरिएका उदाहरण भने पाइँदैनन् । यहाँ उपत्यकामा प्राचीन कालमा मृगपालन गर्ने परम्परा भएको र यस्ता

मृगहरू गोठै राखेर पालिएको समेत उदाहरण अभिलेखमा पाइएका छन् ।[९४] त्यसै हुनाले बाज, कस्तूरीमृग, बँदेल, माछा आदि वनजङ्गल र खोलानालामा मात्र पाइने भए तापनि उचित प्रबन्ध गरेर आर्थिक प्रयोजनका निमित्त मानिसहरूले पालन गर्ने परम्परा पनि थियो कि? भनेर अनुमानसम्म चाहिँ गर्न सकिन्छ । कस्तूरी अत्यन्त महँगो भएको र बाज पनि रु.६०० सम्म पर्ने र भन्सार महसूल समेत प्रति १ मा डेढ रूपैयाँ लाग्ने भएबाट यस स्रोतबाट धेरै फाइदा हुन्थ्यो । यस भेकबाट बँदेल पनि राजधानी तथा अन्यत्र निकासी गरिन्थ्यो । एउटालाई रु.१५ सम्म तिरेर भए पनि दोलखाबाट बँदेल कान्तिपुर झिकाइएको उल्लेख एकपत्रमा परेको छ ।[९५]

यातायातका आधुनिक साधन नभएको युगमा संसारभरि नै प्राप्त भए अनुरूप हावापानी तथा भौगोलिक अवस्थिति अनुरूप विभिन्न जनावरहरूलाई यातायात तथा पारवहनको साधनको रूपमा उपयोग गरिन्थ्यो । हाम्रो यता प्राचीनतम्युगदेखि नै हात्ती, घोडा, बयल, खच्चर, गधा, याक-झोपा आदिलाई यस्तो काममा प्रयोग गर्दै आएका उदाहरण हामी पाउँदछौं । यी सबै मध्ये व्यापक प्रयोगमा आउने पशुमा घोडा नै पर्दथ्यो ।

उपत्यकाभित्र तथा उपत्यका बाहिरकै पनि शासकवर्ग तथा हुनेखानेहरूका घरमा अनिवार्य रूपमा घोडा पालिन्थ्यो र यसो गर्नु सामाजिक दृष्टिमा समेत इज्जत सम्मानको कुरा ठानिन्थ्यो । नेपालबाट भारतीय मैदानतर्फ पनि घोडाको निकासी गर्ने परम्परा प्राचीनकालदेखि चलि आएको हो । मध्यकालसम्म पनि यो परम्परा कायमै रह्यो । त्यसै हुनाले मध्यकालमा उपत्यकाका शासक अन्तर्गतका नुवाकोट, दोलखाजस्ता उत्तरदक्षिणको व्यापार मार्गमा परेका ठाउँहरूबाट घोडाको व्यवसाय चल्नु स्वाभाविकै हो । नुवाकोटका तादीको किनारमा अवस्थित बह्मायणीस्थाननिरको नारायण मन्दिरको प्राङ्गणमा पाइएको एक लिच्छविकालिक अभिलेखमा नै त्यस भेकमा घोडा किनबेचको काम हुने कुराको उल्लेख परेको छ ।[९६] यस तथ्यले नेपालको निकासी व्यापारका साधनमध्ये घोडा पनि प्राचीनकालदेखिकै एक स्रोत थियो भन्ने कुराको अझ पुष्टि गरेको छ । त्यसैगरी नुवाकोट भेकमा घोडापालन व्यवसाय प्राचीनकालदेखि नै चलेको कुरालाई पनि प्रमाणित गरेको छ । घोडा व्यापार र घोडापालन व्यवसाय नुवाकोट र दोलखाभेकमा मध्यकाल हुँदै पछिसम्म पनि चलिरहेकै थियो । भारततर्फ घोडा निकासी गर्ने बाटो भएकोले त्यसतर्फ यो व्यवसाय धेरै फष्टाएको थियो । ने.सं. ८४७ मा कान्तिपुरका राजा जगज्जय मल्लले घोडा आदि पशुपालनका निमित्त दोलखा भेकमा 'खर्क' को व्यवस्था गरी उक्त पशुपालन सम्बन्धमा बन्देज पनि बाँधिदिएका थिए । उक्त बन्देजमा राजाद्वारा राखिएको विगु, चाँगु आदि 'खर्क' लाई बेचविखन गर्न नपाइने, त्यहाँ

सरकारी खर्कमा पालिएका घोडाहरू कान्तिपुर राजधानीमा ल्याएर सरकारी दस्तुर तिरी छाप लगाएपछि मात्र बेच्न पाइने र छाप नलगाई बेचेको ठहरेमा राजाबाट इच्छाअनुरूप साजायँ हुने आदि कुराको स्पष्ट उल्लेख परेको छ ।[९७] राजकीय रूपमा मात्र नभएर जनस्तरका चिठ्ठीपत्रहरूमा पनि दोलखा भेकमा घोडापालनको व्यवसाय भएका प्रमान पाइएका छन् । वि.सं. १७८५ ताका मनोदत्त नारायण, सहस्रनारायण, चक्रनारायण र चिकुटीका घरपरिवारको भाकाबाट कान्तिपुरका धर्मकृष्ण, रत्ननारायणहरूलाई दोलखाबाट लेखिएको एउटा पत्रमा "काठमाडौं पठाएका घोडाहरू भर्सक राम्रो मूल्य लिएर बिक्री गर्नू होला यदि राम्रो मूल्य पाइएन भने छाप लगाएर दोलखा फिर्ता पठाइदिनू होला" भन्ने कुराको उल्लेख छ ।[९८] यस आधारबाट दोलखा भेकमा सरकारी तथा उपत्यकाका धनी व्यक्तिहरूका समेत घोडाहरू पालिन्थे भन्ने बुझिन्छ । दोलखा नुवाकोट भेकमा व्यापारीहरूले भोटतर्फबाट पनि घोडा ल्याएर भारतीय मैदानतर्फ निकासी गर्ने तथा दोलखामा ल्याई पालन गर्ने परम्परा थियो । नुवाकोट भेकमा प्राप्त बडामहाराजा पृथ्वीनारायण शाहबाट कमलवनहरूलाई लेखिदिएको एक पत्रमा र दोलखामा प्राप्त सं.८६१ (वि.सं. १७९७)? को एक पत्रमा यस किसिमको चर्चा परेको छ । कमलवनहरूलाई गरिदिएको पत्रमा "कुतीको बाटोगरि नेपाल आउँदा चमर, घोडा, हरिताल, सुन, ल्याउँदा माफ भयो" भनेर घोडा समेत उपर्युक्त वस्तुको आयात गर्दा लाग्ने जगात भन्सार आदिको महसूल माफ गरिदिएको देखिन्छ ।[९९] दोलखाको माथि उल्लिखित पत्रमा "...घोडा लिन जाँदा लिइएको यो दाम तिरिएको हो" भन्ने उल्लेख परेको छ ।[१००] यताबाट दोलखा र नुवाकोटतर्फको ठूलठूला व्यापारीहरू तिब्बतबाट समेत घोडा ल्याएर व्यापार गर्दथे र यस्तो काममा ठूलठूला व्यापारीहरूलाई सुविधा दिएर खर्क आदिको प्रबन्ध गरेर समेत घोडा व्यापार बढाउन राजामहाराजाहरूले प्रोत्साहन गर्दथे भन्ने बुझिन्छ । कमलवनहरूलाई त पृथ्वीनारायण शाहले 'छपाउनी' अर्थात् राजधानीमा ल्याई घोडामा छाप लगाउँदा लाग्ने सरकारी दस्तुरसमेत माफ गरिदिएका थिए ।[१०१]

घोडाको खपत यातायातका निमित्त देशभित्र मात्र नभएर भारततर्फ पनि जाने भएको हुनाले घोडापालनबाट अत्यन्त राम्रो फाइदा हुन्थ्यो । दोलखाभेकमा पाइएका लेनदेन विषयक मल्लकालिक सामग्रीमा एउटा घोडाको मूल्य ५०. देखि ९५ रूपैयाँसम्म परेको देखिन्छ ।[१०२] यसै हुनाले घोडापालन व्यवसायलाई राजा तथा प्रजा दुवैथरीले महत्त्व दिने परम्परा चलेको हो । पछि आधुनिककालसम्म पनि दोलखा-नुवाकोट भेकमा घोडापालन र व्यापार व्यवसाय चलिरहेको जानकारी पाइएको छ ।[१०३] वि.सं. १८७३ सालमा जगात-भन्सार दरको रैबन्दी कायम हुँदा दोलखा भेकबाट तराईतर्फ निकासी गर्ने र

भोट तर्फबाट आयात गर्ने विभिन्न वस्तुको भन्सार दरमा घोडा प्रति १ मा एक रूपैयाँ ५० पैसा कायम भएको देखिन्छ ।[१०४]

गोपाल व्यवसायलाई पनि मध्यकालका शासकहरूले कम महत्त्व दिएका थिएनन् । दान-धर्मदेखि लिएर दूध, घ्यू आदिका निमित्त समेत पहिलेदेखि नै गोपाल व्यवसाय चलेको थियो भनेर माथि उल्लेख गरियो । दोलखामा पाइएको वि.सं. १७८५-८६ ताकाको एउटा पत्रमा वाचाबन्धन वा कबोल गर्दा समेत गाई छोएर पत्यार पार्ने परम्परा रहेको कुरा उल्लिखित छ ।[१०५] त्यसैले गौपालन व्यवसाय प्रशस्तै चलेको थियो । दोलखा भेकमा मध्यकालदेखि नै गौपालनका निमित्त खर्क धाँसविर्ता आदि दिइएका कुरा उल्लेखित छन् ।[१०६] यस्ता सामग्री मध्ये ने.सं. ८४७ (वि.सं. १७८४) को पत्रमा राजा जगज्जय मल्लको गाई, घोडा आदिका निमित्त खर्क राखेको र बन्धेज बाँधेको, त्यसै समयताका जगज्जय मल्लबाट जारी भएको अर्को एकपत्रमा भोटेहरूले गाई मारेको खबर सुनेर केन्द्रबाट छडिदार पठाई यदि मारेको ठहरेमा जीउधन समेत सर्वस्व गर्ने निर्देशनका साथै गाईलाई घाँस चराउने काममा छेकवार नगर्नू भन्ने समेत आज्ञा भएको छ ।[१०७] यस तथ्यले मध्यकालमा पनि गोहत्या कडा रूपमा वर्जित थियो भन्ने बुझिन्छ । दोलखा भेकका शासक तथा धनीवर्गहरू गोठै राखेर गाई पाल्दथे र त्यस्ता गोठको हेरचाह कमाराद्वारा गराउँथे भन्ने कुराको पनि उल्लेख पाइएको छ ।[१०८] सर्वसाधारणका घरको अंशवण्डा गर्दा पनि गोधन रूपमा गाईहरू भाग लाग्दथे ।[१०९] गाईगोठहरू प्रशस्त हुने हुनाले नै दोलखा-भेकबाट यसताका उपत्यकामा घ्यू, कुराउनी आदि मगाउने परम्परा चलेको थियो ।[११०]

नुवाकोट भेकमा पनि गौपालन व्यवसाय पहिलेदेखि नै चलेको सङ्केत पाइएको छ तर मध्यकालकै सामग्रीमा भने त्यस्तो उल्लेख पाइएको छैन । त्यसो भए तापनि शासनकालका पूर्वार्द्धकालकै कागजपत्रमा परम्परागत गोठहरूको उल्लेख परेकोले दोलखामा जस्तै मध्यकालदेखि नै गाईभैंसी गोठको व्यवस्था त्यहाँ पनि भएको हुनुपर्दछ भन्ने सजिलै अनुमान हुन्छ । दोलखामा पनि पहिले जगतज्जय मल्लका समयदेखिको गाईगोठ राख्ने खर्कलाई पछि शाहकालमा पनि कायम गरिदिएको देखिन्छ । यो कुरा वि.सं. १८३२ मा राजकुमार बहादुर शाहले दोलखाका रणदत्त, चक्रनारायण आदि नेवारहरूका नाममा पठाएको पत्रमा उल्लिखित छ ।[१११] नुवाकोट भेकमा खासगरी तीनवटा सरकारी गोठ उल्लेखनीय भएको बुझिन्छ । यस्ता गोठको रेखदेख गर्ने काममा मुखियाको नियुक्ति समेत भएको कुरा शाहकालका उक्त पत्रवाट बुझिएको छ । त्यस्तै गोठको थितिमा स्थानीय प्रशासकहरू मार्फत्का सम्बद्ध अड्डाबाट वेला-बेलामा त्यस्ता सरकारी गोठको जाँचबुझ हुन्थ्यो । जाँचबुझ हुँदा तलमाथि

परेमा विघोसहित अतिरिक्त दण्ड समेत गर्ने परम्परा थियो । नुवाकोटका उक्त गोठहरूबाट दुहुने गाई तथा बाछाबाछी सरकारलाई आवश्यक परेमा ल्याउने परम्परा पनि थियो ।[११२] शाहकालको पूर्वार्द्धको पनि ३ दशकभित्रै नेपाल भ्रमण गर्ने विलियम कर्कप्याट्रिकले पनि नुवाकोटको बेलकोट भेकमा असल गाईहरू देखेको चर्चा गरेका छन् ।[११३]

दोलखा, नुवाकोट भेकमा राँगा, भैंसी आदिको पालन पनि प्रशस्त हुन्थ्यो भन्ने उल्लेख पाइएको छ । माथि उल्लिखित नुवाकोटका गोठमा गाईका अतिरिक्त सरकारी भैंसी पालन पनि हुन्थ्यो भन्ने कुरा उक्त पत्रमां उल्लिखित "...तसअर्थ गोठ ३ को गाई भैंसी बहर, बाछा, बाछी राँगो ग्रैह्र लेषाई देषाई जाँच दिनू..." भन्ने व्यहोराबाट स्पष्ट हुन्छ ।[११४] विभिन्न पर्वमा दोलखा भेकबाट असलअसल राँगाहरू काठमाडौं उपत्यकामा झिकाइन्थे । वि.सं. १७८५।८६ ताकाको दोलखामै प्राप्त एकपत्रमा राँगो, बँदेल तथा उठ्तीको लाफल (सुकुटी मासु ?) युवराजको विवाहका निमित्त काठमाडौं पठाउनू भन्ने चर्चा परेको छ ।[११५] यो मध्यकालको परम्परा शाहकालसम्म पनि कायमै थियो । वि.सं. १८८६ सालको एउटा मोहरमा पनि दोलखाबाट दशैंका निमित्त खुनरहित चोखा र ठूलो ३० गोटा राँगा झिकाएको कुराको चर्चा परेको छ ।[११६] यस्तै गरेर प्रताप मल्लका पालाको एउटा ताम्रपत्रमा "दोलखाको जगात, भन्सार मध्ये राँगो सम्बन्धी जगात पुरै भीमसेन देवताको मन्दिरमा साँझमा बत्ती बाल्नका निमित्ति चढाइयो भन्ने चर्चा परेको छ ।[११७] त्यस्तै ने.सं. ७८७ (वि.सं. १७२३) को प्रताप मल्लका समयको अभिलेखमा ३ गोटा राँगाको बिक्रीको मुल्यले घ्यू किनेर भीमसेन देवताकहाँ बत्ती बाल्ने कुराको चर्चा परेको छ ।[११८] यसबाहेक घ्यू, कुराउनी आदिको उत्पादनमा पनि गाई तथा भैंसीको उत्तिकै महत्त्व हुने हुँदा भैंसीपालन व्यवसाय पनि यस भेकमा चलेको थियो भन्ने कुरा स्पष्ट भएको छ । पछि शाहकालसम्म पनि निकासी पैठारीमा जगात-भन्सार महसुल लाग्ने वस्तुभाउको सूचीमा राँगोको पनि उल्लेख परेको छ ।[११९]

दोलखा, नुवाकोट भेकमा भेंडाच्याङ्ग्राको पनि खासगरी उत्तरी क्षेत्रमा पालन गरिन्थ्यो । त्यस भेकबाट ऊनबाट उत्पादन गरिने ऊनी धागो, चाँगा, पाँगा, राडी, नाम्जा आदि उपत्यका तथा भारतीय मैदानतर्फ समेत निकासी हुन्थ्यो ।[१२०] त्यस्तैगरी भेँडापालनको सङ्केत दोलखामा प्राप्त अर्को एकपत्रमा पनि पाइएको छ ।[१२१] यस भेकबाट भेँडाच्याङ्ग्राको पनि निकासी हुने परम्परा मध्यकालदेखि पछि शाहकालसम्म नै कायम रहेको देखिन्छ । वि.सं. १८७३ सालको एकपत्रमा दोलखा भेकबाट ५० गोटा भेडा-च्याङ्ग्रा निकासी गर्दा प्रति ५० मा एउटा भेडा-च्याङ्ग्रा सरकारी जगात दस्तूर लाग्ने व्यवस्था भएबाट यस कुराको पुष्टि हुन्छ ।[१२२]

नुवाकोट भेकमा राणाकालको अन्त्यसम्म पनि चौरीपालनको बन्दोवस्त गरिदिएका प्रमानहरू पाइनाले नुवाकोट दोलखा भेकबाट चँवरको निकासी पनि अघिदेखि नै हुने परम्परा चलिआएको आधारमा पहिलेपहिलेदेखि नै चौरी पालन व्यवसाय त्यस भेकमा भएकोतर्फ इतिहासकारहरूले सङ्केत गरेका छन् । यसलाई पुष्टि गर्ने ठोस प्रमानको पनि अभावै छ । चँवरको व्यापार त तिब्बतबाट पैठारी गरेर नै बढी मात्रामा चलेको देखिन्छ तापनि नेपालका हिमाली भेकमा चौरीपालन परम्परा निरन्तर रूपमा चलिरहेको पाइनाले र मध्यकालमा पनि उपत्यकाका शासकहरूका अधिकारमा नेपालका यी हिमाली प्रदेश साथै केही तिब्बतका क्षेत्रहरू समेत भएबाट त्यस भेकमा चौंरीमात्र नभएर घोडा र चौंरीलगायत गधा, खच्चर आदि समेत पालन अवश्य हुन्थ्यो भन्न चाहिँ सकिन्छ ।

यस किसिमले मध्यकालमा पशुपालनको मुख्य केन्द्र नुवाकोट र दोलखा भेक थियो भन्ने कुरा स्पष्ट हुन्छ । दोलखा स्वतन्त्र हुँदा तथा उपत्यकाका शासक अन्तर्गत पर्दा कुनैपनि समयमा दोलखा भेकमा पशुपालनमा कमी आएको देखिँदैन । शासकहरूकै तर्फबाट राखिएका गोठहरू त्यहाँ भएबाट पशुपालनमा राम्रो प्रोत्साहन मिलेको थियो ।[१२३]
मल्लकालको उत्तरराद्धतिरका ऐतिहासिक धर:पौं हरूमा पनि विभिन्न सिलसिलामा विभिन्न किसिमका पाल्तु पशुपंक्षीको उल्लेख भएको पाइएको छ । जस्तो भूपतीन्द्र मल्लको गादेश भ्रमणको धर:पौमा घोडा, राँगो, बोका, हाँस, माछा, वध्या, थसखाजस्ता पशुपंक्षीको उल्लेख परेको छ ।[१२४] जसमा एक प्यूठानी घोडाको मूल्य २३५ मोहर (करिब ११७ रु.) छुट्याइएको छ ।[१२५] यसैगरी रणजित मल्लको विवाहको धर:पौमा यहाँ उपत्यकामा गाई, भैंसी, सुँगुर, बोका, हाँस, कुखुरा आदि पशुपंक्षीका अतिरिक्त ऊँट तथा भालुसमेत पालिएको कुराको उल्लेख परेको छ ।[१२६] यसै किसिमले उपत्यकामा तिनताका केही मात्रामा हात्ती पनि पालिन्थे । त्यसकालका शासकहरू हात्ती खेदा गर्न तराईमा मकवानी राजाहरूसँग स्वीकृत र सहयोग लिएर जान्थे भन्ने पनि उल्लेख पाइएका छन् । जस्तो कान्तिपुरका राजा भाष्करमल्ल (महीन्द्र सिंह) ले हात्ती खेदा गर्न जग्गा बिक्री गरेर त्यसबेलाको मोहर टका जुटाएथे ।[१२७] त्यस्तैगरी भक्तपुरका राजा भूपतीन्द्रमल्लले मकवानपुरका राजा माणिक्य सेनसँग मिली हात्ती खेदा गरेका थिए ।[१२८] त्यस्तैगरी भक्तपुरका अर्का राजा जितामित्र मल्लले पनि हात्तीदान गरेर 'पात्रसात्कृतगजेन्द्र' भन्ने प्रशस्ति थपेका थिए र यी राजा भाष्करमल्लले पनि हात्तीखेदा गरेर राजधानीमा एकैचोटी १३ गोटा हात्ती ल्याई 'गजपति' भन्ने प्रशस्ति थपेका थिए ।[१२९] 'भास्करमल्लले सिन्धुलीको बाटो गरी चारकोशे झाडीतिर हात्ती खेदा गर्न गई १२ गोटा हात्ती

समाई नेपाल (कान्तिपुर) ल्याएको र भक्तपुरका राजाले एउटा पनि ल्याउन नसकेको हुनाले यी राजा भास्कर मल्ललाई गजपति महीन्द्र मल्ल भनेर पण्डितहरूले नाउँ राखे भन्ने चर्चा भाषा वंशावलीमा पनि परेको छ ।[१३०] ललितपुरका मन्त्री भगीरथ भैयाले पनि राजा शुभसेनबाट उनलाई सहयोग गरेको बदलामा ४ वटा हात्ती उपहार पाएका थिए भन्ने चर्चा वंशावलीमा पाइन्छ । अभिलेखमा पनि यस कुराको उल्लेख छ ।[१३१] वि.सं. १७७९ मा नेपाल भ्रमण गर्ने पादरी डेसीडेरीले पनि उपत्यकाकामल्लराजाहरू समयसमयमा हात्तीसमाउन जान्छन् र समाएर ल्याएका हात्तीको राज्यका विभिन्न पर्व उत्सवहरूमा प्रयोग गर्दछन् भन्ने टिपोट गरेका छन् ।[१३२] प्राचीन तथा पूर्वमध्यकालमा पनि यहाँ हात्तीको प्रयोग हुन्थ्यो । प्राचीन अभिलेखमा हात्ती तथा हस्तिमार्ग (हात्ती हिँड्ने ब्राटो) को समेत उल्लेख परेको पाइन्छ । पूर्वमध्यकालमा पनि एघारौं शताब्दीमा नेपाल आएका विक्रमशील महाविहारका बौद्ध पण्डित अतीश दीपङ्करले नेपाल आउँदा साथमा एउटा 'दृष्टउषधि' नामक हात्ती ल्याएको र उक्त हात्ती यहाँका राजालाई धार्मिक कार्यका निमित्त प्रयोग गर्न भनेर उपहार दिएको समेत उल्लेख पाइएको छ ।[१३३] पादरी डेसीडेरीले त यहाँ उपत्यकाका राजदरबारमा गैंडा पनि राखिएका हुन्थे भनेर उल्लेख गरेका छन् ।[१३४] यस्ता गैंडा, हात्ती, भालु, ऊँट आदि पशुहरू उपत्यकाका राजाहरूले पालेर राखेका उदाहरण पाइए तापनि यस्ता कार्य शोखका उदाहरणको रूपमा मात्र लिन सकिन्छ । राज्यको र जनताको आर्थिक तथा सामाजिक जनजीवनमा यस्ता पशुहरूको खास कुनै प्रभाव थिएन भनेर उल्लेख गर्नु अत्युक्ति नहोला । त्यसैले पशुपालन व्यवसाय अन्तर्गत यस्ता शौखका पशुहरू पर्दैनथे ।[१३५]

डेसीडेरीले यहाँको रहनसहन, खानपान, जनजीवनका बारेमा चर्चा गर्दा पादरी लोरोको जस्तै भैंसीको मासु खाने साथै घोडा, साँडे आदि देवतालाई चढाउने, गाईलाई अन्धविश्वासका साथ (देवता) मान्ने, देवी दुर्गाभवानीको पूजामा भेडा, खसी, तथा राँगाहरूको बली दिने र त्यसदिन राज्यभरमा हजारौंहजार यस्ता जनावरहरू काट्ने गर्दछन् भनेर उल्लेख गरेका छन् ।[१३६] यसैगरी कर्कप्याट्रिकले पनि उपत्यका र आसपासका नुवाकोट आदि पहाडपवर्तको अध्ययन गरेर यहाँको पशुपालन सम्बन्धमा थप उल्लेख गरेका छन् । उनका अनुसार यहाँका पाल्तुपशुहरू बंगालको तुलनामा असल मान्न नसकिने भए तापनि चरन, पानी, घाँस आदिको पौल भएको कारण हृष्टपुष्ट हेर्न लायक र रङ्गीविरङ्गी देखिन्थे । त्यस्तै भारतीय मैदानका भन्दा यसतर्फका पाल्तुपशुहरू केही भिन्न किसिमका र देख्नमा आकर्षक भएबाट कर्कप्याट्रिक प्रभावित भएका थिए तर उनले बेलायतका पाल्तुपशुका तुलनामा चाहिँ नेपालका पशु कमसलै भएको चर्चा गरेका छन् । यसो भने तापनि नेपालका

गाईभैंसीको दूधको स्वाद भने विश्वमै सवभन्दा गुणवान ठहर्छ भनेर कर्कप्याट्रिकले वर्णन गरेका छन् ।[१३७] कर्कप्याट्रिकको वर्णनलेमल्लकालका पशुका गुणको पनि प्रतिनिधित्व गर्दछ भन्नुमा अत्युक्ति हुन्न किनकि पशुपालनको परम्परामा मध्यकाल र शाहकालको पूर्वार्द्धसम्म खास कुनै परिवर्तन आएको थिएन ।

यसरी मध्यकालमा राज्यका विभिन्न आर्थिक स्रोतहरूमध्ये पशुपालन पनि एक थियो । पशुपालनले त्यसबेलाको जनजीवन तथा कृषिक्षेत्रमा समेत महत्त्वपूर्ण भूमिका खेलेको थियो । धार्मिक, आर्थिक तथा सामाजिक आदि सबै क्षेत्रमा पशुपालनको महत्त्व थियो । आर्थिक रूपले महत्त्वपूर्ण स्थान घोडाले लिएको भए तापनि धार्मिक, सामाजिक साथै आर्थिक आदि सबै क्षेत्रमा व्यापक स्थान गाईको थियो । प्राचीनकालमा जस्तै मध्यकालमा पनि गोवध गर्न पाइँदैनथ्यो र पशुपालनमा हेलचेक्र्याइँ गरेमा सजायँको व्यवस्था समेत थियो । पशुचिकित्साको प्राचीन परम्परा पनि हटेको थिएन । भक्तपुरका राजा रणजित मल्लको विवाहको धरःपौमा पशु चिकित्साको विषयमा स्पष्ट् उल्लेख परेको छ ।[१३८] त्यसैले पशुपालनको महत्त्व तथा परम्परामा मध्यकालमा कुनै कमी आएको थिएन बरु बढावा नै दिइएको थियो ।

३.५ भूमि व्यवस्था

मध्यकालको भूमिव्यवस्थाका विषयमा अध्ययन गर्ने महत्त्वपूर्ण सामग्रीमा त्यस युगका ऐतिहासिक ताडपत्र तमसुकहरू धेरै उपयोगी सावित भएका छन् । भूमि सम्बन्धका यस्ता ताडपत्रहरू कति पुराना विहारहरूमा र कति राष्ट्रिय अभिलेखालयमा सुरक्षित रहेका छन् । यस्ता कतिपय ताडपत्रहरू नीजि सङ्कलन तथा संग्रहमा पनि पाइन्छन् । यस्ता भूमिसँग नै सम्बन्धित ऐतिहासिक पत्रहरूमध्ये केही प्रकाशमा पनि आइसकेका छन् । जस्तो पाटन उकु वहा (रुद्रवर्ण) मा संरक्षित तथा अभिलेखालयमा संरक्षित ताडपत्रहरू क्रमशः "रुद्रवर्ण महाविहारका अभिलेखहरू (बिक्री तथा धरौटीसम्बन्धी)" र "भूमिसम्वन्धी तमसुक ताडपत्र" को रूपमा प्रकाशित भएका छन् । त्यस्तै गरी उकुबहालका केही ताडपत्र "शिवद्वेव संस्कारित रुद्रवर्णमहाबिहार स्थित ताडपत्र" शीर्षकमा पनि प्रकाशित भएको पाइएको छ । यसबाहेक कति प्रकाश हुन बाँकी ताडपत्रहरू पनि यत्रतत्र पाइएका खवर प्रकाशमा आउने गरेको देखिन्छ । ठ्यासफू, धरःपौ, अन्य अभिलेख तथा कागजपत्रहरू र हस्तलिखित ग्रन्थका पुष्पिकाहरू पनि यस सन्दर्भमा कम सहयोगी बनेका छैनन् । गोपालवंशावली, भाषावंशावलीजस्ता प्रसिद्ध वंशावलीको माध्यमबाट पनि यहाँको भूमिव्यवस्था बारेमा केही जानकारी पाइन्छ ।

यस किसिमका मध्यकालिक सामग्रीहरूले प्राचीन र मध्यकालको भूमिव्यवस्थामा अन्तर आएको स्पष्टै देखाएका छन् तर मध्यकालको पूर्वार्द्धका सुरुसुरुतिरका केही शताब्दीसम्म भू-माप, भूमिकर र भू-स्वामित्व आदि कुरामा चाहिँ प्राचीनकालको भन्दा खास अन्तर आइसकेको देखिँदैन । पछिपछि भने यसमा निकै अन्तर आएको देखिन्छ । ऐतिहासिक स्रोतले इङ्गित गरेका भूमिव्यवस्था सम्बन्धमा केही कदम चलाउने राजाहरूमा आनन्ददेव (वि.सं. १२०३-१२२३) र स्थिति मल्ल पर्दछन् । स्थिति मल्लले गरेको सामाजिक तथा आर्थिक सुधारमा उनले गरेको भूमिव्यवस्थासम्बन्धी सुधारको संक्षिप्त रूप भाषावंशावलीमा वर्णित छ । आनन्ददेवका सम्बन्धमा भने उनले "घरखेतको सुक्रीबिक्रीको व्यवस्था गरे, दु:ख बाधा नहुने पारे" भनेर भूमिव्यवस्था बाँधेको कुराको सङ्केतसम्म मात्र गोपालवंशावलीमा उल्लिखित भएको छ । आनन्ददेव र स्थिति मल्लको बीच २१५ वर्षको अन्तर देखिन्छ । अझ स्थिति मल्लको सामाजिक आर्थिक सुधार र यसको व्यवस्था त उनको शासनकालको अन्त्यतिरको हुनुपर्दछ भन्ने अनुमान हुन्छ । किनकि ने.सं. ५०८ (वि.सं. १४४५) सम्मको घटना टिपिएको गोपालवंशावलीमा भाषावंशावलीमा वर्णित स्थिति मल्लको सुधारको चर्चा परेको छैन । स्थिति मल्लको जीवन तथा शासनकाल ने.सं. ५१५ भाद्रसम्म भएको हुनाले उनले आफ्नो जीवनको अन्तिम कालतिर अर्थात् ने.सं. ५०९-१५ (वि.सं. १४४६-१४५२) बीचमा सुधार कार्य गरेको हुनुपर्दछ । यसो हुँदा आनन्ददेवले गरेको भूमिव्यवस्थाको स्थिति र स्थिति मल्लले बाँधेको व्यवस्था बीच झण्डै २२५ वर्ष जतिको फरक देखिन्छ । त्यसै हुनाले दुइ शताब्दीभन्दा बढी समयसम्म पुरानै स्थिति बन्देजले भूमिव्यवस्था चल्न कठिनाइ भई बेथिति भएको र राज्यका सबै क्षेत्रमा सुधार गर्ने क्रममा भूमि सम्बन्धमा पनि नयाँ व्यवस्था बाँध्नु पर्ने आवश्यकता स्थिति मल्लजस्ता महत्त्वाकाँक्षी र पौरखी शासकलाई पर्नु स्वभाविकै हो । उता प्राचीन परम्पराले काम नचलेको हुनाले नै आनन्ददेवले पनि भूमि सम्बन्धमा नयाँ स्थिति बाँध्नु परेको थियो । "नेपालका महामण्डलिक, महापात्र आदिदेखि सारा प्रजा लगायतका छोरा नातिहरूसम्मका घरखेतको लेनदेनको व्यवस्था बाँधेर भूमिव्यवस्थामा भएको बेथिति हटाई नयाँ व्यवस्था गरिदिएका हुनाले जनतालाई त्यसपछिदेखि दु:ख, बाधा नहुने भयो" भन्ने चर्चा गोपालवंशावलीमा परेको छ ।[१३९] यस आधारबाट तिनताका राजपरिवार, सामन्त तथा जनसाधारणका घरखेतका निमित्त बेग्लाबेग्लै भूमिव्यवस्था भएको सङ्केत बुझिन्छ । समयको लामो अन्तरालमा सुधारक र प्रभावशाली राजाहरूले बेलाबेलामा नयाँ स्थिति र परम्परा चलाउने गरेका उदाहरण धेरै पाइन्छन् । यी आनन्ददेव राजा हुनुभन्दा २१ वर्ष अघिसम्म शासन गर्ने राजा शिवदेवले पनि प्राचीन मौद्रिक प्रणालीमा

परिवर्तन गरी पुराना पद्धतिको ठाउँमा, द्रम्म प्रणालीका मुद्रा चलाएका थिए ।[१४०] यसैक्रममा पछिका स्थिति मल्ल, महीन्द्र मल्ल, विष्णुमल्ल र गोरखाका राजा रामशाह आदिका सुधारहरूलाई उदाहरणको रूपमा लिन सकिन्छ ।

अब स्थिति मल्लले गरेको व्यवस्थातर्फ केही लेखाजोखा गरौं । स्थिति मल्लले कायम गरेको भूमिव्यवस्थामा जग्गाको उत्पादकत्व हेरी अबल, दोयम, सीम, चाहारको रूपमा जग्गा छुट्याई त्यस अनुरूप परिमाण निर्धारण गर्ने, घरघडेरीमा गल्ली भित्रका, गल्लीका र मूल सडकयुक्त शहरका घरघडेरी गरेर तीनथरीको व्यवस्था गरी त्यसै अनुरूप क्षेत्र परिमाण निर्धारण गर्ने, घरघडेरी, पाखोबारी र खेतको 'सुक्रीबिक्री गर्न, धितो बन्धक राखी ऋण लिन र इच्छा अनुसार दान, गुठी आदिको रूपमा वितरण गर्न प्रचलनमा भएका ढकतराजु, काँटा र पाथीकुरुवाले नाप जोख गरी यस्ता सबै किसिमका जग्गाको यस रूपले उपभोग गर्न पाउने व्यवस्था गर्ने जस्ता महत्त्वपूर्ण काम गरेका थिए ।[१४१] उनले भूमिको नापी सम्बन्धमा विशेष जोड दिएका थिए । यस विषयमा तल भू-नापको प्रसङ्गमा केही विस्तारपूर्वक चर्चा गरिने छ । यसरी स्थिति मल्लले बाँधेको भूमिसम्बन्धी व्यवस्था र आनन्ददेवले गरेको व्यवस्था एकै किसिमका थिए भन्ने कुरा सिद्ध हुन आउँछ । स्थिति मल्लको व्यवस्थामा पनि जग्गाको लेनदेन र धरौटी आदि व्यवहारिक कुरामा परेको कठिनाइलाई ध्यान दिएर स्थिति कायम भएको देखिन्छ भने आनन्ददेवको व्यवस्था पनि त्यसै उद्देश्यले प्रेरित थियो । फरक त्यतिमात्र देखिन्छ स्थिति मल्लको व्यवस्थाको विवरण केही विस्तारपूर्वक भएको पाइएको छ भने आनन्ददेवको ज्यादै संक्षिप्त मात्र । यसो भए तापनि एउटा ज्यादै महत्त्वपूर्ण तथा विचारणीय प्रसङ्ग भने यी दुवै स्रोतले उठाएको छ । त्यस विषयमा पनि यहाँ संक्षेपमा विचार गर्नु पर्ने भएको छ ।

पूर्वमध्यकालमा भूमिसम्बन्धी ऐतिहासिक सामग्रीले प्राचीनकालदेखि चल्दैआएको भूमि व्यवस्थामा समयसमयमा केही परिवर्तनहरू भएका उदाहरण प्रस्तुत गरेका छन् । जस्तो लिच्छविकालमा भूमिको कुत तथा भागकर बुझाउँदा अन्नमा बुझाउनेमा 'पिण्ड' वा 'पिण्डक' भनिन्थ्यो तर मध्यकालको पूर्वार्द्धदेखि यस्तो तोकिएको वास्तविक भूमिको भागकरलाई 'मूलपिण्ड' पनि भनिन थालेको देखिन्छ ।[१४२] त्यसैगरी मध्यकालको पूर्वार्द्धमा चलेको यस्तो 'मूलपिण्ड' को प्रयोग ने.सं. ३९६ देखि पछि भएको पाइँदैन ।[१४३] यस्तै किसिमले लिच्छविकालका अभिलेखमा जग्गाको नापमा 'भूमि' वा 'क्षेत्र' को रूपमा मात्र उल्लेख भएको पाइन्छ भने मध्यकालको पूर्वार्द्धमा आएर रोपनीको प्रयोग भएको पाइन्छ ।[१४४] ने.सं. १०३ देखिका सामग्रीदेखि रोपनीको प्रयोग भएको देखिनाले मध्यकालका पूर्वार्द्धका राजा गुणकामदेवका शासनकाल तथा त्यसैका

आसपासमा पनि एकपल्ट भूमिव्यवस्थामा सुधार गरिएको सङ्केत मिलेको छ। हुन त लिंच्छविकालभन्दा पछि नेपाल संवत्को पहिलो शताब्दी बीचमा नै एकपल्ट भूमिव्यवस्थामा सुधार भएको कुरा केही अन्वेषकहरूले उल्लेख गरेका छन्[१४५] तर ने.सं. १०३ को भर्खरै उल्लेख गरिएको उदाहरण, ने.सं. २६७-८७ वीचको आनन्ददेवको सुधारको उदाहरण, ने.सं. ३२६ ताकादेखि भएको 'मूलपिण्ड' प्रयोग र अन्त्यजस्ता उदाहरणमात्र हाम्रो अगाडि छन्। पाटन उकुवहा (रुद्रवर्ण) का ताडपत्रहरूमा उल्लिखित प्रमानका आधारमा मध्यकालको भूमिव्यवस्था तथा भूमिप्रशासनमा एकपल्ट ने.सं. २९६ र ३२६ बीचमा पनि परिवर्तन भएको देखिन्छ।[१४६] यसै परिवर्तनले जग्गाको बेचबिखन गर्दा सरकारको स्वीकृति आवश्यक हुने समेत परम्परा नियमकै रूपमा चलेको थियो।[१४७] तर गोपालवंशावलीको वर्णनवाट भने जग्गा बेचबिखनमा सरकारको दृष्टि यसभन्दा १०-१५ वर्षअगाडि अर्थात् आनन्ददेवको शासनकालदेखि नै पर्न थालेको स्पष्ट रूपमा बुझिन्छ।[१४८]

उता ने.सं. ५१०-५१५ ताका कायम भएको भूमिव्यवस्थामा त्यसअघि जनताले आफूखुसी जग्गा किनबेच गर्न, धरौटी राख्न, देवीदेवताको गुठी राख्न, दान दिनसमेत पाउने व्यवस्था थिएन, स्थिति मल्लले आफ्नो सुधारको क्रममा उक्त छुट दिए भन्ने चर्चा परेको छ[१४९] तर अहिले प्राप्त हुन आएका ने.सं. १०३ देखिका ऐतिहासिक ताडपत्रहरूले जग्गाजमिन बिहारजस्ता धार्मिक मठमन्दिरलाई चढाउन, धरौटी राख्न, किनबेच गर्न तथा भूमिवाट प्राप्त हुने 'मूलपिंण्डक' मात्र दान दिन जस्तो हरेक रूपबाट चलाउने चलन त्यसै बेलादेखि नै राम्रैसँग चलिसकेको देखिन आएको छ[१५०] तर पनि स्थिति मल्लले यस काममा व्यापकता ल्याई सर्वसुलभ व्यवस्थाको रूपमा चलाइदिएका थिए कि ? भन्ने अनुमान भने सजिलै हुन्छ। अर्को कुरा ने.सं. २९६ र ३२६ बीचमा भूमिव्यवस्थामा परिवर्तन आएको र त्यसै बेलादेखि बेचबिखनमा तथा भूमिसम्बन्धी काममा सरकारको स्वीकृति आवश्यक पर्ने भयो भन्ने विषयमा पनि माथि चर्चा गरियो। त्यसैले स्थिति मल्लले लेनदेनको प्रमानका निमित्त मात्र सम्बन्धित सरकारी अधिकारीका तर्फबाट छापलाई प्रमाणित गर्ने तर लेनदेनका निमित्त पूर्वस्वीकृति लिनुपर्ने गराइदिएको पनि हुन सक्दछ। लिच्छविकालमा जग्गा बेचबिखन, धरौटी तथा दानका निमित्त सरकार (राजदरबार) सँग स्वीकृति लिनु पर्थ्यो, पर्दैनथ्यो भन्ने विषयमा जानकारी नपाइए तापनि राजा तथा राजपरिवारसँग सम्बन्धित व्यक्ति तथा सामन्त, अमात्य तथा उच्च अधिकारी वा भारदारले मात्र नभएर ठूल्ठूला व्यापारी तथा अन्य धार्मिक प्रवृत्ति भएका जनताहरूबाटै पनि जग्गा देवगुठीको रूपमा दिएर दान दिने परम्परा भने राम्रैसँग चलेको थियो। सुक्रिबिक्री, लेनदेन सम्बन्धमा पनि

तिनताका भूमिसम्बन्धी व्यवस्था हेर्ने छुट्टै अड्डाको व्यवस्था र मध्यकालमा जस्तै यस्तो लेनदेनको प्रमाणित प्रमानपूर्जा राख्ने परम्परा पनि चलेको थियो । यस्तो बेचबिखन भएका प्रमानपूर्जा वा क्रयबिक्रय पत्रलाई त्यसबेला 'लेख्यदान' भनिन्थ्यो ।[१५१] यसबाट जग्गाको किनबेच व्यवस्था पहिले प्राचीनकालमा भए तापनि पछि त्यसमा पनि केही परिवर्तन आएको सङ्केत मिल्दछ ।

यस किसिमले मध्यकालको सुरुदेखि नै यहाँका शासकहरूको भूमिव्यवस्थाका सम्बन्धमा ध्यान जाने गरेको देखिन्छ । यस परम्परालाई पछिल्लाकालका मल्ल राजाहरले पनि छाडेनन् ।

३.५.१ जग्गाका किसिम तथा भू-स्वामित्व

मध्यकालमा समयको अन्तरले पनि प्राचीनकालको तुलनामा आवादी जग्गाको क्षेत्र परिमाणमा वृद्धि हुनु स्वाभाविकै हो तापनि विस्तारविस्तार आवादी जग्गाहरू विर्ता तथा गुठीमा परिणत हुँदै जाँदा मध्यकालको पछिल्ला शताव्दीहरू (अर्थात् मल्लकाल) सम्मका सम्पूर्ण जग्गाको अधिक भाग विर्ता र गुठीअन्तर्गत पर्न गए । त्यसै हुनाले भूमिबाट राजकीय ढुकुटीमा आउने आम्दानीमा निकै ह्रास आएको थियो । मध्यकालको भूमिव्यवस्थामा कतिपय जग्गाहरू राजा तथा राजपरिवारको अधीनमा हुन्थे । भू-स्वामित्व राजपरिवारमै कायम भएका यस्ता जग्गालाई 'राजभूमि' वा 'राजक्षेत्र' भनिन्थ्यो । यसबाहेक आवादी भएर भू-स्वामित्व निश्चित भैनसकेका राज्यभित्रका अरू जग्गाहरूलाई पनि 'राजक्षेत्र' नै भनिन्थ्यो । यसमा जागिर विर्ता, गुठीदेखि बाहेक प्रतिजग्गा तथा अरू आवाद जग्गाहरू पर्दथे । पछिपछि यस्ता राजपरिवारमै भू-स्वामित्व कायम भएका बाहेक अरू किसिमका 'राजक्षेत्रलाई' रैकर भन्न थालेको देखिन्छ । यसरी मध्यकालमा राजक्षेत्र (रैकर), विर्ता, जागिर र गुठीका रूपमा सम्पूर्ण आवादी जग्गाहरू विभक्त थिए । यस कालमा जग्गाधनीको भू-स्वामित्व सुरक्षित थियो ।

मध्यकालको भूमिव्यवस्थामा धर्म तथा परम्पराको गहिरो छाप परेको थियो । यसले गर्दा राज्यभित्रका सबै किसिमका जग्गाको स्वामि (भू-स्वामि) को रूपमा राजालाई मानिन्थ्यो । त्यसै हुनाले राज्यभित्रका जग्गाहरूलाई दान, विर्ता, जागिर, गुठी आदिका रूपमा पजनी गर्न र यसरी भू-स्वामित्व निश्चय गरिदिएका बाहेक अरू 'राजक्षेत्र' (रैकर) जग्गाहरूबाट पनि 'भाग' को रूपमा 'भूमिकर' लिन पाउने अधिकार राजाले नै पाएका हुन्थे । एककिसिमले आदर्शको रूपमा राज्यभित्रका सम्पूर्ण सम्पत्ति राजाको नै मान्ने परम्परा कायमै थियो । भूमिको अधिकार जुन विर्तावाल, जागिरदार, ब्राह्मण, सन्त महन्त, गुठीयारहरू तथा साधारण कृषकहरूले पाएका हुन्थे, राजाले सबैबाट कुनै न कुनै

सेवासुविधा लिएकै हुन्थे । साधारण कृषकहरूले त राजालाई 'भूमिकर' तिरेर मात्र जग्गाको अधिकार प्राप्त गर्दथ्यो । त्यसयुगमा पछि शाहकालमा जस्तो जमिन्दारी, प्रथा भने थिएन ।[१५२] यसो भए तापनि अधिकांश जग्गाहरू माथिल्ला वर्गका राज कर्मचारी (भारदारहरू) राजपरिवार तथा धनीवर्गको हातमा थियो ।

राजक्षेत्र

राजक्षेत्रको बारेमा थोरै चर्चा भर्खरै गरियो । यसअन्तर्गत २ थरी भूमिहरू हुन्थे भन्ने कुराको पनि उल्लेख गरियो । एकथरी सोझै राजा वा राजपरिवारका सदस्यहरूका नाममा नै भू-स्वामित्व कायम भएका र अर्को थरी चाहिँ गुठी, विर्ता, जागिर बाहेकका सर्वसाधारणले राजालाई (सरकारलाई) भूमिकर बुझाएर उपभोग गर्ने जग्गा हुन्थे । ऐतिहासिक कागजपत्रमा पहिलो राजक्षेत्रलाई 'राजकुलक्षेत्र' 'राज्ञः क्षेत्र' भनेर पनि उल्लेख भएको पाइन्छ ।[१५३] मध्यकालका ऐतिहासिक तमसुक ताडपत्र तथा अभिलेखहरूमां राजदरबारका सदस्यहरूका नाममा यस्ता उब्जाउ जग्गाहरू राखिएका उदाहरण अरू पनि धेरै नै पाइएका छन् । यस्ता जग्गामा भूमिकर लाग्दैनथ्यो । अरू किसिमका बुझाउनु पर्ने अस्थायी तथा स्थायी कुनै पनि किसिमका शुल्क यस्ता जग्गबाट उठाइदैनथ्यो । लिच्छविकालमा पनि 'शीताटिका' भन्ने उल्लेख यस्तै जग्गालाई बुझाउन प्रयोग गरिएको जस्तो बुझिन्छ । यस्ता राजकुलका जग्गा मध्येबाट पनि राजाहरू कहिलेकाहीँ दान, गुठी, र विर्ताको रूपमा जग्गा वितरण गर्ने गर्दथे तर राजकुलका जग्गाबाटै यसरी गुठी, विर्ता आदिको रूपमा जग्गा दिएका उदाहरण कम मात्र पाइएका छन् ।

अर्को थरी राजक्षेत्रमा गुठी, विर्ता, जागिर बाहेकका राज्यभित्रका जग्गाहरू हुन्थे । त्यस्ता जग्गा मध्ये आवादी भइसकेका जग्गाबाट राजाले 'भूमिकर' को रूपमा राजकोषका निमित्त महसुल लिएर भू-स्वामित्व निश्चित गरिदिएका हुन्थे । आवाद नभएका जग्गाहरूमा पनि आवाद योग्यलाई विभिन्न रूपमा राजाले पजनी गर्ने गर्दथे । आवाद नहुने लेक, पाखो नै पनि खर्क तथा घाँस विर्ताको रूपमा राजाले पजनी गर्ने गर्दथे ।[१५४] त्यसैले 'राजक्षेत्र' अन्तर्गत पर्ने जग्गाहरू राजाको स्वेच्छाले गुठी, विर्ता, जागिर आदि जुनसुकै रूपमा तुरुन्त परिवर्तन हुन सक्दथ्यो ।

मध्यकालको सुरुताकाका कागजपत्रमा यहाँ उल्लिखित पहिलो किसिमका 'राजभूमि' को उल्लेख नपाइएको हुनाले राजकुलका जग्गा तिनताका कमै भएको सङ्केत मिल्दछ तर पात्रकूलका जग्गाहरूको भने प्रशस्त उल्लेख पाइन्छ । पात्रकूल पनि राजपरिवारसँग सम्बन्धित हुनाले राजकूलका अधिकारमा पनि

केही जग्गाहरू अवश्य हुन्थे भनेर भन्न भने सजिलै सकिन्छ तर यस्ता जग्गाको परिमाणमा मध्यकालको उत्तरार्द्धताका आएर अझ वृद्धि हुन पुग्यो ।

विर्ता जग्गा

राज्य सञ्चालनको क्रममा शासकहरूले राजनीतिक तथा सामाजिक उद्देश्य प्राप्तिका निमित्त सम्बन्धित क्षेत्रमा महत्त्वपूर्ण भूमिका निभाउने व्यक्तिलाई जग्गा विर्ता दिने परम्परा प्राचीनतम् युगदेखि नै चलिआएको देखिन्छ । प्राचीनकालका अभिलेखहरूबाट त्यस युगमा पनि नेपालमा विर्ता प्रथा थियो भन्ने कुरा स्पष्ट भएको छ । तिनताका विर्ता जग्गालाई 'अग्रहार' भनिन्थ्यो र विर्ता जग्गा पाउनेलाई 'वार्त' भनिन्थ्यो ।[१५५] यस्तो विर्ता पाउने व्यक्तिहरू प्रायः प्रभावशाली, धनी तथा शासकहरूसँग सम्बन्धित नै हुन्थे । मध्यकालमा पनि विर्ता जग्गाहरू यस्तै धनी र शासकवर्गकै हातमा बढी थिए ।[१५६] यस्ता विर्ता जग्गाका पनि धेरै भेद हुन्थे । जस्तो– 'कुश वृत्ति', 'ब्रह्म वृत्ति', 'विर्ता', 'सुनाविर्ता', 'खर्क', 'घाँस वृत्ति', 'पोता वृत्ति' आदि ।[१५७] 'जागिर' पनि विर्ताकै एक भेद थियो भन्नुमा अत्युक्ति हुँदैन ।

'कुश वृत्ति', 'ब्रह्म वृत्ति' वा 'कुश विर्ता' भन्नाले ब्राह्मण तथा धर्माधिकारीहरूलाई धार्मिक सेवा कार्य गरेबापत दिइने वृत्ति बुझिन्छ ।[१५८] मध्यकालका ऐतिहासिक पत्रहरूमा यस्तो 'कुश' वा 'ब्रह्म वृत्ति' को प्रशस्त उल्लेख भएको पाइन्छ । मल्ल राजाहरूले ब्राह्मण पण्डितलाई मात्र नभएर बौद्ध भिक्षुहरू (लामाहरू) लाई समेत 'कुश वृत्ति' दिएका उदाहरण पाइएका छन् । जस्तो भक्तपुरका राजा रणजित मल्लले भूटानका लामालाई 'कुश विर्ता' को रूपमा जग्गा दान दिएका थिए ।[१५९] यस समयताका लामाहरूलाई कुश विर्ता दिने परम्परा उपत्यका बाहिर पनि चलेको थियो । गोरखाका राजा राम शाहले पनि भूटानी लामालाई यस्तो दान विर्ता दिएका थिए ।[१६०] यसैगरी गोरखाकै राजा नरभूपाल शाहबाट पनि रसुवा जिल्लामा पर्ने नागथली गोन्पा र त्यसले चर्चेका गाउँ सहित जग्गाहरू ल्होपा (भूटानी) लामालाई 'कुश विर्ता' दिएका थिए ।[१६१] प्रायः गरेर यस्ता विर्ता जग्गामा पूर्ण भू-स्वामित्व विर्ता पाउनेलाई प्रदान गरिएको हुन्थ्यो तर दान दिँदा कहिलेकाहीँ निश्चित बन्देजहरू पनि राखिएका हुन्थे । यस विषयमा तल वर्णन गरिने छ ।

अर्कोथरी विर्ताको भेद 'सुना', वा 'सोना विर्ता' थियो । राजाले केही सुवर्णदाम, सुवर्ण मूल्य (सुन) सलामीको रूपमा लिएर राजा तथा जनताको हित गर्ने र राजाका मनले खाएका व्यक्तिहरूलाई दिइने विर्तालाई 'सुनाविर्ता' भनिन्थ्यो । तिनताका कहिलेकाहीँ सुनको बदलामा नगद रूपैयाँ नै पनि दर्शनभेटी वा सलामीको रूपमा लिएर जग्गा विर्ता दिने परम्परा प्रशस्त

मात्रामा चलेको थियो । जस्तो ने.सं. ७७१ मा राजा प्रताप मल्लले गोपीसिंह चित्रकारलाई दर्शन भेटी ५ रु. र २ सुका लिएर १ चुल जग्गा दिएका थिए ।[१६२] त्यसैगरी ने.सं ६४९ मा राजा प्राणमल्लले कमलराज वँद्देललाई सुवर्ण पुष्पमाला दर्शनीको रूपमा लिएर जग्गा विर्ता दिएका थिए ।[१६३] यी १-२ वटा त उदाहरणमात्र हुन्, यस्ता तथ्य यति पाइएका छन् जसको सम्पूर्ण उल्लेख यस अध्ययनको क्रममा गरेर साध्य नै छैन । खासगरी मध्यकालका उत्तरार्द्धका मात्र यस्ता सामग्री पाइएका छन् । यस्तै किसिमले ज्यादै न्यूनरूपमा भूमिकर तिर्नुपर्ने अर्थात् भूमिकरमा आंशिक छुट दिइएका पनि 'विर्ता' जग्गा हुन्थे । यस्ता विर्तालाई 'पोता विर्ता' अर्थात् मालपोत बुझाउने गरि दिइएको विर्ता जग्गा भन्ने बुझिन्छ ।[१६४]

मध्यकालमा चलेको अर्को किसिमको 'विर्ता', 'खर्क' तथा 'घाँस' 'विर्ता' हो । यस किसिमको विर्ता जग्गाको उल्लेख दोलखा भेकका ऐतिहासिक पत्रमा स्पष्ट रूपमा पाइएको छ ।[१६५] गौचरन आदिका निमित्त जंग्गाको व्यवस्था गरिएका अन्यत्र पनि उल्लेख पाइएका छन् ।[१६६] प्राचीनकालदेखि शाहकालसम्म नै नेपालमा खर्क, गौचरन आदिको व्यवस्था गर्ने परम्परा लोकप्रिय रूपमा चलेको देखिन्छ ।[१६७] राजा महिन्द्र सिंह, राजा जगज्जय मल्ल तथा पछि शाहकालमा बहादुर शाहबाट यस्तो खर्क वा घाँस विर्ता दिएका वा थामेका उल्लेख पाइएका छन् ।

यस्ता विर्ता जग्गा मध्यकालमा खासगरी प्रभावशाली धनी वर्ग, भारदार तथा धार्मिक व्यक्तित्वहरूलाई बढी दिएको देखिए तापनि देश तथा जनताको भलाइका काममा संलग्न व्यक्तिहरूलाई नै प्रायः शासकहरूले दिने गर्दथे । शाहकालको सुरुसुरुसम्म पनि मल्लकालको त्यो पुरानु परम्परा कायम थियो ।[१६८] जस्तो पृथ्वीनारायण शाहले दिएका विर्ता जग्गाको इतिहास खोज्दा सतप्रतिशत नै जसो उद्देश्ययुक्त रूपले विर्ता वितरण गरेको देखिन्छ तर पछि-पछि भने मुलाहिजा तथा सम्पर्कका आधारमा बडेबडे विर्ताहरू बाँडिएका देखिन्छन् ।

यस्ता विर्ता जग्गाहरूमा प्रायः भूमिकर तथा कहिलेकाहीं सबै किसिमका करमुक्त गरिएको पनि हुन्थ्यो । विर्ताजग्गा भित्रका गाउँ तथा जनता समेत प्रायः विर्तावालकै अधीनमा हुन्थे । विर्तावालले आफ्ना भाइभाइमा सम्पत्तिको अंशबण्डा गर्दा 'प्रजा' अर्थात् विर्ता भित्र बस्ने जनता समेतको बाँड्फाँड गर्थे ।[१६९] कतिपय विर्ताजग्गामा विर्तावालहरूलाई विर्ताजग्गामा बस्ने प्रजाहरूलाई गर्नु नपर्ने काम समेत लाएर दुःख दिन पाइँदैन, राजाका प्रजा जति राजाकै हुन्छन् भन्ने जस्ता बन्देज लगाईएका उल्लेख पनि पाइएका छन् ।[१७०]

जग्गा दिँदा अधिकांश तमसुक तथा ताम्रपत्रमा 'स्वाधिनेन तेनानिवृत्तिकै न्यायेन क्रयेन विक्रयतम्भवति', 'स्वाधिनेन वर्त्तक न्यायेन', 'न्यायेन क्रयेन बिक्रीयतम् भवति' 'अनिवर्तक न्यायेन बिक्रीताम् भवति' जस्ता वाक्यहरू उल्लिखित गर्ने परम्परा मध्यकालका पूर्वार्द्धदेखिकै ताडपत्र तमसुकहरूमा चलेको देखिन्छ ।[१७१] उपर्युक्त उल्लेखबाट जग्गामा पूर्णअधिकार तथा पूर्णस्वामित्व उपभोग गर्न पाइने अर्थात् परम्परागत नियमबमोजिम आफ्नै इच्छाअनुसार बेचबिखन तथा उपभोग गर्न पाइने भन्ने बुझिन्छ । यसमा पनि 'स्वाधिनेन क्रयी-विक्रयी भवति' भन्ने वाक्यले आफ्नै इच्छाअनुसार किनबेच गर्न पाइने अर्थात् उपभोग गर्न पाइने भन्ने बुझिन्छ । एकातिर यसरी मूल्य लिएर वितरण गरिएका जग्गामा पूर्णस्वामित्वको अधिकार दिइएको देखिन्छ भने अर्कोतर्फ कहीँकहीँ भने सरकारको (राजाको) स्वीकृति विना व्यक्तिलाई दिइएको जग्गा सुक्रीबिक्री गर्न नपाइने बन्देज पनि लगाईएको हुन्थ्यो । यस्ता उदाहरण राजनीतिक उद्देश्यका निमित्त न्यूनमूल्यमा प्रदान गरिएका जग्गासँग सम्बन्धित पत्रमा उल्लिखित भएको पाइएको छ ।[१७२] कुनैकुनै पत्रमा स्वामित्व बकस नगरेर उब्जनी मात्र खान पाउने गरी दिएका समेत स्पष्टै उदाहरण पाइएका छन् । जस्तो ने.सं. ८३६ को महीन्द्र सिंहको पत्र ।[१७३]

प्राचीनकालमा पनि विर्ताजग्गामा केही बन्देजहरू अवश्य थिए । विर्ताजग्गाबाट 'भागकर' माफ गरिएको भए तापनि 'झारा' 'विष्टी', चाहिँ तोकिएबमोजिम तिर्नुपर्ने परम्परा भएको तथ्य अभिलेखमा उल्लिखित छ ।[१७४] सायद यति भनेर तोकिएका झारा विष्टी वा यस्तै सरकारले लिने सुविधा बुझाए पछि विर्ता जग्गामाथिको पूर्ण अधिकार (विर्ता जग्गाका प्रजा माथिको लगायत) विर्तावालले पाउँदथे ।

जागिर जग्गा

राज्यका उच्चपदस्थ कर्मचारीहरूलाई राज्यको सेवा गरेबापत जागिरको रूपमा जग्गा दिने परम्परा धेरै पुरानु हो । हाम्रो यहाँ पनि प्राचीनकालदेखि नै यस्तो प्रथा चलेको प्रमान पाइएको छ । अंशुवर्माको समयदेखिमात्र कर्मचारीलाई नगदको रूपमा पनि पारिश्रमिक दिने परम्पराको थालनीसम्म भएको देखिन्छ । त्यो पनि पूर्णरूपमा होइन । मध्यकालमा पनि यो परम्परा कायमै रहेको देखिन्छ । अझ पछि आधुनिककालको पूर्वार्द्धसम्म पनि यस्तो प्रथा नेपालमा चलिरहेकै थियो । जागिरको रूपमा दिइएका जग्गामा प्रायः पूर्ण भू-स्वामित्व नपाइने हुनाले अस्थायी रूपका हुन्थे । धेरैजसो जागिरका जग्गा एक वर्षका निमित्त दिइन्थ्यो । यस प्रथाले गर्दा प्रतिवर्ष जग्गा पजनी गर्ने काम भइरहन्थ्यो तर विशेष अवस्था र परिस्थितिमा यस्तो जागिर जग्गा स्थायी तथा बढी

समयका निमित्त दिइएका उल्लेख पनि पाइन्छन् । विशेष रूपले दिइएका जागिरका जग्गामा जागिरको जग्गाको आम्दानी बाहेक उक्त जग्गाको दण्डकुण्ड, पंचखतसम्बन्धी ठूला अपराधका दण्डबाट प्राप्त रकम, अपुताली, सलामी र लगायतसमेत उठाई खान पाउने अधिकार पनि दिइन्थ्यो ।[१७५]

मध्यकालमा जागिर प्राप्त गर्न राजामा विन्तीपत्र राख्ने परम्परा पनि थियो ।[१७६] जागिर पाउँदा बेताली (पगरी) पनि पाउँदथे । त्यसैले 'जागिरको बेताली पाइयो' भन्ने जस्ता उल्लेख ऐतिहासिक पत्रमा परेको छ ।[१७७] यही कारणले जागिर जग्गाअन्तर्गतका गाउँलाई 'बेताली ग्राम' पनि भन्ने परम्परा मल्लकालमा चलेको थियो ।[१७८] यस्तो जागिरको रूपमा जग्गा पाउने अधिकारीवर्गमा अमात्य, प्रधान वा प्रमान, दुवाल(द्वारे) प्रजापञ्च वा पञ्चप्रमान, उमरा आदि पर्दथे ।

पछि उपत्यका विजय गरेको लगत्तैपछि पृथ्वीनारायण शाहले नुवाकोटका द्वारेलाई गरिदिएको जागिरको लालमोहरबाट लामो अवधि र विशेष अधिकारसमेत दिएर जागिर दिइन्थ्यो भन्ने स्पष्ट प्रमान मिलेको छ ।[१७९]

गुठीजग्गा

मध्यकालमा सम्पूर्ण आवादी जग्गाको बढी ह्रिस्सा विर्ता र गुठीअन्तर्गत पर्दथ्यो । त्यसपछि राजभूमि हुन्थ्यो । अनिमात्र साधारण रैकर जग्गा हुन्थे । गुठीजग्गा पनि विर्ताजग्गा जस्तै नै हुन्थे । किनकि गुठीको रूपमा राखिएका जग्गामा पनि भूमिकर लाग्दैनथ्यो र सर्वकर अकर गरिएको हुन्थ्यो । गुठीजग्गा भित्रका लगायत तथा प्रजामाथि विर्तामा जस्तै गुठीयारहरूको अधिकार हुन्थ्यो ।[१८०] गुठीजग्गाका पनि त्यसैबेलादेखि केही भेद थिए जसमा धार्मिक, सांस्कृतिक भावना तथा गतिविधिले भूमिका खेलेको हुन्थ्यो । मध्यकालमा यस्ता धार्मिक, सांस्कृतिक गतिविधिमा अत्यधिक वृद्धि भएको थियो । विहार, मठमन्दिर, धारा, पाटीपौवा, धर्मशाला, मेलापर्व, स्थानीय तथा राष्ट्रिय उत्सव, जात्रा तथा विशेष पूजाआजाका निमित्त जग्गा गुठी राखिएका देखिन्छन् । यसबाहेक सोझै सामाजिक सेवा कार्य गर्ने संस्था (गुठी) हरू पनि मध्यकालमा प्रशस्त थिए । त्यस्ता संस्थाका कार्यसंचालनका निमित्त पनि स्थायी सम्पत्तिको रूपमा जग्गा गुठी राखिएका उदाहरण पाइएका छन् ।[१८१] त्यस्तै गरेर दिवंगत पितृहरूको तर्पण श्राद्धादिका निमित्त पनि जग्गा गुठी राखिएका उदाहरण पाइएका छन् ।

त्यसैले गुठीजग्गाहरू धार्मिक तथा लोकिक दुवै रूपका हुन्थे । त्यसमा पनि कतिपय गुठीजग्गाहरू राजाहरूबाटै वा राज्यको तर्फबाट राखिएका (राजगुठी) र कतिपय जग्गाहरू नीजि तथा समूह वा क्षेत्रगत रूपमा राखिएका पनि हुन्थे ।

गुठीजग्गाको व्यवस्था नेपालमा प्राचीनकालदेखि नै चलेको थियो । त्यसैबेलादेखि यहाँ धार्मिक तथा लौकिक गुठी (गोष्ठी) हरू थिए । यस्ता गुठी तथा मठमन्दिर, विहार आदिका निमित्त जग्गा राखिएका उदाहरण लिच्छवि अभिलेखमा पनि ठाउँठाउँमा पाइएका छन् । यो परम्परा मध्यकालमा पनि हराएन बरु अझ वृद्धि भयो । गुठीहरू थपिए, देवालय, धर्मशाला, विहार, पाटीपौवा, धारा आदि सांस्कृतिक स्मारकहरू बढे, जसको फलस्वरूप गुठीजग्गाको संख्यामा पनि वृद्धि हुनु स्वभाविकै हो । मध्यकालका अहिलेसम्म प्राप्त ऐतिहासिक सामग्रीमा सुरुसुरुदेखि नै विहार तथा मन्दिरका गुठीजग्गाको उल्लेख पाइएको छ । जस्तो पाटन उकु वहाल (रुद्रवर्ण) मा प्राप्त भूमिसँग सम्बन्धित ताडपत्रहरूमध्ये सबैभन्दा पुरानु अर्थात् ने.सं. १०३ (वि.सं. १०४०) कै ताडपत्रमा 'श्रीपरिनिर्वाण' नामक विहारको गुठीजग्गाको उल्लेख परेको छ ।[१८२] यसैगरी ने.सं. १२५ (वि.सं. १०६२) को राजा निर्भयदेवका पालाको भक्तपुर भैरबस्थानमा प्राप्त एउटा अभिलेखमा एक देवस्थलका निमित्त १२ मानिका धान उठ्ती हुने खेत भक्तपुरको शिवग्वलको उत्तर टोलमा बस्ने जयचतुपाक भन्ने व्यक्तिले गुठीको रूपमा चढाएको उल्लेख पाइएको छ ।[१८३] यसपछि पनि अटूट रूपले मध्यकालको अन्त्यसम्म नै विभिन्न किसिमका धार्मिक तथा सामाजिक उद्देश्यले राखिएका गुठीजग्गाको उल्लेख तात्कालिक अभिलेख, ताडपत्र तथा अन्य कागजपत्रहरूमा परेको छ । यस्ता सम्पूर्ण गुठीजग्गाका विषयमा प्रकाशित सामग्रीहरूको मात्र पनि उल्लेख गर्न यहाँ सम्भव छैन । अझ अप्रकाशित सामग्रीहरू पनि धेरै नै सङ्कलित भइसकेका छन् । यस्ता सबै किसिमका ऐतिहासिक सामग्रीहरूको अध्ययनबाट जागिर, विर्तामात्र नभएर गुठीजग्गासमेत अधिकांश रूपमा राजा तथा राजपरिवारका अन्य सदस्यहरूबाटै राखिन्थ्यो भन्ने कुरा स्पष्ट रूपमा बुझ्न सकिन्छ । त्यसैगरी कुलीन परिवारहरू, भारदारहरू र धनीवर्गबाट पनि गुठी राख्ने चलन लोकप्रिय थियो तर यसरी गुठीजग्गा विभिन्न धार्मिक, सामाजिक संस्था तथा परम्पराको संख्यात्मक वृद्धिका कारण धेरै भए तापनि एउटै संस्था तथा एउटै उद्देश्यका निमित्त भने धेरै हुँदैनथ्यो । उपत्यका भित्र सबैभन्दा ठूलो गुठीजग्गा एकैठाउँमा राखिएकोमा १५०० रोपनी सम्मको उल्लेख पाइएको चर्चा डि.आर. रेग्मीले गरेका छन्[१८४] तर धेरै सामग्रीहरूमा १ देखि ५ रोपनीसम्मको जग्गा गुठीको रूपमा राखिएको उल्लेख पाइन्छ । त्यसपछि २५ देखि ५० रोपनीसम्म केही र १०० रोपनीभन्दा अधिक गुठीजग्गा राखिएका उदाहरण कमै मात्र पाइन्छन् । त्यसमा पनि २५-३० रोपनीभन्दा बढी जग्गा राजा, राजपरिवारका सदस्य तथा तिनका नातेदार र अमात्य, भारादारहरूबाट मात्र राखिएको पाइन्छ । जनसाधारणले भने न्यूनतम जग्गादेखि लिएर १०-१५ रोपनीसम्म गुठी राखेका

उदाहरण पाइन्छन् ।[१८५] तर ठूल्ठूला व्यापारी र भिक्षुहरूबाट भने धेरै जग्गा गुठीका निमित्त राख्न सक्दथे भन्ने देखिएको छ । माथि भर्खरै मध्यकालका सबैभन्दा पुराना गुठीजग्गाको विषयका ऐतिहासिक पत्रहरूको विषयमा चर्चा गरियो । यो परम्परा अटूट रूपमा मध्यकालभर बढो लोकप्रिय रूपमा चलेंको कुराको पनि चर्चा गरियो । यसको प्रमानका निमित्त यहाँ मध्यकालका अन्तिम राजाहरूका समयमा राखिएका केही गुठीजग्गाको बारेमा चर्चा गर्नु सान्दर्भिक हुन्छ ।

यस सन्दर्भमा कान्तिपुर र भक्तपुरका केही गुठीजग्गाको यहाँ उल्लेख गरिन्छ । जस्तो ने.सं. ८६२ मा भक्तपुरका अन्तिम राजा रणजित मल्लको शासनकालमा १०५ रोपनी जग्गा गुठी राखेको चर्चा पाइएको छ ।[१८६] यसैगरी कान्तिपुरका अन्तिम राजा जयप्रकाश मल्लले ने.सं. ८८३ मंसिरमा गोरखनाथ मन्दिरको गुठीको रूपमा ७२ रोपनी जग्गा राखिदिएका थिए ।[१८७] त्यस्तै ने.सं. ८५० मा भक्तपुरका माहाधीन नामक 'भारोले धुलिखेलमा १ रोपनी २ कर्ष जग्गा महादेवका निम्ति र भगवतीको पूजाका निमित्त गुठी राखिदिएका थिए ।[१८८] देवदेवीका र संस्थागत गुठीजग्गाका विषयमा चर्चा मल्लकालका ऐतिहासिक धर:पौहरूमा पनि परेका पाइन्छ । जस्तो भक्तपुरका राजा रणजीत मल्लको विवाहको धर:पौमा पनि परेको पाइएको छ ।[१८९] यस्ता गुठीजग्गाका विषयमा मध्यकालका उत्तरार्द्धका भूमिसम्बन्धी तमसुक सोझै गुठीसँग नै सम्बन्धित ताडपत्रहरूमा तथा विभिन्न जग्गा सुक्रिबिक्री, दान, विर्ता, धरौटी, अंशबण्डा आदिको क्रममा लेखिएका ताडपत्रमा साँध-सिमाना दिने क्रममा समेत प्रशस्त उल्लेख भएको पाइन्छ । त्यसैगरी तात्कालिक ठ्यासफू तथा अधिकांश शिलालेखहरूमा पनि त्यत्तिकै उल्लेख भएको पाइन्छ । मन्दिरहरूसँग सम्बन्धित अधिकांश अभिलेखहरूमा गुठीजग्गाको विषयमा चर्चा गरिएको पाइन्छ । जस्तो राजा यक्ष मल्लको ठिमीको अभिलेखमा महादेव मन्दिरका निमित्त ५ रोपनी जग्गा त्यहाँका द्वारेले गुठी राखेको कुराको चर्चा छ ।[१९०] यक्ष मल्लकै समयको पशुपति भैरबको अभिलेखमा पनि १४ रोपनी खेत गुठी राखिएको चर्चा छ ।[१९१] यस्तै गरेर यक्ष मल्लकै शासनकालको ने.सं. ५८५ को काठमाडौं मरुसत्तलको ताम्रपत्रमा पनि ९ रोपनी गुठी राखेको चर्चा छ ।[१९२] यक्ष मल्लकै समयको पशुपतिको ताम्रपत्रमा यक्ष मल्लकी आमा संसारदेवीको शालिक राखेको बेला अनेक धार्मिक कार्यका निमित्त एकैपल्ट ९-१० ठाउँमा जग्गा गुठी गखेको चर्चा छ ।[१९३] ने.सं. ६९२ को गङ्गादेवीको अभिलेखमा भक्तपरको एउटा विहारलाई २०० रोपनी जग्गा गुठी राखिदिएको चर्चा परेको छ ।[१९४] यसैगरी ने.सं. ७६३ मा प्रताप मल्लका काजी भीम मल्लले यटखा टोलको शिव मन्दिरका निम्ति ६२ रोपनी जग्गा, ने.सं. ७८१ मा प्रताप मल्लले

चाँगुनारायणका निम्ति ४३० रोपनी जग्गा, ने.सं. ७५७ मा राजा सिद्धिनरसिंह मल्लले कृष्ण मन्दिरका निम्ति १०० रोपनीभन्दा बढी जग्गा, ने.सं. ७९५ मा कान्तिपुरका राजा नृपेन्द्र मल्लका अमात्यले देवल बनाएर १०० रोपनी जग्गा गुठीको रूपमा राखिदिएका थिए ।[१९५] यी यस्ता केही उदाहरणमात्र हुन् । मध्यकालका ताम्र तथा शिला अभिलेखहरूको अध्ययन गर्दा झण्डै ७५ प्रतिशत भन्दा बढी अभिलेखहरूमा गुठीजग्गाको चर्चा पाइन्छ । धार्मिक तथा लौकिक गुठीका यस्ता जग्गाका बारेमा चर्चा अभिलेख-ताडपत्रमा पनि उत्तिकै पाइन्छ ।[१९६] त्यसैले सम्पूर्ण जग्गाको ठूलो हिस्सा गुठीजग्गा अन्तर्गत पर्दथ्यो भन्न सकिन्छ ।

यसबाहेक 'क्री पत्र' वा 'किपट' जग्गाहरू पनि मध्यकालदेखि नै भएको सङ्केत धनवज्र वज्राचार्य र टेक बहादुर श्रेष्ठले दिएका छन्[१९७] तर आधुनिककालमा पल्लो किराँतमा प्रचलित किपटजग्गा त विर्ताकै एक भेदमात्र हो जुन लिम्वुवानमा लिम्वूहरूलाई आकर्षणका निमित्त सुविधास्वरूप दिइएको थियो । यता ताड़पत्रमा उल्लिखित 'क्री पत्र' भन्ने क्रयबिक्रय सम्बन्धी आधिकारिक अभिलेख या प्रमानपुर्जा मात्र हो, जहाँसम्म विश्वास छ त्यसले जग्गाको छुट्टै किसिमलाई बुझाउँदैन तर लिम्वूवानको किपटले भने छुट्टै किसिमको व्यवस्थालाई बुझाउँछ । केन्द्रबाट दोलखामा पठाईएको एउटा रुक्कापत्रमा परेको 'किपटिया' शब्द पनि सनद रूपको पत्र भएकोले सबैतिर पठाइने पत्रको व्यहोरामा पर्ने शब्दमात्र हो त्यसले दोलखाका 'किपटिया' लाई नै सङ्केत गरेको हो भनेर किटानसाथ भन्न पनि कठिनै हुन्छ ।

यसरी मध्यकालमा रैकर, विर्ता, गुठी, जागिर आदि विभिन्न किसिमका जग्गा तथा आवाद नभएको वृहत् राजक्षेत्र भित्रपर्ने पर्ति जग्गाहरू प्रशस्त थिए । यस्ता सबै किसिमका जग्गाको भू-स्वामित्वको व्यवस्था पनि बेग्लाबेग्लै थियो भन्ने देखिन्छ । यसरी भू-स्वामित्वका हिसावले जग्गाका ४ किसिमको उल्लेख पाइन्छ भने जग्गाको उत्पादकत्वका हिसाबले र सिंचाइका सुविधायुक्त तथा सिंचाइको सुविधा नहुने दृष्टिले जग्गाका भिन्नतालाई बेग्लै किसिमले छुट्याइएको थियो । धानबाली लाग्ने खेत तथा पाखोबारी जग्गा गरेर २ किसिमको भेद मध्यकालमा पनि थियो । खेतलाई पूर्वार्द्धकालमा प्राचीनकालमा जस्तै 'क्षेत्र' भनिन्थ्यो भने उत्तरार्द्धमा यसका साथसाथै 'वू' पनि भनिन्थ्यो । साधारण बारीलाई 'बाटिका' भनिन्थ्यो भने कोठेबारी वा करेसाबारीलाई 'गृहबाटिका' भनिन्थ्यो । यस्तो उल्लेख ताडपत्रहरूमा प्रशस्त पाइन्छ । खेत र बारीको किनबेच तथा भूमिकर पिण्डक वा कुत पनि बेग्लै किसिमले निर्धारण गरिन्थ्यो । यस्तै किसिमले पनि 'अबल', 'दोयम', 'सिम' र 'चाहार' को रूपमा

उत्पादकत्व तथा कृषिसुविधा हेरेर छुट्याउने परम्परा पूर्वार्द्धकालदेखि नै चलेको थियो । यसको उल्लेख सर्वप्रथम स्थिति मल्लको सुधार अन्तर्गत परेको छ ।[१९८]

भूमिसम्बन्धी व्यवस्था बाँध्ने परम्परा मध्यकालमा अन्यत्र पनि चलेको थियो । जस्तो गोरखाका राजा रामशाहको व्यवस्था तथा सुधारमा पनि गुठी (देवताको, धर्मशालाको) विर्ता (ब्राह्मणलाई दिने तथा अरूलाई दिने), रैकर र महाराजाको भूमिको समेत चर्चा परेको छ । त्यसैगरी पाखो, बिह्नौटो, घडेरीजस्ता विभिन्न किसिमका जग्गाको पनि उल्लेख राम शाहका व्यवस्थामा परेको छ ।[१९९] कर्कप्याट्रिकले गोरखाको भूमिव्यवस्थाअन्तर्गत राजभूमि, विर्ता, खोर्या तथा बारी जग्गाको बारेमा चर्चा गरेका छन् ।[२००] उनले गोरखामा पनि 'सुना' र 'कुश विर्ता' को परम्परा भएको कुराको उल्लेख गरेका छन् । उनका अनुसार यस्ता विर्ताजग्गामा वंशानुगत भू-स्वामित्व समेतको अधिकार र पोता माफ गरी तामापत्र वा मोहर दिने परम्परा भएको तर विर्ता पाउनेले अपराध गरेमा जग्गा जफत हुने व्यवस्था भएको पनि चर्चा गरेका छन्, 'सुना विर्ता' मा पनि पोता माफी र वंशगत स्वामित्व हुन्थ्यो भनेर उल्लेख गरेका छन् । खोर्या र बारी जग्गा भनेको कर्कप्याट्रिकका अनुसार सिंचाई नहुने टार जग्गा हुन् । यस्ता जग्गालाई कमसल जग्गा मानिन्थ्यो । त्यस्तै गरी गोरखाको परम्परामा कर्कप्याट्रिकका अनुसार व्रिर्ताजग्गा कमाउनेले सडक तथा युद्धको बाहेक अरू काम गर्नु नपर्ने तर राजखान्दान र जागिरदारका जग्गा कमाउनेले धेरै काम गर्नुपर्ने परम्प्रा थियो ।[२०१] गोरखाको जस्तो यो व्यवस्था काठमाडौं उपत्यकामा पनि लागू भएको हुनुपर्दछ । यसमध्ये कतिपय व्यवस्थाका विषयमा त उपत्यकाका ऐतिहासिक स्रोतमा उल्लेख भएका प्रमान नै पाइएका छन् ।

३.५.२ जग्गा बेचबिखन, धरौटी तथा भागबण्डा आदि

यस विषयमा केही चर्चा माथि जग्गाका किसिम तथा स्वामित्व अन्तर्गत पनि गरियो । मध्यकालमा जग्गा किनबेचको परम्परा पनि पूर्वार्द्धकालदेखि नै चलेको देखिन्छ । मध्यकालका घरजग्गा बेचबिखन, धरौटी, भागबण्डा, बकसपत्र, शेषपत्र आदि विषयसँग सम्बन्धित ताडपत्र तमसुकहरू प्रशस्त मात्रामा पाइएका छन् । त्यस्तै केही साङ्केतिक उल्लेख गोपालवंशावली तथा अन्य ऐतिहासिक सामग्रीहरूमा पनि पाइन्छ । प्राचीनकालमा पनि जग्गा किनबेचको चलन थियो र जग्गा किनबेच, बकस, विर्ता र दान आदि काममा 'लेख्य' भन्ने निस्सापत्र दिने परम्परा ज्यादै पुरानु हो । प्राचीनकालमा नेपालमा 'लेख्यदान' को काम कुथेर अधिकरण तथा कुनैकुनै पाञ्चालीबाट समेत हुन्थ्यो । प्राचीनतम स्मृतिहरूमा (याज्ञवल्क्यस्मृति आचाराध्याय, श्लोक ३१८) मा पनि लेख्यको चर्चा

भएको पाइन्छ ।[२०२] यस्ता लेखोटहरू प्राचीनकालका प्राप्त नभए तापनि मध्यकालका भने प्रशस्त पाइएका छन् ।

यस सन्दर्भमा सर्वप्रथम राजा आनन्ददेव (वि.सं. १२०३-२३) ले गरेको घेरखेत सुक्रीबिक्रीको व्यवस्थालाई नै उल्लेख गर्नुपर्ने हुन्छ । राजा, भारदारदेखि लिएर साधारण जनता जनार्दनका घरजग्गाको किनबेचमा दुःख भएको हुनाले यी राजाले उचित व्यवस्था गरेर दुःख हटाए भन्ने चर्चा गोपालवंशावलीमा परेको छ ।[२०३] त्यस्तै गरी ने.सं. ४४६ (वि.सं. १३८३) मा रुद्र मल्लले भक्तपुरमा धेरै खेत बेचेको चर्चा गोपालवंशावलीमा परेको छ ।[२०४] पाटन उकुवहाल (रुद्रवर्ण महाविहार) मा ने.सं. १५९ (वि.सं. १०९६) देखि ने.सं. ८८६ (वि.सं. १८२३) सम्मका जग्गा बेचविखन सम्बन्धका[२०५] र ने.सं. १०३ (वि.सं. १०४०) देखि ने.सं. ४२४ (वि.सं. १३६१) सम्मका जग्गा धरौटी राखेर ऋण आदि लिएका[२०६] ताडपत्र तमसुकहरू पाइएका छन् । त्यस्तै किसिमले राष्ट्रिय अभिलेखालयमा ने.सं. ५१६ (वि.सं. १४५३) ताकादेखि ने.सं. ९२० (वि.सं. १८५७) ताकासम्मका भूमिसम्बन्धका ताडपत्रहरू सङ्कलित भएको पाइएको छ ।[२०७] यस्ता ताडपत्रहरू हजारभन्दा बढी संख्यामा अभिलेखालयमा संग्रहित भइसकेका र हजारौं संख्यामा अरू पनि पाइएका तर हालसम्म संग्रह गर्न नसकिएको उल्लेख गरिएको पाइन्छ ।[२०८] यी मध्ये अधिकांश बेचबिखनका, भोगबन्धकी र केही भागबण्डा, विर्ता, धरौटी, गुठी, घरजग्गा सट्टा-पट्टा, बकसपत्र, शेषपत्र आदिसँग सम्बन्धित छन् । यस्तै जग्गा किनबेच तथा लेनदेन र धरौटी सम्बन्धका केही ताडपत्र आदि सामग्री हाले धुलिखेलबाट पनि सङ्कलन गरी प्रकाशित भएका छन् । जसमा ने.सं. ६५५ (वि.सं. १५९२) देखि ८८१ (वि.सं. १८१८) सम्मका केही तमसुक, ताडपत्र छन् । यिनमा २-३ वटा गुठीका बाहेक अरू सबै किनबेच तथा धरौटीसँग सम्बन्धित छन् ।[२०९] यस्ता भूमि सम्बन्धका ताडपत्रहरू अरू पनि ठाउँठाउँमा प्राप्त भएका खवरहरू पनि पाइँदै छन् । कुनैकुनै ताडपत्रमा त गुठीजग्गा समेत विहार आदिका नाममा शेषपछि जाने गरी दिएको उल्लेख पाइन्छ ।[२१०] यस्ता ताडपत्र बाहेक अरू अभिलेख, ठ्यासफू तथा अन्य साधारण पत्रहरूबाट पनि जग्गाको लेनदेन व्यवस्थाको विषयमा थप जानकारी पाउन सकिन्छ । यतिका सामग्रीहरू प्राप्त भएबाट मध्यकालमा जग्गा लेन-देनको महत्त्व समाजमा कति रहेछ भन्ने कुराको स्वतः ज्ञान हुन्छ । अब यस्ता सामग्रीहरूबाट प्राप्त हुने जग्गा सुक्रीबिक्री, धरौटी, साटफेर आदिको व्यवस्थासम्बन्धी केही मुख्य विशेषताका विषयमा यहाँ संक्षेपमा चर्चा गर्नु सान्दर्भिक हुन्छ ।

मध्यकालका यस्ता किनबेच तथा जग्गाको भू-स्वामित्व परिवर्तन गर्ने निश्शा रूपका सबैजसो सामग्रीमा माटाका छाप लागेका हुन्छन् । यस्ता

छापहरू भूमिसम्बन्धी कार्यवाही हेर्ने अधिकारीको हो भन्ने कुरा पक्कै छ तापनि राजाबाट गरिदिएका धेरैजसो ताडपत्रहरूमा राजाकै छाप लागेको देखिन्छ । किनकि यस्ता छापमा २ वटा श्री युक्त छापहरू बढी देखिन्छन् र कतिमा राजाका नाम नै हुन्छन् । कुनैकुनैमा भने इष्टदेवता तथा इष्ट चिन्हयुक्त छाप लगाईएको पनि पाइन्छ । साधारण दुनियादारका जग्गा लेनदेन विषयका पत्रहरूमा भने प्रायः बीचमा 'श्री' भएको छाप लगाईएको देखिन्छ । राजा महाराजाले दिएका जग्गाहरूका ताडपत्रमा भने कुनैकुनैमा २ वटा छाप लगाएको पनि पाइन्छ । यसरी किनबेचमा वा लेनदेन-साटफेर जेहोस् सरकारी अधिकृतहरू साम्नु गएर छाप लगाएपछि मात्र जग्गा पक्का हुने परम्परा मध्यकालको पूर्वार्द्धदेखि नै थियो । त्यसैले प्राचीनको 'लेख्यदान' कै बदलामा मध्यकालमा 'क्रीं-पत्र' 'बकसपत्र,' 'शेषपत्र', 'विर्ता', गुठीसम्बन्धी 'तरपति' (तमसुक) रूपका ताडपत्रहरूको प्रयोग हुन्थ्यो । मध्यकालमा यस्ता तमसुकलाई 'तरपति' भनिन्थ्यो भन्ने जानकारी पनि पाइएको छ ।[२११]

मध्यकालका सुरुसुरुका ताडपत्रहरूमा जग्गा लेनदेन तथा पजनि गरेर भू-स्वामित्वमा परिवर्तन गर्दा क्षेत्र-क्षेत्रका प्रमान, परमप्रमान, गाउँ वा टोलका प्रधान पुरुष, प्रमान भारो, कुलपुत्र, कुटुम्व तथा टोलनायकजस्ता अधिकारीहरू 'दृष्ट' तथा 'श्रुत' साक्षिको रूपमा रही उनीहरूकै रोहवरमा जग्गाको लेनदेन हुन्थ्यो ।[२१२] यस्तो परम्परामा विक्रमको पन्ध्रौं शताब्दीदेखि केही परिवर्तन भएको देखिन्छ । किनकि ने.सं. ५०० ताका सम्मका ताडपत्रहरूमा साक्षीको रूपमा यस्तै स्थानीय प्रमुख अधिकारीहरू मात्र हुन्थे भने ने.सं. ६०० ताकादेखिका ताडपत्रहरूमा भने जग्गा बिक्री गर्नेका आफन्तहरू पनि साक्षिको रूपमा रहन थालेको देखिन्छ । त्यस्तै गरेर पूर्वार्द्धकालका तमसुक ताडपत्रहरूमा लेखक साक्षीको उल्लेख पाइँदैन भने उत्तरार्द्धकालका ताडपत्रहरूमा स्थानीय अधिकारीहरू लगायत लेखक तथा जग्गा बिक्री गर्ने (धारणक) का आफन्तहरू समेत प्रायःजसोमा साक्षीको रूपमा बसेको देखिन्छ । उत्तरार्द्धकालका पत्रहरूमा रोहवरमा साक्षी बस्ने अधिकारीहरूमा 'भारो' 'पात्र' 'महापात्र', 'प्रधानाङ्ग', 'दुवाल', 'वज्राचार्यवन्दे शाक्य भिक्षुहरू तथा लेखकमा प्रायः कायस्थहरू देखिन्छन् । लेखकलाई बुझाउन 'लिषक', 'चित्रकार', 'क्रीप', 'क्रयप्न' आदि शब्द प्रयोग भएको देखिन्छ । अर्को कुरा पछिल्लाकालका अधिकांश पत्रहरूमा १ भन्दा बढी ५-६ जनाको समूहसम्म साक्षीको रूपमा बस्ने परम्परा पनि चलेको पाइन्छ । जस्तो ने.सं. ७४४ को भक्तपुरको एक ताडपत्रलाई उदाहरणको रूपमा लिन सकिन्छ । यसमा साक्षीको रूपमा एन्द्रसिं दुवाल, मानसिं दुवाल, सिरमुनिकस्त, सिराम भारो, वावुसिंह भारो, र लेखक कस्तमुनि कायस्थहरू साक्षीको रूपमा बसेका देखिन्छन् ।[२१३]

जग्गा किनबेच वा लेनदेन तथा विर्ता बकस हुँदा अत्यन्त स्पष्टसँग ४ किल्ला छुट्याउने परम्परा प्राचीनकालदेखि नै चलेको थियो । यो परम्परा मध्यकालमा पनि कायमै रहेको देखिन्छ । यस्तै जग्गा लिनेदिनेको नाम ठेगाना पनि स्पष्ट रूपमा खुलाउने चलन थियो । त्यस्तै गरी आफ्नै जग्गा आफैँले उपभोग गरिराखेको (स्वकीयम् स्वभुज्यमानकम्) देशकाल तथा शहर-नगरकालमा सरोवरी चलेको उचित मूल्यमा रूपैयाँ वा सुवर्ण मूल्य लिएर अकाट्य नियमबमोजिम तलमाथि नहुने गरी आफ्नै स्वच्छाले बेचविखन तथा उपभोग गर्न पाउने गरी दिइयो "यथा देशकाल प्रवर्त्तमान सञ्चारार्धेन... मूल्यमादाय क्रय-विक्रय स्वाधिनेन क्रयेन बिक्रीयतं भवति" भन्ने व्यहोरा पनि जग्गाको तमसुक 'तरपति' लेख्दा पार्ने परम्परा थियो । सुरुसुरुका पत्रहरूमा चाहिँ "क्रय-विक्रय स्वाधिनेन अनिवर्तक न्यायेन क्रये बिक्रीताम् भवति" भन्ने उल्लेख भएको पाइन्छ । यस्तै किसिमले जग्गा बेचविखन गर्दा राजा र देवता लागेको अवस्थामा बाहेक जग्गामा अरू कुनै झमेला उठेमा बिक्रीकर्ताले बेहोर्ने वा मिलाउनुपर्ने कुराको व्यहोरा पनि उल्लेख गर्ने परम्परा थियो ।[२१४] निश्चित अवधिका निमित्त भोग बन्धकको परम्परा पनि प्रचलित थियो । यस्तोमा भने निश्चित अवधिभर धरौटी राखिएका जग्गाको आयस्ता (पिण्डक वा लाभ) मात्र खान पाउने शर्त राखिन्थ्यो । जग्गा धरौटी २ वर्षदेखि १०-११ वर्षसम्मको अवधिका निम्ति राखिएका उदाहरण पाइएका छन् । जग्गा धरौटी राखेर अधिकतम् १००० पूराणसम्म (ने.सं. १९५ भन्दा अघि) १२ शिवका र १ मासा तथा ३ प्ल, २ कर्ष ६ मासा सुवर्ण मूल्यसम्म (ने.सं. २४५ पछि) ऋण सापटी लिएका उदाहरण पाइएका छन् ।[२१५] यस्तोमा पनि देवता वा राजा लागेकोमा बाहेक अरू कुनै झमेला उठेर बन्धक राखिएको जग्गाको तोकिएको अवधिभर खान नपाएमा ऋणीले मिलाउनु वा बेहोर्नुपर्ने व्यहोरा ताडपत्रमै लेख्ने परम्परा थियो । भोग बन्धक गरी जग्गा दिएर ऋण लिई उक्त ऋणको ब्याजसहित साँवा चुक्ता गरेपछि बन्धकको तमसुककै पछाडि चुक्ता भएर जग्गा फुक्का भएको व्यहोरा दरपिठ गर्ने परम्परा मध्यकालमा थियो ।[२१६] प्रायजसो जग्गाको लेन-देनमा क्षेत्र परिमाण तथा मूल्य साथै त्यसबाट प्राप्त हुने कुत या पिण्डकको स्पष्ट उल्लेख गर्ने परम्परा थियो । मध्यकालमा सुरुदेखि नै जग्गा किनबेच तथा बन्धकको रूपमा लेनदेन गर्दा बिक्रीकर्ता अथवा ऋणीले दैवी तथा राजप्रकोपको कारणबाहेक अरू कुनै कारण किचोला उठी जग्गा पक्का नभएमा वा जग्गाको आयस्था खान नपाएमा ऋणीले वा बिक्रीकर्ता (धारणक) ले नैं मिलाउनुपर्ने वा बेहोर्नुपर्ने परम्परा थियो भनेर भर्खरै उल्लेख गरियो । कुनै कुनै ऐतिहासिक सामग्रीमा त बिक्रीकर्ताको मृत्यु भइसकेपछि झमेला उठेमा पनि उसका सन्तानले समेत उक्त झमेला मिलाई जग्गा पाको गरिदिनु पर्ने वा बेहोर्नुपर्ने

परम्परा भएको पनि उल्लेख भएको पाइन्छ । यो कुरा दोलखामा प्राप्त ने.सं. ८१९ को एउटा पत्रमा स्पष्टै उल्लिखित छ ।[२१७]

३.५.३ मोही तथा कुतव्यवस्था

मध्यकालमा अधिकांश जग्गा विर्ता, गुठी, राजा तथा राजपरिवार, भारादार तथा कुलीनवर्गअन्तर्गत थिए भनेर माथि उल्लेख गरिसकियो । त्यसो हुनाले धेरैजसो जनसाधारणसँग आफ्नो जग्गा हुँदैनथ्यो र तिनले विभिन्न अन्य पेशाका साथै गुठी, विर्ता तथा राजकूल तथा माथिल्ला सामन्त तथा कुलीनवर्गका जग्गा कमाएर जीवनयापन गर्दथे । यहाँ ऐतिहासिक सामग्री खासगरी ताडपत्र तथा धर:पौहरूमा विभिन्न किसिमका जग्गाहरू कमाउने मोहीहरूको उल्लेख गरिएको छ । जस्तै: राजा तथा राजपरिवारका ठ्या: र मठ्या: खलकका जग्गा कमाउने, धार्मिक संघसंस्था तथा देवालयहरूका जग्गा कमाउने र अरू सर्वसाधारण तर धनीमानी व्यक्तिका जग्गा कमाउने मोहीहरू । यस्ता आफ्ना जग्गा नभएका असंख्य कृषकहरूको अवस्था भन्डै दास बराबरै थियो भन्नुमा अत्युक्ति हुँदैन तर केही तल्लो वर्गका मानिसहरूका पनि थोरबहुत जग्गाजमिन भएको उदाहरण पनि नपाइएका होइनन् । यस्ता धेरथोर रैकर जग्गा कमाउने तल्लो वर्गका कृषकहरले नै प्राय: मध्यकालमा राजालाई वा राजाकोषका निम्ति भूमिकर बुझाउँथे । त्यसै हुनाले यस सन्दर्भमा डि.आर. रेग्मीको विचार ठिकै जस्तो लाग्दछ । रेग्मी भन्नुहुन्छ– "मध्यकालमा यहाँको जमिन उर्वरा थियो, उब्जनीको दर धेरै माथि थियो तर कृषकहरू भने कङ्गाल थिए, त्यसैले उनीहरू खेतीबाट मठमन्दिर तथा जग्गाधनीहरूलाई बुझाएर बाँकी रहेका अन्नले नपुगेर जीवनयापनका निमित्त अरू धागो कात्ने, कपडा बुन्ने, जुत्ता बनाउनेजस्ता व्यवसायहरू गर्दथे ।"[२१८]

मध्यकालमा कहीँकहीँ विर्तारूपका जग्गा कमाउन विर्ताजग्गामा बस्ने रैतीहरूलाई जिम्मा दिने परम्परा थियो । त्यस्ता जग्गामा रैतीहरूले सबै किसिमका सेवा-सिर्तो तथा वार्षिक रूपमा बुझाउने रकम-कलमहरू बुझाउनु पर्दथ्यो । साविकमा तोकिएका सेवा-सिर्तो नबुझाएमा उनीहरूको मोहीयानी अधिकार खोसिन्थ्यो । त्यस्तैगरी गाउँ छाडी गएमा र खेती नगरेमा पनि जग्गा खोसिन्थ्यो । यस विषयको चर्चा ने.सं. ८४८ को दोलखामा प्राप्त एउटा सामग्रीमा परेको छ, जसमा विर्ताजग्गामा बस्ने रैतीले जग्गा कमाएबापत वार्षिक ठेकिएको कुतबाहेक दिपादाम, सगुने दाम (आधुनिक कालको 'साउने-फागु' जस्तो र प्राचीनको 'श्रावणिका' जस्तो सेवा सिर्तो, लाफ (भेडा, च्याङ्ग्रा, राँगो आदि मासुसम्बन्धी) आदि बुझाउनुपर्ने कुराको उल्लेख छ ।[२१९] मोही र जग्गा धनी बीचमा कहिलेकाहीँ झमेला पनि उठ्दथ्यो । झमेला उठेको

समयमा गाउँका पञ्च प्रमान बसेर समस्या मिलाउने वा मुद्दा छिनिदिने परम्परा थियो ।[२२०] जग्गा कमाउने मोहियानी हकका विषयमा स्पष्ट नियम कानून नभए तापनि परम्परा तथा नैतिकतालाई नियमसरह मान्यता दिइन्थ्यो । एउटा मोहीलाई झमेला उठेपछि छलछाम गरेर खेतबाट झिक्ने विचार विर्तावारले गर्दा मोहीले सम्बन्धित अधिकारीलाई उजुर गर्न जान लागेको हुँदा जग्गाधनीले बाध्य भएर पुरानै मोहीलाई जग्गा थामी दिएको उदाहरण पनि पाइएको छ ।[२२१] यसबाट केही हदसम्म मोहीयानी हकको पनि व्यवस्था थियो भन्न सकिन्छ तर यस्तो हकको उपभोग सबै कृषकले गर्न सक्थे सक्दैनथे भन्नेमा मात्र शङ्का हुन्छ । माथि उल्लिखित ने.सं. ८४८ को दोलखामा प्राप्त पत्र विर्तावाल लक्ष्मीपति र हरेश्वर भन्नेले पहिलेका गाउँ छाडी जाने मोहीलाई झिकी मालिराम, जसराम, नवराम र द्रखसिं भन्ने नयाँ मोहीहरूलाई गरिदिएको मोहीपत्र भएकोले त्यसबेला मोहीपत्रको परम्परा पनि थियो भन्ने बुझिन्छ । यस्तो भए तापनि ठूल्ठूला जग्गाधनी विर्तावालहरूका जग्गा कमाई बस्ने मोहीहरू जग्गाधनीका निमित्त अर्द्धदासभन्दा पनि तल हुन्थे । किनकि यस्ता विर्ता जग्गा कमाई बस्ने 'प्रजा' (मोही) हरूलाई जग्गाधनीहरूले ठूल्ठूलो रकम ऋण लिनु परेमा धरौटीको रूपमा राखेका उदाहरण पनि पाइएका छन् ।[२२२] यस्तो एउटा घटना ने.सं. ८४६ अर्थात् राजा जगज्जय मल्लको शासनकालमा घटेको स्पष्टै देखिएको छ । जस्तो ९ रूपैयाँ ऋणको निम्ति एउटा केटो धरौटी राखेको उल्लेख अभिलेखमा छ । मध्यकालमा जग्गा प्रायः 'करिया' अर्थात् ठेक्कामा दिइन्थ्यो । त्यसैले मोहीले भन्दा जग्गाधनीले जग्गाको उत्पादनको हिस्सा धेरै पाउँथे । कुत निर्धारण पनि देशकालमा चलेको चलनअनुसार निर्धारित हुन्थ्यो तर जग्गाधनीले कुत धेरै पाउँथे । त्यसबाहेक अनेक किसिमका सलामी दस्तुर तथा सेवा पनि जग्गाधनीलाई बुझाउनु पर्दथ्यो । मध्यकालका पूर्वार्द्धका सामग्रीहरूमा कृषकले बुझाउनुपर्ने अनेक किसिमका दस्तुरहरूको उल्लेख पाइन्छ । जस्तो 'मूलपिण्ड', 'पिण्डक', 'लासोः', 'चाटी', 'कर्षक पिण्ड', 'तैल पिण्ड' आदि ।[२२३] तर यस्ता शब्दहरू धेरै भूमिकरसँग सम्बन्धित हुन् । मध्यकालको अन्त्यभन्दा झण्डै २ दशकजति पछि नेपाल आउने विलियम कर्कप्याट्रिकले नेपालमा कृषकहरूले खेत अधियाँमा कमाउने परम्परा भएको उल्लेख गरेका छन् ।[२२४] सायद कुनैकुनै जग्गामा मध्यकालदेखि नै यो परम्परा चलेको हुँदो हो । प्राचीनतम् हिन्दू राज्यमा पनि खेती नभई यसै रहेका जग्गाहरू अधियाँमा लगाउने परम्परा थियो । यस्तोलाई आचार्य कौटिल्यले 'अर्धसीतिका' भनेका छन् ।[२२५] गुठीजग्गामा भने अधिकांश अधियाँमा कमाउने परम्परा थियो र यो परम्परा पछि शाहकालसम्म पनि कायमै थियो तर देवालय या गुठियारका निम्ति भारी वा हुलाक बोकिदिने जस्ता सुविधा भने पुऱ्याउनु

पर्दथ्यो ।[२२६] यस्तो परम्परा सम्भवतः सबै हिन्दू समाजमा पछिसम्म चलेको हुनुपर्दछ । नेपालमा पनि प्राचीन राज्यपद्धतिको खासगरी सामाजिक तथा आर्थिक क्षेत्रमा धेरै नै अनुकरण गरिएको पाइन्छ । त्यसै आधारमा र प्राप्त भएका ऐतिहासिक स्रोतका आधारमा वर्नहार्ड कुल्भर र हेमराज शाक्यले नेपालका कृषक मोहीहरूको अवस्थाका विषयमा चर्चा गर्दा यहाँका मोही कृषकहरूको पनि "हिन्दू विश्वका अन्य भागका कृषकहरूको जस्तै र तिनीहरू बराबर नै थिए" भन्ने चर्चा गरेका छन् ।[२२७] यसो भए तापनि सरकारतर्फको भूमिकर हट्दै गएबाट मध्यकालका जग्गाधनीहरूले भूमिको उत्पादनको धेरै हिस्सा पाउँथे र तिनको तुलनामा मोहीले पाउने हिस्सा कम थियो तर तलसिङ्हरूले मनोमानीसँग कुत उठाउन भने पाउँदैनथे ।

ठूल्ठूला जग्गा मोहीलाई कमाउन दिँदा सजिलोको लागि मध्यकालदेखि नै 'मोहीनायक' को रूपमा १ जनालाई नियुक्त गर्ने पनि परम्परा थियो । राजा महीन्द्र सिंहको समयमा यस्तो व्यवस्था भएकोमा पछि शाहकालमा उक्त व्यवस्थालाई पुनः कायम गरिदिएको एउटा पत्रमा स्पष्ट उल्लेख परेको छ ।[२२८] मोही तलसिङ्को व्यवस्था मध्यकालमा उपत्यका बाहिर पनि कायम थियो । गोरखाका राजा रामशाहको स्थितिमा पनि आवाद नभएको जग्गा बिह्नाउने व्यवस्थाको क्रममा मोही र तलसिङ्को विषयमा उल्लेख परेको छ ।[२२९] त्यहाँ नयाँ खेत बिह्नाएर खेती गर्दा ३ वर्षसम्म त्यसको पूरा आयस्था मोहीले खान पाउने र चौथो वर्षदेखि कुत तलसिङ्लाई बुझाएर बनिबोटि (बाँकी रहेको) मात्र मोहीले खानू भन्ने कुराको उल्लेख भएको हुँदा मोहीको अवस्था त्यत्ति राम्रो नभएको सङ्केतसम्म मिल्दछ । किनकि मोहीले बनिबोटि मात्र खानू भन्नाले बाँकी रहेको केही भाग अर्थात् काम गरेको ज्याला मात्र पाउने व्यवस्था थियो भन्ने बुझिन्छ । तसर्थ कमसेकम गोरखाको भन्दा राम्रो अवस्था उपत्यकाका मोहीहरूको थियो भन्न सकिन्छ ।

मध्यकालको पूर्वार्द्धमा भूमिसम्बन्धका ताडपत्रहरूमा तथा अभिलेखहरूमा परेका 'पिण्डक', 'मूलपिण्ड', 'कर्षकपिण्ड', 'तैलपिण्ड' आदि शब्दले सोझो हिसाबले कुतलाई बुझाए तापनि उक्त पत्रहरूमा उक्त शीर्षकबाट जति कृषि उपजको हिस्सा जग्गा कमाउने कृषकहरूबाट लिएको देखिन्छ । त्यो परिमाण कम भएकोले कुनै न कुनै भूमिकरको रूपमा नै उपर्युक्त शीर्षकमा उत्पादनको हिस्सा कृषकले बुझाउँथे भन्ने देखिन्छ । 'पिण्ड' वा 'पिण्डक' भन्नाले जीविकाका निमित्त आवश्यक हुने भोज्य अन्नादि पदार्थ भन्ने बुझिने,[२३०] 'कर्षक पिण्ड' भन्नाले कृषकबाट प्राप्त हुने वस्तु भन्ने बुझिने, 'तैलपिण्ड', 'पिण्ड तैल' तथा 'पिण्ड तैलक' को अर्थ पनि बुझाउनुपर्ने वा तिर्नुपर्ने अन्नादि जीविकाका निम्ति आवश्यक हुने वस्तु भन्ने नै हुनाले यी शब्दहरू कुतका निम्ति प्रयोग

गरिएका हुन् कि भन्नेतर्फ स्वत: ध्यान जान्छ ।[२३१] धनवज्र वज्राचार्यले प्राचीनकालका अभिलेखमा प्रयुक्त 'पिण्डक' शब्दलाई सोभै कुतको रूपमा चिनाएको देखिन्छ ।[२३२] तर यहाँ मध्यकालका ताडपत्रादि सामग्रीमा प्रयुक्त 'मूल पिण्ड' वा 'पिण्डक' जस्ता शब्दलाई कुल्भर र शाक्यले निर्धारित मुख्य कर (Fixed Tax) तथा वृत्ति वा तिरो (levy or subsistance tax) को रूपमा चिनाएका छन् ।[२३३] यस्ता सबै किसिमका 'कर्षक लाभ' 'कर्षक' 'परिभोग', 'तैलपिण्ड', 'मूलपिण्ड', 'पिण्डक', 'लासो', 'चाटी' आदि जग्गा कमाउने मोहीसँग उठाउने बस्तुहरू भूमिपतिलाई नै बुझाएका उदाहरण पाइएका छन् । प्राचीनकालमा जस्तो 'भागकर' सरकारलाई बुझाएको उल्लेख उकुवहाल (रुद्रवर्ण) मा प्राप्त धेरै ताडपत्रहरू (६८ वटा) मध्य एउटामा पनि परेको छैन । वास्तवमा अरू उत्तरार्द्धकालकै सामग्रीमा पनि त्यस्ता उदाहरण कमै पाइन्छन् । यस विषयमा पछि भूमिकर अन्तर्गत केही विस्तारपूर्वक चर्चा गरिने छ ।

भूमिव्यवस्थाअन्तर्गत चर्चा गर्नुपर्ने अर्को पक्ष भूमाप भए तापनि यस विषयमा तल नापतौल आदिसँग सम्बन्धित छुट्टै अध्याय राखिएकोले त्यसै अध्यायअन्तर्गत चर्चा गरिने छ ।

टिप्पणी

१. "... श्रीनेपालेमहामण्डलीकमहापात्र प्रमुख समस्त प्रजादीनान्पुत्रपौत्रादीनां गृह, क्षेत्र, क्रयबिक्रीतितङकृत्वा । संपातदुःखाग्नि, अपीडिताहृदयानि । ... *गोपाल वंशावली* पत्र संख्या २५ क ।

२. देवीप्रसाद लंसेल (संपा.), *भाषावंशावली*, काठमाडौँ: नेपाल राष्ट्रिय पुस्तकालय, वि.सं. २०२३, पृ. ३८ तथा चन्द्रविक्रम बुढाथोकी (संपा.) *जयस्थिति मल्लको सुधार*, ललितपुर: साझा प्रकाशन, वि.सं. २०३९, पृ.,१,३,५,६ ।

३. वर्नहार्ड कुलभर र हेमराज शाक्य, *डकुमेन्ट्स फ्रम द रुद्रवर्ण वहाविहार पाटन*, जर्मनी: भी.जी.एच. डब्ल्यू. एस. ए., ई. १९८५, पृ. ५ ।

४. शङ्करमान राजवंशी (संपा.), *भूमिसम्बन्धी तमसुक ताडपत्र* भाग १, २, ३, ४, काठमाडौँ: राष्ट्रिय अभिलेखालय, वि.सं. २०४०-४४ ।

५. विलियम कर्कप्याट्रिक, *यान् एकाउन्ट अफ् द किङ्गडम् अफ् नेपाल*, पृ. ९४-९५ ।

६. *गोपालवंशावली*, पत्र संख्या ३३,
"संवत् ३३९ आषाढनली भाद्रपद व अनावृष्टि महादुर्भिक्ष अर्द्धभाग लोक क्षय ।

७. *गोपालवंशावली*, पत्र संख्या ३८ (क), ३९ (ख) ।
"... प्रजा शिक्व त्रिभागस छ भाग" "...लोक क्षय जुव त्रिभागस छ भाग"

८. *गोपालवंशावली* पत्र संख्या ४४ (क) "... दुर्भिक्ष चवु भागस छ भाग शिक्व लोक ॥

९. *गोपालवंशावली*, पत्र संख्या ४६, "सं. ४४८ भार्दपद शुद्धि ९ पुरा माक्वन कके दमन फंछि ॥ सं. ४४९ चेतलां थोवनं लिस महाम्रक वो एंदलाटो हिनछिन श्राछि जुस्यन्निकोलाक्व ध्वया नाम कनिम्रकःम्यतम् च्याचवु मछाल्व लोकन ॥

१०. *गोपालवंशावली* पत्र संख्या ४८ ।

११. कुल्भर र शाक्य पूर्ववत् संख्या ३, पृ. ८१ ।
धनवज्र वज्राचार्य , "ताडपत्रहरूको ऐतिहासिक महत्त्व" *आर्थिक नेपाल* वर्ष २, अङ्क ३, पूर्णाङ्क १० (वैशाख २०४१), पृ. १४ ।
डी. आर. रेग्मी, *मिडिएभल नेपाल* भोल १, पृ. ५३०, भोल. ३ सामग्री संख्या एफ् ३९ बी. ।
१२. कुल्भर र शाक्य, *पूर्ववत्* संख्या ३, पृ. ८१ ।
रेग्मी *पूर्ववत्* संख्या ११, पृ. ५६ र पृ. एफ ३९ बी. ।
१३. चुन्दा वज्राचार्य (संकलन) *ऐतिहासिक सामग्री धरः पौ* १, पृ. ५३ ।
भूपतीन्द्र मल्लको गादेश भ्रमणको धरःपौ, पत्र संख्या ४ख - ९ख ।
१४. कर्कप्याट्रिक, *पूर्ववत्* संख्या ५, पृ. २४ ।
१५. *उही,* पृ. ९८ ।
१६. जि. रोरिक, *वायोग्राफि अफ् धर्मस्वामिन्* पटनाः के.पी. जयसवाल रिसर्च इन्स्टिच्युट, ई. १९५९, पृ. ९७ ।
१७. *उही,* पृ. १८० ।
१८. एफ. बी. ह्यामिल्टन, *यान् एकाउन्ट् अफ् द किङ्डम् अफ् नेपाल,* पृ. २२४-२३१ ।
१९. Father Ippolito Desideri, *Account of the Kingdom of Tibet* Edited by Fillipo De Fileppi with an introduction by C. Wessels, 1931 BK IV Chapter I, II and III, Departure from Lhasa, arrival in Nepal, Kingdom Nepal, from Nepal to Ganges) pp. 312-319.
"Rice is their principal food... They drink water and a nasty liquor made of a certain millet which grows in this country and is the staple food of very poor. A kind of beer is also made from wheat or rice and drink arac distilled from now sugar. Much rice is grown as well as wheat, sugercane, vegetables and fruits... The chief products are wheat, rice, a certain black millet, vegetables and various kinds of fruit such as pickly peas, pineapples, lemons and oranges."
२०. "The Valley is fertile, rice and citrus fruits are abundant but wheat is scarce. There is prohibition on distillation of wheat. Oil is made out of Tori (mustard) but it is also not so abundant. Butter is scare, so we use tori oil. People get their drink from sugarcane. Buffalo meat is sold in shops at a suitable price."
२१. कुनू शर्माको *कीर्तिपताका*।
२२. धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ, *दोलखाको ऐतिहासिक रूपरेखा,* काठमाडौंः नेपाल र एशियाली अध्ययन संस्थान, वि.सं. २०३१, ऐतिहासिक सामग्री संख्या ५ ।
२३. *उही,* पृ. ५१ ।
२४. कर्कप्याट्रिक, *पूर्ववत* संख्या ५, पृ. ११६ ।
२५. *उही,* पृ. ११३ ।
२६. *उही* ।
२७. धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ, *नुवाकोटको ऐतिहासिक रूपरेखा,* काठमाडौंः नेपाल र एशियाली अध्ययन संस्थान, वि.सं. २०३२, ऐतिहासिक सामग्री संख्या ३५ ।

२८. *उही*, पृ. ९२ ।
२९. *उही*, ऐतिहासिक सामग्री संख्या ३५ ।
३०. 'नवक्वासकि' नुवाकोटको पिँडालु ।
३१. *उही*, सामग्री संख्या १६ ।
३२. *गोपालवंशावली*, पत्रसंख्या २४ ख ।
३३. *गोपालवंशावली*, पत्रसंख्या ३९, ४४, ४६, ५६, ५८, ५९, ६२ । ४४ पत्रमा आँप सुन्तला (ने.सं. ४३६), ३९ पत्रमा धानचामल, ४६ पत्रमा चामल, ५६ पत्रमा भटमास, गहुँ, धान, ५८ र ५९ पत्रमा दाल चामल, ६२ पत्रमा चामल र अर्को अतिरिक्त पत्रमा समेत चामलको उल्लेख परेको छ ।
३४. कर्कप्याट्रिक, *पूर्ववत्* संख्या ५, पृ. ९७ ।
३५. ह्यामिल्टन्, *पूर्ववत्* संख्या १८ ।
३६. धनवज्र वज्राचार्य, *लिच्छविकालका अभिलेख*, काठमाडौँ: नेपाल र एशियाली अध्ययन संस्थान, वि.सं. २०३१, पृ. २६६-७, ४०१-२, ४०८, ४७२, ५४३-४४ ।
३७. *उही*, पृ. २६८-७० ।
३८. राजा शिवदेव वर्ष २७ मा ७ तेन श्री पशुपति भट्टारकस्य देवुल सुवर्ण्णसंखली संछादनकृतम् । तत कीर्तिभगतांपुरे वलवलदेवी तप कृत्य नन्दि वन्ध्याय नीता ॥ पनालिका कुप प्वस्करणी व्याने स्थाने कृता ॥ *गोपालवंशावली* पत्र संख्या २४ (क)
(... राजा शिवदेव भए, वर्ष २७ महिना ७ । तिनले श्रीपशुपति भट्टारकको देवल सम्पूर्ण पारी तामाको छाना हाले । अनि कीर्तिपुरमा वलवलदेवीकहाँ तपस्या गरी बलखु नदीमा बाँध बाँधे । ठाउँ ठाउँमा कुवा पोखरीहरू बनाए"
३९. *गोपालवंशावली*, पत्रसंख्या २४ (क-ख) ।
धनवज्र वज्राचार्य, "मध्यकालिक नेपालका एक प्रख्यात राजा शिवदेव" *कन्ट्रिब्यूशन्स टू नेपलीज स्टडिज* भोल ८, नं. १, पृ. २१३ ।
४०. धनवज्र वज्राचार्य, *मध्यकालका अभिलेख* पहिलो भाग, (अप्रकाशित प्रतिवेदन), नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि.वि., कीर्तिपुर ।
४१. शाक्य र वैद्य, *मेडिएवल नेपाल: कोलोफोन्स् एण्ड इन्स्कृप्सन्स्*, काठमाडौँ: टि.आर. वैद्य, १९७०, पृ. ८६ ।
४२. भोलानाथ पौडेल, "भक्तपुरको राजकुलो", *पूर्णिमा* पूर्णाङ्क ४, पृ. ४४-४९ ।
४३. सं. ५०० वैशाख शुदि तृतीया, रोहिनी सोमवार श्री श्री जयस्थिति राजमलदेवस विजयराज । ह्ना महास्यं माक्व, यिति लखुं चोनको यिथिनिमम राजकुल लिवीयन्टाटोन यिति हायका पों १२ वल वल खा धर छास्यम् । *गोपालवंशावली* पत्र संख्या ५८ (क) ।
(नें.सं. ५०० (वि.सं. १४३७) वैशाख शुक्ल तृतीया रोहिणी नक्षत्र सोमबार, श्री श्री जयस्थिति राजमल्लदेवको विजयराज्यमा, पहिलेका पानी बन्द भइरहेका थिथिनिमम्–राजकुल इलाकाका धारा लगायत बाह्रवटा धाराहरूको मुहान कुलोको मरम्मत गराई पानी आउने पारियो)॥
४४. धनवज्र वज्राचार्य र कमल पि. मल्ल, *दि गोपाल राजवंशावली*, काठमाडौँ: एफ. एस. भी. डब्ल्यू जी., १९८५, पृ. ११४) ।
४५. "... काढाव याक्व क्वाछें डोयमूलमीस वंटा भारोटों दुंछे सखु भारोटो थ्वपनिसन श्रीराजाजुस कीर्तिउपाध्या शीवदाशजुस जस, म्यालंखा धरया जयत मुलमीस आदेश

विया सिवकारवु जुव, थ्वसंचय आफन्द शोयाव मङाव: ॥ *गोपालवंशावली*, पत्र संख्या ५८ (ख), ५९ (क) ।

४६. *गोपालवंशावली*, पत्र संख्या ६० (क) ।
सं ५०१ जेष्ठ शुक्ल पूर्णमाशी कोह्नु म्यालखाधर लंख्व मुल डंड बिता, एकसर वापं. १२०० थ्वते पलकि विस्यम्, श्री श्रीजयस्थितिराजमलदेव प्रभुसन, थ्व प्रजा निलंख मुल याङ, प्रेशादारया आचन्द्रारकमेदनी- प्रजन्तन ॥

४७. *गोपालवंशावली*, पत्र संख्या २५ ।

४८. वज्राचार्य, पूर्ववट् संख्या ४०, (पाटन खण्ड) ।

४९. कुल्भर र शाक्य, *पूर्ववत्* संख्या ३, पृ. १४३-१४४ ।

५०. वैद्य र शाक्य, *पूर्ववत्*, ४१, पृ. १५४, अ.नं. ४१ ।

५१. श्रीयोडतु ॥ संवत् ८०१ पौष शुदि १५ बीवाहार श्री ३ लोकेश्वर भट्टारकास न्हवनया, थसिमाबुंस् थनेलंखह्य टंका दाम, जंधलनथ मेवुसननं, थव लंख धलस दिपस वंकाय मदो जुरो ॥ श्रीनिवास राजा प्रमान भगीरजि भायिस्के ज... पं. यिनापय़ाङा ॥"
शाक्य र वैद्य, *उही*, पृ. १५४ ।

५२. डी. आर. रेग्मी, *मेडिएवल नेपाल* पार्ट टू २, कलकत्ता: के.एल. मुखोपाध्याय, ई. १९६५, पृ. ५१७ र धनवज्र वज्राचार्य, *मध्यकालका अभिलेख* (पाटन खण्ड) (अप्रकाशित प्रतिवेदन) नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

५३ भोलानाथ पौडेल, "भक्तपुरको राजकुलो" *पूर्णिमा* ४ (२०२१ माघ), पृ. ४६ ।

५४. *उही*, पृ. ४७-४८ ।

५५. भोलानाथ पौडेल, "जितामित्र मल्लका कृतिहरू" *पूर्णिमा* पूर्णाङ्क २ (वि.सं. २०२१ श्रावण), पृ. १४-१५ ।

५६. *उही*, पृ. ४८-४९ ।

५७. रेग्मी, *पूर्ववत्* संख्या ५२, पृ. ५१९ ।

५८. *उही*।

५९. (संपा.), पूर्ववत् संख्या २, पृ. ८७ ।

६०. "फेरी यिनै नारायणकन उत्तम शक्ति वर्द्धमान निमित्त बुढानीलकण्ठका जल ल्याई तलाउमा भर्ने इच्छाले आदि जलशयन नारायणकन धेरै वधि गरी वक्साई कुलो पनि जल ल्याउँदा रानीवन सन्धि (सम्म) पुग्दा कुलो चलेन र महाकष्टपाया । राजाले पनि धेरै कष्टगरी वर्षाद्सम्म तहि वसि यहि जलसँग मात्र दरवारमा जाउँला जल लैजान नसक्या यो राज्यभोग छाडि जोगीरूप धारी देशान्तर जाउँला भनी प्रतिज्ञा गरी इन्द्रजात्राहरू पनि आफु वश्याकै ठाउँमा झिकाई नाच कीर्तन गराया । धेरै मानिसकन माटो बोकाई पुरी चपरी लगाई चापातानजोल भनिं प्रख्यात गरी पानी ल्याया । नवरात्री कर्मकादिन जलसँग आफुआई पोषरीमा पवित्र जलभरी जलाशयन नारायणकन स्वभाव गराई प्रतिज्ञा पुऱ्याया ।"

६१. हरिभक्त खोजु, *धुलिखेलको सांस्कृतिक सर्वेक्षण* काठमाडौं: नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.सं. २०४३, पृ. १२ ।

६२. डी. आर. रेग्मी, *पूर्ववत्* संख्या ५२, पृ. ५१९ ।

६३. ह्यामिल्टन, *पूर्ववत्* संख्या १८, पृ. ।

६४. रेग्मी, *पूर्ववत* संख्या ५२, पृ. ५१९ ।

६५. *उही*।

६६. कर्कप्याट्रिक, *पूर्ववत्* संख्या ५, पृ. ११३-१६।
६७. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत* संख्या २२, पृ. १७८, सामग्री संख्या ७५ को पत्र।
६८. *गोपालवंशावली,* पत्र संख्या ५९ (क)।
६९. *उही,* पत्रसंख्या ३३ (क)
७०. *उही,* पत्रसंख्या ५७ (ख), ५९ (क), ६२ (क) आदि।
७१. *उही,* पत्र संख्या ३७ आदि।
७२. रेग्मी, *पूर्ववत्* संख्या ५३, पृ. ५१७।
७३. वज्राचार्य, *पूर्ववत्* संख्या ३६, पृ. ३८१, ४३४, ४३७, ४३४।
७४. रमेश ढुङ्गेल, *प्राचीन अर्थव्यवस्था,* काठमाडौं: शारदाप्रसाद उपाध्याय, वि.सं. २०४३, पृ. १०३-१०५।
७५. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्* संख्या २२, पृ. ५२।
७६. *गोपालवंशावली,* पत्र संख्या ५९।
"सं. ५०० जेष्ठ वदि ष्वप्वन्नं लख्वयातयाङा, पुवाबोये मजीरडानः॥
७७. *उही,* पत्र संख्या ५६।
७८. लंसाल, *पूर्ववत्* संख्या २, पृ. ४७-४८।
७९. ह्यामिल्टन, *पूर्ववत्* संख्या १८, पृ. २२१ र रेग्मी, *पूर्ववत्* संख्या..., भोल. २, पृ. ५१४-१५।
८०. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्* संख्या ..., पृ.५१-५२।
८१. *उही,* सामग्री संख्या १९।
८२. *गोपालवंशावली,* पत्रसंख्या ३४ (क) ... शुक्ल चतुर्थी चा तव चाप्व गाक्व अर्द्धपशु आदि शिक्व॥"
८३. *गोपालवंशावली,* पत्र संख्या ४८ (क)।
"... मानुसु तव चान २४, मेस ह्मम् ४६, भद्दीही सा वासान ११६ चलस फशि ५८ खा, खिचा, चद्दखुनि बद्दखुनि आदियमप शिक्व॥
८४. *गोपालवंशावली,* पत्र संख्या ५७ क
"सं. ४९६ श्रावण वदि ९ राजकुलन, ग्वाठ नेम भ्वाङ मेस समस्त लिस्यं ह्या उदेशना थ्यंमीं डोईया, बाबु ह्नोयका, ओवुडांया डंङ याङा दाम प्ल १०॥"
८५. *गोपालवंशावली,* पत्र संख्या ५८ (ख)।
८६. लंसाल, *पूर्ववत्* संख्या २, पृ. ४८।
८७. *उही,* पृ. ४१, ४६।
८८. *उही,* पृ. ८९।
८९. रेग्मी, *पूर्ववत्* संख्या ११, पृ. ४९४।
९०. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्* संख्या २२, पृ. ५४-५६।
९१. *उही,* पृ. ५५-५६।
९२. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्* संख्या २७, पृ. ९५-९७।
९३. *उही,* पृ. ९७।
९४. वज्राचार्य, *पूर्ववत,* संख्या ३६, पृ. ..।
९५. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत,* संख्या २२, पृ. ५५-५६।
९६. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत,* संख्या २७, पृ. ९५-९६ र ऐतिहासिक सामग्री संख्या १।
९७. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत,* संख्या २२, पृ. ५४ र ऐतिहासिक सामग्री संख्या १७।

९८. *उही,* सामग्री संख्या २५, पृ. १४८ ।
९९. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्,* संख्या २७, पृ. ९६, सामग्री सख्या ८, पृ. ७० ।
१००. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्,* संख्या २२, पृ. १६०, सामग्री संख्या ३९ ।
१०१. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्,* संख्या २७, पृ. ९६, सामग्री संख्या ८ ।
१०२. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्,* संख्या २२, पृ. १५२, सामग्री संख्या २९ ।
१०३. *उही,* पृ. ५४ र वज्राचार्य र श्रेष्ठ *पूर्ववत्,* संख्या २७, पृ. ९६ ।
१०४. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्,* संख्या २२, पृ. १७७, सामग्री संख्या ७२ ।
१०५. *उही,* पृ. १४९, सामग्री संख्या २५ ।
१०६. *उही,* पृ. १४३-४४, १६९ सामग्री संख्या १७-१८, ५४ ।
१०७. *उही,* पृ. १४४ ।
१०८. *उही,* सामग्री संख्या ५१ को पत्र, पृ. १६८ ।
१०९. *उही,* सामग्री संख्या १ को पत्र ।
११०. *उही,* सामग्री संख्या ३१, ३२ का पत्र, पृ. १५३-५५ ।
१११. *उही,* पृ. १६९ ।
"चागु षरक अधि राजा जगतजय मल्लले माटो प्रजालाई राषिकन तिमिहरूकन घाँस विर्ता गरिदियाको रहेछ. स्व कुरो हामिले पनि थामि वक्स्यौं आफ्ना षातिरजामासंग लक्ष्मिकन घाँस् ष्वाउ" ।
११२. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्,* संख्या २७, पृ. ९६ र सामग्री संख्या ६७ को पत्र ।
११३. कर्कप्याट्रिक, *पूर्ववत्,* संख्या ५, पृ. १७९-८० ।
११४. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्,* संख्या २७, पृ. ९६, सामग्री पत्र संख्या ६७ । ।
११५. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्,* संख्या २२, पृ.१४७, ऐतिहासिक पत्र संख्या २३।
११६. *उही,* पृ. १८०, पत्र संख्या ८२ ।
११७. *उही,* पृ. ११०, सामग्री अभिलेख संख्या ४३ ।
११८. *उही,* पृ. १०८, सामग्री अभिलेख संख्या ४१ ।
११९. *उही,* पृ. १७७, सामग्री संख्या ७२ को पत्र ।
१२०. *उही,* पृ. १५०, सामग्री संख्या २७ र ७२ का पत्र ।
१२१. *उही,* सामग्री पत्र संख्या ३३, पृ. १५६ ।
१२२. *उही,* पृ. ५५ र सामग्री संख्या ७२ को पत्र ।
१२३. *उही,* *पूर्ववत्,* संख्या २७, पृ. ९६ ।
१२४. चुन्दा वज्राचार्य मार्फत् नेपाल र एशियाली अनुसन्धान केन्द्रद्वारा सङ्कलित मध्यकालका धरःपौ (अप्रकाशित) मध्ये भूपतीन्द्र मल्लको गादेश भ्रमणको धरःपौ र जितामित्र मल्लकालीन धरःपौ, पौ ल्या २४० (क) आदि ।
१२५. *उही,* पत्र संख्या ३ (ख) ।
१२६. रणजित मल्लको विवाहको धरःपौ (अप्रकाशित) पत्र संख्या १२४ (क) र १४२ (क) र १४२ (क) ।
१२७. शंकरमान राजवंशी "...महीन्द्र सिंह (भास्करमल्ल) को ताम्रपत्र र त्यसको ऐतिहासिक व्याख्या" *पूर्णिमा* वर्ष १ अङ्क २ (श्रवाण, २०११), पृ. ५६ ।
१२८. *इतिहास संशोधनको प्रमान प्रमेय,* पृ. १७६ ।
१२९. राजवंशी, *पूर्ववत्,* संख्या १२७, पृ.५८ ।
१३०. लम्साल, *पूर्ववत्,* संख्या २, पृ. १०१ ।

१३१. धनवज्र वज्राचार्य, "चौतारा भगीरथ भैया" *पूर्णिमा* पूर्णाङ्क ५, पृ. २६-२७।
१३२. डेसीडेरी, *पूर्ववत्*, संख्या १९, तथा रेग्मी *पूर्ववत्* संख्या ५२, पृ. १०१३।
१३३. रमेश ढुङ्गेल, "आचार्य दीपङ्कर (श्रीज्ञान) को तिब्बत यात्रा" *कन्ट्रिव्यूसन्स टू नेपलिज स्टडिज*, भोल १३, नं. २, पृ. १९०।
१३४. अलका चट्टोपाध्याय, *अतीशा एण्ड टिबेट*, दिल्ली: मोतिलाल वनारसीद्रास, ई १९८१, पृ. ३१८-३२३।
१३५. डेसीडेरी, *पूर्ववत्* संख्या १९ र रेग्मी *पूर्ववत्* संख्या ५२, पृ. १०१३।
१३६. *उही*।
१३७. कर्कप्याट्रिक, *पूर्ववत्* संख्या ५, पृ. १७९-८०।
१३८. मल्लकालीन धरःपौ अन्तर्गत "रणजीत मल्लको विवाहको धरःपौ" (अप्रकाशित सामग्री) पत्र संख्या ६११ (क)।
१३९. *गोपालवंशावली*, पत्र संख्या २५।
"श्रीनेपाले महामण्डलीकमहापात्रप्रमुख समस्त प्रजानाम्पुत्र पौत्रादीनां गृह, क्षेत्र, क्रयबिक्रीतितडकृत्वा। संतापदुःखाग्नि, अपीडिताहदृयानि।"
१४०. *गोपालवंशावली*, पत्र संख्या २४, ३१ तथा *केसर वंशावल* पत्र संख्या ५।
१४१. लम्साल, *पूर्ववत्* संख्या २, पृ. ३८, ४०। बुढाथोकी, *पूर्ववत्* संख्या २, पृ. १, ३, ५-६।
१४२. कुल्भर र शाक्य, *पूर्ववत्* संख्या ३, पृ. ७५।
१४३. *उही*, पृ. ७६।
१४४. *उही*, पृ. १०३, ताडपत्र संख्या १, पृ. १८७ र ताडपत्र संख्या ४० आदि। वज्राचार्य, *पूर्ववत्* संख्या ४८, पहिलो खण्ड (वलटोल गावहालको अभिलेख)।
१४५. कुल्भर र शाक्य, *पूर्ववत्* संख्या ३, पृ. ७६।
१४६. *उही*।
१४७. *उही*।
१४८. *गोपालवंशावली*, *पूर्ववत्* पत्र संख्या २५।
१४९. लम्साल, *पूर्ववत्* संख्या २, पृ. ४० र बुढाथोकी, *पूर्ववत्* संख्या २, पृ. ३
१५०. कुल्भर र शाक्य, *पूर्ववत्* संख्या ३, पृ. १०३-२१२।
१५१. वज्राचार्य, *पूर्ववत्* संख्या ३६, पृ. १५०-५२, २४९, २५३, २५८ आदि।
१५२. रेग्मी, *पूर्ववत्* संख्या ५२, पृ. ४९७।
१५३. राजवंशी, *पूर्ववत्* ४, भाग १, पृ. १, २, आदि तथा भाग ३, पृ. ८।
१५४. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्* संख्या २२, पृ. ५३।
१५५. वज्राचार्य, *पूर्ववत्* संख्या ३६।
१५६. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्* संख्या २२ ,पृ. ५२।
१५७. रेग्मी, *पूर्ववत्* संख्या ५२, पृ. ५१२ र वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्* संख्या २२, पृ. ५२।
१५८. पुरातत्व पत्र संग्रह -१, पत्र संख्या १६, १७, २२, राजवंशी, *पूर्ववत्* संख्या ४, पृ. ९।
१५९. रमेश ढुङ्गेल "नेपाल-भूटान ऐतिहासिक-सांस्कृतिक सम्बन्ध" *कन्ट्रिव्यूसन्स् टू नेपलिज् स्टडिज्*, भोल. १६, नं. २, पृ. १६९-१७५। (ग्रन्थकारको संग्रहमा भएको डुग नगथली गोन्पाको विवरणपत्रमा यस कुराको स्पष्ट उल्लेख परेको छ)। जसमा भक्तपुर शहरभित्र घरघडेरीको जग्गा र शहर बाहिर पाखो तथा अन्य जग्गा पनि दिएको चर्चा छ।

१६०. *उही* लेख तथा *उही,* पत्र ।
१६१. *उही,* पत्र र अलेक्ज्याण्डर म्याक्डोनाल्ड "अ कपर प्लेट इनस्कृप्सन फ्रम द टाइम अफ पृथ्वीनारायणज फादर" *कैलाश* वर्ष १, अङ्क १, पृ. ६ ।
१६२. राजवंशी, *पूर्ववत्,* संख्या ४, पृ. २९ ।
१६३. *उही,* भाग ४, पृ. २-३ ।
१६४. रेग्मी, *पूर्ववत्,* संख्या ५२, पृ. ५१३ ।
१६५. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्,* संख्या २२, पृ. ५३ र सामग्री संख्या १३, १७, ५४ का पत्रहरू ।
१६६. लम्साल, *पूर्ववत्,* संख्या २, पृ. ८९ । (प्रताप मल्लले गौचरन संकल्प गरिदिएको) ।
१६७. जगदीशचन्द्र रेग्मी, *नेपालको वैधानिक परम्परा,* काठमाडौं: त्रि.वि. पाठ्यक्रम विकास केन्द्र, वि.सं. २०३६, पृ. १८२ । (गोरखाका राजा रामशाहको स्थिति) ।
१६८. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्,* संख्या २७, पृ. ९३-९४ ।
१६९. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्,* संख्या २२, पृ. ५२, ऐतिहासिक पत्र १ र ६ संख्याका सामग्री ।
१७०. *उही,* सामग्री संख्या ३ को ताडपत्र ।
"वृंतिस चोङ प्रजा दुःख वियमदु, प्रजा राजाया जुको राजाया" ।
१७१. राजवंशी, *पूर्ववत्,* संख्या ४, पृ. १०३-१८५, *पुरातत्व पत्र संग्रह* भाग १, पत्र संख्या ८, १०, १३, २४, २५, रेग्मी, *पूर्ववत्* संख्या ५२, पृ. ५१२ र त्यसैको परिशिष्ट १ देखि ८।
१७२. *पुरातत्वपत्र संग्रह, पूर्ववत्,* पत्रसंख्या २० ।
१७३. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्,* संख्या २२, सामग्री संख्या १३ को पत्र ।
१७४. वज्राचार्य, *पूर्ववत्,* संख्या ३६, पृ. ५१५, १७, १८ ।
१७५. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्,* संख्या २२, पृ. ५३ ।
१७६. *उही,* पृ. १५३, ऐतिहासिक सामग्री संख्या ३० पत्र ।
१७७. *उही,* पृ. १६१, ऐतिहासिक सामग्री ४१ संख्याको पत्र ।
१७८. *उही,* पृ. ५३, सामग्री संख्या ५५ को अभिलेख ।
१७९. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्,* संख्या २७, पृ. ७४-७५, सामग्री संख्या १६ को पत्र ।
१८०. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्,* संख्या २२, पृ. ५३ र ६३ संख्याको पत्र ।
१८१. पाटन वलटोलको ने.सं. २९२ को जयचन्द्रले राखेको अभिलेख । यस अभिलेखमा बाटो बढार्ने गुठीलाई ३ रोपनी खेत दान गरेको पनि चर्चा छ । वज्राचार्य, *पूर्ववत्,* संख्या ४०, *मध्यकालका अभिलेख* पहिलो भाग, अप्रकाशित ।
१८२. कुल्भर र शाक्य, *पूर्ववत्,* संख्या ३, पृ. १८७, डकुमेण्ट नं. ४८ ।
१८३. धनवज्र वज्राचार्य, "मध्यकालका सुरुका केही अभिलेख" *कन्ट्रिव्यूसन्स टू नेपलीज स्टडिज,* वर्ष ५, अङ्क १, पृ. १११ ।
१८४. रेग्मी, *पूर्ववत्,* संख्या ५२, पृ. ५०९ । (मेडिएवल नेपाल २)
१८५. *उही,* पृ. ५११ ।
१८६. *उही,* परिशिष्ट २५ को अभिलेख ।
१८७. योगी नरहरिनाथ (संपा.) *इतिहास प्रकाश* भाग २, पृ. ४५५ ।
१८८. हरिभक्त खोजु श्रेष्ठ, *धुलिखेलको सांस्कृतिक सर्वेक्षण,* काठमाडौं: नेपाल र एशियाली अनुसन्धान केन्द्र, २०४३, पृ. ७२ ।
१८९. रणजीत मल्लको विवाहको धर:पौ ।

१९०. वज्राचार्य, *पूर्ववत्,* संख्या ४० ।
१९१. *उही* ।
१९२. *उही* ।
१९३. *उही* ।
१९४. रेग्मी, *पूर्ववत्,* संख्या ५२, पृ. ५०९ ।
१९५. *उही,* पृ. ५०९-१० ।
१९६. राजवंशी, *पूर्ववत्,* संख्या ४, पृ. १२७-१३४ ।
१९७. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्,* संख्या २२, पृ. ५३ ।
१९८. लम्साल, *पूर्ववत्,* संख्या २, पृ. ३८ ।
१९९. रेग्मी, *पूर्ववत्,* संख्या १६७, पृ. १८१-१८३ ।
२००. कर्कप्याट्रिक, *पूर्ववत्,* संख्या ५, पृ. ९४ ।
२०१. *उही,* पृ. १०३ ।
२०२. दत्वा भूमिं निवन्धं वा कृत्वा लेख्य तुकारयेत् ।
आगामि भद्र नृपति परिज्ञानाय पार्थिवः ॥ आचारध्याय ३१८ श्लोक ।
(राजाले जग्गा दिंदा वा जग्गाको आयस्ता तोक्दा पछिका राजाहरूलाई बुझ्न् सजिलो होस भनी 'लेख्य' लेखाउन लगाउनू ।)
२०३. *गोपालराजवंशावली,* पत्र संख्या २५ (क) ।
२०४. *गोपालराजवंशावली,* पत्र संख्या २७ (ख) ।
२०५. कुल्भर र शाक्य, *पूर्ववत्,* संख्या ३, पृ. १०३-१८३ ।
२०६. *उही,* पृ. १८७-२०६ ।
२०७. राजवंशी, *पूर्ववत्,* संख्या ४, भाग ४।
२०८. *उही,* भाग ३ को अभिलेखालयका प्रधान अनुसन्धान अधिकारीको भूमिका र भाग ४ को संपादकको भूमिका ।
२०९. खोजू श्रेष्ठ, *पूर्ववत्,* संख्या ६१, पृ. ६४-७४ ।
२१०. वज्राचार्य, *पूर्ववत्,* संख्या ११, पृ. १४ ।
२११. राजवंशी, *पूर्ववत्,* संख्या ४, पृ.२४ को ताडपत्र ।
२१२. कुल्भर र शाक्य, *पूर्ववत्,* संख्या ३, ताडपत्र संख्या १, २, ४, ५, ६, ७, ८, ९, ४९, ५५ आदिलाई उदाहरणस्वरूप लिन सकिन्छ ।
२१३. राजवंशी, *पूर्ववत्,* संख्या ४, पृ. ४ ।
२१४. कुल्भर र शाक्य, *पूर्ववत्,* संख्या ३, विभिन्न ताडपत्र । राजवंशी, *पूर्ववत्* संख्या ४ ।
२१५. कुल्भर र शाक्य, *पूर्ववत्,* संख्या ३, पृ. ५६ ।
२१६. राजवंशी, *पूर्ववत्,* संख्या ४, पृ. ५१-५२ ।
२१७. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्* संख्या २२, सामग्री संख्या १२ को पत्र ।
२१८. रेग्मी, *पूर्ववत्,* संख्या ५२, पृ. ५११ ।
२१९. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्* संख्या२२, पृ. १४४-४५, सामग्री संख्या १९ को पत्र ।
२२०. *उही,* पृ. १४८-४९, सामग्री संख्या २५ को पत्र ।
२२१. *उही* ।
२२२. *उही,* पृ. १४३, सामग्री संख्या १६ को पत्र ।
२२३. कुल्भर र शाक्य, *पूर्ववत्* संख्या ३, पृ.७०-८२ । (तैलपिण्डका निम्ति सामग्री संख्या १५ ने.सं. ३१० हेर्नुहोस्) ।

२२४. कर्कप्याट्रिक, *पूर्ववत्,* संख्या ५, पृ. ९७ ।
२२५. *कौटिल्यको अर्थशास्त्र* २।२४।१६ ।
२२६. वज्रचार्य र श्रेष्ठ, *पूर्ववत्,* संख्या २२, पृ. १२७, सामग्री संख्या ६२ को पत्र।
२२७. कुल्भर र शाक्य, *पूर्ववत्,* संख्या ३, पृ. ८२ ।
२२८. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्,* संख्या २२, पृ. १२६-२७ ।
२२९. रेग्मी, *पूर्ववत्* संख्या १६७, पृ. १८३ ।
२३०. भी. एस. आप्टे, *द स्टुडेन्टस् सस्कृत इङ्गलिस् डिक्सनरी,* दिल्ली: मोतीलाल वनारसीदास, ई १९८६, पृ. ३३६ ।
२३१. *उही* ।
२३२. वज्राचार्य, *पूर्ववत्,* संख्या ३६, पृ. ५७-५८ ।
२३३. कुल्भर र शाक्य, *पूर्ववत्,* संख्या ३, पृ. ७०-८० ।

परिच्छेद चार : औद्योगिक परम्परा

कपडा उत्पादन व्यवसाय

धातु सम्बन्धी व्यवसाय

खनिज उद्योग

काठ, ढुंगा तथा माटोसाग सम्बन्धित शिल्प व्यवसाय

तेलपेल्ने, ऊखुसम्बन्धीः चाकु, सख्खर बनाउने तथा

ढिकी, जाँतो, ओखल, घट्ट आदि व्यवसायहरु

अन्य व्यवसाय तथा उत्पादनहरु

परिच्छेद चार
औद्योगिक परम्परा

नेपालमा विविध किसिमका घरेलु उद्योगधन्दाहरू (खासगरी शिल्पसँग सम्बन्धित) प्राचीनकालदेखि नै चलेका थिए । तिनताका यहाँ वस्त्रव्यवसाय, धात्विक सामग्री, मृत्तिका तथा काष्ठ सामग्रीजस्ता कलात्मक तथा अन्य दैनिक जनजीवनसँग सम्बन्धित सामग्रीहरूको उत्पादन हुन्थ्यो । कपडामा ऊन तथा कपास दुवैथरीको उत्पादन हुन्थ्यो । राडीपाखीजस्ता वस्तुको किराँतकालदेखि नै यहाँ उत्पादन हुन्थ्यो । धात्विकमा भाँडाकुँडा, मूर्ति, हातहतियार, गरगहना, विभिन्न किसिमका मुद्राजस्ता वस्तुको उत्पादन हुन्थ्यो । माटोका सामग्रीमा कलात्मक मूर्ति, खेलौना तथा धार्मिक छापहरू, भाँडाकुँडा (गाग्रो, पाथी आदि) जस्ता कुराको उत्पादन हुन्थ्यो । यी सबै बाहेक रङ्गरोगन, कागज, तेलजस्ता वस्तुहरूको उत्पादन गर्ने व्यवसाय पनि चलेका संकेत तथा प्रमान पाइएका छन् ।[1]

प्राचीनकालमा नै बसिसकेको यस्तो औद्योगिक परम्पराको जगमा मध्यकालमा पनि कुनै गिरावट आएन । बरु संख्यात्मक रूपले भने वृद्धि भएको देखिन्छ । मूर्तिकलामा खासगरी ढुङ्गे मूर्तिहरूको निर्माण गर्ने शिल्पमा गुणात्मक ह्रास आए तापनि धात्विक मूर्तिको क्षेत्रमा बाह्य व्यापारको बजार राम्रो भएबाट उत्पादन परम्परामा धेरै वृद्धि भएको थियो । मध्यकालमा बाह्य व्यापार निकै फष्टाएको थियो । निकासी व्यापार वृद्धि गर्नका निमित्त देशभित्र उद्योगधन्दाहरू चल्नुपर्ने बाध्यता हुन्छ । त्यसैले उद्योगव्यवसाय (शिल्प) को क्षेत्रमा उल्लेखनीय काम मध्यकालमा भएको थियो तर पनि राजनीतिक अस्थिरताले गर्दा अपेक्षाकृत रूपमा प्रगति हुन सकेको थिएन । प्राचीनकालमा बसेको जग र बाह्य व्यापारमा भएको प्राचीन सम्बन्धको निरन्तरता र विस्तारको कारण पहिलेदेखि चलिआएका स-साना घरेलु रूपका उद्योगधन्दाहरू उपत्यकामा (खासगरी पाटन र काठमाडौंमा) चलिरहेकै थिए । प्राचीनकालमा भन्दा यस युगमा आइपुग्दा बौद्धकला-वास्तुकलाको क्षेत्रमा भने नेपालले निकै प्रगति गरेको देखिन्छ । मध्यकालिक नेपालको अर्को उत्पादन जडीबुटी पनि थियो । खनिज उद्योगको क्षेत्रमा पनि निकै कामहरू भएका थिए । कलाकौशल, शिल्पविद्या आदि क्षेत्रमा राजसुरक्षण तथा प्रोत्साहन पनि राम्रो थियो । त्यसैले

पूर्वार्द्धकालदेखि नै अन्तर्राष्ट्रिय क्षेत्रसम्म ख्याति प्राप्त शिल्पीहरू यहाँ जन्मिएका थिए । कम लागतमा धेरै फाइदा हुने र आकर्षक सांस्कृतिक वस्तुको उत्पादनमा त्यस युगका नेपाली शिल्पीहरू सिपालु थिए । उद्योगधन्दा र व्यापार-वाणिज्यको विकासको निमित्त उपत्यकाका केही शासकहरूले प्रशस्त प्रयत्न गरेका थिए भन्ने कुरा त्यस युगका यस्ता राजाहरूका सुधारकार्यहरूबाट बुझ्न सकिन्छ । स्थिति मल्ल, महेन्द्र मल्ल आदि राजाहरूका सुधारसम्बन्धी टिपोट पनि पाइएका छन् ।

मध्यकालमा यहाँ घरेलु उद्योग व्यवसायको रूपमा उत्पादन हुने वस्तुहरूलाई दृष्टि दिएर वर्तमान आर्थिक अध्ययनको रूपमा उल्लेख गर्ने हो भने त्यस युगमा विविध स्रोतहरूको प्रयोग गरी उद्योग व्यवसाय चलेका थिए भन्न सकिन्छ । जस्तो कृषिमा आधारित, खानीमा आधारित तथा वन (वन्यस्रोत) मा आधारित औद्योगिक व्यवसायहरू । यसरी हेर्दा कृषि स्रोतमा आधारित व्यवसायहरूमा कपडा व्यवसाय (ऊन तथा कपास दुवै), छाला, तेल, घट्ट, ढिकी जाँतो, ओखल, सख्खर-चाकु, ऊखु आदि पर्दछन् । त्यस्तै खानीमा आधारित व्यवसायहरूमा: मूर्ति, भाँडाकुँडा, हातहतियार, ज्यावल तथा मुद्रा उत्पादनजस्ता धात्विकका साथै रङ्गरोगन, माटोका सामग्री तथा कला, विभिन्न धातुका गरगहना उत्पादन गर्ने आदि पर्दछन् । त्यसैगरी वनमा आधारित अन्तर्गत काष्ठकलासम्बन्धी व्यवसाय (वास्तु, मूर्ति, भाँडाकुँडा आदि), कागज, रङ्गरोगन, जडीबुटी, कस्तूरी छालासम्बन्धी आदि पर्दछन् । यसरी मध्यकालमा औद्योगिक व्यवसायलाई तीन वर्गमा विभाजन गर्न सकिए तापनि उपलब्ध ऐतिहासिक सामग्रीहरूका आधारमा जेजस्ता मुख्यमुख्य व्यवसायका बारेमा प्रकाश पार्न सकिन्छ त्यस्ता व्यवसायको मात्र चर्चा यहाँ गरिन्छ ।

मध्यकालमा शिल्प विद्यालाई निकै जोड दिइएको थियो । परम्परागत रूपमा शिल्प विद्या सिक्दै आ-आफ्ना व्यवसायहरू परिस्कृत रूपमा चलाउँदै अगाडि बढ्न राजाहरूले पनि जोड दिन्थे । ने.सं. ६८९ (वि.सं. १६२६) को एउटा अभिलेखमा त स्पष्ट रूपमा "विज्ञान शिल्पशास्त्रयोः" भन्ने वाक्यको उल्लेख परेको छ ।[२] यस शब्दले अमरकोषको 'शिल्पशास्त्र' शब्दसँग सम्बन्ध राख्दछ र मध्यकालमा ज्ञानविज्ञानअन्तर्गत अमरकोषका कोषकारझैं 'शिल्पशास्त्र' (कालीगढी) लाई लिएर महत्त्व दिइन्थ्यो भन्ने कुरा स्पष्ट हुन्छ ।

मल्लकालमा आइपुग्दा घरेलु उद्योगधन्दासँग सम्बन्धित व्यवसायहरू जातीय पेशाको रूपमा परिवर्तन भएको देखिन्छ । यसको प्रमानका निम्ति तात्कालिक अन्य स्रोतका अलावा स्थिति मल्लको सुधार अन्तर्गत वर्णित विषयवस्तुलाई पनि लिन सकिन्छ । विभिन्न कपडा, धात्विक, काष्ठ, ढुङ्गा, मृत्तिकासँग सम्बन्धित व्यवसायबाहेक दैनिक आवश्यकताका मान्द्रो, ढाकी,

चटाई, गुन्द्री, डोरी, डोको-डालो जस्ता सामग्रीका साथै खाद्य पदार्थसँग सम्बन्धित तेल, चाकु-सख्खर, चामल-चिउरा, स्यावजी, पिठो, जाँड-रक्सी आदिको उत्पादन गर्ने व्यवसायहरू पनि चलेका थिए । यिनमध्ये मुख्यमुख्य उद्योगधन्दाका विषयमा यहाँ क्रमश: चर्चा गरिन्छ ।

४.१. कपडा उत्पादन व्यवसाय

नेपालमा कपडा उत्पादन व्यवसायको इतिहास धेरै लामो छ । किराँतकालदेखि नै यहाँ ऊनसँग सम्बन्धित विभिन्न वस्त्रव्यवसायहरू चलेका प्रमान पाइएका छन् । यहाँ बनेका राडीपाखीले तिनताका (तेस्रो शताब्दी इशापूर्व) भारतीय बजारमा समेत महत्त्वपूर्ण स्थान पाएको थियो । कौटिल्यको अर्थशास्त्र लगायत जैन तथा बौद्धग्रन्थका साथै अन्य पौराणिक स्रोतबाट समेत यस विषयमा जानकारी पाइएको छ ।[३] लिच्छविकालमा पनि यो व्यवसाय फष्टाएकै थियो । त्यसबखत ऊन र ऊनबाट बनेका वस्त्रलगायत अरू साधारण कपडाको उत्पादन पनि प्रशस्त हुन थालेको थियो । वस्त्र व्यवसायबाट सरकारले कर उठाएर राजकोषको भण्डार भर्ने थप स्रोत पनि बनाएको थियो । लिच्छविकालको 'चैलकर' को प्रसङ्ग यस सन्दर्भमा उल्लेखनीय छ, जुन कपडा व्यवसायमाथि लागेको कर थियो ।[४] वास्तवमा कपडा, राडीपाखी जस्ता सामग्रीको उत्पादन व्यवसाय नेपालमा प्राचीन, मध्य र पछि शाहकालसम्म नै निरन्तर रूपमा चलेको कुरा ऐतिहासिक स्रोत र परम्परा दुवैले स्पष्ट पारेको छ ।

मध्यकालको पूर्वार्द्धसम्म प्राचीनकालमा जस्तै औद्योगिक उत्पादनको परम्परा चलेको भए तापनि मध्यकालको उत्तरार्द्धदेखि भने कुनै क्षेत्रमा प्राचीनभन्दा बढी र कुनैमा केही कमी आयो । धातु मूर्ति र अन्य धात्विक सामग्रीको उत्पादनमा यस युगमा वृद्धि भयो भने ऊन र उनका वस्त्रको उत्पादन गुणमा ह्रास आउन थाल्यो । त्यसको फलस्वरूप यहाँ धात्विक सामग्रीको निकासीमा वृद्धि र ऊनका सामग्रीको उत्पादन पहिलेपहिले जस्तो उच्चगुणको हुन छाडेकोले मध्यकालको उत्तरार्द्धसम्ममा नेपाललाई यस व्यवसायमा काश्मिरले उछिन्न पुग्यो । यसो भए तापनि ऊन र ऊनका सामग्रीको उत्पादनमा कमी भने आएन । ऐतिहासिक सामग्रीमा यहाँ ऊनका सामग्रीको उत्पादन तथा निकासी व्यापार समेत हुने गरेका उदाहरणहरू पाइएका छन् । जस्तो स्थिति मल्लको सुधारमा जातअनुरूप कार्यविभाजन गर्दा भाट जातलाई नंवु (पाखी) रङ्गाउने कामको जिम्मा दिइएको छ । भाषावंशावलीमा वर्णित स्थिति मल्लको उक्त व्यवस्थामा निम्नबमोजिम चर्चा परेको छ:-

"छिपाले कपडा रंग लाउनू भाटले नंवु रंगाउनू" "महाब्राह्मण भाटको (व्यवस्था) पाखी पटुका रङ्गाउनू ..."[५]

यहाँ पाखी तथा नंवु भन्नाले ऊनका वस्त्रसँग सम्बन्धित सामग्री भन्ने बुझिन्छ। नंवु भन्ने पाखीकै तिब्बती शब्द हो । यस्तै किसिमले दोलखा भेकमा मध्यकालदेखि नै परम्परागत रूपमा उत्पादन हुने चाँगा, पाँगा, राडी, नम्जा, ज्याफुस आदि वस्त्रहरूको उल्लेख ऐतिहासिक स्रोतमा पाइएको छ ।[६] दोलखा तथा नुवाकोट भेकमा भैँडा-च्याङ्ग्रा, घोडा, चौंरी आदि पशुपालन व्यवसाय पनि चल्ने हुनाले त्यतातिर उपर्युक्त ऊनका सामग्रीहरूको उत्पादन हुनु स्वाभाविकै हो । स्थिति मल्लको सुधारमा उल्लिखित 'नंवु' 'पाखी' र दोलखाको पत्रमा उल्लिखित 'नामजा' भन्नाले एकैखाले ऊनका वस्त्र भन्ने बुझिन्छ । पछि शाहकालको पूर्वार्द्धसम्म पनि यस्ता ऊनका वस्त्रहरूको दोलखा भेकमा उत्पादन गर्ने परम्परा चलिरहेको थियो । वि.सं. १८७४ सालको एक लालमोहरमा पश्मिना (ऊनको कपडा) चाँगा, पाँगासहित भैँडा-च्याँग्रा आदि दोलखा भेकमा प्रशस्तै पाइन्थ्यो भन्ने चर्चा परेको छ ।[७] नुवाकोटको उत्तरी भेकतर्फ पनि केही ऊनसम्बन्धी व्यवसाय मध्यकालदेखि नै चलेको संकेत पाइएको छ किन कि मल्लकालको समाप्तिको २ दशकभित्रै नेपाल भ्रमणमा आउने कर्कप्याट्रिकले त्यसबेलासम्म पनि भैँडा च्याङ्ग्रा, चौंरी आदिको रौंबाट बन्ने खस्रो ऊनीको धागो उत्पादन गर्ने व्यवसाय नुवाकोट भेकमा चलिरहेकै थियो भनेर चर्चा गरेका छन् ।[८] अहिले पनि स्याब्रु भेकतिर स्थानीय मानिसहरूले ऊनीका ज्याकेट, लुकुनी, पाखी, गलेबन्द आदिको उत्पादन गरी परम्परागत व्यवसायलाई थामिरहेको देखिन्छ ।

ऊन र ऊनबाट बनेका सामग्रीहरू किमति सामग्री तथा वस्त्रको रूपमा मल्लकालका दरबारहरूमा पनि राखिन्थे । भर्खरै माथि 'चाँगा' 'पाँगा' जस्ता ऊनका वस्त्र सामग्रीका बारेमा चर्चा गरियो । यस्ता ऊनका 'चाँगा' 'पाँगा' जस्ता वस्त्रको उल्लेख उपत्यकामा गोरखाको विजय भएपछि तयार गरिएको वि.सं. १८२६ सालको भक्तपुर दरबारमा भएको सामग्रीको लगत सूचीमा पनि परेको छ ।[९] अझ उक्त सूचीमा पाँगाको जामा-पटासि (पृ. ११८-१९) र चांगाको चंदुवा, चोला (पृ.९७) खास्टो भनेर स्पष्ट उल्लेख भएकोले 'चाँगा' 'पाँगा' को प्रयोग लगाउने वस्त्रको रूपमा हुन्थ्यो भन्ने कुरा स्पष्ट हुन्छ । यस्ता चाँगा-पाँगा जस्ता ऊनी कपडाहरू बाक्ला र ठूल्ठूला पनि हुन्थे, जसको प्रयोग पाल (tent) आदि बनाउने काममा पनि गरिन्थ्यो ।[१०] यस्ता चाँगा, पाँगा, पाखी, राडी आदि नेपालीमा भोटबाट पनि आयात हुन्थ्यो तापनि नेपालमै पनि यसको उत्पादन हुन्थ्यो भन्ने कुरा भक्तपुर दरबारका सामग्रीको उक्त सूचींमा उल्लेखित

'नेपाली पाँगा' भन्ने वाक्यले स्पष्ट पार्दछ ।[११] ऊनीका पाखी र ओड्ने चंदरको पनि उल्लेख उक्त सूचीमा परेको छ ।[१२] ऊनीका पाखीबाट बख्खु पनि बनाइन्थ्यो र बख्खुको प्रयोग पनि हुन्थ्यो ।[१३]

यस किसिमले किराँतकालदेखि लिएर निरन्तर रूपमा ऊनका लत्ताकपडाको उत्पादन नेपालमा मध्यकालसम्म पनि भइरहेको थियो भन्ने कुरा यताबाट सिद्ध हुन आएको छ ।

मध्यकालमा बाह्य व्यापारका निमित्त उपयोगी र धेरै फाइदा हुने ऊन र ऊनका सामग्रीको उत्पादन केही भए तापनि स्वदेशमा प्रयोगका निमित्त भने धेरै परिमाणमा कपासको धागोका कपडाको नै उत्पादन हुन्थ्यो । तिनताका यहाँ कतिपय बस्तीबस्तीमा खेतीका साथसाथै घरेलु रूपमा कपडाको उपादन गर्ने व्यवसाय पनि अनिवार्य जस्तै र लोकप्रिय रूपमा चलेको थियो । थानकोट, कीर्तिपुर लगायत काँठ-काँठका मध्यकालिक बस्तीहरूमा अहिले पनि त्यो परम्परा टुटेको छैन । हिजोआज उपत्यकामा यस्ता घरेलु रूपमा चलेका कपडा व्यवसायका निमित्त बाहिरबाट धागो आयात गरिन्छ तर मध्यकालमा धागोको उत्पादन पनि यहीँ हुन्थ्यो । ऐतिहासिक कागज पत्रहरूमा कपास र कपासबाट धागो बनाउने गरेका उल्लेखहरू ठाउँ-ठाउँमा पाइन्छन् । ठिमीका एक दुवालका वंशज चन्द्रमान जोशीको घरमा प्राप्त विनिमय तथा बजारभाउको विवरणयुक्त एउटा विस्तृत टिपोट (ठ्यासफू) मा मुख्यमुख्य वस्तुको बजारभाउको टिपोट गर्दा कपासको पनि ने.सं. ८५० (वि.सं. १७८६) देखि ने.सं. ९२८ (वि.सं. १८४६) सालसम्मको बजारभाउको टिपोट गरिएको पाइएको छ ।[१४] त्यस्तै, मध्यकालको उत्तरार्द्धका ऐतिहासिक धरःपौहरूमा पनि कपासबाट धागो बनाउने व्यवसाय तथा त्यस सम्बन्धित व्यवसायीहरूको चर्चा पाइन्छ । खासगरी जितामित्र मल्लको धरःपौमा यस विषयमा स्पष्ट उल्लेख परेको छ ।[१५] यस्तै किसिमले स्थिति मल्लको सुधारमा पनि नीर आदि पाँचै रङ्गले धागाकपडा रङ्गउने व्यवसायी 'छिपा' को उल्लेख परेको छ ।[१६] यसको थप प्रमान ने.सं. ८८३ (वि.सं. १८१९) को एक ग्रन्थको पुष्पिकाले प्रस्तुत गरेको छ। उक्त पुष्पिकामा गोरखाली राजा पृथ्वीनारायण शाहले उपत्यकालाई वरिपरिबाट आर्थिक नाकाबन्दी लगाईदिनाले कपासको समेत अभाव भएको थियो र कपासको भाउ बढेर ९ तोलालाई १ मोहरसम्म पर्न थालेको थियो भन्ने चर्चा परेको छ ।[१७] यी उपर्युक्त स्रोतका आधारमा यहाँ कपासबाट सुति धागोको उत्पादन समेत यहीँ गरिन्थ्यो भन्ने बुझिन्छ । जहाँसम्म कपासको कुरा छ उपत्यका भित्र त्यस्तो उत्पादन प्रायः हुँदैनथ्यो । हुनत पूर्ववर्ती इतिहासकारहरूले मल्लकालमा कपासको उत्पादन पनि यहीँ हुन्थ्यो र धागो कात्ने र आवश्यकताअनुसार कपडा बुन्ने काम समेत हुन्थ्यो भनेर चर्चा गरेका छन् ।[१८] तर भर्खरै माथि

उल्लिखित वि.सं. १८१९ को तथ्यले कपासको उत्पादन मल्लकामा यहाँ हुन्थ्यो भन्ने कुरालाई स्वीकार गर्न दिंदैन किनकि त्यसमा आर्थिक नाकाबन्दी अर्थात् बाटो रोकिनाले उपत्यकामा कपास नआएर कपासको मोलले आकाश छोएर १ मोहरको ९ तोला भएको थियो र कपडाको उत्पादन बन्द भएर जनताहरूले फाटेका लुगा लाउनु परेको थियो भन्ने स्पष्ट चर्चा छ।[१९] यो त भयो कपास र धागोको मात्र चर्चा। अब कपडा उत्पादन व्यवसाय सम्बन्धित तथ्यहरूको चर्चा गरौं।

माथि उल्लिखित तथ्यले नै पनि यहाँ बाहिर (तराई) बाट कपास ल्याई धागो कातेर कपडा बुन्ने काम हुन्थ्यो र जनसाधारणले प्रयोग गर्ने कपडा बाहिरबाट ल्याइँदैनथ्यो भन्ने बुझिन्छ। वि.सं. १४४०-५० ताका स्थिति मल्लले कायम गरेको स्थिति बन्धेजमा पटुका (कपडा) रङ्गाउने महाब्राह्मण, भाट तथा धागो-कपडा रङ्गउने छिपा जातको उल्लेख परेको छ।[२०] यस सन्दर्भमा सबैभन्दा उल्लेखनीय घटना कान्तिपुरका राजा महेन्द्र मल्ल (वि.सं. १६१७-१६३१) को आर्थिक सुधार सम्बन्धी स्थितिलाई मान्नु पर्दछ। महेन्द्र मल्लको उक्त स्थितिमा देशमा अनिकाल, असिना आदि प्राकृतिक प्रकोप नभई सुखसमृद्धि र सहकाल कसरी हुन्छ भन्ने विषयमा विचार गर्दा ढिकी जाँतोलगायत लुगा बुन्ने तान, टुकी आदि कुरा राज्यभरमा कहिल्यै खाली नराख्नू भन्ने स्थिति बाँध्ने असल विचार राजा महेन्द्र मल्ललाई आशीर्वादले गर्दा सुझेको चर्चा छ। जुवा नखेल्नू, प्रजाको हित गर्नू, सत्य बोल्नू, न्यायनिसाफ राम्रो गर्नू जस्ता राज्यको सुखसमृद्धिका शुभलक्षण भएजस्तै लुगा बुन्ने तान टुकी आदि खाली नराख्ने पनि शुभलक्षण हुने कुराको समेत महेन्द्र मल्लका सुधारअन्तर्गत उल्लेख गरिएको देखिन्छ।[२१] यसरी मध्यकालमा उपत्यकामा कपडा उत्पादनको व्यवसाय राज्यभर नै असल पेशाको रूपमा चल्दथ्यो भन्ने कुरा बुझिन्छ। तान, टुकी खाली राख्नु अपसकुन मान्ने समाजमा कपडा उत्पादनलाई अत्यन्त महत्त्व दिइएको थियो भन्ने कुरामा अनुमान गर्न कठिन पर्दैन। राजा महेन्द्र मल्लले आफ्नो प्रयोगका निमित्त मात्र नभएर बाह्य बजारलाई खिच्न सक्ने उत्तम गुणको कपडा उत्पादन गर्ने नीतिसमेत बनाएका थिए। महेन्द्र मल्लको स्थितिमा यस विषयमा बडो रोचक ढङ्गले उल्लेख गरिएको छ, जो निम्न बमोजिम छ:-

> "... ढिकि जाँतो लुगा बुन्ने तान टुकि कैल्हे पनि खाली नराख्नु पटासि घरबुना खाडि कोरा यौटै किसिमबाट नबुन्या अनर्थ हुन्याछ... कपडा बन्दै लग्या पछि कागत जस्तो मिहीं र सफेत् कपडा हुन्याछ तेसो भया पछि अरू गावलका (गाउंका) बाईसे चौबिसे) र मधिसे राजाहरूलाई विकी गरी धनी हुन्याछौं ..."[२२]

यताबाट तिनताका कपडा उत्पादनमा राज्यको नीति कस्तो थियो भन्ने कुरा स्पष्ट हुन्छ । अर्कोतिर कस्ता-कस्ता कपडाको उत्पादन त्यसबेला हुन्थ्यो भन्ने विषयमा पनि केही जानकारी मिल्छ । जस्तो पटासी र घरबुना खाँडी कपडाको चर्चा यस स्थितिमा परेको छ । कपडा उत्पादनको गुणलाई पनि खुबै ध्यान दिइन्थ्यो भन्ने विषयमा पनि यस स्रोतबाट केही जानकारी अवश्य मिलेको छ । यसरी कपडाको गुणमा वृद्धि गर्ने र भारतीय मैदानसम्म बजार लिने नीति महेन्द्र मल्लले लिएको देखिए तापनि अत्यन्त मिहीं र उच्चगुणका कपडाको उत्पादन भने उपत्यकामा त्यति हुन सकेन तर पनि निम्न तथा मध्यम किसिमका कपडाको उत्पादन भने प्रशस्त मात्रामा पछिसम्म नै भइरहेको बुझिन्छ । भक्तपुर दरबारमा भएको सामग्रीको वि.सं. १८२६ मा बनाइएको सूचीमा अनेकौं विदेशी कपडा तथा सामग्रीको साथमा नेपाली कपडा र सामग्रीको पनि उल्लेख प्रशस्तै परेको छ ।[२३] भक्तपुर दरबारका सामग्रीको सूचीका आधारमा पनि मध्यकालमा उपत्यकामा धेरैजसो 'छिट' कपडाको उत्पादन हुन्थ्यो भन्ने बुझिन्छ । दरबार तथा ठूल्ठूला कुलीनहरूका घरमा नेपाली छिटको पनि प्रशस्त संग्रह हुन्थ्यो भन्ने जानकारी पनि यस सूचीबाट मिलेको छ । कर्कप्याट्रिकले पनि उपत्यकामा परम्परागत रूपमा उत्पादन भइआएका खस्रो (मोटो) कपडाहरू त्यसबेला (वि.सं. १८४८ ताका) सम्म पनि राम्रैसँग उत्पादन भइरहेको र उक्त कपडाको खप्तत नेपालभित्र र केही तिब्बततर्फ पनि हुने कुराको उल्लेख गरेका छन् ।[२४] उपत्यकाका ज्यापू तथा उदयहरूका प्रत्येक घरमा आ-आफ्ना कपडाका तान अनिवार्य रूपमा जस्तै हुन्थे । यहाँ उत्पादित कपडाको आन्तरिक बजारको मागलाई पूरा गरी केही नेपालकै पहाडी इलाका तथा तिब्बततर्फ पनि निकासी हुन्थ्यो ।[२५] कपडा रङ्गाउने छिपा तथा रङ्गाउने व्यवसायका बारेमा केही चर्चा रणजीत मल्लको विवाहको र जितामित्रको धर:पौर्मा पनि परेको छ ।[२६] वंशावलीहरूमा 'कर्णिक' अर्थात् कपडा बुन्ने जुलाहाको समेत उल्लेख परेको छ ।[२७] यसैगरी मध्यकालमा उपत्यकाकै एक राजनीतिक इकाइको रूपमा रहेको दोलखा प्रदेशमा पनि ऊनीलगायत सूति कपडाको पनि उत्पादन हुन्थ्यो । त्यहाँ उत्पादित 'छत्र कुसा' (कपडाका विभिन्न पर्व जात्राहरूमा प्रयोग हुने ठूलो छत्र) काठमाडौंमा ल्याइन्थ्यो ।[२८] यसरी उपत्यकामा कपडा उत्पादन व्यवसाय प्रशस्त मात्रामा चलेको थियो र मागको आपूर्ति यहींको उत्पादनबाट नै हुन्थ्यो । त्यतिमात्र नभएर उपत्यका बाहिर पूर्व-पश्चिमका पहाडिं राज्यहरूमा र तिब्बतमा समेत यहाँ उत्पादित कपडा जान्थ्यो । राजा महेन्द्र मल्लले जस्तै बडामहाराज पृथ्वीनारायण शाहले पनि यो परम्परा कायमै राख्न देशका कपडा बुन्न जान्नेलाई राम्रा नमूना देखाई सघाउनू र बुन्न लगाउनू अनि विदेशका कपडा

ल्याउनलाई बन्देज गर्नू, चाँगा, पाँगा लगाएर नै आफूले तीन शहर नेपाल (काठमाडौं उपत्यका), हिन्दूपतिको राज्य (पूर्वका सेन राज्य)) तथा ९ लाख किराँत (पल्लो र माँझ किराँत) जितेको हो विदेशी लुगा लाएर मात्र पौरखी हुने हैन भनेर बोलेका थिए ।[२९] बडामहाराजाधिराजालाई यस किसिमको व्यवस्था बाँध्ने प्रेरणा पनि पहिलेका उपत्यकाका राजा स्थिति मल्ल, महेन्द्र मल्ल तथा गोरखाका राजा रामशाहहरूकै स्थितिबाट मिलेको थियो ।[३०] यस किसिमले भर्सक बाह्य बजारमा अफ्ना सामानको स्थान सुरक्षित गर्न कोशिस गर्ने र त्यसो हुन नसके पनि विदेशी कपडा आदि सामानको प्रयोग नगराउने नीति मध्यकालका शासकहरूको रहेको देखिन्छ । यसो भए तापनि पछिल्ला मल्लकालका शासकहरूले भने महेन्द्र मल्लजस्ता कुशल शासकको स्थितिलाई ख्याल नगर्नाले पछि यहाँ उपत्यकाका राजा, राजपरिवार तथा उनका नातेदार साथै अन्य आभिजात्य धनीवर्गहरू यहाँका चाँगा, पाँगा, नाम्जा, भांग्रा, खाँडी, छिट, कोराजस्ता खस्रा-मोटा कपडाबाट मात्र सन्तुष्ट हुन छाडे । फलस्वरूप यहाँ उत्तर चीनदेखिका गोएछेन, रेशम (कोचीन) तथा हिन्दूस्थानका प्रसिद्ध शहर काश्मिर, वनारस, ढाका, पटना, आग्रा, वोढानपुर, नागपुर, भागलपुर, तिरहुत, गोरखपुर, कन्नौज, शाहजाँपुर, धुलकपुरजस्ता ठाउँबाट र कति त बेलायतजस्ता युरोपीय मुलुकबाट आयात गरिएका कपडाहरूको समेत प्रयोग हुन थालेको थियो । यतिसम्म कि भारतका प्रसिद्ध शौखिन मुगल सम्राट्हरूको नामबाट प्रसिद्धि पाएका पोसाकहरूसमेत धनीवर्गले प्रयोग गर्दथे । जस्तो 'ओरङ्गजेवी जामा' यस प्रसङ्गमा उल्लेखनीय छ । यस्तो मल्लकालका धनी र कुलीनवर्गहरूमा परेको बाह्य प्रभावको ज्वलन्त नमूना भक्तपुर दरबारका सामग्रीको वि.सं. १८२६ मा बनाइएको सूचीबाट अझ स्पष्ट हुन्छ ।[३१] कोचीन, किमषाव, वापता, मखमल, मलमल, कलंदरा, मालदहि, बनात, बखता, अमृति रेशम र जरि र कसिदावालजस्ता किमति वस्त्रहरू (जुन नेपालमा बन्दैनथे) को उपभोग धनीवर्गले प्रशस्त गरेको देखिनाले र दरबार तथा कुलीनवर्गका घरमा धेरै कम मात्र नेपाली छिट, खाँडी, र चाँगा, पाँगाजस्ता कपडाको प्रयोग भएको प्रमान भेटिएकाले यस वर्गमा स्वदेशी उत्पादनको महत्त्व घटिसकेको स्पष्ट रूपमा देखिन्छ । यद्यपि जनसाधारणले भने यस्ता विदेशी कपडाको उपयोग विल्कुलै गर्दैनथे । ऊनी र सुतीका (स्थानीय उत्पादनका) घुँडासम्म पुग्ने कोटजस्ता लुगा (ज्याकेट) र खुट्टामा गोलीगांठासम्म पुग्ने सुरुवाल जनसाधारणको पोसाक थियो भनेर विं.सं. १७७९ मा नेपाल भ्रमण गर्ने पादरी डेसीडेरीले वर्णन गरेका छन् ।[३२] जनसाधारणले लगाउने लवेदा, सुरुवाल र पटुका सम्पूर्ण स्वदेशी उत्पादनका नै हुन्थे । स्वास्नीमानिसले लगाउने फरिया, चोलो, पछ्यौरा, पटुका, पटासी आदि पनि स्वदेशी छिट, खाँडी र चाँगा, पाँगा,

नाम्जा आदिका नै हुन्थे, तर राजकुलका र भारदार वर्गले प्रयोग गर्ने जामा, लवेदा, पगरी, पटुका, सारी, पछ्यौरा, पटासी, धोती, अर्धसा, खगाम, दोपट्टा, सुजिनी, चिरा, अंगर्खा (अङ्गरखा) जनखि, रुमाल, तमान आदि लुगाहरू भने प्रायजसो किम्मति विदेशी कपडाका हुन्थे ।[३३]

४.२. धातुसम्बन्धी व्यवसाय

धातुसम्बन्धी औद्योगिक परम्पराको थालनी पनि प्राचीनकालदेखि नै भएको हो । प्राचीनकालका मुद्रा, अभिलेख तथा अन्य वैदेशिक स्रोतबाट समेत तिनताका यहाँ मुद्रा तथा तामाका भाँडाकुँडा बनाउने, ज्यावल तथा हतियार बनाउने, गरगहना तथा देवीदेवताका कवच मुकुट आदि श्रृंगारमय सामग्री बनाउने, विभिन्न धातु र विभिन्न किसिमका (खासगरी कांश्य, ढलौट आदि) मूर्ति बनाउने, दरबार, मन्दिर, विहार आदि वास्तुहरूमा प्रयोग हुने मकराकृति तथा अन्य तोरणादिको निर्माण गर्ने र फलामजस्ता कच्चा धातुको समेत उत्पादन गरेर निर्यात गर्ने व्यवसायहरु यहाँ प्राचीनकालदेखि चलिरहेकै थिए ।[३४]

मध्यकालमा आएर धातुसम्बन्धी व्यवसायमा अझ वृद्धि भयो । तिनताका बाह्य व्यापारका महत्त्वपूर्ण व्यापारिक वस्तुमा धात्विक सामग्री नै महत्त्वपूर्ण थिए । प्राचीनकालमा धात्विक मूर्तिहरू कममात्र बन्दथे, तर मध्यकालमा भने विभिन्न आकारका धात्विक मूर्तिको उत्पादन असंख्य मात्रामा हुन थाल्यो । मध्यकालको पूर्वार्द्धदेखि नै काठमाडौं उपत्यकाका शिल्पीहरू स्वदेशमा मात्र मूर्ति आदि कलात्मक वस्तुको उत्पादनमा संलग्न नभएर बाह्य मुलुकसम्म पनि पुगेर देशमा विदेशी सम्पत्ति भित्र्याउँथे । मध्यकालका सुरु-सुरुका सामग्री-हरूदेखि नै सुवर्णकार, लोहकार, चित्रकार, नकर्मी, कंश्यकार वा कसाल, शिल्पकार, शिल्पी विश्वकर्मा, तक्षकार, दारुकार, ताम्रकार, कर्मकार, थपत्ति, ल्वाक, वंदे-बाँडा जस्ता कलात्मक वस्तुको उत्पादन व्यवसायसँग संलग्न व्यवसायीहरूको उल्लेख ऐतिहासिक सामग्रीमा पाइन्छ ।[३५] यसमध्ये लोहकार, लोहकर्मी, चित्रकार, नकर्मी, टमोट, कसालजस्ता व्यवसायीको उल्लेख स्थिति मल्लको व्यवस्थामा पनि परेको छ ।[३६] सुवर्णकार तथा ग्रन्थलेखक दुवै व्यवसाय गर्ने शिल्पीको उल्लेख ने.सं. ११९ मा लेखिएको बौद्ध ग्रन्थ 'अष्टसाहस्रिका प्रज्ञापारमिता' मा पहिलोपल्ट परेको छ ।[३७] त्यसपछि मध्यकाल भरि नै यस्ता सुवर्णकारहरूको विषयमा उल्लेख भएको पाइन्छ । सुवर्णकार पेशामा पछि-पछि वंदे वा बाँडा अर्थात् बौद्ध धर्मानुयायी शाक्यहरू संलग्न भएको देखिन्छ । ने.सं. ८०४ र ८७८ का ताडपत्रमा यस्ता वंदेहरूको उल्लेख स्पष्ट रूपमा परेको छ ।[३८] ने.सं. ११९ को माथि उल्लिखित स्रोतमा भने सुवर्णकार राण (राना?) भन्ने व्यक्तिको नाम अङ्कित भएको छ ।[३९] सुवर्णकार भन्नाले सुनका गहना तथा

श्रृङ्गारमय वस्तुहरू र मूर्ति आदि बनाउने शिल्पी भन्ने बुझिन्छ । स्थिति मल्लको व्यवस्थामा पनि सुनचाँदीका गहना बनाउनु, ढलौट धातुका भाँडावर्तन बनाउनु र तिनमा सुनचाँदीको जलप लगाएर र धातुका बुट्टा काटेर श्रृंङ्गार गर्ने साथै काँसोका कचौरा आदि बनाउने काम बाँडा वा वंदेलाई र लुकर्मिहरूलाई सुम्पिएको देखिन्छ ।[४०] लोहकार 'ल्वाका' तथा नकर्मी 'न:क' वास्तवमा एकै किसिमका व्यवसायी हुन् । स्थिति मल्लको व्यवस्थामा 'लोहकर्मि', 'लोहकार' र 'नकर्मी' तीनै थरीको उल्लेख परेको छ । लोहकार र लोहकर्मी त एकै हुन्, तर जातीय भेदमा नकर्मी भने छुट्टै वर्ग भए तापनि दुवैको व्यवसाय फलामको काम गर्ने भएकोले यिनलाई एकै व्यवसायीको रूपमा लिन सकिन्छ । विश्वकर्मा शिल्पीको उल्लेख पनि ताडपत्र तथा अभिलेख दुवैमा पाइन्छ । विश्वकर्मा भन्नाले काष्ठकलाको काम गर्ने भन्ने बुझिए तापनि साधारणतया कालिगढहरूलाई पनि शिल्पी विश्वकर्माको रूपमा उल्लेख गरिएको पाइन्छ । ने.सं. ५१५ (वि.सं. १४५०) को बनेपाका सामन्त शासक जयसिंराम वर्द्धनले स्थापना गरेको सूर्यमूर्तिको अभिलेखमा विश्वकर्माका छोरा शिल्पी विश्वकर्मा राज मुल्मी र जयत मुल्मीको उल्लेख परेको छ ।[४१] पूर्वार्द्धकालका ताडपत्रहरूमा विश्वकर्मालाई वृद्धिका 'वर्धक' भनेर पनि उल्लेख गरिएको पाइन्छ ।[४२] स्थिति मल्लको व्यवस्थामा पनि प्राचीन भारतीय सभ्यतामा झैं विश्वकर्माको काम गर्नेलाई 'वढै' को रूपमा पनि उल्लेख गरिएको छ ।[४३] 'वर्धक' र 'वढै' बीचमा शब्द सादृश्य पनि रहेको छ । काष्ठकलासँग सम्बन्धित व्यवसायीलाई 'सिकर्मी' को रूपमा पनि उल्लेख गरिएको पाइन्छ ।[४४] सायद 'दारुकार' र 'तक्षकार' भनेको पनि त्यही नै हो । तक्षकारको चर्चा ताडपत्रहरूमा पनि ठाउँ-ठाउँमा पाइन्छ,[४५] तर 'दारुकार' को भने वंशावलीमा मात्र । 'कंश्याकार' वा 'कशाल' को उल्लेख वंशावलीहरूमा पाइन्छ । वर्तमान कंशाकारलाई नै वंशावलीमा 'कसाल' वा 'कंश्याकार' भनिएको हो । स्थिति मल्लको व्यवस्थामा कांशो कुटेर 'भाँडावर्तन बनाउने कामको जिम्मा कशाल' लाई दिइएको छ ।[४६] राइटको वंशावलीमा कंश्याकारलाई धातुसम्बन्धी र घण्टीहरू ढाल्ने व्यवसायी भनेर चिनाइएको पाइन्छ ।[४७] 'ताम्रकार' र 'तमोट्' भन्ने दुवै एकै व्यवसायी हुन् । कामको बाँडफाँडमा पनि तामा र काँसो आदि धातुका भाँडावर्तन बनाउने र सुनचाँदीको जलप लगाउने काम टमोटलाई सुम्पिएको देखिन्छ ।[४८] ताडपत्रहरूमा पनि ताम्रकारको उल्लेख पाइन्छ ।[४९] कर्मकारको उल्लेख यक्ष मल्लको समयको सरस्वतीको मूर्तिको अभिलेखमा परेको छ ।[५०] 'कर्मकार' पनि शिल्पकार वा शिल्पी विश्वकर्मालाई नै भनिएको हुनुपर्दछ । ने.सं. ३०४ को ताडपत्रमा 'थपत्ति' को उल्लेख परेको छ ।[५१] वास्तुसम्बन्धी काम गर्ने व्यवसायीलाई 'थपत्ति' भनिएको हुनुपर्दछ । यसदेखि बाहेक पनि अरू माटाका

भाँडावर्तन, मूर्ति आदि बनाउने, चित्रकारी गर्ने जस्ता शिल्पी व्यवसायीहरू मध्यकालमा प्रशस्त थिए, जसको विषयमा तल यथास्थानमा चर्चा गरिने छ । यहाँ उल्लिखित व्यवसायीहरूको चर्चाले मध्यकालमा शिल्पसम्वन्धी व्यवसायमा धेरै नै मानवशक्ति संलग्न रहेको र यस किसिमको औद्योगिक उत्पादनको परिणाम पनि धेरै नै हुन्थ्यो भनेर उल्लेख गर्न सकिन्छ ।

प्राचीनकालमा विद्यमान धात्विक व्यवसायहरू सबै नै मध्यकालमा पनि चलिरहेकै थिए । त्यसदेखि बाहेक मध्यकालका हस्तलिखित ग्रन्थहरूमा धात्विक कलाको प्रयोग, स-साना धात्विक चैत्यहरू, पूजा सामग्री तथा अन्य धार्मिक कलात्मक सामग्रीहरू, ताम्रपत्र, सुवर्णपत्र, रजतपत्र जस्ता वस्तुको उत्पादन पनि प्रशस्त हुन थालेको कुराको उल्लेख पाइन्छ । यस्ता सामग्रीको भने प्राचीनकालमा उत्पादन र प्रयोग भएको उदाहरण पाइएका छैनन् । मध्यकालका विहार मठ-मन्दिर, देवालय, दरबार, धारा पाटी-पौवा आदिमा पनि धात्विक कलात्मक सामग्रीको प्रयोग धेरै नै भएको देखिन्छ । यस कालमा मूर्ति बाहेक अन्य धार्मिक, साँस्कृतिक महत्त्वका धात्विक वस्तुको पनि अत्यधिक मात्रामा उत्पादन हुन्थ्यो । देवालय, विहार-गोन्पा आदिमा दैनिक तथा पर्वपर्वमा प्रयोग हुने सामग्री तथा बाजागाजा तथा अन्य सामाजिक पर्वहरूमा चाहिने सांस्कृतिक महत्त्वका मध्यकालमा बनेका सामग्रीहरू अहिले पनि यत्रतत्र पाइन्छन् । त्यसैले धात्विक मूर्ति, धार्मिक तथा लौकिक प्रयोगका भाँडावर्तन, सुनचाँदी तथा तामाका मुद्रा तथा अभिलेखहरू, बाजागाजाका सामग्री तथा वास्तुनिर्माणमा सजाइने धात्विक सामग्री नै मध्यकालका मुख्यमुख्य धात्विक उत्पादनहरू हुन् । यस्ता धात्विक सामग्रीको निर्माणमा केही ऐतिहासिक तथ्यहरूको विषयमा यहाँ चर्चा गर्नु आवश्यक हुन्छ ।

मध्यकालका हालसम्म प्राप्त प्रामाणिक स्रोतले ठहऱ्याएका धातुकला सम्बन्धी काममा सबैभन्दा पहिलो उदाहरण राजा प्रथम गुणकामदेवद्वारा पशुपति इशानेश्वर भट्टारकलाई तामाको छाना चढाएको र सुनधारा बनाएको घटना नै हो । यसको उल्लेख गोपालवंशावलीमा परेको छ ।[५२] गुणकामदेवको शासनकाल वि.सं. १०४०-५० ताका भएको कुरा ऐतिहासिक स्रोतले देखाएको छ ।[५३] यसै समयताका (ने.सं. १२४) को अभिलेखमा गरुडध्व विष्णुको मूर्तिको अभिलेखमा कलात्मक वस्तुको कोशसमेत चढाएको चर्चा परेको छ ।[५४] हुन त देवालयलाई सुवर्ण तथा तामाका छाना हालेका सुवर्णधारा बनाएका तथा चाँदीका कमल चढाएका उदाहरणहरू प्राचीनकालकै पनि नपाइएका होइनन् । मध्यकालमा पनि उक्त परम्परा अनवरत रूपमा चलिरहेको कुरा यताबाट बुझिएको छ । त्यस्तै, राजा शङ्करदेवले नन्दीशाला (नक्साल) का शंकरेश्वर[५५] तामाको छाना हालेको, शिवदेवले पशुपतिको तामाको छाना र चाँदीको कमल

चढाएको तथा उनैले सुन र चाँदीका मुद्राको टकमरी गराएका उदाहरणहरू पनि यस सन्दर्भमा उल्लेखनीय छन् ।[५५] यसैगरी देवालयहरूमा विभिन्न धातुका गहना (सिकी, कवच, मेखलाहरू आदि) बनाएर चढाउने परम्परा पनि तिनताका लोकप्रिय रूपमा चलेको थियो ।[५६] राजा आनन्ददेवले पनि भक्तपुरमा सुनधारा तथा दुइवटा देवालयमा तामाका छाना हालेका थिए ।[५७] प्राचीनकालमा पनि देवताका सुनचाँदीका कवचहरू बनाउने परम्परा चलेको थियो र राजा मानदेव र अंशुवर्माले चाँगुनारायणलाई सुनको कवच बनाई चढाएका घटना यहाँ उल्लेखनीय छन् ।[५८] पूर्वमध्यकालका राजा जयसिंह मल्लले पनि पशुपतिलाई सुनको मेखला चढाएका थिए ।[५९] त्यसैगरी राजा अनन्त मल्लले पशुपतिमा सुनको छाना हाल्नुका साथै पशुपति र चाँगुमा सुनका शरभ ता धात्विक ध्वजा चढाएका थिए ।[६०] यसैगरी सुवर्ण तोरण, छाना, आदि बनाएको (गोपालराजवंशावली २९, ५६, ६० पत्र) तथा अनेक किसमका बहूमुल्य धातुका छत्र तथा ध्वजा बनाएका अरू पनि धेरै उल्लेख पाइन्छ । (गोपालवंशावली ३९ पत्र) सुनको छाना भएको रथ तथा खटहरूको निर्माण पनि त्यसबेला खुबै हुन्थ्यो ।[६१] यो परम्परा पछिसम्म कायम रहेको देखिन्छ । मध्यकालमा बनेका सुवर्णधारा (सुनधारा), सुवर्ण ढोका, देवालय विहार आदिका श्रृङ्गारमय तोरण, छाना आदि अझै पनि यत्रतत्र देख्न सकिन्छ । ने.सं. १२४ (वि.सं. १०६१) मा एउटा गरुडध्वज बनाई देवमूर्तिको सम्पूर्ण भाग ढाक्नेगरी धातुको पाताको आवरण चढाएको अर्को उल्लेख पनि पाइएको छ ।[६२]

मध्यकालका प्रसिद्ध सुधारक राजा महेन्द्र मल्लको नीति पनि मध्यकालको धात्विक उद्योग व्यवसायको अध्ययनको क्रममा उत्तिकै उल्लेखनीय छ । महेन्द्र मल्ल (वि.सं. १६१७-१६३१) ले एकातिर देशको उत्पादनको गुणस्तरसमेत वृद्धि गर्न र बाह्य बजारमा स्थान लिन जोड दिएका थिए भने अर्कातर्फ बाह्य मुलुकमा विकसित सीपहरू सिकेर भाँडावर्तन लगायत विभिन्न नौला उद्योगधन्दाहरू चलाउन पनि त्यत्तिकै जोडका साथ निर्देशन दिएका थिए । यो कुरा महीन्द्र मल्लको स्थितिमा परेका निम्न चर्चाबाट स्पष्ट हुन्छ ।

"... कपडावन्दै लग्यापछि क़ागतजस्तो मिहीं र सफेत कपडा हुन्याछ, तेसो भया पछि गावलका र मधिसे राजाहरूलाई विकी गरी धनी हुन्याछौं अरू राजाहरू भया छेउ मुलुकमा नौला काम सिकि भाँडावर्तनको कामहरू सिकि काम चोरी ल्यायामा आफ्नो मुलुकको धाक र प्रजाको रवाफ बढ्ने छ काम गर्दा हुँदो राज्य राज्यमा गुप्तचर गै नौलो किसिमका कामहरू सिकि आउनु, काम सिक्न जाँदा थाहापाई कैद गऱ्यो भन्या आफ्नु मुलुकको गुह्य कसैलाई नभन्नु मारे मर्नु, आफ्ना रुडिवुडि वुढापाकाको कुलले गऱ्याका राखेका धर्म नगुमाई चोखो कामहरू सिकि ल्याउन्या गर्नु"[६३]

यस स्थितिबाट तिनताका खासगरी भाँडावर्तनजस्ता सामग्री आफ्नो धर्म संस्कृतिलाई प्रतिकूल नहुने, अरू पनि नौलानौला सीपहरू सिकेर अनेक किसिमका औद्योगिक व्यवसायहरू देशभित्र चलाउन जोड दिइन्थ्यो भन्ने कुरा स्पष्ट हुन्छ ।

धात्विक उत्पादनअन्तर्गत मध्यकालमा विभिन्न धातुका मूर्तिको उत्पादन प्रशस्त हुन्थ्यो भनेर माथि उल्लेख गरियो । यहाँ मध्यकालको पूर्वार्द्धदेखि नै मूर्तिकार शिल्पीहरू भएको चर्चा पनि गरियो । यसै सन्दर्भमा मध्यकालको पूर्वार्द्धका एक प्रसिद्ध कलाकार अरनिको (अ-नि-क) र उनका कृतिलाई पनि उल्लेख गर्नुपर्ने हुन्छ । हुन त अरनिकोले बनाएका भनेर चिनिने कुनै पनि कलात्मक वस्तु नेपालमा अहिलेसम्म पहिल्याइएका छैनन् । त्यसो भए तापनि उनका अनेकौं विश्वप्रसिद्ध कृतिहरू तिब्बत र चीनमा अझै सुरक्षित छन् । नेपालका ख्यातिप्राप्त मूर्ति (धात्विक) तथा धार्मिक वास्तुविद् थिए । नेपालका राजा जयभीमदेवदेखि अनन्त मल्लको शासनकाल बीचका यी प्रसिद्ध नेपाली कालीगढ वि.सं. १३१७ मा ८० जना नेपाली कलाकारको नेतृत्व गर्दै तिब्बत पुगेका थिए । उनलाई पहिले तिब्बतका तात्कालिक लामा शासक सक्यफग्पले तिब्बतमा सुवर्ण चैत्य निर्माणार्थ निम्त्याएका थिए । वि.सं. १३१८ मा झण्डै दुइ वर्ष लगाएर अरनिकोले तिब्बतको सक्य विहारमा विशाल सुवर्ण चैत्य बनाइसकेका थिए । अरनिकोको उक्त कृतिले लामा सक्य फग्पलाई अत्यन्त राम्रो प्रभाव पारेको हुनाले उनै लामाले अरनिकोलाई चीनका युआनवंशी सम्राट् कुब्लाई खाँको दरबार (पेचीन) मा वि.सं. १३२१ मा लिएर गए । उनको सीप तथा प्रतिभाको वर्णन चीन सम्राट्लाई सुनाएपछि सम्राट्ले बिग्रिएको एउटा ढलौटको मूर्ति मर्मत गराई उनको शीपको परीक्षण गरेर योग्य ठहऱ्याई कलासम्बन्धी धेरै कामको जिम्मेवारी दिई पछि वि.सं. १३३० मा चीनको कला विभागको प्रमुख पदमा नियुक्त गरेका थिए ।[६४] अरनिकोले वि.सं. १३२२ मा एउटा तामाको मूर्ति, वि.सं. १३२८-१३३६ बीचमा विशाल श्वेतचैत्य, वि.सं. १३३१ मा शाङ्तुङ भन्ने ठाउँमा एउटा मन्दिर, वि.सं. १३३३ मा चोन्चाउमा अर्को बौद्ध मन्दिर, वि.सं. १३३६-१३४४ बीचमा (८ वर्ष ४ महिना लगाएर) श्वेतचैत्य महाविहार (ता-सन्-सौ-वान्-आन्श), श्वेतचैत्यकै हाताभित्र वि.सं. १३३७ मा चानन्शको बौद्ध मन्दिर, वि.सं. १३४८ मा धात्विक खगोलसम्बन्धी उपकरण, वि.सं. १३५२ मा पेचीनमा शान्-ह्वाङ् मिआयो भन्ने मन्दिर, त्यसैवर्ष शान्सीमा एक चैत्य, वि.सं. १३५८ मा शान्सीमा अर्को बौद्ध मन्दिर, वि.सं. १३५० मा स्यूस्वेन् मिआयो भन्ने मन्दिर र त्यहीं त्यसै वर्ष ५ मिटर अग्लो बुद्ध प्रतिमा र वि.सं. १३६२ मा सेसो वाङ र लोकेश्वरको धात्विक मूर्ति आदि बनाएका प्रमान पाईएका छन् ।[६५] यी उपर्युक्त प्रमानले अरनिकोलाई अत्यन्त

उच्चकोटीका शिल्पी, मूर्तिकार तथा धार्मिक वास्तुविद् आदिको रूपमा चिनाएको छ । अरनिकोले चीनमा नेपाली ढलौट कला तथा वास्तुकलाको ख्याति फैलाउनुका साथै उक्त कलामा चिनियाँहरूलाई समेत तालिम गराएका थिए । उनका प्रसिद्ध शिष्य 'ल्यू-युआन' थिए ।[६६] यसरी नेपालमा धात्विक शिल्पशास्त्रको र प्रविधिको विकास पूर्वमध्यकालमा अझ बढेको देखिन्छ । अरनिको भन्दा पहिले नै यस्ता शिल्पीहरू यहाँ धेरै थिए भनेर माथि केही चर्चा गरियो । विक्रमको एघारौं शताब्दीका एक अर्का प्रसिद्ध नेपाली कलाकार अश्वधर्मको नाम पनि यहाँ विर्सन सकिन्न, जसले पश्चिम तिब्बतका शासक खोर-रेले नेपालको सुदूर उत्तर पश्चिम सिमाना पार क्षेत्रको पुराङ्मा निर्माण गराएको खोचर गोन्पा (हिजोआज खोजरनाथ) मा मन्जुश्री पद्मपाणि र बज्रपाणि (रिग्-सुम् गोन्पो-त्रि-कुलनाथ) का मूर्ति स्थापना गरेका थिए । उक्त ३ देवताका चाँदीका मूर्तिहरू नेपालका यिनै कालिगढ अश्वधर्म र काश्मिरका वङ्कुल नामक कालिगढले भारतीय शैलीमा बनाएका थिए भन्ने प्रमान पाइएको छ ।[६७] यताबाट अरनिको जस्ता अन्तर्राष्ट्रिय ख्याति प्राप्त कलाकारहरू उनीभन्दा पहिले पनि नेपालमा थिए भनेर उल्लेख गर्न सकिन्छ । मध्यकालमा बनेका तिब्बतका अनेक विहारहरूले श्रृङ्गार र तिनमा अनेक मूर्तिहरूको निर्माण गरी स्थापना गर्ने काममा पनि नेपाली कलाकारहरूले भूमिका निभाएका उदाहरणहरू पाइन्छन् । ईशाको पन्ध्रौं शताब्दीको मध्यताका तिब्बतको प्रसिद्ध डोरमठको स्थापना हुँदा चित्र तथा अन्य कलात्मक वस्तुले भर्ने काम नेपाली कलाकारहरूबाट भएको जानकारी पाइएको छ ।[६८] यसबाहेक पनि मध्यकालको पूर्वार्द्धका नन्दपाल, विजित सिंहजस्ता अन्य कालीगढ-कलाकारको पनि उल्लेख पाइन्छ । ललितपुरका विजित सिंहले दोल्वोको न्हिसलस्थित शाक्य थुव-प गोन्पामा गएर अनेक बौद्ध मूर्तिहरू बनाएका थिए ।[६९] यस्तै मुगु जिल्लाको लङ् छो दुप-लिङ् गोन्पामा रन्जना, पाचुमोल नेवारी र देवनागरी समेतको मिश्रण गरेर संस्कृत भाषामा लेखिएको अभिलेखयुक्त शाक्यमुनि बुद्धको एक मूर्ति पनि चौधौं-पन्ध्रौं शताब्दीताका काठमाडौं उपत्यकाका कलाकारले बनाएको अनुमान सजिलै हुन्छ ।[७०] काठमाडौं उपत्यकाका शिल्पीहरू वर्तमान नेपालको उत्तरी क्षेत्रका गोन्पा तथा सामन्तहरूका निवासमा तथा तिब्बत र चीनसम्म पुगेर अनेक शिल्प (खास गरी धात्विक) सम्बन्धी कार्यहरू गर्ने परम्परा पछिसम्म नै अनवरत रूपमा चलिरहेको देखिन्छ । जस्तो ई.सं. १४४७ मा निर्मित मुस्ताङ लोमन्थाङ् स्थित ज्यम्-पा (मैत्रेय) को गोन्पामा सुनचाँदीको समेत प्रयोग गरेर लेखिएका भित्ते चित्रमध्ये दुइ तान्त्रिक मण्डलहरू (बज्रधातु र मारीचिका) काठमाडौंका कलाकार दे-व ल्ह-ग (देव आनन्द?) भन्नेले बनाएका थिए ।[७१] त्यस्तै मुस्ताङका पहिला राजा अमपलको मृत्युपछि उनकै संस्मरणमा उनकी

रानी र उनका छोरा राजा अगोन सङ्पोद्वारा लेखाइएको भनिने हाल मुस्ताङ दरबार टशी गेफल, लोमन्थाङ्मा वर्तमान मुस्ताङ्गी राजाकै संग्रहमा रहेको गे-तोङ्-प (अष्टसाहस्रिका प्रज्ञापारमिता) को चाँदीको गातामा सुनका अक्षरले लेखिएको अभिलेखमा उक्त ग्रन्थ लेख्ने र त्यसमा अगाडिका पत्रमा सुनका छडका अक्षर र चाँदीका बौद्ध मूर्ति तथा अन्य श्रृंङ्गारमय बुट्टाको शिल्पसमेत भर्ने काम काठमाडौँ (वलपो) का रूपतेज पाल र उनका छोराद्वारा गरिएको हो भन्ने लेखिएको छ ।[७२] यता रूपतेज वा रूपसिंह शाक्य भिक्षु पण्डितको उल्लेख मन्जुश्री नक वही, विश्वकर्मा विहारका अभिलेखमा पनि पाइएको र उक्त अभिलेखमा उनी तिब्बततर्फ (सँदेश) गइरहने संकेत पनि परेको हुनाले यस्तै शिल्पसम्बन्धी कार्यका निमित्त उक्त विहारका शिल्पी भिक्षुहरू तिब्बत जाने गर्दथे भन्ने कुरा बुझ्नमा आएको छ । उल्लेखनीय कुरा यो छ कि उक्त विहारमा अहिले पनि दिनानुदिन तिब्बती महिला तथा पुरुषहरू परम्परागत गरगहनासमेत बनाउन आउने गर्दछन् र त्यहाँका उक्त पेशा गर्ने शाक्य बाँडाहरू तिब्बती भाषासमेत जान्दछन् । यस परम्पराले मध्यकालदेखि नै उक्त विहारको तिब्बततर्फको अविच्छिन्न सम्बन्धलाई संकेत गरेको छ । 'विश्वकर्मा' नामले पनि उक्त विहारलाई शिल्प विधासँग सम्बन्धित गराएको छ । वि.सं. १७७३ (ई. १७१६) मा तिब्बतको भ्रमण गर्ने कपुचीन पादरी डेसीडेरीले उनको उक्त भ्रमणका समयसम्म पनि धेरै संख्यामा नेपाली कालिगढहरू तिब्बतको राजधानी ल्हासामा काम गरिरहेका देखेका थिए र उनका अनुसार ती नेपाली शिल्पीहरूले उक्त पेशाबाट धेरै आम्दानी नेपालमा भित्र्याउँथे भनेर टिपोट गरेका छन् ।[७३] त्यतिमात्र नभएर बाजागाजासम्बन्धी र फलामका कोदालो जस्ता कृषि औजारहरूको पनि नेवार कालिगढहरू आफैँ बनाउँथे भनेर डेसीडेरीले उल्लेख गरेका छन् ।[७४] त्यस्तै उनले उपत्यकाका नेवारहरूको गुणको वर्णन गर्दा "धेरै उद्यमी, कालिगढीमा धेरै चलाख तथा धातु पगाल्ने काममा निपूर्ण" भनेर पनि चर्चा गरेका छन् ।[७५] मल्लहरूको पतनको दुई दशक जतिमात्र पछि नेपाल भ्रमण गर्ने कर्कप्याट्रिकले पनि काठमाडौँ उपत्यकामा प्रशस्त मात्रामा कलात्मक वस्तुको उत्पादन हुने परम्परा कायमै रहेको कुराको चर्चा गरेका छन् । उनका अनुसार यस्ता कलात्मक वस्तुको उत्पादन सबैजसो नेवार समुदायबाट मात्र हुन्थ्यो । उनले खास गरी फलाम, तामा, काँस तथा काष्ठकलासम्बन्धी काममा नेवार शिल्पीहरू निपूर्ण भएको र यहाँबाट भारतीय क्षेत्रतर्फ पनि काँस्य भाँडावर्तनहरू निर्यात हुन्थ्यो भन्ने चर्चा गरेका छन् । धातुका ५ फिट गोलाइसम्म भएका ठूल्ठूला घण्टाहरू बन्ने गरेका उदाहरण उनले निकै चाख दिएर प्रस्तुत गरेका छन् । त्यसैगरी तरबार, खुँडा-खुकुरी तथा केही बन्दुक आदि हतियार पनि नेपालमा उत्पादन हुने गरेको चर्चा

कर्कप्याट्रिकले गरेका छन् ।[७६] यस किसिमले नेपाली शिल्पीहरूको वर्णन बाहिरियाहरूले पनि निकै गरेको देखिन्छ ।

नेपालमा उत्तर प्राचीनकालदेखि अनवरत रूपमा धात्विक मूर्तिहरूको उत्पादन परम्परामा वृद्धि भएको देखिन्छ । मध्यकालको पूर्वार्द्धमा नेपालमा अरूभन्दा बढी बौद्ध सम्प्रदायका 'धात्विक मूर्तिहरू बनेको देखिन्छ । आठौं-नवौं शताब्दीदेखि उन्नाईसौं शताब्दीसम्मका पद्मपाणि बोधिसत्व, बज्रपाणि, बसुन्धरा, महिषसम्वर, अमोघसिद्धि तथागत, दीपङ्कर बुद्ध आदि विभिन्न मुद्राका बुद्धमूर्ति तथा इन्द्र, विष्णु, लक्ष्मीनारायण, सूर्य, उमामहेश्वर, गरुड, चण्डेश्वर, बागीश्वर, प्रज्ञापारमिता, ३६ सम्वर, ३६ डाकिनी, ६४ सम्वर परिवार, राजपरिवार तथा भक्त उपासकका मूर्तिहरू, विद्याधरी, चन्द्रमहारोषण, विश्वरूप त्रिमूर्ति (बराह, नरसिंह र विष्णु), सम्यक बुद्ध, गणेश आदि अनेक देवीदेवताका मध्यकालका असंख्य धात्विक मूर्तिहरू प्राप्त छन् ।[७७] यस कालका धात्विक मूर्तिहरूमा पञ्चधातु, अष्टधातु, दुई या सोभन्दा बढी मिश्रित धातुका ढलौटे मूर्तिहरू धेरै देखिन्छन् । पञ्चधातुमा तावाँ, पित्तल, काँस, सुन र चाँदीको मिश्रण गरी ढलान गर्ने र अष्टधातुमा पञ्चधातु बाहेकका सिसा र फलाम समेतको मिश्रण गरेर ढलौट बनाउने परम्परा मध्यकालदेखि नै चलेको देखिन्छ। यसबाहेक व्यापक रूपमा प्रयोग हुने ढलौटमा असल गुणको निर्माण गर्दा पित्तल र जस्ताको मिश्रण गर्ने वा तावाँ र जस्ताको मिश्रण गर्ने पनि परम्परा रहेको थियो । यसैगरी तामा, सिसा र जस्ता मिश्रण गरेर काँस धातुको निर्माण गर्ने, त्यसैगरी ताँवा र काँसको, काँसो र टीनको र टीन र ताँवाको मिश्रण गरेर 'चरेस' धातुको निर्माण गर्ने परम्परा पनि नेपाली शिल्पकारहरूले अघिदेखि नै चलाइआएको देखिन्छ ।[७८] यस्ता सबै किसिमका मिश्रित (ढलौट) धातुका मध्यकालका मूर्तिहरू प्रशस्त मात्रामा प्राप्त भएबाट उपर्युक्त कुरामा पुष्टि मिलेको छ । उपर्युक्त धातुबाहेक शुद्ध सुन, चाँदी, पित्तल, तामा आदिका धात्विक मूर्तिहरूको पनि मध्यकालमा उत्पादन हुन्थ्यो । माथि नेपाली र काश्मिरी कलाकारले एघारौं शताब्दीमा बनाएका चाँदीका मन्जुश्री, पद्मपाणि र ब़ज्रपाणिका मूर्तिको विषयमा चर्चा गरियो । उपत्यकाका हिन्दू मन्दिर तथा बौद्ध विहारहरूमा ठाउँ-ठाउँमा मध्यकालमा बनेका सुनचाँदीका मूर्तिहरू अहिले पनि देख्न सकिन्छ । सुवर्ण मुकुट, कलश, गजुर, रजत मुकुटजस्ता कलात्मक वस्तुहरूको अझ बढी प्राचुर्यता देखिन्छ । मन्दिर तथा विहारहरूमा सुनचाँदीका प्रतिमा आदि बनाएर राख्ने परम्परा उपत्यकामा प्राचीन तथा मध्यकालको पूर्वार्द्धदेखि नै चलेको प्रमान पाइएका छन् । ने.सं. १२४ (वि.सं. १०६१) को एउटा धात्विक अभिलेख सहितको गरुडध्वज मूर्ति प्राप्त छ । जुन मूर्ति पूर्वमध्यकालका राजा उदयदेवको शासन कालको ठहर्छ ।[७९] स्थिति मल्लको

शासनकालका मानचन्द्र शाक्य भन्ने व्यक्तिले काठमाडौं कीर्तिपुण्यमहाविहारमा सुनको कुट, सुनको बज्रासन बुद्ध आदि बनाई स्थापना गरेका थिए ।[८०] त्यसैगरी सुवर्ण गजुर, सुवर्ण ध्वजा, गाँधूलि भट्टारक बुद्धको सुनको मूर्ति आदि बनाएर स्थापना गर्ने काम पनि उनैले गरेका थिए । लगनको कीर्तिपुण्य विहारमा मानचन्द्रद्वारा स्थापित उक्त सुनको मूर्ति अहिले पनि सुरक्षित रहेको र उक्त मूर्ति दुइ हात जति अग्लो भएको जानकारी पनि पाइएको छ ।[८१] यसैगरी पन्ध्रौं शताब्दीमा राजा यक्ष मल्लले आफ्ना दिवङ्गत छोरा राज मल्लको बैकुण्ठवासको कामनार्थ सुनको विष्णुमूर्ति र मन्दिरसमेत बनाई भक्तपुरमा स्थापना गरेको चर्चालाई पनि यहाँ उल्लेख गर्नु पर्दछ ।[८२] यसै प्रसँगमा चाँगुको सुन ढालेर बनाइएको विष्णुको शिरलाई पनि यहाँ उल्लेख गर्नु सान्दर्भिक नै हुन्छ । उपत्यकामा मध्यकालमा बनेका स-साना सुन र चाँदीका बौद्ध देवीदेवताका मूर्तिहरू नेपालको उत्तरी क्षेत्रका गोन्पाहरूमा र तिब्बतका गोन्पाहरूमा समेत सजाइन्थे तर तिनको आवश्यक सूचीकरण र विवरण भने अध्ययनको अभावमा प्राप्त हुन सकेको छैन । बहुमूल्य धातु भएका कारण पनि सुनचाँदीका मूर्तिहरू विहारमा नरहेर कमशः व्यक्तिगत संग्रहमा जानु स्वाभाविकै हो । सुनको मोलम्बा लगाएका धात्विक मूर्ति तथा कलात्मक वस्तुको त यहाँ यति प्रचुरता छ जसको समग्र उल्लेख गरेर नै साध्य छैन । सुनचाँदीका देवप्रतिमाको उल्लेख भक्तपुर दरबारका सामग्री सूचीमा पनि परेको छ ।[८३]

अभिलेखयुक्त सबैभन्दा पुरानो ताम्रप्रतिमामा ललितपुर गुईतवहिको गर्भ गृहमा स्थापित तामाको पाताबाट बनाइएको मूर्ति उल्लेखनीय छ । यो मूर्ति ने.सं. ३९९ (वि.सं. १३३५) मा शाक्य भिक्षु गोतमीका चेला शान्तिश्रीले स्थापना गरेका थिए ।[८४] यस्ता धात्विक पाताबाट पिटेर बनाइएका मूर्ति पनि उपत्यकामा यत्रतत्र पाइन्छन् । पशुपतिको उन्मत्तभैरबको तामाको मूर्ति पनि यस्तै शैलीको नमूना हो । उपत्यकामा मात्र नभएर उपत्यका बाहिरका नुवाकोट, दोलखा जस्ता मध्यकालिक वस्तीहरूमा प्राप्त धात्विक मूर्ति तथा अन्य सामग्रीले पनि मध्यकालमा धात्विक उत्पादनको क्षेत्रमा भएको प्रगतिलाई स्पष्ट्याएका छन् । भक्तपुर दरबारको सामग्री सूचीमा उल्लिखित हिन्दू देवीदेवता खासगरी डुमाजु, गणेश, नारायण, कुमारी, महिषमर्दिनी, नरसिंह, सूर्य, कालिका, नित्यनाथ, भृङ्गी आदिका मूर्तिहरू पनि यहाँ उल्लेखनीय छन् । दोलखा भेकमा देखिने र पाइने सुवर्णप्रतिमा, सुवर्ण गजुर, धात्विक ध्वजा, सुवर्ण आँखीझ्याल तथा अन्य चैत्यादिका श्रृङ्गारमय धात्विक उपकरणहरूबाट यस विषयमा प्रशस्त जानकारी मिल्दछ । दोलखाको तुङ्गल टोलमा व्यक्तिगत संग्रहमा रहेका सुवर्ण मोलम्बयुक्त सुवर्ण हाथ्व (भैरब), कोट छेँका कृष्णकुमार

श्रेष्ठ (मल्ल) को संग्रहमा रहेका सुवर्णमोलम्बायुक्त ठूल्ठूला हाथ्वका टाउकाकामूर्ति (ने.सं. ५५६ को) त्यसैताकाको श्री श्री सिंहदेवले बनाउन लगाएको भनिएको अभिलेखसहितका मूर्ति, निजकै संग्रहमा रहेको सुवर्ण मोलम्बायुक्त ढलौटको इन्द्रराजाको (इन्द्रसिंहदेव?) अभिलेखयुक्त मूर्ति, निजकै संग्रहमा रहेको धात्विक मूर्तिको पादपीठ रूपको दोलखाका राजा इन्द्रसिंहदेवकी दिवंगता पुत्रीको सम्झनामा बनाइएको मूर्तिको पद्मासन, ने.सं. ८९० को अभिलेखयुक्त अर्को धात्विक पद्मपीठ र पुरानुछें टोलका खड्गबहादुर श्रेष्ठको संग्रहमा रहेको मन्जुश्रीको ने.सं. ७६३ को अभिलेखयुक्त मूर्ति आदि मध्यकालका धात्विक प्रतिमाका ज्वलन्त नमूना हुन् ।[८५] यीबाहेक रानी दरबारचोकभित्र पनि केही उत्कृष्ट ढलौटका मूर्तिहरू रहेको र कोटछेंको चक्षुताराको मूर्तिको र माथि उल्लिखित तुङ्गलटोलको हाथ्वको मूर्तिको चर्चा दोलखाको ऐतिहासिक सर्वेक्षण गर्ने अन्य अन्वेषहरूले पनि गरेका छन् ।[८६] वास्तवमा दोलखाको पुरानु बस्तीमा मूर्तिहरूको व्यापक सर्वेक्षण गर्ने हो भने मध्यकालका हजारौं बहुमूल्य मूर्तिहरू प्राप्त हुन सक्ने निश्चय नै छ । दोलखाका 'धात्विक मूर्तिहरूको यस रूपको सर्वेक्षण हुन सके नेपाली धात्विक मूर्तिकला बारेमा नयाँ विशेषता र जानकारीहरू समेत पाउन सकिने प्रशस्त सम्भावना रहेको छ । किनकि त्यस भेकमा प्रायः उत्तरतर्फ व्यापारिक रूपले निकासी हुने खालका अनेक बौद्ध प्रतिमाहरू घरघरमा पाइन्छन् । यस्ता मूर्तिहरू धेरैजसो दोलखामै बनेको बुझिएको छ ।

दोलखा भेकमा काँसो र तामाका भाँडावर्तन बनाउने उद्योग व्यवसायहरू पनि चलेका थिए । त्यहाँ एउटा टोलको नाम नै 'कंसा टोल' रहेको थियो ।[८७] त्यहाँबाट केही विशेष भाँडावर्तनहरू काठमाडौं ल्याइएका उदाहरण पनि पाइएका छन् ।[८८] दोलखामा गहनागुरिया बनाउने र फलामका हतियार ज्यावालहरू बनाउने व्यवसायीहरू पनि थिए र अझै पनि छँदैछन् ।[८९] भाँडावर्तनको उत्पादन भने हिजोआज त्यहाँ हुँदैन तर पहिलेका कंसाकारका सन्ततिहरू भने त्यहाँ अझै छँदैछन् ।[९०]

मध्यकालको धात्विक उत्पादन परम्पराको अर्को महत्त्वपूर्ण पक्ष हो मुद्रा टकमरी गर्ने व्यवसाय । नेपालमा मुद्रा उत्पादनको परम्परा प्राचीनकालदेखि नै राम्रै गरी चलिसकेको थियो । लिच्छविकालका ७/८ थरी तामाका र मिश्रित (ढलौट) धातुका मुद्राहरू प्राप्त भएको छन् ।[९१] तिनताका केही मुद्रा सिसाका पनि थिए ।[९२] लिच्छविकालमा पनि मुद्रा बनाउने व्यवसाय चलेको थियो । किनकि त्यसकालका असंख्य मुद्राहरू प्राप्त भएको र उक्त मुद्राहरू माटाको थासा (साँचो) बनाएर, धातु पगालेर हाते प्रविधिबाट मात्र बनेका देखिन्छन् । त्यतिका संख्यामा यस्ता मुद्रा बनाउन अवश्यै अनेकौं व्यवसायीहरू त्यस

टकमरी वा मुद्रा ढाल्ने व्यवसायमा संलग्न थिए भनेर सजिलै अनुमान गर्न सकिन्छ । लिच्छविकालका अभिलेखमा अंकित 'ताम्रकुट्टंशाला' (तामाको काम गर्ने ठाउँ) मा सायद त्यस्ता मुद्राहरूको उत्पादन हुन्थ्यो ।

मध्यकालमा तामाका भन्दा चाँदीका मुद्राको बाहुल्यता रह्यो । मुद्राको ढाँचा र शैलीमा पनि परिस्थिति अनुरूप निकै परिवर्तन आयो । चाँदी र तामाबाहेक यस कालमा सुन, छाला, तथा माटोका मुद्राहरू पनि बनाइन्थ्यो । छाला र माटोका मुद्राको धात्विक उत्पादनको अध्ययनको सन्दर्भमा उल्लेख गर्न आवश्यक नभए तापनि चाँदी, तामा र सुनका मुद्राको बारेमा भने केही चर्चा गर्न अनिवार्य छ । मध्यकालको पूर्वार्द्धकालका मुद्राहरूको केही अघिसम्म सांकेतिक उल्लेख मात्र ऐतिहासिक स्रोतहरूमा पाइन्थ्यो तर अब यस कालका सुन, चाँदी र तामा समेत मुद्राहरू प्राप्त भएका छन् ।[९२] गोपालवंशावलीमा पूर्वमध्यकालका राजा शिवदेवले चाँदीका 'रूपय दम्म' र सुनका 'शिवका' मुद्राको प्रसारण गर्नुअघि पनि 'सुवर्णरक्तिका' (सुनका टुका) बनाएर लेनदेनको काम हुन्थ्यो भन्ने कुराको स्पष्ट उल्लेख परेको छ ।[९३] यसपछि पनि यस्ता सुनचाँदीका मुद्रा बनाउने परम्परा अटूट रूपमा चलेको संकेत मिलेको छ । गोपालवंशावलीमा राजा अनन्तमल्ल (अं. वि.सं. १३२८-१३६१) ले द्रम्म प्रणालीकै अर्को मुद्रा प्रसारण गरेको उल्लेख छ ।[९५] तर अनन्त मल्लद्वारा प्रसारित मुद्रा शुद्ध चाँदीका नभएर अन्य धातुको मिसावट भएको थिए भन्ने संकेत पाइएको छ । गोपालवंशावलीमा अनन्तमल्लले प्रसारित गरेका द्रम्मको व्यवहारले जनतालाई कष्ट भयो भन्ने स्पष्ट उल्लेख छ ।[९६] शुद्ध चाँदीका र मिसावट भएको मुद्राले लेनदेनमा गडबडी पैदा गर्नु स्वभाविकै हो । यस कालका केही तामाका मुद्रा पनि पाइएका छन् । शिवदेवले त चाँदीका द्रम्म र सुनका शिवका मुद्रा मात्र चलाएका थिए । त्यसो हुनाले मध्यकालमा पूर्वार्द्धका तामाका द्रम्म मुद्राकै आकारप्रकार र प्रकृतिका त्यस्ता मुद्रा राजा शिवदेवभन्दा पछिका हुन् भनेर अनुमान गर्न गाह्रो पर्दैन ।[९७] पूर्वमध्यकालका आनन्ददेव र स्थिति मल्लजस्ता आर्थिक सामाजिक सुधार गर्ने राजाहरूले पनि शुद्ध धातुका मुद्राहरू चलाएको हुनुपर्दछ । उत्तरमध्यकालका मुगल प्रभावका चाँदीका मुद्राहरूको प्रसारणको थालनी हुनुअघि पनि तामाका मुद्रा प्रसार गर्ने परम्परा कायमै रहेको कुरा गोपालवंशावली तथा अन्य वंशावलीहरूमा समेत उल्लिखित छ ।[९८] यस्तै कान्तिपुरका पहिला राजा रत्नमल्लले तामाखानीबाट तामा ल्याएर मुद्रा टकमरी गराई प्रसारित गरेको वंशावलीको वर्णन यस प्रसङ्गमा उल्लेखनीय छ ।[९९] रत्न मल्लद्वारा प्रसारित तामाका चारकुने मुद्राहरू प्राप्त भएका छन् ।[१००] यसपछि नेपालमा मुगल प्रभावका चाँदीका मोहर प्रसारित भएका देखिन्छन् । यस क्रममा दोलखाका राजा इन्द्रसिंहदेवद्वारा सम्भवतः वि.सं. १६०० र १९०५

को बीचमा प्रसारित चाँदीको मोहर पहिलो मानिएको छ । यसपछि मुगल प्रभावकै चाँदीका मोहर कान्तिपुरका राजा महेन्द्र मल्लले वि.सं. १६१७ देखि १६३१ बीचमा प्रसारित गरेका थिए । त्यसपछिका मध्यकालका सबैजसो राजाहरूका नामका चाँदीका मोहरहरू पाइएका छन् । पछि विभिन्न इकाइका चाँदीका मुद्राहरू पनि प्रसारित हुनथाले । यतिसम्मकि फुकीदाम जस्ता अत्यन्त सानु इकाइका मुद्राहरू पनि प्राप्त भएको छन् । जस्तो सुकी, दुइ अन्नी, एक अन्नी, आधा अन्नी, पैसामोह, आधापैसा वा दुइदाम, दामजस्ता मौद्रिक इकाइका मुद्राहरू मध्यकालको उत्तरार्द्धमा प्रसारित भए ।[१०१] मोहरको १२८ सौं भागमात्र चाँदीको पाताले बनाएको दाम (फुकीदाम?) सम्म पनि प्रसारित हुन पुग्यो ।[१०२] यसरी मुद्रा टकमरी गर्ने व्यवसायमा मध्यकालमा अत्यन्त विस्तार भएको देखिन्छ । आफ्नो राज्यभित्रको विनिमयको आवश्यकतालाई पूर्ति गर्नका निमित्त मात्र नभएर भोट (तिब्बत) को बजारको आवश्यकतालाई पूर्ति गर्ने उद्देश्यले चाँदीका टका मोहर रूपैयाँ बनाई पठाउने र त्यसको बदलामा सुनचाँदी नेपाल भित्र्याउने चलनसमेत व्यवसायको रूपमा उपत्यकाका तीनवटै मल्लराज्यमा चल्यो । अर्कोतर्फ राज्यभित्रै पनि विनिमयको आवश्यकतालाई मात्र नहेरी प्रन्येक सिंहासनमा आरुढ हुने राजाका नाममा नयाँ मुद्रा प्रसारित गर्ने परम्परा नै चल्यो । यसो गर्नु एक स्वतन्त्र शासकको पहिचानको निम्ति उदाहरण नै मानिन थाल्यो । वडामहाराजाधिराज पृथ्वीनारायण शाहले एकीकरणको क्रममा नुवाकोट कब्जा गरिसकेपछि आफ्नो नाउँमा शुद्ध चाँदीका मोहर टकमरी गराई उपत्यकाले अघिदेखि उठाई आएको फाइदा आफूले लिन प्रयत्न गरेका थिए । चाँदीका विभिन्न इकाइका मुद्राका साथै सुवर्ण मुद्रा (असर्फी) हरूको पनि मध्यकालमा उत्पादन हुन्थ्यो । मल्लकालका विभिन्न इकाइका सुनका सिक्का, मोहर तथा डबल असर्फीहरूको पनि उल्लेख पाइन्छ।[१०३] यस्ता केही मुद्रा तथा असर्फीहरू प्राप्त पनि भएका छन् ।[१०४] सुनचाँदीका मुद्राबाहेक तामाका ढ्याकहरू पनि मध्यकालमा बन्दथे । यसरी धातुसम्बन्धी औद्योगिक परम्परामा मुद्रा बनाउने व्यवसाय पनि उल्लेखनीय रहेको छ । मध्यकालमा मुद्रा टकमरी गर्ने टक्सारीका सन्ततिहरू अझैं टक्शारीका नामले चिनिने गर्दछन् । काठमाडौं उपत्यकाभित्र र बाहिर टक्सार नामले चिनिने बस्तीहरू पनि छँदैछन् । दोलखामा पनि एउटा पुरानो झिँगटीले छाएको बौद्धस्तूपदेखि दक्षिणपट्टि अवस्थित एउटा मल्लकालिक ठूलो घर अहिले पनि टक्सारको रूपमा चिनिन्छ । उक्त घरमा हिजोआज अघिका तिनै टक्सारीका सन्ततिहरू बस्दै आएका छन् । तिनताका राज्यको तर्फबाट टक्सारीहरूले विशेष सुविधा पाएका हुन्थें । साधारण सुनका असर्फीहरू त मध्यकालमा पनि हिजोआजजस्तै सुनको काम गर्ने शिल्पीहरूले जहाँतहीं

बनाउने गर्दथे । खासगरी मुगल ढाँचाका उर्दू अक्षर तथा उर्दू अक्षरजस्ता आकृति राखेर असर्फीहरू नेपालमा अहिले पनि सुवर्णकार शिल्पीहरूले बनाउने चलन छँदैछ । सुवर्ण सिक्का पूर्वार्द्धकालका 'शिवका' पछि महीन्द्र मल्ली आधा (१/२) मोहर आकारका मुद्राको उल्लेख पाइएको छ ।[१०५] पछिल्ला मल्लकालका अन्य विभिन्न सुवर्ण सिक्काहरू त पाइएका पनि छन् । मध्यकालको अन्त्यतिर आइपुग्दा मल्लराजाहरूले तामा आदि अन्य धातुको मिश्रण गरेर कैफियती मुद्रा पनि प्रसार गरेका थिए । यसमध्ये धेरैजसो तिब्बततर्फ पठाउने मुद्रामा यस्तो कैफियत गरिएको थियो । पछि तिब्बतीहरूले यस्ता मुद्रालाई 'नग्टङ्' (नगपो टंका = कालो पैसा) भन्ने विशेषण जोडेका थिए । यस्ता मुद्रा अहिले पनि यत्रतत्र पाइन्छन् ।

मध्यकालको धात्विक उत्पादन व्यवसायमा तामापत्र, सुवर्णपत्र रजतपत्रादि धातुका पातामा धर्मपत्र, सन्धि, भूमिव्यवस्था, धार्मिक व्यवस्था, गुठी आदि र शासनपट्टसँग सम्बन्धित अभिलेख खोप्ने व्यवसायलाई पनि मान्नु पर्दछ । मध्यकालका पूर्वार्द्ध अर्थात् विक्रमको बाह्रौं शताब्दीका राजा शिवदेव र आनन्ददेवका पालादेखिका ताम्रपत्रहरू हाल प्राप्य छन् ।[१०६] यसपछि सम्पूर्ण मध्यकाल भरकै ताम्र, रजत, सुवर्ण आदि धात्विक अभिलेखहरू हजारौंका संख्यामा उपत्यका र आसपासमा पाइएका छन् । धातुका पाता काटेर र धातु ढालेर अक्षर खोप्ने वा बनाउने काम पनि कम शिल्पपूर्ण मान्नु हुन्न, तर यस्ता अभिलेखहरूको उत्पादन गर्ने व्यवसायीहरू भए तापनि व्यापारिक प्रयोजन नहुने हुनाले अरू भाँडावर्तन, मूर्ति, मुद्रा, हातहतियार, ज्यावलजस्ता उत्पादन सरह यस्ता अभिलेख खोप्ने काममा संलग्न व्यवसायीहरू भने थोरै संख्यामा हुन्थे ।

माथि मध्यकालमा भाँडावर्तन, हातहतियार, कृषि सामग्री, गरगहना आदि उत्पादन गर्ने धात्विक व्यवसायहरू चलेका थिए भन्ने केही चर्चा गरियो । पादरी डेसीडेरीले नेपाली शिल्पीहरूको वर्णनको साथसाथै उपत्यकामा धात्विक बाजागाजाका सामग्रीहरू (Musical Instruments) को उत्पादन पनि विकसित अवस्थामा भएको, कृषिसँग सम्बन्धित सबै किसिमका फलामका उपकरणहरू (ज्यावल) हलोको सट्टा प्रयोग हुने कोदालोको विशेषगरी उत्पादन हुन्थ्यो भनेर चर्चा गरेका छन् ।[१०६] मध्यकालमा बनेका त्यतिका ढुङ्गे र धात्विक कलाकृति तथा वास्तुसँग सम्बन्धित उत्पादनका निमित्त पनि अनेक औजारहरू अवश्य विकसित भएका थिए । यहाँका लोहकर्मी वा नःकर्मीहरूले हातहतियार, कृषिका ज्यावलबाहेक त्यस्ता उद्योगसम्बन्धी उपकरण पनि अवश्य निर्माण गर्दथे भन्न सकिन्छ । मल्लकालमा नेपालमा के कस्ता सुनचाँदीका तथा अन्य धातुका भाँडावर्तन हुन्थे भन्ने प्रमान भक्तपुर दरबारका सामग्रीका सूचीले पनि स्पष्ट

परेको छ । यसमा हातहतियारको लेखोमा तरबार, खुकुरी, ढाल, किरिच, खुँडा, धोपा, छुरी, खैंजर, बाँक, कटार, अस्तारा, बन्दुक, पेस्तोल, संगीन, पुला, पत्ती, तरकश, कोर्रा, षुरसान, बेलहरि, निम्चा, इलामाने, सरोही, जुनप्वि, कृची, चुपी, वोगटा आदिको उल्लेख छ । बन्दुकमा पनि विविध किसिमका बन्दुकको उल्लेख परेको छ ।[१०८] यस सूचीमा परेका सबै हातहतियारहरू नेपाली थिएनन् भन्ने कुरा पनि उक्त सूचीबाटै स्पष्ट हुन्छ, तर धेरैजसो हतियारहरू अवश्य नेपालकै उत्पादन थिए । उक्त सूचीमा नेपाली बन्दुकको पनि स्पष्ट उल्लेख परेकोले मध्यकालमा बन्दुकको पनि उत्पादन हुन्थ्यो भन्ने कुरा स्पष्ट हुन्छ ।[१०९] नेपालका फलामे तरबारको वर्णन नवौं-दशौं शताब्दीताका लेखिएको 'युक्तिकल्पतरु' नामक भारतीय ग्रन्थमा स्पष्ट रूपमा परेको हुनाले यहाँ प्राप्त खुँडा, खुकुरी, तरबार आदि हतियारहरू प्रायजसो बाहिरबाट ल्याइएका अवश्य होइनन् भन्न सकिन्छ ।[११०] तैपनि श्लेमान तरबार, पूर्वी तरबार, कवुजा, दिस्ता, कत्ति, चिनियाँ छुरी, जनुष्वी, गुज्रात तरबार, साहजाहाँपुरी तरबार आदि[१११] उल्लेखले बाहिरबाट पनि हातहतियार झिकाइन्थे भन्ने आधार चाहिँ अवश्य मिलेको छ । उपर्युक्त बाहेक पनि भक्तपुर दरबारको उक्त सूचीमा विभिन्न ठाउँका नामकै विशेषण जोडिएका हतियारहरूको पनि उल्लेख परेको छ ।[११२] यसो भए तापनि खुँडा-खुकुरीजस्ता हतियार यहाँ उत्पादित हुन्थे । अरू हतियारमा पनि शैली र नाममात्र बाहिरको गरी यहिँ उत्पादन पनि गरिन्थ्यो । डि.आर. रेग्मीले 'नेपालमा भारतीय मैदानका राज्य रजौटाहरूले प्रयोग गर्ने खालका हतियारहरू बनेको हुनपर्ने' अनुमान जुन गरेका छन् ।[११३] भक्तपुर दरबारको यस सूचीमा परेका उल्लेखले थप पुष्टि गरेको छ । अनेक किसिमका खट्वाङ्ग भाला, कर्तृ जस्ता हतियारको पनि यहाँ उत्पादन हुन्थ्यो । माथि उल्लिखित बाहेक खैंजर, किरिंचेक, पुलाद, बज्रकिल, धुरी, कत्ति, धोप, छुरा, खाँडो, किरिच, दोधारजस्ता हतियारको पनि उल्लेख उक्त सूचीमा परेको छ । मध्यकालका धर:पौ तथा गोपालवंशावली[११४] आदि स्रोतमा पनि हजारौं ढाल-तरबार तथा खड्ग स्थापना गरिएको चर्चा पाइन्छन् । तोपजस्ता शक्तिशाली हतियारको पनि मध्यकालको उत्तरार्द्धसम्ममा उत्पादन र प्रयोग भइसकेको देखिन्छ । उपत्यकाका मल्लराजाहरू साथै गोरखा आदि राज्यमा समेत मध्यकालको उत्तरार्द्धमा आईपुग्दा तोप बन्न थालेका थिए । गोरखाका राजा पृथ्वीपति शाहका छोरा चन्द्ररूप शाहले तोप बनाएको प्रसङ्ग यहाँ उल्लेखनीय छ ।[११५] भक्तपुर दरबारका सामग्रीको सूचीमा परेका अन्य धात्विक भाँडावर्तनमा निम्न सामग्रीहरूलाई नेपालमै उत्पादित भन्न सकिन्छ । जस्तो सिंहाशन, पानस, कपोटल, कोपरा, झारी, थाल, सुकुन्दा, फिक्दानी, चिलिम, पेटारी, लोहटा, सुराही, सिंझाला, कचौरा, नैवेद्यपात्र, अक्षतापात्र, तेलकुलित, तेलांखोटी,

भिउट, भ्याँगा, त्रिगोठी, कलश, धुपपात्र, वट्टा, कैँची, घल्चा, गाग्री, नुनदान, आँवखोरा, करुवा, दियो, चिराकदान, सरावपात्र, आरती, विभुतदान, गुलावदान, चिम्टा, कमण्डलु, पिर्का, डाडु, कुलिन, हुक्का, शिरपेच आदि । यी भाँडावर्तनहरू धेरैजसो चाँदीका र केही सुनका साथै अन्य धातु तथा माटोले बनेका देखिन्छन् र सुन चाँदीले मोडेका र जडाउ गरिएका पनि देखिन्छन् ।[११६] यस्ता विभिन्न किसिमका धार्मिक तथा लौकिक भाँडावर्तनको ऐतिहासिक धर:पौमा पनि उल्लेख भएको पाइन्छ ।[११७]

मल्लकालका धात्विक उत्पादनमा गरगहना कमाउने व्यवसाय पनि प्रशस्त थिए भनेर माथि थोरै चर्चा गरियो । यस परम्पराको ज्वलन्त प्रमान पनि भक्तपुर दरबारका सामग्रीको उक्त सूचीले प्रस्तुत गरेको छ । उक्त सूचीमा बाहिरबाट आयात गरिएका अनेकौं गरगहनाको उल्लेख भए तापनि ७५ प्रतिशत जति गरगहना नेपाली नै भएको स्पष्ट उल्लेख परेको छ ।[११८] जितामित्र मल्लको धर:पौमा पनि अनेक किसिमका गरगहनाको उल्लेख परेको छ । वंशावली, अभिलेख तथा अन्य ताडपत्र तथा कागजपत्रहरूमा पनि अनेक किसिमका गहनाहरूको उल्लेख पाइन्छ । त्यस कालका मूर्ति तथा चित्रहरू पनि त्यस बेलाका धात्विक विकासका धरोहरहरू हुन् भन्न हामीलाई गाह्रो पर्दैन ।

मध्यकालमा बनेका सबै किसिमका धात्विक वस्तुहरूमा सुन, चाँदी, तामा, मिश्रित धातु-ढलौट, पित्तल, फलाम, कसकुटो आदिका नै देखिन्छन् । भक्तपुर दरबारको सूचीमा परेका धात्विक सामग्रीमा भने धेरै प्राचुर्यता हातहतियार बाहेक अरूमा सुन (सुना), चाँदी (रूपा) को देखिन्छ । हातहतियार तथा अन्य भाँडावर्तनमा पनि धेरैजसो सुन-चाँदी जड़ाउ गरिएका नै देखिन्छन् ।

त्यस युगमा यहाँ के कस्तो धातुको उत्पादन हुन्थ्यो भन्ने विषयमा तल खनिज उद्योग अन्तर्गत चर्चा गरिनेछ । मध्यकालको अन्त्यताका सम्म धात्विक कार्यहरू कुन रूपमा हुन्थ्यो, धातु मिश्रण, शिल्पीहरूको शीप तथा त्यसको अवस्था, धात्विक वस्तुको निर्माण लागत र विविध धातुको प्रयोग आदि सम्बन्धमा जानकारी दिने महत्त्वपूर्ण सामग्रीमा भक्तपुरका राजा जितामित्र मल्लको धर:पौ पनि महत्त्वपूर्ण देखिन्छ । जसमा ने.सं. ८०५ मा उनले तलेजुको मूल ढोकाको जीर्णोद्वार र भव्य सुवर्ण तोरण राख्दाखेरीको विवरण दिइएको छ । त्यसमा तामा, सुन, फलाम, पारोजस्ता धात्विक र धातु पगाल्ने वस्तुको प्रयोग हुनुको साथै सयौं तमोट र लिङकर्मी (पित्तलको काम गर्ने), १७३ जना न:कर्मी, २७० जा सिंकर्मी, १३ जना लोहकर्मी र १६ जना अवाले आदि शिल्पीहरू जुटाइएका थिए ।[११९]

४.३. खनिज उद्योग

लिच्छविकालदेखि नै नेपालमा खानी उद्योगलाई आर्थिक स्रोतको रूपमा उपयोग गरिएको थियो । तिनताका नेपालमा तामा, फलाम, कच्चा सिसा आदिको उत्पादन हुन्थ्यो । तामा र फलामको प्रशस्त मात्रामा निकासी व्यापार पनि हुन्थ्यो ।[१२०] प्राचीनकालको तुलनामा यहाँ उत्पादित धातुको निकासी मध्यकालमा हुन नसके तापनि खनिज व्यवसायहरू भने चलिरहेकै थिए ।

मध्यकालमा उपत्यकाभित्र भने खनिज उत्पादन भएका उदाहरण पाइएका छैनन्, तर नुवाकोट, दोलखा, बनेपा, धादिङ आदि काठमाडौं उपत्यकाको राजनीतिक, सामाजिक प्रभाव रहेका इलाकाभित्रका प्रदेशहरूमा भने विविध धातुका खनिज व्यवसायहरू चलेका थिए । नुवाकोट तथा धादिङ भेकमा विभिन्न ठाउँमा मध्यकालिक तामाखानीका अवेशषहरू पाइएका छन् । नुवाकोटको पुरानो मूल बस्ती रहेको डाँडोमा पनि अघि तामाखानी थियो भन्ने अनुश्रुति अहिलेसम्म पनि चलिरहेकै छ । यसको पुष्टि त्यहाँको भैरवस्थानको भित्री भागमा देखिने तामाखानीका बाँकी रहेका अवशेषले गरेको छ । नुवाकोट भेकको किट्नी नामक खानी मध्यकालदेखि नै प्रचलित रहेको संकेत पाइएको छ । पछि शाहकालका चिठ्ठी-पत्रहरूमा उक्त किट्नी-खानीको स्पष्ट उल्लेख परेको छ । शाहकालका पत्रमा त्यस खानीलाई गन्धक खानीको रूपमा उल्लेख गरिएको छ र यस भेकमा अभ्रख आदि खनिज पदार्थ पनि निकालिन्थ्यो भन्ने जानकारी पाइएको छ ।[१२१] दोलखा भेकमा पनि अघिदेखि चलिआएका खानीहरू पछि शाहकालसम्म पनि चलिरहेका थिए भन्ने जानकारी पाइएको छ । दोलखा भेकमा उत्पादित हुने खनिज पदार्थमा तामा, फलाम, सिसा, मन:शील, हरिताल, सोहाग आदिको पछिसम्म उत्पादन भइरहेको प्रमान वि.सं. १८७३ को एकपत्रले प्रस्तुत गरेको छ ।[१२२] शिशा खानीको स्पष्ट उल्लेख ने.सं. ८५० (वि.सं. १७८६) ताकाको एउटा पत्रमा परेको छ ।[१२३] उक्त प्रदेशमा ठोसे नामक खानी फलाम उत्पादनमा निकै प्रसिद्ध थियो ।[१२४] उपर्युक्त खानीका बारेमा उल्लेख परेका पत्रहरू सबै शाहकालका भए तापनि उक्त खनिज व्यवसाय मध्यकालदेखि नै चलेका थिए भन्ने कुरामा शंका गर्ने ठाउँ छैन । यसलाई पुष्टि गर्ने अरू सामग्रीहरू पनि प्राप्त छन् । जस्तो मध्यकालका (ने.सं. ७९३ र ८३९ र ने.सं. ८५० ताकाका) तीनवटा पत्रमा त्यस भेकमा खानीमा काम गर्ने मजदुर 'आकरे' तथा 'मुसा प्रजा' को उल्लेख परेको छ ।[१२५] संस्कृत भाषामा खानीलाई 'आकर' भनिनें हुनाले खानीमा काम गर्नेलाई 'आकरे' भनिएको हो । पश्चिम नेपालमा भने तिनताका आकरेलाई अपभ्रंश गरेर 'आग्री' भनिन्थ्यो र त्यता 'आग्री' भएर काम गर्ने मगर जातिका मानिस थिए । दोलखा भेकमा चाहिँ सुनुवारहरू आकरेको काम गर्दथे । ने.सं. ८५० ताकाको दोलखामा प्राप्त

एकपत्रमा दोलखाका शासकवर्गका आफन्त व्यक्तिले सुनुवार आकरेमार्फत् सिसाखानी चलाएको उल्लेख परेको छ ।[१२६] खनिज पदार्थ निकाल्नलाई सुरुङ खन्नु पर्ने र सुरुङ रूपका प्वालभित्र मुसाजस्तो पसेर खनिज धातु निकाल्ने काममा दक्ष मानिसलाई 'मुसा प्रजा' भन्ने विशेषण जोड्ने परम्परा मध्यकालमा पूर्वतर्फ मात्र नभएर पश्चिमका बाईसी-चौबीसी राज्यमा पनि चलेको थियो ।[१२७]

बनेपा भेकमा पनि तामा र सिसा खानी चलेका थिए । त्यहाँ पनि महर (मगर) आग्री (गगरी) हरू खानीमा काम गर्दथे । रणजीत मल्लको विबाहको धर:पौमा "तेकनसिंड्या लागा चाकलं खानिया आगरि म्ह १९" भन्ने उल्लेखले यस कुरालाई स्पष्ट पारेको छ ।[१२८] माथि मुद्राको उत्पादनको विषयमा चर्चा गर्ने क्रममा पनि तामाखानीको चर्चा गरियो । जस्तो कान्तिपुरका पहिला राजा रत्नमल्लले तामाखनीबाट तामा ल्याएर मुद्रा टकमरी गरी प्रसारण गरेका थिए भन्ने चर्चा वंशावलीमा परेको छ ।[१२९] यसैगरी उपत्यका आसपासका विभिन्न ठाउँका नाम खानीखोला, तामाखानी, कुलेखानी, सुनखानीजस्ता हुनु र नदीका नाम पनि तामाकोशी, सुनकोशीजस्ता हुनुले पनि यस भेकमा खनिज उत्पादन व्यवसाय चलेको कुरालाई संकेत गरेको छ । खानीहरू इजारा वा ठेक्कामा चलाउन दिने परम्परा मध्यकालदेखि नै चलेको थियो । खानी चलाउने इजारा प्राप्त व्यक्तिलाई धातु पगाल्न वा शुद्ध बनाउन दाउराको आवश्यकता परिपूर्ति गर्न वनजङ्गलको उपयोग गर्ने अधिकार दिइन्थ्यो । अर्कोतर्फ वनसुरक्षाका निमित्त वन नमास्न पनि ठेकदारलाई जिम्मा दिइन्थ्यो यसो हुँदा खानीका ठेकेदार र वनको ठेकेदार बीचमा कहिले काहीँ झगडा पनि हुन्थ्यो । नुवाकोटको मैथिलीटारको वनको विषयलाई लिएर शाहकालमा झगडा उठेको चर्चा नुवाकोटमा प्राप्त एकपत्रमा परेको छ । उक्त पत्रमा धेरै संख्यामा नुवाकोटका परम्परागत अधिकार पाएका खानीवालको चर्चा परेको छ ।[१३०] मध्यकालको उत्तरार्द्धसम्म पनि नेपालमा खनिज उत्पादनको महत्त्व उत्तिकै थियो भन्ने कुरा बडामहाराजा पृथ्वीनारायण शाहको दिव्योपदेशबाट पनि स्पष्ट हुन्छ । उक्त उपदेशमा 'षानी भयाका ठाउँमा गाउ भया पनि गाउ अरू जग्गामा सारिकन पनि षानी चलाउनू'[१३१] भन्ने जुन उल्लेख छ त्यसबाट खनिज वस्तुको महत्त्व देशमा निकै थियो भन्ने कुरा बुझिन्छ । यस बेलासम्म पनि स्थानीय खपतका निमित्त मात्र नभएर तामा अदि धातुको उत्पादन बाहिर निकासी गर्नका निम्ति समेत गरिन्थ्यो । नेपालमा परम्परागत रूपले उत्पादन हुने तामाको गुण अत्यन्त उच्च भएको चर्चा गर्दै खनिज उत्पादनमा आधुनिक प्रविधि र यातायातको असुविधाको कारण मात्र पछिपछि आएर नेपालबाट अवध र कलकत्तातर्फ निकासी हुने गरेको तामा निकाशी हुन बन्द भएको चर्चा गरेका

छन् ।[१३२] कर्कप्याट्रिकले नेपालमा परम्परागत रूपमा उत्पादन हुने खनिज वस्तुमा फलाम, शिशा र ढुङ्गा (असल जातका) को चर्चा पनि गरेका छन् । यस क्रममा नेपाली तामा जस्तै फलाम पनि उच्च गुणको हुने र केही अगाडिसम्म बाहिर समेत निकाशी हुने गरेको चर्चा गरेका छन् ।[१३३] नेपालमा उत्पादित फलामे तरबार आदि हतियारको ख्याति र यहाँ आवश्यक हुने ज्यावलको उत्पादन यहीँ हुने तथ्यले पनि फलामको उत्पादन मध्यकाल र सोभन्दा पछिसम्म पनि उपत्यकामा हुन्थ्यो भनेर उल्लेख गर्न सकिन्छ । भक्तपुर दरबारको सामग्रीको सूचीमा धात्विक सामानबाहेक २३१ धार्नी कच्चा फलामको एउटै ठाउँमा चर्चा परेको छ ।[१३४] यस तथ्यले यहाँ फलाम उत्पादन हुन्थ्यो भन्ने कुरामा थप पुष्टि गरेको छ ।

उपर्युक्त आधारबाट मध्यकालमा यहाँ तामा, फलाम, सिसा, गन्धक, अभ्रख, मनःशीला, हरिताल, सोहाग, ढुङ्गा, चुनढुङ्गा, खरिढुङ्गा आदि खनिज उत्पादन हुन्थ्यो भन्ने बुझिन्छ । यस विषयमा केही चर्चा माथि खनिज स्रोतअन्तर्गत पनि गरिसकिएको छ ।

४.४. काठ, ढुङ्गा तथा माटोसाग सम्बन्धित शिल्प व्यवसाय

काठ, ढुङ्गा तथा माटोबाट बन्ने विविध भाँडावर्तन, मूर्ति आदि सामग्रीहरूको उत्पादन र तिनलाई वास्तु नमूनाहरूमा विविध रूपले प्रयोग गर्ने परम्पराको पनि प्राचीनकालदेखि नै चलेको थियो ।[१३५] लिच्छविकालभन्दा अगाडिदेखिका शिलामूर्ति र लिच्छविकालका मूर्ति, स-साना ढुङ्गे मन्दिर, ढुङ्गेधारा, ढुङ्गे चैत्य, शिलालेख, उत्खननबाट प्राप्त भएका माटाका भाँडावर्तन तथा छापहरू, पानीका डँडहरू (नाली), कलात्मक ईंटाका नमूना, माटोका मूर्ति तथा विविध आकृति आदिले यस कुरालाई पुष्टि गरेका छन् । अभिलेख तथा वैदेशिक स्रोतमा उल्लिखित यहाँका कलापूर्ण विहार, मन्दिर, चैत्य, दरबारजस्ता वास्तु नमूनाको चर्चाबाट पनि धातुका साथसाथै काठ, शिला (ढुङ्गा) तथा मृत्तिका (माटो) सम्बन्धी उद्योगमा तिनताका भएको उन्नतिका विषयमा राम्रैसँग जानकारी पाइन्छ ।

प्राचीनकालको तुलनामा मध्यकालमा काठ तथा मृत्तिका व्यवसायमा अझ वृद्धि हुनुका साथै शिलासँग सम्बन्धित व्यवासयमा पनि कुनै कमी आएन । मूर्तिकलाका हिसाबले हेर्ने हो भने प्राचीनकालमा धेरैजसो अत्यन्त उत्कृष्ट ढुङ्गाका मूर्तिको प्रचुरता थियो तर मध्यकालमा धात्विक मूर्तिको उत्पादनबाट हुने आर्थिक लाभको कारण ढुङ्गे मूर्तितर्फ शिल्पीहरू कमजोर हुँदै गएको देखिन्छ । यसो भए तापनि शिखर शैलीका मन्दिर, ढुङ्गेधारा शिला स्तम्भ तथा अन्य पाटी-पौवा, तथा देवालय र भवन आदिमा भने ढुङ्गाको कलापूर्ण प्रयोगमा

वृद्धि नै भएको देखिन्छ । शिलालेख कुँदाउने काममा पनि त्यसबेला कुनै कमी आएको देखिँदैन । उपत्यका तथा उपत्यका नजिकका नुवाकोट, दोलखा, बनेपा, पनौती आदि क्षेत्रमा मध्यकालका शिलालेखहरू यत्रतत्र पाइएका छन् । यस आधारबाट तिनताका हजारौँको संख्यामा शिलालेखहरू स्थापित गरिएका थिए भन्ने सहजै अनुमान हुन्छ । मध्यकालका काष्ठकलाका ज्वलन्त उदाहरण बोकेका अनेकौँ नेपाली वास्तुशिल्पका मन्दिरहरू अध्यावधि हाम्रो अगाडि रहिरहेका छन् । मध्यकालका मन्दिर तथा भवनहरूमा प्रयोग भएको टायल, झिँगटी तथा पाटनको महाबौद्ध मन्दिरजस्ता मृण्मय (teracotta) कलाले भरिएका मन्दिर र ठूल्ठूला आकारका कलात्मक तेलिया ईंटाहरू र त्यसकालका माटोका मुद्रा, माटोका धार्मिक छाप आदि वस्तुबाट पनि मृत्तिका व्यवसायका बारेमा राम्रैसँग जानकारी पाउन सकिन्छ ।

मध्यकालको सुरुदेखि नै विश्वकर्मा, कर्मकार, वर्धक, तक्षकार, प्रजापति, कुमाल, बढै, सिंकर्मीजस्ता काठ, मृत्तिका तथा अन्य शिल्पसम्बन्धी व्यवसायीहरू उपत्यकामा थिए भनेर माथि नै चर्चा गरिसकिएको छ । पूर्वमध्यकालका राजा सोमेश्वरदेवले एक मन्दिर बनाएर अति सुन्दर काष्ठशिल्प भराएको तथ्य यहाँ उल्लेखनीय छ ।[१३६] डी.आर.रेग्मीले उपत्यकाका कुम्हारहरूका काष्ठशिल्पले स्थानीय रूपमा मात्र नभएर नेपालका पूर्व-पश्चिमका राज्यरजौटा तथा तिब्बत-ल्हासासम्म ख्यातिप्राप्त गरेको थियो भनेर जुन चर्चा गरेका छन् त्यसको ऐतिहासिक स्रोतसामग्रीले पनि राम्रै पुष्टि गरेका छन् ।[१३७] गोपालवंशावलीमा मण्डप, धारा, शिलामूर्ति, काठका खट आदि बनाएका, मन्दिरहरूमा झिँगटी लगाएका, दलिनजस्ता काठका सामग्री प्रयोग गरिएका, चोक, आगमघर तथा सडकमा इँट तथा तेलिया इँट छापिएका, टोलटोलमा इँटा र ढुङ्गाको प्रयोग गरेर ढल बनाइएका प्रशस्त उदाहरणहरू पाइन्छन् । मल्ल शासनको समाप्तिपछि नेपालमा भ्रमण गर्ने विदेशीहरूले पनि यहाँका काठ, ढुङ्गा र मृत्तिका शिल्पको वर्णन गर्दै भारतका ठूल्ठूला शहरहरूको तुलनामा नेपालमा बनेका इँटा, टायल आदिको प्रयोग र तिनको गुणस्तर राम्रो भएको चर्चा गरेका छन् । यसैक्रममा नेपालमा प्राचीन समयदेखि चलिआएको माटो पोल्ने प्रविधि जस्तै भट्टामा दाउरा मिलाउने तरीका आदि राम्रो भएको र यहाँको माटोको गुणस्तर पनि इँटा, टायल तथा अन्य कलात्मक वस्तुनिर्माण गर्न निकै उपयोगी भएको हुनाले अन्य सभ्यताको तुलनामा यहाँका ठूला भवन तथा घरहरू राम्रा भएको अनुमान गरेका छन् ।[१३८]

यस किसिमले काष्ठमूर्ति, भवन, मन्दिर आदि वास्तु नमूनाहरूमा प्रयोग भएका कलात्मक झ्याल, ढोका, टुँडाल, खम्वा, निदाल, दलिन, तोरण, धार्मिक महत्त्वका भाँडावर्तन, काठका ठेकी, खोरी, माली, सन्दुस (वाकस), खाट-खटिया,

पिर्का, ढिकी, ओखल, धार्मिक ग्रन्थका गाता, मुखण्डो आदि मध्यकालिक काष्ठकलाका नमूनाहरूको ऐतिहासिक सामग्रीहरूमा प्रशस्त उल्लेख पाइनुका साथै त्यस्ता सामग्रीहरू नै पनि यत्रतत्र देख्न सकिन्छ । यहाँका मध्यकालिक काष्ठकलाको विकसित रूपलाई देखेर स्वदेशी र विदेशी विद्वान्हरूले मुक्तकण्ठले वर्णन गरेका छन् ।

यसैगरी शिलामूर्ति, शिलाचैत्य, शिलालेख, शिखर शैलीका शिला मन्दिर, शिलाका कलात्मक झ्यालढोका, खम्बा, दैनिक प्रयोगका खलबच्चा, लोहरोशिलौटो तथा अन्य भाँडावर्तन, बाटोघाटो, मन्दिर-विहार तथा दरबारका चोकमा छापिएका ढुङ्गा, ढिकीका ओखल, हाते जाँतो र घट्टेजाँतो, पाटीपौवा, धर्मशाला, ढुङ्गेधारा, मठमन्दिर दरबार आदिमा प्रयोग गरिएका ढुङ्गाका कलात्मक वस्तुबाहेक, चुनढुङ्गा, खरीढुङ्गाजस्ता विशेष प्रकारका ढुङ्गाको पनि यहाँ प्रयोग भएका उदाहरण ऐतिहासिक लेखोटहरूमा प्रशस्त पाइएका छन्। मध्यकालको सुरुदेखि नेपाल एकीकरणसम्मकै यस्ता विभिन्न शिलासम्बन्धी कलात्मक वस्तुहरू अहिले पनि प्रशस्त मात्रामा यत्रतत्र छरिएर रहेका छन् । स्थिति मल्लको व्यवस्थामा वर्णित लोहकर्मी जातले ढुङ्गा फोर्ने र ढुङ्गाका मूर्ति (देवीदेवता) बनाउने काम गर्नू भन्ने प्रसङ्ग यहाँ स्मरणीय छ ।

यस्तै किसिमले कुमालटोल नाम गरेका मध्यकालिक वस्तीहरूदेखि लिएर माटोका मानव तथा अरू किसिमका मूर्तिहरू, मकुण्डो, हाँडीगाग्रा तथा अन्य विविध प्रकारका भाँडावर्तन, सजाउने कलात्मक वस्तुहरू, माटोका अभिलेख तथा विविध चित्राङ्कित छापहरू, इँटा, टायल, झिँगटी, माटोका इँटा मात्र प्रयोग गरेर बनेका देवालय, तोरण, ढल तथा नालाको निमित्त प्रयोग हुने डुँडालहरू जस्ता वस्तुको पनि अभिलेखिक उल्लेख र उक्त कलात्मक नमूनाहरू दुवै पाइएका छन् । स्थिति मल्लको व्यवस्थामा कुमाल जातलाई माटाका भाँडावर्तन बनाएर सरकारलाई दस्तुर तिरी बेचेर खाने व्यवसाय छुट्याइएको प्रसङ्ग पनि यहाँ उत्तिकै उल्लेखनीय छ ।

यस्ता सबै कलात्मक वस्तुको यहाँ एक/एक उल्लेख गर्नु सम्भव नभए तापनि पशुपतिको प्राङ्गणको नृत्येश्वर वा ब्रह्माको को ढुङ्गैढुङ्गाको ९/१० शताब्दीतिर बनेको शिखर शैलीको मन्दिर, सिद्धिनरसिंह मल्लले बनाएको पाटनको शिखर शैलीको कृष्णमन्दिर मध्यकालिक ढुङ्गेकलाका ज्वलन्त नमूनाको रूपमा रहेका छन् । यस्तै, मल्लकालका कतिपय ढुङ्गे मूर्तिहरू पनि ढुङ्गे कलाका नमूनाको रूपमा मान्नुपर्ने हुन्छ ।

यसैगरी मध्यकालको पूर्वार्द्धमा बनेका मरुसत्तल (काष्ठमण्डप-यंग्रमण्डप) कासमण्डु वा कायमदु जस्ता सत्तल,[१३९] हिरण्यवर्ण तथा रुद्रवर्ण महाविहार पाटन, इन्द्रेश्वर मन्दिर पनौती, भक्तपुरका न्यातपोल, दत्तात्रय, पूजारीमठ तथा

मल्लकालिक ३ वटै दरबार आदि केही वास्तु नमूनालाई मध्यकालिक काष्ठकलाका नमूनास्थलको रूपमा मान्नु पर्दछ । काठको व्यवसाय गर्ने तक्षकार, वढै, सिंकर्मीजस्ता व्यवसायीको उल्लेख वंशावली तथा अन्य ऐतिहासिक सामग्रीमा पाइन्छ ।[१४०]

यस्तैगरी पशुपति आर्यघाटनिरको विष्णुको माटोको मूर्ति, पाटनको महाबौद्ध मन्दिर आदिलाई यस कालका मृत्तिका कलाका ज्वलन्त नमूनाको रूपमा मान्न सकिन्छ । यसैगरी यस कालका सिद्धिनरसिंह मल्ल, विष्णु मल्लजस्ता राजका अत्यन्त आकर्षक माटोका मुद्राहरूलाई पनि मृत्तिका कलाको अनुपम उदाहरणको रूपमा लिन सकिन्छ ।

यस किसिमले काठमाडौं उपत्यकाको मध्यकालिक औद्योगिक परम्परामा काष्ठ, शिला तथा मृत्तिका व्यवसायलाई पनि एक महत्त्वपूर्ण मान्नु पर्दछ ।

४.५. तेल पेल्ने, उखुसम्बन्धी-चाकु, सख्खर बनाउने तथा ढिकी, जाँतो, ओखल, घट्ट आदि व्यवसायहरू

दैनिक उपभोग तथा जीवनचर्याका निमित्त आवश्यक हुने विभिन्न वस्तुमा तेल, चामल, चिउरा, पिठो, चाकु-सख्खर आदिको उत्पादनसम्बन्धी व्यवसायहरू कुनै पनि समाजमा अनिवार्य रूपमा चलेकै हुन्छन् । उपत्यकामा पनि धान कुट्ने, पिठो पिँध्ने ढिकी, जाँतो, घट्ट, ओखल (उग) लगायत तोरीजस्ता तेलहन पदार्थबाट तेल पेल्ने कोल चलाउने काम प्रशस्त मात्रामा हुन्थे । ढिकीजाँतोजस्तो कुट्ने पिँध्ने काम त घरघरमा अनिवार्य रूपमा मध्यकालमा मात्र नभएर केही अधिसम्म पनि चलिरहेकै थिए । गाउँघरमा अझै पनि ढिकीजाँतो जीवनचर्याको एक अनिवार्य साधनकै रूपमा उपयोग भइरहेको देखिन्छ । मध्यकालमा पनि अनिवार्य रूपमा घरघरमा ढिकीजाँतो लगायत लुगा बुन्ने तान, टुकी आदि हुन्थे र त्यस्ता ढिकीजाँतो, तान आदि उत्पादनसँग सम्बन्धित साधनहरू कहिल्यै पनि खालि राख्न नहुने कुरामा परम्परागत विश्वासका साथै राजामहाराजाहरूबाट निर्देशनसमेत भएको हुन्थ्यो ।[१४१] यस किसिमको उल्लेख काठमाडौंका राजा महेन्द्र मल्लको स्थितिमा स्पष्ट रूपमा परेको चर्चा माथि नै गरियो । यस विषयमा मध्यकालका ऐतिहासिक धर:पौहरूमा पनि प्रशस्त उल्लेख भएको पाइन्छ ।[१४२] सबैजसो धर:पौहरूमा चामल, च्यूरा, स्याबजी आदिको उल्लेख भएको पाइएको छ ।

यस्तै किसिमले मध्यकालमा तेलहन पदार्थबाट तेल उत्पादनको काम पनि प्रशस्त मात्रामा हुन्थ्यो । हुन त तेलको उत्पादन व्यवसाय र तेलको कोल (तैल्यशाला), त्यस व्यवसायबाट सरकारले लिने कर आदिको विषयमा प्राचीन अभिलेखमै पनि स्पष्ट उल्लेख परेको हुनाले[१४३] प्राचीनकलदेखि नै तेलउत्पादन

व्यवसाय लोकप्रिय रूपमा चलेको थियो भन्न सकिन्छ । मध्यकालमा पनि सुरु-सुरुदेखि नै तेलउत्पादन व्यवसाय चलेका संकेत पाइएका छन् । ने.सं. ३१० को एउंटा ताडपत्रमा 'तैलपिण्ड' अर्थात् प्रतिवर्ष बुझाउनुपर्ने 'तेलकर' को विषयमा स्पष्ट उल्लेख परेको छ ।[१४४] स्थिति मल्लको व्यवस्थामा तेलउत्पादन गर्ने छुट्टै व्यवसायी 'साल्मी' जातको नै उल्लेख छ ।[१४५] साल्मी भन्नाले मानन्धर जाति भन्ने बुझिन्छ । यस जातको उल्लेख गोपालवंशावलीमा ने.सं. ४९६ (वि.सं. १४३२) को घटना वर्णनको क्रममा पहिलोपल्ट आएको छ ।[१४६] पछिका धर:पौ तथा अन्य विभिन्न सामग्रीमा पनि साल्मी तथा मानन्धर जातिको प्रशस्त उल्लेख पाइन्छ । उपत्यकाका साँगा, खोकना आदि क्षेत्रहरूले तेल उत्पादनका निमित्त प्राचीनकालदेखि नै निकै प्रसिद्धि पाउँदै आएको देखिन्छ । खोकनाको तेल अहिले पनि असल मानिन्छ । मध्यकालको उत्तरार्द्धमा नेपालभ्रमण गर्ने कपुचीन पादरीहरूले पनि यहाँ तोरीको तेल उत्पादन हुन्थ्यो भनेर चर्चा गरेका छन् । यस सन्दर्भमा फादर 'लोरो' को टिपोट उल्लेखनीय छ । फादर लोरोले 'उपत्यकामा तोरीबाट तेल बनाइन्छ र हामीले पनि घ्यूको अभाव भएबाट तोरीको तेल प्रयोग गर्‍यौं' भनेर उल्लेख गरेका छन् ।[१४७] मल्लकालका ऐतिहासिक धर:पौहरूमा पनि 'सेवा कु' को रूपमा उठाइने सामग्रीहरूमा तेलको पनि उल्लेख परेको छ ।[१४८] यसबाट उपत्यकामा तेलको स्थानीय आवश्यकता यहींको उत्पादनबाट पूरा हुन्थ्यो भन्ने कुरा स्पष्ट हुन्छ ।

मध्यकालमा ऊखुको उत्पादन पनि हुन्थ्यो भन्ने विषयमा माथि कृषिअन्तर्गत उल्लेख गरी सकिएको छ । ऊखुबाट चाकु गुर-गुँद तथा सख्खरको उत्पादन गर्ने परम्परा पनि मध्यकालमा चलेको थियो । अभिलेखमा विभिन्न पर्वमा देवालयहरूमा चाकु बनाई चढाएका उदाहरण पनि पाइएका छन् ।[१४९] ऊखुबाट बनाइएको सख्खरको प्रयोग गरेर सर्वत आदि पेय पदार्थ बनाउने परम्परा मध्यकालमा चलेका कुरा 'फादर लोरो' को विवरणबाट बुझ्न सकिन्छ ।[१५०] भक्तपुरका राजा जितामित्र मल्लको धर:पौमा पनि सख्खरको स्पष्ट उल्लेख परेको छ । अर्को कुरा मध्यकालदेखि नै लोकप्रिय रूपमा चलेको तमाखु तथा घ्यू-चाकुको सेवन गर्ने परम्पराले पनि यस कुरालाई पुष्टि गर्दछ । तमाखु बनाउनका निमित्त ऊखुबाट बन्ने खुँदोको प्रयोग हुन्थ्यो र त्यो चलन अझै पनि कायमै रहेको पाइन्छ ।

अन्नबाली पिँध्ने पानीघट्टको विषयमा थोरै चर्चा माथि गरियो । उपत्यकामा ठाउँठाउँमा पानीघट्टहरू चल्दथे भन्ने विषयमा थप प्रमान मल्लकालको समाप्तिका तीन दशकभित्रै नेपाल भ्रमण गर्ने अंग्रेज डाक्टर एफ.बी. ह्यामिल्टनको टिपोटले प्रस्तुत गरेको छ । उनले घट्टमा प्रयोग गरिएका ढुङ्गेजाँतोको आकारसहित अन्न पिँध्ने प्रक्रियाको समेत विस्तारपूर्वक उल्लेख

गरेका छन्। यस क्रममा उनले उपत्यकामा विभिन्न ठाउँमा यस्ता पानीघट्टहरू चलेको देखेको चर्चा पनि गरेका छन्। उनले एउटा घट्टमा दिनमा १२ मुरीजति अन्न पिँधिन्छ भन्ने तथ्याङ्क पनि प्रस्तुत गरेका छन्।[१५१] ह्यामिल्टन नेपाल आउँदासम्म यत्रतत्र सञ्चालन भइरहेका घट्टहरूमध्ये कतिपय निःसन्देह मल्लकालदेखि नै चलेका थिए। चिउरा आदि कुट्ने काम 'उग' र 'लुसी' अर्थात् काठको ओखल र हाते मुसलले गर्ने परम्परा, जुन मध्यकालदेखि चलेको हो अझै पनि उपत्यकाका काँठकाँठका नेवार बस्तीहरूमा केही मात्रामा चलिरहेकै छ।

४.६. अन्य व्यवसाय तथा उत्पादनहरू

माथि उल्लेख गरिएकाबाहेक मध्यकालमा विद्यमान अन्य उत्पादनसम्बन्धी व्यवसायहरूमा कागज, ग्रन्थलेखन, चित्रकारी, रङ्गरोगन, छालाका सामग्री, मैन, कस्तूरी, जडीबुटी तथा विविध किसिमका औषधीमुलो र डोको, नाम्लो, काम्लो, डोरी, दाम्लो, सुकुल, गुन्द्री, पिर्का, मान्द्रो, पराल, कपडाका जुत्ता आदिको उत्पादन गर्ने पनि उल्लेखनीय छन्। यी उपयुक्त वस्तुको उत्पादनको विषयमा यहाँ क्रमशः चर्चा गरिन्छ।

मध्यकालमा यहाँ कागजको पनि उत्पादन हुन्थ्यो, तर पूर्वमध्यकालका ऐतिहासिक लेखोट, ग्रन्थ आदि भने ताडपत्रमा लेखिएका मात्र पाइएका हुनाले कागजको उत्पादनमा व्यापकता उत्तरमध्यकालमा मात्र आएको थियो भन्न सकिन्छ। तर पनि नेपालमा कागज उत्पादन कला चीनबाट उत्तर प्राचीनकालमा नै पसेको र ईशाको दशौँ शताब्दीताका उक्त कला भारतले पनि नेपालबाट सिकेको जानकारी पाइएको छ।[१५२] यताबाट नेपालमा कागज उत्पादनको थालनी पूर्वमध्यकालभन्दा पनि अघि नै भएको थियो भन्न सकिन्छ। सायद नाशवान भएबाट प्राचीन र मध्यकालको पूर्वार्द्धका कागजका लेखोटहरू ज्यादै कममात्र प्राप्त भएका होलान् तर मध्यकालको उत्तरार्द्धका भने ताडपत्रका साथसाथै प्रशस्त मात्रामा नेपाली कागजमा लेखिएका कागजपत्र, तमसुक, ठ्यासफू तथा धार्मिक तथा लौकिक लेखोट र हस्तलिखित ग्रन्थहरू पाइएका छन्। मल्लकालका यस्ता नेपाली कागजमा लेखिएका सबै किसिमका लेखोटले नेपालमा कागज उत्पादनको परम्परालाई राम्रै पुष्टि गरेको छ। पूर्वार्द्धकालका कागजी लेखोटमा बाह्रौं शताब्दीमा लेखिएको (जुन आशुतोश-म्युजियम, कलकत्तामा छ) निकै उल्लेखनीय छ।[१५३] कर्कप्याट्रिकले पनि रुखका बोक्राबाट कागज उत्पादन गरी निर्यातसमेत गर्ने परम्परा नेपालमा चलिरहेको चर्चा गरेका छन्।[१५४] गोरखालीहरूको काठमाडौं उपत्यका विजयको दुइ दशकभन्दा थोरै मात्र पछि नेपाल भ्रमण गर्ने कर्कप्याट्रिकले उल्लेख गरेको कागज उत्पादन

र निकासीको परम्परा त्यसैवेलादेखि मात्र सुरु भएको भन्न निःसन्देह सकिँदैन । वास्तवमा त्यो परम्परा मध्यकालदेखि नै चलिआएको हुनुपर्दछ । पछि शाहकाल तथा अहिलेसम्म पनि यस्तो कागज उत्पादन गर्ने परम्परा नेपालमा चलिरहेकै छ । दोलखा भेकमा पनि अघिदेखि कागज उत्पादन व्यवसाय चल्नुको साथै निकासीसमेत हुन्थ्यो भन्ने प्रमान पाइएको छ ।[१५५] मध्यकालमा चलेका औद्योगिक व्यवसायमा ग्रन्थ लेखन परम्परालाई पनि मान्नुपर्दछ । मध्यकालको पूर्वार्द्धदेखि लिएर अन्त्यसम्मका हजारौं हस्तलिखित ग्रन्थहरू काठमाडौं उपत्यकामा भएको अनुमान गरिएको छ । यहाँ लेखिएका कतिपय हस्तलिखित ग्रन्थले तिब्बतका अनेकौं विहार तथा चीनसम्मका पुस्तकालयहरूमा स्थान पाएका थिए । यस प्रसङ्गमा तिब्बतको ङोर गोन्पा, सक्य गोन्पामा पाइएका अष्टसाहस्रिका प्रज्ञापारमिता तथा चीनबाट फिर्ता पठाएका नेपालमा लेखिएका सद्धर्मपुण्डरीक सूत्रजस्ता मध्यकालिक ग्रन्थहरू उल्लेखनीय छन् । काठमाडौं उपत्यकाका बौद्ध विद्वान् शिल्पी तथा पण्डितहरूलाई तिब्बतमै निम्त्याएर पनि कतिपय कलात्मक सुनचाँदीका समेत अक्षर भएका बौद्धग्रन्थहरू लेखाएका प्रमान पनि प्रशस्त पाइएका छन् । मध्यकालमा धेरै संख्यामा बौद्ध ग्रन्थहरूको उत्पादन यहाँ हुन्थ्यो । यद्यपि मध्यकालमा लेखिएका हिन्दू ग्रन्थहरू पनि प्रशस्तै पाइएका छन् । यसबाहेक वंशावली, राज्यशास्त्र, औषधि विद्या, आयुर्वेद, शिल्पविद्या आदिसँग सम्बन्धित हस्तलिखित ग्रन्थहरू पनि यस कालमा प्रशस्त लेखिन्थे र प्राप्त पनि भएको छन् । पूर्वार्द्धकालका अष्टसाहस्रिका प्रज्ञापारमिता, सतसाहस्रिका प्रज्ञापारमिता, चतुष्पीठ साधन संक्षेप, मित्रपदपञ्जिका साधन समुच्चय, मुद्राराक्षस नाटक, पञ्चरक्षा, मानवन्याय शास्त्र, मणिकर्णिकानाम् सिद्धपञ्जिका, बज्रावली,[१५६] वाल्मीकि रामायण, धर्मसमुच्च, गुहयसिद्धि शास्त्र, महीरावणवध नाटक, हरिश्चन्द्रोपाख्यान, हरमेखला, गोपालवंशावली, अमरकोश, अध्यात्मरामायण, महाभारत, सत्यनारायणवव्रकथा, मछिन्द्रनाथकथा, हितोपदेश, अभिसमयालंकार, अमृतेश्वर पूजा, अश्वायुर्वेदशास्त्र, आर्यामोधपाशशास्त्र, सुमतीकरण भोजदेव संग्रह, वृहज्जातकटीका, खण्डखाद्यक, शप्तशती, विनायक-स्तवराज, बोधिचर्यावतारपञ्जिका, चन्द्रमहारोषणतन्त्रपञ्जिका, भैरवानन्द नाटक, दशकर्मपद्धति आदि ग्रन्थहरू उल्लेखनीय छन् ।[१५७] यस्तै किसिमले मल्लकालका नरपतिजयचर्यास्वरोदय टीका, ग्रहदर्पण जैमिनि सूत्रव्याख्या-सुवोधिनी, ज्योतिषशास्त्रम्, खण्डखाद्य टीका, चन्दग्रहणाधिकारटिका, गणितमञ्जरी आदि ज्योतिषसँग सम्बन्धित, स्कन्दपूराण-नेपाल महात्म्य, स्वयम्भू पूराण, पशुपतिपूराण, ब्रह्मपूराण, भगवती महात्म्यप्रशंसा, कालीकलार्णवतन्त्र, कुलवृत्ति, नैरात्मागुह्वेश्वरीनामाधारणी, मन्जुश्री साधना आदि पूराणहरू पनि कम उल्लेख्य छैनन् । त्यस्तै गरेर काव्यगीतकेशवम्,

गीतगोविन्दम्, गीतापञ्चशीका, महाकाव्य (लक्ष्मीनारायणको) पुष्पचरित्रकाव्यम् आदि काव्य साहित्यका, संगीत संग्रह, संगीतचन्द्र, हस्तमुक्तावलीसारसमुद्धृत टीका आदि संगीत नृत्य आदिसँग सम्बन्धित र राजनीतिको कुशपदेशटीका, कामशास्त्रको नागसागरभाष्य, आयुर्वेदको 'योगमञ्जरी' आदि संस्कृतमा लेखिएका ग्रन्थहरू उल्लेखनीय छन् ।[१५८] यसरी नै नेवारी र मिश्रित भाषाका तथा मैथिली भाषाका हस्तलिखित ग्रन्थहरू अझ धेरै संख्यामा प्राप्त छन् ।[१५९] खासगरी रामायण, महाभारतजस्ता महाकाव्य, सत्यनारायण, स्वस्थानी आदि व्रतकथा, ऋतुऋतुमा गाईने लोकगीत, उपत्यकाका डबलीहरूमा प्रदर्शन गरिने नाटकहरू, वास्तुविधा, शिल्पविधा, आयुर्वेद वा चिकित्साशास्त्र, वेदान्तदर्शन आदि र बौद्ध दर्शनसँग सम्बन्धित ग्रन्थहरू यस भाषाका पाइएका छन् । यी उपर्युक्तबाहेक असंख्य आर्थिक-सामाजिक लेखौट रूपका ताडपत्रकागजपत्रहरू पनि प्रशस्त मात्रामा यत्रतत्र अझै पाइँदैछन् । यिनमा ठ्यासफू, धर:पौ, तमसुक, स्याहामोहर आदि उल्लेखनीय छन् ।

मध्यकालमा हिन्दू धर्मसँग सम्बन्धित तथा अन्य लौकिक महत्त्वका लेखोट, ग्रन्थहरू अर्थोपार्जनका हिसाबले लेखिएका नभए तापनि तिब्बततर्फ पठाइने बौद्ध धर्म र दर्शनसँग सम्बन्धित ग्रन्थहरूको उत्पादनबाट नेपाली शिल्पी पण्डितहरूलाई प्रसस्त अर्थ लाभ हुन्थ्यो । यस व्यवसायबाट खासगरी सुनचाँदीको आम्दानी नेपालीहरूलाई प्रसस्त हुन्थ्यो । त्यस युगमा ग्रन्थ लेखनकार्य अन्य उत्पादनभन्दा अझ जटिल र धेरै लागतको हुन्थ्यो । किनकि एउटै ग्रन्थ लेखनका निमित्त धेरै लेखक, शिल्पी पण्डितहरू संलग्न भएर पनि लेखन कार्य पूरा गर्न वर्षौं पनि लाग्दथ्यो । तिब्बतमा लेखक शिल्पीहरूलाई वर्षौंसम्म पारिश्रमिक तथा भोजन गराएर ग्रन्थ लेखाउने चलन थियो । यतिमात्र हैन, कागजको अभाव हुँदा ताडपत्रहरूको खोजी तिनको साजसज्जा र सुन चाँदी आदि गालेर मसी बनाउने र साधारण स्याहा मसी बनाउने काम पनि सजिलो थिएन । ग्रन्थका गाता तथा मुखपृष्ठहरूमा मूर्ति तथा चित्रले भर्ने परम्परा पुराना ग्रन्थ निर्माण शैलीमा अनिवार्य हुन्थ्यो । त्यसैले हिजोआजको लागतमा हिसाब गर्ने हो भने एक पोथी प्रज्ञापारमिताजस्ता ग्रन्थ तयार गर्न लाखौंलाख रूपैयाँसम्मको लागत लाग्दथ्यो । त्यसैले मूर्ति तथा भाँडावर्तन आदिको उत्पादन र ग्रन्थउत्पादनमा आम्दानी तथा खर्चका हिसाबले हेर्दा ग्रन्थ उत्पादन व्यवसाय अझ बढी लाभदायक हुन्थ्यो भन्नुमा अत्युक्ति हुन्न । एघारौं-बाह्रौं शताब्दीताका भारतमा हिन्दू तथा बुद्ध धर्ममाथि मुसलमानी आक्रमणले गर्दा ठूलो आघात पर्‍यो । त्यसैले तिनताका नेपाल हिन्दू र बौद्धहरूको केन्द्र बन्न पुग्यो । बौद्ध विहारहरूका संख्यामा वृद्धि हुन पुग्यो । उता तिब्बतमा पनि बुद्ध धर्मको पुनरुत्थान र विस्तार हुँदै थियो । यसैले धर्म-ग्रन्थहरूको माग

बढ्नुको साथै उत्पादनको क्रम पनि नेपालमा बढ्न थाल्यो । बुद्धधर्मको व्यापकताको कारण विहार तथा मठहरूमा मात्र नभएर धार्मिक भिक्षु तथा जनसाधारणले समेत व्यक्तिगत सम्पत्तिको रूपमा धार्मिक ग्रन्थहरू संग्रह गर्ने क्रम पनि बढ्न गयो । फलस्वरूप नेपालमा ग्रन्थउत्पादन परम्परा उद्योगको रूपमा नै फष्टाउन पुग्यो ।

मध्यकालमा लेखनकलासँग सम्बन्धित छुट्टै व्यवसायीहरूसमेत थिए । यस्ता व्यवसायीहरूलाई 'लेखक', 'कायस्थ' वा 'कास्त', दैवज्ञ चैत्तकार आदि भनिन्थ्यो ।[१६०] यस्ता कायस्थ तथा लेखकहरूले ग्रन्थलेखनका साथै अन्य ठ्यासफू, धर:पौ, तमसुक, ताडपत्र, वंशावली आदि लेख्ने काम पनि गर्दथे ।[१६१] धार्मिक तथा अन्य ग्रन्थलेखनको काम कायस्थ लगायत सम्बन्धित विद्वान् पण्डित तथा शिल्पी विश्वकर्माहरूबाट पनि हुन्थ्यो । ने.सं. ११९ (वि.सं. १०५५) मा लेखिएको एक हस्तलिखित ग्रन्थमा उक्त ग्रन्थ लेख्ने लेखक सुवर्णकार राना भएको उल्लेख पाइएको छ ।[१६२] विद्वान् पण्डितहरूको उल्लेख पनि मध्यकालको पूर्वार्द्धदेखि नै पाइन्छ ।[१६३] स्थिति मल्लको व्यवस्थामा स्याहामोहर, दानपत्र, सुकिबिकीपत्र, तमसुक, भाखापत्र आदि दस्तुर लिएर लेख्ने काम गरेर जीवनयापन गर्नू भनि कायस्थ जातको व्यवस्था बाँधिएको देखिन्छ ।[१६४] यताबाट ग्रन्थलेखन तथा अरू किसिमका लेखनव्यवसायलाई पनि मध्यकालिक औद्योगिक परम्पराअन्तर्गत राखेर अध्ययन गर्नु अनिवार्य हुन्छ भन्ने देखिएको छ ।

मध्यकालमा प्रचलित अर्को व्यवसाय चित्रकारी काम गर्ने पनि हो । मूर्ति, भाँडावर्तन, कपडा, लेखनकला आदिजस्तै चित्रकलाको पनि समाजमा उत्तिकै महत्त्व थियो । त्यसै हुनाले समाजमा चित्रकारी काम गर्ने व्यवसायीहरू 'नरी' वा 'चित्रकार' हरू हुन्थे ।[१६५] मध्यकालका पूर्वार्द्धदेखिकै केही भित्तेचित्र वा पटचित्र, पौभाचित्र, ग्रन्थ चित्र आदि अझै काठमाडौं उपत्यकाका ऐतिहासिक स्थलहरूमा र भारत, बेलायत तथा अमेरिकाका पुस्तकालय, संग्रहालय तथा देश विदेशका विभिन्न संग्रहकर्ताहरूका संग्रहमा रहेका छन् । नेपालका सबैभन्दा पुराना ग्रन्थचित्रमा ने.सं. १३५ मा ताडपत्रमा लेखिएको प्रज्ञापारमिताको गाताको (बेलायतको क्याम्ब्रिज युनिभर्सिटी लाइब्रेरीमा सुरक्षित), ने.सं. १४८ मा ताडपत्रमै लेखिएका प्रज्ञापारमिताका २ गाताका (कलकत्ता युनिभर्सिटीका प्राध्यापक एस. के. सरस्वतीको संग्रहमा रहेका) रुद्रदेवको शासनकालका चित्र निकै उल्लेखनीय छन् ।[१६६] यसपछिका असंख्य देश विदेशका संग्रहालय, अभिलेखाय, संग्रहकर्ता व्यक्तिहरूको संग्रहमा हिन्दू र बौद्ध दुवै धर्मसम्प्रदायका ग्रन्थचित्रहरू अध्ययनका निमित्त प्राप्त गर्न कठिनाइ नै भए तापनि सुरक्षित भने रहेका छन् ।[१६७]

मध्यकालका नेपाली पौभाचित्रहरू पनि केही प्राप्त भएका छन् । मध्यकालका सुरुका पौभाचित्र भने ग्रन्थचित्र जस्तो प्रचुरमात्रामा अवश्य पाइएका छैनन् । यस क्रममा ईशाको तेह्रौं शताब्दीमा लेखिएको मानिने हाल लसएन्जेलस् काउन्टी म्यूजियममा सुरक्षित अमिताभ बुद्धको पौभा चित्र पहिले आउँछ ।[१६८] त्यस्तै, यसै समयको र त्यही शैलीको रत्नसम्भवको ने.सं. ४४९ र ४८८ मा लेखिएको ताराको र ने.सं. ५४० मा लेखिएको विष्णु मण्डलको पौभाचित्रलाई तिथिमिति सहितका चौधौं-पन्ध्रौं शताब्दीअघिका उल्लेखनीय नेपाली पौभाचित्र मानिएको छ ।[१६९] नेपाल उपत्यकामा हजारौंको संख्यामा पन्ध्रौं शताब्दी र सोभन्दा पछि बौद्ध तथा हिन्दूधर्मसँग सम्बन्धित पौभाचित्रहरू लेखिएको उल्लेख विद्वान्हरूले गरेका छन् ।[१७०] नेपाली पौभाचित्रहरू कतिपय तिब्बत र चीनसम्म पनि पुगेका उल्लेख पाइएका छन् । नेपाली पौभाचित्रले तिब्बतमा पुगेर 'थाङ्का' नाम पाएको र हाम्रा उत्तरी क्षेत्रका केही पुराना बौद्ध गोन्पाहरूमा पनि चौधौं-पन्ध्रौं शताब्दीदेखिका थाङ्काहरू सुरक्षित रहेको बुझिएको छ । मुस्ताङ, डोल्पाबाहेक अन्यत्र स्थानमा यस विषयमा प्रारम्भिक अन्वेषण सम्म हुन नसकेकोले यस विषयमा व्यापक जानकारी पाउन सकिएको छैन । उत्तरी मुस्ताङका चाराङ, मन्थाङ तथा डोल्पा न्हिसल तथा ताराप-छार्का तर्फका गोन्पाहरूमा पन्ध्रौं शताब्दी पछिका थाङ्काहरू धेरै संख्यामा भएको जानकारी पाइएको छ । नेपाली चित्रकारहरू तिब्बत तथा नेपालकै हिमाली क्षेत्रमा पुगेर ग्रन्थलेखन, चित्रकारी, मूर्ति तथा वास्तु निर्माणसम्बन्धी व्यवसाय गर्ने गर्दथे भन्ने विषयमा माथि नै उल्लेख गरिसकिएको छ ।

पौभाचित्रकै शैलीमा पछिपछि नेपालमा पटचित्र पनि बन्न थाले । पटचित्र र पौभा चित्रमा खास भेद नभएको राय पनि विद्वानहरूको नभएको होइन तर पटचित्र केही ठूलो (३/४ हातदेखि १०/१२ हातसम्म लम्बाइको) कपडामा लेखिने र बीच भागलाई चित्रको केन्द्र विन्दु नबनाई समग्रलाई महत्त्व दिएर लेखिएकालाई पटचित्र र केही साना दुवैतर्फ काठ लटकाएर बेरेर राख्न हुने बनाएका मण्डलचित्र अर्थात बीच भागलाई महत्त्व दिएर कपडामा लेखिएका चित्रलाई 'थाङ्का' वा 'पौभाचित्र' मान्ने गरेका उदाहरण पनि पाइएका छन् ।[१७१] यतिमात्र नभएर पटचित्रको थालनी केही पछि अर्थात् करिबकरिब सत्रौं शताब्दीको अन्त्य र अठाह्रौं शताब्दीको सुरुदेखि मात्र भएको र पौभाको थालनी तेह्रौं शताब्दी वा सोभन्दा पनि केही अघिदेखि नै भएको भन्ने पनि राय पाइन्छ। उन्नाइसौं शताब्दीदेखिका भने कागजमा लेखिएका पटचित्रहरू पनि पाइएका छन् ।[१७२] पटचित्र र पौभा वा थाङ्काको भेद यसरी गरिए तापनि तिब्बत तथा मुस्ताङ्गजस्ता नेपालकै उत्तरी क्षेत्रका गोन्पा तथा प्रतिष्ठित व्यक्तिहरूको संग्रहमा २०/३० फिट लम्बाइ-चौडाइ भएको पद्मसम्भव, महाङ्काल आदिका

अलौकिक थाङ्काहरू पनि यस अन्वेषणका अन्वेषकले देखेका कुरा यहाँ उल्लेखनीय छ ।

मध्यकालिक चित्रकलाको क्रममा भित्तेचित्र पनि उत्तिकै उल्लेखनीय छन् । बिक्री-वितरणका निमित्त उत्पादनका हिसाबले उल्लेखनीय नभए तापनि व्यवसाय तथा कला उद्यमका हिसाबले यी पनि उत्तिकै उल्लेखनीय छन् । नेपालका भित्तेचित्रहरू पनि मध्यकालको पूर्वार्द्धदेखि लिएर उत्तरार्द्धसम्मका केही हालसम्म पनि सुरक्षित छन् तर तिनको परिमाण अत्यन्त कम र अवस्था पनि धेरैजसोको राम्रो छैन । पनौतीको ब्रह्मायणी मन्दिर, भक्तपुर दरबार, पुजारीमठ, काठमाडौँको कुमारीघर, कीर्तिपुरको बागभैरव आदिमा रहेका मध्यकालिक नेपाली भित्तेचित्रहरू यस प्रसङ्गमा उल्लेखनीय छन् । नेपाली चित्रकारहरूले पश्चिम चीनको टुङ-हुवाङसम्म पुगेर त्यहाँका गुफाहरूमा भित्तेचित्र लेखेका थिए भन्ने जानकारी पनि पाइएको छ ।[१७३] पन्ध्रौं शताब्दीमा मुस्ताङको मैत्रेयको गोन्पामा लेखिएका भित्तेचित्रहरूमा नेपाली (काठमाडौँका) कलाकार ल्ह-ग (देव आनन्द) देव हुन् भन्ने कुरा स्थलगत अध्ययनबाट थाहा लागेको छ ।[१७४] यताबाट अर्थोपार्जनका हिसाबले भित्तेचित्र लेख्ने उद्यम पनि मध्यकालमा उत्तिकै महत्त्वपूर्ण रहेको देखिन्छ । तिब्बतका प्रसिद्ध गोन्पाहरूमा अन्य कलाकार कालिगढजस्तै भित्तेचित्र लेख्ने नेपाली कलाकारहरू पनि थिए । कपुचीन पादरी डेसीडेरी जस्ता विदेशीहरूले वर्णन गरेका तिब्बतमा कार्यरत असंख्य नेपाली कलाकारहरूमा भित्तेचित्र लेख्ने कलाकारहरू पनि पर्दथे भन्ने कुरामा कुनै शंका रहँदैन । सिल्वाँ लेभीले पनि यस विषयमा उल्लेख गरेका छन् ।[१७५] यसरी चित्रकलासम्बन्धी उद्यम पनि मध्यकालको एक महत्त्वपूर्ण र अर्थोपार्जनमूलक थियो भन्न सकिन्छ । मध्यकालका औद्योगिक परम्परामा रङ्गरोगन बनाउने व्यवसायलाई पनि उल्लेख गर्नुपर्ने हुन्छ । हुन त लेखनकला र चित्रकलासँग सम्बन्धित व्यवसायीहरूले नै रङ्गरोगन बनाउने काम पनि सँगसँगै गर्ने गर्दथे । हामीले विभिन्न रङ्गको प्रयोग गरेर कपडा रङ्गाउने (नीर आदि पाँचै रङ्ग), चित्रकारी गर्ने, सुन, चाँदीका तथा साधारण लाल तथा स्याहा मसीसमेत बनाई सुनौला, रूपौला तथा काला-राता अक्षरको प्रयोग गरेर ग्रन्थ लेख्ने परम्परासमेत भएबाट विभिन्न रङ्गको उत्पादन यहाँ हुन्थ्यो भन्ने कुरामा शंका रहँदैन । त्यसैले लेखनकला, चित्रकला तथा रङ्गरोगन उत्पादनकलालाई भिन्न व्यवसायको रूपमा उल्लेख गरिरहनु आवश्यक देखिँदैन ।

नेपालमा खयरको काठ, कटुसको पात, आँपको पात, अमलाका पात तथा मोसो आदिलाई रङ्ग बनाउन प्रयोग गरिएका उदाहरण पाइएका छन् । पर्सी ब्राउनले भारतमा एक प्रकारको बदाम डढाएर त्यसलाई गाईको गहुँतमा पकाएर बाक्लो मसी बनाइन्थ्यो भनेर उल्लेख गरेका छन् ।[१७६] प्राचीन

चित्रहरूको अध्ययन गर्दा नेपालमा अघिदेखि नै रङ्गरोगन साधारणतया तीन प्रकारबाट बनाइएको देखिन्छ । जस्तो- खनिज पदार्थबाट प्राप्त, रासायनिक मिसावट विधिबाट तथा वनस्पति-पातपतिङ्गर, जरा-बुटा, बोका आदिबाट ।[१७७] यसै प्रसङ्गमा नेपालबाट तिब्बत जाने कलाकार (चित्रकार) हरूले आफ्नो साथमा नेपालमै बनाइएका विभिन्न प्रकारका रङ्गरोगन पनि साथैमा लिएर जाने ऐतिहासिक परम्पराको चर्चा गर्नुपर्ने हुन्छ । नेपाली रङ्गलाई पछि तिब्बतका कलाकारहरूले पनि अत्यन्त उत्कृष्ट भनेर वर्णन गरेका र त्यहाँ नेपाली रङ्कको माग धेरै भएको जानकारी पनि पाइएको छ ।[१७८] तिब्बतमा पछिपछि भने ढुङ्गा र माटोको प्राकृतिक रङ्ग प्रयोग गरेर थाङ्का र देव्री (भित्तेचित्र) लेख्ने परम्परा अत्यन्त लोकप्रिय भएको देखिन्छ । पुराना-पुराना थाङ्का तथा देव्री (भित्तेचित्र) हरूमा यस्तो प्राकृतिक रङ्ग प्रयोग भएको अहिले पनि देख्न सकिन्छ । नेपाली रङ्गरोगनमा सेतो चुनढुङ्गालाई पोलेर बनाइएको सेतो चुनरङ्ग अत्यन्त सफा दीगो र धेरै समयसम्म चम्किलो (उज्यालो) रहने भएबाट यस्तो नेपाली रङ्गको तारिफ भारत तथा तिब्बत दुवैतर्फ हुन्थ्यो ।[१७९]

प्राचीनकालदेखि नै यहाँ पञ्चरङ्ग प्रयोग गरेर चित्र बनाउने परम्परा चलिसकेको थियो ।[१८०] मध्यकालका असंख्य हस्तलिखित ग्रन्थ, तथा सबै किसिमका चित्रहरूमा प्रयोग भएको सेतो, रातो, पहेंलो, नीलो, कालो आदि विविध रङ्गले नै पनि नेपालमा विभिन्नथरी रङ्गको उत्पादन हुन्थ्यो भन्ने कुरा स्पष्ट हुन्छ । किनकि तिनताका नेपालमा बाहिरबाट रङ्ग आउँदैनथ्यो । नेपालका त्यस युगका चित्र तथा ग्रन्थहरूमा प्रयोग भएको रङ्गको जुन टिकाउ र आकर्षकपन छ, अहिलेका रासायनीकरण गरेर बनाइएका विभिन्न तेल रङ्गहरूले पनि उक्त स्थान लिन सक्दैनन् ।

छालासम्बन्धी उत्पादन पनि मध्यकालको अर्को औद्योगिक व्यवसाय हो । यस विषयमा ऐतिहासिक सामग्रीहरूमा धेरै उल्लेख नपाइए तापनि जुनसुकै पुराना सभ्यताहरूमा छाला सम्बन्धी सामग्रीहरू खासगरी केही लाउनका निमित्त प्रयोग गर्ने, केही झोलाथैली साथसाथै छुरी, खुकुरी, तरबार आदिका खोल (दाप), बाजागाजा-ट्याम्को, ढोलक, दमाहा, नगरा, मादलहरूमा प्रयोग हुने, तोप, बन्दुक, पैसा साथै घोडाका जिन काठीसँग सम्बन्धित विभिन्न सामग्रीहरू छालाबाट पनि बन्दथे भन्ने कुरा सर्वविदितै छ। अझ बाजागाजामा प्रयोग हुने तथा घोडासँग सम्बन्धित सामग्रीहरू ता अनिवार्य रूपमा छालाकै हुने हुनाले यस कुरामा अझ पुष्टि मिल्दछ ।

स्थिति मल्लको व्यवस्थामा कुलु जातको जातीय वन्धेजमा छालाका कुपा बनाउने, छालाका थैली बनाउने, बाजा पेटाराको गोलाईमा छाला लगाउने आदि आफ्नो तोकिएको छालासम्बन्धी व्यवसाय गर्नू भन्ने उल्लेख परेको छ।[१८१]

अलौकिक थाङ्काहरू पनि यस अन्वेषणका अन्वेषकले देखेका कुरा यहाँ उल्लेखनीय छ ।

मध्यकालिक चित्रकलाको क्रममा भित्तेचित्र पनि उत्तिकै उल्लेखनीय छन् । बिक्री-वितरणका निमित्त उत्पादनका हिसाबले उल्लेखनीय नभए तापनि व्यवसाय तथा कला उद्यमका हिसाबले यी पनि उत्तिकै उल्लेखनीय छन् । नेपालका भित्तेचित्रहरू पनि मध्यकालको पूर्वार्द्धदेखि लिएर उत्तरार्द्धसम्मका केही हालसम्म पनि सुरक्षित छन् तर तिनको परिमाण अत्यन्त कम र अवस्था पनि धेरैजसोको राम्रो छैन । पनौतीको ब्रह्मायणी मन्दिर, भक्तपुर दरबार, पुजारीमठ, काठमाडौँको कुमारीघर, कीर्तिपुरको बागभैरव आदिमा रहेका मध्यकालिक नेपाली भित्तेचित्रहरू यस प्रसङ्गमा उल्लेखनीय छन् । नेपाली चित्रकारहरूले पश्चिम चीनको टुङ-हुवाङसम्म पुगेर त्यहाँका गुफाहरूमा भित्तेचित्र लेखेका थिए भन्ने जानकारी पनि पाइएको छ ।[१७३] पन्ध्रौं शताब्दीमा मुस्ताङको मैत्रेयको गोन्पामा लेखिएका भित्तेचित्रहरूमा नेपाली (काठमाडौँका) कलाकार ल्ह-ग (देव आनन्द) देव हुन् भन्ने कुरा स्थलगत अध्ययनबाट थाहा लागेको छ ।[१७४] यताबाट अर्थोपार्जनका हिसाबले भित्तेचित्र लेख्ने उद्यम पनि मध्यकालमा उत्तिकै महत्त्वपूर्ण रहेको देखिन्छ । तिब्बतका प्रसिद्ध गोन्पाहरूमा अन्य कलाकार कालिगढजस्तै भित्तेचित्र लेख्ने नेपाली कलाकारहरू पनि थिए । कपुचीन पादरी डेसीडेरी जस्ता विदेशीहरूले वर्णन गरेका तिब्बतमा कार्यरत असंख्य नेपाली कलाकारहरूमा भित्तेचित्र लेख्ने कलाकारहरू पनि पर्दथे भन्ने कुरामा कुनै शंका रहँदैन । सिल्वाँ लेभीले पनि यस विषयमा उल्लेख गरेका छन् ।[१७५] यसरी चित्रकलासम्बन्धी उद्यम पनि मध्यकालको एक महत्त्वपूर्ण र अर्थोपार्जनमूलक थियो भन्न सकिन्छ । मध्यकालका औद्योगिक परम्परामा रङ्गरोगन बनाउने व्यवसायलाई पनि उल्लेख गर्नुपर्ने हुन्छ । हुन त लेखनकला र चित्रकलासँग सम्बन्धित व्यवसायीहरूले नै रङ्गरोगन बनाउने काम पनि सँगसँगै गर्ने गर्दथे । हामीले विभिन्न रङ्गको प्रयोग गरेर कपडा रङ्गाउने (नीर आदि पाँचै रङ्ग), चित्रकारी गर्ने, सुन, चाँदीका तथा साधारण लाल तथा स्याहा मसीसमेत बनाई सुनौला, रूपौला तथा काला-राता अक्षरको प्रयोग गरेर ग्रन्थ लेख्ने परम्परासमेत भएबाट विभिन्न रङ्गको उत्पादन यहाँ हुन्थ्यो भन्ने कुरामा शंका रहँदैन । त्यसैले लेखनकला, चित्रकला तथा रङ्गरोगन उत्पादनकलालाई भिन्न व्यवसायको रूपमा उल्लेख गरिरहनु आवश्यक देखिँदैन ।

नेपालमा खयरको काठ, कटुसको पात, आँपको पात, अमलाका पात तथा मोसो आदिलाई रङ्ग बनाउन प्रयोग गरिएका उदाहरण पाइएका छन् । पर्सी ब्राउनले भारतमा एक प्रकारको बदाम डढाएर त्यसलाई गाईको गहुँतमा पकाएर बाक्लो मसी बनाइन्थ्यो भनेर उल्लेख गरेका छन् ।[१७६] प्राचीन

चित्रहरूको अध्ययन गर्दा नेपलमा अघिदेखि नै रङ्गरोगन साधारणतया तीन प्रकारबाट बनाइएको देखिन्छ । जस्तो- खनिज पदार्थबाट प्राप्त, रासायनिक मिसावट विधिबाट तथा वनस्पति-पातपतिङ्गर, जरा-बुटा, बोका आदिबाट ।[१७७] यसै प्रसङ्गमा नेपालबाट तिब्बत जाने कलाकार (चित्रकार) हरूले आफ्नो साथमा नेपालमै बनाइएका विभिन्न प्रकारका रङ्गरोगन पनि साथैमा लिएर जाने ऐतिहासिक परम्पराको चर्चा गर्नुपर्ने हुन्छ । नेपाली रङ्गलाई पछि तिब्बतका कलाकारहरूले पनि अत्यन्त उत्कृष्ट भनेर वर्णन गरेका र त्यहाँ नेपाली रङ्गको माग धेरै भएको जानकारी पनि पाइएको छ ।[१७८] तिब्बतमा पछिपछि भने ढुङ्गा र माटोको प्राकृतिक रङ्ग प्रयोग गरेर थाङ्का र देव्री (भित्तेचित्र) लेख्ने परम्परा अत्यन्त लोकप्रिय भएको देखिन्छ । पुराना-पुराना थाङ्का तथा देव्री (भित्तेचित्र) हरूमा यस्तो प्राकृतिक रङ्ग प्रयोग भएको अहिले पनि देख्न सकिन्छ । नेपाली रङ्गरोगनमा सेतो चुनढुंङ्गालाई पोलेर बनाइएको सेतो चुनरङ्ग अत्यन्त सफा दीगो र धेरै समयसम्म चम्किलो (उज्यालो) रहने भएबाट यस्तो नेपाली रङ्गको तारिफ भारत तथा तिब्बत दुवैतर्फ हुन्थ्यो ।[१७९]

प्राचीनकालदेखि नै यहाँ पञ्चरङ्ग प्रयोग गरेर चित्र बनाउने परम्परा चलिसकेको थियो ।[१८०] मध्यकालका असंख्य हस्तलिखित ग्रन्थ, तथा सबै किसिमका चित्रहरूमा प्रयोग भएको सेतो, रातो, पहेंलो, नीलो, कालो आदि विविध रङ्गले नै पनि नेपालमा विभिन्नथरी रङ्गको उत्पादन हुन्थ्यो भन्ने कुरा स्पष्ट हुन्छ । किनकि तिनताका नेपालमा बाहिरबाट रङ्ग आउँदैनथ्यो । नेपालका त्यस युगका चित्र तथा ग्रन्थहरूमा प्रयोग भएको रङ्गको जुन टिकाउ र आकर्षकपन छ, अहिलेका रासायनीकरण गरेर बनाइएका विभिन्न तेल रङ्गहरूले पनि उक्त स्थान लिन सक्दैनन् ।

छालासम्बन्धी उत्पादन पनि मध्यकालको अर्को औद्योगिक व्यवसाय हो । यस विषयमा ऐतिहासिक सामग्रीहरूमा धेरै उल्लेख नपाइए तापनि जुनसुकै पुराना सभ्यताहरूमा छाला सम्बन्धी सामग्रीहरू खासगरी केही लाउनका निमित्त प्रयोग गर्ने, केही झोलाथैली साथसाथै छुरी, खुकुरी, तरबार आदिका खोल (दाप), बाजागाजा-ट्याम्को, ढोलक, दमाहा, नगरा, मादलहरूमा प्रयोग हुने, तोप, बन्दुक, पैसा साथै घोडाका जिन काठीसँग सम्बन्धित विभिन्न सामग्रीहरू छालाबाट पनि बन्दथे भन्ने कुरा सर्वविदितै छ। अझ बाजागाजामा प्रयोग हुने तथा घोडासँग सम्बन्धित सामग्रीहरू ता अनिवार्य रूपमा छालाकै हुने हुनाले यस कुरामा अझ पुष्टि मिल्दछ ।

स्थिति मल्लको व्यवस्थामा कुलु जातको जातीय वन्धेजमा छालाका कुपा बनाउने, छालाका थैली बनाउने, बाजा पेटाराको गोलाईमा छाला लगाउने आदि आफ्नो तोकिएको छालासम्बन्धी व्यवसाय गर्नू भन्ने उल्लेख परेको छ।[१८१]

राइटको वंशावलीमा स्पष्टै चर्मकारको उल्लेख परेको छ ।[१८२] यसबाहेक उपत्यकाका आसपासका काठ तथा पहाडी इलाकाका वस्तीहरूमा छालाको व्यवसाय गर्ने (जुत्ता आदि बनाउने) सार्कीहरू पनि अवश्य थिए भन्न सकिन्छ। पुराना सभ्यताहरूमा छालाका मुद्राहरू पनि चल्दथे भन्ने संकेत भर्खरै गरियो। उपत्यकामा पनि छालाका मुद्राहरू प्रचलनमा भएको स्पष्ट जानकारी मिलेको छ। पाटनका राजा सिद्धिनरसिंहको छाप लागेका अग्र र पृष्ठ दुवै भागमा चित्र तथा अभिलेख समेत भएका छालाका मुद्रा पाइएका छन् ।[१८३] यताबाट मध्यकालमा छालासम्बन्धी उत्पादन पनि यहाँ हुन्थ्यो भन्ने बुझिन्छ। नेपालबाट भारतीय भूभागमा निकासी हुने वस्तुमा जनावरका छाला तथा छालाका सामान पनि पर्दथे ।[१८४]

मध्यकालका ऐतिहासिक सामग्रीहरूमा यहाँ मैनको उत्पादन र त्यसबाट विविध सामग्रीहरू बनेका उदाहरण पनि भेटिएका छन् । जस्तै, ने.सं. ५५१ मा भक्तपुरका थंछु ब्राह्मण छें भन्ने ठाउँमा बस्ने अनन्तजीव भारोले मैनको छाता बनाएर भगवानलाई चढाएका थिए भन्ने कुरा उक्त मितिको एउटा ठ्यासफूमा उल्लिखित छ ।[१८५] यस्तैगरी शाक्य भिक्षु हाकुजु भन्ने व्यक्तिले पनि मैनको छाता बनाई भगवानलाई चढाएको चर्चा ने.सं. ७५० को ठ्यासफूमा उल्लिखित छ ।[१८६] त्यसबखत यस्तो मैनका छाता तथा अन्य वस्तु बनाएर भगवानलाई चढाउने परम्परा नै चलेको थियो अरू स्रोतमा पनि ठाउँठाउँमा यस किसिमका चर्चा पाइन्छन् । दोलखा भेकमा मैनको उत्पादनपछि शाहकालसम्म नै चलिरहेका प्रमान प्राप्त छन् । आधुनिककालको पूर्वार्द्धको तिथिमिति मेटिएको एक लालमोहरमा (रुक्का) दोलखाका मानिसलाई मैनको ठेक्का दिएको स्पष्ट उल्लेख परेको छ र उक्त मोहरमा मैनसम्बन्धी परापूर्वदेखि चलिआएको व्यवस्था थाम्नुपर्ने र मैन तराईतर्फ नबेच्नू, उत्पादनमा अरू मिसावट नगर्नू भन्ने आदि निर्देशन दिइएको देखिन्छ ।[१८६]

नेपालमा उत्पादन हुने अन्य वस्तुमा कस्तूरी, जडिबुटी तथा आयुर्वेदिक औषधीहरू पनि पर्दछन् । कस्तूरी, जडिबुटीका निमित्त त नेपाल प्राचीनतम् युगदेखि नै प्रसिद्ध थियो । मध्यकालको पूर्वार्द्धका सामग्रीमा पनि नेपालका कस्तूरीको बयान गरिएको पाइन्छ भनेर माथि प्राकृतिक सम्पदा अन्तर्गत चर्चा गरिसकिएको छ। त्यसैगरी वन्य जडिबुटी तथा फलफूलका विषयमा पनि चर्चा त्यसै प्रसङ्गमा गरिएको छ । नेपालमा आयुर्वेदिक र अन्य परम्परागत चिकित्साको स्थान मध्यकालमा पनि महत्त्वपूर्ण थियो । त्यस युगमा यहाँ उक्त परम्पारलाई कायम राखी औषधोपचार गर्ने छुट्टै व्यवसायीको रूपमा वैद्यहरू हुन्थे । त्यतिमात्र नभएर मध्यकालमा चिकित्सासम्बन्धी ग्रन्थहरूलाई स्थानीय भाषामा अनुवादसमेत गरेर नयाँ चिकित्सासम्बन्धी ग्रन्थहरू बनेका थिए भन्ने

विषयमा माथि ग्रन्थलेखनअन्तर्गत चर्चा गरिसकिएको छ । स्थिति मल्लको व्यवस्थामा वैद्यको छुट्टै जात र व्यवसायको रूपमा बिरामीको रोग पत्ता लगाई औषधोपचार समेत गर्ने कामको जिम्मेवारी दिइएको देखिन्छ ।[१८८]

नेपालमा प्राचीनकालमा पनि आरोग्यशाला तथा चिकित्सकहरू हुन्थे तर त्यसबखतका अभिलेखमा वैद्यहरूको उल्लेख भने स्पष्ट रूपमा पाइएको छैन तर मध्यकालमा भने सुरुदेखि नै वैद्य कविराजहरूको उल्लेख पाइन्छ ।[१८९] ने.सं. १०३ को एक ताडपत्रमा पनि तपनाकरवर्मा भन्ने एक वैद्यको उल्लेख जग्गा धरौटी तथा ऋण लेनदेनको पत्र साक्षीको रूपमा परेको छ ।[१९०] औषधोपचारको उक्त प्राचीन तथा मध्यकालिक परम्परा नेपालमा अझै पनि चलिरहेकै छ ।

उपर्युक्त उत्पादन बाहेक पशुपालन व्यवसायलाई पनि उद्योगको रूपमा लिन सकिन्छ जसका विषयमा कृषिअन्तर्गत छुट्टै चर्चा गरिसकिएको छ । यसैगरी सुकुल, मान्द्रो, ढिकी, पिर्का, गुन्द्रीजस्ता वस्तु तथा डोरी-दाम्लो, डोको-डालो, नाम्लो, काम्लो, पराल र कपडा आदिका जुत्ताजस्ता दैनिक जीवनमा आवश्यक वस्तुको उत्पादन पनि यहाँ प्रशस्तै चलेको थियो । मध्यकालिक धरःपौ तथा ठ्यासफू जस्ता सामग्रीहरूमा यस्ता सामग्रीका विषयमा प्रशस्त उल्लेख पाइन्छ ।[१९१] जितामित्र मल्लको धरःपौमा कुलु जातले मान्द्रो बुन्ने काम गरेको उल्लेख छ ।[१९२] यस विषयमा केही मात्रामा कपुचीन पादरीहरूको विवरणबाट पनि बुझ्न सकिन्छ । पछिका ह्यामिल्टन आदिका विवरणमा पनि यस विषयमा केही चर्चा परेको छ । त्यतिमात्र नभएर सामाजिक व्यवहार र परम्पराको अध्ययनका आधारमा पनि मध्यकालिक समाजमा त्यस्ता सामग्रीहरू उपत्यकाको जनजीवनका महत्त्वपूर्ण आधार थिए भन्न सकिन्छ ।

यस किसिमले मध्यकाल परम्परागत औद्योगिक व्यवसायका दृष्टिले महत्त्वपूर्ण रहेको कुरा स्पष्ट हुन्छ । शीपको विकास र उत्पादनको अन्तर्राष्ट्रिय बजारसमेत राम्रो भएबाट औद्योगिक उत्पादनबाट देश र जनतालाई प्रशस्त फाइदा थियो । त्यसो भए तापनि विश्वको सभ्यता र विकासक्रमको तुलनामा हेर्ने हो भने चाहिँ यहाँको औद्योगिक विकासको गतिलाई त्यति धेरै राम्रो मान्न सकिन्न । किनकि यहाँ मल्लकालको अन्तिम युग हुँदासम्ममा त युरोप (बेलायत) मा राम्रैसँग यान्त्रीकरणको थालनी अर्थात् औद्योगिक क्रान्ति नै सुरु भइसकेको थियो तर यहाँ भने त्यसको संकेतसम्म पनि थिएन । त्यसैले समायानुकूल आफ्नो पहिलेको उच्च स्थान कायम गर्ने कुनै नयाँ चेष्टाहरू चालिएका थिएनन् । अर्को शब्दमा भन्ने हो भने ज्ञान, विज्ञान, कला, शिल्प आदि कुरामा प्राचीन, पूर्वमध्य र मल्लकालको केही शताब्दीसम्म भएका परम्परागत प्रगतिका कारण मात्र नेपालको अन्तर्राष्ट्रिय ख्याति र आर्थिक समृद्धि कायम थियो । त्यसमा समयानुकूल मेहेनत, नयाँ, सरल र कम खर्चका

सीप र प्रविधिको खोजीको अभावजस्ता कारणले क्रमशः गिर्न थालेको र अझै गिर्ने कुरा अवश्यम्भावी थियो । नभन्दै प्राचीन र मध्यकालमा जस्तो नेपाली औद्योगिक उत्पादनले बाह्य बजार लिन भविष्यमा कहिल्यै पनि सकेन ।

टिप्पणी

१. रमेश ढुङ्गेल, *प्राचीन अर्थव्यवस्था,* काठमाडौंः शारदाप्रसाद उपाध्याय, वि.सं. २०४४, पृ. १५१-१६८।
२. धनवज्र वज्राचार्य, *मध्यकालका अभिलेख,* दोस्रो खण्ड, अप्रकाशित प्रतिवेदन, नेपाल र एशियाली अनुसन्धान केन्द्र (ने.सं. ६८९ को) ।
३. रमेश ढुङ्गेल, *पूर्ववत्* सख्या १, पृ. ३५-३७ ।
४. रमेश ढुङ्गेल, *त्यही,* पृ. १५७ ।
५. देवीप्रसाद लम्साल, *भाषावंशावली-२,* काठमाडौंः नेपाल राष्ट्रिय पुस्तकालय, २०३३, पृ. ४१, ४७ ।
६. धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ, *दोलखाको ऐतिहासिक रूपरेखा,* काठमाडौंः ने.ए.अ.सं., त्रि.वि.वि., वि.सं. २०३१, पृ. १५०, सामग्री संख्या २७ को पत्र ।
७. *त्यही,* पृ. १७७, सामग्री संख्या ७२ को पत्र ।
८. विलियम कर्कप्याट्रिक, *यान् एकाउन्ट् अफ् द किङ्गडम् अफ् नेपाल,* पृ. १३४ ।
९. तुलसीराम वैद्य, (संपा.), *पृथ्वीनारायण शाह र रणजित मल्लकालिक कागतपत्र,* काठमाडौंः नेपाल र एशियाली अध्ययन संस्थान, वि.सं. २०२८, पृ. १०-११, २५, ५३, ९५ आदि ।
१०. वैद्य, *त्यही,* पृ. ११ र
११. *त्यही,* पृ. ११। ८३ आदि ।
१२. *त्यही,* पृ. ९०, ९८, १०१ ।
१३. *त्यही,* पृ. ९८ । (भक्तपुर दरबारका सामग्रीको सूची रूपको यस ऐतिहासिक कागजका संपादक तुलसीराम वैद्यले चाँगा, पाँगा भन्ने उल्लेखलाई (ठाउँका नामको संज्ञा भनेर व्याख्या गरेको देखिन्छ । (त्यही, भूमिक) तर चाँगा-पाँगा भनेको ऊनसँग सम्बन्धित कपडा भएको कुरा स्पष्ट नै छ ।) ।
१४. तुलसीराम वैद्य, "ठिमीबाट प्राप्त ऐतिहासिक पत्र" *भ्वाइस अफ हिष्ट्री,* भोल ८, नं. १ (डिसेम्बर १९८२) पृ. ३१-६० ।
१५. राष्ट्रिय इतिहास लेखनको क्रममा ने.ए.अ. केन्द्र त्रि. वि.वि. का निमित्त राष्ट्रिय अभिलेखालयबाट संकलित मल्लकालीन विभिन्न धरःपौहरु ।
१६. लंसाल, *पूर्ववत्* संख्या ५. पृ. ४६ ।
१७. हेमराज शाक्य र तुलसीराम वैद्य (संपा.) *मेडिएवल नेपाल,* काठमाडौंः तुलसीराम वैद्य, ई. १९७०, पृ. ५० ।
१८. डि.आर. रेग्मी, *मेडिएवल नेपाल* पार्ट टू, कलकत्ताः के.एल. मुखोपाध्याय, पृ. ५२७ । "... Nepal produced its own cotton, span its own thread and wove the cloth required.."
१९. शाक्य र वैद्य, *पूर्ववत्* संख्या १७, पृ. ५० ।
२०. लंसाल, *पूर्ववत्* संख्या ५, पृ. ४६-४७ ।

२१. नरहरिनाथ योगी, (संपा.) *दिव्य उपदेश,* वाराणसी: योगप्रचारिणी महासभा, गोरक्षटिल्ला, वि.सं. २०१६, पृ. २२।
२२. योगी, *त्यही*।
२३. वैद्य, *पूर्ववत्* संख्या ९, पृ. २४, २५, ५३, ५५, ५८,९९, १०१, ११७, ११८ आदि)।
२४. कर्कप्याट्रिक, *पूर्ववत्* संख्या ८, पृ. २०९-२१०।
२५. रेग्मी, *पूर्ववत्* संख्या १८, पृ. ५२७।
२६. चुन्दा वज्राचार्यद्वारा नेपाल र एशियाली अनुसन्धान केन्द्रमा सङ्कलित मल्लकालीन धरःपौहरु।
२७. डेनियल राइट, *हिष्ट्री अफ् नेपाल,* पृ. १८५-१८७। लुशियानो पटेक, *मेडिएवल हिष्ट्री अफ नेपाल,* पृ. १८२।
२८. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्* संख्या ६, पृ. १४०-१५२, सामग्री संख्या २७, २८ का पत्रहरू।
२९. ... हामीले च्याँगा पाँगालाई तिन सहर नेपाल नौलाष किरायत हिन्दुपतिको राजा आर्ज्यथयउ. देशका कपरा वन्न जान्यालाई नमना नमना देषाई सघाउनु र वन्न लाउनु र यस्व भया नगद विदेश जाँदैन.." श्री ५ को सरकार पुरत्व विभागद्वारा प्रकाशित, *श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको दिव्य उपदेश,* पृ. ११।
३०. *त्यही,* पृ. १०।
३१. वैद्य, *पूर्ववत्* संख्या ९।
३२. पिललिप्पो ड फिलेप्पी (संपा.) *फादर ईपोलिटो डेसिडेरी अकाउन्ट अफ द किङ्डम अफ टिबेट,* ई. १९३१, पृ. ३१२। रेग्मी, *पूर्ववत्* संख्या १८, पृ. १०१०।
३३. वैद्य, *पूर्ववत्* संख्या ९।
३४. ढुङ्गेल, *पूर्ववत्* संख्या १, पृ. १५२-५६।
३५. राइट, *पूर्ववत्* संख्या २७, पृ. १८५, ८६। सिल्वां लेभी, *दि नेपाल* पहिलो भाग, पृ. २३२-३६। पेटेक, *पूर्ववत्* संख्या २७, पृ. १८२। लंसाल, *पूर्ववत्* संख्या ५, पृ. ४४-४९। वर्नहार्ड कुल्वर र हेमराज शाक्य, *डकुमेन्टस फ्रम रुद्रवर्ण महाविहार,* जर्मनी: भि.जि. एच. डब्ल्यू एस. ए. १९८५ पृ. ९३।
३६. लंसाल, *पूर्ववत्* संख्या ५, पृ. ४४-४९।
३७. पेटेक, *पूर्ववत्* संख्या २७, पृ. ५०।
३८. कुल्भर र शाक्य, *पूर्ववत्* संख्या ३५, पृ. ९३।
३९. पेटेक, *पूर्ववत्* संख्या २७, पृ. ५०।
४०. लंसाल, *पूर्ववत्* संख्या ५, पृ. ४८-४९।
४१. धनवज्र वज्राचार्य, *मध्यकालका अभिलेख,* पहिलो खण्ड, अप्रकाशित प्रतिवेदन, नेपाल र एशियाली अनुसन्धान केन्द्र।
४२. कुल्भर र शाक्य, *पूर्ववत्* संख्या ३५, पृ. ९३।
४३. लंसाल, *पूर्ववत्* संख्या ५, पृ. ४८।
४४. लंसाल, *त्यही*।
४५. कुल्भर र शाक्य, *पूर्ववत्* संख्या ३५, ने.सं. ७३४ को ताडपत्र।
४६. लंसाल, *पूर्ववत्* संख्या ५, पृ. ४९।
४७. राइट, *पूर्ववत्* संख्या २७, पृ. १८५-८६।
४८. लंसाल, *पूर्ववत्* संख्या ५, पृ.४८।

४९. कुल्भर र शाक्य, *पूर्ववत्* संख्या ३५, ने.सं. ७८२ को ताडपत्र ।
५०. डि. आर. रेग्मी, *मेडिएवल नेपाल*, भाग १, कलकत्ता: के.एल. मुखोपाध्याय, पृ. ५३८ ।
५१. कुल्भर र शाक्य *पूर्ववत्* संख्या ३५, पृ. ९३ ।
५२. *गोपालराजवंशावली*, पत्रसंख्या २५ ।
५३. धनवज्र वज्राचार्य, "मध्यकालका सुरुका केही अभिलेख" *कन्ट्रिब्यूसन्स् टू नेपलीज स्टडिज*, वर्ष ५ अंक १, १०४-१०५ ।
५४. मेरी, एस. स्लसंर "अन् द एन्टिक्विटि अफ् नेपलिज् मेटल् काफ्ट" *आर्काइभ्स अफ् एशियन् आर्ट*, सं. २९, ई. १९७५-७६, पृ. ८५ ।
५५. *गोपालवंशावली*, पत्रसंख्या २४ ।
५६. *त्यही*, पत्रसंख्या २५ ।
५७. *त्यही*, पत्रसंख्या २६ ।
५८. धनवज्र वज्राचार्य, *लिच्छविकालका अभिलेख*, काठमाडौं: नेपाल र एशियाली अध्ययन संस्थान, वि.सं. २०३०, पृ. ३१७ ।
५९. *गोपालवंशावली*, पत्रसंख्या २६ ।
६०. *त्यही*, पत्रसंख्या २६-२७ ।
६१. *त्यही*, पत्रसंख्या ६१ ।
६२. धनवज्र वज्राचार्य, *मध्यकालका अभिलेख*, पहिलो खण्ड, अप्रकाशित नेपाल र एशियाली अनुसन्धान केन्द्रमा बुझाएको प्रतिवेदन ।
६३. योगी, *पूर्ववत्*, संख्या २१, पृ. २२-२३ ।
६४. सत्यमोहन जोशी, *कलाकार अरनिको*, काठमाडौं: विजय गजानन्द वैद्य, वि.सं. २०४४, पृ. ९-१० र १०० ।
६५. जोशी, *त्यही*, पृ. १००-१०१ ।
६६. *त्यही*, पृ. १० ।
६७. जुसेप टुची, *प्रिलिमिनरी स्टडिज अन टु सायन्टिफिक एक्सपिडिशन इन नेपाल*, रोम: आइ.एस.एम.ई. ओ., ई. १९५६, पृ. ६१-६२ ।
६८. जुसेप टुची, *ट्रान्स हिमालय*, न्यू दिल्ली: विकास पब्लिसिङ् हाउस, ई. १९७३, पृ.१८३ ।
६९. हेमराज शाक्य, "पूज्य गुरु धर्मदित्य धर्माचार्यजु नाप बौद्ध कला अनुसन्धान", *सितु*, वर्ष १ अंक ३, पृ. ९३ ।
७०. पूर्ववत्, संख्या १७, पृ. ६५,६६ ।
७१. रमेश ढुङ्गेल, मुस्ताङ अनुसन्धान परियोजनाको इतिहास विषयक प्रतिवेदन, नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि.वि.वि., सामग्री संख्या १७ ।
७२. *त्यही*, सामग्री संख्या १६ ।
७३. रेग्मी, *पूर्ववत्*, संख्या १८, पृ. ५२९ ।
७४. *त्यही* ।
७५. "These Newars are active, intelligent, and very industrious, clever at engraving and melting metal..." Fillippo De Filippi (ed.) *Father Ippolito Desideri Account of the Kingdom of Tibet* BK IV, Chapt. II, pp. 314-150 (Kingdom of Nepal). रेग्मी, *त्यही*, पृ. १००९ ।
७६. कर्कप्याट्रिक, *पूर्ववत्*, संख्या ८, पृ. २०९-२१० ।

७७. सत्यमोहन जोशी, *नेपाली धातुमूर्तिको विकासक्रम*, काठमाडौँ: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि.सं. २०३५।

७८. *त्यही*, पृ. ५९-६०।

७९. स्लसर, *पूर्ववत्*, संख्या ५४, पृ.८४-८५ (हाल उक्त मूर्ति ज्याकजिमरम्यान यू.एस. ए. को संग्रहमा रहेको छ)।

८०. शङ्करमान राजवंशी, 'मानचन्द्र शाक्यको ताम्रपत्र र त्यसको ऐतिहासिक व्याख्या', *पूर्णिमा*, पूर्णाङ्क ४, पृ. ५५-५७।

८१. *त्यही*, र जोशी *पूर्ववत्*, संख्या ७७, पृ. २५-२६।

८२. *इतिहास संशोधनको प्रमान प्रमेय*, पृ. ६१।

८३. वैद्य, *पूर्ववत्*, संख्या ९, पृ. ६१।

८४. मेरी सेफर्ड स्लसर, *नेपाल मण्डल*, प्रिन्सट्न: प्रिन्सट्न युनिभर्सिटी प्रेस, ई. १९८२, पृ. ४८५-८६ र डि.आर. रेग्मी, *मेडिएवल नेपाल-३*, कलकत्ता: के. एल, मुखोपाध्याय, पृ. ११, जोन के. लक, *बुद्धिष्ट मनास्टिज अफ नेपाल*, काठमाडौँ: सहयोगी प्रेस प्रा.लि., ई. १९८५, पृ. ४९५।

८५. यी मूर्तिहरू यसै अन्वेषणको सन्दर्भमा दोलखाको स्थलगत भ्रमणमा जाँदा अध्ययन गरिएका हुन् र यी सबै मूर्तिका अभिलेखका प्रतिलिपि अन्वेषकको संग्रहमा छन्।

८६. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्*, संख्या ६, पृ.९०-९२।

८७. *त्यही*, पृ. ५९ र ३ संख्याको ठ्यासफू।

८८. *त्यही*, ३३ संख्याको पत्र।

८९. *त्यही*, पृ. ५९।

९०. *त्यही*।

९१. ढुङ्गेल, *पूर्ववत्*, संख्या १, पृ.२५१-५५।

९२. *त्यही*।

९३. *त्यही*।

९४. *गोपालराजवंशावली*, पत्रसंख्या २४, (मूल गो.वं.)। *गोपालरजवंशावली*, पत्रसंख्या ५, (केशर पुस्तकालयमा प्राप्त वंशावली) "पूर्वं दंमव्यवहार नास्ति, सुवर्णरक्तिका स्तव्य, स्वश्रीसिंहाकृतरूपं दंमकृत व्यवहार, सुवर्णमयी श्री (शि) वस्याकृति शिवकाङ्क कृत्य, केशर वंशावली- पृ. ५ "पूर्व्व द्रम्म व्यवहार नास्तिः सुवर्णारक्तिकास्त व्यवर्तते। स्वसिंहाकृति रूप्यद्रम्म व्यवहाराकृता। सुवर्णमयी श्री शिवस्यांकृति शिवकाङ्क कृत्य"- मूल *गोपालराजवंशावली* पत्र २४।

९५. *गोपालराजवंशावली*, पत्रसंख्या २६।

९६. *गोपालराजवंशावली*, त्यही।

९७. ढुङ्गेल, *पूर्ववत्* संख्या १, पृ. २२२।

९८. *त्यही*, पृ. २२१।

९९. लंसाल, *पूर्ववत्*, संख्या ५, पृ. ५२ "यहाँपछि यिन राजा रत्नमल्लले प्रजाहरू हातमा ली तामाखानीबाट तामा मगाई छाप बनाई अधिका सिंहछाप गरी पैसाका चलन नेपालमा चलाया" कर्कप्याट्रिक, *पूर्ववत्*, संख्या ८, पृ. ६२।

१००. ढुङ्गेल, पूर्ववत् संख्या १, पृ. २२३-२४।

१०१. रेग्मी, *पूर्ववत्*, संख्या १८, पृ. ५३४-३५।

१०२. *त्यही*।

१०३. वैद्य, *पूर्ववत्,* संख्या ९, पृ. भूमिकाका 'ढ-ण' पृष्ठ र मूल सामग्रीका धेरै पृष्ठहरू ।
१०४. सत्यमोहन जोशी, *नेपाली राष्ट्रिय मुद्रा,* द्वितीय संस्करण, काठमाडौं: साझा प्रकाशन, वि.सं. २०४२, पृ. २० ।
१०५. *त्यही ।*
१०६. महेशराज पन्त र ऐश्वर्यधर शर्मा, *द टू अर्लिएष्ट कपर प्लेट इन्स्कृप्सन्स फ्रम नेपाल,* काठमाडौं: नेपाल रिसर्च सेन्टर, ई. १९७७ ।
१०७. रेग्मी, *पूर्ववत्,* संख्या १८, पृ. ५२९ ।
१०८. वैद्य, *पूर्ववत्,* संख्या ९, भूमिकाका पृष्ठ ट-ठ र मूल सूचीका विभिन्न पत्रहरू । खासगरी पृ. ३१-३३, ४४-४६ ।
१०९. *त्यही,* पृ. ७१ आदि ।
११०. ढुङ्गेल, *पूर्ववत्* संख्या १, पृ. १९६ ।
१११. वैद्य, *पूर्ववत्,* संख्या ९, पृ.३१, ३४, ४६, ५२ आदि ।
११२. *त्यही,* पृ. ३१-३३ ।
११३. रेग्मी, *पूर्ववत्,* संख्या १८, पृ.... ।
११४. *गोपालराजवंशावली,* पत्रसंख्या ५०, ६० आदि ।
११५. दिनेश राज पन्त, *गोरखाको इतिहास,* काठमाडौं : लेखक स्वयं ।
११६. वैद्य, *पूर्ववत्,* संख्या ९ ।
११७. रणजितमल्लको विवाहको धर:पौ तथा जितामित्र मल्लको धर:पौ ।
११८. वैद्य, *पूर्ववत्* संख्या ९ ।
११९. चुन्दा वज्राचार्यद्वारा संकलित जितामित्र मल्लको धर:पौ पत्रसंख्या २८४ क (हाल नेपाल र एशियाली अनुसन्धान केन्द्रमा संकलित प्रतिलिपिबाट) ।
१२०. धनवज्र वज्राचार्य, *लिच्छविकालका अभिलेख,* पृ. ३०९-१४ । र ढुङ्गेल, *पूर्ववत् संख्या १,* पृ. १५३-१५४ ।
१२१. धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ, *नुवाकोटको ऐतिहासिक रुपरेखा,* पृ. १०२-१०३ तथा त्यसैका ४०, ४५, ६४ संख्याको पत्रहरू ।
१२२. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्* संख्या ६, पृ. ५९ र ऐतिहासिक सामग्री पत्रसंख्या ७२ ।
१२३. *त्यही* सामग्री संख्या २९ ।
१२४. *त्यही,* पत्रसंख्या ९८ ।
१२५. *त्यही,* पृ. १३६ पत्रसंख्या ६, पृ. १३६ पत्रसंख्या ६, पृ. १४३- पत्रसंख्या १६, पृ. १५२, पत्रसंख्या २९ ।
१२६. *त्यही,* पृ. ६० १५२ ।
१२७. *त्यही,* पृ. ६० ।
१२८. रणजितमल्लको विवाहको धर:पौ पत्रसंख्या ११८ ख ।
१२९. कर्कप्याट्रिक, *पूर्ववत्,* संख्या ८, पृ. ६२ । लंसाल, *पूर्ववत्,* संख्या ५ पृ. ५२ ।
१३०. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्,* संख्या १२१, पृ. ११० सामग्री संख्या ८८ को पत्र ।
१३१. *श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायण शाहको दिव्योपदेश,* श्री ५ को सरकार शिक्षा मन्त्रालय, पुरातत्व विभागद्वारा प्रकाशित, पृ. १४ ।
१३२. कर्कप्याट्रिक, *पूर्ववत्,* संख्या ८, पृ. १७७ ।
१३३. *त्यही* ।
१३४. वैद्य, *पूर्ववत्* संख्या ९, पृ. ७१ ।

१३५. ढुङ्गेल, *पूर्ववत्*, संख्या १, पृ. १६१, १६६ ।
१३६. *गोपालराजवंशावली*, पत्रसंख्या २५ ।
१३७. रेग्मी, *पूर्ववत्*, संख्या १८, पृ. ५२९ ।
१३८. कर्कप्याट्रिक, *पूर्ववत्*, संख्या ८, पृ. ।
१३९. गौतमवज्र वज्राचार्य, *हनुमानढोका राजदरबार*, काठमाडौँ: नेपाल र एशियाली अनुसन्धान संस्थान, वि.सं. २०३३, पृ. ४८-४९ ।
१४०. लंसाल, *पूर्ववत्* संख्या ५, पृ. ४८ ।
१४१. योगी, *पूर्ववत्*, संख्या २१, पृ. २२ ।
१४२. चुन्दा वज्राचार्यद्वारा संकलित ऐतिहासिक सामग्री धर: पौ (नेपाल र एशियाली अनुसन्धान केन्द्रमा बुझाएको प्रतिवेदन), पृ. ५४ ।
१४३. ढुङ्गेल, *पूर्ववत्*, संख्या १, पृ. १६२ ।
१४४. कुल्भर र शाक्य, *पूर्ववत्*, संख्या ३५, पृ. १२६ ।
१४५. लंसाल, *पूर्ववत* संख्या ५, पृ. ४१, ४७ ।
१४६. *गोपालराजवंशावली*, पत्रसंख्या ५६ ।
१४७. डि.आर. रेग्मी, *पूर्ववत्*, संख्या १८, पृ. ४९४ ।
१४८. हेर्नुहोस्, जितामित्र मल्ल र रणजित मल्ल आदिका अभिलेखालय स्थित धर:पौहरू ।
१४९. रेग्मी, *पूर्ववत्*, संख्या १८ पृ. ४९६ ।
१५०. *त्यही*, पृ. ४९४ ।
१५१. एफ. वि. ह्यामिल्टन, *यान एकाउन्ट अफ् द किङ्डम अफ् नेपाल* पुनर्मुद्रण, न्यू दिल्ली: एशियन एडुकेसन सर्भिस, पृ. २२१-२२ ।
१५२. ढुङ्गेल, *पूर्ववत्* संख्या १, पृ. १६४ ।
१५३. लैनसिंह वाङ्गदेल, *प्राचीन नेपाली चित्रकला*, काठमाडौँ: ने.रा.प्र.प्र., २०३४, पृ. ६७ ।
१५४. कर्कप्याट्रिक, *पूर्ववत्*, संख्या ८, पृ. २०९-१० ।
१५५. वज्राचार्य, श्रेष्ठ, *पूर्ववत्*, संख्या ६, पृ. ६० र ऐतिहासिक सामग्री, ७२ सख्याको पत्र ।
१५६. सूर्यविक्रम ज्ञवाली, *नेपाल उपत्यकाको मध्यकालीन इतिहास*, काठमाडौँ: रायल नेपाल एकेडमी, वि.सं. २०१९, पृ. २८४-८५ ।
१५७. पेटेक, *पूर्ववत्* संख्या २७ का विविध पृष्ठहरू ।
१५८. रेग्मी, *पूर्ववत्*, संख्या १८, पृ. ८३५-८३९ ।
१५९. *त्यही*, पृ. ८४०-८५४ ।
१६०. लंसाल, *पूर्ववत्*, संख्या ५, पृ. ४९ । राइट, *पूर्ववत्*, पृ. १८५, शंकरमान राजवंशी, *भूमिसम्बन्धी तमसुक ताडपत्र*, काठमाडौँ: राष्ट्रिय अभिलेखालय, विभिन्न ताडपत्रहरू, जस्तै संख्या २ को पृ. १-७ संख्या १ को पृ. ३-१६, संख्या ४ को पृ. २-२३, ३३, ३६ आदि ।
१६१. डि.आर. रेग्मी, *पूर्ववत्*, संख्या ५०, पृ. ५३८ ।
१६२. पेटेक, *पूर्ववत्*, संख्या २७, पृ. ३३ ।
१६३. कुल्भर र शाक्य, *पूर्ववत्*, संख्या ३५, पृ. १२६, ने.सं. ३१० को ताडपत्र ।
१६४. लंसाल, *पूर्ववत्*, संख्या ५, पृ. ४९ ।
१६५. राइट, *पूर्ववत्*, संख्या ५, पृ. १८६ । लंसाल, *पूर्ववत्*, संख्या ५, पृ. ४६ ।
१६६. *पूर्ववत्*, संख्या १५३, पृ. १९,२० ।
१६७. *त्यही*, पृ. २८-३७ ।

१६८. *त्यही,* पृ. ४४, ४८ ।
१६९. *त्यही,* पृ. ४५, ४८ ।
१७०. *त्यही,* पृ. ४६ ।
१७१. *त्यही,* पृ. ५६ ।
१७२. *त्यही,* पृ. ५९ ।
१७३. *त्यही,* पृ. ४२ ।
१७४. रमेश ढुङ्गेल, नेपाल र एशियाली अनुसन्धान केन्द्रमा वुझाएको मुस्ताङको इतिहासको प्रतिवेदन(अप्रकाशित) सामग्री संख्या १७ ।
१७५. सिल्वाँ लेभी, *ल नेपाल,* भोल टू, पृ. १७९ ।
१७६. पि. ब्राउन, *पिक्चरस्क्यू नेपाल,* लण्डन, १९१२ ।
१७७. वाङ्गदेल, *पूर्ववत्,* संख्या १५३, पृ. ७२ ।
१७८. *त्यही,* पृ. ७२ ।
१७९. *त्यही,* पृ. ७२-७३ ।
१८०. ढुङ्गेल, *पूर्ववत्,* संख्या १, पृ. १६३ ।
१८१. लंसाल, *पूर्ववत्,* संख्या ५, पृ. ४५ ।
१८२. डेनियल राइट, *पूर्ववत्,* संख्या २७, पृ. १८६ । सिल्वाँ लेभी, *पूर्ववत्,* संख्या १७५, पृ. २३६ । पेटेक, *पूर्ववत्,* संख्या २७, पृ. १८३ ।
१८३. ढुङ्गेल, *पूर्ववत्,* संख्या १, चित्रफलक संख्या ७ ।
१८४. रेग्मी, *पूर्ववत्,* संख्या ५०, पृ. ५३७ ।
१८५. हेमराज शाक्य र तुलसीराम वैद्य, *पूर्ववत्,* संख्या १७, कोलोफोन संख्या १४, पृ. २८ ।
१८६. *त्यही,* कोलोफोन संख्या १७, पृ. ३६ ।
१८७. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्,* संख्या ६, पृ. १७२, सामग्री संख्या ६२ को पत्र ।
१८८. लंसाल, *पूर्ववत्,* संख्या ५, पृ. ४८ ।
१८९. वज्राचार्य, *पूर्ववत्,* संख्या १२०, पृ. ५९९ ।
१९०. कुल्भर र शाक्य, *पूर्ववत्,* पृ. १८७ तथा *जितामित्र मल्लकालीन धरः पौ,* पौ. ल्या. २९३ ख आदि ।
१९१. उदाहरणार्थ जितामित्र मल्लको धरःपौ, रणजित मल्लको विवाहको धरःपौ आदि हेर्नुहोस् ।
१९२. चुन्दा वज्राचार्यद्वारा नेपाल र एशियाली अनुसन्धान केन्द्रमा संकलित जितामित्र मल्लको धरः पौ-१, पृ. २१ ।

परिच्छेद पाँच : श्रमशक्ति तथा पेशेवर वर्ग

विभिन्न पेशाका व्यवसायीहरु

ज्याला मजदूरी

झारा तथा वेठ–वेगार

दास प्रथा

परिच्छेद पाँच
श्रमशक्ति तथा पेशेवर वर्ग

मध्यकालमा श्रमशक्तिको उपयोग कसरी गरिएको थियो, उनीहरूको कस्तो अवस्था थियो भन्ने जस्ता कुरामा वास्तविक जानकारी दिने सामग्रीको अभाव नै छ । उच्च सामन्तवर्ग, मध्यमवर्ग र वास्तविक तल्लो श्रमिक वर्गको जनसंख्याको खास वितरण कस्तो र कति थियो भन्ने विषयमा पनि स्रोतसामग्रीले सांकेतिक कुरो मात्र बताउँछ । आधुनिक यान्त्रीकरण अर्थात्, औद्योगिक क्रान्तिपछि आएको विश्वको आर्थिक परिवर्तन तथा सामन्त व्यवस्थाबाट पूँजीवादी व्यवस्थातर्फ विश्वले पाइला चाल्न थालेपछि यूरोपका सानासाना कृषकहरू विशेष औद्योगिक मजदुर बन्नुपरेझैं घरवारविहीन श्रमिक मजदुरहरू भने हामीकहाँ अवश्य थिएनन् । यसको महत्त्वपूर्ण कारण के थियो भने नेपालमा कुनै क्रान्तिकै रूपमा औद्योगिकीकरण भएको थिएन । यहाँ त परम्परागत रूपमा पारिवारिक पेशागत व्यवसायको रूपमा घरेलु उद्योगधन्दा-हरू चलाउने, शिल्पी व्यवसायीहरू पो थिए । यस्ता व्यवसायीहरूसँग पनि अनिवार्य रूपमा आफ्नो वार्षिक उपभोगका निमित्त आवश्यक परिमाणको उत्पादन हुने जग्गाजमिन हुन्थ्यो र खेती पनि गर्दथे । कतिपय देशवासीले त औद्योगिक उत्पादनको कामलाई 'ला-ज्या' (फुर्सत् अनुरूप काम गर्ने) को रूपमा मान्ने गर्दथे । त्यसैले औद्योगिक युगको जस्तो अर्को छुट्टै मजदुर र श्रमिक वर्ग यहाँ थिएन ।

यसो भए तापनि यहाँ अधिकांश मध्यमवर्गीय जनता पेशेवार उत्पादन पेशामा संलग्न थिए । त्यसैगरी समाजमा दास, अर्द्धबास तथा अर्काका जग्गाजमिन, विर्ता आदिमा बस्ने 'प्रजावर्ग' भने अवस्य थिए । त्यस्तै गरेर समाजमा वेठवेगार, झाराजस्ता विना पारिश्रमिक श्रमदान गर्नुपर्ने परमपरा अत्यन्त व्यापक रूपमा चलेको थियो । कहीँकहीँ उपयोगी जनावरको मूल्य मजदूरी गर्ने मानिसको भन्दा बढी भएको, साधारण दोष गर्ने दासदासीलाई घरबाट निकालेर समाजले नै स्वीकार्न गाह्रो भएको जस्ता घटनाको उल्लेख पाइएबाट भने मानवशक्तिको अधिकतम् उपयोग नभई शोषण गर्ने परिपाटी पनि भएको देखिन्छ तापनि कहिलेकाहीँ यस्तो दास वा अर्द्धदासको जीवनयापन गर्न अर्काका जग्गामा बस्ने (प्रजा) आदिलाई माया, दया र सद्भावनापूर्वक

हेरिएका उदाहरण पनि नपाइएका चाहिँ होइनन् । शिल्पी व्यवसायीदेखि लिएर तल्लो वर्ग मानिने नाउ, डोम, पोडे, कसाई, संघटजस्ता जात तथा अन्य सबै वर्गको पेशागत जीविकोपार्जनको व्यवस्था सुरक्षित गरेर समाजको स्थिति कायम गरिएको देखिनाले मध्यकालमा श्रमको विभाजन सँगसँगै पेशागत विशिष्टीकरण अवश्य भएको थियो भन्न करै लाग्दछ । त्यसै युगका सामाजिक मूल्य र मान्यताअनुरूप हेर्दा श्रमशक्ति तथा पेशेवारवर्गका हितलाई शासकहरूको तर्फबाट पटक्कै ध्यान पुऱ्याइएको थिएन भन्न मिल्दैन ।

यस अध्ययनको क्रममा माथि उल्लेख गरिएअनुरूप पेशागत व्यवसायी ज्यालामजदूरी, झारा, बेठवेगार व्यवस्था तथा दासप्रथाका बारेमा क्रमशः यहाँ चर्चा गर्नु परेको छ ।

५.१. विभिन्न व्यवसायी पेशेवरवर्ग

मध्यकालिक समाजमा विभिन्न व्यवसाय अपनाई आफ्नो जीविका तथा देशसेवा गर्ने अनेक पेशेवर वर्गहरू थिए । यस विषयमा केही चर्चा त माथि औद्योगिक परम्पराअन्तर्गत पनि गरिसकिएको छ । मध्यकालको पूर्वार्द्धकालका सामग्रीहरू नै पनि वर्द्धक (सिंकर्मी) (ने.सं. ३०४ को ताडपत्रमा), वैद्य (ने.सं. १०३ को ताडपत्र), मध्यक (नाउ) (ने.सं. १०३ को ताडपत्र), रज्जक (धोवी) (ने.सं. १९३ को ताडपत्र), थपित (कर्मी) (ने.सं. ३०४ को ताडपत्र), तुलाधारी (ने.सं. ३०४ को ताडपत्र) तथा पण्डित, ब्राह्मण, अमात्य, वैश्य आदिको पनि उल्लेख पाइएको छ ।[1] यसैगरी सुवर्णकार, शिल्पी विश्वकर्मा आदिको पनि मध्यकालको पूर्वार्द्धदेखि नै उल्लेख पाइएको चर्चा माथि औद्योगिक परम्पराअन्तर्गत सप्रमान गरियो । मध्यकालमा पछि माथि उल्लिखित बाहेक तक्षकार, ताम्रकार वा ताम्बकार, प्रजापति, ल्वाक, वंदे साहो (साहु व्यापारी) आदि पेशेवर वर्गहरू पनि देखिए, जसको उल्लेख पनि ताडपत्रहरूमा पाइएको छ ।[2] त्यस्तै श्रीवास्तव वा कायस्थ, कर्मकारजस्ता पेशेवर वर्गको पनि मध्यकालको पूर्वार्द्धदेखि नै उल्लेख पाइएको छ ।[3] मल्लकालका ऐतिहासिक धरःपौ आदि सामग्रीको अध्ययनबाट पनि यहाँको पेशेवर जातिका बारेमा धेरै नै जानकारी पाइन्छ । वंशावलीहरूमा पनि यस विषयमा प्रशस्त उल्लेख भएको देखिन्छ । यस विषयमा गोपालवंशावली भन्दा धेरै जानकारी भाषावंशावलीबाट मिल्दछ । यसैगरी लेनदेन व्यवहार विषयक ताडपत्रहरूबाट तथा तात्कालिक अभिलेखादि लेखौटहरूबाट पनि यस विषयमा केही न केही जानकारी अवश्य मिल्दछ ।

मध्यकालमा समाजमा विद्यमान सबै वर्गका जनसमुदायको छुट्टाछुट्टै जातीय र वर्गीय पेशा हुन्थ्यो । त्यसो भए तापनि शिल्पी व्यवसायीवर्गमा अधिकांश बौद्धमार्गीहरू, ज्यायायफू (ज्यापू) वर्गअन्तर्गतका विभिन्न उपजाति-

हरू र तल्लो वर्गका विविध जातिहरू नै पर्दथे । शिल्पीहरूमा केही बौद्ध विद्वान् पण्डित भिक्षुहरू र वेदज्ञहरू पनि हुन्थे । ब्राह्मण पण्डित, सन्तमहन्तहरू पनि आफ्ना पेशागत व्यवसायमा संलग्न रहेका हुन्थे । नेवार समाजका माथिल्लो वर्ग मानिने हिन्दूमल्ल, श्रेष्ठ, राय, अमात्य, राजभण्डारी, पात्रवंश-ठकुर, ठाकुरजस्ता वर्गले भने शासनव्यवस्थासम्बन्धी व्यवसायलाई नै मूल पेशाको रूपमा अपनाएको देखिन्छ । अर्काथरी जोशी, कायस्थ, वैद्य, कर्माचार्य, शिवाचार्य, पीठाचार्य आदि भने मूलत: आ-आफ्ना व्यावसायिक पेशामा संलग्न रहन्थे । कहिलेकाहीँ राजनीतिमा पनि संलग्न हुन्थे तर औद्योगिक उत्पादन-सम्बन्धी व्यवसाय र सेवामूलक व्यवासयमा भने प्राय: बौद्धमार्गी र तल्लो वर्ग नै पर्दथ्यो ।

यस प्रसङ्गमा स्थिति मल्लको भनिने जातीय पेशागत व्यवस्थालाई यहाँ उल्लेख गर्नुपर्ने हुन्छ, जसमा देवब्राह्मण र राजामहाराजदेखि डोम, पोडे तथा कुलुजस्ता तल्लो जातसम्मको जातिगत पेशाको व्यवस्था बाँधिएको उल्लेख पाइन्छ । उक्त स्थितिमा प्रत्येक जातिको तोकिएको नीतिअनुरूप चलेसम्म पेशागत हकसमेत सुरक्षित राखिदिएको पनि देखिन्छ । वास्तवमा ध्यान दिएर विचार गरेमा उक्त व्यवस्था एकातिर सामाजिक स्थिति थियो भने अर्कोतर्फ श्रमविभाजन (Division of Labour) को बलियो उदाहरण पनि । यसले गर्दा कार्य तथा उत्पादनमा विशिष्टीकरणको अवस्था अवश्यै सिर्जना गरेको थियो । पेशागत हक तथा सामाजिक स्थान र मर्यादाको सुरक्षाले शीप तथा आ-आफ्नो पेशागत दक्षताको अवस्था सिर्जना हुनुका साथै उत्पादनमा अवश्य वृद्धि भएको हुनुपर्दछ । यस व्यवस्थाअन्तर्गत उत्पादनसम्बन्धी कार्यमा संलग्न निम्नजातीय वर्ग थिए ।

जस्तै कायस्थ (लेखनदास), कसाल (काँसका भाँडावर्तन बनाउने), बाँडा (सुनचाँदीका गहना, ढलवट आदिका भाँडावर्तन बनाउने), हलवाई (विभिन्न प्रकारका रोटी, आदि बनाउने) बढै (काठको काम र चर्खा धूप आदि उत्पादन गर्ने), लोहकर्मी (ढुङ्गाको मूर्ति तथा अन्य काम गर्ने), वैद्य (औषधिमूलो बनाउने र उपचार गर्ने), टमोट (ताँवा, काँसो आदि धातुका भाँडा बनाउने र सुनचाँदीका जलप आदिको समेत काम गर्ने), टटी (जनै, परिवत्तु आदि बनाइ बेच्ने र कात्रो बुन्ने), उदास (व्यापारिक सामग्री बटुल्ने र व्यापार गर्ने, कोठीसमेत राख्ने), कुमाल (माटाका भाँडा बनाउने), ग्वाल (गाईवस्तु पाली घ्यू, दही, दूध उत्पादन गरी बेच्ने), लुकर्मी (सुनचाँदीका गहना बनाउने), सिंकर्मी (काठको काम गर्ने), टेपोच (काहाल बाजा बजाउनुका साथै पालुङ्गोको सागको खेती गर्ने), साल्मी (तेल पेल्ने र बेच्ने), चित्रकार (विभिन्न देवीदेवता तथा अन्य चित्र लेख्ने), महाब्राह्मण भाट (पाखी पटुका रङ्गाउने र खेती गर्ने), नकर्मी (

फलामसम्बन्धी व्यवसाय गर्ने), छिपा (पञ्चरङ्गले धागो रङ्गाउने), माली (फूलको खेती गरी उत्पादन गर्ने र बेचबिखन गर्ने), गठ (वनबाट विविध फलफूल बटुलेर बेच्ने), नरी (भित्तेचित्र लेख्ने तथा अन्य चित्र लेख्ने)।, कसाई (राँगा काट्ने तथा मासु बेच्ने) र कुलु (छालासम्बन्धी काम गर्ने) आदि ।[४] यसैगरी आ-आफ्ना पेशा गरी जीविकोपार्जन गर्ने देवब्राह्मण, जोशी गुर्वाचार्य, कर्माचार्य, शिवाचार्य, पीठाचार्य, किसानी, खुसल, मौसट, नाउँ संघट, पिछि पुलुपुलु, सवल, कसले, डोम, पोडेजस्ता विभिन्न जात तथा वर्गका पनि पेशागत व्यवस्था कायम गरिएको कुरा भाषावंशावलीमा स्थिति मल्लको सुधारअन्तर्गत परेको छ ।[५] यस्तो व्यवस्थामा ठाकुर, ठकुर, अमात्य, महाथ, भारो श्रेष्ठ, मुलमी श्रेष्ठ, पात्रवंश-कुल, तथा राजाको पेशागत व्यवस्थामा भनें खासमा शासनकार्य तथा देश रक्षाको काम गर्नुपर्ने कुराको उल्लेख छ तैपनि भारोश्रेष्ठ, ठाकुरजस्ता वर्गलाई वाणिज्य व्यापारको पेशा गर्ने छुट दिएको कुराको समेत उक्त व्यवस्थामा उल्लेख परेको छ ।[६] नभन्दै शासकवर्गसँग सम्बन्धित माथिल्ला वर्गहरू बाह्य व्यापारमा संलग्न भएका ऐतिहासिक प्रमानहरू पनि पाइएका छन् । केही सामग्रीले त राजपरिवारकै सदस्यहरू समेत व्यापार-वाणिज्यको काममा संलग्न भएका देखाएका छन् । यस विषयमा तल व्यापार-वाणिज्य-अन्तर्गत सप्रमान चर्चा गरिनेछ । राइट, लेभी तथा तिनकै आधारमा पेटेकले समेत स्थिति मल्लको व्यवस्थाअन्तर्गत परेका पेशेवर वर्गको चर्चा गर्दा थोरैमात्र भिन्न जात र वर्गलाई समेत छुट्टै रूपमा उल्लेख गरेर ६४ जातीय वर्गको र त्यस ६४ वर्ग भित्रका केही उपभेदहरूको समेत चर्चा गरेका छन् ।[७] मध्यकालमा शिल्पी व्यवसायीमा बौद्धमार्गीहरू बढी हुनुमा मध्यकालको पूर्वार्द्धताकादेखि नै भिक्षुहरू गृहस्थमा प्रवेश गर्ने क्रम चलेको हुनाले नै हो । सामाजिक व्यवस्थामा भिक्षुहरूको स्थान वेग्लै भइरहेकोमा गृहस्थमा आएपछि जीविकोपार्जनका निमित्त कुनै उत्पादनमूलक पेशा अपनाउनुपर्ने अनिवार्य हुन गयो । विहारमा भिक्षुहरू आफ्ना आवश्यकताका सामग्रीहरू आफैँ उत्पादन गर्ने तथा कलाकौशलको ज्ञान आर्जन गरी रहने हुँदा तिनै शीपलाई उपयोग गरेर गृहस्थमा प्रवेश गरेपछि आफ्नो घरपरिवार चलाउने आर्थिक स्रोत बौद्धमार्गी गृहस्थहरूले गर्न थाले । स्थिति मल्लजस्ता सुधारक राजाहरूले सामाजिक व्यवस्था कायम गर्दा पेशागत बाँडफाँड समेत गर्नुपरेका कारणमध्ये एक मुख्य कारण यो पनि थियो ।

स्थिति मल्लको व्यवस्थाअन्तर्गत उल्लिखित त्यस्ता अनेक शिल्पी व्यवसायीहरूका बारेमा उत्तरार्द्धकालका धर:पौहरूमा पनि प्रशस्त उल्लेख पाइन्छ । जस्तो भक्तपुरका राजा जितामित्रमल्लको धर:पौमा तमोट, कंसाकार, लिइकर्मी, मरीकर्मी, लोहंकर्मी, सिंकर्मी, अवालेजस्ता औद्योगिक उत्पादन काम

गर्ने शिल्पसम्बन्धी व्यवसायीहरूको स्पष्ट उल्लेख परेको छ जसको काम क्रमशः तामासम्बन्धी भाँडावर्तन उत्पादन गर्ने, काँसका भाँडाकुँडा र कलात्मक वस्तु बनाउने, पित्तलका सामग्री उत्पादन गर्ने, रोटी तथा त्यस्तै खाद्यवस्तुको उत्पादनसम्बन्धी, ढुङ्गाका मूर्ति तथा ढुङ्गाकै अन्य कलात्मक वस्तुहरूको उत्पादन गर्ने, काठका मूर्ति तथा अन्य कलात्मक वस्तु, भ्यालढोका आदिको उत्पादन गर्ने, इँटा, झिँगटी, टायलजस्ता सामग्रीको उत्पादन गर्ने हुन्थ्यो । यसैगरी ज्यापू र त्यस समानका अन्य विविध व्यवसायीहरूमा ज्यापू (खेतीपातीको व्यवसाय गर्ने), सुवाल (भोजभतेरका निम्ति खाना बनाउने), दुवाल (दुवाः ल्या बनाउने), कुमाल वा प्रजापति (हाकु, सियु ज्या याक कुमाल भन्ने २ थरी कुमालको उल्लेख भएको पाइन्छ[८] र माटोको भाँडावर्तन-गाग्रो आदि बनाउने व्यवसाय यस वर्गका मानिसले अपनाएको देखिन्छ), माली (फूलको उत्पादन र बिक्री-वितरण तथा खौरने र नङ काट्ने), चित्रकार (चित्र लेख्ने), नकर्मी (फलाम सम्बन्धी काम गर्ने), दल्ली (भारी बोक्ने, झोले काम गर्ने), कसाई (मासु बेच्ने व्यवसाय गर्ने), कुलु (मान्द्रो आदि बुन्ने उत्पादन गर्ने), आदि व्यवसायीको उल्लेख पनि धरःपौहरूमा पाइन्छ । यी माथि उल्लेख गरिएका विभिन्न शिल्पी व्यवसायीहरूको उपयोग राजा जितामित्र मल्लका छोरा भूपतीन्द्र मल्लको विवाहमा गरिएको उल्लेख पाइएको छ ।[९] रणजित मल्लको विवाहको धरःपौमा पनि विभिन्न कर्मीहरू, ज्यापूहरू, तुलाधर, रंजितकार, चित्रकार, नाउ, भाट, पंटुवा, मानन्धर, शाक्य, कुसले, कटाहा, च्यामे, चमार, धोबी, कसाई, कुलु आदि शिल्पी व्यवसायी तथा अन्य तल्लो वर्ग तथा व्यवसायीको उपयोग गरिएको देखिन्छ । यसैगरी जितामित्र मल्लको धरःपौमा सार्की, कामी, दमाई, सुचिकार, आगरी, गाईन, वायन, कस्त, धोबीजस्ता पेशेवार व्यवसायी वर्गको उल्लेख राजा भूपतीन्द्र मल्लको विवाहको सन्दर्भमा आएको छ ।[१०] यस्ता सबै पेशागत जातीय वर्गको उल्लेख पेशागत कामका निमित्त उपयोग गर्ने क्रममा नै आएको हो । सार्की, कामी, दमाइँ, आगरी आदि पेशागत जातिहरू उपत्यका बाहिरका भए तापनि दरबारको समारोहमा पेशागत कामको उपयोगका निमित्त बोलाइन्थे । धरःपौमा, उल्लिखित उपर्युक्त पेशागत वर्गको उल्लेख यहाँ उत्पादन र सेवामूलक पेशामा संलग्न वर्गको जानकारी लिने सन्दर्भमा गरिएको हो । उपर्युक्त बाहेक शैवमार्गी नेवारका मल्ल, जोशी, श्रेष्ठ, राय, वैद्य, गोगल (गंगोल) जस्ता जातको र अन्य उपत्यका बाहिर र भित्रका जातजाति तथा थरउपथर भएका ब्राह्मण, क्षेत्री, वैश्य, शुद्र चारै वर्णअन्तर्गतका मानिसहरूको चर्चा पनि धरःपौहरूमा पाइन्छ । पेशेवार वर्गको रूपमा चर्चा गर्दा जोशी (ज्योतिष), वैद्य (चिकित्सा), ब्राह्मण-आचार्य (

पठनपाठन, पूजाआजा) जस्ता वर्गलाई पनि उल्लेख गर्नुपर्ने हुन्छ जसले जीविकाका निमित्त आ-आफ्नो पेशा सम्हाल्नु अनिवार्य हुन्थ्यो ।

यस किसिमले पूर्वार्द्धकालका ताडपत्रहरूदेखि लिएर उत्तरार्द्धका थर:पौ, ठ्यासफू तथा अन्य अभिलेखिक स्रोतमा पनि *भाषावंशावलीमा* वर्णित तथा अन्य पछिल्ला कालका स-साना वंशावलीहरूमा वर्णित स्थिति मल्लको पेशा र जातको व्यवस्थासँग अधिकाँश मिल्दोजुल्दो तथ्य नै पाइएको छ । अभिलेखिक स्रोतहरूमा पनि सिजकर्मी, सिंकर्मी, ताम्रकार, विश्वकर्मा, विश्वकर्मा पुत्र, शिल्पी लेखक, कालीगढ, सुवर्णकार, श्रीवास्तव-कस्त वा कायस्थ, कर्माकार, चित्रकार आदिजस्ता पेशेवार शिल्पी व्यवसायीहरूको उल्लेख प्रशस्तै पाइन्छ । यस विषयमा केही चर्चा सप्रमान माथि औद्योगिक परम्पराअन्तर्गत गरिसकिएको छ । उदाहरणस्वरूप अरू केही उल्लेख यस सिलसिलामा पनि गर्नु अतिसयोक्ति नहोला ।

पाटन उकुवहाल महावोधि गृहको पाटनका राजा श्री निवास मल्लको धात्विक सिंहासनमा खोपिएको ने.सं. ७८७ को अभिलेखमा सिजकर्मी (तामाको काम गर्ने शिल्पकार) र सिंकर्मी (काठको काम गर्ने शिल्पकार) को उल्लेख परेको छ। कालीगढ विश्वकर्मा पुत्रहरू राजमुलमी र जयतमुलमी भन्नेको नाम ने.सं. ५१४ को बनेपाको सूर्यमूर्तिको अभिलेखमा मूर्ति निर्माताको रूपमा आएको चर्चा माथि पनि यथास्थानमा उल्लेख गरिसकिएको छ । पाटनको ईवावहीको ने.सं. ५३८ (वि.सं. १४७४ को अभिलेखमा उक्त ताम्रपत्र कुँद्ने शिल्पी लेखकको रूपमा उदय राउत देखिएका छन् । पाटनको कृष्णमन्दिरका देवमूर्ति बनाउनेमा गुणिराज र लुंतमा भन्ने शिल्पी कालीगढ र त्यसै मन्दिरको गजुर बनाउनेमा शिल्पकार उमितरामको नाम आएको छ । ठिमीमा प्राप्त एक अभिलेख कुँदने शिल्पीको रूपमा पनि शिल्पी गुणिराजको नाम आएको छ । त्यसै अभिलेखमा अभिलेखको व्यहोरा लेखक भने गुणिराजका बाबु अभयराज देखिन्छन् (राजा यक्ष मल्लको समयका) । यसैगरी भक्तपुर सिद्धपोखरीको विष्णु मूर्तिको ने.सं. ५८७ (वि.सं. १५१३) को अभिलेखमा उक्त मूर्तिको काम गर्नेमा मुख्य (नायक) कालीगढ तेखाचो टोल बस्ने यज्ञकेश भन्ने देखिन्छन् । पाटन बलम्बू, देवलाक्षीटोलको महालक्ष्मी मन्दिरको ने.सं. ८७८ (वि.सं. १७२४) को अभिलेखमा पनि शिलापत्र खोप्ने कालीगढ मुकुन्दराज भारो र उक्त शिलापत्रको व्यहोरा लेख्ने पण्डित दैवज्ञ हरिकृष्ण भन्ने देखिन्छन् । मंगलबजारको महादेवको ने.सं. ७९८ (वि.सं. १७३४) को अभिलेख लेख्ने तात्कालिक दरबारिया प्रसिद्ध पण्डित हरिवंश थिए भन्ने उल्लेख त्यसै अभिलेखमा परेको छ । पाटनका राजा श्रीनिवासमल्लको भीमसेन मन्दिरमा रहेको अभिलेखको गद्यरचनाका रचनाकार पनि यिनै हरिवंश पण्डित नै भएको जानकारी उक्त अभिलेखबाट मिलेको छ ।

यस्तै पाटनको कुम्भेश्वरको ने.सं. ५३० (वि.सं. १४६७) को अभिलेखमा पाटन मनिगल उत्तर विहार श्री योखा बस्ने सुवर्णकार (सुनार) जसराज ब्रह्मको उल्लेख परेको छ ।[१२] यसैगरी बणिक् पुत्र, कायस्थ श्रीवास्तव, कर्माकार आदिको उल्लेख पनि मध्यकालको पूर्वार्द्धमा लेखिएका प्रज्ञापारमिता, महालक्ष्मीव्रत, चरकसंहिता आदि ग्रन्थका पुष्पिकावाक्यहरूमा तथा अन्य अभिलेखिक स्रोतमा समेत पाइन्छ ।[१३]

यस्ता शिल्पी, कालीगढजस्ता शीपपूर्ण श्रमका आधारमा जीवनयापन गर्नेहरूको संख्या नेपालमा धेरै भएको कारण विदेशी विद्वानहरूले समेत यस विषयमा मुक्तकण्ठले वर्णन गरेका छन् । प्रसिद्ध फ्रान्सिसी विद्वान् सिल्वाँ लेभी भन्छन् "बुद्धिवर्कतको श्रम निहित विभिन्न विषयका कालीगढहरू (सुनको काम गर्ने धातु पगाल्ने समेत, चित्रकारीको काम गर्ने, रङ्गारोगन गर्ने ...) को संख्या बजारमा हुल नबढ्ने गरी वृद्धि भयो । यसमा कालीगढहरूले देशको व्यापारको क्षितिज वृद्धि भएअनुसार आन्तरिक, वैदेशिक व्यापारका ठाउँ तथा बाटामा पर्ने कतिपय दुर्गमस्थानमा पनि आफ्नु पुरानु बस्ती काठमाडौं उपत्यकालाई छाडेर सर्न थाले । यसले गर्दा नयाँ शहरहरूको वृद्धि हुन थाल्यो ।"[१४]

५.२. ज्याला मजदूरी

मध्यकालको आर्थिक इतिहासको अध्ययनअन्तर्गत श्रमशक्ति तथा पेशेवर वर्गको विषयमा चर्चा गर्दा त्यसबेलाका श्रमिक तथा व्यवसायी वर्गको अवस्था कस्तो थियो भन्ने जानकारी लिनु पनि उत्तिकै आवश्यक हुन्छ । यसका निमित्त तिनताका श्रमजीवी साधारण व्यक्तिहरू तथा शिल्पी व्यवसायीहरूले के कस्तो मजदूरी प्राप्त गर्दथे भन्ने विषयमा अध्ययन गर्नुपर्ने हुन्छ तर यस विषयमा स्पष्ट रूपले जानकारी दिने प्रचुर सामग्रीहरू भने उपलब्ध छैनन् तापनि मल्लकालिक धरःपौहरू, ठ्यासफूहरू, मल्लकालकै लगत्तैपछि उपत्यका भ्रमण गर्ने कर्कप्याट्रिक, ह्यामिल्टनजस्ता विदेशी विद्वान्का विवरण आदिबाट भने यस विषयमा केही जानकारी अवश्य पाइन्छ ।

कलात्मक मूर्ति, भाँडावर्तन, गरगहना, चित्रकारी, ग्रन्थलेखनजस्ता पेशा गर्ने शिल्पी व्यवसायीहरू जो आफ्नो श्रम सधैं त्यस्तै कार्यमा खर्च गर्दथे, उनीहरूको आम्दानी उल्लेखनीय रूपमा राम्रो थियो भन्न सकिन्छ । यस्ता व्यवसायीहरू ज्यालामा तथा स्वतन्त्ररूपमा दुवै किसिमले काम गर्दथे । तिनताका तिब्बततर्फ जाने शिल्पी व्यवसायीहरू तथा ग्रन्थलेखक विद्वान् पण्डितहरूको ज्यालाको दर तोकिएको हुँदैनथ्यो । जति पनि कलाकार कालीगढहरू तिब्बत जान्थे उनीहरू काम पूरा भएपछि स्वेच्छाले दानस्वरूप दिएको रकम मात्र लिन्थे । यसो भए तापनि नेपाली शिल्पी कालीगढ तथा

पण्डितहरूलाई प्रशस्त सुनचाँदी तिब्बतबाट प्राप्त हुन्थ्यो । स्वतन्त्र उत्पादनका कलात्मक वस्तुको भने पूर्णरूपमा व्यावसायिक दृष्टिकोणबाट उत्पादन गरिन्थ्यो र राम्रो बजारसुविधा भएबाट त्यताबाट पनि शिल्पी व्यवसायीहरूलाई प्रशस्त फाइदा हुन्थ्यो ।

उपर्युक्त बाहेक अरू साधारण मजदूरी गरेर जीवीकोपार्जन गर्ने वर्ग पनि उपत्यकामा थियो, जुन निकै गरीब हुन्थ्यो । कपुचीन पादरीहरूको टिपोटमा उपत्यकामा स्थानीय तथा मुसलमान काश्मिरी व्यापारीहरूका ठूल्ठूला व्यापारकेन्द्र (Trade Marts) हरू हुन्थे ।[१५] यस्ता व्यापार संस्था तथा केन्द्रहरूमा ज्यालामा काम गर्ने मजदूरहरू पनि हुन्थे भन्ने संकेत पनि पादरीहरूले दिएका छन्[१६] तर तिनको दैनिक, मासिक तथा वार्षिक आर्जन के कति हुन्थ्यो भन्ने विषयमा सामग्रीहरूमा उल्लेख पाइदैन । यस बाहेक भरीया काम गर्ने श्रमिकवर्गहरू पनि हुन्थे । मध्यकालको उत्तरार्द्धमा भ्रमण गर्ने इटालियन पादरीहरूको तथा शाहकालको पूर्वार्द्धमा भ्रमण गर्ने ह्यामिल्टन, कर्कप्याट्रिक आदिका टिपोटमा यस विषयमा केही उल्लेख परेको छ । त्यसैगरी मल्लकालका उत्तरार्द्धका धर:पौहरूमा पनि यस विषयमा केही उल्लेख भएको देखिन्छ ।

वि.सं. १२२९ मा राजा रुद्रदेवले एउटा पौवाको छाना बनाउन ३४ शिवका मुद्रा उपलब्ध गराएको प्रसङ्ग यहाँ उल्लेखनीय छ ।[१७] पूरा पौवाको छाना बनाउन ३४ शिवका अर्थात् लगभग ८ द्रम्म (रुपैयाँ) मात्र छुट्याइएको हुनाले उक्त पौवाको छाना बनाउने कर्मी-कामदारहरूले प्रचूर मात्रामा मजदूरी पाएको देखिँदैन । राजा स्थिति मल्लको सुधारमा एउटा ज्योतिषले चिना लेखेबापत्‌ १२ दाम र १ कुरुवा चामल पाउने व्यवस्था भएको उल्लेख छ । त्यस्तै गरेर कसाईले मुर्दा लैजाँदा बाजा बजाएबापत ३ दाम, पर्वपर्वमा व्यक्ति विशेषको राँगो काट्नु परेमा १ दाम, एउटा बँदेल काटेर मासु छुट्याई दिएबापत आठ आनासम्म ज्याला पाउने व्यवस्था भएको कुरा भाषावंशावलीमा उल्लिखित छ।[१८]

मल्लकालमा नेपाल भ्रमण गर्ने कपूचीन पादरीहरूको टिपोटमा मजदूरहरूको खासगरी भरिया काम गर्नेहरूको अवस्थाबारे संकेतसम्म पाइन्छ । त्यो पनि अत्यन्त थोरै र अस्पष्ट मात्र । पादरीहरूका टिपोटअनुसार नेपालबाट तिब्बत र तिब्बतबाट नेपालबीच हुने व्यापार-वाणिज्य सम्बन्धी निकासी-पैठारीको काममा सामान ढुवानी भरियामार्फत् हुन्थ्यो । भरियाको नाइक मार्फत भरियाहरूको एउटा दल नै जम्मा गरेर सामान पठाइन्थ्यो । एउटा भरियालाई ९३ पौण्ड र ४० औंससम्मको भारी दिइन्थ्यो । नाइकेमार्फत् ज्यालाको आधा रकम सुरुमै पेश्किस्वरूप दिने चलन थियो ।[१९] पादरी डेसीडेरीका अनुसार

तिब्बतमा भन्दा खासगरी नेपालको क्षेत्रभित्र भरियाको उपयोग बढी गरिन्थ्यो। तिब्बततर्फ सामान ढुवानीका निम्ति प्राय: गधा, खच्चरको नै प्रयोग गर्ने परम्परा थियो।[२०]

मल्लकालिक धर:पौहरूमा ज्याला-मजदूरी सम्बन्धमा उल्लेख निकै पाइन्छ तापनि ठूल्ठूला उत्सव, चाडपर्व, राजदरबारमा हुने विवाह-व्रतवन्ध आदि काममा बाँडेको ज्याला-मजदुरुले देशमा विद्यमान ज्याला दर र मजदूरहरूको मजदुरीको वास्तविक प्रतिनिधित्व राम्रोसँग गर्दछ भनेर भन्न चाहिँ सकिदैन। अर्काथरि धर:पौ, ठूल्ठूला मन्दिर, कोट (क्वाठ) आदिको निर्माण कार्यसँग सम्बन्धित पाइन्छन्। यस्ता निर्माणकार्यमा वितरण गरिएको ज्याला-मजदूरी बढी विश्वसनीय र वास्तविक हुन्छ। भक्तपुरका राजा भूपतीन्द्र मल्लको राज्यकालमा पनौती कोट (क्वाठ) बनाउँदा लागेका कर्मी-ज्यामी र तिनलाई दिइएको ज्यालाका विषयमा यहाँ उल्लेख गर्नु सान्दर्भिक हुन्छ। उक्त क्वाठ निर्माण गर्दा भक्तपुर, कान्तिपुर र पनौतीका डकर्मीहरूले काम गरेका थिए। त्यसैगरी उपकर्मी (इँटा सम्बन्धी काम गर्ने), सिकर्मी (काठको काम गर्ने), कोलापकर्मी (दलिनमाथि फल्याक मिलाउने), ल्वहंकर्मी (ढुङ्गाका मूर्ति तथा अन्य वस्तु बनाउने), देवकर्मी (देवमूर्ति बनाउने), मधिकर्मी (रोटी बनाउने), अवाले (झिँगटी र इँटा बनाउने), पूं (चित्रकार तथा रङ्गरोगनसम्बन्धी काम गर्ने), साल्मी (तेल पेल्ने) जस्ता पहिलो वर्गका कर्मी र एघाट, मोचा, चान्छुवजस्ता ज्यामी वर्गले काम गरेका थिए।[२१] यस निर्माण कार्यमा भक्तपुरको वर्षमा २३७ दिनसम्म काम गर्ने १ जना डकर्मीले ११ मोहर २३ दाम मात्र ज्याला पाएको देखिन्छ। त्यस्तै गरेर ८४ दिन काम गर्ने कर्मीलाई २ मोहर ८ दाम र ५० दिन मात्र काम गर्ने अर्को कर्मीलाई ७ मोहर १ दाम ज्याला दिएको देखिन्छ।[२२] यसरी डकर्मीहरूमा पनि उनीहरूको कार्यक्षमता हेरेर बढी र कम ज्याला पाउँदथे भन्ने कुरा स्पष्ट हुन्छ। यसै काममा १५४ दिन काम गर्ने पनौतीका डकर्मी ७ जनाले ४१ मोहर ६२ दाम (अर्थात् लगभग ७ मोहर प्रतिव्यक्ति) प्राप्त गरेका थिए। यस्तै १९१ दिनसम्म काम गर्ने १ जना पनौतीका डकर्मीले ९ मोहर १५ दाममात्र ज्याला पाएका थिए भने १०३ दिन काम गर्ने अर्को डकर्मीले २ मोहर ११ दाम मात्र ज्याला पाएको थियो। यसरी कर्मीको ज्यालादरमा दोब्बरभन्दा बढीसम्म फरक पर्दथ्यो भन्ने कुरा पनि स्पष्ट हुन्छ। यसैगरी १८६ दिनसम्म काम गर्ने पनौतीका २ जना अवालेले ८ मोहर ४४ दाम ज्याला पाएको थिए भने भक्तपुरका ९ जना अवालेले ६२२ दिन काम गरेको ज्याला २८ मोहर ११ दाम ज्याला पाएको उल्लेख छ। त्यस्तैगरी २६३ दिन काम गर्ने ८ जना ल्वहंकर्मीले १२ मोहर ४४ दाम प्राप्त गरेको देखिन्छ। यसमा सबैभन्दा बढी पाउनेले २ मोहर ४६ दाम र सबैभन्दा कम पाउनेले ३४

दाममात्र पाएको देखिन्छ । कोलाप कर्मीले दैनिक ४ दामका दरले ज्याला लिएको थियो । २० दिनसम्म काम गर्ने कोलाप कर्मीले ८० दाम र १० दिन काम गर्नेले ४० दाम प्राप्त गरेको थियो । यसरी नै १५ जना सिकर्मीले सालाखाला ५८ दिन काम गरेको ज्याला १४ मोहर ६ सुका र ४६ दाम पाएका थिए ।[२३]

यस्तै किसिमले राजा भूपतीन्द्र मल्लले भक्तपुरको न्ह्यात पौ: देवलको निर्माण गर्दा बाँडेको ज्याला-मजदूरीका विषयमा उल्लेख गर्नु पनि उत्तिकै सान्दर्भिक हुन्छ । राष्ट्रिय अभिलेखालयस्थित 'सिद्धानी कोट्याहूति' नामक हस्तलिखित टिपोट (जसलाई न्ह्यात पौ: देवल निर्माणको धर: पौ मानिन्छ) मा कर्मी ज्यामीलाई ज्याला वितरण गरेको उल्लेख प्रशस्तै देखिन्छ, जसअनुसार तिनताका उपाकर्मी आदि सिद्धहस्त कामदार व्यवसायीहरूले साधारणतया दैनिक ६ दामका दरले ज्याला पाउँदथे । ६ दामभन्दा थोरै कम र थोरै बढी ज्याला दिइएका उदाहरण पनि उक्त टिपोटमा नपरेका होइनन् तर त्यस्तो फरक ज्याला अपवादको रूपमा १/२ ठाउँमा मात्र उल्लेख परेको छ ।[२४] जस्तो कहीँ २० दिन काम गरेको १ मोहर १ द्रम्म ज्याला बाँडिइएको उल्लेख छ भने कहीँ ३० दिन काम गरेर मात्र १ मोहर १ द्रम्म ज्याला पाएको देखिन्छ । एकै ठाउँमा २१ दिन काम गर्ने उपाकर्मीले १ मोहर र ७ द्रम्म ज्याला पाएको र २० दिन काम गर्नेले १ मोहर १ द्रम्म मात्र ज्याला पाएको टिपोट पाइएकोले कर्मीहरूले साधारणतया दैनिक ६ दाम ज्याला न्यातपोलको निर्माण हुँदा पाएका थिए भन्ने कुरा स्पष्ट हुन्छ।

यसैगरी रणजित मल्लको विवाहको धर:पौमा लुंकर्मी र ल्वहंकर्मीलाई दिनको १० दाम, सिंकर्मी र कंसाकारलाई दिनको ६ दाम, डोरी बाट्नेलाई दिनको ५ दाम, नकर्मीलाई दिनको ४ दाम ज्याला बाँडिएको कुरा उल्लिखित छ ।[२५] भक्तपुरकै राजा जितामित्र मल्लको धर:पौमा वि.सं. १७४१ (ने.सं. ८०५) मा तलेजु चोकको दक्षिणदेवद्वारको तोरणको निर्माण गराउँदा प्रतिव्यक्ति व्यापारी (कर्मी) लाई दिनको ६ दामका दरले ज्याला दिएको चर्चा परेको छ ।[२६] यस्ता कर्मीलाई छाडेर अन्य माटाको भाँडामा बुट्टा लेख्नेजस्ता कामदारलाई भने २ दाम र १ मोहरको मान्द्रो किनेर ल्याउने कामदारलाई ४ दाममात्र ज्याला दिएको चर्चा पनि उक्त धर:पौमा परेको छ ।[२७] यस्तो ज्याला बाँड्दा धेरैजसो नगदमा बाँडेको देखिए तापनि कहिलेकाहीँ जिन्सीमा पनि बाँडिन्थ्यो । यस विषयको उल्लेख पनि धर:पौमा पाइन्छ ।[२८]

उपर्युक्त ज्याला मजदूरीको दरलाई विचार गर्दामल्लकालमा कामदार-हरूको अवस्था धेरै माथि थियो भन्न सकिँदैन । किनकि कुशल मूर्तिकार, डकर्मी, सुवर्णकारजस्ता कर्मीहरूले बढीमा दिनको १० दामसम्म मात्र रकम

पाउने ज्यामीहरूले दिनको १/२ दामसम्म मात्र ज्याला पाएको देखिन्छ । तिनताका ४ दामको १ पैसा हुने हुनाले बढीमा २/३ पैसासम्म मात्र कुशलकर्मीले ज्याला पाउँदथे भन्ने कुरा यताबाट स्पष्ट हुन्छ ।

लगभग ३ दशक मात्र पछि (वि.सं. १८५८ मा) नेपाल भ्रमण गर्ने ह्यामिल्टनले दिएको यहाँका श्रमिकहरूको ज्याला मजदूरी दरको विषयमा पनि यहाँ उल्लेख गर्नु सान्दर्भिक हुनेछ । ह्यामिल्टनका अनुसार काठमाडौँमा एउटा साधारण ज्यामीले २ आना (८ पैसा जति) प्रतिदिन ज्याला पाउँदथ्यो ।[२९] त्यसैगरी हेटौंडादेखि काठमाडौंसम्म भारी ल्याउने भरियाले साधारणतया ३ मोहर र गढपर्सादेखि काठमाडौं भारी ल्याउने भरियाले ५ मोहर ज्याला पाउँदथे । यसरी ३ मोहर र ५ मोहर पाउने भरियाले २० धार्नी (१०० पौण्ड) को भारी बोक्दथे ।[३०] त्यस्तै तिनताका फलामको काम गर्ने नकर्मी वा कामी तथा सिकर्मीको ज्याला दैनिक ३ आना- (१२ पैसा) डकर्मीको २ १/२ आना (१० पैसा) सुनारको प्रतितोला सुनको काम गर्दा ४ आना (१२ पैसा) र चाँदीको काम गर्दा प्रतितोला १ आना (४ पैसा) साथै ताम्राकारको १ देखि २ मोहरसम्म प्रतिधार्नी ज्याला भएको चर्चा ह्यामिल्टनले गरेको छन् ।[३१]

ह्यामिल्टनभन्दा १ दशक नै जस्तो अगाडि नेपाल भ्रमण गर्ने कर्कप्याट्रिकले १२ हल गोरु हलीले जोतेकोमा ज्याला रु. १ र ८२ जना श्रमिकले काम गरेको ज्याला पनि रु.१ भएको चर्चा गरेका छन् ।[३२] यहाँ १२ हल गोरु र एकजना हलीको ज्याला १ रु. भन्नाले प्रतिदिन हल गोरु र हलीले जोतेको ज्याला ६ पैसा हुन्थ्यो भन्ने बुझिन्छ । त्यस्तै ८२ जना साधारण श्रमिकलाई रु. १ भन्नाले प्रति श्रमिक १ पैसाभन्दा कम ज्याला हुन्थ्यो ।

मध्यकालमा त १ देखि २ पैसा ज्याला पाउने उच्चस्तरका मूर्तिकार, सिकर्मी, डकर्मी, ताम्राकार, कंसाकार आदि मात्र हुन्थे । मल्लहरूको पतनभन्दा २ दशक मात्र पछिको टिपोटमा झण्डै १ पैसा त साधारण श्रमिक वा खेतालाको दैनिक ज्याला पुगेको देखियों । १ हलीले दिनको ३ पैसा र हल गोरुको ज्याला पनि दैनिक ३ पैसा हुनाले मल्लकालको उत्तरार्द्धको तुलनामा ज्याला दरमा धेरै वृद्धि भई निकै अन्तर आएको कुरा स्पष्ट हुन्छ । ह्यामिल्टन आउँदा सम्म (वि.सं. १८५८) ज्यालाको दरमा अझै वृद्धि भएको देखिन्छ, जसअनुरूप न:कर्मी, सिकर्मी आदिले ३ आना (१२ पैसा) ज्याला पाउन थालेको देखिन्छ, जुन दर वि.सं. १७०५ ताका १ १/२ पैसा मात्र थियो । अन्य सामग्रीको दरमा जस्तै क्रमश: ज्याला मजदूरी दरमा पनि वृद्धि हुँदै गएको देखिन्छ ।

५.३. झारा तथा बेठवेगार

प्राचीनयुगदेखि नै राज्यसंचालनको क्रममा राजामहाराजाहरूले देशवासी-हरूसँग राजकीय सार्वजनिक तथा सुरक्षासम्बन्धी कार्यहरूका निमित्त बिनापारिश्रमिक श्रमदान बटुल्ने गरेको इतिहास हाम्रो सामु ताजै छ । नेपालमा पनि इतिहासका प्रमाणिक स्रोतहरू जहिलेदेखि प्राप्त भएको छन्, त्यसै बेलादेखिका यस्ता झारा तथा विष्टीको रूपमा विनाज्याला श्रमदान लिनेदिने परम्परा भएका तथ्यहरू प्रशस्तै पाइएका छन् । लिच्छविकालका अभिलेखमा पनि यस किसिमका तथ्यहरू यत्रतत्र देख्न सकिन्छ । यस सन्दर्भमा 'भोट्ट विष्टि' कै तथ्यलाई पनि यहाँ प्रस्तुत गर्न सकिन्छ ।[३३]

मध्यकालमा पनि झारा, विष्टि अर्थात् वेठ-वेगारको परम्परामा कुनै कमी आएको थिएन । बरु बढेकै थियो । मध्यकालको पूर्वार्द्धदेखि नै राजकाज तथा सार्वजनिक धारो, पाटीपौवा, कुलो, किल्ला, बाटोघाटो, आदिको निर्माण कार्यमा जनश्रमदानको उपयोग गरेका प्रशस्त प्रमानहरू पाइएका छन् । गोपालवंशावलीमा ठाउँ-ठाऊमा सेवा 'विठि' (विष्टी) जस्ता शब्दको स्पष्टै उल्लेख भएको पाइन्छ ।[३४] वि.सं. १३८० मा सेवादानद्वारा भक्तपुरको राजदरबार-त्रिपुरको पर्खाल बनाउने र त्यसमा ईट्टा छाउने काम गरेको,[३५] वि.सं. १४३४ मा स्थिति मल्लले फिशिरी नामक किल्लाको भत्किएको भागको जीर्णोद्वार गर्ने काममा काठमाडौं, पाटन र भक्तपुर तीनै शहरका जनताबाट विष्टीको रूपमा श्रमदान लिएको[३६] र वि.सं. १४४३ मा भक्तपुरका टोलटोलमा इँट्टा छाप्ने, ढल सफा गर्ने र बाटो बनाउने जस्ता कामका निमित्त सम्बन्धित टोल क्षेत्रकै जनतालाई झाराको रूपमा काम लगाईएको[३७] जस्ता उदाहरणहरू गोपालवंशावलीमा उल्लिखित झारा प्रथाका स्पष्ट प्रमान हुन् ।

गोपालवंशावली बाहेक मध्यकालका अन्य विविध अभिलेख, धरःपौ, ठ्यासफू आदिमा स्रोतमा पनि झारा-विष्टिका विषयमा उल्लेख भएको पाइन्छ। राजा यक्ष मल्लको वि.सं. १५०९ (ने.सं. ५७३) को ताम्रपत्रमा पनि किल्ला पर्खाल निर्माण तथा जीर्णोद्वारजस्ता कामका निमित्त जनतालाई झारामा काम लगाउने स्थिति कायम गरेको उल्लेख छ ।[३८] यस्तै किसिमको स्थिति पाटनका राजा श्रीनिवास मल्लले पनि बाँधेका थिए । अन्य राजाहरूले पनि झारा विष्टिमा श्रमदान लिएर सार्वजनिक तथा देशरक्षा र राजदरबारसम्बन्धी काम लगाएका उदाहरणहरू प्रशस्तै पाइन्छन् । यहाँ यस प्रसङ्गमा पाटनका राजा श्रीनिवास मल्लले झारा-विष्टि सम्बन्धमा बाँधेको स्थितिका विषयमा चर्चा गर्नु बढी सान्दर्भिक देखिन्छ ।

श्रीनिवासमल्लले चौतारा भगीरथ भैयाको सल्लाहअनुरूप रातो मच्छेन्द्रनाथको मन्दिर निर्माण गरेका बखत त्यस मन्दिरको निर्माणसम्बन्धी

शिलालेखमा केकस्ता काममा राजाले झारामा श्रमदान लिने भन्ने विषयमा स्पष्टसँग उल्लेख गर्न लाएको देखिन्छ । त्यसमा जनताले सुरक्षा पर्खाल, किल्ला निर्माण, पुल फेर्ने, राजकाजसम्बन्धी र युद्धमा लड्न जानु पर्नेजस्ता काममा फुर्सद छैन भन्ने वा कुनै पनि किसिमले आनेकाने नगरीकन श्रमदान दिनुपर्ने र त्यस्ता कामका निमित्त सरकारी कर्मचारीले जनतालाई दुःख दिन (काम लगाउन) पाउने कुराको उल्लेख छ ।[३९] यसरी राजकाजको रूपमा लिइने बेठ-बेगारलाई तिनताका 'चाकसि विठि' भनिन्थ्यो भन्ने चर्चा पनि उक्त अभिलेखमा उल्लिखित छ । यस्तै विठि (विष्टि) नतिर्नेलाई पैसा (नगद) दण्ड गर्नू, डोरीले बाँध्नू, देश निष्काशन गर्नू, अर्थात् जेजस्तो दण्ड दिन ठीक पर्दछ तयस्तै गर्नू र यस्तो झारा-विष्टि नतिरेबापत दण्ड-सजाय भोग्नु परेमा प्रजाले पनि दुःख नमान्नू भन्ने पनि उल्लेख उक्त अभिलेखमा पारेको छ ।[४०] यतिमात्र नभएर यस्तो राजकाजसम्बन्धी काममा विठि (विष्टि) मा काम लगाउँदा राजा, राजपरिवारका सदस्य राजकुमारहरू तथा भारदार आदि अधिकारीवर्गले समेत आफ्ना मानिस र अर्काको मानिस भनि पक्षपात गरेर झारामा छुट नदिनू र विष्टि व्यवहारको स्थिति बन्धेज ननाघ्नू भन्ने पनि स्पष्ट चर्चा उक्त अभिलेखमा परेको छ । राजाले यसरी राजकाजसम्बन्धी काममा झारामा काम गर्न प्रजा वर्गलाई लगाउन पाए तापनि खाँचो नपरी साधारण काममा भने दुःख नदिनू र त्यस्तो अन्याय भएमा राजासँग जनताले उजुर गर्नू भन्ने पनि स्थिति बन्धेज श्रीनिवास मल्लले बाँधेका थिए ।

देवालय-मन्दिर आदिको जीर्णोद्वारसम्बन्धी काममा सिँढी भत्किएको सम्म मरम्मत गर्नुपर्दा जनताले समेत गुहार गर्नुपर्ने र त्यसो नगरेमा १ प्ल (पल) सुन दण्ड गर्ने स्थितिं मल्लकालमा भएको कुरा समेत श्रीनिवास मल्लको उक्त अभिलेखबाट थाहा पाइन्छ । सार्वजनिक स्थिति बन्धेजसम्बन्धी नियम आदि कुँदिएका सनद रूपका अभिलेख (सवत्सर लोहं) नष्ट भएमा पनि सबैले मरम्मत गर्नुपर्ने कुराको निर्देशन श्रीनिवास मल्लले गरेका थिए ।

मल्लकालको उत्तरार्द्धमा नेपाल भ्रमण गर्ने कपुचीन पादरीहरूका टिपोटमा पनि यस विषयमा केही उल्लेख भएको पाइएको छ, जसअनुसार राज्यका ठूल्ठूला निर्माणकार्यका निमित्त सरकारले जनताहरूबाट करकापपूर्वक शारीरिक श्रम लिने परम्परा थियो । यस्तो जबर्जस्त शारीरिक श्रम लिने परम्परा भए तापनि त्यसको बदलामा नगद तिरेर छुट्कारा भने जसले पनि पाउँथ्यो । निर्माण कार्यमा खासगरी सडक, पोखरी, मन्दिर, स्मारक, वृक्षारोपण तथा सिंचाइ आदिसम्बन्धी काम गर्नु परेमा राज्यले त्यस्तो विष्टि वा झाराको रूपमा शारीरिक श्रम जनताबाट लिन्थ्यो ।[४१] मल्लकालका धरःपौमा उल्लिखित कुराले कपुचीन पादरीहरूले टिपोट गरेका उपर्युक्त कुरालाई पुष्टि गरेको छ ।

भक्तपुरका राजा रणजित मल्लको विवाहको धर:पौमा झारामा श्रमदान दिनुपर्ने सट्टामा नगदै राजदरबारमा बुझाएको कुराको उल्लेख छ । जस्तै उक्त धर:पौमा स्वांथान भन्ने ठाउँको झाराबाट १० मोहर, वलथली झाराबाट ६ मोहर, बनथली भन्ने ठाउँको झाराबाट ६ मोहर, सौमलिं भन्ने ठाउँको झाराबाट ३ मोहर नगद उठेको स्पष्ट उल्लेख छ ।[४२] दोलखा भेकमा प्राप्त मल्लकालका र त्यसको लगत्तैपछिका कागजपत्रबाट पनि यस विषयमा धेरै जानकारी पाइन्छ । शासक वर्गका कृपापात्र, पठनपाठनमा लागेका ब्राह्मण तथा राजदरबारमा पहुँच पुऱ्याउन सक्ने मानिसहरू र अरू विशेष सेवाको जिम्मा लिएका मानिसहरूले झारा तिर्नुनपर्ने अनुग्रह शासकवर्गबाट पाउँदथे । यो उल्लेख उपत्यका विजयभन्दा १८/२० वर्षमात्र पछिको हुनाले र अघिदेखिको झारा विशेष व्यक्तिलाई माफ गरिदिएको चर्चा परेको हुनाले मल्लकालको झाराप्रथा उस्तै रूपले पछिसम्म चलेको कुरा स्पष्ट हुन्छ । दोलखाका राजा जितादेवहरूले वि.सं. १६२४ (ने.सं. ६८८) मा बाँधेको स्थितिमा राजाहरूको विदेश वा देवदर्शनमा टाढा-टाढा सवारी हुँदा विष्टि (झारा) को रूपमा मालसामान बोक्नुपर्ने पुरानो परम्परामा छुट दिएको र अरू 'जाथ्वं', 'केथ्व', 'चति' जस्ता स्थानीय सेवा (झारा) हरू भने पहिले जस्तै दिनुपर्ने कुराको उल्लेख परेको छ ।[४३] नुवाकोट भेकका जनतालाई बडामहाराजाधिराज पृथ्वीनारायण शाहले टाढाटाढासम्म झारामा जानुपर्ने अघिको स्थितिमा केही कमी गरी सहुलियत दिएको प्रसङ्ग पनि यहाँ उल्लेखनीय छ ।[४४]

यसरी झारा-विष्टि प्रथा प्राचीनकालदेखि आधुनिकालसम्म नै निरन्तर रूपमा चलेर आएको देखिन्छ । यस्तो झारा विष्टि प्रथा राजकाजसम्बन्धी र सार्वजनिक कामका निमित्त मात्र चलेको कुरा ऐतिहासिक स्रोतले स्पष्ट्याएको छ । यसो भए तापनि व्यवहारमा भने राजकाज, सार्वजनिक काम र दरबारका काममा मात्र नभएर स्थानीय प्रशासक (द्वारे, उमरा, प्रधान, प्रमान आदि) तथा ठूलाबडाका नीजि काममा समेत जनसाधारणले बेठबेगर तिर्नुपर्ने प्राचीन तथा मध्यकालको परम्परा केही पहिलेसम्म नेपालमा कायमै थियो । कहिलेकाहीँ ठूलूला देवालयका पुजारी गुठियार आदिलाई पनि गुठीजग्गामा बस्ने जनसाधारणले झारा-बेठ-बेगारको रूपमा सेवा पुऱ्याउनु पर्दथ्यो । विर्ता जग्गाका प्रजाहरूको पनि त्यही अवस्था थियो ।

यस्तो झारा प्रथा व्याप्त भए तापनि राजाबाट छुट पाउने तथा झाराको सट्टा नगद तिरेर वा कुनै पनि किसिमले झारा उठाउने जिम्मेवार अधिकारीलाई चित्त बुझाएमा यस्तो झारा तिर्ने कामबाट छुटकारा भने पाउने परम्परा थियो । खासगरी ठूलूला सेवा पुऱ्याएमा, संकटबाट शासकहरूलाई बचाएमा, विशेष ज्ञान र क्षमतावान भई शासकवर्गलाई खुसी पारेमा, देशरक्षाको काम तथा

युद्धमा विशेष वीरता देखाएमा वा कुटनीति गरी शत्रुदमन गर्न सफल भएमा, आर्थिक लाभ गराएमा वा पूर्वजहरूले गरेका कामको कदरस्वरूप सन्तान-दरसन्तानसम्म झारा विष्टि तिर्नु नपर्ने सुविधा शासक वर्गबाट पाएमा सर्वसाधारणले पनि झारा-विष्टिको कामबाट मुक्त हुन सक्दथे ।

५.४ दासप्रथा

केही पूर्ववर्ती इतिहासकारहरूले मध्यकालिक नेपालमा दास प्रथा छँदै थिएन र त्यस विषयमा अभिलेखिक, साहित्यिक तथा किंवदन्ती रूपकै स्रोतमा समेत उल्लेख भएको पाइँदैन भन्ने राय प्रस्तुत गरेका छन्[४५] तर उपर्युक्त रायलाई खण्डन गरेर मध्यकालमा नेपालमा दासप्रथाको परम्परा चलिरहेको थियो भन्ने ऐतिहासिक प्रमान पाइएका छन् । यसो भए तापनि अन्तको तुलनामा भने नेपालको दासप्रथा संख्यामा कमी र कम कठोर नै थियो ।

नेपालमा लिच्छविकालदेखि नै दासप्रथाको चलन थियो भनेर निर्णय साथ उल्लेख गर्न सकिने सामग्री अहिलेसम्म प्राप्त गर्न सकिएको छैन तापनि लिच्छविकालका अभिलेखमा 'दास' र दासीलाई जस्तो गरी दमन गर्ने भन्ने[४६] र देवदास देवदासीको[४७] उल्लेख भने पाइएको छ । त्यसैले तिनताका नेपालमा दासप्रथा त थियो तर कममात्र प्रचलित थियो भनेर उल्लेख गर्न सकिन्छ । मध्यकालमा पनि उपत्यकामा दासप्रथाको गुन्जायस कमै मात्र रह्यो । मठमन्दिरमा देवदास र देवदासी रहने परम्परा भने प्राचीनकादेखि मध्यकाल हुँदै आधुनिककालको सुरु सुरुताकासम्म चलेको देखिन्छ । उपत्यकामा त्यति नभए तापनि पूर्व-पश्चिमका राज्यरजौटा र उपत्यका अन्तरगतकै दोलखा, नुवाकोट आदि प्रदेशमा दासप्रथा चलेका स्पष्ट प्रमान पाइएका छन् । मल्लकालमा दोलखामा दासप्रथा अन्तभन्दा व्यापक रूपमा चलेको थियो ।

अन्यत्रका सभ्यताहरूमा जस्तै नेपालमा पनि मल्लकालमा दासहरू प्रायः शासकवर्ग र धनी-सामन्त तथा व्यापारी, पूँजीपतिहरूले रोक्ने गर्दथे । दरबारमा पनि प्रशस्त मात्रामा केटाकेटी चाकरहरू पालिएका हुन्थे । दरबारमा पालिएका यस्ता चाकर केटाहरूलाई 'कोठा', 'मोचा' भनिन्थ्यो ।[४८] मल्लकालमा काठमाडौं उपत्यकामा दासदासीको चलन रहेको एउटा महत्त्वपूर्ण उदाहरण राजा सिद्धिनरसिंह मल्लले पाटन कृष्णमन्दिर बनाएर राखेको अभिलेखले पनि प्रस्तुत गरेको छ । त्यस अभिलेखमा राजा सिद्धिनरसिंहले मन्दिर निर्माणको उत्सवका अवसरमा अनेक रत्न, रत्नादि, हात्ती, गाई, घोडा आदि पशुका साथै सुनचाँदीका गहना, कपडा, मेवा-मिष्टान्न, घर, नगद-द्रव्य तथा दासदासी समेत दान गर्न लगाएका थिए । ४ दिनसम्म उत्सव चलुन्जेल जुनसुकै बेला पनि राजाको मुखमा यस्ता माथि उल्लिखित वस्तुहरू दान गर्नू भन्ने बोली झुण्डिई रहन्थ्यो

भन्ने स्पष्ट चर्चा उक्त ने.सं. ७५७ (वि.सं. १६९३) को अभिलेखमा परेको छ ।[४९] यस कुराबाट मध्यकालमा दासदासीहरूको अन्य बस्तु जस्तै दान दातव्य वा आर्थिक लेनदेनको रूपमा पनि प्रयोग हुन्थ्यो भन्ने कुरा राम्रैसँग बुझिन्छ । यसैगरी व्यापार, खेती, पशुपालन, खानी सञ्चालन जस्ता काममा पनि दास (कमारा-कमारी) को प्रयोग गरिन्थ्यो । कमारा कमारीलाई पाल्तु पशुजस्तै चल सम्पत्तिको रूपमा गणना गर्ने परम्परा नौलो होइन । नेपालमा पनि घरखेतजस्ता अचल सम्पत्ति र गाई, घोडाजस्ता चल सम्पत्तिसँगै दासलाई पनि संलग्न गरी अंशबण्डा गर्ने, बिकी-बितरण गर्ने परम्परा मल्लकालमा थियो ।[५०]

मल्लकालमा नेपालमा पनि अन्तजस्तै दासहरू २ किसिमका हुन्थे, एकथरी पूर्ण दास र अर्काथरी अर्धदास । सामन्त र विर्तावालहरूका जग्गाजमिन कमाएर बस्ने प्रजाले पनि अर्धदास वा दास सरहको जीवन बिताएका उदाहरण पाइएका छन् । कुनैकुनै ऐतिहासिक पत्रहरूमा चल सम्पत्तिअन्तर्गत दासदासी, गाई, घोडाको साथै 'प्रजा' अर्थात् विर्ता जग्गा कमाई बस्ने जग्गाहीन परिवारलाई पनि समावेश गरेको पाइएको छ ।[५१] धनीवर्गले ऋण सापट, लेनदेनमा यस्ता जग्गाहीन 'प्रजा' लाई धरौटीको रूपमा राखेका उदाहरण पनि पाइएका छन् । वि.सं. १७६२ (ने.सं. ८४३० मा ९ रूपैयाँ ऋण लिएकोमा यदि ऋण तिर्न नसके आफ्नो मुरा प्रजा (खानीमा काम गर्ने कामदार) को छोरालाई धरौटी राखेर गरिदिएको कागज पाइएको छ ।[५२] विर्तावालहरूको जग्गामा बसोवास गर्ने जग्गाहीन प्रजालाई दाससरह लेनदेनमा धरौटी राखेको नौलो उदाहरण यसलाई मान्नुपर्दछ । दासदासीलाई यसरी धरौटी राख्ने चलन प्रशस्त चलेको देखिन्छ । दोलखामा प्राप्त ने.सं. ७२५ देखि ७५० सम्मका केही घटनाको टिपोटयुक्त एक ठ्यासफूमा दासदासी धरौटी राखेका उदाहरणहरू पाइएका छन् ।[५३] कहिलेकाहीँ अर्काका कमारा-कमारी सुटुक्क लगिदिँदा झगडा परेका उल्लेख पनि भेटिएका छन् ।[५४] यस्तै किसिमले अपुतालीको सम्पत्तिको वितरण गर्दा मुसा प्रजा (खानीमा काम गर्ने) समेत सम्पत्तिसरह भागबण्डा गरी वितरण गरेको उल्लेख पनि पाइएको छ ।[५५] माथि उल्लिखित ठ्यासफूमा २ ठाउँमा ६ रूपैयाँ ऋण लिँदा १ दासीलाई तिर्न नसके पच हुनेगरी धरौटीमा राखेको चर्चा परेको छ ।[५६] भक्तपुरका राजा रणजित मल्लको विवाहको धर:पौमा पनि (११८ख) आगरि अर्थात् खानीमा काम गर्ने प्रजालाई 'चाकल' (चाकर=दास) को रूपमा उल्लेख गरिएको छ ।[५७] वि.सं. १७८०/९० ताकाको एउटा टिपोटमा थारु पनि दासको रूपमा मल्लकालमा उपत्यका र आसपासमा काम गर्थे भन्ने उल्लेख परेको छ ।[५८]

यसरी मध्यकालमा पनि केही न केही रूपमा नेपालमा दासप्रथा विद्यमान थियो । खासगरी व्यापारिक बस्तीहरूमा यस्तो प्रथा धेरै चलेको देखिन्छ । शुद्ध

दासबाहेक विर्ता जग्गामा बस्ने गरीब रैतीहरू पनि विर्तावाल मालिकका निमित्त दास बराबर नै हुन्थे भन्ने कुरा माथि उल्लिखित तथ्यबाट स्पष्ट भएको छ । व्यवहारमा यसरी जग्गाविहीन प्रजालाई दाससरह उपयोग गर्ने परम्परा भएको हुनाले नै कहिलेकाहीँ जग्गा विर्ता दिँदा "विर्ता जग्गामा बस्ने प्रजालाई अरू काम लगाएर दुःख दिन पाइँदैन, राजाका प्रजा जति राजाकै हुन्छन्" भनेर समेत निर्देशन दिने परम्परा चलेको थियो ।[५९]

यी उपर्युक्त आधारमा मात्र पनि दासदासीको र विर्ता जग्गामा बस्ने रैती प्रजाहरूको अवस्था राम्रो थियो भनेर भन्न सकिँदैन । माथि १ जना दास ९ रूपैयाँको निम्ति र १ जना दासी ६ रूपैयाँको निमित धरौटी राखिएको चर्चा गरियो । आधुनिककालको सुरु-सुरुसम्ममा कमारा-कमारी १ जनाको मूल्य साधारणतया रु. १५ सम्म पर्दथ्यो ।[६०] मल्लकालमा भने अझै १० रूपैयाँ लगभग मात्र मूल्य पर्ने देखियो । उता त्यसैबेला एउटा बाजलाई रु. ६००।- एउटा बँदेललाई रु. १५।- र एउा साधारण घोडालाई रु. ५०।- सम्म पर्दथ्यो ।[६१] यसरी घोडा र बँदेलभन्दा पनि कमारा-कमारीको मूल्य कम भएपछि तिनको अवस्था अत्यन्त नाजुक थियो भनेर सजिलै विचार गर्न सकिन्छ । अर्को कुरा धरौटीमा समेत राख्ने परम्पराले एक घरको सेवकको रूपमा काम गरेर जीविका गर्नसमेत नपाउने स्थिति दासदासीहरूको थियो भन्ने देखियो ।

टिप्पणी

१. Bernhard Kolver and Hemraj Shakya, *Documents from the Rudravarna-Mahavihar Patana*, Herstellugn: VGH Wissenschaftsverlag Sankt Augustin, 1985, p. 93.
२. *त्यही* ।
३. डि.आर. रेग्मी, *मेडिएवल नेपाल-१*, कलकत्ता: के.एल. मुखोपाध्याय, पृ. ५३८ ।
४. देवी प्रसाद लंसाल (सं.), *भाषावंशावली भाग-२*, काठमाडौँ: नेपाल राष्ट्रिय पुस्तकालय, वि.सं. २०२३, पृ. ४१, ४४-४९ ।
५. *त्यही*, पृ. ४५-५० ।
६. *त्यही*, पृ. ४८-५० ।
७. लुसियानो पेटेक, *मेडिएवल हिष्ट्रि अफ नेपाल*, रोम: आइ.एस.एम.ई.ओ., पृ. १८१-१८४ ।
८. जितामित्रमल्लको धरःपौ, नेपाल र एशियाली अनुसन्धान केन्द्रमा संकलित प्रतिबाट ।
९. *त्यही* ।
१०. *त्यही* ।
११. *त्यही* ।
१२. धनवज्र वज्राचार्य, *मध्यकालका अभिलेख भाग-१ र २*, अप्रकाशित प्रतिवेदन, नेपाल एशियाली अनुसंधान केन्द्र । (पृष्ठ र अभिलेख संख्या नभएको) ।
१३. डि.आर.रेग्मी, *पूर्ववत्*, संख्या ३, कलकत्ता: के.एल. मुखोपाध्याय, पृ. ५३८ ।

१४. सिल्वां लेभी, *लि नेपाल-१*।
१५. L. Petech, *Italini Missionari...*, Vol. II, Part vii, p. 13.
१६. डि.आर.रेग्मी, *मेडिएवल नेपाल-२*, पृ. ५२३।
१७. *त्यही*, पृ. १८२।
१८. लंसाल, *पूर्ववत्* संख्या ४, पृ. ४२, ४६।
१९. पेटेक, *पूर्ववत्* संख्या २३, पृ. ५७।
२०. वास्सेल्स्, पृ. २३२, २६०-७०।
२१. चुन्दा वज्राचार्यद्वारा संकलित पनौती क्वाठ निर्माणको धर:पौ (ऐतिहासिक सामग्री संकलन भाग -२), ने.ए.अ. केन्द्र, त्रि.वि.वि.।
२२. *त्यही*।
२३. *त्यही*।
२४. न्यातपोल देवल निर्माणकों धर:पौ, नेपाल र एशियाली अनुसन्धान केन्द्रद्वारा राष्ट्रिय अभिलेखालय स्थित हस्तलिखित टिपोटबाट उतार गरी संकलन गरिएको सामग्री।
२५. चुन्दा वज्राचार्यद्वारा संकलित राष्ट्रिय अभिलेखालयमा सुरक्षित रणजित मल्लको विवाहको धर:पौ।
२६. जितामित्र मल्लको धर:पौ, मूल धर:पौ संख्या २८५-२८६।
२७. *त्यही* सामग्री।
२८. *त्यही* सामग्री।
२९. एफ.वी.ह्यामिल्टन, *यान् एकाउन्ट् अफ् द किङ्डम् अफ् नेपाल*, पृ.२३३।
३०. *त्यही*।
३१. *त्यही*।
३२. कर्कप्याट्रिक, *यान् एकाउण्ट् अफ् द किङ्डम् अफ् नेपौल्*, पृ. ९६-९७।
३३. रमेश ढुङ्गेल, *प्राचीन अर्थव्यवस्था*, पृ. ७२।
३४. *गोपालवंशावली* पत्र संख्या ४५ 'ख', ५७ 'ख', ६३ 'क' आदि।
३५. *त्यही*, पत्र संख्या ४५ 'ख'।
३६. *त्यही* पत्र संख्या ५७ 'ख'।
३७. *त्यही*, पत्र संख्या ६३ 'क'।
३८. डि.आर. रेग्मी, मेडिएवल नेपाल-२, पृ. ५२३।
३९. धनवज्र वज्राचार्य, *मध्यकालका अभिलेख*, नेपाल र एशियाली अनुसन्धान केन्द्रमा बुझाएको अप्रकाशित प्रतिवेदन।
४०. *त्यही*।
४१. पेटेक, *पूर्ववत्*, संख्या १५।
४२. रणजित मल्लको विवाहको धर:पौ।
४३. धनवज्र वज्राचार्य र टेक बहादुर श्रेष्ठ, *दोलखाको ऐतिहासिक रूपरेखा*, पृ. ६२-६३।
४४. धनवज्र वज्राचार्य र टेकवहादुर श्रेष्ठ, *नुवाकोटको ऐतिहासिक रूपरेखा*, पृ. १०४-१०५।
४५. रेग्मी, *पूर्ववत्*, संख्या ३८, पृ. ५२३।
४६. धनवज्र वज्राचार्य, *लिच्छविकालका अभिलेख*, अभिलेख संख्या १।
४७. *त्यही*, अभिलेख संख्या १२९, पृ. ४८६।
४८. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्* संख्या ४३, पृ. १३९, सामग्री संख्या-९।

४९. संशोधन मण्डल, इतिहास संशोधन संख्या ६७, पृ. २-३ ।
५०. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्* संख्या ४३, पृ. १३१, सामग्री संख्या १, पृ. १३५ । सामग्री संख्या ४, पृ. १५९, सामग्री संख्या ३७, पृ. १६३, सामग्री संख्या ४४ आदि ।
५१. *त्यही,* पृ. १३१, सामग्री संख्या १ ।
५२. *त्यही,* पृ. १४३, सामग्री संख्या १६ ।
५३. *त्यही,* पृ. १९२-१९३ ।
५४. *त्यही,* पृ. १६५, सामग्री संख्या ४७ ।
५५. *त्यही,* पृ. १३६, सामग्री संख्या १३७ ।
५६. *त्यही,* पृ. १९२-१९३ ।
५७. रणजित मल्लको विवाहको धरःपौ ।
५८. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्* संख्या ४३, पृ. १४९, सामग्री संख्या २५ ।
५९. "वृत्तिसा चोङ प्रजा दुःख वियमदु, प्रजा राजाया जुको राजाया", वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्* संख्या ४३, पृ. १९०, सामग्री संख्या ३ को ताडपत्र ।
६०. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्* संख्या ४४, पृ. १०५ ।
६१. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्* संख्या ४३, पृ. १४१, १४७, १५२ ।

परिच्छेद छ : व्यापार-वाणिज्य

बाह्य व्यापार

व्यापारी वर्ग तथा सङ्गठन

व्यापार मार्ग, भन्सारचौकी र व्यापारिक बस्ती आदि

आन्तरिक हाटबजारका विषयमा

परिच्छेद छ
व्यापार वाणिज्य

मध्यकालको नेपाली अर्थतन्त्रमा अत्यन्त महत्त्वपूर्ण स्थान व्यापार-वाणिज्यको रहेको छ । त्यस युगमा अन्य देशका विभिन्न आर्थिक क्रियाकलापमध्ये धेरै प्रसिद्धि व्यापार-वाणिज्यले नै पाएको थियो । त्यसबखत एसियाको अधिकांश भूभागमा नेपाली कलात्मक सामग्रीले व्यापक प्रभाव पारेको थियो । प्राचीनकालदेखि सुरु भएको नेपालको चीन-तिब्बत र भारत बीचको व्यापार मध्यस्थताको भूमिका यस युगमा पनि चलिरहेकै थियो । मध्यकालको उत्तरार्द्ध (ई. १७२२ जनवरी) मा नेपाल भ्रमण गर्ने पादरी डेसीडेरीले नेपालीहरूको व्यापार विस्तार तिब्बतदेखि उत्तरमा मंगोलियासम्म पुगेको चर्चा गरेका छन् ।[1]

बाटोघाटोको अत्यन्त असुविधा भएको अवस्थामा पनि बाटा-बाटामा सुरक्षा चौकी र भन्सारहरू ठाउँ-ठाउँमा राखेर व्यापारीवर्गको सुरक्षा गरी व्यवस्थित रूपमा व्यापार चलाइएका उदाहरण प्रशस्त पाइएका छन् तापनि तिनताका वैदेशिक व्यापार चलाउन निकै मुश्किल थियो । बाटोमा राखिएका सरकारी चौकी पर्याप्त थिएनन् । त्यसै हुनाले व्यापारमा बीच बाटोमा लुटमार पनि भइरहन्थ्यो । सामान ढुवानीमै पनि अत्यन्त कठिनाइ थियो । त्यसो भए तापनि व्यापार विस्तार भने प्रशस्तै भएको थियो । तिब्बतको बजार नेपाली व्यापारीका निमित्त एक किसिमले एकाधिकारकै विषय बनेको थियो । त्यसैले नेपाललाई व्यापारबाट प्रशस्त फाइदा हुन्थ्यो । यसरी सबैभन्दा महत्त्वपूर्ण आर्थिक स्रोत व्यापार-वाणिज्य भए तापनि जीवनमरणको सवाललाई हत्केलामा राखेर व्यापारीहरू आउने जाने गर्दथे । यस्तो कठिनाइ हुने हुँदा पनि अन्तर्राष्ट्रिय व्यापार मार्गलाई सुगम बनाउनेतर्फ त्यसकालका शासक तथा जनता दुवैथरीले ध्यान दिएको भने देखिँदैन । यसको अर्को कारण परम्परा अनुरूपको व्यापार व्यवस्था चलाएर नेपाली व्यापारीहरूले धेरै फाइदा गर्दथे । आधुनिक उत्पादन र वितरण (बजार) सिद्धान्तअनुरूप प्रतियोगिता तथा लागत कम गरेर, बिक्रीमूल्य न्यूनतम गराएर नेपालले उत्तर-दक्षिण व्यापार विस्तार गरी फाईदा उठाउने परम्परा नभएर खालि एकाधिकार र मध्यस्थ व्यापारको कारण मात्र धेरै फाइदा उठाएको थियो । कलात्मक वस्तुको उत्पादन तथा निकासीका निमित्त भने नेपालले निकै ठूलो सुवास कमाएको थियो ।

मध्यकालमा पनि प्राचीनकालमा झैँ नेपाली कस्तूरी, चमर, ऊन आदिको माग विदेशी बजारमा कायमै थियो । नेपालको आन्तरिक माग पूरा गरी बाहिर निकासी हुने सामग्रीमा प्रशोधित, अर्धप्रशोधित, अप्रशोधित गरी तीनै प्रकारका हुन्थे । उत्तरतर्फ धात्विक मूर्ति तथा भाँडावर्तन, ठूल्ठूला हस्तलिखित धार्मिक ग्रन्थ आदिको धेरै निकासी हुन्थ्यो । दक्षिणतर्फ केही अप्रशोधित जडीबुटी, कस्तूरी, ऊन, चमर, कच्चाधातुजस्ता सामग्रीहरूको निकासी व्यापार चल्दथ्यो। यस किसिमले व्यापारबाट नेपाललाई प्रशस्त फाइदा थियो । भन्सार महसुलबाट राजढुकुटी निकै मोटो हुन्थ्यो । मध्यकालको पूर्वार्द्धदेखि नै नेपाली शासकहरूले चिनियाँ शासकहरूसँग समेत मैत्रीसम्बन्ध कायम राखी व्यापार विस्तार गरेका थिए । हुन त चीन-नेपालबीच दूतमण्डलको आदानप्रदानको परम्परा लिच्छवि राजा नरेन्द्रदेवकै समयदेखि चलेको तथ्य प्राप्त भएका छन् । मध्यकालमा आएर चौधौँ शताब्दीताका नेपाल उपत्यकाको आसपास बनेपा-तर्फको शासनव्यवस्थामा चर्चित रामवर्द्धन परिवारले चीनसँग विशेष सम्बन्ध कायम गरेको देखिन्छ । जसमा मदनरामसिंह वर्धन, शक्तिरामसिंह वर्धनहरू उल्लेखनीय छन् । नेपाल भोट व्यापार सम्बन्धमा पछि आएर लक्ष्मीनरसिंह र प्रताप मल्लको समयका काजी भीम मल्ल पाटनका राजा सिद्धिनरसिंह मल्लहरूको भूमिका पनि निकै महत्त्वपूर्ण रहेको देखिन्छ । महेन्द्र मल्लको व्यापार-वाणिज्य तथा उत्पादनसम्बन्धी नीति पनि यहाँ उल्लेखनीय छ ।

यस किसिमले मध्यकालमा व्यापार-वाणिज्यको अवस्था राम्रो थियो भन्ने बुझिन्छ । यसो भए तापनि प्राचीनकालमा बसेको व्यापार-वाणिज्यको बलियो जगको तुलना गर्दा यस क्षेत्रमा अपेक्षाकृत रूपले प्रगति भएको देखिँदैन । यसको प्रमुख कारणमा मध्यकालमा राजनीतिक एकता कायम नहुनु नै थियो । विदेश व्यापारमा यसको सोझै प्रतिकूल असर पऱ्यो । यतिसम्म कि यसै कारण नेपालले मध्यकालको उत्तरार्द्धसम्ममा पहिलेजस्तो उत्कृष्ट ऊन निकासी गर्न छाड्यो र काश्मीरले नेपाललाई यस काममा जित्यो । यसो भए तापनि भोटसँगको व्यापार एकाधिकारलाई भने भौगालिक कारण तथा सांस्कृतिक सम्बन्धका कारणल नेपालले छाडेन । त्यसैले भोट व्यापारमा नेपाली व्यापारीको नै महत्त्वपूर्ण हात थियो । भोटका महत्त्वपूर्ण बस्तीहरूमा नेपाली व्यापारीका कोठीहरू थपिएका थिए । मल्लकालका पछिल्ला दिनहरूमा भने नेपाल-भारत व्यापारमा केही अघिदेखि भूमिका निभाउने काश्मीरी मुसलमान र शैवमार्गी गोसाइँहरूले पनि हात हाल्न थालेका थिए ।

६.१. बाह्य व्यापार

लिच्छविकालदेखि नै सुरु भएको नेपालको बाह्य व्यापार मल्लकालको उत्तरार्द्धसम्म चलिरहेकै थियो भनेर माथि उल्लेख गरियो । लिच्छविकालमा बाह्य व्यापार उत्तर र दक्षिणतर्फ उत्तिकै चल्दथ्यो भने मध्यकालमा उत्तरको व्यापारमा अझ विस्तार र दक्षिणको व्यापारमा खासगरी निकासी व्यापारमा कमी आयो । बुद्धधर्मको विस्तारको कारण उत्तर-प्राचीनकालदेखि नेपाल-भोट र चीन एउटै सांस्कृतिक सम्बन्धको सूत्रमा बाँधिएका थिए । यसको थालनी मध्यकालभन्दा अगाडिदेखि नै भएको भए तापनि विस्तार भने मध्यकालमा भएको थियो ।

मध्यकालमा नेपालको बाह्य व्यापार विस्तारका विषयमा चर्चा गर्दा क्रमैसँग सिंह सार्थवाह विषयक ऐतिहासिक लोकपरम्परा, अरनिकोको देन, पलान्चोकतर्फका सामन्त शासक मदनरामसिंह वर्द्धन र उनका छोरा शक्तिराम सिंह वर्द्धनहरूको भोट/चीनसँगको सम्बध, स्थिति मल्लको सुधार, यक्ष मल्लको राज्यविस्तार, महीन्द्र मल्लको आर्थिक सुधारको नीति, लक्ष्मीनरसिंह, प्रताप मल्ल, काजी भीम मल्ल साथै सिद्धिनरसिंह मल्ल आदिका देनका विषयमा चर्चा गर्नुपर्ने हुन्छ ।

प्राचीनकालको व्यापार-वाणिज्यको क्षेत्रमा 'सार्थवाह' भनिने वर्गको महत्त्वपूर्ण हात हुन्थ्यो भन्ने विषयमा आभिलेखिक स्रोतले स्पष्ट पारेको छ ।[२] तिनताका सार्थवाह काम विशेष रूपले अन्तर्राष्ट्रिय व्यापारको जिम्मेवारी लिनु हुन्थ्यो । यस्तै किसिमका बाह्य व्यापारमा संलग्न हुने व्यापारीहरू मध्यकालको पूर्वार्द्धसम्म पनि कायमै थिए भन्ने जानकारी पनि पाइएको छ । यस सन्दर्भमा सिंह (सिन्हल) नामक सार्थवाहको नाम उल्लेखनीय रूपमा चर्चित छ । यी सार्थवाहले एकपटक ५०० जनासम्म व्यापारी (बनियाँ) हरूलाई नेपाल ल्याएको र ती व्यापारीहरू व्यापारिक लेनदेनका निमित्त उत्तरतर्फ (तिब्बत) समेत लागेको चर्चा पाइन्छ । त्यस्तैगरी यी सार्थवाहले अत्यन्त धेरै सम्पत्ति कमाएर र थं वहि (ठमेलको विक्रमशील महाविहार) को निर्माण गराएको चर्चा पनि अत्यन्त प्रचलित छ । यी सार्थवाहका विषयमा अनेकौं किम्वदन्ती तथा लोकोक्तिहरू प्रचलित छन् । यस्ता किम्वदन्तीमध्ये एकथरीको पुरानो लेखोट कपडामा लेखेर राखेको र प्रत्येक वर्ष गुंलाका अवसरमा उक्त कपडालाई प्रदर्शित गर्ने परम्परासमेत चलिआएको छ ।[३] यस्तो लोकोक्तिअनुसार भने ठमेल भगवानवहालको मुख्य मन्दिरको मूर्तिलाई सिंह सार्थवाहको र बाहिरको अजिमाको मन्दिरलाई सिंह सार्थवाहकै तान्त्रिक स्त्री डाकीनी वा राक्षसीको भनेर मान्ने परम्परा छ । त्यस्तैगरी सिंह सार्थवहको तान्त्रिक क्षमता र आर्थिक सम्पन्नताको कारण उनी पछि राजासमेत भएको चर्चा पनि लोकोक्तिमा

प्रचलित भएको पाइएको छ । जसअनुसार अन्नको दरबार र उक्त थंवही एउटै ठाउँमा थियो भन्ने पनि बुझिन्छ ।

यसरी सिंह वा सिंहलसार्थवाहको विषयमा किंवदन्ती तथा लोकोक्ति मात्र प्रचलित भएको कारण यस कुरालाई ऐतिहासिक मान्न सकिएको थिएन । राइटको वंशावलीमा उल्लिखित वा अन्य सिंह सार्थवाह विषयका प्रचलित चर्चामा उनी राजा गुणकामदेवका सन्तति मानिने राजा सिंहकेतुका समकालिक थिए । गोपालवंशावलीमा गुणकामदेवको समय वि.सं. १०४३-१०४६ (ने.सं. १०७-११०) दिइएको छ । अर्कोतर्फ यी सिंह सार्थवाह विक्रमको एघारौं शताब्दीको पूर्वार्द्धमा काठमाडौंमा पारावत महाविहार (वर्तमान इटुं वहाल) को निर्माण गराउने केशवचन्द्र भन्ने व्यक्तिका नातामा भिनाजु पर्दथे भन्ने जानकारी पनि पाइएको छ ।[४] यताबाट तिथिमितिका हिसाबबाट र ऐतिहासिक घटना तथा किंवदन्ती बाहेक अन्य स्रोतहरूको आधारबाट् समेत सिंहसार्थवाह ऐतिहासिक व्यक्ति नै भएको ठहर्दछ ।

अर्को कुरा सिंहसार्थवाहले निर्माण (पुन:निर्माण) गरेको भनिने उक्त विहार त्यसभन्दा पहिले पनि भएको र उक्त विहारको निकट सम्बन्ध तिब्बतका भिक्षुहरूसँग रहेको तथ्य पाइनाले पनि उनी बाह्य व्यापार (खासगरी भोट व्यापार) मा संलग्न थिए भन्ने थप आधार मिलेको छ । यसरी मध्यकालमा पनि बाह्य व्यापारको जिम्मेवारी लिने बौद्ध धर्मानुयायी व्यापारीहरू भएको संकेत मिलेको छ । यस कालमा विशाल-विशाल विहारहरूको निर्माण नेपालमा हुने र बौद्ध धर्मका माध्यमले उत्तर-दक्षिण सम्बन्ध राम्रो हुनाले पनि नेपालको बाह्य व्यापारमा विस्तार हुन पुगेको थियो ।

यस्तै किसिमले भोट चीनतर्फको व्यापार वाणिज्यको विस्तारमा अप्रत्यक्ष तर महत्त्वपूर्ण भूमिका अरनिकोजस्ता नेपालका कलाकारको पनि रह्यो भन्नुमा अत्युक्ति हुँदैन । अरनिको नेपालका राजा जयभीमदेवको राज्यकालमा चीनका युआनवंशी सम्राट् शचु (कुवलाय खां) र तिब्बतका शासक लामा सक्य फग्-पको आमन्त्रणमा वि.सं. १३१८ (ई. १२६१) मा तिब्बत र त्यसपछि चीन पुगेका थिए ।[५] तिब्बत र चीनमा नेपाली कलाको ख्याति त्यसभन्दा अगावैं पनि फैलिसकेको थियो । अरनिकोजस्ता नेपालका कलाकारको तिब्बत र चीनतर्फको प्रवेशले यस क्षेत्रमा अझ अनुकूल प्रभाव पार्‍यो । यस सांस्कृतिक सम्बन्धले गर्दा नेपालमा उत्कृष्ट कलात्मक उत्पादनको माग तिब्बत र चीनतर्फ अझ बढ्न जानु स्वभाविकै थियो । स्मरणीय छ अरनिकोलाई तिब्बतमा निम्त्याउँदा मात्र स-क्य लामा फाग्-प लो ढाए ग्यल्-छेनले १०० जना नेपाली कलाकारको माग राखी पठाएका थिए तर नेपालबाट अरनिको समेत ८० जना मात्र पोख्त कालीगढ कलाकारहरूलाई तिब्बत पठाइएको थियो ।[६]

यसपछि नेपाल र तिब्बत-चीनबीच निकट सम्बन्ध राख्ने क्रममा राजनैतिक, सांस्कृतिक र आर्थिक पक्षमा पलान्चोक-बनेपा भेकका स्थानी शासकहरूले विशेष भूमिका खेलेको देखिन्छ । बनेपा-पलान्चोक भेकका शासनमा वैश्य कुलका रामवर्द्धन परिवारको भूमिका विक्रमको चौधौं शताब्दीको मध्यताकादेखि नै सुरु भइसकेको थियो । यी रामवर्द्धन परिवारका ज्योतिराम, जयसिंहराम तथा मदनरामहरू तात्कालिक नेपाल उपत्यकाको केन्द्रीय शासकका महामन्त्री (महाथ) पनि बनेका थिए ।[६] जैत्ररामदेखि देखा परेको यो वंश शक्तिसिंहराम वर्द्धनसम्म नेपालको राजनीतिक इतिहासमा सशक्त रूपमा रहेको देखिन्छ । हुन त शक्तिरामका वंशजहरू पनि इटुमबहाल भेकमा रहेर यक्ष मल्लका छोरा रत्न मल्लको कान्तिपुर प्रवेश (छुट्टै राज्य संस्थापकको रूपमा) हुने बेलासम्म पनि कान्तिपुरका स्थानीय सामन्त शासकको रूपमा काम गर्दै थिए । त्यसै हुनाले वंशावलीहरूमा कान्तिपुरका वैश्य ठकुरी राजालाई दवाई त्यहाँ रत्न मल्लले आफ्नो एकलौटी राज्य बनाएको चर्चा पाइन्छ । यी रामवर्द्धनहरू नेपाल प्रवेश गरेदेखि नै बनेपातर्फ बसोवास गर्दथे । तिनताका 'वर्द्धन' भन्ने विशेषण वैश्यकुललाई बुझाउन प्रयोग हुने र हिन्दू सामाजिक व्यवस्थाअनुरूप पेशागत हिसाबले वैश्यहरू व्यापारी हुन्थे । अन्तर्राष्ट्रिय व्यापारमा संलग्न हुने हुनाले यस्ता व्यापारीहरू आर्थिक रूपले सम्पन्न हुन्थे र देशभित्र र बाहिरका ठूलावडाहरूसँग यिनीहरूको निकट सम्बन्ध हुन्थ्यो । त्यसैकारण कहिलेकाहीं यिनीहरू सामन्त शासक, अमात्य तथा अनुकूल पर्दा स्वतन्त्र शासक समेत हुने गर्दथे । यस्तै अवस्था नेपालका रामवर्द्धनहरूको रहेको देखिन्छ ।

बनेपाको पुरानु नाम 'वणिकापुरी' अर्थात् व्यापारिक नगर वा व्यापारीहरूको नगर थियो ।[५] रामवर्द्धन परिवारको नेपालमा मूल थलो पनि यही व्यापारिक नगर (बनेपा) भएकोले तिनीहरू व्यापारकै माध्यमबाट उक्त क्षेत्रमा आई बसोबास गरेका थिए भन्ने कुरामा स्पष्ट हुन सकिन्छ । बनेपा भोट-चीन र भारतीय मैदानबीच चल्ने व्यापारिक तथा सांस्कृतिक आदान-प्रदान, आवत-जावत हुने एक प्रमुख ठाउँ थियो । त्यसै हुनाले भोट तथा भारतबीचको व्यापारमा तिनीहरूको हात पुस्तौंदेखि चलिआएको थियो कि ? भन्ने कुरामा सजिलै अनुमान गर्न सकिन्छ । बनेपालाई नेवारी भाषामा 'भोट' भनिदै आएको प्रसँग पनि यहाँ उल्लेखनीय छ । भोट व्यापारसँग सम्बन्धित मण्डी भएको ठाउँ पनि भएको हुनाले यस ठाउँलाई 'भोंत' भनिएको हुनुपर्दछ । चिनियाँ सम्राट्हरूसँग सौगात-कोसेलीका साथ दूमण्डलीकै आदानप्रदान गर्ने गरी यी बनेपा पान्चोकका रामवर्द्धन परिवारले सम्बन्ध राखेका थिए । यो सम्बन्ध ज्योतिराम र अनेकरामकै पालादेखि कायम भएको हुनुपर्दछ । भोट-नेपाल र

तराईबीचको व्यापारको बाटोमा अवस्थित बनेपा, पनौती, पलान्चोकजस्ता क्षेत्रका सामन्त शासक तथा हर्ताकर्ताका रूपमा उनीहरूकै पालादेखि काम गर्न सुरु गरिसकेका प्रमान पाइएका छन् तर यस विषयको प्रामाणिक स्रोत भने मदनराम सिंवर्द्धनका समयको मात्र प्राप्त भएको छ जसअनुसार मदनराम वर्द्धनसँग चीनका मिङ् वंशी सम्राट् हुङ्-वु (ताइ चु) को अत्यन्त नजिकको सम्बन्ध थियो । चिनियाँ स्रोतअनुसार त्यसबेला चिनियाँ दूतमण्डल ४ पल्ट नेपाल र ११ पल्टसम्म नेपालको बाटो भएर बङ्गालमा आउनेजाने गरेका थिए । यस विषयको उल्लेख खास गरेर चिनिया मिङ्ग वृत्तान्तमा पाइन्छ । नेपाल र चीनबीचका यस सन्दर्भका सम्बन्धका यी तथ्यहरूलाई सिल्वाँ लेभी, लुशियानो पेटेकहरूले विशेष रूपले प्रकाश पार्ने काम गरेका छन् ।[९]

प्रकाशित प्रमानअनुसार चिनियाँ सम्राट् हुङ्-वुले वि.सं. १४४१ मा चीनका प्रसिद्ध भिक्षु चि-क्वाङ्लाई सम्राट्को छापयुक्त खलिफापत्र र केही बुट्टे रेशमी वस्त्र सौगातसाथ नेपाल पठाएका थिए । यस दूतमण्डलीलाई स्वागत गर्ने नेपाली शासक मदनराम वर्द्धन (चिनियाँ स्रोतमा: म-त-न लामा) थिए । नेपालबाट मदनरामले पनि चिनियाँ बादशाहलाई उपहारस्वरूप सुनको सानु स्तूप, केही बहुमूल्य बौद्ध ग्रन्थका ठेलीहरू, असल जातका घोडाका साथै अन्य नेपाली महत्त्वपूर्ण उत्पादनहरू (सायद मूर्ति आदि कलात्मक वस्तुहरू) दिई पठाएका थिए । जुन कोसेली लिएर चिनियाँ दूतमण्डलीका साथ नेपाली प्रतिनिधिहरू वि.सं. १४१४ मा चीन दरबार (पेचीन) पुगेको थियो । क्याम्ब्रिज विश्वविद्यालयमा रहेको मिङ् वृत्तान्तमा भने मदनरामले नेपालबाट पठाएका वस्तुमा नेपालका विभिन्न उत्पादनहरूका साथमा फलामका तरबारहरू तथा धेरै किसिमका सुवर्ण चैत्य प्रतिमाहरू र बौद्ध धर्मग्रन्थहरू पठाएको चर्चा छ । यसको बदलामा फेरि चीन सम्राट्ले खुसी भएर नेपाली दूतमार्फत मदनरामलाई घोडाको चिन्ह भएको सम्राट्को चाँदीको छाप लागेको दुइ खण्ड गरी बन्द गरिएको राजकीय प्रत्युत्तरपत्र र साथमा रेशमी पताका तथा रङ्गीन रेशमसमेत पठाएका थिए ।[१०]

उपर्युक्त घटनाको ३ वर्षपछि यस्तो दूतमण्डलीको पुन: आदानप्रदान भयो। यो घटना वि.सं. १४४७ को (हुङ्-वुको २३ औं वर्षको बाह्रौं महिना) थियो । यस पटक नेपाली दूतमण्डली पनि चीन बाद्शाह हुङ्-वु गद्दीमा बसेको नयाँ वर्षको उत्सव मनाउने क्रममा चीन पुगेको थियो । त्यसबेला पनि चिनी सम्राट्ले बनेपा-पलान्चोकतर्फका नेपाली शासक मदनरामलाई र अरू त्यहाँ पुगेका प्रतिनिधि मण्डलका सबै सदस्यलाई ६।६ थान रेशमी वस्त्र दिई पठाएका थिए । यसका साथै चीनको आचार, रीतिरिवाजसँग सम्बन्धित मन्त्रालय मार्फत मदनराम तथा अरू सबैलाई घोडाको छाप लागेको मुद्रा तथा रातो रेशमको

छाता उपहारस्वरूप दिई पठाएका थिए ।[११] मदनरामको शासनकालमा दोस्रोपटक नेपाल आउने दूतमण्डलीको नेतृत्व भिक्षु फा-सेन् भन्नेले गरेका थिए ।[१२] यस ऐतिहासिक सम्बन्धलाई सांकेतिक रूपमा नै भए पनि नेपाली स्रोतले पनि प्रकाश पारेको पाइएको छ । केशर पुस्तकालयमा रहेको 'सुमति सिद्धान्तटिका' नामक पुस्तकको पुष्पिका वाक्यमा नेपाल-भोट-चीन बीचको यस सम्बन्धका बारेमा निम्न रूपमा उल्लेख भएको छ :-

"ने.सं. ५१० (वि.सं. १४४७) आश्विन कृष्ण औंशीका दिन सूर्यग्रहण लागेको थियो... त्यो ग्रहण लागेका बेला भोटका सक्या मठ र महाचीनसँग सम्बन्ध बाँधियो । यसै ग्रहणमा पलान्चोकका जेतले (जेतराम) ले श्रीमहाविहारको प्रतिष्ठा गरे ।"[१३]

यस्तैगरी मदनराम वर्द्धनका छोरा शक्तिसिंहराम वर्द्धनले पनि भोट-चीनबीच बाबा बाजेकै झैं विशेष सम्बन्धलाई कायमै राखेका थिए । यिनका पालामा चीनमा चु-ता-पी अर्थात् युङ्-लो सम्राट् बनेका थिए । यी सम्राट् युङ-लो र बनेपा पलान्चोकका वर्द्धन परिवारबीच धेरैपटक दूतमण्डल र सर-सौगातको तथा मित्रताका खलितापत्रको आदान-प्रदान भएको थियो । सम्राट् युङ्-लोले वि.सं. १४७२ मा पठाएको संस्कृत भाषामा लेखिएको एउटा प्रवाना पत्र नेपालमा पनि प्राप्त भएको छ । जुन पशुपतिनाथको भण्डारमा सुरक्षित रहेको जानकारी समेत पाइएको छ ।[१४] यस मैत्री सम्बन्धको विषयमा केही चर्चा नेपालका वंशावलीहरूमा पनि पाइन्छ । चीनको मिङ् वृत्तान्तमा पनि यस विषयमा उल्लेख भएको पाइन्छ जसअनुसार वि.सं. १४६६ को माघ महिनामा नेपाली दूतमण्डली चीन पुगेर बादशाह चुङ-लोलाई नेपाली घोडाहरू उपहारस्वरूप चढाएका थिए र सम्राट्बाट त्यसको बदलामा प्रत्येकलाई बुट्टादार रेशमी वस्त्र दिइएको थियो ।

यसै गरेर वि.सं. १४६९ मा चीन दरबारका एकजना नपुंसक कामदार 'होशिन' भन्नेको नेतृत्वमा विशेष किनारायुक्तपातलो रेशमी कपडा हाते कोसेली दिएर नेपालका शासक शक्तिसिंहराम आदिलाई भेट्न अर्को चिनियाँ दूतमण्डल चीन सम्राट् युङ-लोले पठाएका थिए । यस्तै वि.सं. १४७१ मा पलान्चोके शक्तिसिंहरामले नेपाली उपहारका सामग्री साथमा राखेर चीन बादशाहलाई भेट्न आफ्नो दूतमण्डली फुन ? पठाएका थिए र यसपल्ट पनि बादशाहबाट स्वर्णमिश्रित चाँदीका मुद्रा तथा एउटा खलिता पत्र नेपाली दूतमण्डलीको साथमा पठाएका थिए । वि.सं. १४७२ मा बादशाहले लेखेको भर्खरै माथि उल्लिखित प्रवाना पत्र यहीं वि.सं. १४७१ मा चीन जाने नेपाली दूतहरूका साथमा चिनियाँ दूत तिङ्तासी र रिजिनले लिएर आएको हुनु पर्दछ । यस पत्रमा अत्यन्त हित-चित्त मिलेको र आफूलाई सम्मान गरेर कोसेली सौगात

पठाउने भएको हुनाले 'वाङ्' भन्ने चिनियाँ उपाधि पनि यी शक्तिसिंहरामले चीनका युङ्-लो सम्राट्बाट पाएका थिए । यसपछि फेरि शक्तिसिंहरामले अर्जीपत्र र सौगातसाथ चिनियाँ दूतहरूका साथ नेपाली दूतमण्डल चीन दरबार पठाएका थिए । चीनबाट पनि बदलामा दूतमण्डल परवाना र सौगात साथमा राखेर पठाइएको थियो भन्ने चर्चा मिङ् वृत्तान्तमा स्पष्ट रूपमा परेको छ । वि.सं. १४७५ श्रावण महिनामा चिनियाँ दूतमण्डल तेङ-चेङ् नामक नपुंसकको नेतृत्वमा रेशमी धागो तथा वस्त्र उपहारस्वरूप साथमा लिएर चीन दरबार गएर फर्कने नेपाली दूतमण्डलका साथ नेपाल आएको थियो । यसपटक नेपालका येलान् (पाटन), कोपन (खोप-भक्तपुर) तथा पुना (पूर्णमती देश-वर्तमान पनौती) आदि ठाउँका स्थानीय शासकलाई पनि चीनका सम्राट्ले कोसेली पठाएका थिए ।[१५] यसरी कोसेली रामवर्द्धन बाहेक अन्य शासकहरूलाई समेत पठाएको भए तापनि चीनको दूतमण्डलीलाई स्वागत गर्ने शक्तिसिंहराम नै थिए । वि.सं. १४८१ मा सम्राट् युङ-लोको मृत्यु भयो । यसपछि धेरै लामो समयसम्म नेपाल-चीनबीचको सम्बन्ध कायम रहन सकेन । मुश्किलले १ पटक पुरानै राजदूत नपुंसक हो-सिङको नेतृत्वमा १४८४ मा चुङ तायी बादशाहले नेपालमा कोसेली र परवाना पत्रसाथ दूतमण्डल पठाएका थिए । यसपटक किनारायुक्त मखमलमा सुनले बुनेको कपडा र रेशम वस्त्रको कोसेली चीनबाट आएको थियो ।[१६] यसपछि उता चीनमा मिङवंश कमजोर हुँदै जानाले र यता नेपालका बनेपा-पलान्चोके शासक वर्द्धनपरिवारको पनि अघिको स्थितिमा कमी आउँदै गएको हुनाले यस्तो उत्तरतर्फको निकट सम्बन्धमा केही गिरावट अवश्य आयो ।

यस किसिमले बनेपा-पलान्चोक तर्फका स्थानीय शासक तथा नेपालका शक्तिशाली भारादार रामवर्द्धनहरूको नेपालको उत्तरतर्फको राजनीतिक-सांस्कृतिक तथा आर्थिक सम्बन्ध विस्तार गर्नमा ठूलो भूमिका रहेको कुरा स्पष्ट हुन्छ । माथि उल्लेख गरिएका तथ्यहरूले उनीहरूको खास गरी चीनसँगको राजनीतिक सम्बन्धलाई स्पष्टयाए तापनि दुइ देशबीच आर्थिक तथ्य सांस्कृतिक सम्बन्ध समेत कायम थियो भन्ने कुरा बुझिन्छ । दुवै देशमा उत्पादन हुने आ-आफ्ना वस्तुहरू एकअर्कोमा आदानप्रदान हुँदै जाँदा दुवै देशबीच त्यस्ता वस्तुहरूको व्यापारिक आदानप्रदान हुनमा समेत सघाउ पुग्नु स्वभाविकै हो । अर्कातर्फ यी रामवर्द्धन परिवारको पुर्ख्यौली धर्म हिन्दू भए तापनि भोट-चीन तथा भारतीय भूभागबीच निकासी-पैठारी व्यापारमा संलग्न हुने क्रममा तिब्बती बौद्ध परम्पराको र यता नेवार व्यापारी-शिल्पी वज्राचार्य, शाक्य आदिसँगको सम्बन्धले यहाँको महायानी बौद्ध परम्पराको गहिरो प्रभाव परेको थियो । त्यसै हुनाले उनीहरूले बौद्ध विहारहरू स्थापना गरेका, जीर्णोद्धार गरेका तथा बौद्ध

प्रतिमाहरू स्थापना गरेका उदाहरण पाइन्छन्। चिनियाहरूसँग विशेष सम्बन्ध राख्ने मदनराम वर्द्धनको त विवाह नै जैत्रलक्ष्मी नामक बौद्ध वज्राचार्यकी छोरीसँग भएको थियो।[१७] इटुंवहाल भेकमा यिनीहरूका बुद्धधर्मसँग सम्बन्धित कृतिहरू देखिएका छन्। यिनीहरूकै नातेदार जेतराम भन्नेले पलान्चोकमा बौद्ध विहारको प्रतिष्ठा गरेको र भोटको स-क्या मठसँग समेत मदनरामकै पालामा विशेष सम्बन्ध कायम भएको चर्चा पाइनाले यिनीहरूको बुद्धधर्मप्रतिको झुकाउ र भोटसँगको सम्बन्ध विस्तारका वारेमा जान्न सकिन्छ। उता चीनबाट सम्राट् युङलोले पठाएको पत्रमा शक्ति सिंहराम वर्द्धनलाई "तिमी हामीमा भक्ति राख्दछौ, हाम्रै धर्म मान्दछौ ..." भन्ने जस्ता वाक्यको प्रयोग भएबाट पनि चिनियाँहरूलाई उनले म पनि बुद्धधर्म मान्ने हुँ भनेर विंश्वास जितेका थिए भन्ने कुरा स्पष्ट हुन्छ। यी वर्द्धन परिवारका हातमा भोटे व्यापारीहरू धेरै रहेका उदाहरण गोपालवंशावलीकै चर्चाबाट पनि स्पष्ट हुन्छ। स्थिति मल्लसँग विरोध पर्दा बनेपाका भारो जयसिंह रामवर्द्धनले उपत्यका वरिपरिको टोखा, कपन, फर्पिङ आदि किल्ला हात लगाउनुका साथै भोटेहरूलाई समेत उक्साई विद्रोह गर्न लगाएको चर्चा गोपाल वंशावलीमा पाइन्छ।[१८] त्यसैगरी उपत्यकालाई पूरै आर्थिक नाकाबन्दी लगाउन पनि यी वर्द्धन परिवारहरू सफल भएका उदाहरण पनि पाइएका छन्। जस्तै, एकपटक स्थिति मल्लसँग विरोध परेको बेलामा भोटे व्यापारी र तिरहुते व्यापारीहरूसँग मिली जयसिंहराम वर्द्धनले कपडा, नून, सुन-चाँदी र चामलको भाउमा आफ्नो नियन्त्रण राख्नुका साथै पूरा बजार नै एकहट्टी गरी उपत्यकाका नेवारका हातबाट व्यापारसम्बन्धी कारोवार आफ्नो हातमा एकलौटी पारेका थिए।[१९] यसो हुँदा भोट र तराईबीचको निकासी-पैठारी व्यापारमा आ-आफ्नो हात बढाउन उनीहरूलाई अझै सजिलो परेको थियो।

यी रामवर्द्धन परिवारको शासन केन्द्र पलान्चोक भए तापनि, पाँच गाउँको नामले प्रसिद्धि पाएको बनेपा, पनौती, धुलिखेल, खोपासी, नाला, साँगा आदि उपत्यका पूर्वका महत्त्वपूर्ण वस्तीहरूले युक्त क्षेत्रमा उनीहरूको अधिकार कायम थियो। यसले गर्दा यी क्षेत्रभन्दा पूर्वका प्रदेश पनि उनीहरूकै अधिकारमा हुनु स्वाभाविकै हो। त्यसैले कुती पूर्वका भोट व्यापारका घाँटी तथा काठमाडौँको राजनीतिमा र खास गरी उत्तरतर्फको सम्बन्धमा उनीहरूको विशेष हात हुनाले क्यीरोङ घाँटीमाथि पनि यिनीहरूको अधिकार अवश्य थियो। त्यसैले उनीहरूको स्वीकृतिविना उपत्यकाका अरू व्यापारीले उत्तर-दक्षिणको निकासी-पैठारी व्यापारमा स्वतन्त्र रूपले हात हाल्न पाउँदैनथे। यतिमात्र नभएर भोट व्यापारका बाटाघाटाका भन्सारहरू माथि पनि उनीहरूको अधिकार हुने हुनाले उनीहरूलाई प्रशस्त आर्थिक लाभ पनि हुन्थ्यो। यिनै कारण चिनियाँ तथा

भोटकै शासकहरू समेतलाई नेपालका वास्तविक शासक यिनै थिए भन्ने विश्वास परेको थियो ।

उत्तर-दक्षिणको बाह्य व्यापारको क्षेत्रमा राजा स्थिति मल्लको शासनकालमा पनि केही कार्यहरू भएका थिए । एकातिर माथि उल्लेख गरिएका रामवर्द्धन परिवारहरू उनको शासनकालमा पनि सशक्त नै थिए । त्यसै हुनाले पनि बाह्य व्यापारमा उन्नति हुनु स्वाभाविकै थियो ।

भाषावंशावलीमा स्थिति मल्लको सुधारअन्तर्गत ल्हासातर्फको खेप व्यापार गर्ने व्यापारीहरूको चर्चा परेको छ जसमा कुनै पनि ब्राह्मण पुरुष ल्हासा जानेहरूका स्वास्नीसँग लहसिएमा १२० रूपैयाँ दण्ड गर्ने व्यवस्था बाँधिएको उल्लेख छ ।[२०] असंख्य नेपाली व्यापारीहरू घरमा स्वास्नी छोराछोरीलाई छाडेर धेरै लामो समय भोट व्यापारमा बिताउँथे र त्यसले गर्दा यस्ता व्यापारीका तरुनी स्त्रीहरू परपुरुषसँग लहसिने हुनाले सामाजिक समस्या नै पैदा भएको थियो भन्ने स्पष्टै जानकारी हुन्छ । यस्तै गरी स्थिति मल्लले गरेको जातीय पेशाको व्यवस्थामा 'उदास' जातलाई ल्हासा व्यापार गर्ने र कोठी खोल्ने कामको जिम्मा दिइएको देखिन्छ ।[२१] यस्तै किसिमले मूलमी श्रेष्ठ, भारो श्रेष्ठ तथा ठाकुरको पेशागत व्यवस्थामा पनि वाणिज्य-व्यापार गर्ने भनी तोकिएको देखिन्छ ।[२२]

यी उपर्युक्त तथ्यहरूका आधारमा पनि मध्यकालमा भएको व्यापार विस्तार खास गरी भोट व्यापार बारेमा जानकारी मिल्दछ । स्थिति मल्लले पनि परम्परागत पेशालाई दृष्टिगत गरी व्यापार वाणिज्यको कामको जिम्मा दिँदा भोट व्यापार गर्नेहरूलाई त्यही कामको जिम्मा दिएका थिए भन्ने बुझिन्छ ।

यस्तै किसिमले स्थिति मल्लका नाति यक्ष मल्लको राज्य विस्तारको प्रसङ्गले पनि भोटसँगको आर्थिक सम्बन्धको विषयमा केही न केही प्रकाश अवश्य पार्ने हुनाले त्यस विषयमा पनि यहाँ उल्लेख गर्नुपर्ने हुन्छ । मध्यकालमा सुरुसुरुदेखि नै नेपाल उपत्यकाका शासकहरूले भोटतर्फको व्यापार विस्तारको माध्यमबाट भोटका कुती, क्यी-रोङ् जस्ता महत्त्वपूर्ण स्थलहरू माथि अधिकार जमाएका थिए । माथि रामवर्द्धन परिवारको पनि उक्त क्षेत्रसम्म पहुँच थियो भनेर उल्लेख गरियो ।

यक्ष मल्लको विजयको क्रम पनि भोटका यी प्रदेश नाघेर त्यो भन्दा अगाडिसम्म बढेको संकेत पाइएको छ । वि.सं. १६७१ तिर भक्तपुरका राजा जगज्योति मल्लका पालामा लेखिएको 'नरपतिजयचर्यास्वद्रोदयटीका' नामक एक हस्तलिखित ग्रन्थमा यक्ष मल्लले नेपाल उपत्यकाबाट ७ दिनसमम हिंड्ने बाटो जितेर भोटका केही भूभागहरू समेत हात लगाएको उल्लेख छ ।[२३] यो उल्लेख त्यति कपोलकल्पित र असम्भव थिएन । किनकि कुती, क्यी-रोङ् तर्फका

घाँटीहरू र ल्हासा व्यापारको बाटोघाटो माथि यक्ष मल्लमात्र नभएर सबैजसो उपत्यकाका शासकहरूको अधिकार जमेको थियो पछि महेन्द्र मल्ल, प्रताप मल्लहरूका शासनकालमा पनि भोटका यी भूभागहरूमाथि नेपालको अधिकार जमेको थियो । यसका विषयमा तल यथास्थानमा चर्चा गरिनेछ । त्यसबेला यसरी उत्तरतर्फ राज्य विस्तार गर्नुपर्ने मुख्य कारण भोट व्यापार नै थियो ।

कान्तिपुरका राजा महेन्द्र मल्लको पनि मध्यकालको नेपाली व्यापार-वाणिज्यको विकास-विस्तारमा महत्त्वपूर्ण भूमिका रहेको छ । महेन्द्र मल्लको स्थितिमा यहाँ असल (मिही) कपडाको उत्पादन गरेर पहाड, तराई तथा बाहिरबाहिर पनि निकासी व्यापार गरी फाइदा गर्न जनतालाई आह्वान गरेको देखिन्छ ।[२४] स्मरणीय छ, तिनताका नेपालबाट भोटतर्फ निकासी हुने सामग्रीमा खस्रो वानाका कपडा पनि पर्दथे । त्यस्तैगरी महेन्द्र मल्लले नेपाल-भोट तथा तराई (भारतीय भूभाग) सँगको व्यापार चलाई फाइदा उठाउनका निमित्त मुगल सम्राट्का मुद्राको ढाँचामा चाँदीका 'महीन्द्र मल्ली' मुद्रा समेत चलाएका थिए । व्यापार-वाणिज्यको विस्तारका निमित्त मुसलमान (काश्मिरी) हरूलाई समेत ल्याई उपत्यकामा स्थायी रूपमा घरखेत समेत दिएर बसाएको चर्चा पनि वंशावलीमा पाइन्छ ।[२५] यस्तै किसिमले कान्तिपुरका राजा प्रताप मल्लको र ललितपुरका राजा सिद्धिनरसिंह मल्लको पनि बाह्य व्यापारको क्षेत्रमा उल्लेखनीय देन रहेको छ । तिनताका कान्तिपुर र ललितपुरबीच भोटव्यापारको विषयमा खटपट पनि भएको थियो । कान्तिपुरको पहिलेदेखि चलिरहेको भोटसँगको व्यावसायिक सम्बन्ध विच्छेद गराएर भोटतर्फको व्यापारमा आफ्नो प्रभुत्व कायम गर्ने कोसिस ललितपुरका राजा सिद्धिनरसिंह मल्लले गरेका थिए ।[२६] गोरखाका राजा रामशाह (वि.सं. १६६६-१६९३) सँग समेत मित्रता कायम गरेर गोरखामा पाटनका व्यापारीहरू पठाई व्यापारिक कोठी समेत खोलाएका थिए ।[२७] यस्तै गरी ललितपुरका बौद्ध पण्डित तथा शिल्पीहरूको माध्यमबाट भोटसँगको सम्बन्ध यिनका शासनकालमा अझ नजिकिएको थियो । बौद्धमार्गी व्यापारीहरूलाई उत्साहित गरी भोटसँग पनि सिद्धिनरसिंह मल्लले व्यापार विस्तार गरेका थिए ।[२८]

भोटसँग कान्तिपुरको सम्बन्ध पहिलेदेखि नै कायम थियो । लक्ष्मीनरसिंह मल्लका पालामा यस सम्बन्धमा अझ विस्तार भएको थियो । यस बेला भोटका ठूलठूला लामाहरूले नेपाल उपत्यकाको भ्रमण गरेका थिए ।[२९] लक्ष्मीनरसिंह मल्ल र प्रताप मल्लका पालाका काजी भीम मल्लको भोटतर्फको प्रभाव विस्तार र व्यापार वृद्धिको भूमिका यहाँ उल्लेखनीय छ।

लक्ष्मीनरसिंहभन्दा उनका छोरा प्रताप मल्ल सुयोग्य शासक थिए । छिमेकका अरू राजाहरूभन्दा प्रताप मल्ल चतुर, वीर, ज्ञानी र व्यावहारिक पनि

थिए । प्रताप मल्लका काजी भीम मल्लका प्रयासले काठमाडौँ उपत्यकाका व्यापारीहरूले भोटमा व्यापार विस्तार गर्ने राम्रो मौका पाएका थिए । तिनताका भोटका कुती, क्यीरोङ् आदि इलाका पूर्णरूपले कान्तिपुरको अधीनस्थ भएका थिए । वि.सं. १७०५ को पाटनको कृष्णमन्दिरस्थित प्रताप मल्लको अभिलेखले यस विषयमा स्पष्ट जानकारी दिन्छ । उक्त अभिलेखमा "प्रताप मल्लले भोटको राज्यमा पर्ने कुती, कीरोङ्, खासा आदि जित्नु भयो"[३०] भन्ने उल्लेख छ । यस घटनाको सम्बन्ध भाषावंशावलीमा उल्लिखित भीम मल्लको भोट विजय, भोटेहरूसँगको सन्धि र व्यापार-वाणिज्य व्यवस्थासँग अवश्य हुनुपर्दछ । त्यसैले यहाँ संक्षेपमा भीम मल्लले गरेको भोट सन्धि तथा नेपाली व्यापारीहरूको व्यवस्थाका बारेमा उल्लेख गर्नु आवश्यक हुन्छ ।

भाषावंशावलीमा प्रताप मल्लले भीम मल्ललाई भोटतर्फ चढाई गर्न १२ वर्षको बिदा दिएर पठाएको र उनले पनि राजाको हुकुम शिरोपर गरी भोट विजय गर्दै गएर अन्त्यमा नेपाललाई फाइदा हुने गरी सन्धि गरेर धेरै धनसम्पत्तिसहित लिएर फर्किएको चर्चा छ ।[३१] भोटको चढाई गर्न भीम मल्ललाई पठाउँदा सांखुसम्म राजा प्रताप मल्ल आफैँ पनि गएका थिए र ठूलो दलबलसहित भीम मल्ल भोटतर्फ गएका थिए । उनी खासा, कुती, शिकाचे (दिगर्चा) सम्म सर गर्दै अगाडि बढ्न थालेपछि भोटेहरूले सन्धिको वार्ता चलाउन आग्रह गरेका थिए र त्यसपछि भीम मल्ल ल्हासा पुगेका थिए । भीम मल्ल सुन चाँदीका खानीको अवलोकन र सुनचाँदीको दौलत संकलन गर्न ल्हासाबाट पनि १५/२० दिनको बाटो उत्तरसम्म पुगेका थिए । उनले आफ्ना नेपाली व्यापारी तथा भोटका महाजनहरूसमेत धेरै फौज र ढाकेहरू साथमा लिई भेडाच्याङ्ग्रा, याग, खच्चर आदिमा सातु र चियाको भारी लादेर सुनचाँदी साट्दै सम्पत्ति बटुल्ने काम गरेका थिए । सातुले बुकी सुन सरोवरी भाउमा साट्ने र असंख्य परिमाण नून सित्तैमा बटुलेर भारीका-भारी नेपाल ल्याउने काम समेत गरेका थिए । वंशावलीमा उनले ५ करोडको सम्पत्ति भोटबाट ल्याएको उल्लेख पाइएको छ तर यसमा अतिशयोक्ति अवश्य रहेको हुनुपर्दछ । यसो भए पनि पछि शाहकालमा नेपाल-भोट युद्धसम्बन्धी पुराना कागजपत्रहरूमा ५०,००० जतिको सम्पत्ति भीम मल्लले ल्याएको उल्लेख चाहीँ पाइन्छ । उक्त धन उनले भोटसँगको युद्धमा भएको खर्चको हर्जाना स्वरूप असुल गरेका थिए भन्ने पनि जानकारी हुन्छ । हर्जानाबाहेक सुनचाँदी तथा अन्य व्यापारिक साटफेर गरेर ल्याएको सम्पत्ति जोड्दा १/२ लाखसम्मको हुनु चाहिँ स्वाभाविकै पनि देखिन्छ ।

भाषावंशावलीमा वर्णन भएअनुसार भीम मल्ल डुग्-प ज़ातिहरू भएको ठाउँसम्म पुगेको चर्चा भएकोले रालुङ् विहार भएको ठाउँतिर उनी पुगेका हुन्,

कि भन्ने अनुमान हुन्छ । किनकि त्यहाँ डुग्-पहरूको ठूलो प्रभाव हुनुको साथै विहार पनि थियो । यस्तैंगरी भीम मल्ललाई महाकाल (गोन्पो) को शक्तिशाली रूप जस्तो देखेर आत्मसमर्पण गरी स्वागत गर्ने भोटका शासक लामालाई भाषावंशावलीमा अजित लामा भनिएको छ । यी अजित लामा भनेका प्रथम पन्-छेन लामा वा पाँचौ दलेलामा लो-सङ् ग्या-छो हुनुपर्दछ । किनकि भीम मल्लले भोटमा आक्रमण गरिको समय (करिब विक्रमको १६९९-१७०१।२ तिर) तिब्बतमा मुख्य शासक पञ्चम दलेलामा र धर्मगुरु वा सहायक शासक प्रथम पन्-छेन लामा थिए ।[३२]

यसरी भीम मल्लले भोट विजय गरी सन्धि गरेर लामाहरूबाट सरसौगात तथा व्यापारिक विनिमयसमेत गरी असंख्य सम्पत्ति लिएर नेपाल फर्किएका थिए । वंशावलीमा वर्णित विवरणअनुसार भीममल्लले गरेको भोट सन्धिका शर्तलाई निम्न रूपमा उल्लेख गर्न सकिन्छ-

१. कुती-कीरोङ तथा त्यस आसपासका भू-भाग आधा नेपालको र आधा भोटको हुने ।
२. नेपालका ३२ केठी महाजन भोटमा व्यापार गरी बस्ने र तिनीहरूमाथि भोटेहरूले कुनै पनि किसिमको दस्तुर असुल गर्न नपाउने, भोट व्यापारको व्यापार कर नेपालले नै लिन पाउने ।
३. नेपालबाट भोटमा हुने व्यापार र व्यापारीको रेखदेख र व्यवस्थाका निमित्त भोटमा नायक (वाणिज्य दूत) रहने, नेपालको माध्यमबाट भोट गएका काश्मिरी व्यापारीको पनि रेखदेख नेपाली नायकबाटै हुने ।
४. नेपाली व्यापारी तथा अरू साधारण नेपाली प्रजाको मुद्दामामिला भोट सरकारले हेर्न नपाउने, नेपाली शासकले नै मुद्दा हेर्ने, छिन्ने र दण्डदस्तुर लिने ।
५. भोटमा नेपाली पैसा (मोहर) मात्र चलाउन पाइने ।
६. १ रूपैयाँको १३ मासा चाँदी, १२ रूपैयाँको १ तोला वुकी सुन, १ रूपैयाँको ३ पाथी नूनको दरभाउ कायम गरी यसै भाउमा किनबेच गर्ने ।
७. भारत र भोटबीचको व्यापार गर्ने आवतजावतको बाटो नेपाल उपत्यका भएर जाने बाटो मात्र अपनाउन पाईने अन्यत्र ठाउँबाट जान नपाइने ।
८. भोटमा मरेका नेपाली महाजन व्यापारीको मऱ्यो अपुताली भोटले लिन नपाउने, नेपाल सरकारकै हुने आदि ।

यसरी भीम मल्लले गरेको व्यवस्थाले नेपालको बाह्य व्यापारले फष्टाउने मौका पायो । कान्तिपुरे व्यापारीले व्यापार स्वतन्त्रता पाए । कान्तिपुर बाहेकका अरू नेपाली व्यापारीलाई पनि यस व्यवस्थाबाट सजिलो भयो । कान्तिपुर

बाहेकका‌ले भने कान्तिपुरलाई व्यापारिक आवतजावत गर्दा भन्सार महसुल बुझाउनु पर्दथ्यो ।

यस्तै गरेर वि.सं. १५४०/४५ ताकादेखि भक्तपुरबाट छुट्टिएर स्वतन्त्र भएको दोलखा राज्यको पनि नेपाल उपत्यकाको मध्यकालिक बाह्य व्यापारको क्षेत्रमा महत्त्वपूर्ण भूमिका रहेको छ । दोलखाका शासकहरूमा पनि वि.सं. १५९१ मा राजा हुने इन्द्रसिंहदेवको बाह्य व्यापारको उत्थानमा विशेष भूमिका रहेको देखिन्छ ।

दोलखाको बस्तीको विकास प्राचीनकालदेखि नै हुँदै आएको संकेत पाइए तापनि ऐतिहासिक स्रोतसामग्रीहरू भने मध्यकालका मात्र पाइएका छन् । दोलखाको विकासमा भोट-चीन र भारतबीचको मध्यस्थ व्यापार मार्गको विशेष भूमिका रहेको छ । किनकि तराईबाट जनकपुर, जलेश्वर, सिन्धुलीमाडी हुँदै दोलखा आएर त्यहाँबाट लामाबगर, फल्याग् हुँदै कुतीतर्फबाट भोट व्यापारमा जानेआउने व्यापार मार्ग मध्यकालमा अयन्त प्रचलित थियो । त्यस्तै हुनाले उपत्यकाको विभाजनपछि दोलखाले बीच बाटोमा बसेर आफैं व्यापार गर्न र व्यापार तथा भन्सार महसुल असुल गरी फाइदा उठाउने राम्रो मौका पाएको थियो । दोलखाका शासकहरू सबै नै भोट व्यापारमा संलग्न भएको जानकारी पाइएको छ ।[३३] भोट जाने चल्तीको बाटोमा रहेको र उपत्यकाको राजनीतिक कमजोरीको कारण करिब १ शताब्दीसम्म स्वतन्त्र समेत रहेको हुनाले दोलखाका राजा र जनताले बाह्य व्यापारको माध्यमबाट प्रशस्त सम्पत्ति आर्जन गरेका थिए । राजाधिराज इन्द्रसिंहदेवले त यस मध्यस्थ व्यापारको विस्तारका निमित्त विनिमय परम्परामा सुधार गर्न मुगलको शैलीका चाँदीका मोहरको टकमरी गराई प्रसारित पनि गरेका थिए । मल्लकालका नेपालका शासकहरूमा मुगल शैलीका चाँदीका मोहर टकमरी गराउने राजमा पहिलो स्थान इन्द्रसिंह देवको आउँछ ।[३४] भोटबाट सुनचाँदी हात लगाउने, चाँदीमा चास्नी मिसावट गर्ने र मोहर बनाएको दस्तुरसमेत लिई चाँदीका मोहर पठाउने यो परम्परा दोलखाका राजा इन्द्रसिंहदेवले नै पहिले चलाएको कुरा अहिले प्रमाणित भएको छ । त्यसैले मोहर प्रसार गरेर दोलखाले बाह्य-व्यापारमा विस्तार गर्ने तथा भोटबाट आर्थिक लाभ गर्ने नीति लिएको थियो । वास्तवमा दोलखा एउटा बाह्य व्यापारको कारण धनधान्यपूर्ण भएको व्यापारिक बस्ती थियो ।

यसरी मध्यकालको बाह्य व्यापारमा शिवदेव राजादेखि क्रमशः सिंहसार्थवाह, अरनिको, पलाञ्चोकका वर्द्धनहरू, स्थिति मल्ल, यक्ष मल्ल, महेन्द्र मल्ल, भीम मल्ल, प्रताप मल्ल, सिद्धिनरसिंह मल्ल तथा दोलखा र त्यहाँका शासकमा खासगरी राजाधिराज इन्द्रसिंहदेवको विशेष भूमिका रहेको देखिन्छ ।

मध्यकालमा नेपालको बाह्य व्यापार विस्तारमा त्यस युगका शासकहरूले समेत विशेष भूमिका निभाएका थिए भन्ने विषयमा सप्रमान माथि उल्लेख गरियो । बाह्य व्यापारकै सन्दर्भमा नेपालबाट उत्तर-दक्षिणतर्फ निकासी हुने तथा त्यताबाट नेपालमा पैठारी हुने व्यापार सामग्रीको विषयमा पनि यस सन्दर्भमा उल्लेख गर्नु जरुरी हुन्छ ।

मध्यकालको पूर्वार्द्धताकाका ऐतिहासिक सामग्रीको अभावमा तिनताका के कस्ता वस्तुको उत्तर-दक्षिणबाट नेपालमा आयात हुन्थ्यो र कस्ता वस्तुको नेपालबाट निर्यात हुन्थ्यो भन्ने विषयमा स्पष्ट जानकारी पाउन त सकिएको छैन, तापनि एकाद सांकेतिक उल्लेखका आधारमा भने केही प्रकाश पार्न अवश्य सकिन्छ । मध्यकालको उत्तरार्द्धका भने स्रोत सामग्रीको प्रचुरताको कारण धेरै नै जानकारी पाइएको छ ।

ऐतिहासिक स्रोत-सामग्रीमा उल्लेख भएका सांकेतिक प्रमानका अनुसार मध्यकालको पूर्वार्द्धताका नेपालबाट उत्तरतर्फ निकासी हुने सामग्रीहरूमा सुनचाँदी, तामा, काश्य (ढलौट) आदिका प्रतिमा, सांस्कृतिक महत्त्वका भाँडावर्तनहरू, बुद्धधर्मका बहुमूल्य हस्तलिखित ग्रन्थहरू, सुवर्ण तथा अन्य धातुका धात्विक चैत्यहरू, असल जातका घोडा, फलामका तरबार आदि पर्दथे भन्ने बुझिन्छ । यस्ता नेपालबाट भोट-चीनतर्फ निकासी हुने वस्तुको उल्लेख नेपालबाट चीनका तात्कालिक सम्राट्हरूलाई दूतमण्डलीका साथमा पठाएका हाते कोसेलीका सूचीमा भएको पाइन्छ ।[३५] डि.आर.रेग्मीले तिनताका यताबाट नेपालीहरूले बुनेका कपडाहरू, गहुँ, जौजस्ता अन्न र खुर्सानी, मरीच आदिको पनि निकासी हुन्थ्यो भनेर उल्लेख गरेका छन् ।[३६] नेपालबाट बुद्धधर्मसँग सम्बन्धित मूर्तिहरू अन्य सांस्कृतिक र धार्मिक महत्त्वका कलात्मक वस्तुहरूको भोटतर्फ निकासी हुने परम्परा प्राचीनकालदेखि नै चलेको थियो ।[३७] मध्यकालको पूर्वार्द्धदेखि बौद्ध पण्डित तथा कलाकार कालीगढहरूको आवतजावत गर्ने संख्यामा वृद्धि भएको हुनाले भोटतर्फको निकासी व्यापारमा समेत वृद्धि हुन थालेको देखिन्छ । तिनताका उत्तरतर्फबाट नेपाल आयात हुने सामग्रीहरूमा सुनचाँदी, रेशमी धागो, बस्त्र तथा रेशमका छाता तथा विभिन्न वस्तुहरू साथै नून, ऊन आदि पर्दथे ।[३८] यस बाहेक बहुमूल्य पत्थर, चमर, कस्तूरी, भुवादार छाला तथा छालाका लुगाहरू, केही जडीबुटी, भोटे घोडा, खच्चर तथा भेँडा-च्यांग्रा आदिको समेत भोटतर्फबाट नेपालमा आयात हुने परम्परा प्राचीनकालदेखि नै चल्न थालेको बुझिन्छ । प्राचीनकालदेखि नै भोटबाट बंगालको बजारमा प्रशस्त घोडाहरू बिकीको निमित्त पुऱ्याइन्थे भन्ने उल्लेख पाइएको छ ।[३९]

उत्तरमध्यकालमा पनि आयात-निर्यातका वस्तुमा त्यति अन्तर आएको देखिँदैन तर यस कालमा निकासी व्यापारको मात्रामा भने अवश्य वृद्धि भएको थियो । यस कालमा नेपालबाट उत्तरतर्फ निकासी हुने सामग्रीमा धातुका मूर्तिलगायत अन्य कलात्मक वस्तुहरू, भाँडावर्तन, त्यस्तै गरी काठ तथा माटोका कलात्मक वस्तुहरू, केही खाद्यान्न चामल, गहुँ आदि र सातु, पिठो, खुर्सानी, सिमी, वोडी, लसुन, प्याज आदि पर्दथे । यसैगरी साधारण तथा सुनचाँदीका अक्षरले लेखिएका महायान बौद्ध सम्प्रदायका ठूल्ठूला हस्तलिखित धार्मिक ग्रन्थहरू तथा पौभाचित्रहरू र कपडाको पनि यताबाट भोटतर्फ निकासी हुन्थ्यो ।[४०] यहाँका शिल्पीहरूले बनाएका सुनचाँदीका गरगहना र यहाँ टकमरी गरिएका मुद्राको निकासीको परम्परा पनि यस सन्दर्भमा उत्तिकै उल्लेखनीय छ । मध्यकालदेखि भरतीय क्षेत्रबाट आयात गरिएका मरमसला लगायतका केही वस्तुहरूको पनि काठमाडौँ उपत्यका तथा दोलखा-नुवाकोटतर्फका व्यापारीहरूमार्फत् भोटतर्फ निकासी हुन्थे । नुवाकोटमा प्राप्त केही पछि अर्थात् वि.सं. १८८२ को एक पत्रमा नेपालबाट भोटतर्फ जाने सामग्रीहरूमा परापूर्वदेखि चामल, तेल, घ्यू, भ्याँगा (ठूलो तामा वा पित्तले भाँडो) खादि अर्थात् खस्रो लुगा-कपडाजस्ता वस्तु हुन्थे भन्ने चर्चा परेको पाइएको हुनाले[४१] ५०। ६० वर्ष वा १ शताब्दी अगाडिसम्म वा त्यसभन्दा पहिले पनि त्यस्तै सामग्रीको उत्तरतर्फ निकासी हुन्थ्यो भन्ने कुरामा सजिलै विश्वास गर्न सकिन्छ ।

उत्तरतर्फबाट नेपालमा आयात हुने सामग्रीमा मध्यकालको पूर्वार्द्ध र उत्तरार्द्धमा कुनै फ़रक देखिँदैन । सुनचाँदीका जडाउ लागेका उच्चस्तरीय विविध प्रकारका बुट्टेद्दार र रङ्गीन रेशमी वस्त्रहरू चीनदेखि आयात हुने परम्परा कायमै थियो । हुन त असल रेशमको उत्पादन ईशापूर्वका शताब्दीदेखि नै चीनमा हुन्थ्यो र यसको सुवास र माग भारतीय बजारमा समेत फैलिएको थियो भन्ने संकेत कौटिल्यको अर्थशास्त्रमा वर्णित चर्चाबाट मिल्दछ ।[४२] यस्तैगरी उत्तरतर्फबाट आयात हुने ऊन र ऊनले बनेका विविध सामग्री (पाखी, नंवु आदि), चमर, छाला, नुन, भैँडा-च्याँग्रा, घोडा-खच्चर आदिको मध्यकालको उत्तरार्द्धसम्म भइरहेकै थियो ।

यी बाहेक मल्लकालका राजदरबारमा पाइएका सामग्रीहरूमा कलात्मक सजाउने चिनियाँ सामग्रीहरू जस्तै स्वास्नीमानिसका आकृति, सिंह, हात्ती, घोडा, भ्यागुता, बाँदर, कुकुर, बँदेल, मुर्गा आदिका आकृतिहरू पनि भेटिएका हुनाले यस्ता कलात्मक वस्तुको पनि आयात उत्तरतर्फबाट हुन थालेको स्पष्ट जानकारी मिल्दछ । त्यस्तैगरी चिनियाँ छुरी, चिनियाँ रिकापी, चिनियाँ आसनी, चिनियाँ प्याला, चिनियाँ कटारी आदिको पनि प्रयोग मल्लकालका दरबारमा

हुन्थ्यो भन्ने उल्लेख पाइएको छ।[४३] चिनियाँ तास, कोचीन, किमषाप जस्ता कपडाहरू र भोटे चुप्पी आदिको पनि मल्लकालका दरबारमा प्रशस्त उपयोग हुन्थ्यो भन्ने कुरा भक्तपुर दरबारको सामग्री सूचीबाट स्पष्ट हुन्छ।[४४]

गोरखालीहरूको उपत्यका विजयभन्दा २ दशकजति मात्रपछि नेपालभ्रमण गर्ने कर्कप्याट्रिकले तिनताका उत्तरतर्फबाट आयात हुने जनावर तथा वस्तुहरूमा भेँडा-च्याँग्रा, याग, कस्तूरी, कस्तूरीमृग, कुकुर, चकोर, बुकी सुन, तथा सुनका लाप्सा, फड्किरी, नुन, गन्धक, यामुन र कालिज वा डांफे संखिया, हरिताल, चंवर, राडीपाखी, झिट, जटामसी आदि धेरै जडीबुटी र चिया, मुगा, तुथु (इउँ) आदिको समेत चर्चा गरेका छन्।[४५] यीमध्ये डाँफे-मुनाल, कस्तूरी-कस्तूरीमृग आदि नेपालकै उत्तरी भेगमा पनि पाइने हुनाले र डाँफे मुनाल त तिब्बततर्फ भन्दा नेपालमै प्रचुर हुनाले यस्ता कुराहरू नेपालकै हिमाली भोट प्रदेशबाट आयात हुन्थ्यो भन्न सकिन्छ। बाँकी विभिन्न जडीबुटी, खनिजवस्तु, चिया, मुगा, तुथु आदि बहुमूल्य पत्थरहरूको मध्यकालदेखि आधुनिककालसम्म नै तिब्बततर्फबाट यता आयात हुन्थ्यो। नेपालमा निर्माण भएका धातुका अनेक कलात्मक मूर्ति तथा सामग्रीहरूमा तथा गर-गहनामा अत्यधिक रूपमा मुगा, तुथु (हरीया इउँ) आदिको जडाउ गर्ने परम्परा भएको कुरा मध्यकालमा बनेका त्यस्ता मूर्ति तथा सामग्रीहरूको अध्ययनबाट स्पष्ट हुन्छ। नेपालका विभिन्न विहार तथा हिमाली भेकका तथा तिब्बतका गोन्पाहरूमा नेपालमा मध्यकालमा बनेका त्यस्ता बौद्ध मूर्तिहरू अहिले पनि सुरक्षित रहेका पाइन्छन्। नेपालका भोटतर्फ सम्बन्ध हुने वज्राचार्य, शाक्य तथा तुलाधर आदि वर्गले ३०/४० वर्ष अघिसम्म पनि व्यापक रूपमा भोटे चियाको प्रयोग गर्ने गर्दथे र काठमाडौंका विहारहरूमा पनि यसको प्रयोग हुन्थ्यो भन्ने कुरा अहिले पनि बुढापाकाहरूबाट सुन्न पाइन्छ। भारतमा अंग्रेज सरकारका पालादेखि धुलो चियाको प्रयोग गरी गुलियो चिया पिउने चलन चल्नुभन्दा पहिले यस भेकका ठण्डी प्रदेशहरूमा भोटे चियाको प्रशस्त खपत हुन्थ्यो भन्ने पनि जानकारी पाइन्छ। भोटसँगको नेपाल उपत्यकाको सांस्कृतिक-आर्थिक सम्बन्धले यसको प्रयोगमा अझ व्यापकता ल्याएको हुनाले तिब्बतबाट चियाको आयात नेपालमा हुन्थ्यो भन्न सकिन्छ। तिब्बतमा डल्ला पारिएको (ज्यापक्टु) को चलन प्राचीनकालदेखि नै भएको अनुमान हुन्छ। एघारौं शताब्दीमा तिब्बतको भ्रमण गर्ने भारतीय बौद्ध विद्वान् आचार्य अतीश दीपंकरलाई स्वागत गर्दा तिब्बतीहरूले अनेक बहुमूल्य सामग्रीका साथमा चियाका डल्ला समेत चढाएर स्वागत गरेको उल्लेख पाइन्छ।[४६]

यस किसिमले उत्तरतर्फबाट मध्यकालमा नेपालमा आयात हुने सामग्रीहरू धेरै थरी देखिए तापनि नेपालको भोटतर्फको व्यापारको सन्तुलन हेर्दा पूर्णरूपमा

नेपालको पक्षमा थियो भन्ने देखिन्छ । यताबाट उत्तरतर्फ निकासी हुने व्यापारको परिमाण अत्यधिक हुनाले उत्तरबाट यस्ता केही वस्तुको आयात हुँदा नेपालीलाई बेफाइदा थिएन । फेरि यस्ता उत्तरतर्फबाट आयात हुने वस्तुहरू पनि वस्तु विनिमयको प्रणालीमा आधारित हुनुको साथै ती वस्तुको भारततर्फ निकासी गरेर नेपालले बीचमा बसी फाइदा गर्दथ्यो । सुनचाँदीजस्ता बहुमूल्य धातु, सातु र पीठोमा र साधारण खुर्सानीजस्ता वस्तुमा साट्न पाउँदा नेपालीलाई अत्यधिक फाइदा थियो ।

दक्षिणतर्फ पनि नेपालको व्यापार प्राचीनकालदेखि नै चलिरहेकै थियो । मध्यकालको पूर्वार्द्धमा नेपालबाट भारतीय मैदानतर्फ निकासी हुने चीजवीजमा कस्तूरी, घोडा, चमर, ऊन र ऊनबाट उत्पादन हुने विविध सामग्रीहरू जनावरका छाला, जडीबुटीहरू तथा विभिन्न धात्विक तथा काष्ठकलासँग सम्बन्धित सामग्री आदि पर्दथे ।[४७] फलामे तरबार तथा नेपाली कागजको पनि त्यसतर्फ निकासी हुन्थ्यो भन्ने संकेत पाइएको छ ।[४८] मध्यकालको पूर्वार्द्धताका लेखिएको 'युक्तिकल्पतरु' नामक ग्रन्थमा नेपालका तरबारको ख्याति र माग भारतसम्म पुगेको उल्लेख पाइएको छ भने यसै समयताका कागज बनाउने सीप पनि नेपालबाट भारतीयहरूले सिकेको चर्चा पाइएको छ ।[४९] ईशापूर्व तेस्रो शताब्दीताकादेखि नै नेपालबाट भारततर्फ राडीपाखी, छाला आदिको निकासी व्यापार चल्दथ्यो भन्ने उल्लेख आचार्य कौटिल्यले गरेका छन् ।[५०] त्यस्तैगरी ऊन र ऊनका सामग्री, तामाका भाँडाकुँडा तथा अन्य कलात्मक सामान, मृग चर्म, कस्तूरी, चँवर, फलाम, आदिको भारततर्फ निकासी व्यापार हुन्थ्यो भन्ने स्पष्ट उल्लेख लिच्छविकालका केही अभिलेखहरूमा पाएको छ ।[५१] इशाको एघारौं शताब्दीका दक्षिण भारतका १ जना राजा यादवकृष्णको ताम्रपत्रमा नेपालका सेता चँवर र कस्तूरीको वर्णन गर्दै त्यस्ता वस्तु नेपाल गएर ल्याउ भनी उनका दरबारमा पालिएका सुगा र सारीका जस्ता चराले समेत बिहान सबेरै बोल्दथे भन्ने उल्लेख पाइएको छ ।[५२] नेपालबाट मनःशिल, चिराइतो, नीम, तामा, काम्लो, एक किसिमको उखु, नवमल्लिका, सेतो नेवारी फूल, शेफालिका फूल आदिको बाहिर भारतसम्म माग हुनुको साथै त्यसतर्फ निकासीसमेत हुने हुनाले ती वस्तुको विशेषण नै नेपाली रहन गएको चर्चा प्राचीनदेखि पछिसम्मका भारतीय साहित्यहरूमा पाइन्छ ।[५३] यी वस्तुहरूमध्ये धेरैजसो प्राचीनकालदेखि नै नेपालबाट भारतीय मैदानतर्फ निकासी हुन्थे । मध्यकालमा पनि यस्ता वस्तुको निकासी कायमै थियो भन्ने कुरा युक्तिकल्पतरुको फलामे तरबारको चर्चा, दक्षिण भारतका राजा यादवकृष्णको ताम्रपत्रको चमर, कस्तूरीको चर्चा, नेवारी फूलहरूको चर्चा आदिबाट स्पष्ट भएको छ । यी सबै वस्तु काठमाडौं

उपत्यकामा नै उब्जने तथा उत्पादन हुने भएर स्थानीय व्यापारी उपत्यकाका व्यापारीमार्फत् निकासी हुन्थे भन्ने कुरामा शंका रहँदैन।

यसैगरी भारतीय मैदानबाट पनि नेपालमा खपत गर्ने तथा तिब्बततर्फ निकासी गर्ने उद्देश्यले विभिन्न वस्तुको आयात हुन्थ्यो। यसैकारणले दक्षिणतर्फको निकासी-पैठारी व्यापारमा सन्तुलनलाई दृष्टि दिने हो भने व्यापार सर्वथा नेपालको पक्षमा नै थियो। भारततर्फबाट यस कालमा प्रमुखतः विशेष किसिमका कपडा, किनखाप, मर-मसलाहरू, केशर, हिङ्गु, गीर, उच्चकोटीका गरगहनाहरू, सुगन्धित वस्तुहरू, केही आयुर्वेदिक औषधिहरू केही मात्रामा सिपी, शङ्ख, तथा बहुमूल्य पत्थरहरूसमेतको आयात हुन्थ्यो। डि. आर. रेग्मीले त रेशमको पनि आयात हुन्थ्यो भनेर उल्लेख गरेका छन्[२१] तर आवश्यकताबमोजिम उच्चकोटीको रेशमको नेपालले चीन-तिब्बततर्फबाट आयात गर्ने र चिनियाँ रेशम यताबाट भारतसम्म पुग्ने हुनाले यस कालमा भारततर्फबाट रेशमको आयात हुने कुरामा अधिक विश्वास गर्न सकिने स्थिति छैन। बरु काठका खराउ, विशेष प्रकारका काठका खटिया, हात्ती, धार्मिक ग्रन्थहरू (विशेष गरी बौद्ध ग्रन्थ) आदिको भने तराई तथा भारतीय क्षेत्रबाट केही मात्रामा यसतर्फ आयात हुन्थ्यो भन्ने संकेत पाइएका छन्। बौद्धभिक्षु तथा पण्डितहरूमार्फत् हुने सांस्कृतिक सम्बन्धका कारण बौद्ध ग्रन्थहरू भारतका ठूल्ठूला (विक्रमशीला, नालन्दाजस्ता) विहारहरूबाट यता ल्याइन्थ्यो। सोझै व्यापारिक रूपले यी वस्तुको आयात गरिएको स्पष्ट उदाहरण नपाइए तापनि त्यस्ता वस्तुका निमित्त कुनै न कुनै रूपमा (अप्रत्यक्ष) नेपालीहरूले मूल्य चुकाउन पर्दथ्यो। विक्रमशील महाविहारका बौद्ध महापण्डित अतीश दीपंकर नेपाल र भोटको धार्मिक तथा शैक्षिक भ्रमणका निमित्त आउँदा साथमा कोसेलीको रूपमा दिनका निमित्त विशेष किसिमका काठको खटिया र दुष्ट उषधि नाम भएको हाती तथा धार्मिक ग्रन्थहरू लिएर आएका उदाहरण उपर्युक्त कुराको प्रमानका निमित्त यहाँ उल्लेखनीय छन्।[२२] उत्तरप्राचीनकाल र मध्यकालको पूर्वार्द्धयुग तिब्बत-नेपाल र भारतबीच बौद्ध भिक्षु तथा पण्डितहरूको आवतजावतका दृष्टिकोणले अत्यन्त उल्लेखनीय छ। भारतमा ईशाको बाह्रौं-तेह्रौं शाब्दीदेखि मुगलशक्ति बढेर आएपछि त भारततर्फबाट हिन्दू र बौद्ध दुवै आचार्य र भिक्षुहरू आफूसँग सम्बन्धित महत्त्वपूर्ण धार्मिक ग्रन्थहरूसमेत साथमा लिई नेपाल पसेको प्रसङ्ग पनि यहाँ उल्लेखनीय छ। यस घटनाभन्दा अगाडि हिन्दू र बौद्ध दुवै धर्मको मूल स्रोतस्थल नै भारत भएको हुनाले बौद्ध व्यापारीहरूमार्फत् त्यताबाट धार्मिक वस्तुहरूको पनि यसतर्फ आयात हुन्थ्यो भन्न सकिन्छ। धर्मग्रन्थ तथा अन्य धार्मिक वस्तुमा मूल्य तोकेर क्रय-बिक्रय गर्ने परम्परा नभएको हुनाले सुनचाँदीजस्ता बहुमूल्य वस्तु

यथासक्य सम्बन्धित विहार वा पण्डितहरूलाई चढाई त्यस्ता सामग्री यता ल्याउने गरिन्थ्यो । यतिसम्म कि विद्वान् आचार्यहरूलाई आमन्त्रण गर्नसमेत असंख्य सुनचाँदी बुझाउने परम्परा त्यस युगमा चलेको थियो ।[५६]

मध्यकालको उत्तरार्द्धदेखि भारतीय भूभागतर्फ निकासी हुनेभन्दा त्यताबाट यसतर्फ आयात हुने व्यापारको परिमाण धेरै हुन थालेको स्पष्टै देखिन्छ । भोटतर्फको व्यापारमा नेपालको एकाधिकार कायमै भएकोले मात्र त्यस बखतको व्यापार नेपालको पक्षमा कायम रहेको थियो । यताबाट परम्परागत रूपमा भारतीय मैदानतर्फ जाने सामग्रीहरू ऊन र ऊनले बनेका सासमग्रीहरू, चँवर, कस्तूरी, घोडा, छाला, औषधीसम्बन्धी जडीबुटीहरू र केही धात्विक वर्तन तथा धार्मिक-सांस्कृतिक महत्त्वका वस्तुहरूको निकासी यस कालमा पनि भइरहेकै थियो । यस कालमा काष्ठकलाका सामग्री र फलामे हतियारहरू पनि (थोरै मात्रामा भएपनि यताबाट निकासी हुँदै थिए ।[५७] मध्यकालको उत्तरार्द्धमा नेपाल भ्रमण गर्ने कपुचीन पादरीहरूका अनुसार त्यसबेला औषधीसम्बन्धी जडीबुटीको भारतीय मैदानतर्फको निकासीबाट नेपाललाई प्रशस्त फाइदा हुन्थ्यो ।[५८] नेपालका दरबारसँग सम्बन्धित र कुलीन व्यक्तिहरूका यस्ता महत्त्वपूर्ण जडीबुटीका बिक्रीकेन्द्र पाटलीपुत्र तथा वाराणसीजस्ता भारतीय नगरहरूमा भएको जानकारीसमेत उक्त स्रोतबाट प्राप्त भएको छ । यस आधारमा जडीबुटीको निकासी नेपाल एकीकरणसम्म पनि भइरहेको थियो भन्ने जानकारी हुन्छ । त्यसै हुनाले त बडामहाराजाधिराज पृथ्वीनारायण शाहको दिव्योपदेशमा 'जिनीस जरिबुटी देस लैजानु र नगद पैचनु' भन्ने कुराको उल्लेख परेको छ ।[५९] काठमाडौँका राजा महेन्द्र मल्लको स्थितिमा यहाँ उपत्यकामा उत्पादन हुने कपडाको निकासी बिक्री भारतीय सीमाक्षेत्रका छिमेकी राज्य-रजौटाहरूसम्म र उपत्यका बाहिरका बाइसी-चौबीसी राज्यहरूमा समेत हुने कुराको उल्लेख परेको छ ।[६०] पृथ्वीनारायण शाहको दिव्योपदेशमा पनि विदेशी कपडा नलगाउनू र आफैँ उत्पादन गरी प्रयोग गर्नू र आफूले उत्पादन गरेका वस्तुको निकासी गरेर विदेशी रूपैयाँ (भारतीय पैसा) देशमा भित्र्याउनू भन्ने कुराको उल्लेख भएकोले मध्यकालदेखि पछिसम्म नै कपडा आदि सामान तराई तथा भारतीय क्षेत्रसम्म केही मात्रामा जाने परम्परा थियो भन्ने संकेत पाइन्छ । भाँडावर्तन आदि काम सिकेर बाहिर निकासी गर्न योग्य बनाउनेतर्फ महेन्द्र मल्लले दिएको निर्देशनलाई पनि यस प्रसङ्गमा भुल्न सकिँदैन ।[६१] कर्कप्याट्रिकले यताबाट भारततर्फ निकासी हुने सामग्रीमा तरबार, खुँडाजस्ता हतियार, रुखका बोक्राबाट बन्ने नेपाली कागज आदिको उल्लेख गरेका छन् ।[६२]

यसरी मध्यकालको उत्तरार्द्धसम्म पनि नेपालबाट भारतीय मैदानतर्फ केही न केही मात्रामा सामग्रीहरू निकासी हुँदै थिए तर मल्लकालको अन्तिम भारतीय भूभागबाट ऊनका सामग्री रेशम आदि वस्त्रको समेत यसतर्फ आयात हुन थालेको देखिन्छ । यस कालमा काश्मिरी ऊनका वस्त्र (काश्मिरा) ले परम्परागत नेपाली ऊनको बजारलाई उछिन्न पुगेको देखिन्छ । यस कालमा आइपुग्दा भारतीय मैदानतर्फबाट आयात हुने सामग्रीको विविधता तथा परिमाणमा समेत व्यापक विस्तार भएको देखिन्छ । यस कालमा खासगरी शासकवर्ग, सामन्तवर्ग तथा ठूलाबडाहरू देश-विदेशका किमती र मिहीन वस्त्रहरू र अन्य विदेशी सामग्रीहरूतर्फ लहसिन थालेका थिए । यस कालमा भारततर्फबाट आयात हुने मुख्य वस्तुमा मरमसला, लुगाफाटामा लगाउने जरी आदि र अन्य बुट्टा भरिएका कपडाहरू, बनारसी रेशम तथा केही मात्रामा ऊन समेत भएको कुरा डि.आर. रेग्मीले उल्लेख गरेका छन् ।[६३]

मल्लकालको अन्त्यभन्दा लगभग २ शताब्दीमात्र पछि नेपालको भ्रमण गर्ने कर्कप्याट्रिकले नेपाल उपत्यकामा भारतीय भू-भागबाट आयात हुने सामग्रीको सूचीमा दोपट्टा, सारी, धोती, किनखाव, गलेबन्द (वाराणसी तर्फबाट), मलमल, सल, कोरा, रेशम, सुनचाँदीका जडाउसमेत भएका वस्त्रहरू, सतरन्जाजस्ता लत्ताकपडासँग सम्बन्धित वस्तुहरू, ल्वाङ, गुजराती अलैंची, मरिच, सुपारी, आदि मर-मसलासम्बन्धी तथा पारो, टीन, लाहा, सिसा, साबुन, शङ्ख, मोती, सुर्की आदिको उल्लेख गरेका छन् ।[६४] यस्ता सामग्रीहरू मल्लकालदेखि नै आयात गर्ने परम्परा चलिरहेको थियो भनेर उल्लेख गर्न कठिनाइ पर्दैन । यस्तै गरेर परम्परागत रूपले आयात हुने मसिनु वानाका कपडा, तास, किनखाव (कारचिपी भरिएका समेत), श्रीखण्ड, कपास र कपासको बियाँ, विभिन्न किसिमका ज्वहारात तथा सुगन्धित वस्तु र केही आयुर्वेदिक औषधीहरूको पैठारी नेपालमा मल्लकालको अन्त्यताका र त्यसभन्दा पछिसम्म नै भइरहेको जानकारी पाइन्छ ।

यसैगरी भक्तपुरका मल्लराजाहरूका दरबारमा भएको सामग्रीको सूची रूपको एक ऐतिहासिक कागजमा भारतका बनारस, पटना, आग्रा, गुजरात, ढाका, गोरखपुर, कन्नौज, शाहजाँपुर, धुलकपुर, बोढानपुर, नागपुर, भागलपुर आदि ठाउँबाट अनेक किसिमका लुगाफाटा (तयारी समेत) लत्ताकपडा आदिको आयात हुने गरेको स्पष्टै चर्चा परेको छ । त्यस्तैगरी युद्ध तथा अन्य समयमा प्रयोग हुने हातहतियार (कटार, छुरी, तरवार, पेस्तोल, सङ्गिन, खेंजर, बन्दूक आदि) को पनि भारतबाट आयात हुन थालेको संकेत पनि मल्ल दरबारको यस सामग्री सूचीले स्पष्ट पारेको छ । त्यस्तै गरगहना, सिपी, शङ्ख, हीरामोती, माणिक, नील, ऐना, काँचका विभिन्न कचौरा आदि सामग्रीहरू, सन्दुक, काँच

तथा मट्टिका टुका, प्याला, आँवखोरा र त्यस्तै अन्य सामानका साथै दूरबीन, मुकुटजस्ता सामग्रीहरू भारत र बेलायत आदि समुद्रपारका मुलुकदेखि समेत यहाँ उपत्यकाका राजामहाराजा तथा सामन्तहरूका दरबारमा भित्र्याउने परम्परा चलेको प्रमान यस स्रोतले प्रस्तुत गरेको छ ।[६५]

यसरी मल्लकालको अन्तिम समयताका सम्ममा उपत्यकामा बाहिर टाढाटाढादेखिका विलासी र अत्यन्त मूल्यवान वस्तुहरूको आयात दक्षिणतर्फबाट प्रशस्त मात्रामा हुन थालेको थियो भन्ने कुरा स्पष्ट हुन्छ । त्यसैले नेपाल एकीकरणपछि खासगरी भीमसेन थापा तथा जङ्गबहादुरका शासनकालदेखि मात्र बाहिरको सभ्यताको अनुकरणको क्रम चलेको र त्यसैकारण विदेशी वस्तुको आयात र यहाँको कला-संस्कृतिमा समेत प्रतिकूल प्रभाव पर्न थालेको भन्ने आम इतिहासकारहरूको धारणालाई यस सामग्रीले स्वीकार्न दिँदैन । यस्तो विदेशी अनुकरणको विलासी जीवनको ज्वलन्त नमूना यही भक्तपुर दरबारको सूची आद्योपारान्त हेरेमा छर्लङ्ग हुन्छ । यति सम्म कि नेपालीहरू क्रमश: आत्मनिर्भरता र व्यापारिक फाइदाको पहिलेको अवस्थाबाट अब खस्किने बाटोतर्फ लाग्न थालेका थिए भन्ने कुराको जानकारीका निम्ति उक्त ऐतिहासिक कागज हेरेपछि अरू स्रोत हेरिरहनु नै आवश्यक देखिँदैन ।

त्यसैले त पृथ्वीनारायण शाहले उपत्यका विजयको क्रममा वरिपरिबाट आर्थिक नाकाबन्दी लगाईसकेपछि काठमाडौं खाल्डोभित्रका मानिसहरूले लुगासमेत लाउन नपाएर फाटेका र टालेका लुगा लगाउन थालेका थिए । यस कुराको स्पष्ट उल्लेख रणजित मल्लले भक्तपुरमा लेखाएको रामायणको पुष्पिका वाक्यमा परेको छ ।[६६] यस स्रोतमा उपत्यकामा कपाससमेत तराईतर्फबाटै आयात हुन्थ्यो भन्ने संकेत परेको छ किनभने नाकाबन्दीका बखत कपास १ मोहरको १ तोलासम्म पुगेको चर्चा उक्त पुष्पिकामा परेको छ ।

उपत्यकाबाट सामग्री आयात-निर्यात व्यापार नेपालकै अन्य बाइसी चौबीसी लगायतका भोट, तराई र पहाडी इलाकामा समेत उत्तिकै हुन्थ्यो । महेन्द्र मल्ल र सिद्धिनरसिंह मल्लहरूले त यहाँ उत्पादित वस्तुको पहाड र तराईका अन्य राज्यहरूमा व्यापारिक उद्देश्यले निकासी गर्ने नीति नै बनाएका प्रमान हामीले पाएका छौं । महेन्द्र मल्लको स्थितिमा उल्लेख भएको छ :
"ढिकी जाँतो लुगा बुन्ने तान टुकि केल्है पनि खाली नराख्नू पटासी घरबुना खाडि कोरा यौटै किसिमबाट नबुन्या अनर्थ हुन्या छ ... कपडा बन्दै लग्या पछि कागत जस्तो मिहीं र सफेत कपडा हुन्या छ. तेसो भया पछि अरू गावल (गाऊँ) का र मधिसे राजाहरूलाई बिक्री गरी धनी हुन्या छौं ।"[६६]

पाटनका राजा सिद्धिनरसिंह मल्लले गोरखासँग सम्झौता गरी पाटने महाजनहरूका ३२ कोठी गोरखामा खोलेर विशेष सुविधाका साथ व्यापार

चलाएका थिए । त्यस्तै किसिमले पूर्व-पश्चिमका अन्य विभिन्न ठाउँहरूमा उपत्यका र आसपासका खासगरी भक्तपुर, पाटन, बनेपा, धुलीखेल आदि इलाकाबाट नेवार व्यापारीहरू गई स्थायी बसोबास नै गरेर व्यापार गर्ने परम्परा मल्लकालको उत्तरार्द्धदेखि नै राम्रैसँग चलिसकेको थियो । यस्तै किसिमले उपत्यकाअन्तर्गतका दोलखा, नुवाकोट आदि इलाकातर्फ पनि अनेकौं सामग्रीहरू यताबाट जाने र उक्त क्षेत्रबाट पनि त्यहीँ उत्पादित र हिमाली भेकबाट आउने अनेक वस्तुहरूको आयात उपत्यकातर्फ हुन्थ्यो । दोलखा भेकबाट राडीपाखी, चँवर, घोडा, राँगा, भेडा, वाज, बँदेल, भोटेकुकुर, माछा, सल्लाको खोटो, बाघको छाला, कस्तूरी, पाँगा, ज्याफुस, नाम्जा, छत्रकुशा, नंवु, (पाखीजस्तै ऊनीको कपडा) खानेतेल, ताउली (भाँडो), घ्यू, कुराउनी आदि सामान उपत्यकामा भित्रन्थे ।[६८] यस्ता वस्तुमा प्रायः दोलखा भेकमै उत्पादन भएको उदाहरणहरू पनि पाइएका छन् तर राडीपाखी नंवु, घोडा, चवँर आदिको आयात भोटतर्फबाट पनि हुन्थ्यो । नुवाकोट भेकबाट पनि भैँडाच्यांग्रा, पाखी, चँवर, कस्तूरी, घोडा, राँगो, बँदेल, माछा आदिको आयात उपत्यकातर्फ भएका उदाहरण पाइएका छन् ।[६९] यस्तैगरी पहाड हिमालतर्फबाट अनेक किसिमका जडीबुटी आदिको उपत्यकामा आयात हुन्थ्यो । यस किसिमले मध्यकालको बाह्य व्यापार पूर्ण फाइदामा थियो ।

मध्यकालको सुरुसुरुमा उत्तर र दक्षिण दुवैतर्फ हुने निकासी व्यापारबाट नेपाललाई अत्यधिक फाइदा थियो । यस कालको उत्तरार्द्धमा भने खासगरी उत्तरतर्फ चल्ने निकासी व्यापारबाट मात्र नेपाललाई फाइदा हुन थाल्यो । यस कालदेखि दक्षिणतर्फ निकासीभन्दा पैठारी धेरै हुँन थालिसकेको हुनाले व्यापार सन्तुलन कायम रहे तापनि उपत्यकाको फाईदाको प्रतिशतमा भने ह्रास आउन थालेको बुझिन्छ । यसो भए तापनि भारत र तिब्बत-चीनबीचको व्यापारको मध्यस्थताको भूमिका काठमाडौं उपत्यकाका व्यापारीहरूबाट भइरहेकै थियो । यस कारण उत्तर-दक्षिणमा हुने व्यापार मार्गमा राखेका भन्सारहरूबाट समेत यहाँका शासकहरूलाई प्रशस्त फाइदा हुन्थ्यो । मल्लकालको अन्तिम समयताकादेखि भने भारतबाट नेपाल आई व्यापार गर्ने काश्मीरी मुसलमान र शैवमार्गी गोसाइँहरूले समेत भोट व्यापारमा हात हाल्ने विशेष सुविधासहित अवसर पाउनाले नेवार व्यापारीहरूको परम्परागत उत्तर-दक्षिणको मध्यस्थ व्यापारको भूमिकामा प्रत्यक्ष आँच आउन थालेको थियो । यस विषयमा व्यापारी वर्ग तथा संगठनअन्तर्गत छुट्टै चर्चा गर्नु बढी सान्दर्भिक हुनेछ ।

६.२. व्यापारीवर्ग तथा सङ्गठन

मध्यकालमा व्यापारीहरूको विशेष वर्ग र वाणिज्य संगठनको व्यवस्थासमेत भएको जानकारी पाइएको छ। डि.आर. रेग्मी लगायत केही इतिहासकारहरूले मध्यकालमा वाणिज्य संघ र संगठनका विषयमा कुनै जानकारी नपाइएको र प्राचीनकालको वणिक संघको व्यवस्था पनि सम्भवत मध्यकालमा आइपुग्दासम्म हराइसकेको कुराको चर्चा गरेका छन्।[७०]

यस प्रसङ्गमा माथि बाह्य व्यापारको सन्दर्भमा वर्णित सिंहसार्थवाह र उनका कार्यहरूको स्मरण हुन्छ। यस कुराले लिच्छविकालदेखि सार्थवाहमार्फत् संगठनात्मक रूपले चल्ने व्यापारको परम्परा मध्यकालसम्म कायमै रहेको बुझिन्छ। लिच्छवि राजा मानदेवका शासनकालदेखि नै नेपालमा व्यापारी दलका नायक मानिने सार्थवाहहरूको उल्लेख पाइन्छ। तिनताका रत्नसंघ, गुहमित्र नाम गरेका २ जना व्यापारी सार्थवाहहरू आफैँले राखेका अभिलेख पाइएका छन्।[७१] मध्यकालसम्म पनि यस्ता बाह्य व्यापारमा संलग्न सार्थवाहहरू भएको कुरा ईशाको एघारौँ शताब्दीका सिंहसार्थवाहको चर्चाबाट बुझ्न सकिन्छ। यी सिंहसार्थवाह पनि उत्तर-दक्षिणको व्यापारमा संलग्न थिए र उनले व्यापार संगठनको नेतृत्व लिएका थिए भन्ने कुरा माथि नै सप्रमान उल्लेख गरिसकिएको छ। जसरी प्राचीन मौद्रिक प्रणाली, नापतौल प्रणाली आदि आर्थिक पद्धतिहरू मध्यकालको पूर्वार्द्धसम्म कायमै थिए, त्यसरी नै व्यापार-वाणिज्यको परम्परा र व्यापारीहरूको विशेषण पनि पूरा कायम थियो भन्न सकिन्छ।

सार्थवाहबाहेक मध्यकालको पूर्वार्द्धमा व्यापारीहरूलाई तुलाधरी, वैश्य आदि पनि भनिएको पाइन्छ।[७२] यसैबेलादेखि बौद्धमार्गी व्यापारीहरू पनि उत्तर-दक्षिणको व्यापारमा संलग्न हुने परम्परा चलेको थियो। मध्यकालको पूर्वार्द्धमा रामवर्द्धन परिवारका वैश्यहरूको नेपालको बाह्य व्यापारमा ठूलो हात थियो भनेर माथि नै उल्लेख गरिसकिएको छ। स्थिति मल्लको स्थितिमा पनि वैश्य ठकुरीलगायत मुल्मी श्रेष्ठ, भारादार, उदास (तुलाधर) आदिलाई पेशाको रूपमा वाणिज्य-व्यापारमा संलग्न हुन पाउने व्यवस्था गरिएको देखिन्छ। यसमध्ये उदासलाई ल्हासातर्फको व्यापारमा संलग्न रही कोठीसमेत खोल्ने जिम्मेवारी दिइएको पाइन्छ।[७३] मध्यकालमा नेपालका व्यापारीवर्गमा शासकवर्ग तथा तिनका निकटतम् नातेदारहरू पनि पर्दथे भन्ने स्पष्ट प्रमानहरू पाइएका छन्। उत्तर-दक्षिण व्यापारमा उपत्यका र नुवाकोटका वैश्य ठकुरीहरू संलग्न भएको प्रसङ्गलाई यहाँ भुल्न सकिँदैन। यिनीहरूको व्यापार-वाणिज्य तथा शासनव्यवस्था दुवैमा उत्तिकै हात थियो। बनेपा-पलाञ्चोक भेकका शासकवर्ग मानिने रामवर्द्धन परिवारका वैश्यहरूको चर्चा विस्तारपूर्वक माथि नै

गरिसकियो । यिनै वर्द्धन परिवारका वंशजहरूले पछि इटुमबहाल भेकमा बसेर कान्तिपुरको स्थानीय शासन चलाउने गरेको र यक्ष मल्लका छोरा रत्नमल्लले कान्तिपुरलाई आफ्नो हातमा लिँदा यिनै वैश्य (व्यापारी) वर्गका शासक अर्थात् वैश्य ठकुरीलाई परास्त गरेको चर्चा वंशावलीहरूमा पाइन्छ । दोलखा भेकका ऐतिहासिक सामग्रीबाट र मल्लकालमा नेपालको भ्रमण गर्ने कपुचीन पादरीहरूको टिपोटबाट तिनताका शासकवर्ग तथा भारदारहरू बाह्य व्यापारमा संलग्न हुन्थे भन्ने स्पष्ट प्रमान मिलेको छ । मल्लकालमा पहाड र हिमालबाट आउने जडिबुटी लगायत अन्य विभिन्न महत्त्वपूर्ण वस्तुको भारतीय बजारमा निकासी गरेर बिक्री गर्ने थोक व्यापारीहरू उपत्यकाका कुलीन वर्गका मानिसहरू नै हुन्थे र तिनका भारत, पटना, बनारसजस्ता महत्त्वपूर्ण नगरहरूमा बिक्री केन्द्रहरूसमेत राखिएका हुन्थे र यसबाट प्रशस्त फाइदा हुन्थ्यो भन्ने कुराको चर्चा पादरीहरूले गरेका छन् ।[७४]

दोलखाका शासक वर्गहरू बाह्य व्यापारमा अझ बढी संलग्न हुन्थे । प्राचीन तथा मध्यकालमा विदेश व्यापार गर्नका निमित्त व्यापार मार्गमा लुटमार चल्ने हुनाले सुरक्षाको नितान्त जरुरी हुन्थ्यो । साना कम पूँजी भएका र आफैं सुरक्षाको बन्दोवस्त गर्न नसक्नेले बाह्य व्यापारमा स्वतन्त्र रूपले संलग्न हुनु असम्भव थियो । त्यसै हुनाले शासकवर्ग, उच्च भारदारवर्ग र शासक खलकका नातेदारहरू सरकारी आडसमेत लिएर बाह्य व्यापारमा संलग्न हुन्थे । दोलखामा पहिले स्वतन्त्र राज्य छँदा व्यापारी बन्जरा भन्ने एक व्यापारीवर्गमार्फत् धनी र राजखलकहरूले व्यापारमा पूँजी लगानी गर्दथे तर शासकहरूसँग सम्बन्धित र शासनबाट छुटेका वा सोझै राजकाज गर्नेभन्दा बाहिरका राजखलकहरू त आफैं पनि व्यापारमा संलग्न हुन्थे । पछि दोलखा पनि उपत्यकाकै अङ्ग बनेपछि त्यहाँका राजवंशहरू स्थानीय शासकको जिम्मेवारी लिई भोट व्यापारमा संलग्न भएका प्रमानहरू पाइएका छन् । पछिपछि भोट व्यापार र दोलखाको स्थानीय शासन व्यवस्थामा संलग्न हुने यस राजखलकलाई 'प्रमानवर्ग' भनेर सम्बोधन गर्ने परिपाटी चलेको देखिन्छ । त्यसै हुनाले पछिल्लकालमा यी दोलखाली शासकवर्गहरू नै बनजारा व्यापारी बनेका थिए ।[७५] दोलखाका शासक वर्गहरू अघि दोलखा स्वतन्त्र हुँदा पनि व्यापारमा संलग्न हुन्थे भन्ने कुराको प्रमान ने.सं. ७७५ (वि.सं. १७१२) मा सारिएको बुद्धधर्म सम्बन्धित एक हस्तलिखित धर्मग्रन्थले प्रस्तुत गरेको छ । उक्त ग्रन्थको पुष्पिकामा दोलखा लिस्तिटोलका शासक खलकका केही व्यक्तिहरू ल्हासा व्यापारमा गएर सम्पत्ति आर्जन गरी भोटसँग नजिकको सांस्कृतिक-आर्थिक सम्बन्धसमेत कायम गरी कान्तिपुरको सुरत श्री महाविहारका वज्राचार्यहरूलाई लगाएर सुनका अक्षरयुक्त उक्त धर्मग्रन्थ सार्ने काम गराएको उल्लेख छ ।[७६]

यस किसिमले मध्यकालको पूर्वार्द्धसम्म प्राचीनकालको जस्तै सामूहिक बाह्य व्यापारको परिपाटी सार्थ वा सर्थवाहहरूले चलाउँदै थिए र पछि उत्तरार्द्धकालदेखि यस्तो सामूहिक व्यापारी दलका नायकहरूलाई सार्थ, सार्थवाह भन्ने परम्परा हराउँदै गएको देखिन्छ तैपनि लोकगाथाहरूमा 'सार्थवाह' शब्द ठ्याम्मै विलीन भने भएन । मध्यकालको उत्तरार्द्धदेखि यस्ता व्यापारी वर्गको नेतृत्व गर्ने वर्गलाई बनजारा वा बंजार भनेर सम्बोधन गर्न थालिएको देखिन्छ ।[७७] उत्तर-दक्षिणको व्यापार मार्गमा पर्ने दोलखाजस्तो व्यापारिक बस्तीमा बसेर मध्यकालका बंजाराहरू बाह्य व्यापारमा संलग्न हुन्थे । यसरी व्यापार चलाउँदा उपत्यकाका धनीवर्गहरूसँग समेत मिलेर पूँजी लगानी गर्ने परिपाटी चलेको थियो । दोलखामा पाइएको एउटा व्यापारसम्बन्धी सम्झौतापत्रमा कान्तिपुरका धनीवर्गले दोलखामा बस्ने बंजाराहरूसँग मिलेर भोट व्यापारका लागि पूँजी लगानी गर्ने र फाइदा बराबरी मिलेर खाने सर्त राखिएको र तीन महिनापछि लाभांश बाँडेर उक्त सम्झौतापत्र रद्द गरेको समेत स्पष्टै उल्लेख पाइएको छ ।[७८] भोट व्यापारमा संलग्न यस्ता बंजाराहरू विशेष गरेर दोलखाको लिस्तटोलमा बसोबास गर्दथे भन्ने समेत जानकारी पाइएको छ ।[७९]

यस किसिमले यातायातका दृष्टिले विकट भएको कारण मध्यकालमा पनि सामूहिक व्यापार चलाउनु आवश्यक थियो र बंजाराहरूमार्फत् त्यस्तो काम हुन्थ्यो भन्ने कुरा स्पष्ट हुन्छ । अहिले पनि नेवारी समाजमा अरूले उत्पादन गरेका सामानमा व्यापारिक दृष्टिले खेलो गरी फाइदा गर्ने व्यापारीलाई फौवन्जा (र) भन्ने परम्परा छँदैछ । नेवारी बोलीचालीको भाषामा पछाडिको खासगरी 'र' अक्षरको लोप हुने परिपाटी व्यापाक भएको हुनाले बंजारालाई हिजोआज 'बन्जा' मात्र भनिनुमा कुनै अस्वभाविकता देखिँदैन ।

नेपालमा प्राचीनकालदेखि यहाँका नेपाली सार्थवाहहरूकै माध्यमबाट तिब्बत-चीन र भारतीय मैदानसम्म हुने व्यापार चल्दथ्यो । यी सार्थवाहहरू भारतीय सार्थवाहहरूका वंशज वा निकट नातेदार भए तापनि लिच्छवि राजाहरू जस्तै उनीहरू पनि नेपाली जनजीवनमा मिलेर नेपालीको रूपमा उत्तर-दक्षिणको व्यापारमा संलग्न रहन्थे भन्न सकिन्छ । मध्यकालको पूर्वार्द्धसम्म पनि त्यस्ता सार्थवाहहरूको परम्परा नेपालको व्यापार वाणिज्यको क्षेत्रमा कायमै रहेको कुरा माथि उल्लेख गरियो । बंजारा, तुलाधर, शाक्य, वज्राचार्य आदि र वाणिज्यसम्बन्धी पेशामा संलग्न शासकवर्ग तथा भारादारवर्गहरू सबैले नेपाली व्यापारीको रूपमा नै भोट र तराईतर्फको अन्तर्राष्ट्रिय व्यापारमा संलग्न भएका थिए । मध्यकालको उत्तरार्द्धदेखि भने यस परम्परामा केही अन्तर आएको स्पष्टै देखिन्छ, किनभने त्यसबेलादेखि नेपालको

बाह्य तथा आन्तरिक व्यापार र लेनदेनको कार्यमा काश्मिरी मुसलमान व्यापारीहरू र भारतीय शैवमार्गी गोसाइँहरूको पनि हात रहन थाल्यो । नुवाकोटजस्तो नेपालको उत्तर-दक्षिण व्यापारको नाकामा बसेर भारतीय शैवमार्गी सन्यासीहरूले प्रशस्त सम्पत्ति आर्जन गर्ने मौका पाए । उक्त नुवाकोट क्षेत्र तिनका निमित्त एक प्रमुख अखडाको ठाउँ नै बन्न पुग्यो । यसरी गोसाइँहरूले बसोबास गरेर व्यापार र धर्म गर्दै आएको क्षेत्र भएको हुनाले बाहिर-बाहिरका मानिसले यस भेकको नीलकण्ठ कुण्ड जस्तो तीर्थलाई यिनै शैवमार्गी सन्यासीहरूका नामबाट गोसाइँकुण्ड भनेर समेत सम्बोधन गर्न थाले । यिनीहरूको भूमिका विस्तार-विस्तार अत्यन्त महत्त्वपूण हुनथाल्यो । एकातिर भारतीय भू-भागदेखि नेपालकै कतिपय महत्त्वपूर्ण स्थलहरूमा यिनीहरूको धार्मिक भूमिका छँदै थियो र त्यसैको माध्यमबाट विस्तार-विस्तार व्यापार-वाणिज्य जस्तो महत्त्वपूर्ण आर्थिक पक्षमा समेत यिनीहरूले हात हाल्न थालेका थिए । दोलखा भेकमा प्राप्त ऐतिहासिक सामग्रीहरूमा पनि त्यस भेकमा शसक्त रूपले व्यापारिक लेनदेन कार्यमा संलग्न भएका केही सन्यासी गोसाइँहरूको उल्लेख पाइएको छ । जस्तो ने.सं. ८६१ (वि.सं. १७७९) का ३ ओटा पत्रमा र ने.सं. ८६६ वि.सं. १८०३) को एउटा पत्रमा गोसाइँहरूको उल्लेख परेको छ । जसमा मनसायु गोसाइँ,[८०] बलीन्द्रगिरि गोसाइँ, नाग गोसाइँ,[८१] बार्त्ती गोसाइँ[८२] आदिका नाम देखिन्छन् । उपर्युक्त पत्रमा त्यस बेलाका दोलखाका प्रसिद्ध बंजारा धर्मकृष्ण जस्ताले गोसाइँहरूसँग ब्याजसमेत तिर्ने गरी र सरसापटीको रूपमा व्यापार चलाउनका निमित्त रकम लिने गर्दथे भन्ने कुराको स्पष्ट उल्लेख परेको छ । भोट व्यापारको क्रममा घोडाको खेप व्यापार गर्ने काम पनि यी गोसाइँहरूले गर्दथे भन्ने कुरा पनि ने.सं. ८६१ को माथि उल्लिखित पत्रबाट स्पष्ट हुन्छ ।

नुवाकोट भेकमा बसेर उत्तर-दक्षिणको अन्तर्राष्ट्रिय व्यापारमा संलग्न हुने गोसाइँहरूमा जयप्रकाश मल्ल र पृथ्वीनारायण शाहका समयताकाका कमलवन र भगवतीवन भन्ने गोसाइँहरू अत्यन्तै चर्चित र धनी व्यापारी थिए ।[८३] भारत र नेपालका ठूल्ठूला धनी मठका मण्डल्याइँ समेत पाउन सफल हुने यी गोसाइँका पूर्वजदेखि नै नेपालमा आई उत्तर-दक्षिणको व्यापार-वाणिज्यमा संलग्न हुने परम्परा चलेको थियो । पछि आएर यी कमलवन र उनका चेला भगवतीवन गोसाइँहरूले यति सम्पत्ति आर्जन गरे कि, एकपटक राज्यच्युत भएका बखत कान्तिपुरका राजा जयप्रकाश मल्ललाई र पछि बडामहाराजा पृथ्वीनारायण शाहलाई नै समेत ऋण लगानी तथा सापटी दिएर खाँचो टार्ने काम यी गोसाइँले गरेका थिए ।[८४] यसो भए तापनि स्वदेशी र विदेशीमा आकाशजमिनसरह फरक हुनु स्वाभाविकै थियो । जयप्रकाश मल्लले वि.सं.

१८०३ देखि १८०७ सम्म राज्यच्युत भई रहनुपरेको समयमा राजनीतिक कारणले स्वदेशी महाजन र भक्तपुर, ललितपुरका शासकहरूबाट समेत आर्थिक मद्दत नपाउँदा यी गोसाइँसँग हात पसार्नु परेको थियो तर चतुर भारतीय जोगीहरूले जयप्रकाशमल्लको अप्ठेरो स्थितिबाट नाजायज फाइदा नउठाई ऋण सापटी किन दिन्थे र रु. ६ हजार ऋण लिनका निमित्त बीस-तीसहजार जतिको माल धरौटीमा राखेर पनि मूल रकमको दोब्बर तिर्ने कागज जयप्रकाशमल्लले गर्नुपरेको थियो ।[८५] तिनताका यत्रतत्र चलेको व्याजदर सयकडा १० नै थियो भन्ने कुरा कमलवनले नै जयसिं भन्ने भन्सारीलाई र ऋणसापटी दिएको एक पत्रबाट स्पष्ट हुन्छ ।[८६] यसरी जयप्रकाशमल्लको बाध्यता र कमजोरीको फाइदा उनकै राज्यमा आएर व्यापार गरेर उनबाटै विशेष सुविधा लिएर भोट व्यापारमा समेत हात हाल्न पाएका जोगीले मौका परेका बखत फाइदा उठाउन पछि हटेका थिएनन् भन्ने कुरा यताबाट स्पष्ट हुन आएको छ ।

यी गोसाइँहरूले यति सारो जरा गाडेका थिए कि पछि पृथ्वीनारायण शाहले समेत उनीहरूसँग विशेष सम्झौता गर्नु परेको थियो । एकीकरण अभियान पूरा गर्ने क्रममा परेको आर्थिक खाँचोको केही अंश पृथ्वीनारायणले ती नै गोसाइँहरूको सहयोगबाट पूरा गर्नुपरेको थियो । अर्को कुरा अघिदेखिमल्लराजाहरूसँग विशेष सुविधा लिएर भोट व्यापारमा संलग्न यी गोसाइँहरूको सहयोगविना पृथ्वीनारायण शाहले आफ्ना टक भोटमा चलाउन र नुवाकोटको बाटोबाट भोट व्यापार चलाई आर्थिक लाभ गर्न निकै अप्ठ्यारो पर्दथ्यो । त्यसैले नचाहीकन पनि बाध्यतावश पृथ्वीनारायण शाहले वि.सं. १८०६ मा तिनीहरूलाई कुतीको बाटोबाट चँमर, घोडा, हरिताल, सुन आदिको आयात व्यापारमा भन्सार वा सबै किसिमका दस्तुर माफ दिनु परेको थियो ।[८७] वि.सं. १८२५ को एक लालमोहरमा दुर्वासावन, भगवतीवन, लक्ष्मणवन तथा जागेश्वरवन समेत ४ जना गोसाइँलाई भोट व्यापारमा विशेष सुविधा दिई आफ्ना टक (मुद्रा) भोटमा चलाइदिने आग्रह पृथ्वीनारायण शाहले खुलै रूपमा गरेका थिए भन्ने कुराको उल्लेख छ ।[८८]

यसरी विशेष सुविधा दिएर गोसाइँहरूसँग आफूले समेत कुनै न कुनै रूपले फाइदा लिने नीति बडामहाराजाले लिएतापनिमल्ल दरबारमा समेत पहुँच पुगेका र भारत, तिब्बत समेतमा व्यापारिक, धार्मिक छाप बसाएका नेपाली महाजनलाई पन्छाएर विशेष फाइदा उठाउन समेत सिपालु यी सन्यासीहरूमाथि पृथ्वीनारायण शाहले भित्रीरूपले विश्वास भने गरेका थिएनन्, किनभने कमलवनका चेला भगवतीवनले एकपल्ट नुवाकोट दरबारमा आउन अनुमति माग्दा पृथ्वीनारायण शाहले अनेक बाहना गरेर टारेर पठाएको कुरा एउटा पत्रबाट स्पष्ट हुन्छ ।[८९] यी उपर्युक्तबाहेक तिनताका लक्ष्मण पुरी, दयाल

पुरी आदि अरू गोसाइँहरू पनि नुवाकोट भेकमा थिए भन्ने यसै समय ताकाका अरू २ पत्रबाट स्पष्ट हुन्छ।[९०]

मध्यकालको उत्तरार्द्धदेखि भारतीय मैदानतर्फबाट मुसलमान व्यापारीको पनि प्रवेश भयो भन्ने थोरै चर्चा माथि आयात-निर्यात व्यापारअन्तर्गत चर्चा गरियो । भाषावंशावलीमा महीन्द्र मल्लकै शासनकालदेखि मुसलमान व्यापारीहरूको यसतर्फ प्रवेश भएको थियो भन्ने उल्लेख पाइएको चर्चा पनि माथि गरियो । मध्यकालको उत्तरार्द्धमा नेपाल भ्रमण गर्ने कपुचीन पादरीहरूले पनि उपत्यकाका तीनवटै शहर र भोटमा समेत (नेपालबाट गएर) मुसलमान तथा काश्मीरीहरूका व्यापारकेन्द्र तथा कोठीहरू थिए भनेर चर्चा गरेका छन् ।[९१] काश्मिरी मुसलमानहरू स्थायी रूपले नै उपत्यकामा आफ्ना व्यापारिक कोठी चलाई बस्दथे भोटका कुती र क्यीरोङ् आदि ठाउँमा पनि साधारण कोठीहरू चलाई व्यापारिक सामग्रीको आदानप्रदान गर्दथे भन्ने विवरण पादरी डेसीडेरीको वर्णनबाट स्पष्ट हुन्छ।[९२]

मल्लकालमा निर्यात व्यापारमा संलग्न हुने व्यापारीहरूले सामान निकासी गर्न सरकारबाट दस्तोक (दस्कत दस्तखत?) भन्ने प्रमाङ्गी वा अनुमतिपत्र लिनु पर्दथ्यो र उक्त पत्र सिमानाका भन्सार तथा बाटोमा पर्ने चौकीहरूमा देखाउनुपर्दथ्यो भन्ने चर्चा पनि कपुचीन पादरीहरूको विवरणबाट जानकारी पाइएको छ।[९३] यस आधारबाट निकासी गर्ने व्यापारी निश्चित हुन्थे र त्यसको जानकारी शासकहरूलाई समेत राम्रैसँग हुन्थ्यो भन्न सकिन्छ । त्यसैगरी यस आधारमा बाह्य व्यापार गर्ने अनुमतिपत्र पछिल्लाकालमा आइपुग्दा भारतीय व्यापारीहरूले पनि सजिलै पाउन थालेका थिए भन्ने बुझिन्छ । यस किसिमले नेपालीहरूको मात्र हातमा रहेको भोट व्यापारमा समेत मुसलमान र गोसाइँहरूले हात हाल्ने मौका पाउनमा उपत्यकाकामल्ल शासकहरूको कमजोरी र बेवास्ता नै मुख्य कारण थियो भन्न सकिन्छ । उल्टै शासकवर्गले विलासका सामग्री आपूर्ति गराउन मुसलमान व्यापारीलाई ल्याएका थिए भन्ने कुरामा पनि विश्वास गरिँदै आएको छ । भाषावंशावलीका चर्चाले यस भनाइलाई निकै राम्रोसँग पुष्टि पनि गरेको पाइन्छ ।

६.३. व्यापार मार्ग, भन्सार-चौकी, व्यापारिक बस्ती आदि

मध्यकालको व्यापार-वाणिज्य विषयको अध्ययनमा त्यस बेलाको अन्तर्राष्ट्रिय व्यापारको बाटो, भन्सार महसुल असुल्न र व्यापारीहरूको सुरक्षाका निम्ति बाटोमा राखिएका भन्सार चौकी तथा व्यापारिक आदानप्रदानको फलस्वरूप विकसित भएका विभिन्न सानाठूला व्यापारिक बस्तीहरूका बारेमा अध्ययन गर्नु पनि उत्तिकै अनिवार्य हुन्छ । त्यसै हुनाले यहाँ भारत र तिब्बतलाई जोड्ने

एसियाकै अत्यन्त महत्त्वपूर्ण ऐतिहासिक बाटो तत्सम्बन्धित व्यवस्था र परम्पराका बारेमा संक्षेपमा चर्चा गरिन्छ । यो अन्तर्राष्ट्रिय बाटो ईशाको सातौं-आंठौं शताब्दीदेखि नेपाल भएर हिमाल पार गर्दै गुज्रन थालेका ऐतिहासिक प्रमानहरू पाइएका छन् । सातौं-आठौं शताब्दीअघि भने त्यस बेलाका भारत र चीनजस्ता ठूला साम्राज्यलाई नेपाल हुँदै गुज्रने यस छोटो बाटोको खोजी र उपयोगको अभावमा हस्तिनापुर, तक्षशिला, पेशावर, वलख वा खोतन हुँदै चीनसम्म पुग्ने हिन्दूकुश, हिमालयको वा सुवर्णभूमि (स्याम) तर्फबाट जाने समुद्रको अत्यन्त असुरक्षित बाटोको उपयोग हुन्थ्यो । ईशाको पाँचौं शताब्दीका सुरु-सुरुका दिनमा भारत र नेपाल तराईको भ्रमण गर्ने चिनियाँ यात्री फास्यानले, त्यसै समयताका कपिलवस्तुका भिक्षु-बौद्धपण्डित बुद्धभद्र (च्वे-स्यान्) ले, बुद्ध भद्रलाई लिन आउने चिनियाँ पायोयुनको दलले, भारतका अर्को बौद्ध विद्वान् शान्तरक्षितलाई भेट्न आउने येशे-वाङ्-पो भन्ने चिनियाँ आचार्यले र ईशाको ६३०-४० ताका भारत र नेपाल तराईको भ्रमण गर्ने ग्यान्-च्वाङ्ले समेत यसै बाटोबाट भ्रमण गरेका थिए ।[९४]

यसरी उत्तर प्राचीनकालदेखि चलेको भारतीय मैदान र भोट हिमाललाई जोड्ने अन्तर्राष्ट्रिय बाटोले स्वभावत: त्यसै बेलादेखि अन्तर्राष्ट्रिय व्यापार मार्गको रूप लिएको देखिन्छ । यो बाटो कताबाट कुनकुन ठाउँ हुँदै जान्थ्यो र यसको प्रकृति कुन रूपको थियो भन्ने विषयमा पनि जानकारी लिनु त्यतिकै आवश्यक हुन्छ ।

काठमाडौं उपत्यका र त्यस आसपासका इलाकाबाट भोटतर्फ जाने २ बाटोहरू प्राचीन र मध्यकालदेखि चलेका देखिन्छन् जसमा नुवाकोट भेकबाट रसुवा हुँदै रसुवागढीको बाटोबाट भोटको क्यी-रोङ्तर्फ जाने र भोटेकोशी तथा तामाकोशीपट्टिबाट दोलखा, लिस्ती-कुती हुँदै शिकाचे (दिगर्चा) तर्फ जाने प्रमुख आवागमनका बाटो थिए । यी २ बाटोहरूमध्ये पनि नुवाकोट हुँदै क्यी-रोङ्तर्फ जाने बाटो बढी चल्तीको र पुरानो थियो । तिब्बतका सम्राट् स्रोङ्-चोन् गम्-पोको समयमा त्यहाँका अमात्य थोन्-मि-सम् भोटको नेतृत्वमा आएको १६ सदस्यीय मैत्रिमण्डल क्यी-रोङ्-नुवाकोतर्फकै बाटोबाट काठमाडौं उपत्यका हुँदै भारत गएर त्यहाँ प्रचलित कुटिलाक्षर लिपि सिकेर यही बाटोबाट फर्किएको कुरा यहाँ उल्लेखनीय छ । त्यसैगरी राजा उदयदेवले यहाँको आन्तरिक षड्यन्त्रको कारण भोटमा शरण लिन जाँदा, नेपालकी कन्या ठो-ङ्यर-मा (भृकुटी) वा ठि-चुन चुनमो भोट जाँदा, नरेन्द्रदेवले राज्य फिर्ता लिन भोटे सैनिकसाथ नेपाल फर्कंदा, चिनियाँ यात्री वाङ्-युन-चे नेपाल आउँदा र फर्कंदा, नरेन्द्रदेवका छोरा युवराज शिवदेव नेपालबाट चीनमा जाने दूतमण्डलीको नेतृत्व जिम्मा लिएर जाँदा र शान्तरक्षित पद्मसम्भव, शीलमन्जु,

कमलशीलजस्ता बौद्ध पण्डितहरू भोट जाँदासमेत खासमा नुवाकोट र क्यी-रीङ् हुँदै जाने यही बाटोलाई उपयोग गरेका थिए । पछि आचार्य दीपङ्कर पश्चिम तिब्बत जाँदासमेत नुवाकोट क्यी-रोङ्, गुङ-थुङ हुँदै गएको जानकारी पाइएको छ ।[९५] नेपालका कलाकार अरनिको र उनको दल भोटतर्फ जाँदा पनि नुवाकोट क्यी-रोङ्को बाटो भएर नै गएको थियो । अरनिको पहिले सक्यमठमा पुगेका हुनाले र सक्य मठका मठाधीश सक्य फग्-पले उनलाई निम्त्याएका हुनाले पनि अरनिको की-रोङ् हुँदै गएको कुरा पक्का हुन्छ । नेपालबाट सक्यमठ पुग्ने छोटो र चल्तीको बाटो यही नै थियो । वास्तवमा प्राचीन र मध्यकालको पूर्वार्द्धसम्म यो बाटो वढी चल्तीको भएको आभास हुन्छ । लामा तारानाथ, मिलरेपा, धर्मस्वामीजस्ता विद्वान्हरूले पनि यही बाटोलाई उपयोग गरेको आभास हुन्छ । धर्मस्वामी नेपाल आउनुअघि गुङ्-थङ् (की-रोङ् भन्दा उत्तरको मध्य र पश्चिम तिब्बतलाई छुट्याउने मुख्य बस्ती) मा बसेर धार्मिक विद्याध्ययन गरेर १० वर्षजति व्यतीत गरेका र त्यतैबाट उनी नेपाल आएको कुराको उल्लेख उनको नामथर (जीवनी) मा परेको छ ।[९६] तिनताका मध्य तिब्बत (दवुस्) तथा गुङ्-थङ्-क्यी-रोङ्तर्फबाट नेपाल आउने बाटो यही रसुवागढी हुँदै नुवाकोट झर्ने नै बढी चल्तीको थियो ।

मध्यकालको उत्तरार्द्धदेखि भने ल्हसातर्फ जाने बाटो भोटेकोशी तर्फबाट नेष्टी, कुती हुँदै जाने पनि धेरै चल्तीको हुन थालेको देखिन्छ । मध्यकालको उत्तरार्द्धमा नेपाल र भोटको समेत यात्रा गर्ने कपुचीन तथा इशाई पादरीहरूका टिपोटबाट नेपाल भोट तथा भारतीय मैदानलाई जोड्ने अन्तर्राष्ट्रिय व्यापारिक तथा सँस्कृतिक मार्गको विषयमा निकै जानकारी पाइन्छ । पादरी ग्रुवर (Gruber) ले कुती-नेष्टी, काठमाडौं, हेटौंडा-भिक्षाखोरी हुँदै गढपर्सा पुग्ने र त्यताबाट भारततर्फ लाग्ने बाटोको चर्चा गरेका छन् । काठमाडौं उपत्यकाबाट कुतीतर्फको बाटो २ तिरबाट जान्थ्यो । जस्तै साँखुतर्फबाट चौतारा, नेश्टी, कोदारी हुँदै कुती जाने र भक्तपुरबाट बनेपा, धुलीखेल, पलाञ्चोक हुँदै भोटेकोशीको किनारै-किनारको बाटोबाट नेष्टी पुगेर कुती जाने । यस सन्दर्भमा साँखुको नाम नेवारीमा 'भोट' लाई बुझाउने 'सं' भएको हुनाले 'संखु' नाम नै भोट जाने र आउने बाटोको बस्ती भएको कारण रहन गएको कुरामा विश्वास गर्न सकिन्छ । नभन्दै साँखुलाई मध्यकालमा संखु भनिन्थ्यो र यो ठाउँ मध्यकालको पूर्वार्द्धदेखि नै एक सानु नगर वा किल्ला रूप भएको व्यापारिक बस्तीको रूपमा विकसित भइसकेको कुरा गोपालवंशावलीमा वर्णित चर्चाबाट स्पष्ट हुन्छ । गोपालवंशावलीमा पश्चिमका खस शैन्यको आक्रमण हुँदा संखुमा आगो लगाएको र त्यहाँबाट स्थानीय शासक 'संखुपतिराज' लाई मारेको चर्चा छ ।[९७] नेवारी भाषामा भोटलाई संदेश भन्ने चलन अहिले पनि छँदैछ । भोटतर्फ

जाने व्यापारिक बाटो साँखु भएर जाने भएकोले उक्त ठाउँ जाने महत्त्वपूर्ण व्यापारिक बस्तीमा समेत परिणत भएबाट साँखुलाई उपत्यकाका राजाहरूले निकै महत्त्व दिन्थे भन्ने राय पादरीहरूले दिएका छन् । पादरी क्यासियानो (Cassiano) ले 'साँखु' उपत्यकाका राजाहरूबीचको झगडाको हड्ठी बनेको छ भनेर उल्लेख गरेका छन् ।[९८] भोटको केन्द्र ल्हासाबाट काठमाडौं आउन कपुचीन पादरीहरूले औसत ४०/४२ दिन लगाएको देखिन्छ ।[९९]

काठमाडौं उपत्यकाबाट तराईतर्फ झर्ने बाटो एउटा मात्र थिएन । प्राचीनकालदेखि नै विभिन्न बाटोहरूको उपयोग हुन थालेको स्पष्ट संकेत तथा प्रमानहरू समेत पाइएका छन् । मध्यकालमा पनि काठमाडौंबाट चन्द्रागिरिको डाँडो चढेर चित्लाङ्, भीमफेदी, भैंसे, हेटौंडा, भिक्षाखोरी हुँदै गढ पर्सातर्फ जाने र आउने बाटोको प्रयोग फादर मोर (More) तथा पछि ई. १७९३ मा भ्रमण गर्ने विलियम कर्कप्याट्रिकले समेत गरेको चर्चा पाइएको छ ।[१००] त्यस्तैगरी अर्कोबाटो खोकनातर्फबाट बाग्मतीको किनारै-किनार भएर मकवानपुर पुग्ने पनि कम चल्तीको थिएन । फादर इपोलिटो डेसीडेरीले यही बाटोको उपयोग गरेका थिए । यी दुवै बाटो हेटौंडामा पुगेर मिसिन्थे । अर्को एउटा बाटो दोलखाको ३ पाटनतर्फबाट सिन्धुली गढी हुँदै जनकपुर भएर भारत जाने पनि चल्तीको थियो । तिब्बतबाट सोझै सिन्धुली झर्ने र बनेपा, धुलिखेल, पलाञ्चोक तथा पनौती-खोपासीतर्फबाट तराई झर्ने बाटो पनि उत्तिकै चल्तिको थियो । अर्को एउटा बाटो फर्पिङ्तर्फबाट पनि तराईतर्फ जान्थ्यो । फादर मार्क (Marc) ले पनि खोकनाको बाटो बेतियासम्म पुग्ने बताएका छन् । उनले बाघ-भालु, गैंडाजस्ता जङ्गली जनावर लाग्ने वन र घाँसले भरिएको मुस्किलले मात्र डोबसम्म पत्ता लगाउने बाटो हिँड्दै बेतियाबाट जंगल काटेर भिक्षाखोरी पुग्ने तथा बाघ-भालुको आक्रमणबाट बच्न १ रात भिक्षाखोरी बसेर त्यहाँबाट हेटौंडा पुगेर अर्को रात बस्ने, त्यहाँदेखि मकवानपुरको क्षेत्र पूरा हुन्छ र त्यहाँबाट खोलैखोलाको बाटो गरेर भीमफेदी, भीमफेदीबाट चिसापानी गढी र त्यहाँबाट २ दिनसम्म डाँडाकाँडा चढ्दै तामाखानी पुग्ने, त्यहाँबाट बेलुका काठमाडौं उपत्यका पुग्ने बाटोको वर्णन गरेका न् ।[१०१]

मल्लकालका ऐतिहासिक धरःपौहरूमा पनि नेपालबाट तराई हुँदै भारततर्फ जाने बाटोको विषयमा उल्लेख भएको पाइन्छ । भक्तपुरका राजा रणजितमल्लको विवाहको धरःपौमा भक्तपुरदेखि बेतिया र बेतियादेखि भक्तपुरसम्मका २ थरी बाटोको उल्लेख परेको छ । जसमा भक्तपुरबाट ठिमी हुँदै बागमतीको किनारै-किनार जङ्गलको बाटोबाट मकवानपुर पुग्ने, त्यहाँबाट दंवपुरगाउँ हुँदै पर्सा र पर्साबाट फतुकोरी सरसा आदि ठाउँ भएर बेतिया पुग्ने बाटोको उल्लेख छ । त्यस्तैगरी बेतियाबाट, भैंसाहा सिरोमसिशपुर, भुतथाम,

सरस, फुतकोही (री) हेटौंडा हुँदै खोकनातर्फबाट पाटन निस्किएर भक्तपुर पुग्ने बाटोको पनि चर्चा परेको छ।[१०२]

ईशाको तेह्रौं शताब्दीका भोटका विद्वान् भिक्षु धर्मस्वामीले प्रयोग गरेर नेपालबाट भारतको विहारतर्फ पुगेको बाटोको पनि चर्चा गर्नु यहाँ अत्यन्त सान्दर्भिक हुन्छ। उनले नेपालबाट भारततर्फ जाँदा ३ वटा मुख्य पर्वत श्रृंखला पार गर्दै तिरहुत पुगेको चर्चा गरेका छन्। उक्त पर्वत श्रृंखलामा ऋषिशीर्ष पर्वत (द्रङ-स्रोङ् -गी-री-उ-शि-र) तथा अरू दुइवटा (नाम नदिएका) भनेर उल्लेख गरेका छन्। त्यस्तै उनले उक्त पर्वत श्रृंखला काटेपछि उपत्यकाका मानिसले बोल्ने भाषा (नेवारी?) बोल्नेहरूको बस्ती छाडिने, त्यसपछि भारतीय मैथिली (?) भाषा बोल्ने ठाउँमा पुगेकोसम्म चर्चा गरेका छन्।[१०३]

यसरी उपत्यका र आसपासबाट उत्तरतर्फ लाग्ने बाटो मध्यकालको पूर्वार्द्धसम्म नुवाकोट त्रिशूलीतर्फबाट रसुवा गढी हुँदै क्यी-रोङ् पुगेर जाने बढी चल्तीको भए तापनि मध्यकालको उत्तरार्द्धदेखि भने भोटेकोशी तर्फबाट नेष्टी-कोदारी हुँदै कुतीतर्फबाट जाने बाटो बढी चल्तीको हुन पुगेको थियो। मध्यकालमा नेपाल र भोटको भ्रमण गर्ने दर्जनौं कपुचीन र इशाई पादरीहरूमा एकजनाले पनि क्यी-रोङ्-रसुवातर्फको बाटोको उपयोग तथा चर्चासम्म पनि नगरेकोले उपर्युक्त कुरामा पुष्टि मिलेको छ। यसो भए तापनि पछिसम्म नै सांस्कृतिक तथा व्यापारिक दलको आवतजावत यस बाटोबाट पनि नहुने चाहिँ होइन। कुतीमा नेपाली व्यापारीका स्थायी कोठीहरू हुनाले पनि कुतीतर्फको बाटो बढी चल्तीको हुन पुगेको हो। नेपाल एकीकरणपछि नेपाल भ्रमण गर्ने कर्कप्याट्रिकले त्यसबेलासम्म भोट जाने महत्त्वपूर्ण बाटोमध्ये लिस्ती (नेश्टी) कुती भएर जाने र रसुवा क्यी-रोङ् भएर जाने दुवै चल्तीको भएको कुरा उल्लेख गरेका छन्।[१०४] मध्यकालको उत्तरार्द्धताका उपत्यकाबाट नुवाकोट नभई सोझै तिब्बततर्फ जाने अर्को एउटा सानु बाटो उपत्यकाभन्दा पूर्वमा रहेको लामीडाँडातर्फबाट जाने पनि चलेको थियो। यस बाटोबाट तराईतर्फ ओर्लन र पश्चिम नेपालतर्फ लाग्नसमेत सजिलो भएकोले यो बाटो चल्तीको बन्न पुगेको थियो। स्मरणीय कुरा के छ भने उपत्यकाको महत्त्वपूर्ण आर्थिक नाका नुवाकोटलाई गोरखाले कज्याएपछि उपत्यका निवासीले उत्तरतर्फ जाने यही बाटोको उपयोग गर्न थालेका थिए।

यसैगरी दक्षिणतर्फ जाने बाटोमा पूर्व बनेपा पलाञ्चोकतर्फबाट सिन्धुली (गढी) हुँदै जाने, खोकनातर्फबाट बाग्मतीको किनारै-किनार भई मकवानपुर पुगेर भारततर्फ जाने, थानकोटतर्फबाट चन्द्रागिरि उक्लिएर चित्लाङ, भीमफेदी, भैंसे हुँदै हेटौंडातर्फबाट गढ पर्सा पुगेर भारततर्फ लाग्ने र फर्पिङ्गतर्फबाट जानेसमेत चल्तीका थिए भन्ने कुरा माथि उल्लिखित विवरणबाट स्पष्ट हुन्छ।

यस सन्दर्भमा यी उत्तर-दक्षिण व्यापारका बाटोहरू कति सुविधाजनक थिए र तिनमा व्यापार, सुरक्षाचौकी तथा भन्सार आदि कार्यालयहरूको व्यवस्था र बाटोमा व्यापारिक वस्तीहरूको विकास कुन रूपमा भएको थियो भन्ने विषयमा पनि अलिकति चर्चा गर्नु आवश्यक र प्रासंगिक हुन्छ ।

भारत-चीनजस्ता ठूल्ठूला साम्राज्यलाई अन्तर्राष्ट्रिय सांस्कृतिक तथा व्यापारिक महत्त्वको बाटो भएका कारण माथि उल्लिखित सबै बाटामा अनेकौं बस्ती विकसित हुँदै व्यापारिक उपनगरको रूपमा समेत परिणत हुन थाल्नु स्वाभाविकै हो । यसैक्रममा कतिपय नयाँ बस्तीहरू समेत देखापर्न थाले भने पुराना स-साना बस्तीहरूले ठूलो व्यापारिक स्थलको रूप लिन थालेको समेत देखिन्छ । यस सन्दर्भमा काठमाडौँ उपत्यका भित्रका नगरहरू बाहेक पर्सा, हेटौंडा, भीमफेदी, उदयपुर, सिन्धुली, बनेपा, पनौती, पलाञ्चोक, धुलिखेल, खोपासी, चित्लाङ, टिष्टुङ, साँखु, नुवाकोट्, दोलखा, विगु, लिस्ती (नेष्टी), कुती, क्यी-रोङ् आदिजस्ता तराईदेखि भोटसम्मका बस्तीहरू फस्टाउनमा यसै अन्तर्राष्ट्रिय व्यापार मार्गको चल्ती-फिर्तीले नै पूर्ण भूमिका खेलेको देखिन्छ । उपत्यका र आसपासका थानकोट, खोकना, फर्पिङ, चापागाउँ, लेले, नाला आदि बस्तीका विकासमा पनि यस व्यापार मार्गको निकै भूमिका रहेको छ । काठमाडौँ उपत्यकाको द्रुततर रूपले ३/३ वटा व्यापारिक नगरीको रूपमा विकास हुनमा चीन-तिब्बत र भारतलाई जोड्ने यस व्यापारिक तथा सांस्कृतिक महत्त्वको अन्तर्राष्ट्रिय मार्गको अत्यन्त ठूलो भूमिका रहेको छ । त्यसै हुनाले त चिनियाँहरूले यहाँ कृषकभन्दा बढी संख्यामा व्यापारी भएको कुराको उल्लेख गरेका हुन् । तिनताका नेपाल उपत्यका भएर चीन-तिब्बतलाई जोड्न बाटो उत्तरमा चीनको ह्वाङ-हो नदीसम्म पुग्दथ्यो भन्ने उल्लेख पाइन्छ ।[१०५]

उत्तर-दक्षिणको व्यापारमार्गमा बीच-बीचमा सुरक्षाचौकी तथा भन्सार अड्डाहरूको व्यवस्था प्राचीनकालदेखि नै हुन थालेको थियो । लिच्छविकालमा पनि गौल्मिकहरू रहने, गुल्म-चौकी तथा शौल्किकहरू बस्ने शुल्कशाला-भन्सार आदिको व्यवस्था गरिएको उल्लेख पाइन्छ ।[१०६] मध्यकालमा सुरक्षाका दृष्टिकोणले यी बाटोहरूमा झण्डै-झण्डै कोश-कोशको दूरी प्रमुखमा 'क्वाठनायक' हरू नियुक्त हुन्थे । यसरी सुरक्षाचौकीको थोरैथोरै दुरीमा व्यवस्था गरिएको भए तापनि जगात-भन्सारको व्यवस्था भन्ने ठाउँ-ठाउँमा मात्र हुन्थ्यो तर व्यापार मार्गका गुल्महरूले व्यापारीहरूसँग केही व्यापार कर पनि असुल्ने गर्दथे र त्यस्ता क्वाठहरूसँग सम्बन्धित शुल्कशाला (भन्सार कार्यालय) पनि हुन्थे भन्ने संकेत मिलेको छ ।[१०७] प्राचीनकालदेखि नै चल्तीको बाटो भए तापनि भोट नेपाल र भारतीय मैदानसम्म आवतजावत गर्ने यी कुनै पनि बाटोहरू सुविधायुक्त र यात्रा गर्न सजिलो हुने किसिमका थिएनन् । त्रिशूली र

बेत्रावतीतर्फबाट रसुवागढी हुँदै क्यी-रोङ्तर्फ जाने भोट मार्ग तुलनात्मक हिसाबले केही सजिलो अवश्य थियो । पादरी ट्र्याङ्क्वीलो (Tranquillo) ले दिएको विवरणअनुरूप पादरी मार्क (Marc) ले गरेको टिपोटमा ल्हासादेखि काठमाडौं उपत्यकासम्म कुतीतर्फबाट आउने अत्यन्त विकट बाटोको स्थिति छर्लङ्ग हुन्छ । गधा-खच्चर तथा गाई-गोरुसमेत हिँड्न नसक्ने पार गरी नसक्नुको घना जंगल, ठूलठूला पहाड तथा खोलानाला भएर भोटतर्फ जानुपर्ने चर्चा पादरी मार्कले गरेका छन् । त्यस्तैगरी मानिसले पिठ्यूँमा बोक्ने र च्याङ्ग्रालाई बोकाउने भारीबाहेक सामान ढुवानीको अर्को विकल्प नभएको, एउटा पहाडपछि अर्को पहाड हुँदै गहिरा-गहिरा खाँच र ढुङ्गे पहाड तथा जोखिमपूर्ण खोला तर्ने फलाम र झोलुङ्गे पुलको उपयोग गर्दै १० दिनसम्म मानिसका बस्ती कहींकहीं मात्र भेटिने बाटो हिँडेर ल्हासाबाट कुतीको व्यापारिक नगरमा आउनु पर्ने चर्चा पनि मार्कले गरेका छन् । त्यस ठाउँमा नेपाल र भोटको सिमाना जोडिनें र हावापानीमा पनि अकस्मात परिवर्तन हुने तथा केही घर र मानव बस्तीलेयुक्त बाटो र गधा-खच्चर या घोडाजस्ता यातायातका साधन र किनेर खानसमेत कम खर्चमा पाउने बाटो त्यसभन्दा दक्षिणमा भएको विवरण पनि उनले दिएका छन् ।[१०८] यस सन्दर्भमा फादर डेसिडेरीको विवरण पनि फलामको अप्ठ्यारो पुल तरेर ढुङ्गा खोपेर बनाएको मुस्किलले खुट्टाको टुप्पो वा औंला मात्र अड्याउन पुग्ने भ्याङजस्ता ढुङ्गाका चट्टानको बाटो हिँड्नुपर्ने, बाटोका खोँचहरूमा मुश्किलले मानिसको एउटा खुट्टासम्म अट्ने तेर्स्याएर राखेको रुखको भरमा खोला तर्नुपर्ने, कहींकहीं खोलामा काठको पुलहरूसमेत भएको र उकालो चढ्न अत्यन्त कठिन हुने हुनाले स्थानीय भरीयाहरू लगाएर बोकिएर मात्र हिँड्न सकिनेजस्तो बाटोको वर्णनसमेत गरेका छन् । डेसीडेरीको साथमा तिब्बतबाट नेपाल आएका बुढा पादरी फेलिस (Felice) लाई बाटो हिँड्न परेको कठिनाइको पनि डेसीडेरीले वर्णन गरेका छन् ।[१०९] फादर गेओर्गी (Georgi) र फादर मोर (More) तथा फादर मार्क (Marc) को विवरणअनुसार बेतियातर्फबाट मकवानपुर वा पर्सा आइपुग्ने बाटो पनि कम डरलाग्दो थिएन भन्ने बुझिन्छ । उनीहरूका अनुसार घना जंगल, बाघ-भालु, गैंडा आदिको डर र अग्लो-अग्लो 'घाँस भएको, मुश्किलले बाटोको डोबसम्म पत्ता लाग्ने बाटो हिँडेर मँढ पर्सामा आईपुग्नु पर्दथ्यो । पर्साबाट पनि जंगल नै पार गर्दै बेलुकी भिक्षाखोरीमा बास बस्नु पर्दथ्यो । त्यहाँ पनि बाघको डर धेरै हुने हुनाले ठूलो आगो बालेर चनाखो भएरमात्र रात बिताउनु पर्दथ्यो । त्यहाँबाट पहाड सुरु हुने र एक रात हेटौंडा पुगेर बास बसी त्यहाँबाट एउटा खोँच परेको नदीको किनारै किनार ३५ पल्टसम्म खोला तर्दै दिनभर हिँडेपछि नेपालको पहिलो बस्ती भीमफेदी हुँदै

जानुपर्ने चर्चा पनि मार्कले गरेका छन् । त्यताबाट चिसापानी हुँदै २ दिन हिँडेर तामाखानीमा बास बस्नु पर्ने र त्यहाँबाट कतिपय हरिया रुख बिरुवाले भरिएका डाँडा पार गर्दै, नेपाल (काठमाडौँ) उपत्यका पुगिने चर्चा गरेका छन् । मार्कले दिएको विवरणमा बेतियाबाट काठमाडौँ पुग्न ८ दिन लाग्ने र औलोसमेतको डर हुने भनेर उल्लेख गरेका छन् ।[११०] त्यसबेला उत्तर र दक्षिण दुवैतर्फको बाटो कम कष्टप्रद थिएन भन्ने कुरा माथिका विवरणबाट स्पष्ट हुन्छ । ठाउँठाउँका सरकारी चौकीहरूले व्यापारीहरूको सुरक्षाको आवश्यकता एक छेउ पनि पूरा हुँदैनथ्यो । सरकारी सुरक्षा चौकीहरूलाई क्वाठ (कोट) भनिन्थ्यो । तिनमा क्वाठनायक र उमराहरू नियुक्त हुन्थे । भोटको सीमादेखि दक्षिणमा यो व्यवस्था मिलेको थियो । दोलखातर्फको बाटोमा रामकोट, द्रुमकोट आदि कोटहरूको उल्लेख आएको छ ।[१११] त्यसैले त व्यापारीहरू बन्जाराको नेतृत्वमा संगठित भएर ठूलोठूलो समूह बनाएर आतेजाते गर्दथे भन्ने माथि उल्लेख गरियो । ढुवानीमा गधा, खच्चर तथा भरियाबाहेक अरू उपाय नभएको र बाटो जंगल, चट्टान, हिंस्रक पशुहरू लाग्ने र खोलानालासमेत भएको हुनाले अत्यन्त जोखिमपूर्ण थियो । बाटोमा लुटेराको डर उत्तिकै हुन्थ्यो । गोरखाली विजय अभियानको क्रममा भोटतर्फका व्यापारिक बाटोहरू गोरखाली फौजको अधीनमा आउनासाथ बाटोमा व्यापारीहरूका सामान लुट्ने लुटेराहरू पत्ता लगाउने अभियान चलाएको कुरा स्पष्ट्याउने ऐतिहासिक पत्रहरू पनि पाइएका छन् ।[११२] अघिदेखि नै लुटेराको कारण व्यापार जोखिमपूर्ण हुन्थ्यो भन्ने कुरा थाहा लागेको छ । त्यसै हुनाले व्यापारीहरू आफ्ना घरबस्तीमा र साथमा समेत सुरक्षात्मक शक्तिका देवता भीमसेनको पूजाप्रार्थना गर्दथे । दोलखा, नुवाकोटजस्ता व्यापारिक बस्ती तथा सबैजसो नेवार व्यापारीले बसोबास गरेका व्यापारिक बस्तीहरूमा अनिवार्य रूपले भीमसेनका मन्दिरहरू अहिले पनि देख्न सकिन्छ । उपत्यकाकै तीनै शहरमा पनि भीमसेनका मन्दिरहरू यत्रतत्र रहेका छन् । यो परम्परा प्राचीन भारतीय साम्राज्य युग अझ महाभारतकालदेखि नै चलिआएको देखिन्छ । तिनताका समुद्रको व्यापारमा समेत नाबिक व्यापारीहरू भीमसेनको मूर्ति साथमा राखेर एक ठाउँबाट अर्को ठाउँमा टाढा-टाढासम्म जाने गर्दथे ।[११३]

यसरी मध्यकालमा उत्तर-दक्षिणको व्यापार अत्यन्त फष्टाएको र भारत, चीन-तिब्बतलाई जोड्ने बाटो नेपाल भएर जाने नै मुख्य चल्तीको भएको हुनाले उपत्यका र आसपासका शासकहरूलाई प्रशस्त फाइदा भएको थियो । यसो भए तापनि शासकहरूबाट व्यापार सुरक्षा, यातायातको राम्रो प्रबन्ध गर्नेतर्फ त्यति ध्यान पुऱ्याएको भने देखिँदैन । खालि स्वेच्छाले धनीवर्ग र शासकवर्गका व्यक्तिले नै समेत यदाकदा बाटोमा पाटीपौवा, धारो-कुवा आदि

बनाउनेबाहेक अरू कुनै खास उल्लेखनीय सुविधा पुऱ्याउने किसिमका काम गरेको देखिँदैन ।

बेतियाबाट आउँदा पर्सामा यात्रु तथा व्यापारीहरूले भन्सार वा अन्य दस्तुर बुझाउनु पर्दथ्यो ।[११४] त्यस्तै गरी हेटौँडामा आएर पनि भन्सार दस्तुर आदि रकम बुझाउनु पर्दथ्यो । फादर (Georgi) तथा फादर मोर (More) ले हेटौँडामा चौकी तथा भन्सार भएको र नेपाली यात्रुहरूलाई त्यहाँ भन्सार दस्तुरबाहेक अरू सकेसम्म धेरै रकम मकवानीहरूले तिर्न लगाउँथे भन्नेसमेत चर्चा गरेका छन् ।[११५] उत्तरतर्फको बाटोमा साँखु, चौतारा, लिस्ती (नेष्टी) कोदारी र कुतीमा सरकारी चौकी तथा भन्सार भएको चर्चा कपुचीन पादरीहरूको विवरणका आधारमा रेग्मीले गरेका छन् ।[११६] मध्यकालको उत्तरार्द्धमा तिब्बत-नेपाल तथा भारतको भ्रमण गर्ने कपुचीन पादरीहरूले यहाँको भन्सार व्यवस्थाबारे विस्तारपूर्वक उल्लेख गरेका छन् । जसअनुसार तिनताका उपत्यकाका तीनै राज्यका केन्द्रमा आ-आफ्ना केन्द्रीय भन्सारहरू हुन्थे र बाटोका मुख्य-मुख्य व्यापारिक बस्ती तथा नगरहरूमा भन्सार सञ्चालनका निमित्त भन्सारीहरू नियुक्त भएका हुन्थे । जसले सबै निकासी-पैठारीका व्यापारिक वस्तु तथा यात्रुहरूका सरसामानको समेत जाँचबुझ गर्ने गर्दथे । भन्सारीहरू साधारणतया ६ महिनाका निमित्त राजाद्वारा ठेकदारीको रूपमा नियुक्त हुन्थे । कुनै पनि व्यापारीले भोटतर्फ सामान पठाउनुपर्दा भन्सारीलाई खबर पठाउनुपर्ने र भन्सारबाट कम्तीमा २ जना भन्सारका कर्मचारी व्यापारीहरूका गोदाम र भण्डारमा नै गएर निकासी गर्ने सामानको जाँच गर्ने गर्दथे । त्यसपछि मात्र सामानको पोका वा कुम्लो बाँध्ने (प्याकिङ्) काम हुन्थ्यो । यस्ता पोकाहरू (प्याकेज) लाई डोरीले बलियो किसिमले बाँधेर त्यसमाथि भन्सारीले लाहाछाप लगाईदिन्थे । यस्ता खेप व्यापारका सामानका पोकाहरूलाई अन्त्यमा भैंसी वा बाखाका छालामा (छालाका झोलामा) राखिन्थ्यो । यस किसिमले गोदाम या भण्डारमा नै गएर भन्सारीले अघिल्लो दिन लगाएको लाहाछाप नबिग्रियोस् भनेर सम्बन्धित व्यापारीलाई जतनसाथ सामान मिलाउन सल्लाह दिईन्थ्यो र भोलिपल्ट भन्सारीहरू गएर पुनः लाहाछाप लगाएका पोकाहरूको जाँच गर्दथे र यदी कुनै त्रुटी फेला परेमा सम्पूर्ण पोका खोलेर पुनः जाँचबुझ गर्ने गर्दथे । कुनै कैफियत नभएको पोकामा छालाका झोला बाहिर नै भए पनि भन्सारीले दोस्रोपल्ट लाहाछाप लगाईदिन्थे । यस्तो किसिमको भन्सारको सामान जाँच र निकासी गर्ने अनुमतिको व्यवस्था कुतीतर्फबाट तिब्बत जाने बाटोको महत्त्वपूर्णस्थल लिस्तीमा भएको पादरीहरूले देखेका थिए ।[११७] मध्यकालको उत्तरार्द्धमा व्यापारिक आदानप्रदानको ठूलो परिमाण कुतीतर्फकै बाटोबाट चल्नथालेको संकेत त्यसबेला नेपाल-तिब्बतको

भ्रमण गर्ने इशाई पादरीहरूको विवरणबाट मात्र नभएर अरू ऐतिहासिक सामग्रीबाट समेत स्पष्ट हुन आएको छ । जस्तै नुवाकोट भेकमा बसोबास गर्ने र भोट व्यापारमा संलग्न हुने शैवमार्गी गोसाइँहरूलाई पछि पृथ्वीनारायण शाहले गरिदिएका व्यापार व्यवस्थामा समेत लिस्तीको बाटोबाट सामान लैजाने-ल्याउने गर्दा बीचका बाटोका भन्सारहरूमा सामान देखाई दस्तुर तिरेर जगातीहरूबाट छापसमेत लगाएपछि उनका मालसामान लुटलाट गर्न नपाइने गरिदिएको प्रसङ्ग यहाँ उल्लेखनीय छ । यो व्यवस्था पहिले जयप्रकाशमल्लहरूबाट समेत भएको थियो ।[११८] त्यस्तैगरी वि.सं. १८०६ मा पृथ्वीनारायण शाहले कमलवन गोसाईंका नाउँमा लेखिदिएको अर्को पत्रमा यी गोसाईंहरूको माल कुतीको बाटो गरी आउँदा चमर, घोडा, हरिताल सुन, आदि ल्याउँदा भन्सार दस्तुर माफ गरिदिएको देखिन्छ ।[११९] यस किसिमले नुवाकोटतर्फका व्यापारीहरू पनि कुतीको बाटो भएर व्यापार गर्ने परम्परा चलेको देखिन्छ । पादरीहरूले वर्णन गरेको भन्सारको व्यवस्था पछि शाहकालको सुरु-सुरुताकासम्म पनि चलिरहेको कुरा पनि यस आधारबाट स्पष्ट हुन आएको छ तर यस्तो परम्परा क्यी-रोङ्तर्फको बाटोमा र बीचबीचमा पनि हुन्थ्यो भनेर यसै आधारबाट सजिलै अनुमान गर्न सकिन्छ । निकसी व्यापार गर्ने व्यापारीहरूले अनुमति पुर्जा 'दस्तोक' पाउने र उक्त पत्र बाटोमा रहेका सरकारी चौकीहरूमा, भन्सारहरूमा देखाउनु पर्दथ्यो भनेर त माथि नै उल्लेख गरिसकिएको छ ।

क्यी-रोङ्तर्फको बाटोमा पनि नुवाकोटदेखि क्यी-रोङ्सम्म नै ठाउँठाउँमा भन्सार तथा सुरक्षाचौकी तथा कोटहरूको व्यवस्था अवश्य थियो । नुवाकोट भेकमा बसेर उत्तर-दक्षिणको बाटोमा हुने व्यापारमा संलग्न हुने शैवमार्गी सन्यासी कमलवनहरूले भोट व्यापारमा भन्सार दस्तुर मिनाहा पाएको प्रसङ्गबाट पनि यस कुरामा पुष्टि मिल्दछ । नुवाकोटपट्टिबाट क्यी-रोङ् जाने बाटोमा स्याब्रुक, तमिरे, रसुवागढी आदि स्थलमा भन्सारहरू भएको स्पष्ट संकेत मिलेको छ ।[१२०] तिनताका केन्द्रभन्दा टाढाटाढाका भन्सारहरू प्रायः ठेक्का प्रथाअनुरूप धनीवर्गलाई जिम्मा दिने चलन थियो । नुवाकोटका धामी खलकले स्याब्रुक भेकका जगात भन्सारको ठेक्का पाएको प्रसङ्ग यहाँ उल्लेखनीय छ ।[१२१] यस्ता जगात भन्सारहरू ठेक्कामा तथा सरकारको तर्फका समेत गरेर दुइ थरी नै चल्दथ्यो । भन्सार ठेक्कामा दिइए तपनि स्थिति र नियममा परम्परागत व्यवहारलाई नै मुख्य स्थान दिने चलन थियो । त्यसैले साबिक दस्तुर मिच्न दिइदैनथ्यो ।[१२२]

भन्सार महसुल तथा व्यापारकरको दरको विषय पनि भन्सार व्यवस्थाको एउटा महत्त्वपूर्ण पक्ष हो तर तल वित्त व्यवस्थाअन्तर्गत करप्रणालीलाई छुट्टै

उल्लेख गरिनें र त्यसै अन्तर्गत भन्सार दस्तुर र दरका विषयमा पनि उल्लेख गर्नुपर्ने हुनाले यहाँ व्यापार मार्गको अवस्था र व्यवस्था अन्तर्गत भन्सार, चौकी, कोटहरूको विषयमा मात्र चर्चा गरिएको हो ।

६.४. आन्तरिक हाटबजारको विषयमा

मध्यकालमा उपत्यका र आसपासका बस्तीहरूको शहरीकरणको क्रम निकै बढेको थियो भनेर माथि बस्तीहरूको विकास तथा शहरीकरणअन्तर्गत चर्चा गरिसकिएको छ । यस्तो शहरीकरणमा वृद्धि र बस्तीमा विकासको महत्त्वपूर्ण कारण बढ्दो अन्तर्राष्ट्रिय व्यापार र उत्तर-दक्षिणलाई जोड्ने आर्थिक तथा सांस्कृतिक महत्त्वको बाटो नेपालबाट गुज्रने हुनु नै थियो । यसरी क्रमशः जनघनत्वमा वृद्धि हुँदै जानु, नयाँ बस्तीहरूको विकास हुँदै जानु र व्यापारको कारण शहरीकरण बढ्दै गएको हुनाले यहाँ ग्रामीण जनजीवनका परम्पराले मात्र जीविका चल्न छाडेको थियो । त्यसैले आवश्यक सामग्रीको किनबेचका निमित्त आन्तरिक बजारको व्यवस्थाको खाँचो हुन थाल्नु स्वाभाविकै हो । त्यसैले मध्यकालको पूर्वार्द्धदेखि नै यहाँ हाटबजारको व्यवस्था गर्नेपट्टि शासकहरूसमेतले चासो लिन थालेको संकेत पाइएको छ । लेनदेन, किनबेच, बजारभाउ आदिका उदाहरण त तात्कालिक कागजपत्रहरूमा प्रशस्तै पाइएका छन् । त्यतिमात्र नभएर नुन, चामल, तेल आदि दैनिक उपभोगका वस्तुहरूसँग सम्बन्धित हाटबजारको स्पष्ट उल्लेख गोपालराजवंशावलीमा परेको छ ।[१२३] यस्तै किसिमले किनबेचका निमित्त पसलहरूको व्यवस्था पनि हुन्थ्यो । पसल छें जस्ता सोझै पसलसँग सम्बन्धित शब्दको उल्लेख पनि गोपालराजवंशावलीमा परेको छ ।[१२४] किनबेच र बजारभाउमा घट्बढ भएको घटनाको पनि गोपालराजवंशावलीमा अरू पत्रहरूमा पनि ठाउँ ठाउँमा उल्लेख छ ।[१२५] मध्यकालको उत्तरार्द्धमा आइपुग्दासम्म त देशविदेशका व्यापारीहरू समेत आई व्यापार गर्ने परम्परा यहाँ बढ्दै थियो । काश्मिरी मुसलमान र स्थानीय व्यापारीवर्गका बिक्री केन्द्रहरू उपत्यकाका तीनवटै शहरमा भएको र उनीहरूका केही उत्पादन प्रतिष्ठानहरू समेत भएको चर्चा कपुचीन पादरीहरूले उल्लेख गरेका छन् ।[१२६] फादर लोरोको एक पत्रमा तोरीको तेल, राँगाको मासु आदि पसलबाट किनेर प्रयोग गरेको उल्लेख परेको छ ।[१२७] नेपाली र काश्मिरी मुसलमान व्यापारीहरूका कुती र क्यी-रोङ्मा पनि विभिन्न व्यापार केन्द्र, पसल वा कोठीहरू थिए भन्ने उल्लेख डेसीडेरीले गरेका छन् ।[१२८] भोटमा नेपालबाट गई बसेका कोठी महाजनको उल्लेख भीममल्लको व्यवस्थाको चर्चाको क्रममा पनि वंशावलीमा परेको छ । यस किसिमले आन्तरिक हाटबजार, पसल आदिको समेत प्रबन्ध आवश्यकताअनरूप धेरथोर गरिएकै थियो भन्न सकिन्छ ।

टिप्पणी

१. डि.आर. रेग्मी, *मेडिएवल नेपाल* पार्ट टू, कलकत्ता: के. एल. मुखोपाध्याय, पृ. १००९ ।
२. रमेश ढुङ्गेल, *प्राचीन अर्थव्यवस्था,* काठमाडौं: एस. पि. उपाध्याप, पृ. १६८-७२ ।
३. John K. Locke, *Buddhist Monastaries of Nepal*, Sahayogi Press, 1985, 410. Daniel Wright, (ed.), *History of Nepal*, pp. 86-87. Keshar Lal, *Lore and Legend of Nepal*, Kathmandu, 1966, pp. 28-30. Mana Mohan Sharma, *Folklore of Nepal*, New Delhi: 1978, pp. 24-26. Karna Sakya, *Tales of Kathmandu*, Brisbane, 1980, pp. 28-30.
४. चिरन्जीवि प्रभा वज्राचार्य, *भास्करदेव संस्कारित केशवचन्द्र कृत पारावत महाविहार एक अध्ययन,* त्रि.वि. नेपाली इतिहास संस्कृति तथा पुरातत्व विभागमा बुझाएको अप्रकाशित शोध-पत्र, पृ. ७ ।
५. सत्यमोहन जोशी, *कलाकार अरनिको,* काठमाडौं: विजय गजानन्द वैद्य, वि.सं. २०४४, पृ. ५३-५५ ।
६. जोशी, *त्यही,* पृ. ८ ।
७. धनवज्र वज्राचार्य, "शक्तिशाली भारादार रामवर्द्धनहरू र तात्कालिक नेपाल", *पूर्णिमा,* अङ्क ७, पृ. १३-३६ ।
८. यसको उल्लेख बनेपासँग सम्बन्धित पुराना लेखोटहरूमा प्रशस्त पाइन्छ । जयसिंहराम र मदनराम वर्द्धनहरूले राखेको पनौतीको शिलालेखमा पनि बनेपालाई 'बणिकापुरी' भनेर उल्लेख गरिएको देखिन्छ । Lucino Petech, *Mediaval History of Nepal*, Roma: Is.M.E.O., 1958, p. 148. वज्राचार्य, *पूर्ववत्,* संख्या ७, पृ. २९ ।
९. पेटेक, *पूर्ववत्,* पृ. २०१-२११ ।
१०. *त्यही,* पृ. २०१-२०३ ।
११. *त्यही,* पृ. २०२ ।
१२. जोशी, *पूर्ववत्,* संख्या ५, पृ. ७१ ।
१३. वज्राचार्य, *पूर्ववत्,* संख्या ७, पृ. ३३ ।
१४. *भ्वाइस अफ हिस्ट्री,* अङ्क १, पृ. २५-२६ ।
१५. पेटेक, *पूर्ववत्,* संख्या ८, पृ. ५-८ ।
१६. *त्यही,* पृ. २०९ ।
१७. वज्राचार्य, *पूर्ववत्,* संख्या ७, पृ. ३२-३५ ।
१८. *गोपालराजवंशावली,* पत्र संख्या ६१ ।
१९. *त्यही,* पत्र संख्या ६१, ६३ ।
२०. देवीप्रसाद लम्साल (सं.) *भाषावंशावली,* द्वितीय भाग, काठमाडौं: नेपाल राष्ट्रिय पुस्तकालय, २०३३, पृ. ४४ ।
२१. *त्यही,* पृ. ४८ ।
२२. *त्यही,* पृ. ४८-५० ।
२३. यो राज्यं मिथिलां विजित्य मगधं गत्वा गयां पौरुषाद् यो नेपालमकण्टकं व्यरचन्चित्व नृपान् पार्वतान् ॥ प्राच्यां यो वङ्ग देशं तदनु सुरनदी दक्षिणो दिग्विभागे विख्यातः पश्चिमायां प्रविलसदसिना गोरखापालपातः ॥ भूमिं सप्ताहगम्यामपि धनददिशो

योऽबधीकृत्य भुक्त्वा रेमे दोर्दशौण्डस्प्रखर-तरलसत्कण्डको दण्डपाणिः । -वृहत् *सूचीपत्रम् (ज्योतिष विषयक)*, पृ. ११७ ।

२४. योगी नरहरिनाथ (सं. अनु.), *दिब्य उपदेश*, वाराणसीः योग प्रचारिणी महासभा, पृ. २२ ।

२५. लंसाल, *पूर्ववत्*, संख्या २०, पृ. ५८।

२६. सूर्यविक्रम ज्ञवाली, *नेपाल उपत्यकाको मध्यकालीन इतिहास*, काठमाडौंः रायल नेपाल एकेडेमी, २०१९, पृ. १८१-८२ ।

२७. दिनेशराज पन्त, *गोरखाको इतिहास*, भाग-२, पृ. ५५९ । लंसाल, *पूर्ववत्*, संख्या २०, पृ. ६४ ।

२८. ज्ञवाली, *पूर्ववत्*, संख्या २ छ, पृ. १८२ ।

२९. रमेश ढुङ्गेल, "स्वयम्भूस्थित स्यामरपा लामा दशौंको तिब्बती अभिलेख र त्यसको अनुवाद", *आर्थिक नेपाल*, पूर्णाङ्क-२५ (२०४५ वैशाख - जेठ), पृ. २ ।

३०. "... कृतिखासाकिरमिति सहसा भोट भूपस्य देशाज्जग्राह..."

३१. लंसाल, *पूर्ववत्*, संख्या २०, पृ. ८४-८५ ।

३२. राहुल सांकृत्यायन, *तिब्बतमें बौद्धधर्म*, इलाहावादः किताव महल, १९७९, पृ. ६०-६२ ।

३३. धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ, *दोलखाको ऐतिहासिक रूपरेखा*, काठमाडौंः नेपाल र एशियाली अध्ययन संस्थान, २०३१, पृ. ५७ ।

३४. वज्राचार्य र श्रेष्ठ, *त्यही*, पृ.२९-३० । रमेश ढुङ्गेल, "नोट्स् अन् सम् मेडिएवल क्वाइन्स् अफ् नेपाल", *रोलम्वा*, भोल १-४, नं.३, पृ.३५-३६ ।

३५. पेटेक, *पूर्ववत्*, संख्या ८, पृ. २०१-२०३ ।

३६. डि.आर.रेग्मी, *मेडिएवल नेपाल-१*, कलकत्ता, के.एल. मुखोपाध्याय, पृ. ५३६ ।

३७. ढुङ्गेल, *पूर्ववत्*, संख्या २, पृ. १९०-९१ ।

३८. पेटेक, *पूर्ववत्*, संख्या ८, पृ. २०१-२०३ । रेग्मी, *पूर्ववत्*, संख्या ३६, पृ. ५३६ ।

३९. लल्लनजी गोपाल, *इकनमिक लाइफ अफ नर्दन इण्डिया*, वाराणसीः मोतिलाल वनारसीदास, ई. १९६५, पृ. ११ ।

४०. रेग्मी, *पूर्ववत्*, संख्या १, पृ. ५२८-३० ।

४१. धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ, *नुवकोटको ऐतिहासिक रूपरेखा*, काठमाडौंः ने.ए.अं.संस्थान, २०३२, पृ. ५२ (सामग्री) ।

४२. कौशेयं चीनपट्टाश्च चीन भूमिजाः कौटिल्यको अर्थशास्त्र २, ११ ।

४३. तुलसीराम वैद्य, *पृथ्वीनारायण शाह-रणजित मल्लकीलक कागतपत्र*, काठमाडौंः नेपाल अध्ययन संस्थान, पृ. ३१, ४१, ८३, ५८ आदि ।

४४. *त्यही* ।

४५. कर्कप्याट्रिक, *यान एकाउन्ट अफ् द किङ्डम् अफ् नेपौल्*, पृ. २०५ ।

४६. अलका चट्टोपाध्याय, *अतीश एण्ड टिवेट* (पुन मुद्रण) दिल्लीः मोतिलाल बनारसीदास, ई. १९८१, पृ. ३१८-३२३ ।

४७. रेग्मी, *पूर्ववत्*, संख्या ३६, पृ. ५३७ ।

४८. ढुङ्गेल, *पूर्ववत्*, संख्या २, पृ. १५६, १६४ (प्राचीन अर्थव्यवस्था) ।

४९. जगदीशचन्द्र रेग्मी, *लिच्छवि संस्कृति*, काठमाडौंः रत्न पुस्तक भण्डार, वि.सं. २०२६, पृ. १४८ ।

५०. कौटिल्यको अर्थशास्त्र, २।११।३० ।

५१. ढुङ्गेल, *पूर्ववत्,* (प्राचीन अर्थव्यवस्था), पृ. १५१-१६५ ।
५२. त्वं नेपालमरक्तमच्छचमर कस्तूरीका चत्वरम् प्रातर्यच्छुकसारिकाभिरनिशं व्यादिशयतेत्थं मिथ: ।
५३. ज्ञानमणि नेपाल, *इपिग्राफिका इण्डिका,* भोल २७, पृ. २१४ । र *नेपाल निरुक्त,* काठमाडौं: ने.रा.प्र.प्र., २०४०, पृ. ५-६ तथा २२-२५ ।
५४. रेग्मी, *पूर्ववत्,* संख्या ३६, पृ. ५३७ ।
५५. सरतचन्द्र दास, *इण्डियन पण्डित्स इन द ल्याण्ड अफ स्नो* (दोस्रो संस्करण), कलकत्ता: के.एल. मुखोपाध्याय, १९६५, पृ. ७५ ।
५६. चट्टोपाध्याय, *पूर्ववत्,* संख्या ४६, पृ. ४० ।
५७. रेग्मी, *पूर्ववत्,* संख्या १, पृ. ५२८ ।
५८. पेटेक, *इटालिनी मिसनरी...* २, पार्ट ४, पृ. १३ ।
५९. *दिव्यउपदेश,* पुरातत्व विभागद्वारा प्रकाशित, पृ. ११ ।
६०. योगी, नरहरिनाथ (सं.), *दिव्य उपदेश,* पृ. २२ ।
६१. *त्यही,* पृ. २३ ।
६२. कर्कप्याट्रिक, *पूर्ववत्,* संख्या ४५, पृ. २०५ ।
६३. रेग्मी, *पूर्ववत्,* संख्या १, पृ. ५२८ ।
६४. कर्कप्याट्रिक, *पूर्ववत्,* संख्या ४५, पृ. २०९-१० ।
६५. वैद्य, तुलसीराम, *पूर्ववत्,* संख्या ४६, पृ. ३७ ।
६६. हेमराज शाक्य र तुलसीराम वैद्य, *मेडिएवल नेपाल,* पुष्पिका संख्या २३ ।
६७. योगी, *पूर्ववत्,* संख्या ६०, पृ. २२ ।
६८. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्,* संख्या ३३, ऐतिहासिक पत्र संख्या १४, १७, २३, २४, २७, २८, ३२, ३३, ३९ आदि ।
६९. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्,* संख्या ४१, पृ. ९६-९७, १०१ ।
७०. रेग्मी, *पूर्ववत्,* संख्या १, पृ. ५३६ ।
७१. धनवज्र वज्राचार्य, *लिच्छविकालका अभिलेख,* काठमाडौं: ने.ए.अ.सं., पृ. ५०-५४ । र ढुङ्गेल, *पूर्ववत्,* संख्या २, पृ. २३९-४० ।
७२. वार्नहार्ड कुल्भर र हेमराज शाक्य, *डकुमेन्ट्स फ्रम द रुद्रवर्ण महाविहार,* पाटन, भि.जि.एच.डब्ल्यू.एस.ए., १९८५, पृ. ९३ ।
७३. लंसाल, *पूर्ववत्,* संख्या २०, पृ. ४१-५१ ।
७४. पेटेक, *पूर्ववत्,* संख्या ५८, पृ. १३ । र रेग्मी, *पूर्ववत्,* संख्या ४०, पृ. ५२८ ।
७५. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्,* संख्या ३३, पृ. ५७ ।
७६. *त्यही,* पृ. ५७ तथा ऐतिहासिक सामग्री, हस्तलिखित ग्रन्थ ऐतिहासिक अंश संख्या १ ।
७७. वज्राचार्य र श्रेष्ठ, *त्यही,* सामग्री संख्या ११ र ४२ का पत्रहरू ।
७८. *त्यही,* पृ. ५७, ऐतिहासिक सामग्री संख्या ४२ को पत्र ।
७९. *त्यही,* पृ. ५८ ।
८०. *त्यही,* सामग्री संख्या ३८ को पत्र ।
८१. *त्यही,* सामग्री संख्या ३९ र ४० को पत्र ।
८२. *त्यही,* सामग्री संख्या ४६ को पत्र ।
८३. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्,* संख्या ४१, ऐतिहासिक सामग्री ३-१२ को पत्र तथा पृ.९८ ।
८४. *त्यही,* पत्र संख्या ३, ४ र पृ. ९९-१०० ।

८५. *त्यही*।
८६. *त्यही*, सामग्री संख्या १ को पत्र।
८७. *त्यही*, सामग्री संख्या ७ को पत्र।
८८. *त्यही*, पत्र संख्या १२।
८९. "... स्वस्ति श्री परमहंसेत्यादि श्रीभगवतिवन गोसाइँकेषु नमोनारायण पूर्वक पत्रमिदं इहां कुशल तुम्हारा कुशल चाहते है. पत्र आया अर्थ मालूम हुवा आगे इहाका हकिगत भला है. उपरांत तुमने नयाँकोट आवनेका वात लिषि भेजा, सो आज तो चौमासा भया जिसरोज काम परि अवैगा. तिस रोज वोलाई भेजैंगे, तुम हमारे अतित हौं ए घर तुह्मारा ह्व विशेषु किमधिकम् ...", वज्राचार्य र श्रेष्ठ, *त्यही*, पत्र संख्या ११।
९०. *त्यही*, पत्र संख्या ८-१०।
९१. पेटेक, *पूर्ववत्*, पार्ट सेवेन।
९२. सि.वासेल्स्, *पूर्ववत्*, पृ. २३२।
९३. पेटेक, *पूर्ववत्*, संख्या ५८, पृ. ५३६।
९४. ढुङ्गेल, *पूर्ववत्*, संख्या २, पृ. १८६-८७। थोमस वाटर्स, *अन युवानच्वाङ्स टावेल इन इण्डिया* भोल वन दिल्ली: मुन्सीराम मनोहरलाल, ई. १९६१, पृ. १८०-३१५, स्यामुयल वील, *लाइफ् अफ् ह्वेन् साङ्* दिल्ली: मुन्सीराम मनोहरलाल, ई. १९७३, पृ. ९४-९८।
९५. रमेश ढुङ्गेल, "आचार्य दीपङ्करको तिब्बत यात्रा ...", *कन्ट्रिब्यूसन्स् टू नेपलीज स्टडिज*, भोल ..., पृ. १९४-१९५।
९६. जि. रोरिक, *वायोग्राफि अफ धर्मस्वामिन*, पटना: के.पी. जयसवाल इन्स्टीच्यूट, ई. १९५९, पृ. ५२।
९७. *गोपालराजवंशावली*, पत्र संख्या ४८।
९८. रेग्मी, *पूर्ववत्*, संख्या १, पृ. १०१९।
९९. *त्यही*, पृ. ३९०-९१।
१००. *त्यही*, पृ. ३९१।
१०१. रेग्मी, *त्यही*, एपेन्डिक्स्-१, पृ. १०१७-१८।
१०२. चुन्दा वज्राचार्यद्वारा नेपाल र एशियाली अनुसन्धान केन्द्रमा संकलित रणजितमल्लको विवाहको धरःपौं।
१०३. रोरिक, *पूर्ववत्*, संख्या ९६, पृ. ५७ (जर्नी टू तिरहुत)।
१०४. कर्कप्याट्रिक, *पूर्ववत्*, संख्या ४५, पृ. ३७३-७४, ३७८।
१०५. यस कुराको उल्लेख ई. १८३२ मा प्रकाशित एशियाटिक रिशर्चेज भोल १७ मा हड्सनद्वारा संकलित "Route from Kathmandu to Tazedo on the Chinese Frontier" शीर्षकको विवरणमा परेको छ (पृ. ५१३)।
१०६. ढुङ्गेल, *पूर्ववत्*, संख्या २, पृ. १५०।
१०७. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्*, संख्या ३३, पृ. ५८।
१०८. रेग्मी, *पूर्ववत्*, संख्या १, पृ. ३९२-९३।
१०९. *त्यही*, पृ. १००७-८।
११०. रेग्मी, *पूर्ववत्*, संख्या १, प. ३९१, १०१८-१९।
१११. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्*, संख्या ३३, पृ. ५८ र २७, ४९ संख्याका पत्र।
११२. रामजी तेवांरी र अरू (सं.), *ऐतिहासिकपत्र संग्रह*, दोस्रो भाग, काठमाडौं: नेपाल सांस्कृतिक परिषद्, पृ. ७८।

११३. मोतीचन्द्र, *सार्थवाहः प्राचीन भारतकी पथ पद्धति*, पटनाः विहार राष्ट्र भाषा परिषद्, ई. १९५३।
११४. रेग्मी, *पूर्ववत्*, संख्या १, पृ. १०१७।
११५. *त्यही*।
११६. *त्यही*, पृ. ३९०।
११७. पेटेक, *पूर्ववत्*, संख्या ५८, पृ. ५१-५७।
११८. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्*, संख्या ४१, पृ. १००, सामग्री संख्या १२ को पत्र।
११९. *त्यही*, पृ. १००, सामग्री संख्या ७ को पत्र।
१२०. *त्यही*, पृ. १०१।
१२१. *त्यही*, पृ. ५२ संख्याको पत्र।
१२२. *त्यही*, पृ. १०२।
१२३. *गोपालराजवंशावली*, पत्र संख्या ६२ 'ख'।
१२४. *त्यही*, पत्र संख्या ६१ 'ख'।
१२५. *त्यही*, पत्र संख्या २५ 'ख', ३९ 'क' आदि।
१२६. पेटेक, *पूर्ववत्*, संख्या ५८, पृ. १२-१६, रेग्मी, पूर्ववत् संख्या ४०, पृ. ५२६-३०।
१२७. *त्यही*।
१२८. *त्यही* तथा फिलिप्पो ड फिलेप्पी, *फादर इपोलिटो डेसिडेरी - यान् एकाउन्ट् अफ् टिवेट्*।

परिच्छेद सात : विनिमय परम्पराः मुद्रा तथा लेनदेन

मौद्रिक परम्परा

विविध किसिमका लेनदेन, ऋण सापटी तथा बजार भाउ

परिच्छेद सात
विनिमय परम्परा: मुद्रा तथा लेनदेन

मध्यकालको विनिमयप्रणाली परम्परागत रूपको नै थियो । वस्तु तथा मौद्रिक दुवै थरी विनिमयका प्रक्रिया उत्तिकै प्रचलनमा थिए । अझ व्यापकता वस्तुविनिमयकै थियो । जनस्तरको लेनदेन प्रचुर मात्रामा वस्तुविनिमयकै रूपमा हुन्थ्यो । व्यापारमा वस्तुविनिमयको नै विशेष भूमिका थियो । राजकीय कारोबार (जागिर, विभिन्न किसिमका कर तथा अन्य दस्तुरको उठ्ती, सेवाकु आदि) मा समेत प्राय: जिन्सीको प्रयोग भएका पाइन्छ । एकै वस्तुको मूल्य केही नगद र केही जिन्सीमा चुकाएका उदाहरण पनि प्राप्त भएको छन् । यस किसिमले वस्तुविनिमय प्रणाली मध्यकालमा व्यापक भए तापनि मध्यकालको पूर्वार्द्धदेखि नै विनिमय व्यवस्थामा मौद्रिक प्रणाली पनि चलेका प्रमानहरू पाइएका छन् । तिनताका मौद्रिक प्रणाली कुनै ठोस नीतिअनुरूप नचलेर शासकहरूको इच्छाका भरमा चल्दथ्यो । मध्यकालको पूर्वार्द्धताका केही सफल र कुशल शासकहरूले व्यापार विस्तार गर्न र आफ्नो विशेषता देखाउनका निमित्त मुद्रा प्रसारण गरेका उदाहरण पाइएका छन् । कहिलेकाहीँ विनिमयको प्रक्रियालाई सरलीकरण गर्न मुद्रा प्रसारण गरेको भन्ने दावा गरिएका प्रमान पनि पाइएका छन् तर मुद्राको नियन्त्रण र विस्तारका निमित्त कुनै संस्थागत र नीतिगत क्रियाकलाप भने हुँदैनथ्यो ।

मध्यकालमा सुन, चाँदी र तामासमेतका मुद्रा चलेका देखिए तापनि व्यापक रूपमा चाँदीका मुद्रा नै प्रसारित भएको देखिन्छ । आफ्नो आन्तरिक प्रयोगका निमित्त मात्र नभएर भोटको बजारका निमित्त समेत चाँदीका मोहरको टकमरी यहाँ गरिन्थ्यो । यस माध्यमबाट ठूलो धनराशि नेपाल भित्रिन्थ्यो ।

सरसापट, ऋण तथा अन्य विविध किसिमका लेनदेनको परम्परा मध्यकालको थालनीदेखि नै चलेको देखिन्छ । ऋण तथा लेनदेनको कारोबारमा जग्गाजमिन आदि अचल सम्पत्ति र कहिलेकाहीँ कमाराकमारी वा अर्काको जग्गामा बसोबास गर्ने जग्गाहीन प्रजाहरू समेतलाई धरौटी राख्ने चलन थियो । ऋण सापटीजस्ता लेनदेनमा प्राय: ब्याजदर निश्चित हुन्थ्यो । तापनि ऋणीलाई अप्ठ्यारो परेको समयमा भने मनलाग्दो चर्को ब्याज लिने गरेका उदाहरण पनि पाइएका छन् । कहिलेकाहीँ ऋण असुलीको काममा राज्यतर्फबाट समेत

सहयोग गरेका उदाहरण पाइएका हुनाले पेशागत कामको विकासका निमित्त सुरक्षा प्रदान गर्न खोजिएको भान पनि नहुने होइन । ठूलो रकमको ऋण लगानी प्रायः खेप व्यापारका निम्ति हुन्थ्यो र लगानीकर्ताहरू राजपरिवारसँग सम्बन्धित भारादारहरू र ठूलठूला विहार, मठमन्दिरका मठाधिश आदि पनि हुन्थे । तिनताका रूपैयाँपैसाको मूल्य धेरै भएको हुनाले थोरै पैसाले धेरै काम हुन सक्दथ्यो । त्यसैले २/४ रूपैयाँदेखि १०।- रूपैयाँ जति सानु रकमको कारोबार पनि ऋण लेनदेनको क्रममा हुन्थ्यो । बढीमा हजारौं रूपैयाँसम्म लगानी गरेका उदाहरण पनि पाइएका छन् ।

मध्यकालमा दैनिक लेनदेन, क्रयबिक्रयको भाउबेसाहा आदिलाई झट्ट हेर्दा धेरै सस्तो जस्तो देखिने भए तापनि तेतिखेरको पैसाको मूल्यका आधारमा हेर्दा साधारणै किसिमका भाउबेसाहा दर चलेको पाइन्छ । यसमा पनि देशको राजनीतिक व्यवस्थाको सोझै असर पर्ने गर्दथ्यो । आन्तरिक झमेला र बाह्य आक्रमणको कारण युद्ध हुँदाका बखत र आर्थिक नाकाबन्दी भएका बखत बजारभाउ अप्रत्याशित रूपले आकाशिएका उदाहरण पनि पाइन्छन् ।

उपर्युक्त मौद्रिक तथा वस्तुविनिमयको परम्परा, ऋण तथा अन्य लेनदेन, बजारभाउ वा भाउबेसाहा आदिका बारेमा तात्कालिक ऐतिहासिक स्रोतका आधारमा छुट्टाछुट्टै लेखाजोखा यहाँ गर्नु परेको छ ।

७.१. मौद्रिक परम्परा

केही मात्रामा नेपालमा मौद्रिक विनिमयको परम्परा किरातकालताकादेखि नै चलेका संकेत पाइएका छन् । त्यसो भए पनि लिच्छवि राजा मानदेवभन्दा अगाडि नेपाली पैसाको प्रादुर्भाव भने भएको थिएन । भारतीय आहत (Punch Marked) मुद्रा र पछि कुषाण मुद्राहरू काठमाडौं उपत्यकामा समेत आइपुग्दथ्यो ।[1] लिच्छविकालमा भने विभिन्न शासकहरूले प्रसारित गरेका विविध किसिमका मुद्राहरू हालसम्म हजारौं संख्यामा फेला परिसकेका छन् । तिनताका तामाका मुद्राको व्यापक प्रयोग हुन्थ्यो । यस कालका मानाङ्क, वैश्रवण, श्रयंशो तथा महाराजाधिरास्य अंशुवर्मा, जिष्णु गुप्तस्य, गुणाङ्क, पशुपति र वृष लिप्याङ्कित मुद्राहरू प्राप्त भएका छन् । अभिलेखहरूमा उल्लेख भएअनुसार तिनताका पण, कार्षापण, पूराणजस्ता मौद्रिक इकाइ हुन्थे जसको पैसा, सुका र रूपैयाँसँग तुलना गर्न सकिन्छ ।[२]

यस किसिमका प्राचीन मुद्रा तथा मौद्रिक प्रणाली मध्यकालको पूर्वार्द्धसम्म चलिरहेका उदारहण पाइएका छन् । लिच्छविकालको उत्तरार्द्धताका पशुपतिको नामका मुद्रा अत्यधिक रूपमा प्रसारित भएका हुनाले प्रसारणमा भएका केही पुराना मुद्रा र यिनै पशुपति मुद्राको नै मध्यकालको सुरुसुरुताकासम्म

चलनचल्ती गरिएका सांकेतिक उदाहरण पाइएका छन् । त्यंस युगमा ऐतिहासिक स्रोत (शिलालेख, ताडपत्र, ग्रन्थका पुष्पिका आदि) मा पण, पूराण आदि मौद्रिक इकाइको चलन कायमै भएको देखिएको छ । खासगरी ने.सं. १९४ सम्मका ताडपत्र आदि स्रोतमा यस्ता प्राचीन मौद्रिक इकाइको उल्लेख भेटिएको छ ।[३] त्यसपछि द्रम्म प्रणालीका चाँदीका मुद्रा र सुनका सिक्का (मुद्रा) राजा शिवदेव (ने.सं. १७७ जन्म, मृ. ने.सं. २४६ वि.सं. १११४-११८३) ले चलाएको उल्लेख पाइन्छ ।[४] त्यसैले ने.सं. १९४ र ने.सं. २४६ बीचका कुनै पनि वर्षमा प्राचीन पणको रूपमा गनिने मौद्रिक प्रणालीलाई हटाएर द्रम्म प्रणालीका मुद्राको चलन सुरु भएको देखिन आएको छ । द्रम्म मुद्रा खासगरी चाँदीका भए तापनि शिवदेवभन्दा पछि तामाका पनि चलेका थिए । त्यस्ता केही तामाका मुद्रा खोजीको क्रममा प्राप्त भएका छन् ।[५] शिवदेवले चलाएका द्रम्म भने चाँदीका नै थिए । अग्रभागमा ठूलो 'श्री' अक्षर र पृष्ठ भागमा उनकै नामको सांकेतिक प्रतिकृति दायाँ फर्किएको सिंहको मूर्ति भएका चाँदीका द्रम्म मुद्रा पनि पाइएका छन् ।[६]

पूर्वमध्यकालका यी राजा शिवदेवले सुनका सिक्का पनि प्रसारित गरेका थिए जसलाई 'शिवका' भनिन्छ ।[७] अग्रभागमा ठूलो 'श्री' र पृष्ठ भागमा 'शिवस्या' अभिलेख अङ्कित उक्त सुवर्ण मुद्रा बढीमा १.९ ग्रामसम्म तौलका प्राप्त भएका छन् ।[८] यस्ता सुवर्ण मुद्रालाई 'सुवर्णाक्षेरी' पनि भनिन्थ्यो ।[९] गोपालवंशावलीमा राजा शिवदेवले द्रम्म र शिवका मुद्रा चलाएको प्रसङ्ग निम्न रूपमा उल्लेख भएको छः

> "पूर्व द्रम्य व्यवहार नास्ति सुवर्णरक्तिकास्त व्यवर्तते ।
> स्वश्रीसिंहाकृति रूप्य द्रम्म व्यवहार कृता । सुवर्णमयी श्री
> शिवस्यांकृति शिवकाङ्क कृत्यः ॥"[१०]

यसमा उल्लिखित विवरणबाट पहिले द्रम्म वा द्रम्म मुद्राको चलन नभएको हुनाले सुनका रत्ति बराबरका टुक्राको प्रयोग विनिमयका निमित्त हुन्थ्यो र शिवदेवले आफ्नै अर्को नाम सिंहदेवको प्रतीकस्वरूप सिंह आकृति भएको रूपैयाँ बराबरको (रूप्य द्रम्म) द्रम्म मुद्रा चलाए, त्यस्तै सुनको शिवदेवको कृति भनेर अर्को शिवका मुद्रा पनि चलाए भन्ने बुझिन्छ ।

यी द्रम्म र शिवका मुद्राको क्रममा मौद्रिक इकाइकै रूपमा पूर्वमध्यकालका ताडपत्र, शिलालेख आदि ऐतिहासिक सामग्रीहरूमा 'प्ल', 'कर्ष' आदिको उल्लेख पनि धेरै नै भेटिएको छ । द्रम्म मुद्रा भन्नाले एउटा कुनै खास मुद्रालाई मात्र संकेत नगरेर मौद्रिक प्रणालीलाई नै दर्शाउँछ भन्ने यस अन्वेषणका अन्वेषकको अड्कल छ । किनकि द्रम्ममा पनि 'रूप्य द्रम्म' तथा

अरू स-साना इकाइका द्रम्म गरेर विभिन्न थरी हुन्थे भन्ने कुरा गोपालराजवंशावलीकै विवरण र विभिन्न तौल र आकारका मुद्रा प्राप्तिले नै पनि स्पष्ट पारेको छ । मध्यकालको पूर्वार्द्धको 'रूप्य द्रम्म' भन्नु र प्राचीनकालको 'पण पूराण' भन्नु समान किसिमको अभिव्यक्ति हो जस्तो पनि लाग्दछ । जसरी 'पण पूराण' ले ६४ पण अर्थात् रूपैयाँ बराबर बुझाउँछ । त्यसैगरी रूप्याँ द्रम्मले पनि द्रम्म प्रणालीको रूपैयाँ बराबरको इकाइलाई बुझाउँछ भन्ने अड्कल काट्न अप्ठ्यारो पर्दैन । द्रम्म त रूप्यद्रम्मदेखि लिएर अत्यन्त स-साना इकाइका समेत पाइएका छन् । खासगरी अत्यन्त तल्लो इकाइका द्रम्म उत्तरमध्यकालमा चलनचल्तीमा भएको पाइएको छ । त्यसै हुनाले द्रम्म, द्रम्म वा दाम भन्नाले साधारण अर्थमा मौद्रिक धनलाई हिजोआज पैसा भने जस्तै तिनताका पनि मौद्रिक धन भन्ने बुझिन्थ्यो । पछि भारतीय मुगल मुद्राको नक्कलका चाँदीका टंका मोहर, सुका आदि मुद्राहरू चल्न थालेपछि भने द्रम्म वा दामले सबैभन्दा तल्लो मौद्रिक इकाइलाई बुझाउन थालेको देखिन्छ । तापनि साधारण अर्थमा मुद्रा या मूल्यलाई बुझाउन 'दाम' को प्रयोग भने सम्पूर्ण मध्यकालभरि र एकीकरणपश्चात् हुँदै केही मात्रामा हिजोआजसम्म पनि भइरहेकै छ । जस्तै कति मूल्य भन्नलाई कति दाम भन्ने वा सुका मोहर, रूपैयासँग पछाडि दाम जोड्न परम्परा पनि केही मात्रामा अझै चलिरहेकै छ । सुका भन्ने शब्दले पनि शिवकासँग सोझै सामञ्जस्य राख्दछ र शिवका पनि भारतीय 'सिक्का' को अनुकरणजस्तो देखिन्छ ।[११] दोलखमा प्राप्त ने.सं. ७३५ (वि.सं.१६७२) को एउटा कागजमा चाँदीका दाम टंका २० (चाँदीका पैसा २० रूपैयाँ) भन्ने उल्लेख भएको तथ्यले दामले रूपैयाँ पैसा वा मौद्रिक धन जनाउँदथ्यो भन्ने स्पष्ट हुन्छ ।[१२]

'प्ल' र 'कर्ष' को प्रयोग चाहिँ सुनका शिवका र चाँदीका द्रम्म मुद्रालाई तौलका आधारमा बुझाउँनलाई भएकोजस्तो देखिन्छ । प्लले सुनको शिवका मुद्रालाई र कर्षले चाँदीका $^{१}/_{४}$ भागका द्रम्म वा द्रम्म मुद्रालाई बुझाएको देखिन्छ । पेटेकले पनि द्रम्म र शिवकाको अर्थ सुन र चाँदीको मुद्रा भनेर नै गरेका छन् ।[१३] यस्तै राय कुल्भर र शाक्यको पनि देखिन्छ ।[१४] प्राचीन तौल प्रणालीअनुरूप १ कर्षमा १६ मासा र १ पल वा प्ल मा ४ कर्ष अर्थात् ६४ मासा हुन्थ्यो ।[१५] कुल्भर र शाक्यले भने शिवदेवका मुद्राको विनिमयदर भनेर १ पल वा 'प्ल' मा ४८ मासा १ कर्षमा १२ मासा हुने भनेर उल्लेख गरेका छन् ।[१६] जेहोस् कर्ष द्रम्म भन्ने मुद्रा $^{१}/_{४}$ द्रम्मको चतुर्थांश ($^{१}/_{४}$) मुद्रा हो, जसलाई सुकासँग तुलना गर्न सकिन्छ ।

यस अन्वेषणका अन्वेषकमध्ये रमेश ढुङ्गेलको विचारमा प्राचीनकालदेखि ६४ पणको १ पूराण वा रूपैयाँ हुने परम्परा नेपालमा कायम रहुन्जेलसम्म

मौद्रिक प्रणालीमा एकरूपता नै थियो । प्राचीनकालमा 'पण', 'कार्षापण', 'पणपूराण' गरेर ३ थरी इकाइ थिए भने मध्यकालको पूर्वार्द्धमा पनि नाममात्र फरक गरी 'द्रम्म', 'शिवका' वा 'कर्ष द्रम्म' र 'रूप्य द्रम्म' इकाइ थिए । त्यस्तै गरी आधुनिकालमा आएर पण वा द्रम्मको ठाउँमा पैसा, कार्षापण वा शिवकाको ठाउँमा सुका (शिवका र सुका एकै शाब्दिक व्युत्पत्तिका) र पणपूराण वा रूप्यद्रम्मको ठाउँमा रूपैयाँ भएको देखिन्छ । पूर्वमध्यकालमा सुनका शिवका पनि सँगसँगै चलनचल्तीमा देखिनाले मौद्रिक विनिमयप्रणालीमा केही अस्पष्टता महसुस भएको मात्र हो ।[१७]

राजा शिवदेवले सर्वप्रथम चलनचल्तीमा ल्याएका यस्ता द्रम्म प्रणालीका मुद्रा यसरी बाह्रौं शताब्दीदेखि सोह्रौं शताब्दीमा मुगल ढाँचाका चाँदीका टंका प्रसारण नहुन्जेल (दोलखाका राजा इन्द्रसिंहदेव र कान्तिपुरका महीन्द्र मल्लका पैसा नचलेसम्म) नेपालमा चलनचल्तीमा भएको देखिन्छ, किनभने शिवदेवभन्दा पछिका पूर्वमध्यकालका अरू राजाहरूले पनि यस्तै श्री र सिंह चित्र अंकित गराएर द्रम्म प्रणालीका विविध इकाइ र तौलका मुद्रा प्रसारण गर्ने परम्परा चलाएको संकेत पाइएको छ । द्रम्म मुद्राहरूको पृष्ठ भागमा 'शिवस्य' अभिलेख भएको र उक्त अभिलेख नभएर त्यस ठाउँमा सिंहको आकृति भएको समेत गरेर २ थरी पाइएका छन् । अझ पछिल्ला मल्लकालमा त अग्रभागमा २ वटा श्री भएको र अरू गुण चाहिँ झण्डै-झण्डै माथि उल्लिखित मुद्रासँग मिल्ने खालका पनि पाइएका छन् ।[१८] यस बीचमा कान्तिपुरका राजा रत्नमल्लले तामाखानीबाट तामा ल्याई नेपालमा तामाका सुकी बराबरका मुद्रा चलाएको वंशावलीमा वर्णित प्रसँगले अर्का थरी मुद्रा पनि प्रसारित भएको देखिन आएको छ ।[१९] एउटा २.३ ग्राम तौल भएको तामाको चारकुने मुद्रा रोड्स् र भाल्देत्तारोले प्रकाशित गरेका छन्,[२०] जसलाई लिपिका आधारमा रत्नमल्लले चलनचल्तीमा ल्याएको वंशावलीमा वर्णित तामाको मुद्रा भनेर अनुमान गर्न सकिन्छ । यस मुद्राको अग्रभागमा मालायुक्त खड्ग तथा खड्को दायाँबायाँ गरेर मुद्राको माथिल्लो भागमा दुइवटा श्री अंकित छन् । पृष्ठभागमा श्रृङ्गारयुक्त त्रिशूल देखिन्छ, जसको तल केही अस्पष्ट अक्षर पनि देखिन्छन् ।[२१] यस मुद्रालाई पनि आकार शैलीका आधारमा पूर्वार्द्धकालकै मुद्राको पङ्तिमा राख्नु उचित लाग्दछ ।

शिवदेव राजाभन्दा पछि पनि द्रम्म प्रणालीका मुद्रा चलेका थिए भन्ने कुरा प्राप्त भएकै मुद्राका आधारमा माथि उल्लेख गरियो । यसबाहेक वंशावलीमा उल्लिखित चर्चाले पनि यस विषयमा थप प्रमान प्रस्तुत गरेको छ । गोपालवंशावलीमा अनन्तमल्लले चलाएका द्रम्मको व्यवहारले जनतालाई कष्ट भयो (राजा अनन्तमल्ल वर्ष ३२ मा १० तेनकृत द्रम्म व्यवहारेण प्रजा कष्टी

भवति) भन्ने उल्लेख छ ।[२२] पूर्वमध्यकालका राजा अनन्तमल्लको शासनकाल (अं.वि.सं. १३३१-१३६४) मा उपत्यकामा आन्तरिक द्वन्द, झगडा र बाह्य आक्रमण समेत धेरै भएको हुनाले देशको आर्थिक अवस्था अत्यन्तै विग्रिएको थियो ।[२३] त्यसै कारण अनन्त मल्लले शुद्ध चाँदीका मुद्रा प्रसारित गर्न नसकेर चाँदीमा तामा मिसाएर मुद्रा चलाएको स्पष्ट संकेत यताबाट मिल्दछ । पहिलेका शिवदेव आदि राजाले चलाएका चाँदीका द्रम्म मुद्रा चलनचल्तीमै थिए। त्यसैले अनन्तमल्लले चलाएका कमसल खाले द्रम्म मुद्राको अवमूल्यन हुनु स्वाभाविकै हो । यसरी सर्वसाधारण लेनदेनमा दुवैथरी मुद्रा सरोबरी लिनेदिने काममा नचल्दा विनिमयको बजारमा नै असर पर्न गएको हुनाले वंशावलीकारले जनतालाई कष्ट भयो भनेर उल्लेख गरेको हुनुपर्दछ । यस आधारबाट पनि द्रम्म मुद्रा शिवदेवले मात्र चलाएका थिएनन् । उनले त द्रम्म प्रणालीको थालनी मात्र गरेका थिए । उनी पछिका राजाहरूले पनि त्यस प्रणालीका मुद्रा प्रसारण गर्ने काम गरिरहेकै थिए भन्ने बुझिन्छ ।

मध्यकालको पूर्वार्द्धमा चलेका द्रम्म मुद्रा प्राय: चाँदीका नै थिए, तापनि तामाका द्रम्म मुद्रा पनि केही मात्रामा नचलेका चाहिँ होइनन् । ४ ग्राम तौल र १९ मि.मि. नाप भएको एकथरी तामाको दाम मुद्रा प्राप्त भएको छ ।[२४] पछि स्थिति मल्लका समयताकाको हिसाब किताबको टिपोट भएको एउटा ताडपत्रमा 'वोह्या द्रम्म' अर्थात् चाँदीको द्रम्म भन्ने स्पष्टै उल्लेख भएबाट[२५] पनि द्रम्म चाँदी र तामाका दुवै हुन्थे भन्ने बुझिन्छ । पेटेक आदि विद्वान्हरूले आठौं शताब्दीदेखि सत्रौं शताब्दीसम्म नेपालमा मुद्रा टकमरी नभएको धारणा व्यक्त गरे तापनि पूर्वमध्यकालका यस्ता सुन, चाँदी र तामाका मुद्राका साथै रत्नमल्लका तामाका सुकी दोलखाका राजा इन्द्रसिंहदेव आदिका टंकाको प्रसारणले उपर्युक्त धारणाको खण्डन गर्न बाध्य बनाएका छन् । महेन्द्र मल्लका टंका प्रसारित हुने समयसम्म उपर्युक्त मुद्राहरू प्रशस्त मात्रामा भारतीय सिक्का वा टंका रूपैयाँ चलनचल्तीमा थिए । ने.सं. ५६१ को पशुपतिको एउटा ताम्रपत्रमा सालबसालको उठ्ती उठाउने क्रममा द्रम्म र शिवंका मुद्रा उठाउनू भन्ने उल्लेख पाइनु र ने.सं. ६३६ को कीर्तिपुर सिंहद्वारस्थित ताराको मूर्तिको पादपीठको अभिलेखमा पनि पूरानै किसिमका यस्ता मुद्राको प्रयोग भइरहेको प्रसंग उल्लिखित भएकोले पनि उपर्युक्त धारणालाई पुष्टि गर्न वल मिलेको छ । यस्तै गरी यक्ष मल्लको शासनकालको एउटा टिपोटमा (ने.सं.५६१ कै) चुडाकर्मको (व्रतबन्ध) को खर्चको टिपोट विवरणमा दानदक्षिणा आदि सबै खर्च द्रम्म मुद्रामा दिइएको थियो भन्ने पनि उल्लेख पाइएको छ ।

हालसम्म प्राप्त भएको चाँदीका द्रम्म मुद्रा रूप्य द्रम्मको १/४, १/८, १/१६ भागसम्मका देखिएका छन् । 'द्रम्मशिवका वा कर्षाङ्क' र 'कर्षद्रम्म' भन्ने

शब्दले चाहिँ प्राचीनकालमा पणनांपूराण (पणले गनिने पूराण) भनेजस्तै द्रम्मले गनिने शिवका अर्थात् सुका वा $^{१}/_{४}$ भागको मुद्रा भन्ने बुझ्नु पर्दछ। सुनका शिवकाको प्रसङ्ग भने चाँदीका द्रम्म वा द्रम्मशिवका, वा रूप्य द्रम्म आदिसँग नमिल्ने कुरा स्पष्टै छ। कहीँकहीँ अभिलेखहरूमा 'नवद्रम्म शिवका' वा 'नवदाम शिवका' भन्ने उल्लेख भएको पनि देखिन्छ।[२६] यस्तो 'नवद्रम्म शिवका' भन्ने उल्लेखले पनि नयाँ वा भर्खरै प्रसारण भएको 'द्रम्म शिवका' मुद्रालाई स्पष्ट रूपले संकेत गर्दछ। शिवदेव राजाभन्दा शताब्दीयौँपछि आएर उनैले चलाएका द्रम्म शिवका मुद्रालाई नवद्रम्म शिवका भन्ने प्रसंग उठ्न सक्दैन।

यस किसिमले पूर्वमध्यकालको विनिमय व्यवस्थामा नेपाली मौद्रिक प्रणाली पनि राम्रैसँग चलेको थियो भन्न सकिन्छ। सुरुसुरुमा प्राचीन पद्धतिमा पण, कार्षापण, पूराण मुद्रा नै चले। पछि त्यस्ता मुद्राको क्रमशः अभाव हुँदै जाँदा सुनका रत्ति-गुञ्जा बरावरका स-साना टुक्राले पनि मौद्रिक विनिमयको काम चलाउने अवस्था आयो। यस्तो विनिमय प्रणालीमा आएको असुविधालाई हटाउन शिवदेवले पुरानै ढाँचामा तर नयाँ नाम दिएर द्रम्म भन्ने मौद्रिक प्रणाली चलाए र यी शिवदेव राजा पूर्वमध्यकालका अन्य राजाहरूभन्दा बढी सफल र आर्थिक सुधारक थिए भन्ने कुरा उनले गरेका अन्य कामहरूबाट पनि स्पष्ट भएको छ।[२७] शिवदेवले ठूलो इकाइको 'रूप्यद्रम्म' र द्रम्म शिवका अर्थात् शुकी बराबरका द्रम्म पनि चलाएका थिए। यसका साथ साथै उनले सुनका 'शिवका' मुद्रा पनि चलाए। शिवदेवले चलाएको द्रम्म प्रणालीका मुद्राको परम्परा झण्डै ४ शताब्दीसम्म चल्यो। उनी पछिका राजाहरूले पनि आवश्यकता हेरी द्रम्मका विभिन्न इकाइका मुद्राहरू चलाउँदै गए। पछिपछि तामाका पनि द्रम्म प्रणालीका मुद्रा चलनचल्तीमा आए। द्रम्म प्रणालीका मुद्राको अन्त्य हुने बेला र नयाँ मुगल ढाँचाका चाँदीका मुद्राको थालनी हुनुभन्दा अगाडि केही काल तामाका मुद्राहरूको चलनचल्ती धेरै भएको पनि संकेत मिल्दछ। रत्नमल्लका तामाका मुद्रालाई यसै समयको मान्नु पर्दछ। रत्नमल्लका तामाका मुद्रा चाँदीका शुकी बराबरका भएको जानकारी पनि वंशावलीको कथनबाट बुझ्न सकिन्छ। त्यसैले चाँदीको द्रम्म सिक्काको ठाउँमा रत्नमल्लले तामाका शुकी चलाएका थिए कि भन्ने पनि अनुमान गर्ने ठाउँ यस आधारबाट पाइएको छ।

मध्यकालको पूर्वार्द्धमा पनि प्रायः शुकी बराबरका मुद्राहरू चलनचल्तीमा ल्याइएको पाइनाले पछि तामाका मुद्रा चलाउँदा पनि चाँदीका शुकीको सट्टा चलाइएको आभास हुन्छ। त्यसैले वंशावलीमा रत्नमल्लले सुकी (चाँदीका) वा मुद्राको सट्टामा तामाका मुद्रा चलाए भन्ने उल्लेख भएको हो।[२८]

मध्यकालको उत्तरार्द्धमा पूर्वार्द्धकालको भन्दा मुद्रा प्रसारणमा व्यापकता आएको देखिन्छ । यस कालका मुद्राको थालनी दोलखाका राजा इन्द्रसिंहदेवको चाँदीको भारतीय मुगल शासकका मुद्राका ढाँचाको मुद्राले गर्दछ ।[२९] मुद्रा प्रसारणको क्रममा कान्तिपुरका राजा महीन्द्र मल्लभन्दा दोलखाका इन्द्रसिंहदेव अगाडि भए तापनि उपत्यकाको मौद्रिक विनिमयप्रणालीमा दोलखाका मुद्राले खास असर पार्न नसकेको कुरा चाँदीका टंका रूपैयाँ र टंका मोहर मुद्रालाई उपत्यकामा 'महीन्द्र मल्ली' भन्ने परम्परा भएबाटै पनि बुझ्न सकिन्छ । महीन्द्र मल्लले चलनचल्तीमा ल्याएका चाँदीका मुद्राले मध्यकालिक विनिमय परम्परामा पारेको छापको नतिजा नै महीन्द्र मल्लभन्दा पछि पनि चाँदीका सबै मुद्रालाई 'महीन्द्र मल्ली' भन्ने परम्परा समाजमा चलेको हो भन्न सकिन्छ । यहाँ मुगल ढाँचाका मुद्रा भन्नाले भारतीय मुसलमान वादशाहहरूका मुद्राकै हुवहु अनुकरण भन्न खोजिएको चाहिँ होइन तर उनीहरूको मौद्रिक प्रणाली र ढाँचाबाट प्रभावित भन्न मात्र खोजिएको हो ।

मुद्राको चलनचल्तीले देशको आर्थिक समृद्धिको अवस्थालाई संकेत गर्दछ भन्ने कुरा निर्विवाद छ । जुन बेला देशको बाह्य व्यापारमा वृद्धि भई देशको आर्थिक विकासको गति बढेको हुन्छ, त्यसैबेला मौद्रिक विनिमय परम्परामा वृद्धि हुनुको साथै मुद्रा प्रणालीमा सुधार ल्याइएको हुन्छ । प्राचीनकालमा मानदेव, अंशुवर्मा, जिष्णुगुप्तजस्ता प्रभावशाली राजा तथा शासकहरूका प्रयासले देशको उन्नति भएका बखत नयाँनयाँ मुद्राहरू प्रसारण गरिएका थिए।[३०] यसैगरी पूर्वमध्यकालमा पनि शिवदेव, अनन्तमल्लजस्ता सक्षम शासकहरूका शासनकालमा विशेष रूपले नयाँ मुद्रा प्रसारित भएका थिए र मौद्रिक प्रणालीमा समयानुकूल सुधारसमेत गरिएको थियो । यस्तै गरी दोलखाजस्तो सानु राज्यले पनि भोट र भारतीय मैदान बीचमा हुने बाह्य व्यापारमा मध्यस्थको भूमिका निभाउन पाउँदा आर्थिक रूपले सम्पन्न भई आफ्नै स्वतन्त्र चाँदीका टक चलाउन सकेको थियो ।

भारत र तिब्बतबीचको अन्तर्राष्ट्रिय व्यापार मार्गमा बसेर फाइदा कमाउने दोलखा जस्तो सानु राज्यले आफ्नो स्वतन्त्र टक चलाए तापनि त्यसको मान्यताका निमित्त तात्कालिक भारतीय मुसलमान सम्राट्का मुद्रासँग धात्विक शुद्धतासमेत कायम गरी विनिमयदर मिलाउनु पर्ने आवश्यकता थियो । त्यस्तैं गरी जनसाधारणले सजिलै स्वीकार गरुन् भन्नें हेतुले मुगल मुद्रासँग सामञ्जस्य ल्याउनु पनि उत्तिकै आवश्यक थियो । त्यसै हुनाले दोलखाका राजा इन्द्रसिंहदेव (वि.सं. १६०२-४ ताका) ले मुगल आकारप्रकार र शैलीमा (तर नेवारी अक्षरमा आफ्नो र रानीको नाम राखेर) मुद्रा चलाएको देखिन्छ । यस मुद्रामा वरिपरि गोलाकार रेखाभित्र चारकुने दुइ (दोब्बर) रेखाको कोण पारी

त्यसभित्र राजारानीको नाम राखिएको देखिन्छ। जुन रुकुनउद्दीन फिरोज शाह, गियासुद्दीन तुगलक तथा केही मात्रामा इन्द्रसिंहदेवकै समयकालिक हुमायूँ आदि भारतीय मुसलमान वादशाहहरूका मुद्राको शैलीसँग झट्ट हेर्दा धेरै मिलेको देखिन्छ।[३१] तौल परिमाणलाई विचार गर्दा पनि मुगल सिक्का वा रूपैयाँसँग इन्द्रसिंहदेवको मुद्राले मेल खाएकै देखिन्छ। इन्द्रसिंहदेवको मुद्राको तौल पनि लगभग ११ मासा बराबरकै पाइएको छ र तात्कालिक भारतीय शासक हुमायूँ, अकवर, जाहाँगिरहरूका चाँदीका टंकाको पनि तौल १७० देखि १७८ ग्रेन्स् अर्थात् लगभग ११ मासाकै अनुपातमा रहेको जानकारी पाइएको छ।[३२]

दोलखाका इन्द्रसिंहदेवका उक्त नेपाली मुद्रापछि महीन्द्र मल्लीको क्रम आउँछ। देशको आर्थिक उत्थान गर्ने काममा सँधै दत्तचित्त रहने कान्तिपुरका राजा महीन्द्र मल्लको प्रयासमा तिनताका देशमा औद्योगिक उत्पादन बढ्नुका साथै बाह्य व्यापारमा विस्तार भएको थियो। यस विषयमा माथि उद्योग तथा व्यापारअन्तर्गत सप्रमान उल्लेख गरिसकिएको छ। त्यसै हुनाले महीन्द्र मल्लले पनि उत्तर-दक्षिणको व्यापार चलाउन दुवैतर्फ स्वीकार्य हुने, असल र शुद्ध मुद्रा टकमरी गर्नुपर्ने आवश्यकता भएको थियो र लगभग ११ मासा अर्थात् करिब १७० ग्रैन्सकैं अनुपातमा शुद्ध चाँदीका मुद्रा महीन्द्र मल्लले पनि चलाए।[३३] यस मुद्रालाई 'महीन्द्र मल्ली' भन्ने चलन चलेको देखिन्छ। महीन्द्र मल्लका मुद्राले उपत्यका मात्र नभएर भोट तथा भारतीय क्षेत्रसम्म सुवास कमाएकोले र व्यापक रूपमा प्रसारित भएका हुनाले उनीभन्दा पछिका उपत्यकाका शासकहरूले चलाएका चाँदीका टंका रूपैयाँ तथा मोहरलाई समेत नेपालमा 'महीन्द्र मल्ली' नै भन्ने चलन पनि चलेको देखिन्छ।[३४]

महीन्द्र मल्लले चलाएका मुद्राको तौल, विनिमयदर, आकार आदि मुगलमुद्रा र दोलखाका मुद्रासँग मिल्ने भए तापनि दोलखाका मुद्राभन्दा वढी आफ्नोपन महीन्द्र मल्लले चलाएको यस मुद्रामा देखिन्छ। त्यसो भए तापनि मुसलमानी मुद्राकै ढाँचामा दोहोरो गोलाकार घेरा राखेर बीचमा आकृति चित्र तथा नाम आदि अक्षर अंकित गर्ने शैली सुरुदेखिकै भारतीय मुसलमान शासकका मुद्रामा नदेखिने होइन। उदाहरणका निमित्त मुहमद गजनी, मुहमद विन साम, नसिरुद्दीन महमद प्रथम, गयासुद्दीन वलवान, जलालुद्दीन फिरोज खिजली, गयासुद्दीन तुगलक, मुहमद विन तुगलक, शेर शाह, इस्लाम शाह, गयासुद्दीन महमुद शाह आदिका मुद्रालाई लिन सकिन्छ[३५] तापनि त्रिशूल, वज्रजस्ता चित्र अंकित गरी महीन्द्र मल्लले आफ्नो मुद्रामा नेपालीपन देखाउन भनें विर्सिएका छैनन्।[३६]

नेपालको बाह्य व्यापारका निमित्त भारतीय मुद्रासँगको विनिमयदर सँधै मिलाउनुपर्ने आवश्यकता आजको मात्र होइन। प्राचीनकालदेखि नै नेपाली र

भारतीय मुद्राबीच विनिमयदर निर्धारण गरी व्यापार चल्दथ्यो । फरक त्यतिमात्र हो प्राचीनकालमा प्राय: व्यापारीहरूबाटै यो काम हुन्थ्यो पछिपछि भने शासक तथा सरकारको जिम्मामा- उक्त काम आयो । उपर्युक्त विवरणका आधारमा दोलखाका इन्द्रसिंहदेव तथा कान्तिपुरका राजा महीन्द्र मल्लले चलाएका शुद्ध चाँदीका मुद्राहरू त्यसबेलाका भारतीय मुगल शासकका चाँदीका सिक्का वा रूपैयासँग सरोबरी दरमा नै चल्दथे भन्ने संकेत माथि उल्लिखित तौल परिमाणका आधारमा भन्न सकिन्छ ।

यस प्रसङ्गमा नेपाली मुद्राको मुगल मुद्रासँगको विनिमयदर १=२ अर्थात् २ नेपाली मुद्राको १ मुगल सिक्का वा रूपैयाँ हुन्थ्यो भनेर उल्लेख गर्ने परिपाटी किन चल्यो भन्ने विषयमा पनि यहाँ चर्चा गर्नु पर्ने हुन्छ । त्यसैगरी वंशावलीमा 'महीन्द्र मल्लले ६ मासे टक चलाए' भन्ने वर्णन परेको सन्दर्भमा पनि थोरै चर्चा गर्नू आवश्यक देखिन्छ । महीन्द्र मल्लका हाल प्राप्त भएका टक लगभग (खिएको अवस्थामा बाहेक) ११ मासा (१०.५ ग्राम वा १७० ग्रेन्स) कै अनुपातका पाइएको चर्चा माथि गरियो । त्यसैगरी दोलखे मुद्राको तौल पनि त्यस्तै नै पाइएको चर्चा पनि गरियो । कोलिन ब्रुस (Colin Bruce) हरूले सम्पादन गरेको दक्षिण एशियाका रेचकी र कागजी मुद्रा भन्ने पुस्तकमा १०.२० ग्रामको दोलखे मुद्रा चित्रसहित छापिएको छ ।[३७] यो पनि खिएर ह्रास हुँदै गएको कारण उक्त तौलको हुन पुगेको अनुमान गर्न अप्ठेरो पर्दैन । १०.४९ ग्राम तौल भएको एउटा दोलखे मुद्रा राष्ट्रिय संग्रहालय छाउनीको संग्रहमा भएको यस ग्रन्थका अन्वेषक रमेश ढुङ्गेलले देखेको र फोटो समेत लिएको हो ।

महीन्द्र मल्लपछि विस्तार-विस्तार उपत्यकाका तीनवटै मल्लराज्यका राजाहरूले आ-आफ्ना नाममा नयाँ चाँदीका मुद्रा निरन्तर रूपमा प्रसारण गरेको देखिन्छ । पछिपछि आएर त प्रत्येक नयाँ राजा फेरिँदा अनिवार्य रूपमा आफ्नो नाममा नयाँ मुद्रा टकमरी गराउने परिपाटी समेत चल्न थाल्यो । एक किसिमले आफ्नो नाममा मुद्रा प्रसारित गर्नु स्वतन्त्र शासकका प्रतीकको रूपमा मानिन पनि थाल्यो तर उपत्यकामा भारतीय मुद्राको सट्टा आफ्नै मुद्रा चलाउने कामको थालनी महीन्द्र मल्लले गरेको हुनाले पछिका मुद्रालाई पनि महीन्द्र मल्ली भन्ने चलन चल्यो, तर पछि भारतीय मुगल मुद्रासँग सरोवरी चल्ने चाँदीका टंका वा डबल मोहर बराबरका मुद्राको प्रसारण गर्ने चलन हटेर मुगल सिक्काभन्दा झण्डै आधा तौल कमका अर्थात् ६ मासे मुद्राको प्रसारण हुन थालेको देखिन्छ । उता पुराना टंका वा डबल मोहर बराबरका मुद्रा लोप हुँदै गए । यसो भए तापनि तिनै ६ मासे अर्थात् $^{१}/_{२}$ टंकाको मुद्रा (मोहर) लाई पनि महीन्द्र मल्ली नै भन्ने परम्परा भने हटेन । यसो हुँदा महीन्द्र मल्लका खास डबल मोहर बराबरका टका मुद्रा नदेखेका तर महीन्द्र मल्लले पहिलोपल्ट मुगल

मौद्रिक प्रणालीको अनुकरणमा नेपालमा चाँदीको मुद्रा चलाएको कथा सुनेका वंशावलीकारले आफैँले देखेका चलनचल्तीमा भइरहेका पातला चाँदीका ६ मासे मोहर नै उनले पनि चलाएको हुनुपर्दछ भन्ने विचार गरेर 'महीन्द्र मल्लले मुगलवादशाहसँग सोधेर ६ माशे मोहर चलाए' भनेर उल्लेख गर्न पुगेका हुन भन्न सकिन्छ । कसैकसैले भने पछिल्लो मल्लकालका ललितपुरका राजा महीन्द्रमल्ल (ने.सं. ८२९ को यिनको मोहर पाइएको छ) को नामसँग वंशावलीकारहरूलाई भ्रम परेको हो भन्ने पनि तर्क पेश गरेका छन् ।[३८] तर उनका मुद्राको सर्वव्यापक प्रभुत्व नभएको हुनाले यस विचारलाई सजिलै स्वीकार्न कठिन पर्दछ ।

यस किसिमले सुरुसुरुमा मुगल मुद्रासँग विनिमयदर सरोबरी थियो पछिपछि मात्र मोहर वा मोहर टंकाको प्रसारण धेरै हुनाले २ नेपाली मोहर दिएरमात्र १ मुगल सिक्का (टंका वा रूपैयाँ) पाउने भयो । त्यसै हुनाले पछि टंका भन्नाले नै १ मोहर र नेपाली १ मोहर भन्नाले मुगल मुद्राको आधा मान्ने प्रथा चलेको हो । त्यसैले गर्दा मोहर भनिकन टंका शब्द पनि जोड्ने चलन चल्यो । कनिङ्घमजस्ता मुद्राको खोजी गर्ने विद्वान्हरूले नेपाली मोहरमा ८७/८८ ग्रेन्स तौल हुने कुराको जुन उल्लेख गरेका छन्[३९] त्यो पछिल्ला कालका पातला मोहर अर्थात् $^1/_2$ टंकाको सन्दर्भमा मात्र लागू हुने कुरा पक्कै छ । वाल्सले पनि ८० देखि ९० ग्रेन्ससम्मका मोहरको चर्चा गरेका छन् ।[४०]

भारतीय मुद्रासँगको यो विनिमयदर सँधै स्थायी रूपमा कायम रहँदैनथ्यो । विनिमयदर धात्विक शुद्धताको आधारमा चल्ने हुनाले पछि पछिका नेपाली मुद्रामा मिश्रित धातुका मुद्रा चल्दा उक्त विनिमयदरमा परिवर्तन भएका उदाहरण पनि प्रशस्तै पाइएका छन् ।

यस किसिमलेमल्लकालको मौद्रिक इतिहासमा दुइ किसिमको मौद्रिक प्रणाली चलेको स्पष्टै देखिन्छ, जसमा मुगल सिक्का (टंका रूपैयाँ) सँग सामान्यजस्य राख्ने पहिलो किसिमका मुद्राहरू इन्द्रसिंह र महीन्द्र मल्लका पालादेखि लक्ष्मीनरसिंह मल्लका पालासम्म मात्र प्रसारित भएका देखिन्छन् । लक्ष्मीनरसिंह मल्लकै मुद्रा पनि १० देखि ११ ग्राम (११/१२ मासा वा १७०/१८० ग्रेन्स) तौलको अनुपात भएको पुरानै टंका शैलीका ठूला खाले मुद्रा टंका रूपैयाँको आधाजति मात्र तौल भएको पातला अर्थात् मोहर शैलीका मुद्रासमेत गरी दुवैथरी पाइएका छन् । वाल्सले लक्ष्मीनरसिंह मल्लको मोहर मुद्रा (७०.५ ग्रेन्स भएको) मात्र प्रकाशित गरेका छन् ।[४१] जोशीले भने दुवैथरी मुद्राका साथै यिनका 'सुकी' र 'ओहदाम' भन्ने मुद्राको पनि उल्लेख गरेका छन् ।[४२] कोलिन बुसहरूले पनि यिनका टंका रूपैयाँ, मोहर, सुकी र दाम मुद्राहरू प्रकाशित गरेका छन् ।[४३] यसरी लक्ष्मीनरसिंह मल्ल नै नेपालमा पातला

भारतीय मुद्राबीच विनिमयदर निर्धारण गरी व्यापार चल्दथ्यो । फरक त्यतिमात्र हो प्राचीनकालमा प्रायः व्यापारीहरूबाटै यो काम हुन्थ्यो पछिपछि भने शासक तथा सरकारको जिम्मामा- उक्त काम आयो । उपर्युक्त विवरणका आधारमा दोलखाका इन्द्रसिंहदेव तथा कान्तिपुरका राजा महीन्द्र मल्लले चलाएका शुद्ध चाँदीका मुद्राहरू त्यसबेलाका भारतीय मुगल शासकका चाँदीका सिक्का वा रूपैयासँग सरोबरी दरमा नै चल्दथे भन्ने संकेत माथि उल्लिखित तौल परिमाणका आधारमा भन्न सकिन्छ ।

यस प्रसङ्गमा नेपाली मुद्राको मुगल मुद्रासँगको विनिमयदर १=२ अर्थात् २ नेपाली मुद्राको १ मुगल सिक्का वा रूपैयाँ हुन्थ्यो भनेर उल्लेख गर्ने परिपाटी किन चल्यो भन्ने विषयमा पनि यहाँ चर्चा गर्नु पर्ने हुन्छ । त्यसैगरी वंशावलीमा 'महीन्द्र मल्लले ६ मासे टक चलाए' भन्ने वर्णन परेको सन्दर्भमा पनि थोरै चर्चा गर्नू आवश्यक देखिन्छ । महीन्द्र मल्लका हाल प्राप्त भएका टक लगभग (खिएको अवस्थामा बाहेक) ११ मासा (१०.५ ग्राम वा १७० ग्रेन्स) कै अनुपातका पाइएको चर्चा माथि गरियो । त्यसैगरी दोलखे मुद्राको तौल पनि त्यस्तै नै पाइएको चर्चा पनि गरियो । कोलिन ब्रुस (Colin Bruce) हरूले सम्पादन गरेको दक्षिण एशियाका रेचकी र कागजी मुद्रा भन्ने पुस्तकमा १०.२० ग्रामको दोलखे मुद्रा चित्रसहित छापिएको छ ।[३७] यो पनि खिएर ह्रास हुँदै गएको कारण उक्त तौलको हुन पुगेको अनुमान गर्न अप्ठेरो पर्दैन । १०.४९ ग्राम तौल भएको एउटा दोलखे मुद्रा राष्ट्रिय संग्रहालय छाउनीको संग्रहमा भएको यस ग्रन्थका अन्वेषक रमेश ढुङ्गेलले देखेको र फोटो समेत लिएको हो ।

महीन्द्र मल्लपछि विस्तार-विस्तार उपत्यकाका तीनवटै मल्लराज्यका राजाहरूले आ-आफ्ना नाममा नयाँ चाँदीका मुद्रा निरन्तर रूपमा प्रसारण गरेको देखिन्छ । पछिपछि आएर त प्रत्येक नयाँ राजा फेरिँदा अनिवार्य रूपमा आफ्नो नाममा नयाँ मुद्रा टकमरी गराउने परिपाटी समेत चल्न थाल्यो । एक किसिमले आफ्नो नाममा मुद्रा प्रसारित गर्नु स्वतन्त्र शासकका प्रतीकको रूपमा मानिन पनि थाल्यो तर उपत्यकामा भारतीय मुद्राको सट्टा आफ्नै मुद्रा चलाउने कामको थालनी महीन्द्र मल्लले गरेको हुनाले पछिका मुद्रालाई पनि महीन्द्र मल्ली भन्ने चलन चल्यो, तर पछि भारतीय मुगल मुद्रासँग सरोवरी चल्ने चाँदीका टंका वा डबल मोहर बराबरका मुद्राको प्रसारण गर्ने चलन हटेर मुगल सिक्काभन्दा झण्डै आधा तौल कमका अर्थात् ६ मासे मुद्राको प्रसारण हुन थालेको देखिन्छ । उता पुराना टंका वा डबल मोहर बराबरका मुद्रा लोप हुँदै गए । यसो भए तापनि तिनै ६ मासे अर्थात् $^1/_2$ टंकाको मुद्रा (मोहर) लाई पनि महीन्द्र मल्ली नै भन्ने परम्परा भने हटेन । यसो हुँदा महीन्द्र मल्लका खास डबल मोहर बराबरका टका मुद्रा नदेखेका तर महीन्द्र मल्लले पहिलोपल्ट मुगल

मौद्रिक प्रणालीको अनुकरणमा नेपालमा चाँदीको मुद्रा चलाएको कथा सुनेका वंशावलीकारले आफैँले देखेका चलनचल्तीमा भइरहेका पातला चाँदीका ६ मासे मोहर नै उनले पनि चलाएको हुनुपर्दछ भन्ने विचार गरेर 'महीन्द्र मल्लले मुगलवादशाहसँग सोधेर ६ माशे मोहर चलाए' भनेर उल्लेख गर्न पुगेका हुन भन्न सकिन्छ । कसैकसैले भने पछिल्लो मल्लकालका ललितपुरका राजा महीन्द्रमल्ल (ने.सं. ८२९ को यिनको मोहर पाइएको छ) को नामसँग वंशावलीकारहरूलाई भ्रम परेको हो भन्ने पनि तर्क पेश गरेका छन् ।[३८] तर उनका मुद्राको सर्वव्यापक प्रभुत्व नभएको हुनाले यस विचारलाई सजिलै स्वीकार्न कठिन पर्दछ ।

यस किसिमले सुरुसुरुमा मुगल मुद्रासँग विनिमयदर सरोबरी थियो पछिपछि मात्र मोहर वा मोहर टंकाको प्रसारण धेरै हुनाले २ नेपाली मोहर दिएरमात्र १ मुगल सिक्का (टंका वा रूपैयाँ) पाउने भयो । त्यसै हुनाले पछि टंका भन्नाले नै १ मोहर र नेपाली १ मोहर भन्नाले मुगल मुद्राको आधा मान्ने प्रथा चलेको हो । त्यसैले गर्दा मोहर भनिकन टंका शब्द पनि जोड्ने चलन चल्यो । कनिङ्घमजस्ता मुद्राको खोजी गर्ने विद्वान्हरूले नेपाली मोहरमा ८७/८८ ग्रेन्स तौल हुने कुराको जुन उल्लेख गरेका छन्[३९] त्यो पछिल्ला कालका पातला मोहर अर्थात् $^1/_2$ टंकाको सन्दर्भमा मात्र लागू हुने कुरा पक्कै छ । वाल्सले पनि ८० देखि ९० ग्रेन्ससम्मका मोहरको चर्चा गरेका छन् ।[४०]

भारतीय मुद्रासँगको यो विनिमयदर सँधै स्थायी रूपमा कायम रहँदैनथ्यो । विनिमयदर धात्विक शुद्धताको आधारमा चल्ने हुनाले पछि पछिका नेपाली मुद्रामा मिश्रित धातुका मुद्रा चल्दा उक्त विनिमयदरमा परिवर्तन भएका उदाहरण पनि प्रशस्तै पाइएका छन् ।

यस किसिमलेमल्लकालको मौद्रिक इतिहासमा दुइ किसिमको मौद्रिक प्रणाली चलेको स्पष्टै देखिन्छ, जसमा मुगल सिक्का (टंका रूपैयाँ) सँग सामान्यजस्य राख्ने पहिलो किसिमका मुद्राहरू इन्द्रसिंह र महीन्द्र मल्लका पालादेखि लक्ष्मीनरसिंह मल्लका पालासम्म मात्र प्रसारित भएका देखिन्छन् । लक्ष्मीनरसिंह मल्लकै मुद्रा पनि १० देखि ११ ग्राम (११/१२ मासा वा १७०/१८० ग्रेन्स) तौलको अनुपात भएको पुरानै टंका शैलीका ठूला खाले मुद्रा टंका रूपैयाँको आधाजति मात्र तौल भएको पातला अर्थात् मोहर शैलीका मुद्रासमेत गरी दुवैथरी पाइएका छन् । वाल्सले लक्ष्मीनरसिंह मल्लको मोहर मुद्रा (७०.५ ग्रेन्स भएको) मात्र प्रकाशित गरेका छन् ।[४१] जोशीले भने दुवैथरी मुद्राका साथै यिनका 'सुकी' र 'ओहदाम' भन्ने मुद्राको पनि उल्लेख गरेका छन् ।[४२] कोलिन ब्रुसहरूले पनि यिनका टंका रूपैयाँ, मोहर, सुकी र दाम मुद्राहरू प्रकाशित गरेका छन् ।[४३] यसरी लक्ष्मीनरसिंह मल्ल नै नेपालमा पातला

१/२ मुगल टंका रूपैयाँ बराबरका मुद्रा टकमरी गराउने पहिलो राजा देखिन्छन् । तापनि यिनले पुरानै आकार तौल र शैलीको मुद्रा पनि प्रसारित गरेका थिए । यिनको समयसम्मका नेपाली मुद्रामा सालसम्बत उल्लेख गर्ने परिपाटी नभएबाट कुन सालदेखि नेपालमा मोहर मुद्रा प्रसारित भए भनेर किटानसाथ भन्न भने सकिने स्थिति छैन । एउटा कुराचाहिँ पक्कै छ कि लक्ष्मीनरसिंहले पहिलेपहिले पुरानै किसिमका टंका रूपैयाँ प्रणालीका मुद्रा चलाए र पछिमात्र चलनचल्तीमा सरलता ल्याउनका निमित्त पातला १/२ इकाइका (मोहर) मुद्रा चलाए । यसपछि पाटनबाट सिद्धिनरसिंहमल्लले र कान्तिपुरबाट प्रताप मल्लले ने.सं. ७६१ (वि.सं. १६४०) मा प्रसारित गरेका पनि १/२ तौल परिमाणकै मोहर मुद्रा छन् । यस मितिभन्दा पछि प्रसारित एउटै मात्र डबल मोहर पनि पुरानो मुगल टंका शैलीको नभएर चारपाटे ढाँचाका देखिन्छन् । हुन त आकार-प्रकारकाका हिसाबले कुतुबुद्दीन् मुवारक खिजली गियास शाह, नसिर शाह खिजली र जहाँगिर शाहहरूका मुद्रा चारकुने आकार र भित्र पनि चारकुने रेखा र अरू अक्षर तथा चित्रहरू भएका देखिन्छन् ।[४४] त्यसैले प्रताप मल्लको ने. सं. ७८१ मा प्रसारित यस चारपाटे डबल मोहर मुद्रामा पनि मुसलमानी मुद्राको अप्रत्यक्ष प्रभाव रहेको छैन भन्नचाहिँ सकिँदैन ।

खास गरेर मुसलमानी सिक्का टंकासँग सामञ्जस्य राख्ने गरी नेपालमा चाँदीका मुद्रा टकमरी गराउनुको कारण मुसलमानी मुद्रा प्रयोग गर्दै आएका यस भेकमा जनसाधारणले नेपाली मुद्रा सजिलै स्वीकार गरुन् भन्ने हेतुले नै हो । सुरुसुरुकामल्ल मुद्राहरू १०.६ ग्राम तौलका मुसलमानी टंकाकै स्तरमा कायम गर्ने दृष्टिकोणबाट प्रसारित भएका थिए भन्ने कुरामा अब विवाद उठ्न सक्दैन । यसो भए तापनि महीन्द्र मल्लका मुद्रामा भने हिन्दूपन प्रशस्तै देखिन्छ । अरू टंका किसिमका रूपैयाँ (२ मोहर बराबरका) मा भने मुसलमानी टंकाकै पूर्ण प्रभाव रहेको देखिन्छ । यस्तो भए तापनि केही हिन्दू वा आफ्ना नेपाली चिन्ह अंकित गर्ने पनि चलन नभएको चाहिँ होइन । यस्ता मुसलमानी ढाँचाका नेपाली टंकामा अशुद्ध अरबी अक्षर तथा कुनैकुनैमा खास राजाका नाम तथा कुनैमा नाम रहित पनि देखिन्छन् । महीन्द्र मल्लका र इन्द्रसिंहदेवका मुद्रावाहेक पछिका नेपाली टंका रूपैयाँमा खास गरेर दिल्लीका सुल्तान अलउद्दिन खिजली (ई.१२९५-१३१५) का मुद्राको अक्षरको अनुकरण गरिएका र बंगालका सुल्तान गयासुद्दिन महमुद शाह तृतीय (ई. १५२०-१५३२) का मुद्राको अक्षरको नक्कल गरिएका समेत गरेर दुइ थरी देखिन्छन् ।

महीन्द्र मल्लले स-साना इकाइका मुद्रा चलाएका उदाहरण पाइएका छैनन् तर शिवसिंहका पालादेखि भने ०.१४ ग्राम तौल भएको दाम तथा ०.३० ग्राम तौल भएको पैसा पनि प्रसारित भएका देखिन्छन् ।[४५] यसपछि पनि टंका

रूपैयाँको १२८ सौँ भागका अत्यन्त साना दामदेखि लिएर टंकाको चौथाइ भाग (सुकी) बराबरका मुद्रा पनि प्रसारित भएका देखिन्छन् ।[४६]

मल्लकालिक मौद्रिक प्रणालीमा २ थरी मुद्राहरू चलेका थिए भनेर माथि पनि थोरै चर्चा गरियो । पुराना इन्द्रसिंहदेव (वि.सं. १६०१-१६०४-५ ताका) का र महीन्द्र मल्ल (वि.सं. १६१७-१६३१) का मुद्राभन्दा पछि शिवसिंह, लक्ष्मीनरसिंह, सिद्धिनरसिंहमल्लहरूका नामका र नाम उल्लेख नभएका यसै कालका मुसलमानी मुद्राकै हुबहु अनुकरण गरिएका टंका रूपैयाँ समेतका मुद्राहरूलाई नेपाली टंका रूपैयाँ किसिमका मुद्रा मान्नु पर्दछ । यस्ता मुद्रा कान्तिपुरका राजा लक्ष्मीनरसिंह र पाटनका सिद्धिनरसिंहका पालासम्म प्रसारित भएका देखिन्छन् तर यी दुवै राजाहरूले नै पुराना मुसलमानी टंका रूपैयाँको १/२ भागका मोहर मुद्राको प्रसारण पनि सुरु गरेको देखिन्छ । त्यसैले पहिलो किसिमका ठूला टंका रूपैयाँको चलन दोलखाका मुद्रालाई समेत समेटेर उल्लेख गर्दा वि.सं. १६०२।४ ताका देखि वि.सं. १६९६।९७ सम्म कायम रहेको देखिन्छ । लक्ष्मीनरसिंह मल्ल[४७] र सिद्धिनरसिंहमल्ल[४८] ले दुवैथरी मुद्रा टकमरी गराएको देखिए तापनि प्रताप मल्लले भने पुरानो ढाँचामा टकमरी नगराएर नयाँ मोहर टंका अर्थात् पुरानाका १/२ भागका साना मुद्रा चलाएको देखिन्छ तर ने.सं. ७८१ मा एउटा चारकुने डबल पनि यिनले प्रसारित गरेका थिए भनेर माथि नै उल्लेख गरिसकिएको छ ।[४९] भक्तपुरमा पुरानो टंका शैलीका मुद्रामा गयासुद्दीन र अलाउद्दीन किसिमका मुद्रा धेरै संख्यामा प्रसारित भएको पाइएका छन् तर राजाको नामको अभावमा ती मुद्रा कुनकुन राजाले प्रसारित गरेका थिए भन्न सकिने स्थिति छैन । यस्ता मुद्रामा पनि पूरा तौलयुक्त (१०.५० ग्रामका) र जव (जौ) दाम, पैसा र सुकी बराबरका समेत पाइएका छन् ।[५०] यी उपर्युक्त मध्ये ०.८ ग्राम तौल भएको एउटा दामलाई भने जगज्योति मल्लको भनेर चिनाइएको पनि पाइन्छ ।[५१]

यस किसिमले नेपालकोमल्लकालिक मौद्रिक परम्परामा वि.सं. १९९६।९७ देखि पुरानो तौल स्तरमा पूर्ण रूपले परिवर्तन भएको देखिन्छ । अब नयाँ कथित ६ मासे अर्थात् ५.४-५.६ ग्रामसम्मका पातला मोहर चल्न थाले, जुन मुद्रा पुरानो टंका रूपैयाँको आधा भाग वा सोभन्दा केही बढी तौलका कायम हुन पुग्यो, जुन स्वाभाविक पनि थियो । यी मुद्रामा वास्तविक हुनुपर्ने तौल ८६.४ ग्रेन्स वा ५.६ ग्राम हो तर प्रायः ५.४-५.६ ग्राम तौल भएको मोहर नै पाइएका छन् । यस किसिमका मुद्रामा पनि मोहर १/२ मोहर १/४ मोहर (सुकी) १/८ मोहर, १/१६, १/३२, १/१२८ (दाम), १/५१२ (जव) बराबरका मुद्रा पनि प्रसारित भएको जानकारी पाइएको छन्, जसमा क्रमशः लगभग ५.४, २.७, १.३५, ०.६७, ०.३४, ०.१७, ०.०४, ०.०१ ग्राम तौल हुन्थ्यो । सायद यिनै जव (जौ)

बराबरका मुद्रालाई फुकी वा फुकादाम भनिन्थ्यो । यस मुद्रालाई विश्वको मौद्रिक इतिहासमा सबैभन्दा कम तौलको सानु मुद्रा मानिएको छ ।[५२]

मल्लकालिक मुद्राको अध्ययन गर्नेहरूले सुरुसुरुका टंका रूपैयाँको तुलनामा पछिका मोहरको चाँदीको शुद्धतामा कमी आएको भए तापनि निर्माण प्रविधिमा भने प्रगति भई मुद्राको रूपमा धेरै सुधार भएको थियो भनेर उल्लेख गरेका छन् ।[५३] नेपाली मुद्राको धात्विक शुद्धतामा क्रमशः गिरावट आउँदैमल्लकालको अन्त्यतिर आइपुग्दा त लेनदेनमै समस्या उत्पन्न हुन थालेका उदाहरण पनि पाइएका छन् । यस्तो अवस्थामा भारतीय शुद्ध चाँदीको रूपैयाँका निमित्त नेपाली १०/१२ मोहरसम्म दिनुपर्ने अवस्था पनि आएको थियो ।

मल्लकालका नेपाली मुद्रा भोटमा पनि चल्दथे । तिब्बतबाट चाँदी ल्याएर नेपाली टकबाटै टकमरी गरिएका मुद्रा भोटमा पठाउने चलन सर्वप्रथम महीन्द्र मल्लले नै चलाएका थिए भन्ने अनुमान पनि धेरैजसोले गरेका छन् ।[५४] भोट व्यापारमा विस्तार गर्न प्रयास गर्ने यी राजाले उत्तरदक्षिणको व्यापार विस्तारका निम्ति मुद्रा प्रसारण गरेका हुनाले भोटबाट हुने फाइदालाई विचार गरी भोटमा समेत आफ्ना मुद्रा चलनचल्ती गराएको कुरामा विश्वास गर्न नसकिने स्थिति छैन । यो चलन पछिल्ला मल्लकालसम्म पनि चलिरहेकै थियो । यसकाममा प्रताप मल्ल, श्रीनिवासनल्ल र रणजितमल्लहरूले विशेष ध्यान दिएका उदाहरण पनि पाइएका छन् । यिनीहरूले तिब्बतका निमित्त भनेर छुट्टै किसिमका मुद्रा टकमरी गराएका थिए भन्ने वाल्सको धारणा छ ।[५५] वाल्सले तिब्बतका निम्ति टकमरी गरिएका बेग्लै ढाँचाका मुद्राको अरू साधारण मुद्रासँगको भिन्नतासमेत प्रस्तुत गरेका छन् ।[५६] वाल्सले कतिपय नेपाली मुद्रामा दलाई लामाको छापको केही अनुकरण गरिएको हुनाले उक्त मुद्रा तिब्बत पठाउने उद्देश्यले टकमरी गराइएका हुन् भन्ने कुरामा जोड दिएका छन् ।[५७] रणजितमल्लले तिब्बतको निमित्त बनाएका मुद्रालाई 'नग्-टङ्ग' (कालो टंका) भनिन्थ्यो भन्ने पनि वाल्सको भनाइ छ । वाल्सको भनाइ यस प्रकारको भए तापनि चाँदी कम मात्र राखेर भित्र तामा आदि अरू नै धातु राखी कैफियत गरी बनाइएका त्यस्ता काला टंका रणजित मल्लका नामका मात्र नभएर काठमाडौँका अरू मल्ल राजाहरूका पनि पाइएका छन् । फेरि 'नग्-टङ्ग' राखेको नाम मात्र हो । पछि काठमाडौँका राजा भाष्कर मल्लको मुद्राको नमूनामा तिब्बतमा आफ्नै मुद्रा टकमरी गर्न थालेपछि नेपालमा मुद्रा टकमरी गराई तिब्बतमा लैजाने चलन हटेको हो र तिब्बतमा पनि चाँदीका मुद्रालाई टंका नै भन्ने चलन पनि मल्लमुद्राकै प्रभावले गर्दा चलेको हो भन्ने वाल्सको धारणा रहेको छ ।[५८] नेपाली मोहरलाई तिब्बतमा १.५ श्यो बराबर मानेर चलाउने परम्परा थियो ।[५९] उपत्यकामा स-साना

इकाइका मुद्राहरू प्रशस्त प्रसारित भए तापनि त्यस्ता साना इकाइका मुद्रा भोटमा पठाउने चलन थिएन । प्राय: पहिलो टंका रुपियाँ र पछि मोहर टंका मात्र जान्थे । त्यसले नेपाली मुद्रालाई आवश्यकताअनुसार १ श्यो १/२ श्यो १/४ श्यो, ३/४ श्यो जस्ता स–साना इकाइमा भाग लगाउन भरसक तौल मिल्ने गरी काट्ने चलन थियो । ने.सं. ८५६ (वि.सं. १७९२) सालमा टकमरी भएका त्यस्ता श्योको इकाइ परिमाणमा काटिएका काठमाडौंका राजा जयप्रकाश मल्लका केही मुद्राहरू पाइएका छन् ।[५८]

तिब्बतमा नेपाली मुद्रा पठाएर तिनताका मल्ल राजाहरूलाई वार्षिक १ लाख रूपैयाँ फाइदा हुन्थ्यो भन्ने राय कर्कप्याट्रिकले दिएका छन् ।[६१] डि.आर. रेग्मीले भने वार्षिक ५ लाख फाइदा हुन्थ्यो भनेर उल्लेख गरेका छन् ।[६२] यसरी तिब्बतका लागि मुद्रा टकमरी गरिदिंदा नेपालले तिब्बतबाट सुन, चाँदी मात्र कच्चा मालको रूपमा पाउने नभई चाँदी सटही गर्दा १२ प्रतिशत, टक मारिदिएवापत ४ प्रतिशत, रूपैयाँ बनाउन चास्नी मिलाउँदा ८ प्रतिशतसमेत गरी २४ प्रतिशत फाइदा कमाउँदथ्यो भन्ने आँकडा पनि कर्कप्याट्रिकले प्रस्तुत गरेका छन् ।[६३] पछि तिब्बतमा त्यहींको गा-देन फो-ढाङ्बाट प्रसारित मुद्राहरू चलनचल्तीमा आउन थालेपछि पनि नेपाली मुद्रा तिब्बतको मुद्राको साथैमा चल्दै थिए भन्ने जानकारी पाइएको छ तर नेपाली कैफियती मोहर 'नग्-टङ्' ले भने विनिमयमा समस्या खडा गरेको थियो । तिब्बतीहरूले नेपाली मुद्रालाई छोङ् टं अर्थात् छोङ् टंका (व्यापारी पैसा) भन्ने नाउँको प्रसङ्ग पनि यहाँ उल्लेखनीय छ ।[६४]

उपत्यकामा महीन्द्र मल्लबाहेक पछिका सबैजसो राजाहरूका एकभन्दा धेरै इकाइका मुद्राहरू प्रसारित भएको देखिन्छन् । भक्तपुरमा जगज्योति मल्लदेखि मुद्राको प्रसारण सुरु भएको र उनको एउटा दाम मुद्रा अध्ययनको क्रममा पाइएको पनि छ । त्यसपछि जगतप्रकाशका मोहर, सुकी १/४ मोहर र १/१६ मोहर, जितामित्रका मोहर, १/४, १/८, १/१६ मोहर र दाम, भूपतीन्द्रका मोहर १/२, १/४, १/८, १/१६ मोहर र दाम, रणजितका मोहर १/२, १/४, १/८, १/१६, १/३२ मोहर र दामबराबरका मुद्रा प्रसारित भएका पाइएका छन्।[६५] यसबाहेक नाम उल्लेख नभएको पुराना मुसलमानी ढाँचाका डबल बराबरका अर्थात् टंका रूपैयाँ, १/४ टंका, पैसा, दाम र जव (जौ) मुद्राहरू पनि भक्तपुरका मुद्राको खोजीका क्रममा पाइएका छन् ।[६६] काठमाडौंमा सुरुमा ठूला डवलबराबरका महीन्द्र मल्लका, शिवसिंहका र लक्ष्मीनरसिंहका मुद्राहरू देखिएका छन् तर शिवसिंहको 'श्री जय शिव' अंकित दाम, 'श्रीश्री शिव' अंकित ०.३० ग्राम तौलको पैसा पनि प्राप्त भएका छन् ।[६७] लक्ष्मीनरसिंहका पनि ठूलो डबलबराबरका टंका रूपैयाँबाहेक पुराना मुगल ढाँचामा टंका र दामबराबरका

मुद्रा र नयाँ ढाँचाको मोहर र दाम पनि पाइएका छन् ।[६८] प्रताप मल्लका चारकुने डबल मोहर, मोहर, १/४ मोहर र दाम पाइएका छन् । चक्रवर्तेन्द्रका र महीपतेन्द्रका मोहर र १/२ मोहर, नृपेन्द्रका मोहर १/४, १/१६ मोहर र दाम, पार्थिवेन्द्रका मोहर १/२, १/४ मोहर र दाम पाइएका छन् । भूपालेन्द्रमल्लको शासनकालका राजमाता ऋद्धिलक्ष्मीको १/४ अर्थात् सुकी पाइएका छन् । त्यसैगरी भूपालेन्द्रका मोहर, १/३२ मोहर र दाम, भाष्करमल्लका दुवै थरी नामका (भाष्कर मल्ल र महीन्द्रसिंह) मुद्रा प्राप्त छन्, जसमा मोहर, १/४, १/३२ मोहर र दाम भाष्कर मल्लको नाममा मोहर, १/४, १/१६ मोहर र दाम महिन्द्रसिंहको नाममा टकमरी भएका देखिन्छन् । यसपछि जगजयमल्लका आफ्नो मात्र नामका मोहर, १/१६, १/३२ मोहर र दाम छन् भने रानी कुमुदिनीका समेत नामका १/४ मोहर अर्थात् सुकी छन् । यसै क्रमले जयप्रकाशमल्लको शासनकालमा राजमाता कुमुदिनीदेवीको नामका सुकी अर्थात् १/४ मोहर, जयप्रकाशका मोहर, १/२, १/४, १/८, १/१६, १/३२ मोहर र दामका साथै काटिएका तिब्बती श्योका विभिन्न इकाइमा विभाजन गरिएका मुद्राहरू पाइएका छन् ।[६९] जयप्रकाशलाई राज्यच्यूत गरी निस्काशन गरिएका बखत प्रसारित उनका छोरा ज्योतिप्रकाशका नामका मोहर र दाम मुद्रा पाइएका छन् । यसबाहेक नाम र साल मिति नभएको ०.०१ ग्राम र ०.००२ ग्राम (काटिएको) जव (जौ) मुद्रा र ने.सं. ८७३ को पशुपति अक्षरअंकित १/४ मोहर अर्थात् सुकी मुद्रालाई पनि ज्योतिप्रकाशकै मानिएको छ ।[७०]

पाटनतर्फ पहिलो मुद्रा सिद्धिनरसिंहको मानिने परम्परा रहिआएको भए तापनि हरिहर सिंहको दाम (०.९८ ग्रामको) मुद्राको प्राप्तिले[७१] उपर्युक्त धारणालाई फेर्नु परेको छ । सिद्धिनरिसिंहको मोहर, १/४ मोहर र दामका साथै डबलबराबरका पुरानो शैलीका टंका रूपैयाँ प्राप्त छन् । श्रीनिवासका मोहर, १/४ मोहर र दाम प्राप्त छन् । योगनरेन्द्रका धेरै थरीका मुद्रा पाइएका छन्, जसमा उनको मात्र नामका र रानीहरू योगलक्ष्मी, नरेन्द्रलक्ष्मी, जयलक्ष्मीका समेत नाम भएका मुद्राहरू छन् । यिनका ४ पाटे ३/४ मोहर र तीन चुचे सुकी (१/४ मोहर) नौलो किसिमका देखिन्छन् । यी बाहेक मोहर १/२, १/४ मोहर र दाम, वीरनरसिंहका मोहर र सुकी (१/४ मोहर) का साथै राजमाता राजेश्वरीका नामको सुकी (१/४ मोहर) पनि पाईएका छन् । ऋद्धिनरसिंह र इन्द्रमल्लका बीचमा महीन्द्रमल्लका मोहर प्रसारित भएका देखिन्छन् । ऋद्धिनरसिंहका मोहर र सुकी (१/४ मोहर) छन् । योगप्रकाशका मोहर, १/२, १/४ मोहर र दाम, विष्णुमल्लका मोहर १/४, १/८ मोहर र दाम, राज्यप्रकाशका धेरै थरी मोहरका साथै १/४ मोहर र दाम, विश्वजितका मोहर,

सुकी (१/४ मोहर) र दाम, जयप्रकाश (काठमाडौंका राजा) का दुइ थरी मोहर, दलमर्दन शाह (गोरखाली राजा पृथ्वीनारायणका भाइ) का दुइ थरी मोहर र दाम, अन्तिम राजा तेजनरसिंहका दुइ थरी मोहर र दाम पाइएका छन् । यसबाहेक ने.सं. ८८५ (वि.सं. १८२१) को मातेश्वरी (तेजनरसिंहकी रानी?) को नामको एउटा १/४ मोहर मुद्रा पनि पाइएको छ ।[७१]

यी चाँदीका मुद्रा बाहेक मल्लकालमा कुनै चिन्ह र अक्षर नभएको तामाका ढेवुवा (पैसा) पनि चलनचल्तीमा भएको जानकारी पाइएको छ । त्यसंबेलाका त्यस्ता तामाका ढेवुवाहरू जुनसुकै आकारका पनि हुन्थे । एक तामाका ढेवुवाको १ पैसा मोहर बराबर मानिन्थ्यो । वाल्सले तामाका ढेवुवाको हिसाब दिँदा ४ ढेवुवाको १ गण्डा हुन्थ्यो भनेर उल्लेख गरेका छन् ।[७२] यसैगरी १ तामाका दाम वा पैसा दामको २ फुकदाम वा चुन दाम हुने, १ तामाका ढेवुवाको ४ तामाका दाम, गोरखाली ढ्याक (२ पैसे) को २ मल्ल ढेवुवा हुन्थ्यो भन्ने पनि वाल्सको धारणा छ ।[७३] कपुचीन पादरीका टिपोटमा १० कौडीको १ दाम, ४ दामको १ ढेवुवा (तामाको), ८ ढेवुवा (३२ दाम) को १ दोआनी वा आधा सुकी, २ सुकीको १ मोहर, र २ मोहर दामको १ मुगल (शाही) रूपैयाँको विनिमयदर चलेको थियो भन्ने उल्लेख पाइएको छ ।

साधारणतया यो उपर्युक्त हिसाब लागू भए तापनि स्थान र समयका भेदले विनिमयदरमा कहिलेकाहीँ तलमाथि पनि हुन्थ्यो । अर्को कुरा मल्लकालमा आएर तामाको पैसाको चाँदीका मुद्रासँग विनिमयदर र मूल्यको सम्बन्ध कायम गर्ने कुनै नियम र सिद्धान्त तय गरिएको पाइँदैन । त्यसो हुनाले तल्लो इकाइको विनियमको माध्यमको रूपमा नै तामाको ढेवुवा चलनचल्तीमा आउँथ्यो । विनियमको माध्यमको रूपमा नै तामाको ढेवुवा चलनचल्तीमा आउँथ्यो ।

तामाबाहेक माटाका र छालाकामल्लकालीन मुद्राहरू पनि पाइएका छन्।[७४] कुनै खास उद्देश्यका निम्ति टोकन मुद्राको रूपमा यो दामका तल्लो इकाइको अभाव भएको समयमा प्रयोग गर्नका निम्ति यस्ता मुद्राको प्रयोग भएको हुनुपर्दछ । सिद्धिनरसिंहमल्ल, विष्णुमल्ल, रणजितमल्लहरूका माटोका मुद्रा पाइएका छन् ।[७५] पछिल्लामल्लकालमा सुनका मुद्रा (असर्फी) टकमरी गर्ने प्रथा चले तापनि विनिमयको लेनदेनमा चाँदीका मुद्रा जस्तो मुद्रा चल्दैनथे खाली विशेष पर्वहरूमा मात्र यस्ता मुद्राको प्रयोग हुन्थ्यो ।[७६]

मल्लकालमा उपत्यकाको भ्रमण गर्ने कपुचीन पादरीहरूले चाँदीको 'दाम' र दामको १/४ भागको (चाँदीकै) 'जव' पनि चलनचल्तीमा भएको देखेको चर्चा गरेका छन् । डि.आर. रेग्मीले जवलाई मुद्राको रूपमा नसोचेर जौ (अन्न) को गेडालाई विनिमयको माध्यमको रूपमा प्रयोगमा ल्याएकोतर्फ संकेत गरेर पादरीको त्यस टिपोटलाई किंवदन्ती सुनेर लेखेको (hearsay) भनेर तर्क गरेको देखिन्छ ।[७७] तर जव मुद्रा नै पाइएको कुरा माथि उल्लेख गरिसकिएको छ ।

कपुचीन पादरीले १ दामले १० गोटा चमर साट्ने गरेको देखेको पनि चर्चा गरेका छन्, जुन वि.सं. १७६२ को टिपोट हो ।[७८] नेपालमा विक्रमको सत्रौं शताब्दीको आरम्भताकादेखि नै नेपाली मुद्राको टकमरी हुन थालेका उदाहरण पाईए तापनि पछि अठारौं शताब्दीसम्म यहाँ भारतीय मुगल मुद्रा पनि चलनचल्तीमै भएको उदाहरण पाइएका छन् । वि.सं. १७६३ (ई. १७०६) मा नेपालमा आएका कपुचीन पादरीले मुगल मुद्रा चलनचल्तीमा भएको देखेको र त्यसबेला प्रसारणमा भएको महीन्द्र मल्ली (नेपाली चाँदीका मोहर, महीन्द्र मल्लका टंका रूपैयाँ होइन) भन्दा दोब्बर तौलका मुगल मुद्रा भएको समेत पादरीले चर्चा गरेका छन् । त्यस्तैगरी मुगल र नेपाली महीन्द्र मल्ली (६ मासे मोहर) को विनिमयदर १:२ (अर्थात् २ नेपाली मोहरको १ मुगल टंका रूपैयाँ) थियो भनेर पनि उल्लेख गरेका छन् ।[७९] यी दुइ थरी (मुगल र नेपाली मोहर) मुद्रामध्ये मुगल मुद्राको नेपाली २५६ दाम र नेपाली मोहरको १२८ दामका हिसाबले लेनदेन हुन्थ्यो भन्ने पनि पादरीको टिपोटमा उल्लेख परेको छ । फादर डेल पि. जुसेप (Del P. Giuseppe) को टिपोटअनुसार ठीक तौलको मुगल रूपैयाँ भएमा नेपाली २ मोहरमाथि केही (१/२) थप दाम थप्ने पनि परिपाटी चलेको थियो ।[८०] नेपाली मुद्राको चाँदीको शुद्धतामा गिरावट आएका बखत वा नेपाली मोहरको तौल कम भएको अवस्थामा दाम थप्ने गरेको हुनुपर्दछ । कपुचीन पादरीहरूले चाँदीका मोहर १६ आनाको रूपैयाँका हिसाबमा टकमरी गरिन्थे भनेर पनि चर्चा गरेका छन् ।[८१]

यसै सिलसिलामा मल्लकालका ऐतिहासिक कागजपत्रमा आएका मुद्रा-सम्बन्धी नाम र विनिमयदरका बारेमा पनि संक्षेपमा चर्चा गर्नु सान्दर्भिक हुनेछ। साधारणतया १ मोहरमा १२८ दाम र मुगल वा शाही रूपैयाँमा २५६ दामको विनिमयदर हुन्थ्यो र कपुचीन पादरीहरूको विवरणमा पनि यस्तै उल्लेख भएको कुरा माथि उल्लेख गरियो । यता भक्तपुरका राजा रणजितमल्लको विवाहको धर:पौमा भने १२० दामको १ मोहर, ४ सुकीको १ मोहर, ३० दामको एक शुकी, १२४ पैसादेखि १९० पैसा (ढेवुवा) सम्मको १ शाही (मुगल टंका रूपैयाँ) को विनिमयदर चलेको उल्लेख भएको पाइन्छ ।[८२] यसमा उल्लिखित विवरणबाट मोहरको ४ खण्डको १ खण्ड अर्थात् १६ पैसाकै १ सुका हुन्थ्यो भन्ने देखिन्छ । ठिमीमा चन्द्रमान जोशीको घरमा प्राप्त भएको ठ्यासफूमा ने.सं. ८४३ (वि.सं. १७७९ देखि झण्डै १ शताब्दी भरको) वि.सं. १८७७ सम्मको नेपालको मौद्रिक विनिमयदर टिपिएको कागजमा ने.सं. ८६१ चैत्रसम्म पनि नेपाली २ मोहरले १ शाही मुद्रा अर्थात् मुगल टंका विनिमय हुन्थ्यो र यसै वर्षको वैशाख (वि.सं. १७७९) देखि २ मोहरमा १५ दामदेखि सुकासम्म थपेर मात्र शाही (मुगल टंका रूपैयाँ) पाइने भएको व्यहोरा

उल्लिखित छ । यस्तै किसिमले ने.सं. ८७१ कार्तिकदेखि १ शाही रूपैयाँको निमित्त नेपाली ३ मोहर दर कायम भएको, ८७४ माघमा १ पल्ट ६ मोहरसम्म र ८८४ पुसदेखि चैत्रसम्ममा १० देखि १३२ मोहरसम्म १ शाही मुद्राको निमित्त नेपाली मोहरको विनिमयदर कायम हुन पुगेको थियो । यस्तै किसिमले रणजितमल्लका मुद्राको अवमूल्यन हुँदैहुँदै ह्याउँदाम्पोल भन्ने मुद्रा ने.सं. ८८८ आषाढ वदि १२ देखि चल्नै छाडेको विवरण पनि यस ठ्यासफूमा परेको छ । यसअघि दिनैपिच्छे उक्त मुद्राको शाही मुद्राको तुलनामा अवमूल्यन हुँदै ह्याउँ पोल भन्ने उक्त मुद्रा ३६ गोटा दिएर मात्र १ शाही अर्थात् भारतीय चाँदीको टंका पाइने भएको थियो ।[८३]

उपर्युक्त हिसाबबाटमल्लकालको अन्तिम समयमा आएर मात्र नेपाली मुद्राको नराम्रोसँग अवमूल्यन हुन गएको देखिन्छ । गोरखाली आक्रमण र आर्थिक नाकाबन्दीको कारण उपत्यकामा आर्थिक मन्दी आएपछि उपत्यकाको मुद्राको अबमूल्यनको गति तीब्र भएको देखिन्छ । यसो भए तापनि चास्नीमा कैफियत गरी धात्विक शुद्धतामा ह्रास आई नेपाली मुद्राको अवमूल्यन गोरखाली आक्रमणको थालनी हुनुभन्दा अघिदेखि नै हुन थालिसकेको थियो भन्ने कुरा पनि उपर्युक्त टिपोटबाट बुझ्न सकिन्छ । त्यसै हुनाले ठीक तौलका मुगल शाही सिक्का (टंका रूपैयाँ) सँग नेपाली मुद्राको विनिमयदरमा २ मोहरमा १।२ दाम थप गर्ने चलन भएको कुरा कपुचीन पादरीहरूले उल्लेख गरेका छन् । यसरी साधारणतया विनिमयदरमा २ नेपाली मोहर टंकाको १ शाही वा टंका रूपैयाँ (मुगल) हुने परम्परा सबै स्रोतबाट पाइए तापनि सुरु सुरुका नेपाली टंका रूपैयाँ बराबरका मुद्रा (दोलखे, खास महीन्द्र मल्ली, शिवसिंह, लक्ष्मीनरसिंहका र सम्भवत प्रताप मल्लका ४ कुने डबल मोहर) सँगको विनिमयदर चाहिँ सरोबरीकै हिसाबले अवश्य पनि चल्दथ्यो भन्ने कुरा चाहिँ यहाँ उल्लेखनीय छ।

अर्को कुरा धर:पौ आदि स्रोतमा ४ सुकीको १ मोहर भन्ने र १२४ देखि १९० पैसा सम्मको १ शाही (मुगल टंका) को विनिमय दर भएको उल्लेख पाइएबाट ४ पैसाको १ अन्नी, १६ पैसाको शुकी र ६४ पैसाको टंका मोहरको हिसाबमामल्लकालिक मौद्रिक विनिमयप्रणाली चलेको देखिन्छ । ६४ पैसाको नेपाली मोहर टंका हुनाले नै त्यसको दोब्बर पार्दा १२८ अर्थात् विनिमयदर घटबढ हुँदा १२४ देखि १९० पैसा हुन्छ । यसो हुँदा मोहर टंकाकै १/४ भागको मुद्रालाई सुकी भन्ने अर्थमा ४ सुकीको १ मोहर विनिमयदर धर:पौमा उल्लिखित भएको हुनुपर्दछ । त्यसैले टंका रूपैयाँ (मुगल शाही) का हिसाबबाट १/२ मोहरलाई सुकी भनिए तापनि ६४ पैसाको हिसाबबाट भने १/४ मोहरलाई सुका मान्न अस्वभाविक देखिँदैन ।

ठिमीबाट प्राप्त टिपोटमा पनि बेला बखतको मौद्रिक मूल्यमा भएको घटबढको फलस्वरूप ५४ देखि ६४ पैसासम्मले १ सिक्का हुन्थ्यो भन्ने उल्लेख छ । यसमा पनि कमसल (कच्चा) पैसा भएमा १ सिक्कामा ८० पैसासम्मको हिसाब हुन्थ्यो ।[८४]

मल्लकालका मुद्रालाई अनेक नामले सम्बोधन गरिएको पाइन्छ । पहिलेपहिले नेपाली मुद्रालाई पनि मुगल मुद्रालाईजस्तै टंका मात्र भनिन्थ्यो । लक्ष्मीनरसिंह मल्लको एउटा अभिलेखमा र वि.सं. १७४० को अर्को एउटा सामग्रीमा यस्तो उल्लेख छ ।[८५] दोलखामा पनि वोभा टंका वा वोहया टंका (चाँदीको) भनिन्थ्यो ।[८६] पछिपछि भने मोहरमात्र चलनचल्ती हुनाले 'मोहोर टंका' 'मोटं.' 'मोहोर तांका' वा 'मो तका' जस्ता शब्द प्रयोग भएको पाइन्छ।[८७] धर:पौमा न्हूलमोहर (सम्भवत: तिब्बतमा पठाउने खांले चाँदीका मुद्रालाई तिब्बतमा ङुल् टंका, यस्तो नाम दिएको हुनुपर्दछ । किनभने तिब्बतमा चाँदीका पैसालाई 'ङुल्ल् टं' भन्ने चलन अझै छ, धेवा (पैसा) आदिको उल्लेख पाइन्छ । अरू काजगपत्रमा उपर्युक्तबाहेक सिक्का चुपोल, च्यासली मोहर, घंसी मोहर, च्यासली पोलदाम, सिकुचा मोह, ङाशुषी मोहर, ङाशुषीदाम पोल, त्याउ मोहजस्ता मुद्राका विविध नाम पनि पाइन्छन् ।[८८] राजाका नामबाट चिनिने महीन्द्र मल्ली, महीन्द्रसिंही, जगज्जय मल्ली मुद्राका नामहरू पनि अभिलेखमा पढ्न पाइन्छ ।

७.२ विविध लेनदेन, ऋणसापटी तथा बजार भाउ

मध्यकालका सुरुदेखिकै ऐतिहासिक स्रोत सामग्रीहरूमा आर्थिक लेनदेन, ऋणसापटी, धितोधरौटी आदिका विषयमा उल्लेख पाइन्छ । त्यस्तैगरी केही मात्रामा तात्कालिक बजारभाउका विषयमा पनि । पछिल्लामल्लकालका ठ्यासफू, धर:पौ आदि सामग्रीमा त बजारभाउका विषयमा धेरै नै चर्चा भएको पाइन्छ ।

घर, जग्गाजमिनको किनबेच तथा धरौटी राखेर ऋण लिनेदिने प्रथा समाजमा व्यापक रूपमा चलेको थियो भन्ने प्रमान त्यसकालका तमसुक-ताडपत्रबाट राम्रैसँग प्राप्त भएको छ । यस विषयको चर्चा केही मात्रामा गोपालवंशावलीमा पनि पाइन्छ । पाटनको रुद्रवर्ण महाविहार (उकु वहा) मा पाइएका ताडपत्रहरूमा ने.सं. १०३ (वि.सं. १०३९) देखिका घरजग्गा धरौटी राखेर ऋण लेनदेन भएका र ने.सं. १५९ देखिका घरजग्गा बेचबिखन भएका तमसुकहरू छन् । धरौटी राखेर ऋणको लेनदेन भएका ताडपत्रहरूमा धरौटी राखिएको जग्गा वा घरको विवरणका साथै ऋण लगानी भएको रकमसमेत उल्लेख भएकोले कति स्थायी सम्पत्ति बन्धक राखेर कति सम्म रकम पाइन्थ्यो

भन्ने विषयमा बुझ्न सजिलो भए तापनि जग्गा बेचबिखनसम्बन्धी ताडपत्रहरूमा भने जग्गाको परिमाण र विवरण, किन्नेबेच्नेको नाम ठेगाना तथा सम्बन्धित जग्गाको भूमिकरको रकम (प्राय: वस्तुमा) आदि बाहेक जग्गाको मूल्य किटान नगरी 'देशकालअनुसार चलेको दरमा किनबेच भयो' र 'किनबेच हुनसक्छ' भन्ने व्यहोरा मात्र उल्लेख गर्ने परिपाटी हुनाले[८९] उक्त स्रोतबाट जग्गाको दरभाउ बारेमा भने स्पष्ट जानकारी हुन सक्दैन । पछिल्ला कालका (ने.सं. ५१६ देखि ९२० ताकासम्मका) यस्तै घरजग्गा खेतबारी बेचविखन, सट्टापट्टा अंशबण्डा, बकसपत्र, शेषपत्र, धरौटी बन्धक, भोग बन्धक आदि विषयमा लेखिएका सयौं-सयौं तमसुक ताडपत्रहरू राष्ट्रिय अभिलेखालयमा संकलित भएका पनि पाइएका छन् । यी पछिल्लाकालका यस्ता तमसुक-ताडपत्रहरूमा पनि जग्गासम्बन्धी कारोवारको लेखनशैली पुरानै ढाँचाको भएको, धेरैजसोमा मूल्य नतोकी देशकालमा चलेको भाउमा किनबेच भयो वा हुन्छ भनेर नै लेखिएको पाइन्छ । प्राय:जसो तमसुकहरूमा 'देशकाल प्रवर्तमान सञ्चारार्धेन सुवर्णमूल्यमादाय कयेन विक्रियते भवति' भन्ने वाक्य अनिवार्यजस्तै परेको हुन्छ । पछिल्ला कालका कतिपय तमसुकहरूमा भने 'सुवर्णमूल्यमादाय' भन्ने व्यहोराको सट्टा 'यथोचितमूल्यमादाय' भनेर लेखेको पनि पाइन्छ ।[९०] त्यस्तैगरी पछिल्लाकालका केही तमसुकहरूमा भने मोहर टंकाको नाम र मूल्य तोकेर किनबेच भएका उदाहरण पनि पाइएका छन् । यसको उदाहरणको लागि ने.सं. ६९६ को एउटा ताडपत्रलाई राख्न सकिन्छ, जसमा ४ रोपनी जग्गालाई ६८ ओहालाक (चाँदीका) टंका वा षुय च्या टंका दिएको भन्ने स्पष्टै उल्लेख परेको छ ।[९१] कहिलेकाहीं भने 'देशकाल प्रवर्तमान' को सट्टा 'नगरकाल प्रवर्तमान' भनेर शहरमा चलेको भाउमा किनबेच भयो वा हुन्छ भनेर उल्लेख भएको पनि पाइन्छ ।[९२] यस्तो उल्लेख पाइए तापनि जग्गाको भाउ ठाउँ र परिस्थिति हेरी बेग्लाबेग्लै हुन्थ्यो । माथि उल्लिखित व्यहोराबाट प्रतिरोपनी भाउ २७ मोहर टंका हुन्छ । यस्तै ने.सं. ७७० मा १८ रूपैयाँले ४ रोपनी जग्गा किनेको (प्रतिरोपनी ४० मोहर टंका), ने.सं. ७७१ मा १ चुल (४ आना) जग्गा ५ मोहर र २ सुका मा सुकीबिकी भएको (प्रतिरोपनी २१ मोहर टंका), ने.सं. ७७४ मा ५६ मोहरमा २ रोपनी जग्गा किनबेच भएको (प्रति रोपनी २८ मोहर टंका)[९३], ने.सं. ७९६ मा १ रोपनी जग्गाको ७५ मोहर टंकामा किनबेच भएको[९४], ने.सं. ८४४ मा १ रोपनी ३ चुल (१ रोपनी ३ आना) जग्गा १४० मोहर टंकामा किनबेच भएको (दर ५१ मोहर टंका प्रतिरोपनी)[९५] त्यसै बर्ष अर्को एउटा ऐतिहासिक टिपोटअनुसार ५ रोपनी जग्गालाई ४९४ जगज्जय मल्ली टंकामा सुकीबिकी भएको (दर ९९ मोहर टंका प्रतिरोपनी)[९६] यस किसिमले एकै जग्गाको विभिन्न दरभाउ चलेको देखिन्छ । यसो भए तापनि

सबैजसो ताडपत्रहरूको देशकालमा चलेको भाउ भन्ने उल्लेख गरीकन पञ्चभलाद्मी साक्षीसमेत राख्ने चलन भएको हुनाले सरकारको तर्फबाट त्यसो नभए देशकालमा चलेको भाउमा भन्ने उल्लेख गरिरहनु पर्ने आवश्यकता हुँदैनथ्यो । त्यसैले जग्गा जमीनको अवस्थिति, गुण तथा समयका भेदले जग्गाको भाउ पनि विभिन्न हुन्थ्यो ।

ऋण लेनदेनको क्रममा जग्गाजमीन, घरबारी आदि भोग बन्धक र दृष्टि बन्धक राखेर लेनदेन प्रक्रिया चलाउने परिपाटी पनि मध्यकालमा थियो । यस्ता उदाहरणहरू मध्यकालका सुरुसुरुदेखिकै पाइएका छन् । निश्चित अवधिका निमित्त कुनै खास परिमाणमा जग्गा भोगबन्धकमा दिई ऋण लिनेदिने चलन सायद प्राचीन कालदेखि नै चलेको थियो । ने.सं. १०३ देखिका यस्ता लेनदेनका लेखोटहरू पाइएका हुनाले[९७] प्राचीनकालमा पनि यस्तो परम्परा चलेको हुनुपर्दछ भन्ने स्वाभाविक अनुमान हुन्छ । जग्गाजमिन सुकीबिकी गर्दा वा बन्धकमा राख्दा जग्गामा पछि कुनै संकट (झमेला) आइलागेमा वा (कुनैकुनै पत्रमा) दैवी वा राजकीय संकटबाहेक अन्य झमेला परेमा विक्रेता वा धरौटी राख्ने ऋणी नै त्यसको जिम्मेवार हुनेछन् भन्ने व्यहोरासमेत तमसुकमा उल्लेख गर्ने परम्परा मध्यकालको सुरुदेखि अन्तिम मल्लकालसम्म नै चलेको पाइन्छ । अभिलेखालयका रुद्रवर्णका तथा धुलिखेल, बनेपा र दोलखा भेगका सबैजसो भूमिसम्बन्धी पत्रहरूमा यस्तो उल्लेख पाइएको छ । यसरी जग्गा भोग बन्धकीमा दिई ऋण लेनदेन हुँदा १-२ वर्षका लागि पौने १ रोपनी बारी भोगबन्धकमा दिएर ३ वर्षको निमित्त १००० पणपुराणसम्म रकम ऋण लिएको देखिन्छ ।[९८] यस हिसाबबाट प्रतिरोपनी बन्धकमा १६०० पणपूराणसम्म ऋण लेनदेन हुन्थ्यो भन्ने जानकारी पाइन्छ तर यसमा पनि बन्धक राख्ने वस्तु (घर जग्गा) को उपयोगिता, गुण आदि हेरेर कारोवार हुन्थ्यो । कहीँ ५ रोपनी जग्गाबन्धक राखेर १५० पणपुराण मात्र ऋण लिएका उदाहरण पनि पाइन्छन्।[९९] यस किसिमको वस्तुबन्धक राखेर ऋण लेनदेन गर्दा विभिन्न अवधिका लागि लिने चलन थियो । रुद्रवर्णमहाविहार पाटनमा प्राप्त ताडपत्रहरूमा ३ वर्षदेखि ९ वर्षको अवधिसम्मका निमित्त वस्तु वन्धक राखेर ऋण लिए दिएका उदाहरण पाइएका छन् ।[१००] तिनताका साधारणतया ब्याजको दर १५% भए तापनि कहिलेकाहीँ त्यसभन्दा सहुलियत दरमा पनि ऋण लेनदेन हुन्थ्यो ।[१०१] जग्गा भोग बन्धकमा राखी ऋण लिएपछि उक्त जग्गाको भूमिकर वा पोता तिरेर अरू सबै ऋण लगानी गर्नेले खान पाउँदथ्यो । कुनैकुनै कागजपत्रमा ऋण चुक्ता नगरेको कारण जबसम्म तमसुक त्यसै रहन्छ तबसम्म बन्धक राखिएको जग्गाबाट एक त्यान्द्रो (घाँस-पराल) समेत ऋणीले लिन पाउँदैन भनेर स्पष्टसँग

खुलाइएको पाइएबाट ऋण लेनदेनसम्बन्धी परम्परा र नियम निकै कडा थियो भन्ने बुझिन्छ।[१०२]

आधुनिककालमा जस्तै समाजमा विविध कामका निमित्त ऋण सापटी लिने परम्परा त्यस युगमा पनि थियो। ऐतिहासिक काजगपत्रहरूमा आर्थिक संकट परेका बखत राजामहाराजाहरूले पनि ऋण सापटी लिएका उदाहरण पाइएका छन्। त्यस्तैगरी विजय अभियान चलाउन र बाह्य आक्रमणको सामना गर्नुपर्दा सामरिक उद्देश्य पूर्तिका निमित्त पनि ठूलठूला व्यापारी, पूँजिपतिहरूसँग ऋण लिने चलन थियो। यस्तैगरी व्यापारी, व्यवसायीहरूले बढी फाइदा हुने खेप व्यापार आदिमा लगानी गर्नका निमित्त र समाजमा जनसाधारणले घर-व्यवहार चलाउने सुनचाँदी खरिद गर्ने आदि कामका निमित्त पनि ऋण सापटी लिएका उदाहरण ऐतिहासिक स्रोतमा पाइन्छन्। ने.सं. ५७५ को एउटा ताडपत्रमा सुन किन्नका निमित्त खेत बन्धक राखेको स्पष्ट उल्लेख परेको छ।[१०३] ऋण लेनदेनका तमसुकमा घरखर्च गर्न, छोराछोरीको विवाह गर्न वा भैंसी, भैंडा, गोठ आदि खरिद गर्न, घर बनाउन कर्जा लिएको भनेर खुलाउने चलन अझसम्म पनि चलिरहेकै छ।

ऋण लेनदेन, सरसापटी, वस्तुबन्धक, ब्याजदर आदिका विषयमा यहाँ केही ऐतिहासिक उदाहरणका साथ चर्चा गर्नु सान्दर्भिक हुनेछ। वि.सं. १८०३ मा कान्तिपुरका राजा जयप्रकाश मल्ल राज्यच्युत भई ४ वर्षसम्म यताउति लागेर दिन बिताउनु पर्दा नुवाकोटतर्फ नाकामा बसी उत्तरदक्षिण व्यापारमा संलग्न शैवमार्गी व्यापारी गोसाइँ कमलवनहरूसँग रु. ६००० ऋण सापट लिएका थिए। जयप्रकाशमल्ललाई अप्ठेरो परेको स्थिति भएकोले मूल ऋण लिएको धनको दोब्बर बुझाउने भाखामा ऋण रकमभन्दा धेरै वस्तुबन्धक राखेर पनि उक्त रकम लिनु परेको उल्लेख तात्कालिक पत्रहरूमा परेको छ।[१०४] यी गोसाइँहरू निकै धनी भएका हुनाले अरूअरू व्यापारी वा ठेकेदार तथा भन्सारीहरूलाई पनि ऋण लगानी गर्ने गर्दथे भन्ने चाल पाइएको छ। ने.सं. ८६३ मा नुवाकोट भेकमा नै सायद भोट व्यापारको बाटोमा सरकारको तर्फबाट भन्सार ठेक्का लिइ बसेका जयसिं भन्ने भन्सारीले पनि यिनै गोसाइँ कमलवनसँग नगद ऋणसापट लिएको उल्लेख पाइएको छ।[१०५] तर साधारण अवस्थामा लिएको ऋण हुँदा उक्त भन्सारीलाई सयकडा १० कै दरको ब्याजमा कमलवनले ऋण दिएका थिए भन्ने कुरा सम्बन्धित पत्रको छेउमा लेखिएको 'चोख दशवरि' भन्ने वाक्यबाट स्पष्ट हुन्छ। यो सयकडा १० त्यसबेलाको साधारण चलेको ब्याजदर थियो। पछि एकीकरणको क्रममा सम्भवतः नुवाकोट विजयकै सिलसिलामा यी गोसाइँहरूलाई पृथ्वीनारायण शाहले पनि हात लिएको जानकारी पाइएको छ। यसैक्रममा कमलवन भगवतीवन गोसाइँहरूबाट पृथ्वीनारायण शाहले पनि केही

आर्थिक सहयोग पाएको संकेत मिलेको छ, किनकि वि.सं. १८०६ देखि १८२५ सम्मका ५/६ गोटा पत्रमा पृथ्वीनारायण शाहले यी गोसाइँहरूलाई भोट व्यापारमा विशेष सुविधा दिएको देखिन्छ ।[१०६] यी पत्रमध्ये एउटा पत्रमा पृथ्वीनारायण शाहले लिएको रकम फिर्ता पठाउन ढिला भएकोले गोसाइँहरूले तागिता गरी पठाएको र त्यसको जवाफमा पैसा पठाउन ढिला भएकोमा क्षमा पाउँ २ महिना जतिपछि (फागुनमा) रकम आफैँ आएर बुझाउने काम हुनेछ भन्ने ब्यहोरा परेको छ । यस आधारबाट पृथ्वीनारायण शाहले पनि यिनीहरूसँग केही रकम सापटी लिएका थिए भन्ने देखिन्छ ।

यस्तै किसिमले दोलखा भेकमा पाइएका केही ऐतिहासिक पत्रहरूमा पनि ऋण सापटी तथा व्याजदरका विषयमा उल्लेख भएको पाइएको छ । दोलखामा पाइएको ने.सं. ७४७ (वि.सं. १६८४) को एक पत्रमा काठमाडौं येंगाल टोलका एक मानन्धरले दोलखा विहार टोलका लक्ष्मीदास भन्नेलाई ४० मोहर ऋण लगानी गर्दा खेत बन्धक राखेर पनि प्रतिवर्ष ५ मोहरको १ मोहर अर्थात् सयकडा बीस व्याज लाग्ने गरी तमसुक गरेको पाइएको छ ।[१०७] कालगतिले दैव वा राजा लागेर वाधा परेमा पनि ६ मोहरको १ मोहरका दरले (अर्थात् सयकडा साढे १६ मोहर भन्दा बढी) व्याज तिर्नुपर्ने सर्तबन्धेज गरेको व्यहोरा पनि उक्त पत्रमा उल्लिखित छ । ने.सं. ८४६ (वि.सं. १७८२) को एक पत्रमा ९ टंका मोहर ऋण लिएकोमा दोलखा राज्यमा चलेको दर अनुरूप प्रतिवर्ष २ रु. तिर्नुपर्ने व्यहोरा उल्लिखित छ ।[१०८] ९ रूपैयाँको प्रतिवर्ष रु. २ व्याज हुँदा सयकडा २२ भन्दा बढी हुन्छ । त्यसैगरी ने.सं. ८६१ (वि.सं. १७९८) मा दोलखाका ४ जना प्रख्यात व्यापारी (बंजार) हरूलाई भोट खेप व्यापारका निमित्त सयकडा ६ व्याज लिने र खेप व्यापारबाट फाइदा भएको रकमसमेत व्यापारी र लगानीकर्ताले बराबर बाँडेर खाने गरी रु. २१०० काठमाडौंका राजोपाध्यायहरूले सापटीको रूपमा लगानी गरेको उल्लेख छ ।[१०९] यसरी ने.सं. ८६५ (वि.सं. १८०१) मा टंका ऋण दिँदा १ मोहर टंकाको ५ पाथी धान (अर्थात् सयकडा ५०० पाथी) जिन्सी व्याज लिने सर्त राखेको देखिन्छ ।[११०] तिनताका चामलको भाउ साधारणतया १ मोहरको १६ पाथी भएकोले[१११] धानको भाउ सरदर मोहरको ३५ पाथी जतिको हुनुपर्दछ । यसो हुँदा ५०० पाथीको लगभग साढे १४ वा १५ मोहर जति हुने हुँदा सयकडा १४।१५ को व्याजदर ठहर्छ । साधारणतया सयकडा १५ को व्याजदर मध्यकालको पूर्वार्द्धदेखि नै चलेको थियो ।[११२] यस हिसाबबाट ऋणको रकम ६ वर्ष र ८ महिनाको अवधिमा दोब्बर हुन जाने हुनाले प्राचीन युगदेखि नै यस परिपाटीलाई व्याजको 'द्विगुण्य' प्रणाली भनिन्थ्यो[११३] तर कहिलकाहीँ दोब्बर नभएर डेढासम्म मात्र हुने गरी सहुलियत दरमा पनि लेनदेन हुन्थ्यो ।[११४]

उपर्युक्त प्रमानहरूका आधारमा मध्यकालमा ऋणको लेनदेनमा सयकडा १० देखि २५ सम्मको ब्याजदर लगाउने चलन थियो भन्ने बुझिन्छ। दोलखामा प्राप्त भएको एउटा ठ्यासफूमा सवाई ब्याजदरको धेरैपटक उल्लेख परेको छ।[११५] तर यस्तो ब्याजदरमा अवस्था हेरेर घटबढ भई नै रहन्थ्यो। ब्याज नगद र जिन्सी दुवैमा लिइन्थ्यो र वस्तु (जग्गाजमिन, घर बहुमूल्य रत्नादि र दासदासी तथा प्रजा) बन्धक नराखी ऋण पाउन कठिन हुन्थ्यो। दोलखाको एउटा सामग्रीमा ६ मोहर ऋण लिँदा १ जना दासी बन्धकमा राखेको उल्लेख पाइएको छ।[११६] ऋण लगानी पनि वस्तु र नगद दुवैमा हुन्थ्यो। ने.सं. ५८८ (वि.सं. १५२४) को एउटा अभिलेखमा (भादगाउँ तुलों टोलका) खेतको जिन्सी र रूपैयाँको समेत ब्याजबाट षडदर्शन जोगीहरूलाई भोजन गराउने र देवताको पुजा आदि चलाउने कुराको उल्लेख परेको छ।[११७]

यसरी ऋण सापटी लेनदेनमा एकजना मालिकको दासीको रूपमा सेवा गरी बसेका दासदासीलाई दासीका मालिकसँग लिनुपर्ने रकम उठाउने उद्देश्यले अर्को साहुले विनास्वीकृति (जबर्जस्ती किसिमले) उठाएर लैजाने परम्परा पनि थियो। यस्तो हुँदा त्यस निहुँबाट बेला बेलामा झगडासमेत हुने गर्दथ्यो भन्ने कुरा ने.सं. ८७०-८० ताकाको दोलखामा पाइएको एक पत्रबाट बुझिएको छ।[११८]

दोलखामा पाइएको ने.सं. ८६२ (वि.सं. १७९८) को एक पत्रमा ऋण लेनदेन र धरौटी तथा सजाय सम्बन्धमा नौलो किसिमको उदाहरण पाइएको छ। त्यहाँ मुक्तिराज कार्की भन्ने एक ऋणीले ऋण नतिर्दा मुद्दा परेको र उक्त ऋणीलाई ससातिएको संकेत परेको छ। समातिएको उक्त ऋणीलाई अर्को एकजना फरानी (जमानी?) बस्ने मानिसले आफ्नो घरको छाना धरौटी राखेर ऋणी खस (कार्की) लाई आफ्नो घरमा लगेको र उक्त मुद्दा फैसला नभएसम्म भाग्न नपाइने तथा केही गरी उक्त व्यक्ति भागेमा उसको जीउको अभिभारा लिनेले ५०० मोहर राजालाई चढाउनू र नचढाएमा फरानी (जमानी बस्ने व्यक्ति?) लाई बाँधेर लिनू भन्ने ब्यहोरा परेको छ।[११९] यसबाट ऋणीको जिम्मेवारी लिने घरको 'छाना' समेत धरौटी राख्ने चलनका साथै खसलाई समेत ऋण चुकाउन नसक्दा दास बनाइन्थ्यो भन्ने बुझिन्छ।

घरजग्गाको बेचबिखन तथा अरू किसिमको लेनदेनको व्यवस्था र बाँधाबन्धक राख्ने परम्परामा स्थिति मल्लले पनि विशेष ध्यान दिएका थिए भन्ने वंशावलीको वर्णनलाई पनि यहाँ भुल्न सकिँदैन।[१२०]

अब यही लेनदेन ऋण लगानी आदिकै सिलसिलामा मध्यकालको बजारभाउका बारेमा पनि चर्चा गर्नु आवश्यक हुन्छ। मध्यकालको पूर्वाद्धतिरका

बजारभाउका बारेमा जानकारी दिने स्रोतको अभाव भए तापनि उत्तरार्द्धताकाका विषयमा जानकारी दिने स्रोतहरू भने प्रशस्तै पाइएका छन् ।

मध्यकालको पूर्वार्द्धको बजारभाउको केही चर्चा गोपालवंशावली तथा १।२ अभिलेखिक स्रोतमा पाइन्छ । पूर्वमध्यकालका राजा अरिमल्लदेवको शासनकाल (अं.ने.सं. ३२१-३३६) मा अनिकाल पर्दा भाउ बढेर १ द्रम्मले २ कुरुवा मात्र चामल पाइने भयो भन्ने चर्चा गोपालराजवंशावलीमा परेको छ ।[१२१] यस आधारबाट त्यसबेला १ द्रम्मको २ कुरुवा चामलको भाउ अत्यन्त महङ्गो हुँदाको अवस्थामा मात्र कायम हुन पुगेको देखिन्छ । यसभन्दा १५।२० वर्षपछि अर्थात् ने.सं. ३५२ को एउटा स्रोतमा पनि ठूलो अनिकालको कारण चामल १ द्रम्मले २ कुरुवा, नूनतेल १ द्रम्मले १ पल, सुन १ पलको पौने ३ द्रम्म, १ कर्ष चाँदी (१/४ तोला) को २० द्रम्मको भाउ कायम हुन पुगेको उक्त महङ्गो भाउ त्यस वर्षभरि नै कायम भएको चर्चा गोपालराजवंशावलीमा छ ।[१२२] यसैगरी ने.सं. ४६६ मा माहमारी फैलँदा पनि भाउ बढेर १ द्रम्मले १ पाथी चामलमात्र आउने भएको चर्चा उक्त वंशावलीमा छ ।[१२३] यस्तै किसिमले ने.सं. ४६६ मा आन्तरिक युद्ध र संघर्षका कारण बजारभाउमा वृद्धि हुँदा र आर्थिक नाकाबन्दी हुँदा पनि १ द्रम्मले ४ माना चामल (२ कुरुवा) पनि नपाउने र लत्ताकपडाको अभाव भएर साँगा प्रदेशका आईमाईहरूले जिउमा लाउने लुगासमेत नपाउने अवस्था आएको चर्चा छ ।[१२४] यसरी देशमा झैँझगडा, युद्ध आदिका कारण अशान्ति फैलिएका समयमा बजारमा दैनिक उपभोगका सामानको अभाव हुन्थ्यो र बजारभाउमा पनि बेथिति हुन्थ्यो । शत्रुपक्षले नाकाबन्दी वा एकाधिकार फैलाइदिँदा सारा राज्यमा हाहाकार फैलन्थ्यो । यहाँ उल्लिखित ने.सं. ४६६ को यो घटना पनि यस्तै प्रकृतिको थियो । यस्तै अवस्था ने.सं. ५०४ (वि.सं. १४४१) मा पनि एकपल्ट घटेको थियो, जसको फलस्वरूप उपत्यकाबासी जनताले १० कुरुवा चामल समेत किन्न नसक्ने अवस्था सिर्जिएको र त्यसबेला चामललगायत कपडा, नून, सुन, चाँदी आदि सबैको मनपरी भाउमा मात्र तिरहुँते व्यापारीहरूले आपूर्ति गरेको चर्चा गोपालवंशावलीमा स्पष्टै परेको छ ।[१२५]

यहाँ उल्लिखित बजारभाउ पूर्वमध्यकालको बजारको भए तापनि अनिकाल, महामारी, आक्रमण-प्रत्याक्रमणजस्ता घटना घटेका बखतको बजारभाउको मात्र प्रतिनिधित्व यसले गरेको छ । यस कालको साधारण अवस्थाको भाउका विषयमा भने जानकारी पाइँदैन । पूजा-आजा, गुठी आदिका निमित्त छुट्याइएको रकम, ज्यालामजदूरी, निर्माण खर्च आदिका यदाकदा उल्लेखका आधारमा मात्र मुद्राको क्रयशक्ति वा मूल्य (value) कुन रूपको थियो भनेर अनुमानसम्म गर्न सकिन्छ । ज्याला मजदूरीको प्रसंगमा यस

विषयमा केही चर्चा माथि नै 'श्रम शक्ति तथा पेशेवर वर्ग' अन्तर्गत गरिसकियो । यस्तै १/२ अभिलेखिक स्रोतमा परेका सांकेतिक उदाहरणलाई यहाँ प्रस्तुत गरिन्छ ।

ने.सं. ४७७ (वि.सं. १४१४) को पाटन पिम्वहालको अभिलेखमा चैत्यरङ्ग भट्टारक भन्ने देवताको वार्षिक पूजाको खर्चका निमित्त ३ द्रम्म र ३ कर्षाङ्ग (३ कर्ष द्रम्म=सुका बराबरका द्रम्म ३) चढाएको चर्चा छ ।[१२६] यस आधारबाट मुद्राको क्रयशक्ति वा मूल्य तुलनात्मक रूपमा धेरै थियो भन्न सकिन्छ । यसभन्दा १८५ वर्ष पहिलेको एउटा अभिलेखमा (ने.सं. २९२ को) एउटा पौवाको छाना हाल्न ४ द्रम्म शिवका अर्थात् १ रूप्यद्रम्म दान दिएको चर्चा छ ।[१२७] यसैगरी ने.सं. ५६१ (वि.सं. १४९८) मा यक्ष मल्ल र जीवमल्लले राखेको पशुपतिको अभिलेखमा ११ द्रम्मले दही मासु, च्यूरा किनेर पूजारी भण्डारी, गुठियारहरूले भोज खानू र अर्को ११ द्रम्मले पूजारीलाई १ द्रम्म दक्षिणा दिनू, दूध, दही, घ्यू, (चढाउन) १ द्रम्मले पित्तलको पाता किनेर 'गार्वापारा' फेर्नु भन्ने उल्लेख छ ।[१२८] यताबाट पनि त्यसबेलाको मुद्राको क्रयशक्ति वा मूल्य बारेमा केही न केही थाहा पाउन सकिन्छ ।

कहिलेकाहीँ पर्ने स्थानीय संकट तथा अभावको अवस्थामा बाहेक मध्यकालमा पनि लेनदेन खासगरी सुनचाँदी, लत्ताकपडाजस्ता वस्तुका भाउमा छिमेकी बजारको असर परेकै हुन्थ्यो । भारतबाट मुद्रा नेपालमा र नेपालका मुद्रा पनि भारतीय बजारमा स्वीकार्य हुने हुनाले मौद्रिक मूल्यका साथसाथ किमति सामग्रीको भाउमा समेत समानता हुनु स्वाभाविकै हो । भोट, चीन, नेपाल र भारतबीच व्यापारिक लेनदेन नेपालकै माध्यमबाट हुने हुनाले पनि नेपालले बाह्य बजारलाई पटक्कै ध्यान नदिई उत्तर-दक्षिणमा आफ्नो व्यापार विस्तार गर्न सम्भव थिएन । अनिकाल, युद्ध, नाकाबन्दीजस्ता संकटका बेलामा भने पूर्वमध्यकालमा जस्तै पछिल्लाकालमा पनि उपत्यकाको स्थानीय बजारमा सामग्रीको अभाव हुन गई भाउ वृद्धि हुने गर्दथ्यो ।

मध्यकालको उत्तरार्द्धताकाको बजारभाउलाई प्रकाश पार्ने सामग्रीमा तुलनात्मक दृष्टिले धेरै उपयोगीमल्लकालमा भएको ठूल्ठूला निर्माणकार्य, विवाह ब्रतबन्ध, राजाहरूका देशविदेश यात्रा आदिका अवसरमा आम्दानी र खर्च टिपिएका टिपोट रूपका धर:पौहरू, दोलखा भेकमा पाइएका आर्थिक लेनदेनसम्बन्धी चिठीपत्रहरू, ठिमीमा (चन्द्रमान जोशीको संग्रहका) प्राप्त मुद्रा र बजारभाउका विषयका ठ्यासफू भक्तपुर दरबारकामल्लकालिक सामग्रीको मूल्यसहितको सूचीयुक्त कोशी तोषाखानाबाट प्राप्त बृहद टिपोटको पुस्तिका आदि पर्दछन् । यिनै स्रोतमा उल्लिखित बजारभाउका आधारमा यहाँ मध्यकालको उत्तरार्द्धको बजार भाउको स्थितिको अवलोकन गरिन्छ ।

बजारभाउका बारेमा जानकारी दिने स्रोतको अभाव भए तापनि उत्तरार्द्धताकाका विषयमा जानकारी दिने स्रोतहरू भने प्रशस्तै पाइएका छन् ।

मध्यकालको पूर्वार्द्धको बजारभाउको केही चर्चा गोपालवंशावली तथा १।२ अभिलेखिक स्रोतमा पाइन्छ । पूर्वमध्यकालका राजा अरिमल्लदेवको शासनकाल (अं.ने.सं. ३२१-३३६) मा अनिकाल पर्दा भाउ बढेर १ द्रम्मले २ कुरुवा मात्र चामल पाइने भयो भन्ने चर्चा गोपालराजवंशावलीमा परेको छ ।[१२१] यस आधारबाट त्यसबेला १ द्रम्मको २ कुरुवा चामलको भाउ अत्यन्त महङ्गो हुँदाको अवस्थामा मात्र कायम हुन पुगेको देखिन्छ । यसभन्दा १५।२० वर्षपछि अर्थात् ने.सं. ३५२ को एउटा स्रोतमा पनि ठूलो अनिकालको कारण चामल १ द्रम्मले २ कुरुवा, नूनतेल १ द्रम्मले १ पल, सुन १ पलको पौने ३ द्रम्म, १ कर्ष चाँदी (१/४ तोला) को २० द्रम्मको भाउ कायम हुन पुगेको उक्त महङ्गो भाउ त्यस वर्षभरि नै कायम भएको चर्चा गोपालराजवंशावलीमा छ ।[१२२] यसैगरी ने.सं. ४६६ मा माहमारी फैलँदा पनि भाउ बढेर १ द्रम्मले १ पाथी चामलमात्र आउने भएको चर्चा उक्त वंशावलीमा छ ।[१२३] यस्तै किसिमले ने.सं. ४६६ मा आन्तरिक युद्ध र संघर्षका कारण बजारभाउमा वृद्धि हुँदा र आर्थिक नाकाबन्दी हुँदा पनि १ द्रम्मले ४ माना चामल (२ कुरुवा) पनि नपाउने र लत्ताकपडाको अभाव भएर साँगा प्रदेशका आईमाईहरूले जिउमा लाउने लुगासमेत नपाउने अवस्था आएको चर्चा छ ।[१२४] यसरी देशमा झैँझगडा, युद्ध आदिका कारण अशान्ति फैलिएका समयमा बजारमा दैनिक उपभोगका सामानको अभाव हुन्थ्यो र बजारभाउमा पनि बेथिति हुन्थ्यो । शत्रुपक्षले नाकाबन्दी वा एकाधिकार फैलाइदिँदा सारा राज्यमा हाहाकार फैलन्थ्यो । यहाँ उल्लिखित ने.सं. ४६६ को यो घटना पनि यस्तै प्रकृतिको थियो । यस्तै अवस्था ने.सं. ५०४ (वि.सं. १४४१) मा पनि एकपल्ट घटेको थियो, जसको फलस्वरूप उपत्यकाबासी जनताले १० कुरुवा चामल समेत किन्न नसक्ने अवस्था सिर्जिएको र त्यसबेला चामललगायत कपडा, नून, सुन, चाँदी आदि सबैको मनपरी भाउमा मात्र तिरहुँते व्यापारीहरूले आपूर्ति गरेको चर्चा गोपालवंशावलीमा स्पष्टै परेको छ ।[१२५]

यहाँ उल्लिखित बजारभाउ पूर्वमध्यकालको बजारको भए तापनि अनिकाल, महामारी, आक्रमण-प्रत्याक्रमणजस्ता घटना घटेका बखतको बजारभाउको मात्र प्रतिनिधित्व यसले गरेको छ । यस कालको साधारण अवस्थाको भाउका विषयमा भने जानकारी पाइँदैन । पूजा-आजा, गुठी आदिका निमित्त छुट्याइएको रकम, ज्यालामजदूरी, निर्माण खर्च आदिका यदाकदा उल्लेखका आधारमा मात्र मुद्राको क्रयशक्ति वा मूल्य (value) कुन रूपको थियो भनेर अनुमानसम्म गर्न सकिन्छ । ज्याला मजदूरीको प्रसंगमा यस

विषयमा केही चर्चा माथि नै 'श्रम शक्ति तथा पेशेवर वर्ग' अन्तर्गत गरिसकियो । यस्तै १/२ अभिलेखिक स्रोतमा परेका सांकेतिक उदाहरणलाई यहाँ प्रस्तुत गरिन्छ ।

ने.सं. ४७७ (वि.सं. १४१४) को पाटन पिम्वहालको अभिलेखमा चैत्यरङ्ग, भट्टारक भन्ने देवताको वार्षिक पूजाको खर्चका निमित्त ३ द्रम्म र ३ कर्षाङ्क (३ कर्ष द्रम्म=सुका बराबरका द्रम्म ३) चढाएको चर्चा छ ।[१२६] यस आधारबाट मुद्राको क्रयशक्ति वा मूल्य तुलनात्मक रूपमा धेरै थियो भन्न सकिन्छ । यसभन्दा १८५ वर्ष पहिलेको एउटा अभिलेखमा (ने.सं. २९२ को) एउटा पौवाको छाना हाल्न ४ द्रम्म शिवका अर्थात् १ रूप्यद्रम्म दान दिएको चर्चा छ ।[१२७] यसैगरी ने.सं. ५६१ (वि.सं. १४९८) मा यक्ष मल्ल र जीवमल्लले राखेको पशुपतिको अभिलेखमा ११ द्रम्मले दही मासु, च्यूरा किनेर पूजारी भण्डारी, गुठियारहरूले भोज खानू र अर्को ११ द्रम्मले पूजारीलाई १ द्रम्म दक्षिणा दिनू, दूध, दही, घ्यू, (चढाउन) १ द्रम्मले पित्तलको पाता किनेर 'गार्वापारा' फेर्नु भन्ने उल्लेख छ ।[१२८] यताबाट पनि त्यसबेलाको मुद्राको क्रयशक्ति वा मूल्य बारेमा केही न केही थाहा पाउन सकिन्छ ।

कहिलेकाहीँ पर्ने स्थानीय संकट तथा अभावको अवस्थामा बाहेक मध्यकालमा पनि लेनदेन खासगरी सुनचाँदी, लत्ताकपडाजस्ता वस्तुका भाउमा छिमेकी बजारको असर परेकै हुन्थ्यो । भारतबाट मुद्रा नेपालमा र नेपालका मुद्रा पनि भारतीय बजारमा स्वीकार्य हुने हुनाले मौद्रिक मूल्यका साथसाथ किमति सामग्रीको भाउमा समेत समानता हुनु स्वाभाविकै हो । भोट, चीन, नेपाल र भारतबीच व्यापारिक लेनदेन नेपालकै माध्यमबाट हुने हुनाले पनि नेपालले बाह्य बजारलाई पटक्कै ध्यान नदिई उत्तर-दक्षिणमा आफ्नो व्यापार विस्तार गर्न सम्भव थिएन । अनिकाल, युद्ध, नाकाबन्दीजस्ता संकटका बेलामा भने पूर्वमध्यकालमा जस्तै पछिल्लाकालमा पनि उपत्यकाको स्थानीय बजारमा सामग्रीको अभाव हुन गई भाउ वृद्धि हुने गर्दथ्यो ।

मध्यकालको उत्तरार्द्धताकाको बजारभाउलाई प्रकाश पार्ने सामग्रीमा तुलनात्मक दृष्टिले धेरै उपयोगीमल्लकालमा भएको ठूलठूला निर्माणकार्य, विवाह ब्रतबन्ध, राजाहरूका देशविदेश यात्रा आदिका अवसरमा आम्दानी र खर्च टिपिएका टिपोट रूपका धर:पौहरू, दोलखा भेकमा पाइएका आर्थिक लेनदेनसम्बन्धी चिठीपत्रहरू, ठिमीमा (चन्द्रमान जोशीको संग्रहका) प्राप्त मुद्रा र बजारभाउका विषयका ठ्यासफू भक्तपुर दरबारकामल्लकालिक सामग्रीको मूल्यसहितको सूचीयुक्त कोशी, तोषाखानाबाट प्राप्त बृहद टिपोटको पुस्तिका आदि पर्दछन् । यिनै स्रोतमा उल्लिखित बजारभाउका आधारमा यहाँ मध्यकालको उत्तरार्द्धको बजार भाउको स्थितिको अवलोकन गरिन्छ ।

ठिमीको ठ्यासफूमा ने.सं. ८५० (वि.सं. १७८६) देखि एकीकरण भन्दापछि सम्मको खासगरी बजारलाई प्रतिनिधित्व गर्ने वस्तु चामल, नून, तेल र कपास आदिको भाउ दिइएको छ । धर:पौका स्रोतबाट ने.सं. ८०० ताकादेखिकै अनेक वस्तुको भाउबारे जानकारी पाइएको छ । दोलखा भेकका चिठ्ठीपत्रबाट पनि ने.सं. ८३७/३८ देखिको वाज, कमारा-कमारी, बँदेल, घोडा, बोका, नून, तेल आदिको बजारभाउबारे जानकारी पाइन्छ । भक्तपुर दरबारको सामग्री सूचीबाट सुनचाँदी, मोती, मुगाजस्ता बहुमूल्य वस्तुलगायत उच्च-कोटीका जातजातका वस्त्रहरू, मरमसलासँग सम्बन्धित वस्तुलगायत देश-विदेशका सजाउने, लगाउने, धार्मिक कार्यका तथा सामरिक हतियार आदि वस्तुहरूको समेत मूल्यांकन गरिएको पाइन्छ ।[१२९]

जितामित्रमल्लको धर:पौमा निम्न वस्तुको बजारभाउ निम्न रूपमा दिइएको छ । यस विवरणमा ने.सं. ८०० देखि ८२० सम्मको बजारभाउ टिपिएको देखिन्छ ।

कस्ति	१ पाउको	५ दाम
घ्यू	२ पाउको	१५दाम (१ पाउ ७ १/२ दाम)
कपूर	१ तोलाको	२० दाम
खैरो तिल	७ पाथीको	१ मोहर टंका
साधारण तिल	३ कुरुवाको	१३ दाम (प्रति कुरुवा ४.३ दाम)
श्रीखण्ड	१ पाउको	२ सुका १५ दाम
तेल	१ कुरुवाको	२८ दाम
फुल (कुखुराको)	१७२ गोटाको	१७२ (१ दाम प्रतिफुल)
हाँस	२ गोटाको	८ दाम (४ दाम प्रतिहाँस)
बोका	४ गोटाको	८ मोहर टंका (एउटाको २ मोहर)
राँगो	१ गोटाको	९ मोहर टंका
माटाको अंखोरा	२ गोटाको	१ दाम (एउटाको १/२ दाम)
माटाको सानु घैंटो (गाग्रो)	३१ गोटाको	३१ दाम (एउटाको १ दाम)
माटाको घ्याला (सानो घैंटा?)	२७ गोटाको	६ दाम
माटाको पानस	२ गोटाको	२४ दाम (एउटाको १२ दाम)
माटाको पाला	२ भारीको	४ दाम (एकभारीको २ दाम)

कहिलेकांहीं स्थानाभेदले एकै समयमा एकै वस्तुको भाउमा साधारण हेरफेर पनि हुन्थ्यो । जस्तो भक्तपुरमा ९ मोहरमा एक राँगो पाइँदा बोडेमा १० मोहर र काठमाडौँमा ८ मोहर परेको पनि धर:पौमा उल्लिखित छ । जितामित्र मल्लको धर:पौमा एक फुलको १ दाम परेको थियो भनेर भर्खरै उल्लेख गरियो । पछि जितामित्रका नाति रणजितमल्लको विवाहको धर:पौमा भने एउटा

फुललाई १/२ दाम मात्र तिरेको चर्चा छ । त्यसैगरी यस धरःपौमा अरू केही सामानको निमित्त तिरेको मूल्य निम्नबमोजिम दिइएको छ ।

पान	गोटा (९४?) को	६० दाम
घिरौँला	२ भारीको	१६ दाम (प्रतिभारी ८ दाम)
सुन्तला	२१० गोटाको	५२ दाम (१ दामको २ गोटा सुन्तला)
रेसमी सारी	१ थानको	१५ मोहर
सुँगुर	१ गोटाको	५ मोहर
इँटा	६०० गोटाको	२ मोहर

ठिमीको ठ्यासफूमा ने.सं. ८५० (वि.सं. १७८६) मा टिपिएको बजारभाउ निम्न क्रमोजिम छ[१३०]

चामल	१ मोहरको	१७ पाथी
नून	१ मोहरको	१ पाथी
तेल	१ मोहरको	१ पाथी
कपास	१ मोहरको	१ पल

त्यसै ठ्यासफूको १० वर्षपछिको ने.सं ८६० (वि.सं. १७९६) को विवरणमा भाउ केही बढेको देखिन्छ । जस्तै:

चामल	मोहरको	१६ पाथी
कपास	मोहरको	४ पल[१३१]

यसैगरी फेरि १० वर्षपछि अर्थात् वि.सं. १८०६ मा १ मोहरले १५ पाथीमात्र चामल पाउने भएको देखिन्छ ।[१३२] यो भाउ क्रमशः बढ्दै ने.सं. ८७६ (वि.सं. १८१२) मा निम्न रूपमा कायम हुन पुगेको देखिन्छ ।[१३३]

चामल	१ मोहरको	३ पाथी
कपास	१ मोहरको	१ पल
च्यूरा	१ मोहरको	३ पाथी
मासु	१ मोहरको	१ पाथी

यसरी भाउ बढ्नाको मुख्य कारणमा गोरखालीहरूले नुवाकोट विजय गरी आर्थिक नाकाबन्दीको क्रम बढाउनु नै थियो । यस विषयमा भक्तपुरमा ने.सं. ८८३ (वि.सं. १८१९) मा लेखिएको रामायणको वाक्यले प्रमान पुष्टि गर्दछ जसमा लेखिएको विवरणको अनुवाद निम्नबमोजिम हुन्छ :

"रामायण कथा लेखेको वर्षमा भक्तपुरका रणजितमल्ल राजा भएका बखत गोरखाका पृथ्वीनारायण राजाले नेपाल (काठमाडौं उपत्यका) बाहेक समस्त

राज्यको सीमा छेकेको हुनाले कपास र नून अलिकति पनि नभएर (नआएर) नेपाल (उपत्यका) मा १ मोहरको अस्ता २ नून भएर कसैले पनि खान पाएनन् । यस्तो भएकोले खुर्सानी १ दामको ६/७ गोटा (ढिँडी) मात्र पनि पाउन सकिएन । देख्ने मात्र पनि पाइएन । फेरि कपास भने १ मोहरको १ तोला (पाउ) भएर समस्त जनताको लुगा फाटेका थिए । फेरि अरू वस्तुपनि केही पनि आउन दिइएन । यस्तो बेलामा लेखिएको हो । सधैं शुभ होस्"[१३४]

यस किसिमले नाकाबन्दीले गर्दा भाउ चर्किएर र सामानको अभाव भएर उपत्यकावासीलाई अत्यन्त समस्या उत्पन्न भएको भए तापनि नुवाकोट भने पृथ्वीनारायणको कब्जामा भएकोले त्यस्तो अवस्थाको सामना गर्नु नपरेको अर्थात् त्यहाँको बजारभाउ सस्तो भएको कुरा नुवाकोटमा प्राप्त एक वंशावलीमा उल्लिखित छ ।[१३५] यस स्रोतमा अन्न १ रूपैयाँको ६४ पाथी (मोहरको ३२ पाथी) केराउ १ रु.को ८० पाथीले भाउ कायम रहेको उल्लेख पाइएको छ ।

नाकाबन्दीले चर्किएको भाउ र अभावग्रस्त अवस्थामा पृथ्वीनारायण शाहले उपत्यका विजय गरेपछि क्रमशः कम हुँदै गयो । वि.सं. १८२६ मंसिरमा २ मोहरको २० पाथी धान (१ मोहरको ५ पाथी चामल), ज्येष्ठ महिनामा २२ पाथी धान (१ मोहरको ५ १/२ पाथी चामल), १८२७ जेष्ठमा ३० पाथी धान (मोहरको ७ १/२) चामल), १८२८ साल मंसिरमा ४० पाथी धान (मोहरको १० पाथी चामल) र १८२९ मंसिरमा आइपुग्दा ५६ पाथी धान (मोहरको १४ पाथी) चामलको दर कायम हुन पुगेको देखिन्छ । जुन नाकाबन्दी सुरु हुनु अघिको अर्थात् वि.सं. १७८६ को माथि उल्लिखित भाउभन्दा थोरै मात्र महँगो देखिन्छ । यसरी नाकाबन्दी हुँदा ३ मोहरको पाथी पुगेको चामलको भाउ नाकाबन्दी फुक्का भएर सबै घाँटीहरू खुलेपछि फेरि मोहरको १४ पाथीसम्म पाउने भएकोले सम्पूर्ण बजार भाउमा पनि यसरी नै कमी आई सस्तो भएको थियो भन्न सकिन्छ ।

दोलखाका सामग्रीमा ने.सं. ८३७/३८ ताका राजा महीन्द्र सिंह (भाष्कर मल्ल) ले दोलखा भेकबाट बाज झिकाउँदा बाजको मूल्य ६०० मोहरसम्म परेको र त्यसको सट्टामा बाज पठाउने माधव उपाध्याय भन्नेलाई उक्त मूल्य बराबरको बाँझो खेत (पूर्ति) दिएको कुराको उल्लेख छ ।[१३६] यस्तै किसिमले ९ मोहर रकम ऋण लिंदा त्यसलाई खाम्ने सामान धरौटी राख्ने क्रममा एउटा दासको छोरो केटो (सायद १०/१२ वर्षको) राखिएको छ ।[१३७] यताबाट दासको मूल्यका बारेमा अनुमान गर्न सकिन्छ । त्यस्तै गरी यसै समयताकाको (जगज्जय मल्लका शासनकालको) एउटा कागजमा एउटा बँदेलको ३० मोहरसम्म तिर्न पनि स्वीकृति दिइएको देखिन्छ ।[१३८] यसैगरी ने.सं. ८५०

ताकाको एक पत्रमा घोडाको मूल्य ५० मोहरदेखि ९५ सम्म परेको चर्चा छ।[१३९] दोलखाकै ने.सं. ८५९ (वि.सं. १७९६) को एक पत्रमा २ गोटा बोकाको २ मोहर (प्रतिबोका १ मोहर), तेल मानाको ९ दाम (अर्थात् पाथीको ७२ दाम, १ सुका र १ मोहर), नून ९. ट्वाक्को ८ दाम परेको चर्चा छ।[१४०] यस स्रोतमा उल्लिखित तेलको भाउ ने.सं. ८५० को उपत्यकाको तेलको भाउ भन्दा झण्डै आधा सस्तो देखिन्छ। किनकि ने.सं. ८५० मा टिपिएको ठिमीको ठ्यासफूमा तेलको भाउ १ मोहरको १ पाथी दिइएको छ। ९ वर्ष पछिको त्यस पत्रमा दोलखामा ७२ दाम अर्थात् १ सुका र ८ दाम मात्रले १ पाथी किनेको चर्चाले यो कुरा सिद्ध हुन्छ। यस आधारबाट सुनचाँदीजस्ता वस्तुबाहेक अन्य वस्तुमा स्थानाभेदले पनि भाउमा फरक हुन्थ्यो भन्ने बुझिन्छ। उपत्यकाभन्दा बाहिर स्थानीय उत्पादनका वस्तुको भाउ उपत्यकाभन्दा कम हुनु स्वाभाविकै हो।

अब यहाँ मध्यकालको सुनचाँदी, अन्य धातुका साथै बहुमूल्य मुगा, पत्थर, आदिको दरभाउका विषयमा पनि अलिकति दृष्टि दिनुपरेको छ। यस्ता वस्तुमा तिनताका हिजोआज जस्तो भाउमा छिटोछिटो वृद्धि हुँदैनथ्यो। सुनको लगभग ८ रूपैयाँदेखि १२-१३ रूपैयाँसम्म प्रतितोलाको बजारभाउ मध्यकालभर कायम रहेको देखिन्छ। सुनको भाउमा पछि वि.सं. १९१०-१५ ताकासम्म पनि खास वृद्धि भइसकेको देखिँदैन। तिनताका सुनका असर्फी (१ तोलाको डबल) को मोल रु २४।- र असल सुन प्रति तोला रु. २०।- भएको कुरा तात्कालिक कागजपत्रमा देखिन्छ।[१४१] नेपाली टक्सारले सुन लिँदा प्रतितोला रु. ८।- का दरले लिने र टकमरी गरेका नेपाली असर्फी भने प्रतितोला रु. १४।- का हिसाबले बिक्री गर्ने परम्परा भएको कुरा पृथ्वीनारायण शाहले उपत्यका विजय गरेको २ दशकजति मात्रपछि नेपालको अध्ययनमा आउने कर्कप्याट्रिकले उल्लेख गरेका छन्।[१४२] भक्तपुर दरबारका सामग्रीको वि.सं. १९२६ मा भएको सूचीकरण र मूल्यांकन हुँदा सुनको भाउ निम्न रूपमा दिइएको छ। यसले पछिल्लो मध्यकालको भाउको पनि अवश्य प्रतिनिधित्व गर्दछ।[१४३]

वुकि सुन	प्रतितोला	११ रु. २ सुका
सेतो वुकि सुन	प्रतितोला	१० रु. १ सुका
सुन	प्रतितोला	१० रु. ३ सुका
सुन (जेठो)	प्रतितोला	१२ रु.
पकाएको सुन	प्रतितोला	१२ रु. २ सुका

मध्यकालमा चाँदीको भाउ साधारणतया २ मोहरको १ तोलाको हिसाबमा मान्यता दिइन्थ्यो तापनि स्रोत सामग्रीहरूमा १ तोलाको २ मोहर वा १ डबल टंकाभन्दा थोरै कमको हिसाबमा लेनदेन गरिने परिपाटी भएको उल्लेख पनि पाइन्छ। जस्तो भक्तपुर दरबारको सामग्री सूचीमा उल्लिखित एक-दुइ उदाहरण

यहाँ पेश गर्न सकिन्छ । त्यहाँ २ तोला ५ मासा सुनको २३ रूपैयाँ, ३७ तोला ११ मासाको ३३ रूपैयाँ, १४० तोलाको १२६ रूपैयाँ मूल्याङ्कन गरेको देखिन्छ ।[१४४] यसैगरी कुनैकुनै सामानको हिसावमा १ तोलाको १ रूपैयाँको हिसाव राखिएको पनि देखिन्छ । जस्तो १ ठाउँमा ३१८ तोलाको चाँदीको पानसको भाउ ३१८ र २१४ तोलाको चाँदीको हुक्काको पनि भाउ २१४ नै गरिएको देखिन्छ ।[१४५] त्यसैले चाँदीको गुणको आधारमा भाउमा साधारण फरक भएको हो भन्न सकिन्छ । यी १/२ उल्लेख उदाहरणका निमित्त दिइएको मात्र हो चाँदीका विविध सामग्रीको उल्लेख उक्त सूचीमा धेरै नै पाइन्छ । यसैगरी मोति १ दानाको ३ रूपैयाँ २ सुका, मुगा प्रतितोला ६ रूपैयाँको दर कायम भएको पनि जानकारी यसै स्रोतबाट मिल्दछ ।

उपर्युक्त बाहेक हिजोआजसम्म निरन्तर रूपमा उपयोग र उपभोग गरिने केही वस्तुका तात्कालिक दरभाउको पनि यहाँ उल्लेख गर्न वाञ्छनीय हुनेछ । जसको तात्कालिक भाउसहित उल्लेख भक्तपुर दरबारको सामग्री सूचीमा परेको छ ।[१४६]

सामान भाउः		
बदाम	प्रतिधार्नी	रु. १० र २ सुका
ल्वाङ्	८३ तोलाको	रु. १२ र २ सुका
श्रीखण्ड	प्रतिधार्नी	रु. १० र २ सुका
मरिच	प्रतिधार्नी	रु. ४ र २ सुका
ठूलो खुकुरी	१ गोटाको	रु. ३
हरिमुष्ठया खुकुरी	१ गोटाको	रु. १
पारो	प्रतितोला	रु. १ र १ सुका
ठूलो हलवि ऐना	प्रतिगोटा	रु. २०० सम्म
हात्ती दाँत	प्रतिधार्नी	रु. ६ (५१ धार्नी तौल भएको ७ गोटाको रु. ३०६.००)
तामाको गाग्री	प्रति १ को	रु. ३
रेसमी सारी	प्रति १ को	रु. २
छिपावालछिटको फरिया	प्रति १ को	रु. ३
पित्तल	प्रतिधार्नी	रु. ३
काँसा	प्रतिधार्नी	रु. २
तामा	प्रतिधार्नी	रु. ३[१५६]
४ नाले नेपाली बन्दूक	प्रतिगोटा	रु. १२ सम्म
१ मुखे रुद्राक्ष	प्रतिगोटा	रु. १
ठूलो सिरक	प्रतिगोटा	रु. २
सेता धोती	प्रति ५ को	रु. २
रेसमी धोती	प्रतिगोटा	रु. ४

पाँगा	प्रतिगोटा	रु. १
पाखी	प्रतिगोटा	रु. २ सम्म
शङ्ख (जडाउ नभएको साधा)	प्रति १ को	रु. १ (३ थानको रु. ३)
राडी	प्रतिगोटा	रु. १ (२ थानको रु. २)

यसरी मध्यकालको बजारभाउको मोटामोटी लेखाजोखा गर्ने आधार अध्येताहरूलाई राम्रैसँग मिलेको छ । तात्कालिक बजारभाउलाई वर्तमान बजारभाउसँग तुलना गर्ने कोरा हिसाब मात्र हुनु उचित हुँदैन । कतिपय वस्तु अहिलेको हिसाबमा सस्तो देखिए तापनि त्यसबेलाको स्थिति तथा लेनदेनका दृष्टिले महङ्गो पनि देखिने हुन्छन् । वि.सं. १८२०-२५ ताका एउटा पाखीलाई २ रूपैयाँ मूल्य पर्नु भनेको आजको हिसाबमा सस्तो देखिए तापनि त्यसबेलाको मौद्रिक स्थितिका हिसाबले कम महङ्गो हुँदैन, किनभने एउटा पाखीको २ रु. पर्दा १ तोला सुनको मात्र १०-१२ रूपैयाँको बजारभाउ कायम हुँदा र सुनको तुलनामा हेर्दा पाखीको मोललाई सस्तो कसरी भन्ने ? त्यस्तै गरी ठूलो खुकुरी एउटालाई रु. ३ पर्नाले १ तोला सुनको ४ गोटा मात्र खुकुरी आउने हुन्छ । त्यसैले खुकुरीलाई पनि कसरी सस्तो भन्ने ? ऐनालगायत कतिपय वस्तुका भाउ तिनताकाको तुलनामा आज सस्तो छ भन्दैमा त्यसबेलाको बजारमा अत्यन्त महङ्गो थियो भन्न मिल्दैन, किनभने जुन सामान आज सुलभ, कम परिश्रम र लागतले धेरै मात्रामा उत्पादन हुन्छ त्यही सामान तिनताका भर्खरै मात्र बजारमा आउन थालेको र उत्पादन कम र लागत धेरै हुने हुनसक्छ । त्यस अवस्थामा बढी मूल्य हुनु स्वभाविक हुन्छ नै ।

तात्कालिक कागजपत्रमा उल्लिखित कतिपय वस्तुको मूल्यलाई हेर्दा यस्तो सोचाइ सजिलै निस्कन्छ । काँचका भाँडावर्तनमा पनि त्यसबेलाको तुलनामा हिजोआज कम मूल्य पर्ने देखिन्छ । उत्पादन लागत, ढुवानी खर्च र अन्तर्राष्ट्रिय बजारको भाउलाई त्यसबेलाको अवस्थामा त्यही मूल्य महङ्गो नभै उचित मूल्य भएको र आजको कम मूल्य अझ महङ्गोसमेत ठहर्न सक्दछ ।

टिप्पणी

१. रमेश ढुङ्गेल, "भारतीय आहत मुद्राको प्राप्ति इतिहासमा नयाँ आयाम", *गरिमा*, वर्ष १, अंक २ (२०३९ माघ), पृ. ४५-५१ ।
२. रमेश ढुङ्गेल, *प्राचीन अर्थव्यवस्था*, काठमाडौं: शारदाप्रसाद उपाध्याय ढुङ्गेल, वि.सं. २०४३, पृ. २१९-२२६ ।
३. कुलभर र शाक्य, *डकुमेन्ट्स फ्रम् द रुद्रवर्ण-महाविहार, पाटन*, जर्मनी स्यांक्ट अगस्टीन, भि.जि.एच.डब्ल्यू., १९८५, पृ. ८५ ।
४. *गोपालराजवंशावली*, पत्र संख्या २४ ।

५. ढुङ्गेल, *पूर्ववत्* संख्या २, पृ. २१९-२२६ ।
६. *त्यही* ।
७. *त्यही* ।
८. *त्यही*, पृ. २२३-२२४ ।
९. कुल्भर र शाक्य, *पूर्ववत्* संख्या ३, पृ. ८५ ।
१०. *गोपालराजवंशावली* पत्र संख्या २४ ।
११. ढुङ्गेल, *पूर्ववत्* संख्या २, पृ. २१९-२६ ।
१२. धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ, *दोलखाको ऐतिहासिक रूपरेखा*, पृ. १३३ ।
१३. लुसियानो पेटेक, *मेडिएवल हिष्ट्री अफ् नेपाल*, रोमः आइ.एस.एम.इ.ओ., १९५८, पृ. १७८ ।
१४. कुल्भर र शाक्य, *पूर्ववत्* संख्या ३, पृ. ८५ ।
१५. भि.एस. आप्टे, *दि स्टुडेण्ट्स संस्कृत इङ्ग्लिश डिक्शनरी*, दिल्लीः मोतीलाल बनारसीदास, १९८६, पृ. १३७, ३२६ ।
१६. कुल्भर र शाक्य, *पूर्ववत्* संख्या ३, पृ. ८५ ।
१७. ढुङ्गेल, *पूर्ववत्* संख्या ३, पृ. २२३-२४ ।
१८. *त्यही* ।
१९. विलियम कर्कप्याट्रिक, *आन् एकाउण्ट् अफ् द किङ्गडम् अफ् नेपौल्*, लण्डनः ई. १९१८, पृ. ६२ ।
२०. एन. जि. रोड्स् एण्ड भाल्देत्तारो, "क्वाइन्स अफ मेडिएवल नेपाल", *न्यूमिस्मेटिक क्रोनिकल*, भोल १६, (ई. १९७६), १५८-१६७ ।
२१. ढुङ्गेल, *पूर्ववत्*, संख्या २ पृ. २२४, चित्रफलक संख्या १६ ।
२२. *गोपालराजवंशावली*, पत्र २६ ।
२३. धनवज्र वज्राचार्य, "मध्यकालिक नेपालका प्रख्यात राजा शिवदेव", *कन्ट्रिब्यूसन्स् टू नेपलिज स्टडिज*, भोल ८, नं. १, पृ. २१६ ।
२४. ढुङ्गेल, *पूर्ववत्* संख्या २, पृ. २२३, २२४ संख्या ३ को मुद्रा ।
२५. वज्राचार्य, *पूर्ववत्* संख्या २३, पृ. २१५ ।
२६. संस्कृत सन्देश, १०-१२, पृ. १२ । डि.आर. रेग्मी, *मेडिएवल नेपाल-१*, कलकत्ता, के.एल. मुखोपाध्याय, पृ. ५३० ।
२७. वज्राचार्य, *पूर्ववत्* संख्या २३, पृ. २०६-२२३ ।
२८. डि.राइट, *हिष्ट्री अफ नेपाल*, पृ. १३७-३८ ।
२९. रमेश ढुङ्गेल, "नोट्स अन् सम् मेडिएवल् क्वाइन्स् अफ् नेपाल", *रोलम्वाः३*, पृ. ३४-३५, ७६-११२ ।
३०. ढुङ्गेल, *पूर्ववत्* संख्या २, पृ. ७६-८२, ८६-९४ ।
३१. मुगल शासकका मुद्राका निमित्त पि.एल. गुप्ता, *इण्डिया द ल्याण्ड् एण्ड् पिपुलः क्वाइन्स*, दिल्लीः नेशनल बुक ट्रष्ट, ई. १९६९, पृ. २०५, २१० तथा मुद्रा चित्र संख्या २२१, २२६, २६९ आदि हेर्नुहोस् । इन्द्रसिंहदेवको मुद्राको चित्रका निमित्त नेशनल म्युजियम छाउनी मुद्रा संकलन विभागमा तथा कोलिन आर.व्रुस तथा अन्य (सं.), *दि स्ट्याण्डर्ड गाईड् टू साउथ् एशियन क्वाइन्स एण्ड पेपर मनी*, विस्कन्सीनः काउस पब्लिकेसन्स, पृ. २६५ हेर्नुहोस् ।
३२. गुप्ता, *पूर्ववत्* संख्या २८, पृ. १०८, १२० आदि ।

३३. सत्यमोहन जोशी, *नेपाली राष्ट्रिय मुद्रा* दोस्रो संस्करण, पृ. ६२।
३४. *त्यही,* पृ. ६२-६३।
३५. गुप्ता, *पूर्ववत्* संख्या ३१, पृ. २०४-२७, मुद्रा संख्या- २१५, २१७, २२३-२२५, २२७, २३२, २२८, २३०, २४०, २४५ आदि।
३६. इ. एच.वाल्स, *दि क्वाइन्स् अफ् नेपाल,* वाराणसी (दिल्ली: इण्डोलोजिकल बुक हाउस, ई. १९७३, पृ. १९। जोशी, *पूर्ववत्,* संख्या ३३ पृ. ६५।
३७. व्रुस र अन्य, *पूर्ववत्* संख्या ३१, पृ. ३६५।
३८. जोशी, *पूर्ववत्* संख्या ३३, पृ. ६१-६४।
३९. अलेक्ज्याण्डर कनिङ्घम, *क्वाइन्स् अफ् एन्सन्ट् इण्डिया,* पृ. २।
४०. वाल्स, *पूर्ववत्* संख्या २६, पृ. ५४-७०।
४१. *त्यही,* पृ. ५६।
४२. जोशी, *पूर्ववत्* संख्या ३३ पृ. ७०-७१।
४३. व्रुस र अन्य, *पूर्ववत्* संख्या ३१, पृ. ३६५।
४४. गुप्ता, *पूर्ववत्* संख्या ३१। पृ. २०५, २०८, २११ र मुद्रा संख्या २२६, २५२, २५३, २८४ आदि।
४५. व्रुस र अन्य, *पूर्ववत्* संख्या *३१,* पृ. ३६५।
४६. *त्यही,* पृ. ३६२, ३६५।
४७. वाल्स, *पूर्ववत्* संख्या ३६, पृ. ५६ मुद्रा संख्या १०।
४८. व्रुस र अन्य, *पूर्ववत्* संख्या ३१, पृ. ३६९।
४९. *त्यही,* पृ. ३६३।
५०. *त्यही,* पृ. ३६४-६५।
५१. *त्यही*।
५२. *त्यही*।
५३. *त्यही*।
५४. जोशी, *पूर्ववत्* संख्या ३३, पृ. ६४ र जगदीशचन्द्र रेग्मी, (सं.), *मल्ल क्वाइन्स,* काठमाडौं: नेपाल एन्टिक्वेरी अफिस, ई. १९८२, पृ. १६७।
५५. वाल्स, *पूर्ववत्* संख्या ३६, पृ. २५।
५६. *त्यही,* मुद्रा संख्या ५, ६, ११, १२, ५३ र ५४ फलक २, चित्रसंख्या ४, ८, १०, १२, फलक ५ चित्र संख्या ३, ४।
५७. *त्यही,* पृ. १८।
५८. *त्यही,* पृ. ३९-४०।
५९. श्यो भन्नाले आधा तोला भन्दा केही बढी सुन वा चाँदीको तौल बुझिन्थ्यो, दास, *टिवेटन् इङ्गिलश् डिक्सनरी,* पृ. १०७६।
६०. व्रुस र अरू, *पूर्ववत्* संख्या ३१। पृ. ३६८।
६१. कर्कप्याट्रिक, *पूर्ववत्* संख्या १९, पृ. २११।
६२. रेग्मी, *पूर्ववत्* संख्या २६।
६३. कर्कप्याट्रिक, *पूर्ववत्* संख्या १९, पृ. २११।
६४. व्रुस र अरू, *पूर्ववत्* संख्या ३१, पृ. ३६२-३६४।
६५. त्यही, *पूर्ववत्,* पृ. ३६२-३६४।
६६. *त्यही,* पृ. ३६४-६५।

६७. *त्यही,* पृ. ३६५ ।
६८. *त्यही,* पृ. ३६५ ।
६९. *त्यही,* पृ. ३६५-६८ ।
७०. *त्यही,* पृ. ३६८ ।
७१. *त्यही,* पृ. ३६८, ३७१ ।
७२. वाल्स, *पूर्ववत्* संख्या ३६, पृ. २५ ।
७३. *त्यही* ।
७४. ढुङ्गेल, *पूर्ववत्* संख्या २, चित्र फलक संख्या ७ ।
७५. ढुङ्गेल, "मौद्रिक परम्परा र केही नेपाली माटोका मुद्रा", *कन्ट्रिब्युसन्स् टू नेपलिज स्टडिज,* भोल ११ नं. २, पृ. ७८-७९ ।
७६. पूर्णदास मानन्धर, "रणजितमल्लको सिकूचा मोहर", *प्राचीन नेपाल ९१* (२०४२ माघ), पृ. १-५ ।
७७. डि. आर. रेग्मी, *मेडिएवल् नेपाल-* २ पृ. ५३३
७८. लुसियानो, पेटेक, *इटालिनी मिसनरी..* भोल २, पार्ट ४, पृ. ६९ ।
७९. *त्यही,* भोल २, पार्ट १, पृ. ९ ।
८०. सि. वासेल्स, पृ. २३२
८१. रेग्मी, *पूर्ववत्* संख्या ७७, पृ. ५३४ ।
८२. रणजित मल्लको विवाहको धरःपौं, नेपाल र एशियाली अनुसन्धान केन्द्रद्वारा संकलित ।
८३. तुलसीराम वैद्य, "ठिमीबाट प्राप्त ऐतिहासिक पत्र", *भ्वाईस् अफ् हिष्ट्री,* भोल ८, नं.१, पृ. ३१-४३ ।
८४. *त्यही,* पृ. ४४-४९ ।
८५. मोहनप्रसाद खनाल, *नेपालका केहीमल्लकालीन अभिलेख,* काठमाडौं: २०२९, पृ. २२ । मोहनप्रसाद खनाल, *अभिलेख संकलन,* काठमाडौं: साझा प्रकाशन, २०२८, पृ.३३ ।
८६. खनाल, *नेपालका केही मल्लकालीन अभिलेख,* पृ. १२-१३ ।
८७. रेग्मी, *पूर्ववत्* संख्या ५४, , पृ. ७७-७८ ।
८८. वैद्य, *पूर्ववत्* संख्या ८३, पृ. ३१-४५ ।
८९. कुल्भर र शाक्य, *पूर्ववत्* संख्या ३, पृ. १०३-१८३ ।
९०. शंकरमान राजवंशी (सं.), *भूमिसम्बन्धी तमसुक ताडपत्र-३* (ललितपुर), काठमाडौं: राष्ट्रिय अभिलेखालय ।
९१. *त्यही,* भाग २, पृ. १७ ।
९२. ललितपुरतर्फका ताडपत्रहरूमा यस्तो उल्लेख गर्ने परिपाटी बढी लोकप्रिय थियो। राजवंशी, *पूर्ववत्* संख्या ९०, पृ. २-४, ७-१२, १४, १७, १९, २१, २४-२७, ३७, ३९, ४१ आदि ।
९३. *त्यही,* २८-३० ।
९४. तुलसीसाम वैद्य र हेमराज शाक्य, *मेडिएवल नेपाल* काठमाडौं: टि.आर. वैद्य, ई. १९७०, पृ. १९ ।
९५. राजवंशी, *पूर्ववत्* संख्या ९० पृ. ४१ ।
९६. वैद्य र शाक्य, *पूर्ववत्* संख्या ३, पृ. ४८ ।
९७. कुल्भर र शाक्य, *पूर्ववत्,* पृ. १८७, सामग्री (ताडपत्र) संख्या, १०३ देखि ।
९८. *त्यही,* पृ. १९६-९८ ।

९९. *त्यही*, पृ. १८९ ।
१००. *त्यही*, पृ. १८७-२०६ ।
१०१. *त्यही*, पृ. १८८ ।
१०२. राजवंशी, *पूर्ववत्*, संख्या ९०, पृ. २४ (ने.सं. ८३३ को)।
१०३. त्यही पृ. १४ ।
१०४. धनवज्र वज्राचार्य र टेक बहादुर श्रेष्ठ, *नुवाकोटको ऐतिहासिक रूपरेखा*, काठमाडौँ: नेपाल र एशियाली अध्ययन संस्थान, २०३२, पृ. १९, ऐतिहासिक सामग्री ३ र ४ का पत्र ।
१०५. *त्यही*, पृ. ६७, सामग्री १ को पत्र ।
१०६. *त्यही*, पृ. ७०-७२, सामग्री संख्या ७-१२ ।
१०७. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्* संख्या १२, पृ. १३४ ।
१०८. *त्यही*, पृ. १४३ ।
१०९. *त्यही*, पृ. १६२ ।
११०. *त्यही*, पृ. १६४ ।
१११. वैद्य, *पूर्ववत्* संख्या ८३, पृ. २१ ।
११२. कुल्भर र शाक्य, *पूर्ववत्* संख्या ३ पृ. १८८ ।
११३. *त्यही* ।
११४. *त्यही* ।
११५. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्* संख्या १२, पृ. ६५ ।
११६. *त्यही*, ठ्यासफू संख्या ३ ।
११७. धनवज्र वज्राचार्य, *मध्यकालका अभिलेख*, नेपाल र एशियाली अनुसन्धान केन्द्रमा बुझाएको अप्रकाशित प्रतिवेदन, भक्तपुर खण्ड ।
११८. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्* संख्या १२ र सामग्री संख्या ४७ को पत्र र पृ. १६४-६५ ।
११९. *त्यही*, पृ. १६२ सामग्री संख्या ४३ ।
१२०. देवीप्रसाद लम्साल (सं.), *भाषावंशावली द्वितीय भाग*, काठमाडौँ: नेपाल राष्ट्रिय पुस्तकालय, २०२३, पृ. ४० ।
१२१. *गोपालराजवंशावली*, पत्र संख्या २५ 'ख' ।
१२२. *त्यही*, पत्र संख्या, ३९ 'ख' ।
१२३. *त्यही*, पत्र संख्या, ४६ 'क' ।
१२४. *त्यही*, पत्र संख्या अनुल्लेखित अतिरिक्त पत्र । वज्राचार्य र मल्ल (सं.), *गोपालराजवंशावली*, पृ. १२० ।
१२५. *त्यही*, पत्र संख्या ६२ 'ख' ।
१२६. वज्राचार्य, *पूर्ववत्* संख्या ११७ पहिलो खण्ड (पृ. र अ.संख्या उल्लेख नभएको ।)
१२७. रामजी तेवारी र अरू, *अभिलेख संग्रह*, दोस्रो भाग, काठमाडौँ: संशोधन मण्डल, वि.सं. २०१८, पृ. १३ ।
१२८. वज्राचार्य, *पूर्ववत्* संख्या ११७ पहिलो खण्ड ।
१२९. वैद्य, *पूर्ववत्* संख्या ८३, २२, पृ. ३१-४५ । जितामित्रमल्ल, भूपतीन्द्रमल्लका पालाका अभिलेखालयस्थित धरःपौहरू, वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्* संख्या १२, पृ. १४१, १४३, १४७, १५२, १५७-१५८ । तुलसीराम वैद्य, *पृथ्वीनारायण शाह-रणजितमल्लकालिक कागतपत्र*, काठमाडौँ: नेपाल अध्ययन संस्थान, वि.सं. २०२८ ।

१३०. वैद्य, *पूर्ववत्* संख्या ८३, २२, पृ. ३१ ।
१३१. *त्यही,* पृ. ३२ ।
१३२. *त्यही,* पृ. ३६ ।
१३३. *त्यही,* पृ. ३७ ।
१३४. वैद्य र शाक्य, *पूर्ववत्* संख्या ९४, पृ. ५० ।
१३५. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्,* संख्या १०४, पृ. १०६ ।
१३६. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्* संख्या १२, पृ. १४१ सामग्री संख्या १४ को पत्र ।
१३७. *त्यही,* पृ. १४३, सामग्री संख्या १६ को पत्र । वि.सं. १८९४ ताका भने यस्तै कटो कमारोको मोल ४० रूपैयाँ कायम भएको र सालाखाला कमाराकमारीको मूल्य रु. ५२-५५ देखिन्छ हेर्नुहोस् वज्राचार्य र श्रेष्ठ *पूर्ववत्* संख्या १०४, सामग्री संख्या ६४ को पत्र ।
१३८. *त्यही,* पृ. १४७, संख्या २४ को पत्र ।
१३९. *त्यही,* पृ. १५२, संख्या २९ को पत्र ।
१४०. *त्यही,* पृ. १५८-५९, सामग्री संख्या ३६ को पत्र ।
१४१. रमेश ढुङ्गेल, "जनरल भक्तवीर कुँवर राणाले छोराहरूलाई वि.सं. १९१२ मा गरिदिएको अंशबण्डापत्र र तात्कालिक केही आर्थिक साथै अन्य सवालहरू", *प्राचीन नेपाल,* संख्या ८६-८८, २०४१, पृ. ९ ।
१४२. कर्कप्याट्रिक, *पूर्ववत्* संख्या १९, पृ. ९६-१०० ।
१४३. वैद्य, *पूर्ववत्* संख्या १२९ ।
१४४. *त्यही,* पृ. १२२-१२३ ।
१४५. *त्यही,* पृ. १७ ।
१४६. *त्यही,* पृ. ७१ ।

परिच्छेद आठ : नापतौल व्यवस्था

नापतौलका इकाइ र साधन (भर्ने र जोख्ने)

घरजग्गा, खेतबारी आदिको नापोको परम्परा (भू–नाप)

परिच्छेद आठ
नापतौल व्यवस्था

कुनै पनि देश वा समाजको आर्थिक पक्षको अध्ययनलाई साङ्गोपाङ्ग रूप दिन त्यहाँको नापतौल व्यवस्थाको अध्ययनलाई पनि समावेश गर्नुपर्ने हुन्छ । हरेक आर्थिक कारोवारसँग नापतौल व्यवस्थाको सम्बन्ध गाँसिएको हुन्छ । आर्थिक दृष्टिले सुदृढ वा त्यस बाटोमा पाइला हालेको कुनै पनि देश वा समाजमा त्यहाँका शासकहरूले अनिवार्य रूपमा त्यहाँको नापतौल व्यवस्थालाई सुदृढ बनाउने परिपाटी चलाएका हुन्छन् । हिन्दू समाजमा पनि युगौंयुग पहिलेदेखि यस्तो परिपाटी चलिआएको छ । पुराना अनुभव, धर्मशास्त्र, नीतिशास्त्र, गणित आदिको अध्ययनबाट प्राप्त ज्ञान र आफ्नो स्थानीय चलन र आवश्यकतालाई ध्यानमा राखेर आर्थिक कारोवारलाई सरल र झमेला रहित बनाउने, व्यापार बढाउने आदि समेतका निमित्त सक्षम, सफल र सुधारक प्रवृत्तिका शासकहरूले आ-आफ्ना राज्यको नापतौल व्यवस्थामा सुधार गरी लागू गर्ने गराउने गरेका उदाहरण नेपालमा पनि पाइएका छन् । यस प्रसङ्गमा उपत्यकाका राजा स्थिति मल्ल (शासन १४३७-१४५२) र त्यसपछिका कान्तिपुरका राजा महेन्द्र मल्ल, गोरखाका राजा रामशाह आदिको नाम विशेष उल्लखनीय छन् । स्थिति मल्लभन्दा पहिले पूर्वमध्यकालका शिवदेव, आनन्ददेव आदि राजाहरूले पनि यस कालमा ध्यान दिएको संकेत मिलेको छ ।

लिच्छविकालमा पनि प्राचीन हिन्दू सभ्यतामा चलेको वा प्राचीन नीतिशास्त्र, धर्मशास्त्र आदिका आधारमा नापतौलप्रणाली व्यवस्थित गरिएको थियो । तिनताका ढकतराजूजस्ता जोख्ने तौलने साधन र कुड्व (कूरुवा), प्रस्थ (पाथी), मानिका जस्ता भर्ने साधन तथा इकाइ चलनचल्तीमा भएको जानकारी तात्कालिक अभिलेखको आधारमा बुझिएको छ ।[1]

८.१ नापतौलका इकाइ र साधन (भर्ने जोख्ने)

मध्यकालमा सुरुसुरुसम्म कुड्व, प्रस्थ र मानिका जस्ता सबै इकाइको यथावत रूपमा चलनचल्ती रहेको देखिन्छ । तात्कालिक ताडपत्र, अभिलेख तथा हस्तलिखित ग्रन्थका पुष्पिकाहरूमा यस्ता नापतौलसम्बन्धी इकाइ र

साधनहरूको उल्लेख पाइन्छ ।[२] गोपालराजवंशावलीमा पनि कहींकहीं कुड्वजस्ता मापको उल्लेख पाइन्छ ।[३] कुडवलाई कुटं, कुट वा कुड भनेर पनि उल्लेख भएको पाइन्छ । त्यसैगरी प्रस्थलाई पं पनि भनिन्थ्यो पं वा पंछिको रूपमा प्रस्थ वा पाथीको पनि उल्लेख छ ।[४] चार कुडवले १ प्रस्थ मानेर अन्न वा अन्य वस्तुको माप गर्ने (भर्ने) परम्परा प्राचीनकालदेखि मध्यकाल हुँदै अहिले पनि चलिरहेकै छ । मानिकाका विषयमा भने इतिहासकारहरूका बीच धेरै मतभेद देखिन आएको छ । अघिअघि मानिका भन्नाले मान्न भनेर नै व्याख्या गर्ने परिपाटी भए तापनि पछिपछि मानिका भन्ने इकाइ माना, पाथी, वा कुरुवा भन्दा धेरै ठूलो हुनुपर्दछ भन्ने तर्क इतिहासकारहरूले सोच्न थाले ।[५]

पाटनको एउटा अभिलेखको आधारमा १ मानिकामा १६/१७ पाथीको एक मानिका (प्राचीन १ द्रोण बराबर) हुन्थ्यो भन्ने राय यसै अन्वेषणका अन्वेषक-मध्ये एक जनाले ले केही वर्ष अगाडि प्रस्तुत गरेको थियो ।[६] पछि ने.सं. २४० को एउटा सामग्रीका आधारमा १ मानिकामा २ द्रोण अर्थात् ३२ पाथी हुन्थ्यो कि भन्ने तर्क जर्मन विद्वान् वर्नहार्ड कुल्भर र नेपाली लिपि विशेषज्ञ हेमराज शाक्यहरूले संकेत गरेका छन् ।[७]

उपर्युक्त बाहेक जोख्ने, तौलने परिपाटी पनि मध्यकालको पूर्वार्द्धमा प्राचीन परम्परा अनुरूप चलिरहेको बुझिन्छ । तिनताका सुनचाँदीका रूपैयाँपैसाको चलनचल्ती भएको र यिनको प्ल (पल) 'कर्ष' जस्ता सुनचाँदीजस्ता धात्विक नाममा पनि उल्लेख भएबाट यस कुरामा विश्वस्त हुन सकिन्छ । रति, जवजस्ता साना इकाइको पनि प्रयोग भएको पाइन्छ । मध्यकालको उत्तरार्द्ध अर्थात्मल्लकालमा नापतौलको क्षेत्रमा प्राचीन र पूर्वमध्यकालसँग अन्तर नआए पनि भारततर्फ चलन चल्तीमा आएका नयाँनयाँ पद्धतिको प्रवेश हुँदा कुडव, प्रस्थलगायत अरूअरू आढक, पलाछी, अस्त, पाख, आयताछि, कुल आदिआदि अनेक इकाइहरू देखापरेका छन् ।

उत्तरमध्यकालमा भरेर नाप्ने नापका इकाइ तथा साधनमा आढक, फच्छि वा फं, त्यछि, कुच्छी वा कु, पलछी, अस्त वा अस्तछी आदि थिए । भक्तपुरका राजा भूपतीन्द्रमल्लको विवाहको धर:पौमा आधक (आढक), फंछी, अस्ता, पलां (पाउ), मासा, कुच्छी, फल आदि नापजोखका इकाइको प्रयोग भएको पाइएको छ । आढकको सम्बन्ध आधुनिक मुरीसँग, फच्छी वा फँको पाथीसँग, कुच्छीको कुरुवासँग र पलछीको मानासँग रहेको देखिन्छ । यसैगरी त्यछी भन्नाले ४ माना जति, अस्त वा अस्तछी भन्नाले वर्तमान चौथाई परिमाण जति हुन्थ्यो । प्राचीन कुड्वलाई मध्यकालमा (खासगरी उत्तरार्द्धमा) कुच्छी, कु, कुह, जस्ता शब्दको प्रयोग गरेको देखिन्छ । ने.सं. ५६१ (वि.सं. १४९८) को पशुपतिस्थित यक्ष मल्लको अभिलेखमा भने आधुनिक कालमा झैं कुड्व वा कुच्छीलाई

'कुरुवा' नै भनेर उल्लेख गरिएको पाइएको छ ।[८] यस आधारबाट कुरुवा भन्ने चलन मल्लकालमै पनि सुरु भइसकेको थियो भन्ने बुझिन्छ तर व्यापक रूपमा भने तिनताका कु वा कुच्छी नै भनिन्थ्यो ।

आधुनिककालमा तुलोतराजुमा राखेर जोखतौल गरी लेनदेन हुने कतिपय वस्तु मध्यकालमा भरेर लेनदेन गर्ने पनि चलन थियो । तिनताका मासु पनि भरेर फच्छि (पाथी) मा राखेर लिनेदिने गरिन्थ्यो । मल्लकालका धर:पौ तथा अभिलेखहरूमा (उदाहरणार्थ ने.सं. ८०६=वि.सं. १७४३) को सुनागुठी भृङ्गारेश्वरको अभिलेख) मासुको नापो पाथीका हिसावले गरिएको देखिन्छ ।[९] यसैगरी अदुवाजस्ता वस्तुको पनि परिमाण मापसमेत गर्दा फच्छीको प्रयोग भएको देखिन्छ ।[१०] अभिलेखलगायत विभिन्न स्रोतबाट तिनताका मासु लगायत अन्न, गेडागुडी केही फलफूल, दलहन-तेलहनलगायत पाथीमा भरेर लेनदेन गर्ने परिपाटी चल्दथ्यो भन्ने जानकारी मिलेको छ । उदाहरणका निमित्त ने.सं. ८०१ को पाटन वंशगोपालस्थित श्रीनिवास मल्लको अभिलेख, ने.सं. ८०१ को पाटन बोडेगाउँस्थित अर्को एउटा अभिलेख, ने.सं. ८०६ को सुनागुठी भृङ्गारेश्वरको अभिलेख[११] ने.सं.८१८ को भक्तपुरको मालतीचोकस्थित भूपतीन्द्र मल्लकी रानीको अभिलेख[१२] आदिलाई लिन सकिन्छ ।

जोखेर विनिमय हुने इकाइमा धार्नी, त्यल, कुल, वगल, पंल, वागल,
आयताछी, तोला, मासा, रत्ति आदिको प्रयोग भएको पाइन्छ । त्यसबेलाको
सबैभन्दा ठूलो जोख्ने इकाइ फं वा फछी नै थियो र सबैभन्दा सानु मासालाई
मानिन्थ्यो । धार्नीमा १२ पाउ, त्यलमा ८ पाउ, कुलमा ४ पाउ, वगलमा २
पाउ, पंलमा १ पाउ, बागलमा १/२ पाउ, अयताछीमा साडेचार तोला (१
छटाक), १ तोलामा १२ मासा, १ रत्तिमा १० मासा तौल हुन्थ्यो ।

मल्लकालको उत्तरार्द्धमा नेपाल भ्रमण गर्ने कपुचीन पादरीहरूले पनि
सुनचाँदीको तौलको विवरण १० रत्तिको १ मासा, ६ मासाको १/२ तोला, १२
मासाको १ तोला हुन्थ्यो भनेर उल्लेख गरेका छन् ।[१३] त्यसै सिलसिलामा
उपत्यकाकामल्ल राज्यको पतनभन्दा २ दशक जतिमात्र पछि नेपालको अध्ययन
भ्रमण गर्ने कर्कप्याट्रिकले गरेको टिपोटका बारेमा पनि चर्चा गर्नु सान्दर्भिक
हुनेछ । कर्कप्याट्रिकले 'धानको हिसाबमा १ माना धानमा ७ छटाक तौल, १
पाथीमा साडे तीन शेर तौल र १ मुरीमा ७० शेर (१ मन्न ३० शेर) हुन्थ्यो भन्ने
विवरण दिएका छन् । त्यसैगरी १ बंगाली मनले चामलको हिसावमा ११ पाथी
र साडे तीन माना र १ मुरी चामलको ५६ शेर=१ मन १६ शेर (बंगाली) हुन्छ
भन्ने विवरण पनि दिएका छन् । यस हिसाबले मध्यकालको नापजोख
व्यवस्थासँग पनि सामन्जस्य राख्दछ । फरक यति हो मध्यकालमा मानाको
चलन थिएन त्यसको सट्टा पलाछि भन्ने इकाइ थियो । यसरी नै १ पाथीमा ८

माना (२-३/४ शेर), १ मानामा १० मुठी (३ छटाक बंगाल बजार अनुसार) हुन्थ्यो भनेर पनि कर्कप्याट्रिकले उल्लेख गरेका छन् । उनले फलामको डण्डीको प्रयोग गरेर तेल, घ्यू, नून, धातु आदि जोख्ने परम्परा भएको चर्चा पनि गरेका छन्[१४] जसको प्रयोग मध्यकालमा पनि अवश्यै हुन्थ्यो । डण्डीको अगाडिपट्टि झुण्ड्याउने डोरी राखेर धार्नीदेखि तलका आवश्यकता बमोजिमका स-साना इकाइ तौलने डोव काटेर उक्त डोवमा डोरी सार्दै जोख्ने परम्परागत तुलो गाउँघरमा केही मात्रामा अझै पनि प्रयोग हुँदै गरेको देखिन्छ । यस पद्धतिमा डण्डी तेर्सो भएर घुम्न थालेपछि ठीक तौल भएको मानिन्छ ।

८.२ घरजग्गा, खेतबारी आदिको नापोको परम्परा (भू-माप)

मध्यकालमा र पछि आधुनिककालमा गज, फुट आदि लम्बाई नापो गर्ने चलन नआएसम्म प्राचीन परम्परा जस्तै हात, अंगुल, वित्ताजस्ता प्राकृतिक माध्यमको उपयोग गर्ने चलन नेपालमा पनि चलेको थियो । यसै आधारमा रोपनी, भूमि, कर्ष, जवा, खा आदि जग्गाजमिन, घरघडेरीजस्ता वस्तुको नापमा इकाइको निर्धारण गरिन्थ्यो । उदाहरणका निमित्त भाषावंशावलीमा वर्णित स्थिति मल्लको सुधारको चर्चालाई लिन सकिन्छ । त्यहाँ स्थिति मल्लले गरेको भनिएको भूमि व्यवस्थाको जग्गाजमिनको नाप परिमाणको क्रममा बुढीऔंला २४ को १ हात मान्ने र जग्गा नाप्ने जन्जीर पहिले साडे दश हातको भएकोमा पछि स्थिति मल्लले साडे सात हातको चलाएको भन्ने उल्लेख छ । त्यसैगरी सबै जग्गाजमिनको नापोमा हात र अङ्गुलकै हिसावले निर्धारण गरेको पनि देखिन्छ ।[१५] धरःपौ लगायत मध्यकालका विभिन्न स्रोतमा यसरी लम्वाई नाप्नेमा ‘कु’ (हात), क्व, अं. (अंगुल) आदिको उल्लेख भएको कुरा यस प्रसङ्गमा उल्लेखनीय छ । कौटिल्य आदि प्राचीन आचार्यहरूले पनि अंगुलको र हस्त (औला वा हात) जग्गा वा दूरीको नापमा प्रयोग हुने कुराको उल्लेख गरेका छन् ।[१६]

बाली लगाउने खेतजग्गाको नापको अत्यन्त प्रचलित नापको इकाइ मध्यकालमा रोपनी थियो । प्राचीनकालमा भने नेपालमा रोपनीको उल्लेख नभएर खालि भूमिमात्र भनिन्थ्यो । जस्तै १ रोपनी, २ रोपनी भनेर परिमाण तोकेजस्तो १, २, ५, १० वा १०० भूमि भनेर परिमाण तोकिन्थ्यो । मध्यकालमा भने सुरुसुरुदेखि नै रोपनीको चलन चलेको कुरा तात्कालिक ताडपत्र आदि स्रोतबाट स्पष्ट भएको छ । ने.सं. १०३ देखिका रुद्रवर्णमहाविहार पाटनस्थित ताडपत्रहरूमा जग्गाको नापमा रोपनिक (रोपनी) को उल्लेख भएको पाइएको छ ।[१७] रोपनीलाई लिखित रूपमा उल्लेख गर्दा रोभ, रोव वा रो मात्र भनेर पनि लेख्ने चलन थियो ।[१८]

रोपनीभन्दा सानु इकाइ आधा रोपनी र त्यसभन्दा पनि सानु इकाइ कर्ष वा जव (जवा) १/४ रोपनी हुन्थ्यो । कर्षलाई विभाजन गर्दा कहिलेकाहीँ २ पण कर्षको १ कर्ष मान्ने गरेको पनि देखिन्छ ।[१९] कुनैकुनै स्रोतमा भने 'पादनांशयकर्ष कर्ष नसी र २ जव स्व ३' भनेर कर्षको ३/४ भागलाई नै ३ जव भन्ने टिपोट गरिएको पनि पाइन्छ ।[२०] यस उल्लेखले रोपनी, आधा रोपनी, कर्ष वा जवा, पण आदिको मिल्दो परिमाणको हिसावमा केही भ्रम अवश्य पैदा गरेको छ । यस हिसाबले १ कर्षमा ४ जवा हुन्छ । त्यसो हुँदा कहिलेकाहीँ जवाले १/४ रोपनीलाई नबुझाएर १/८ रोपनी पनि बुझउँथ्यो भन्ने बुझिन्छ । कुनैकुनै स्रोतमा जवाको सम्बन्ध संस्कृतको प्राचीन 'पाद' सँग देखाइएको पनि पाइन्छ । ने.सं. ८४५ मा सय पादाङ्गलाई जव स्व ३ भनेर उल्लेख गरिएको पाइएको छ ।[२१] यसले जवा वा जव भन्ने र जव स्व भन्ने २ थरि इकाइ थिए भन्ने पनि देखिन्छ । त्यसैले जव भन्नाले १/४ रोपनी वा १ कर्ष र जव स्व भन्नाले १/८ रोपनी वा १/२ कर्ष भन्ने देखिन आउँछ । यी बाहेक भूमिनापमा 'पता', 'पयी' वा 'पी' भन्ने र 'त्या' भन्ने इकाइको पनि उल्लेख स्रोतसामग्रीमा पाइएको छ ।[२२]

जव वा कर्ष भन्ने नापलाई वर्तमान ४ आना (१३६८ स्क्वायर फुट) मान्न सकिन्छ । यस इकाइलाई नेवारीमा 'चुल्छी' पनि भनिन्थ्यो ।[२३] वि.सं. १८४८ मा नेपाल भ्रमण गर्ने (गोरखाले उपत्यका विजय गरेका घटनाभन्दा २२ वर्षपछि) कर्कप्याट्रिकले उपत्यकाका नेवारहरू बंगाली पौने ४ कठ्ठाजति जग्गालाई १ रोपनी मान्दै जग्गाको परिमाण छुट्याउन त्यही रोपनीको प्रयोग प्रयोग गर्दथे भनेर उल्लेख गरेका छन् ।[२४] वि.सं. १८५८ मा नेपाल आई अध्ययन गर्ने ह्यामिल्टनले २५ रोपनी जग्गामा १०० मुरीजति धान फल्ने र त्यति धान फल्ने जग्गालाई १ खेत भनिन्थ्यो भनेर चर्चा गरेका छन् । अघि साडे नौ हातको जन्जीर जग्गा नाप्नमा प्रयोग हुने गरेकोमा पछि साडे सात हातको प्रयोग हुनाले कर्कप्याट्रिकले उल्लेख गरेको भन्दा कम जग्गा नै १ रोपनीमा हुन्थ्यो भन्ने राय ह्यामिल्टनको विवरणबाट बुझिन्छ ।[२५]

उपत्यकाका मल्ल राजाहरूले अघिदेखि चलिआएको रोपनी, जव, कर्षजस्ता जग्गा नापका इकाइको प्रयोगलाई मान्यता दिएर चलाए तापनि उपत्यका बाहिरका तर आसपासका प्रदेशहरूमा भने माटो मुरीका हिसावले वा खण्डका हिसावले जग्गाका इकाइ परिमाण निश्चित गर्ने चलन थियो ।[२६] १ मुरी धान फल्ने जग्गालाई $^{1}/_{2}$ वपि वा १ जव वा १ जवछी वा १ चुल्छी मानिन्थ्यो र ४ मुरी फल्नेलाई १ रोपनी सरह मानिन्थ्यो ।[२७] अभिलेखहरूमा ठाउँठाउँमा निश्चित मुरी खेत जग्गा बेचविखन गरेका र दान बकस गरेका उदाहरण पाइन्छन् ।[२८] तिनताका कर्ष तथा जवको नाप प्रायः घरबारी तथा

बगैंचाको नापका निमित्त प्रयोग गरिन्थ्यो ।[२९] तिनताका निश्चित जग्गा बिक्रीवितरण गर्दा रोपनी, कर्ष आदिको उल्लेख गरीकन चारैतर्फको नापको उल्लेख गर्ने पनि चलन थियो तर यस्तो चारैतर्फको हातको हिसावको नापो उल्लेख गर्न अनिवार्य भने हुँदैनथ्यो । उदाहरणार्थ १/२ स्रोतमा उल्लिखित नाप र जग्गाका इकाइलाई यहाँ उल्लेख गर्नु वाञ्छनीय हुन्छ । जस्तै भक्तपुरका राजा रणजितमल्लले कृष्ण झा भन्नेलाई ११ रोपनी जग्गा बेच्दा जग्गाका पूर्वपश्चिम १९८ हात, उत्तरदक्षिण ५९१ हातको नापो दिइएको छ ।[३०] त्यसैगरी भूपतीन्द्रमल्लको ने.सं. ८२९ को एक जग्गाको नापोमा पूर्वतर्फ २३० हात, दक्षिणमा ७६ हात पश्चिमतर्फ २३४ हात र उत्तरतर्फ ६६ हात देखाइएको छ।[३१] मल्लकालमा उपत्यकामा आई बसोवास गर्ने कपुचीन पादरीहरूलाई जग्गा दिँदा पनि हात र अंगुलको नै नापोमा छुट्याइएको देखिन्छ । अंगुलको उल्लेखमा बढीमा ३८ सम्मको उल्लेख पाइएको चर्चा डि.आर. रेग्मीले गरेका छन् ।[३२] पादरीहरूलाई बसोवासका निमित्त जग्गा दिंदा ताम्रपत्रमा उल्लेख गरिएको नापोबाट चुल वा चुल्छी र रोपनीको नापोको सम्बन्धका बारेमा पनि स्पष्ट हुन मद्दत मिलेको छ । जसअनुरूप १ रोपनी बराबर ४ चुल वा चुल्छी हुने कुरा स्पष्ट रूपमा बुझिन्छ । यस्तो उल्लेख अरू स्रोतमा पनि ठाउँठाउँमा पाइन्छ । जगज्जय मल्लको पशुपतिको ताम्रपत्रमा पनि यस्तो उल्लेख पाइएको छ ।[३३]

यस प्रसङ्गमा स्थिति मल्लको व्यवस्थामा उल्लेख गरिएको भनिएको जग्गाको नापोको विवरणलाई उल्लेख गर्नु पनि आवश्यक हुन्छ, जसमा खेतको नापोमा अवल, दोयम, सीम र चाहारको बेग्लाबेग्लै दिइएको छ । जस्तै, चाहार खेत कर्ष अर्थात् १/४ रोपनीमा चारैतर्फको नाप १२४ हात, सीमखेत भए ११२ हात, दोयमखेतमा १०९ हात र अवल खेत भए ९५ हात मात्रको नाप हुने व्यवस्था गरिएको थियो भन्ने उल्लेख छ ।[३४]

यस आधारबाट जग्गाको गुण तथा उपादेयता हेरी रोपनी, कर्ष वा जबको जग्गाको परिमाण निर्धारण गरिन्थ्यो । अवल जग्गा चारैतिर करिब करिब २४-२४ हातको नापको (पूरा ९५ हात) भएमा १ कर्ष वा १/४ रोपनी हुन्थ्यो तर चहार चाहिँ चारैतिर करिब ३१-३१ हातको नापको भएमा मात्र १ कर्ष (१/४ रोपनी) हुन्थ्यो भन्ने बुझिन्छ । वि.सं. १८०५ श्रावण महिनामा भक्तपुरका राजा रणजितमल्लले भूटानका लामालाई २५० रोपनी बारी (खेत होइन) दान दिँदा एक ठाउँमा पूर्वपश्चिम ७२६ हात र उत्तरदक्षिण १२६ हात भएको र अर्को ठाउँमा पूर्वपश्चिम ४१६ हात र उत्तर दक्षिण ३९६ हात भएको जग्गा दिएको विवरण पाइएको छ ।[३५] मल्लकालमा मानिसको शरीरको छाँयाँले पनि जग्गाको परिमाण वा इकाइ निर्धारण गरेको देखिन्छ । भर्खरै माथि उल्लिखित जग्गादानकै प्रसङ्गमा त्यही स्रोतमा २५ रोपनी बारी (पाखो) दान दिँदा बेलुकी

घाम अस्ताउने बेलाको मान्छेको छायाँको २ छायाँ उत्तरपट्टि र २ छायाँ बराबर पूर्वपट्टि भनेर जग्गाको नाप दिइएको छ। यताबाट ठीक उचाई भएको व्यक्तिको घाम अस्ताउन लाग्ने बेलाको लामु छायाँको २/२ छायाँ बराबर २५ रोपनी भनिन्थ्यो भन्ने बुझिन्छ।[३५] यस्तै गरी ६ रोपनी पाखो जग्गाको नाप दिँदा पूर्वपश्चिम ३२० हात र उत्तरदक्षिण १२० हात भनेर पनि उही स्रोतमा तोकिएको छ।

घरको नापमा स्थिति मल्लको भनिएको व्यवस्थामा गल्लीको घर भएमा १ खामा चारैतिर नापेर जम्मा ९५ हात (करिब २४/२४ हात), गल्लीको पनि भित्रपट्टिको घर भएमा १ खामा चारैतिरको जम्मा नाप १०१ हात (करिब २५/२५ हात) शहरको अर्थात् मूल बाटोको घर भएमा १ खामा चारैतिरको जम्मा नाप ८५ हात हुने भन्ने चर्चा छ।[३६] मध्यकालको सुरुसुरुदेखि नै घरको नापमा हात (हस्त) को प्रयोग गरिएको र घरको वरिपरिको (circumference) नाप लिने गरेको देखिन्छ।[३७] पहिलेपहिले 'हस्त' भनिने यस नापोलाई पछिसम्म १ खामा ४ जव (१ रोपनी) हुने परिपाटी भएको जानकारी पाइएकोले[३८] र तिब्बती भाषामा लेखिएको एउटा स्रोतमा रोपनी १ खाल र रोपनी १ खालमा १ जब कम भन्ने जस्तो उल्लेख भएबाट[३९] खाल वा खा भन्नाले घरको नाप भन्ने बुझिन्छ। यसो भए तापनि रोपनी बराबर मान्यता दिइन्थ्यो कि ? भन्ने अनुमान गर्ने आधार मिलेको छ। पूर्वमध्यकालको एउटा भूमिसम्बन्धी तमसुक ताडपत्रमा पनि ४ जबको १ खा भन्ने उल्लेख परेको छ। यसरी खाल शब्दमल्लकालमा घरघडेरीको नापको क्रममा प्रयोग गरिएको देखियो। तिब्बतमा खाल २० पौण्ड जति अन्न, नून, चियाजस्तोको नापलाई भनिन्छ र यसमा २० ढे (गाईको खुरमा अट्ने जति अन्न वा वस्तु) को हिसाब गर्ने चलन छ।[४०] यताबाट खाल भन्ने नापमा तिब्बतको प्रभाव रहेको छ कि- भन्नेतर्फ पनि सोच्नुपर्ने हुन्छ। जयप्रकाशमल्लले कपुचीन पादरीहरूलाई घरजग्गा दिँदा पनि कू (हात). अं (अंगुल), चूलजस्ता नापोको साथसाथै खा-छेखा केव्खा आदिको नापका इकाइको प्रयोग गरिएको थियो।[४१] मल्लकालका भूमिसम्बन्धी कागजपत्र, ताडपत्रहरू सबैजसो घरघडेरीको लेखाजोखामा खा, कर्ष आदिको नापको उल्लेख भएको पाइन्छ।

यसरी मध्यकालको नापतौल व्यवस्थामा इकाइका नाप र प्रयोगमा केही अन्तर भए तापनि प्राचीन पद्धतिको आधारलाई भने पूरै छाडिएको थिएन भन्न सकिन्छ।

टिप्पणी

१. रमेश ढुङ्गेल, *प्राचीन अर्थव्यवस्था*, काठमाडौं: शारदाप्रसाद उपाध्याय, २०४३, पृ. १७३-८२।

२. वर्नहार्ड कुल्भर र हेमराज शाक्य, *डकुमेन्ट्स् फ्रम द रुद्रवर्ण महाविहार पाटन,* भि.जि.एच.डब्ल्यू, १९८५, पृ. ८७ । डि.आर.रेग्मी, *मेडिएवल नेपाल,* भाग १, कलकत्ता: के.एल. मुखोपाध्याय, पृ. ५३३-३४ ।
३. *गोपालराजवंशावली,* पत्र संख्या २५,. ३९ आदि ।
४. *त्यही,* पत्र संख्या ४६ क, ५८ ख आदि ।
५. धनवज्र वज्राचार्यले 'मानिका' भन्ने मुरी बराबर हुनुपर्दछ भन्ने राय प्रस्तुत गरेको देखिन्छ ।
६. ढुङ्गेल, *पूर्ववत्* संख्या १, पृ. १७५-७६ ।
७. कुल्भर र शाक्य, *पूर्ववत्* संख्या २, पृ. ८७ ।
८. धनवज्र वज्राचार्य, *मध्यकालका अभिलेख पाहिलो खण्ड,* नेपाल र एशियाली अनुसन्धान केन्द्रमा बुझाएको अप्रकाशित प्रतिवेदन ।
९. जितामित्र, रणजितमल्लहरूका पालाका धर:पौहरू तथा धनवज्र वज्राचार्य, *मध्यकालका अभिलेख;* खण्ड ३, अप्रकाशित अनुसन्धान प्रतिवेदन, नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि.वि. ।
१०. रेग्मी, *पूर्ववत्* संख्या २ (पार्ट टू), पृ. ५२२ ।
११. वज्राचार्य, *पूर्ववत्, मध्यकालका अभिलेख,* पाटनखण्ड, अप्रकाशित प्रतिवेदन, नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि.वि. ।
१२. रेग्मी, *पूर्ववत्* संख्या २, (पार्ट फोर), अ.संख्या १०३ ।
१३. रेग्मी, *पूर्ववत्,* (पार्ट टू), पृ. ५२३ ।
१४. कर्कप्याट्रिक, *आन एकाउण्ट अफ द किङ्गदम अफ नेपाल,* पृ.९६, ९८ ।
१५. देवीप्रसाद लंसाल (सं.), *भाषावंशावली,* द्वितीय भाग, काठमाडौं: नेपाल राष्ट्रिय पुस्तकालय, २०२३, पृ. ३८ ।
१६. कौटिल्यको अर्थशास्त्र ३६।२०। देशकालमानम् ।
१७. कुल्भर र शाक्य, *पूर्ववत्,* पृ. १८७-२११, १०३-१२८ ।
१८. *त्यही* तथा शंकरमान राजवंशी (सं.), *भूमिसम्बन्धी तमसुक ताडपत्र १,२,३,४* ।
१९. *त्यही* ।
२०. *त्यही,* पृ. ८८, टिप्पणी १२ ।
२१. *त्यही,* पृ. ८६-८७, टिप्पणी १३, १४, १५ ।
२२. रेग्मी, *पूर्ववत्* संख्या २, (पार्ट टू) पृ. ४९८ ।
२३. कर्कप्याट्रिक, *पूर्ववत्* संख्या १४, पृ. ९५ ।
२४. एफ.वि. ह्यामिल्टन, *यान् एकाउण्ट् अफ् दि किङ्गडम् अफ् नेपाल,* पृ. २१६ ।
२५. धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ, *दोलखाको ऐतिहासिक रूपरेखा,* नेपाल र एशियाली अध्ययन संस्थान, वि. २०३१, पृ. ५३ ।
२६. रेग्मी, *पूर्ववत्* संख्या २, (पार्ट टू), पृ. ५०१ ।
२७. योगी नरहरिनाथ (सं.), *इतिहास प्रकाश,* अंक २ भाग ३, पृ. ४५ ।
२८. रेग्मी, *पूर्ववत्* संख्या २, (पार्ट टू), पृ. ५०३ ।
२९. शंकरमान राजवंशी (सं.), *पूरातत्व पत्र संग्रह,* पहिलो भाग, सामग्री संख्या २०।
३०. *त्यही,* पृ. ३०-३९ (वीरभद्र थापा भन्नेलाई जग्गा बेचेको ताम्रपत्रको) ।
३१. रेग्मी, *पूर्ववत्* संख्या २, (पार्ट टू), पृ. ५०४ ।
३२. *त्यही,* पृ. ५०४-५ ।

३३. लंसाल, *पूर्ववत्* संख्या. १५, पृ. ३८ ।

३४. नागथली गोन्पाको देव-ठा भन्ने तिब्बती भाषामा लेखिएको हस्तलिखित अप्रकाशित टिपोट पत्र संख्या ४० (हाल एक फोटो प्रति यसै अनुसन्धानकर्ता-मध्ये रमेश ढुङ्गेलको संग्रहमा भएको) ।

३५. मूलस्रोत तिब्बती भाषाको भएकोले बेलुकीको मानिसको छायाँलाई तिब्बती भाषामा नै, २ 'शारा' भनिएको छ ।

३६. लंसाल, *पूर्ववत्,* पृ. ३ (भाषावंशावली) ।

३७. कुल्भर र शाक्य, *पूर्ववत्* संख्या २, पृ. ८८ ।

३८. पर्सिवल ल्याण्डन, *नेपाल* भोल-२, पृ. २५५ ।

३९. नागथली गोन्पाको देव-ठा, पत्र संख्या ३९, पूर्व वर्णित ।

४०. शंकरमान राजवंशी *भूमिसम्वन्धी तमसुक ताडपत्र*-२, पृ. ८४ ।

४१. शरतचन्द्रदास (सं.), *टिबेटन् इङग्लीश् डिक्शनरी,* क्योटोः रिनसेन बुक कम्पनी? ई. १९८३, पृ. १४३, ८९७ ।

४२. रेग्मी, *पूर्ववत्,* पार्ट फोर, पृ. ३००, अभिलेख संख्या १४४ ।

परिच्छेद नौं
यातायात तथा सञ्चार

यातायात र सञ्चार दुवै क्षेत्रमा आधुनिक साधन र प्रक्रियाको थालनी मध्यकालभरि नै भएको कुनै उल्लेख पाइँदैन । तात्कालिक परिवेशलाई ध्यान दिँदा त्यस युगमा आधुनिक साधनको उपयोग गर्ने परम्परा नबस्नु पनि स्वाभाविकै हो । चीन-तिब्बत र गंगाको मैदानलाई जोड्ने अन्तर्राष्ट्रिय सांस्कृतिक तथा व्यापारमार्ग नेपाल भएर चल्ने परम्परा लिच्छविकालदेखि नै सुरु भएको थियो । त्यसो भए तापनि मध्यकालका यदाकदा फाट्टफूट्ट रूपमा देखापर्ने स्रोत सामग्रीमा वर्णित उक्त बाटोको भयावह स्थितिको चर्चाका आधारमा उपत्यकाका राजा र जनतालाई प्रशस्त फाइदा हुन गए तापनि बाटोघाटोको सुधारका निम्ति भने खास ध्यान पुऱ्याइएका उदाहरण पाइएका छैनन् । आजको जस्तो विकास र विकासका पूर्वाधारको रूपमा यातायात र सञ्चारलाई लिने चलन त्यस युगमा नहुनु कुनै आश्चर्यजनक कुरा थिएन । बाटोघाटो सडकहरूको निर्माण सुधार तथा केही मात्रामा सरसफाइको काम हुने गरेका जति पनि ऐतिहासिक प्रमानहरू पाइएका छन् अधिकांश स्थानीय बजार, टोल, देवालय आदि छेउछाउका बाटाघाटासँग सम्बन्धित मात्र पाइन्छन्। खास गरेर उपत्यकाबाट उत्तरदक्षिण र पूर्वपश्चिम जाने, एक वस्तीबाट अर्को टाढा वस्तीमा पुग्ने बाटोघाटोको व्यवस्थित रूपमा सुधार गर्ने चलन भएको जस्तो संकेत पाइँदैन ।

सामरिक उद्देश्यले अर्को शक्तिमाथि आक्रमण गर्ने तथा आफ्नै सुरक्षाका दृष्टिले महत्व राख्ने बाटोघाटो, पुलपुलेसाहरू बनाउने, सुधार गर्ने चलन भने प्रचलित थियो । सञ्चारमा पनि दैनिक कुनै खास उद्देश्यका निम्तिमात्र संकेतसूचक घण्टा, झ्याली, नगरा आदि बजाउने र कराएर आवाज दिने आदिलगायत धावक, खवरवाहक दूत, हल्काराजस्ताको उपयोग गरिन्थ्यो । सँधैका निम्ति र सर्वसाधारणका निम्ति यस्ता साधनको उपयोग हुन असम्भव थियो । त्यसैले व्यक्तिले भने आफ्नै माध्यमद्वारा खबर ल्याउने र लैजाने गर्नुपर्दथ्यो ।

९.१ यातायात

लिच्छविकालमा यहाँ यातायातसम्बन्धी व्यवस्था राम्रो थियो भन्ने जानकारी अभिलेखहरूको अध्ययनबाट बुझ्न सकिन्छ । ठूलासाना बाटोघाटो राजमार्गका साथै रथ, बग्गी, पैदलयात्री, भरिया, हात्तीघोडाजस्ता यातायात र पारवहनका साधनहरूको उपयोग त्यस युगमा राम्रैसँग गरिएको थियो । यातायात व्यवस्थाका निम्ति छुट्टै प्रहवण (यातायात) सम्बन्धी गोष्ठी (गुठी) ले काम गर्दथ्यो । महत्त्वपूर्ण राजमार्गहरूमा शुल्कशालाका साथै सुरक्षाचौकी (गुल्म) स्थापना गरिन्थ्यो भन्ने जानकारी लिच्छवि अभिलेखको अध्ययनबाट पाइएको छ ।[१] तिनताका सञ्चार सम्बन्धमा पनि राज्यको तर्फबाट केही ध्यान पुऱ्याएको संकेत पाइएको छ । हाँडीगाउँमा पाइएको अंशुवर्माको एउटा अभिलेखमा गेच्छिंजाक नाम गरेको धावक अर्थात् हल्काराको उललेख परेको हुनाले तिनताका विदेशमा वा एक गाउँबाट अर्को ठाउँमा खबर ल्याउने-लैजाने, चिठ्ठीपत्रको ओसारपसार गर्ने व्यक्तिहरूसमेत नियुक्त गरी सञ्चारको प्रबन्ध गर्ने चलन चलेको थियो कि भन्ने संकेत मिलेको छ ।[२] लिच्छविकालमा राजनीतिक दृष्टिले नेपाल एउटा सुदृढ राज्य भएको र राज्य विखण्डन पनि नभएको हुनाले त्यसबेला आन्तरिक तथा बाह्य राजमार्गहरूको सुव्यवस्थाका निम्ति राजा-महाराजाहरूले राम्रो ध्यान पुऱ्याउनु स्वाभाविकै हो । मध्यकालमा भने सुरुदेखि नै केन्द्रमा उत्पन्न भएको राजनीतिक उतार-चढाव र कमजोरीले शासन-व्यवस्थासमेत मजबुत हुन नसक्दा सुरुसुरुताकादेखि नै नेपाल विखण्डनको क्रम चल्यो त्यसो हुँदा शासकहरूले मुख्य वस्ती र आसपासका बाहेक उत्तरदक्षिण र पूर्वपश्चिमका बाहिरीया बाटोहरूको सुव्यवस्था र सम्भारतर्फ दृष्टि पुऱ्याउन नसक्नु स्वाभाविकै हो । अर्कोतर्फ राज्य विखण्डन भएपछि नेपालमा अन्तर्राष्ट्रिय मार्गहरूको सुप्रबन्ध गर्ने जिम्मेवार राज्यशक्ति पनि कुनै निस्कन सकेन जसको फलस्वरूप भोट र भारतलाई जोड्ने अन्तर्राष्ट्रिय महत्त्वका बाटोहरू पनि मल्लकालमा आइपुग्दा अत्यन्तै अप्ठेरो र अनकण्टार हुन पुगे । त्यसै हुनाले मल्लकालमा भोट, नेपाल र भारतको भ्रमण गर्ने कपुचीन पादरीहरूले उक्त बाटोको दुर्दशाको वर्णन गर्न पुगेका हुन् ।

वि.सं. १२८३-८४ मा विद्याध्ययनका निमित्त तिब्बतबाट नेपाल आई ८ वर्षको अध्ययनपछि २ वर्ष जतिको भारतमा तीर्थयात्रासमेत पूरा गरी फेरि नेपाल आएर यतैबाट तिब्बत फर्कने तिब्बतका विद्वान् भिक्षु छ्यो-जे-पल (छ्याग लो-च-व वा धर्म स्वामि) ले पनि तिब्बत-नेपाल र भारतलाई जोड्ने अन्तर्राष्ट्रिय मार्गका बारेमा केही बोलेका छन् । तिब्बतबाट नेपाल आउँदा बाटामा जंगली मानिसहरू तथा लुटेरा-डाँकूहरूको डर हुन्छ तर उनलाई भने उनका आचार्यका आशिर्वादका कारण बाटोमा त्यस्ता व्यक्तिबाट केही खतरा

नभएको कुरा उनले आफ्नो जीवनी (नाम-थर) मा उल्लेख गरेका छन् । त्यस्तै गरी नेपालबाट भारततर्फ जाँदा पनि ३/३ वटा पर्वत श्रङ्खला पार गर्दै ३ महिना लगाएर तिरहुतको राजधानी (सिम्रौनगढ) पुगेको चर्चा उनले गरेका छन्। त्यस्तैगरी भारततर्फ जानलाग्दा सम्भवत: यस्तै अप्ठेरो बाटो तथा औलोको शिकार भई ज्यानै समेत गुम्न सक्ने आशंका देखाई उनलाई नेपालमा अध्ययनरत अरू केही ठो-फुग्-प तथा स-क्य-प आदि लामाहरूले भारत नजाने सल्लाह दिएको चर्चा पनि उनले गरेका छन् । बाटोमा भएको घटनाको उल्लेख गर्दै धर्मस्वामीले नेपालबाट तिरहुतको बाटोमा बीचमा एकजना तल्लो जातकी पातकी केटीले उनी र उनको साथमा भएको दम्-प छुल्-ठिम् सेङ-गे भन्ने तिब्बतको खाम प्रदेशका अर्का भिक्षुलाई समेत भिक्षुव्रतबाट बिगार्ने हिसावले अश्लिल व्यवहार गरेकी र पछि छुल-ठिमको त उक्त केटीले हातै मर्काइ दिनुको साथै आखिरमा छुल-ठिमले चाहिँ राग-निश्रित स्वभाव भएको कारण भिक्षु व्रतलाई भङ्ग गरेको र बाटैमा औलको ज्वरो आई उनको मृत्यु भएको कुराको चर्चा गरेका छन् ।[३]

उपर्युक्त विवरणका आधारमा अत्यन्त थोरै भए पनि भोट नेपाल र भारतीय मैदानलई जोड्ने बाटोका विषयमा चर्चा गर्न सकिन्छ । जस्तै तिब्बतबाट काठमाडौं आउँदा बाटोमा लुटेरा, डाँकाको डर हुने कुराको उल्लेखले बाटोको निर्जनता र सरकारी सुरक्षा पर्याप्त नहुने कुरा स्पष्ट हुन्छ । अर्कोतर्फ काठमाडौंबाट ३ वटा पर्वत श्रङ्खला पार गरेर तिरहुत पुग्न ३ महिना लागेको चर्चाले औलको कारण बाटैमा मान्छे मर्ने, भिक्षुहरूलाई समेत आक्रमण गर्ने दुश्चरित्र आईमाईहरूका चर्चाले पनि बाटोको निर्जनता र अप्ठेरो अवस्थिति झल्कन्छ । काठमाडौंबाट तिरहुतको राजधानी सिम्रौनगढ पुग्न ३ महिना लाग्नुको कारण बाटो अप्ठेरो हुनु नै हो भन्न सकिन्छ । बाटो सजिलो भए जंगल, झाडी, हिंस्रक पशु, डाँकु-लुटेरा आदिको डर नभए सोझो बाटो हिँड्दा बढीमा पनि ७ दिनभन्दा धेरै समय नलाग्ने दूरीलाई धर्मस्वामीले ३ महिना लगाउनु परेको चर्चाले बाटोको अवस्था राम्रो थिएन भन्नेतर्फ नै संकेत गर्दछ । धर्मस्वामी २ वर्ष जतिको भारतको तीर्थयात्रामा रहँदा शारीरिक स्वास्थ्यका दृष्टिले अत्यन्त कमजोर भएको र विभिन्न स्थानको भ्रमण गरेर तिरहुतको राजधानीमा फर्केर आइपुग्दा उनको शरीरमा सासमात्र बाँकी रहेको देखेर त्यहाँका भारदार र त्यहाँ पुगेका नेपालीहरूले पनि चर्चा गरेका थिए । विद्वान् भिक्षुको त्यो अवस्था देखेर तिरहुतका भारदारहरूले नेपाल जान अप्ठेरो हुने कुरा भनेको धर्मस्वामीले चर्चा गरेका छन् । यस आधारबाट पनि बुढा, रोगी र कमजोरहरूले यात्रा गर्न नै कठिन हुने बाटोको अवस्थिति झल्कन्छ ।

उपर्युक्त उल्लेखका आधारमा पनि तिनताका बाहिर जाने चल्तीका बाटोहरूमा आवश्यकतानुसार सम्भार र बीचबीचमा सुरक्षाको व्यवस्था हुन नसकेको अनुमान हुन्छ । धर्मस्वामीको नेपाल-भारत यात्रा भन्दा झण्डै १ शताब्दी जति अगाडिको राष्ट्रिय संग्रहालय छाउनी स्थित एक शिलालेखमा भारततर्फबाट नेपाल आउने बाटोलाई 'दुर्गमार्ग' अर्थात् हिड्नलाई ज्यादै अप्ठ्यारो भएकोले दुर्गम भएको र पहाडे हात्तीहरू पाइने भनिएको छ ।[४] यस आधारबाट नेपाल-भारतबीचको बाटो घनाजंगल पार गरेर जानुपर्ने थियो र जंगलमा ठूल्ठूला पहाडे हात्तीहरू पनि पाइन्थे र स्थानीयहरू उक्त हात्तीलाई समातेर यातायातको काममा समेत उपयोग गर्दथे भन्ने बुझिन्छ । यहाँ उल्लिखित शिलालेखमा भारतको आमर्द्धक भन्ने अग्निमठका शंकराचार्य स्वामी पनि नेपालको बाटो हिँड्न अप्ठ्यारो भएको हुनाले त्यस्तो अप्ठ्यारो बाटामा पनि हिँड्ने पहाडे हात्तीमा चढेर नेपाल आएको चर्चा छ । तराइदेखि मध्यपहाडसम्म यस्ता पहाडे हात्तीहरूको अघिअघि खुबै उपयोग हुन्थ्यो । मानदेवको चाँगुको अभिलेखमा पनि यस्ता धेरै हात्तीको उपयोग गरिएको चर्चा छ । लिच्छविकालको गुणाङ्क मुद्रामा र नरेन्द्रदेवका अभिलेखमा पनि यस्ता हात्तीको उल्लेख परेको छ । मध्यकालका पूर्वपश्चिमका राज्य रजौटाहरूमा पनि यस्ता हात्तीको उपयोग हुने गरेका ऐतिहासिक प्रमानहरू पाइएका छन् । भृकुटीको विवाहको प्रसङ्गमा पनि उपत्यकाबाट भोट जाने बाटोको पहाडको फेदीसम्म हात्तीमा चढाएर भृकुटीलाई पठाएको र त्यसभन्दा उत्तरतर्फ हात्ती जाननसकेको कारण फिर्ता पठाएको चर्चा तिब्बती स्रोतमा उल्लिखित छ । त्यसैगरी एघारौं शताब्दीमा नेपाल आएर १ वर्षसम्म बसि भोट जाने भारतको विक्रमशील महाविहारका महापण्डित अतीश दीपङ्करले पनि 'दृष्टउषधि' नामको यस्तै पहाडे हात्तीको उपयोग गरेर काठमाडौं आएको र तिब्बततर्फ जानु अघि उक्त हात्ती नेपालकै एक सामन्त शासक अनन्तकीर्ति भन्नेलाई धार्मिक कामका निमित्त मात्र प्रयोग गर्न भनी सुम्पिएर आफू भोटतर्फ लागेको चर्चा अतीश दीपङ्करको जीवनीमा उल्लिखित छ ।[५]

उपर्युक्त आधारबाट नेपालबाट भारतीय मैदान जोड्ने बाटोमा यस्ता पहाडे हात्तीसम्म चल्दथे तर काठमाडौंबाट उत्तर भोटतर्फको बाटोमा भने यस्ता हात्ती पनि जान सक्दैनथे भन्ने बुझिन्छ । त्यसैले उपत्यका र त्यसभन्दा दक्षिणको बाटो उत्तरको तुलनामा राम्रो थियो भन्ने बुझिन्छ । पछिमल्लकालको उत्तरार्द्धमा नेपाल-भारत र तिब्बतलाई जोड्ने यो अन्तर्राष्ट्रिय बाटोको उपयोग र वर्णन युरोपीय कपुचीन पादरीहरूले गरेका छन् । पादरीहरूका टिपोटमा पनि दक्षिणतर्फको बाटोमा राम्रैसँग घोडा चढेर यात्रा गर्न सकिने भन्ने उल्लेख पाइएको छ । उत्तरतर्फको बाटोमा ठाउँठाउँमा खोँच परेका खोलाहरूमा अप्ठेरा

काठका पुलहरू, बाटोमा कतिपय खोल्साहरू वर्षाद्मा अत्यधिक पानी भएर तर्न नसकिने भए तापनि हिउँदमा पानी कम भएर जङ्घार तर्न सकिने र कहीँ-कहीँ खोला तर्न हिउँदे पुलेसाहरू बनाइएका थिए भन्ने चर्चा पनि पादरीहरूले गरेका छन् । त्यस्ता पुलबाट भरियाहरूले भारीसहित पार गरेको दृष्य देखेर पादरीहरू कहिलेकाहीँ झस्कन्थे पनि । पादरीहरूले यस्ता काठे पुलबाहेक डोरीमा कोको झुण्ड्याएजस्ता हातले आफूतर्फ तान्दै तर्ने तुइनको पनि चर्चा गरेका छन् । वि.सं. १७७८ को हिउँदमा फादर डेसीडेरीले कुतीको बाटोबाट काठमाडौँ आउँदाको चर्चा गरेका छन् । उनले फलामका ठूल्ठूला सिकी (लठ्ठा) भएका झोलुङ्गेपुलको साथै ठूल्ठूला डरलाग्दा नदीहरूमा भएको खुबै हल्लिने पुलहरू पनि तर्नुपरेको वर्णन गरेका छन् । बाटोमा कहीँकहीँ डरलाग्दा भीरैभीर भएको र त्यस्तोमा खुट्टाको टुप्पोमात्र अडाउन पुग्ने भऱ्याङ्जस्तै गरी खोपेर खुड्किला बनाएको हुन्थ्यो, कहीँ डरलाग्दा गहिरा खोंच भएको ठाउँमा मान्छेको खुट्टाको पाइलाको डोब बराबर चौडाइमात्र भएको लामालामा मुढा तेर्स्याएका हुन्थे । बाटोमा एउटा पहाड पार गरेपछि अर्को पहाड गरेर लगातार पहाडै पहाड चढ्ने र ओर्लने गर्नुपर्दथ्यो । बाटोभरि झाडी तथा रुखले भरिएको देखिन्थ्यो । यातायातका साधनको रूपमा प्रयोग हुने घोडाखच्चर आदि चढ्न पनि बाटो अप्ठ्यारो भएकोले सँधै सम्भव थिएन बरु बोकिने भएमा बोक्ने भरियाहरू चाहिँ सजिलै पाइन्थ्यो । यस्ता भरियाहरू छालाको नाम्लो २ x १ हातको एउटा पटरीमा लगाएर त्यसै पटरीमा मानिसलाई बसाई पिठ्यूँमा बोक्दथे भन्नेसमेत उल्लेख डेसीडेरीले गरेका छन् । उनले उनको साथमा आएका फादर फेलिस उमेरले वृद्ध भएको र ज्यादै थकित भएकोले बोकिएर यात्रा गर्न सल्लाह दिए तापनि फेलिसको मोटो र ज्यादै अग्लो शरीर भएबाट उनलाई बोक्न सक्ने मानिस नपाइएकोले अत्यन्तै दुःख पाएको पनि उल्लेख गरेका छन् ।[६] यस्तैगरी मल्लकालमा नेपालको भ्रमण गर्ने कपुचीन पादरीहरूले काठमाडौँबाट तराई हुँदै भारतको बेतियासम्म पुग्ने बाटोको अवस्थितिको पनि साधारण टिपोट गरेका छन् । कर्कप्याट्रिकले पनि नेपाल-भारतबीचको बाटोको अवस्थितिको बारेमा वर्णन गरेका छन् । गोरखालीले उपत्यका विजय गर्नुभन्दा २ दशक जतिमात्र पछि कर्कप्याट्रिकले आफ्नै अनुभव र अध्ययनका आधारमा गरेको टिपोटले काठमाडौँ उपत्यकाबाट दक्षिणतर्फ जाने मध्यकालिक बाटोको अवस्थालाई केही संकेत अवश्य गर्दछ । कर्कप्याट्रिकको विवरणअनुसार बाराबाट गढ पर्सा र हेटौँडा, भीमफेदी, चिसापानी, चित्लाङ्-चन्द्रागिरीको बाटो भएर काठमाडौँ आउने बाटो बढी चल्तीको थियो । पहाडको फेदीसम्म आउने तराईको बाटोलाई पनि कर्कप्याट्रिकले त्यति सजिलो बताएका छैनन् । जंगल, घारी-घुरी, जंगली हिंस्रक जनावरहरूको र औँल आदिको डर प्रशस्त हुने कुराको उल्लेख

उनले गरेका छन् । पहाड लागेपछि भीमफेदीदेखि चीसापानी गढीसम्मको बाटो अत्यन्तै अप्ठ्यारो र कहीँकहीँ त तल गहिरोमा ठूल्ठूला जनावर पनि चराजत्रा देखिने अग्लाअग्ला भीर चट्टानमा अत्यन्तै साँघुरो बाटो पनि भएको चर्चा गरेका छन् ।[७] चीसापानीदेखि मार्खुसम्मको बाटो राम्रै अवस्थाको भए तापनि त्यहाँबाट चित्लाङ्पट्टिबाट चन्द्रागिरी हुँदै काठमाडौं आउने बाटो लामो र अप्ठेरो तर सुरक्षाका दृष्टिले सुरक्षित थियो भन्ने पनि कर्कप्याट्रिकको विवरणमा छ । कर्कप्याट्रिकले मार्खुबाट फर्पिङ् हुँदै आउने अर्को बाटो सजिलो र छिटो भए तापनि असुरक्षित भएको बताएका छन् ।[८]

कर्कप्याट्रिकले जस्तै ह्यामिल्टनले पनि भारतबाट नेपाल आउने बाटोलाई सजिलो भन्ने उल्लेख गरेका छैनन् । कम पारिश्रमिकमा भरिया उपलब्ध हुने भए तापनि तराईदेखि पहाडसम्म नै बाटो जोखिम र कठिनाइपूर्ण थियो भन्ने नै उनको विवरणबाट बुझिन्छ ।

यस आधारबाटमल्लकालदेखि नै राज्यको तर्फबाट ध्यान पुग्न नसकेको नेपालबाट बाहिर जाने अन्तर्राष्ट्रिय बाटोहरूको सुधार उपत्यका विजयपछि पनि ठोस रूपमा हुन नसकेको देखिन्छ । उपत्यका विजयपछि पनि नेपाल एकीकरण अभियानअगाडि बढ्दै रहेको र बीचमा भोट र चीनसँग युद्धमा समेत फस्नु परेको कारण देश विकासका विविध क्षेत्रमा ध्यान पुग्न नसकेको कुरा स्पष्ट नै छ ।

यस किसिमले मध्यकालमा राज्यको तर्फबाट उपत्यकाबाट बाहिर जाने अन्टर्राष्ट्रिय ठूल्ठूला बाटोघाटोहरूको आवश्यकताअनुसार स्याहारसंभार र सुव्यवस्था हुन नसकेर अनकण्टार र अप्ठेरो अवस्थामा नै रहेका थिए भन्ने बुझिन्छ । राज्यको तर्फबाट यस पक्षमा खास हेरविचार नभए तापनि व्यक्तिगत, सामाजिक तथा धार्मिक गुठी आदिको तर्फबाट भने धर्म प्राप्ति तथा सामाजिक मर्यादा कमाउने उद्देश्यले अनेक कीर्तिहरू राखिएका उदाहरण प्रशस्त पाइन्छन् । उत्तरदक्षिणका अन्तर्राष्ट्रिय बाटोहरूमा ठाउँठाउँमा पाटी, पौवा, धर्मशाला, धारोकुवा, चौतारी आदिको व्यवस्था त सेवाभावना धर्म तथा सामाजिक मर्यादा प्राप्त गर्ने चाहना भएको त्यस्ता व्यक्ति तथा गुठी आदि संस्थाहरूबाट अवश्यै गरिएका हुन्थे । उपत्यकामा मध्यकालमा बाटोघाटोको स्याहारसंभार गर्ने गोष्ठी (गुठी) समेत थिए भन्ने उदाहरण पाइएका छन् । ने.सं. २९१ (वि.सं. १२२८) को पाटन गावहाल वलटोलस्थित राजा रुद्रदेवका पालाको एउटा शिलालेखमा मार्गोन्मार्जन गोष्ठी (बाटो सफाइ गर्ने गुठी) को उल्लेख परेको छ । उक्त अभिलेखमा धनी र गन्यमान्य व्यक्तिहरूबाट त्यस्ता गोष्ठीको आर्थिक व्यवस्थाका निम्ति जग्गाजमिनजस्ता स्थायी सम्पत्ति दान दिने परिपाटीसमेत चलेको कुराको वर्णन छ । त्यस्तै गरी त्यसै अभिलेखमा बाटामा

जलद्रोणी (टुटे धारा) र यात्रुहरूको विश्रामका निम्ति पाटीपौवा, धर्मशाला जलद्रोणी बाटोघाटो बनाउने, स्याहारसंभार गर्ने, सफा गर्ने, इँट्टा छाप्नेजस्ता कीर्तिहरू शासकवर्ग तथा जनताबाट समेत भएका उदाहरण उल्लेख गरेर नै साध्य नहुने गरी अत्यधिक संख्यामा पाइएका छन् । धारा, पाटीपौवा, बाटोघाटो सरसफाई तथा संभार गरेका उदाहरण गोपालराजवंशावलीमा पनि वर्णित छन् । शहरका बाटोका ढोकाहरूमा अनेक प्रकारका तोरण हाल्दै सडक झलमल्ल पारेका,[१०] टोलटोलका सडकमा ढल सफा गरी इँट्टा छाप्ने, सडक बनाउने काम गरेका[११] जस्ता घटनाको टिपोट गोपालवंशावलीमा पाइन्छन् । यसैगरी नयाँ नगर बसाई सडकहरू बनाएका उदाहरण अन्य स्रोतमा पनि पाइएका छन् । भाषावंशावलीको कथनअनुसार लक्ष्मीनरसिंह मल्ल र प्रताप मल्लका शासनकालका काजी भीममल्लले आफूले आर्जन गरेको सम्पत्ति खर्चगरी मूल शहरदेखि कोटेश्वरसम्म सडक बनाई बागशास्त्रअनुरूप शहर बसाए भन्ने चर्चा निकै उल्लेखनीय छ ।[१२]

मध्यकालको सुरुदेखिमल्लकालको अन्तिम समयसम्मका भूमिसम्बन्धी ताडपत्र तथा अन्य तमसुक आदि कागजहरूमा जग्गाजमिन किनबेच, बकस, धरौटी आदि हरेक लेनदेनको सन्दर्भमा जग्गाका चारकिल्ला र सिमाना छुट्याउने क्रममा अनेक ठूला-साना सडकहरूको उल्लेख प्रशस्तै भएको पाइन्छ ।[१३] दोलखा भेकका ऐतिहासिक सामग्रीमा पनि सडकमा ढुङ्गा बिछ्याउने गरेका घटनाको ठाउँठाउँमा वर्णन पाइएको छ ।

उपत्यका र उपत्यका बाहिरका मध्यकालिक बस्तीहरूको ध्यानपूर्वक अध्ययन गरेमा अहिले पनि त्यस युगमा बाटोघाटो, धारा, पाटी-पौवा आदि कुरामा कति ध्यान दिइएको थियो भन्ने कुरा स्पष्टै झल्कन्छ । खासगरी झाराको रूपमा जनतालाई काममा लगाएर भए पनि नगर र वरिपरिका बाटोघाटो, पौवा, धर्मशाला, ईनार, धारा आदि बनाउने र स्याहारसंभार गर्न लगाउने चलन त्यसबेला खुवै प्रचलित थियो । धार्मिक र सामाजिक उद्देश्यले त्यस्ता वस्तुको निर्माण गर्नेतर्फ भारादारवर्ग, व्यापारी, साहुमहाजन, ब्राह्मण, पण्डितहरू तथा सर्वसाधारणसमेत खुबै उत्सुक रहन्थे । यसको प्रमान मध्यकालका अहिले पनि देख्न सकिने त्यस्ता अनगिन्ती स्मारकहरूकै अवलोकनबाट पनि राम्रैसँग मिल्दछ । यसबाहेक मध्यकालका रथयात्रासँग सम्बन्धित हालसम्म चल्दैआएका यात्राहरूले पनि उपत्यकाका मुख्यमुख्य नगरभित्रका सडकहरू केही फराकिला र इँट्टासमेत छापेर व्यवस्थित पारिएका हुन्थे भन्न सकिन्छ । लिच्छविकालमा 'रथ्या', 'महारथ्या' भनेजस्तै मल्लकालका ठूल्ठूला पाङ्ग्रायुक्त रथहरू शहर घुमाउन सडकको राम्रो प्रबन्ध अवश्य भएको

थियो भन्न सकिन्छ। मच्छेन्द्रनाथको रथयात्रा, कुमारीको रथयात्रा यस सन्दर्भमा विशेष उल्लेखनीय छन्।

मध्यकालमा उपत्यकाभित्रका सडक यातायातका निमित्त ठाउँठाउँमा बागमती, विष्णुमती तथा अरू स-साना नदी र खोल्साहरूमा ठूलाठूला काठका खम्बा तथा इँट्टा. ढुङ्गाको गाह्रो लगाएर खम्बा उठाई काठका ठूलाठूला निदाल र दलिनहरूको प्रयोग गरी माथिबाट सडकमा झैँ इँट्टा, ढुङ्गा, माटोले छोपेर पुलहरू बनाइएका उदाहरण पनि पाइएका छन्। शाहकालमा पछिसम्म नै ती पुलहरूको प्रयोग भएका प्रमान पनि पाइएका छन्। यस्ता पुल निर्माणका निम्ति तात्कालिक शासकहरूले पनि ध्यान दिन्थे। जस्तै, कान्तिपुरका राजा प्रताप मल्लले ने.सं. ७८३ मा स्वयंभू जाने बाटोको विष्णुमती पुल नजिकै बनाएको चर्चा उक्त पुल नजिकै पाइएको एक शिलालेखमा परेको छ।[१४]

यस किसिमले उपत्यकाभित्र र आसपासका नगर रूपका बस्तीहरूमा सामाजिक गोष्ठी, व्यक्ति तथा राज्यको आव्हानमा झारामा समेत यस्ता सार्वजनिक बाटोघाटो, धारा. पाटीपौवा देवालय आदिको निर्माणसम्भार हुने गरेको पाइए तापनि नगरभन्दा टाढाटाढा बाहिरबाहिरसम्म पुग्ने बाटोहरूको भने राम्रो व्यवस्था हुन नसकेको कुरा तात्कालिक शासनपद्धतिका आधारमा पनि बुझ्न सकिन्छ। जस्तो तिनताका यातायात र सञ्चारको सुप्रबन्ध हुन नसक्नाले प्रशासनिक ढाँचा नै आधुनिककालको भन्दा भिन्न किसिमको हुन्थ्यो। टाढा-टाढाका प्रदेशमा केन्द्रबाट सोझै रेखदेख हुन असम्भव हुनाले सामन्त वा माण्डलिकहरू नियुक्त गरी स्थानीय शासन चलाउने परिपाटी लोकप्रिय थियो। पछि यही यातायातका हिसाबले केन्द्रभन्दा बाहिरका प्रदेशहरू दुर्गम हुनाले र केन्द्रमा राजनीतिक कमजोरी आउनाले राज्य विखण्डन हुँदै नेपालमा स-साना टुक्राटुक्रा रजौटाहरूको प्रादुर्भाव भएको थियो। यातायात र पारवहनका साधनहरूमा भरियाबाहेक घोडा, हात्ती आदिको उपयोग उपत्यका, मध्यपहाड र तराईसम्म आवतजावत गर्नका निम्ति हुन्थ्यो। उत्तरतर्फ भने हात्तीको उपयोग हुन नसक्ने तर घोडालगायत गधा, खच्चर, याग, झोपा, भेँडा, च्यांग्रा आदिको उपयोग हुन्थ्यो। यस विषयमा माथि पशुपालन तथा बाह्य व्यापारअन्तर्गत पनि सप्रमान चर्चा गरिसकिएको छ।[१५]

९.२ सञ्चार

यातायातमा जस्तै टाढाटाढासम्म खबर ल्याउनेलैजाने स्थायी सुप्रबन्ध गरिएका उदाहरणहरू पनि खास पाइएका छैनन्। मध्यकालभन्दा पहिले लिच्छविकालमा सञ्चारको माध्यमको रूपमा 'धावक' अर्थात् हल्काराहरूको समेत व्यवस्था भएका चर्चा माथि गरियो। त्यस आधारमा नेपालमा प्राचीनकालदेखि नै

हुलाकव्यवस्था चलेको थियो भन्ने अनुमान गर्ने बाटो मिलेको छ । मध्यकालका ऐतिहासिक सामग्रीमा भने हल्कारा (धावक) को स्पष्ट उल्लेख चाहिँ पाइएको छैन तापनि जनस्तरमा समेत उपत्यका र बाहिरका नुवाकोट, दोलखा आदि प्रदेशबीच व्यापक रूपमा पत्राचार भएका पत्रहरू प्राप्त भएका छन् । एकै परिवार र व्यक्तिले वर्षमा १०-८ पटकसम्म पत्राचार गर्नुपर्दा पनि आफ्नै मानिसद्वारा चिठ्ठी पठाइन्थ्यो वा अरू कुनै सरकारी माध्यमको व्यवस्था थियो भन्ने विषयमा स्पष्ट हुन सकिने स्थिति छैन । सरकारी काम पर्दा भने विशेष कामका निम्ति पत्रबाहक दूतहरू खटाई पठाउने परम्परा त व्यापक रूपमा नै प्रचलित थियो ।

शहर र बस्तीबस्तीमा स्थानीय सञ्चार माध्यमको रूपमा अवस्था हेरी शङ्खध्वनि गर्ने, ठूलो घण्टाा वा नगरा बजाउने, कर्नाल-नर्सिङ्गा आदि बजाउने, मुखले कराएर खबर गर्ने आदि उपायको उपयोग गर्ने चलन प्राचीन र मध्यकाल हुँदै केही अघिसम्म पनि चलिरहेकै थियो । गाउँगाउँमा त अझै पनि यस्तो चलन चलिरहेकै देखिन्छ । मल्लकालको उत्तरार्द्धदेखि बन्दूक पड्काउने, बिगुल फुक्नेजस्तो चलन पनि चल्न थालेको देखिन्छ । अग्लो ठाउँबाट दूरबीनको प्रयोग गरेर टाढाबाट आउन लागेका शत्रुपक्षको सुराक लिने तथा अन्य जानकारीहरू लिने चलन पनि मल्लकालको उत्तरार्द्धदेखि चलेको देखिन्छ । अझ पछिदेखि तोप पड्काउनेसमेत चलन चलेको कुरा हामीलाई राम्रै जानकारी छ ।

शङ्खध्वनि गरी शुभ र अशुभ दुवै थरी घटनाको खबर दिने चलन वैदिककालदेखि नै चलिआएको यथार्थ हामीलाई अवगतै छ । मरणको घटना एकोहोरो शङ्ख बजाएर, दीपक रागयुक्त बाजा बजाएर, काहालबाजा बजाएर गरिने चलन मध्यकालमा पनि प्रचलित थियो । स्थिति मल्लको व्यवस्थामा राजाहरू मर्दा दीपक राग बजाउँदै शवयात्रा चलाउने र जनताहरूमा कतिपय जातका मानिस मर्दा काहालबाजा बजाउँदै शवयात्रा चलाउने स्थिति बसाएको थियो भन्ने उल्लेख छ ।[१५] हिन्दूहरूमा अहिले पनि एकोहोरो शङ्खध्वनि शुभकार्यहरू पूजा आजाको प्रारम्भ मध्यान्तर अन्त्य वा त्यस्ता कार्यका विशेषविशेष घटना हुँदा गर्ने चलन जुन आज छ त्यो तिनताका पनि कायम थियो । शङ्खध्वनिको टाढाटाढासम्म आवाज पुग्ने भएकोले सञ्चारको माध्यमको रूपमा त्यसको उपयोग गर्ने चलन चलेको हो । मध्यकालमा शङ्खध्वनिको माध्यमबाट खासगरी धार्मिक-सांस्कृतिक सूचनाको प्रसारण हुन्थ्यो भन्न सकिन्छ ।

मध्यकालमा सबैभन्दा लोकप्रिय माध्यम घण्टाा बजाउने र झ्याली पिटाउने मानिएको देखिन्छ । ने.सं. ४६८ (वि.सं. १४०५) मा राजा राजदेवले

बनेपालीहरूलाई देउपाटन आउन दिने छुटको घोषणाको जानकारी घण्टाा बजाउन लगाएर गराएका थिए ।[१६] यस्तै किसिमले प्रताप मल्लका काजी भीममल्लले गरेको व्यवस्था तथा स्थितिरीति देशका सबै जनताले मान्नू भन्ने राजघोषणाको सूचना राजा प्रताप मल्लले मूल शहर र शहरका सिमानासम्म डङ्का बजाएर अर्थात् झ्याली पिटाएर गराएका थिए भन्ने उल्लेख भाषावंशावलीमा परेको छ ।[१७] मल्लकालका तीनवटै दरबारमा विशाल घण्टााहरू यस्तै सूचनाको उद्देश्यले राखिएको तथ्य यहाँ उल्लेखनीय छ । देशमा शत्रुको आक्रमण हुन लागेमा वा अरू कुनै आकस्मिक संकट आइलाग्दा यस्ता घण्टाा बजाएर देशबासीलाई खबर गर्ने चलन मध्यकालमा थियो र त्यो परम्परा निकै प्राचीन हो ।

ठूल्ठूला घण्टाा बजाएर संकेत सूचनाको काम लिने चलन नेपालमा मात्र नभएर सञ्चारका आधुनिक साधनहरूको आविष्कार र प्रयोग गर्ने चलनको थालनीभन्दा पहिले विश्वकै सबैजसो नगरहरूमा भएको जानकारी पाइएको छ। फरक घण्टाा बजाउने तरिकामा मात्र हो । पश्चिमा समाजमा यस्ता ठूल्ठूला घण्टा गिर्जाघरमा घनले पिटेर बजाउने र विभिन्न संकेत सूचना दिने काम गर्ने चलन अद्यावधि चलिरहेको देखिन्छ । यता पूर्वीय सभ्यतामा भने घण्मै जोडिएको यताउता तान्दै ठोक्काएर आवाज निकाल्ने रालो (डाँठ) भएको घण्टाको उपयोग गर्ने चलन अघिदेखि नै चलिआएको छ । यस्ता संकेतसूचक घण्टाहरू हिन्दू देवालय र बौद्ध विहारहरूमा समेत राखिएका हुन्छन् । साँखु शहर र बज्रयोगिनीको ठूलो घण्टाको प्रसङ्ग पनि यस सन्दर्भमा यहाँ उल्लेखनीय छ । साँखु शहरभन्दा केहीमाथि एकान्त र जंगल भएको स्थलमा अवस्थित बज्रयोगिनीको मन्दिरमामल्लकालमा राखिएको ठूलो घण्टा मन्दिरमा वा साँखु शहरमा कुनै ठूलो आकस्मिक संकट आइलागेको समयमा मात्र बजाउने परम्परा अहिलेसम्म पनि चलिरहेको छ । वि.सं.२०२६ सालमा त्यहाँका पुराना बहुमूल्य मूर्तिहरूको चोरी हुँदा त्यही घण्टाको संकेतको सहयोगमा नगरबासीलाई मध्यरातमा समेत बिउँझाएर उक्त मूर्तिहरू चोरसहित फेला पारिएको घटना यहाँ अविस्मरणीय छ ।

मध्यकालदेखि चलेका घण्टााको आवाज दिएर सूचना गर्ने अरू पनि केही परम्पराहरू अद्यावधि चलिरहेकै छन् । जस्तै, चैत्रशुक्ल प्रतिपदाका दिन ठमेलस्थित विक्रमशीलमहाविहारबाट सुरु हुने 'चकंच' यात्रामा दुइजनाले बाँसको नोलमा ठूलो घण्टा बोकेर बजाउँदै टोलटोलमा 'तानांच' भन्ने देवताको पौवा पिठ्यूँमा झुण्ड्याएर परिक्रमा गर्ने र बेलुकी दिउँसो घुमेकै टोलमा चकंचको यात्रा चलाउने चलन अहिले पनि चलिरहेकै छ ।[१८]

यस्तै किसिमले झ्याली पिटेर संकेत सूचना दिने वा कुनै सार्वजनिक स्थलमा मानिस भेला गराउने काम मध्यकालमा चल्दथ्यो भन्ने प्रमानसहित केही उल्लेख माथि गरियो । यस्तो परिपाटीलाई नेवारीमा 'नायखिं चोयके' भन्ने चलन छ । सोह्र श्राद्ध सुरु हुने दिन, जुवा फुक्ने र बन्द हुने समयमा (दिनमा), मालपोत बुझाउने समय र कुमारीको रथ तान्ने समयमा समेत यस्तो 'नायखिं चोयके' द्वारा सूचना गर्ने सांस्कृतिक महत्त्वको चलन राणाकालसम्म सशक्त रूपमा चलिरहेकै थियो ।[19] केही मात्रामा अहिले पनि छ तर हिजोआज जुवा फुक्ने र बन्द हुने, मालपोत तिर्ने, बुझाउने आदि काममा उर्दीको आवश्यकता छैन र चलन पनि हराइसकेको छ ।

झ्याली पिट्नेबाहेक विभिन्न किसिमका ध्वनि निकाल्ने बाजा वा त्यस्तै वस्तुको प्रयोग गरेर तथा मान्छेले नै कराएर सूचना दिने चलन पनि मध्यकालमा चलेको अनुमान हुन्छ । पश्चिम पहाडतर्फ मुस्ताङ, मनाङ, डोल्पा तथा जुम्ला, हुम्ला आदि हिमाली क्षेत्रमा समेत गाउँका कटुवालले कराएर, ढोलक, नगरा आदिको आवाज दिएर मानिस भेला गराउने तथा खास कामका विषयमा गाउँभरि बाटोघाटोमा कराउँदै दौडेर खबर गर्ने मध्यकालिक चलन ज्यूँकात्यूँ रूपमा अहिले पनि चलिरहेको देख्न सकिन्छ । सार्वजनिक काम आइपर्दा, मरिमराउँ हुँदा, चोरीडकैती हुँदा, बालीनाली वस्तुभाउले खाँदा, गाउँमा कुनै नौलो मानिस आई कुनै कामका निम्ति सहयोग माग्दा, बीउ छर्ने, बाली लगाउने, बाली उठाउने, ठूलठूला सार्वजनिक पूजाआजा, चाडपर्व आदिका सम्बन्धमा समेत खबर दिने र मानिस भेला गराउने काममा कटुवाल घोक्ने वा अरु किसिमले संकेतध्वनि दिने चलन कायमै रहेको देखिन्छ ।

उपत्यकामा घण्टाबाहेक ठूला नगरा बजाएर पनि कुनै आकस्मिक घटनाको सूचना दिने परिपाटी चलेको थियो । पुरानु शहरको मूल प्रदेशद्वार नजिकै राखिएका त्यस्ता ऐतिहासिक नगराहरू अहिले पनि काममा नआए पनि सुरक्षित रहेका देखिन्छन् ।

उपर्युक्त बाहेक कर्नाल, दुङ्-छेन्, काङ्लिङ् बजाएर, बन्दुक पड्काएर, नर्सिङ्गा फुकेर पनि सूचना दिने चलन अहिले पनि ठाउँठाउँमा चलिरहेकै छन् । उपत्यकामा यस्ता वस्तुमा खासगरी कर्नाल, बन्दुक, नर्सिङ्गा आदिको प्रयोग हुन्थ्यो भन्ने अनुमान हुन्छ । मल्लकालको उत्तरार्द्धदेखि बन्दुकको चलन पनि प्रशस्तै हुन थालेको हुनाले बन्दुक पड्काएर सूचना गर्ने चलन चलेको हुन सक्दछ । ठूलाबडाका विवाहव्रतवन्ध आदि पर्वमा बरियातमा समेत अगाडि-अगाडि ठाउँठाउँमा बन्दुक पड्काउँदै जाने चलन केही अघिसम्म चलिरहेको कुरा यहाँ उल्लेखनीय छ, जसको काम सूचना नै हो । हर्ष बढाइँ, विजययात्रा आदिमा बन्दुक पड्काउँदै सूचना दिँदै लस्कर हिँड्ने चलन अवश्य थियो ।

अहिले पनि बढाइँ गर्दा बन्दुक पड्काउने चलन पुरानो परम्पराको अवशेषको रूपमा छँदैछ ।

यसरी बाक्ला बस्ती तथा नगरभित्र उपर्युक्त माध्यमबाट सूचना पु-याउने र मानिस भेला गराउने चलन भए तापनि उपत्यका बाहिर तथा त्यस्ता सुविधायुक्त नगरभन्दा बाहिर टाढाटाढासम्म पुग्ने सञ्चारको राम्रो व्यवस्था हुन नसकेको हुनाले पनि केन्द्र र स्थानीय सामन्त शासनको परिपाटीद्वारा राज्य चलाउने चलन त्यसबेला भएको हो । यातायात र सञ्चारको राम्रो व्यवस्था नहुँदा सामन्त शासकहरू समयसमयमा शक्तिशाली बनेर स्वतन्त्रसमेत हुने चेष्टा गरिरहन्थे र कहिलेकाहीं स्वतन्त्र पनि हुन्थे । समयभित्र केन्द्रमा खबर नपुग्नु, खबर पुगेर पनि सैनिकवल सम्बन्धित ठाउँमा तुरुन्त पु-याउन नसक्नुजस्ता कारणले सामन्त राज्यहरू बढी शक्तिशाली हुने र बेलाबेलामा स्वतन्त्रसमेत हुन पुग्नु स्वाभाविकै थियो । यस्तै प्रक्रियाको फलस्वरूप पछि मध्यकालमा नेपालको नराम्रोसँग विखण्डन हुन पुगेको हो । त्यसैले पुनः सम्पूर्ण नेपाललाई एक राष्ट्रको रूपमा निर्माण गर्न निकै ठूलो प्रयत्न गर्नु परेको यथार्थ इतिहासमा नमेटिने गरी रहेको छ ।

टिप्पणी

१. रमेश ढुङ्गेल, *प्राचीन अर्थव्यवस्था*, काठमाडौँः शारदाप्रसाद उपाध्याय ढुङ्गेल, २०४३, पृ. १४७-५० ।
२. *त्यही*, पृ. १८३-८४ ।
३. जि.रोरिक, *बायोग्राफि अफ धर्मस्वामिन*, पटनाः के.पी. जायसवाल रिसर्च इन्स्टिट्यूट, ई. १९५९, पृ. ८, मूल पत्र ७ क, ८ ख ।
४. ज्ञानमणि नेपाल, *पशुपतिनाथको दर्शन स्पर्शन र पुजन सम्बन्धमा समीक्षा*, काठमाडौँः महेशराज पन्त, वि.सं. २०४३ ।
५. अलका चट्टोपाध्याय, *अतीश एण्ड टिवेट* (रिप्रिण्ट), दिल्लीः मोतीलाल बनारसी दास, १९८१ ।
६. डि.आर.रेग्मी, *मेडिएवल नेपाल*, पार्ट टू, कलकत्ताः के.एल. मुखोपाध्याय, पृ.५२४-२५ ।
७. विलियम कर्कप्याट्रिक, *यान् एकाउण्ट् अफ् द किङ्डम् अफ् नेपाल्*, पृ. ५३ ।
८. *त्यही*, पृ. ६३ ।
९. संशोधन मण्डल, *अभिलेख संग्रह* दोस्रो भाग, पृ. १३ ।
१०. *गोपालराजवंशावली*, पत्र संख्या ५५ ।
११. *त्यही*, पत्र संख्या ६३ ।
१२. देवीप्रसाद लंसाल (सं.), *भाषावंशावली* द्वितीय भाग, काठमाडौँः नेपाल राष्ट्रिय पुस्तकालय, वि.सं. २०२३, पृ. ८३ ।
१३. वर्नहार्ड कुल्भर र हेमराज शाक्य, *डकुमेन्ट्स फ्रम दि रुद्रवर्ण महाविहार पाटन*, भि.जि.एच.डब्ल्यू.एस.ए., ई. १९८५ का सामग्रीहरू र शंकरमान राजवंशी (सं.),

भूमिसम्बन्धी तमसुक ताडपत्र भाग १-४ , काठमाडौँ: राष्ट्रिय अभिलेखालय, वि.सं. २०४०-४४ का सामग्रीहरू ।
१४. डि.आर.रेग्मी, *मेडिएवल नेपाल पार्ट फोर,* पृ. १२६-२७, सामग्री संख्या ६२ को अभिलेख ।
१५. यसै पुस्तकका परिच्छेद तीन र छ हेर्नुहोस् ।
१६. लंसाल, *पूर्ववत्* संख्या १२, पृ. ३८ ।
१७. *गोपालराजवंशावली* पत्र संख्या ५२ 'क' ।
१८. लंसाल, *पूर्ववत्* संख्या १२, पृ. ८४ ।
१९. शान्तिप्रभा वज्राचार्य, 'कटुवाल घोक्ने', *रोलम्वा,* वर्ष ६, अंक २, पृ. १२ (नेपाली) ।
२०. *त्यही,* पृ. १२-१३ ।

परिच्छेद दश : राज्यको आम्दानी र खर्च (वित्त) व्यवस्था

राजस्व अर्थात् आम्दानीका स्रोतहरु

कर व्यवस्था

अस्थायी वा विशेष उद्देश्यका करहरु

आम्दानीका अन्य स्रोतहरु

राज्यको खर्च

परिच्छेद दश
राज्यको आम्दानी र खर्च (वित्त) व्यवस्था

१०. वित्त व्यवस्था

आधुनिक युगमा जस्तो अघिअघि देशको आयव्ययको राम्रो लेखाजोखा गरी खर्चअनुरूप आम्दानीका स्रोत जुटाउने परिपाटी थिएन । यसो भए तापनि राजकोष वा ढुकुटी खाली हुन नदिन र राज्यलाई सम्पन्न र बलियो पार्न अनेक आम्दानीका स्रोतको स्थायी तथा अस्थायी रूपमा व्यवस्था गर्ने चलन हजारौं वर्ष अघिदेखि चलिआएको देखिन्छ । कौटिल्यजस्ता प्राचीन आचार्यहरूले समेत राजढुकुटीलाई सम्पन्न राख्ने नीति बनाएका थिए । हिजोआज जस्तो विकास निर्माणका काममा अत्यधिक खर्च अघिअघि हुँदैनथ्यो तापनि देशरक्षा, प्रशासन तथा लोककल्याणकारी धार्मिक र सामाजिक कार्यहरूमा राजकोषबाट धेरै नै खर्च हुन्थ्यो । आम्दानीका स्रोतमा विविध किसिमका कर, भन्सारमहसुल, दण्डकुण्ड, विजयपराजय र सामन्तहरूले तिर्ने सिर्तो, पर्ति जग्गाजमिनको आवादी तथा राज्यभित्रका प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त हुने आयस्ता आदि पर्दथे । मध्यकालमा पनि राज्यका आम्दानीका स्रोत तथा खर्च हुने ठाउँ यस्तै नै हुन्थे ।

धर्मशास्त्र तथा प्राचीन नीति र परम्परालाई मान्ने मध्यकालका सबैजसो शासकहरूले राज्यव्यवस्था कल्याणकारी रूपमा चलाएको दावी गरेको पाइन्छ । नेपालको प्रसिद्ध गोपालराजवंशावलीमा पनि राजाले गर्नुपर्ने यज्ञस्वरूपका महत्त्वपूर्ण पाँच कुराहरूमध्ये न्यायपूर्वक राज्यको कोष (ढुकुटी) लाई बढाउनु पनि एक हो भनेर स्पष्ट उल्लेख भएको छ (पत्रसंख्या ३० 'क') । यसो भए तापनि आधुनिक कल्याणकारी राज्यको परिकल्पना र व्यवहारलाई दृष्टि दिने हो भने मध्यकालको शासनपद्धतिलाई बिल्कुलै सामान्य किसिमको भन्नुपर्दछ । त्यस युगमा राजा भनेको राज्य र राज्य भनेको राजा भनेर मान्नुको साथै राज्यको खर्च र राजाको खर्च तथा राजाको व्यक्तिगत खर्च र राज्यको ढुकुटी वा कोषमा कुनै भिन्नता थिएन । त्यसैले त्यसै अवस्थामा कल्याणकारी राज्य थियो भनेर कसरी भन्ने ? देशमा र जनतामा अमनचयन थियो, थिएन र जनताको स्तर अन्य सभ्यताको तुलनामा नेपालमा कस्तो थियो भन्ने

दृष्टिकोणबाट हेर्दा जनताको अवस्था ज्यादै गए गुज्रेको भने देखिँदैनथ्यो तर भौतिकवस्तु र सम्पत्तिको वितरणमा भने शासकवर्ग, भारादारवर्ग तथा समाजका उच्च वर्गहरूको तुलनामा अत्यधिक अन्तर भने अवश्य थियो । यथार्थमा राज्यपद्धति नै सामन्त व्यवस्थामा आधारित थियो र देशको प्रकृतिक स्रोत-साधन सबैजसो मूलतः राजा र राजपरिवारको सर्वोपरी नियन्त्रणमा हुन्थ्यो।

१०.१. राजस्व अर्थात् आम्दानीका स्रोतहरू

माथि उल्लेख गरिएजस्तै राज्यका विविध किसिमका आम्दानीका स्रोतहरू मध्यकालमा परिचालित थिए । परम्परागत रूपका सबैतिर प्रचलित स्रोतवाहेक उपत्यकामा खासगरी मध्यकालको उत्तरार्द्धदेखि नेपाली मुद्रा तिब्बतमा पठाएर पनि निकै ठूलो धनराशि प्राप्त गर्ने परिपाटी चलेको कुरा यहाँ उल्लेखनीय छ । यस स्रोतबाट वार्षिक ५,००,००० रूपैयाँसम्म उपत्यकालाई आम्दानी हुने जानकारी पाइएको छ ।[1] भोटको लागि समेत नेपाली मुद्रा टकमरी गरी पठाउने चलन कान्तिपुरका राजा महीन्द्र मल्लका पालादेखि चलेको बुझिन्छ । पछिपछि भोटका निम्ति छुट्टै मुद्रा टकमरी गरी पठाउने चलनसमेत चलेको चर्चा सप्रमान माथि मुद्राको अध्ययनको सन्दर्भमा नै गरिसकिएको छ । व्यापार, कृषि, पशुपालन, उद्योगधन्दा आदिको माध्यमबाट पनि धेरै नै आम्दानी हुने कुरा सम्बन्धित परिच्छदेमा नै चर्चा गरिसकिएको छ । यस्ता स्रोतमध्ये पनि व्यापार र उद्योगधन्दाबाट नै उपत्यकालाई बढी बैभवपूर्ण बनाएको यथार्थ भने भुल्न सकिँदैन । त्यसैले उपत्यकाका अन्य आयका स्रोतमध्ये सरकारी आयमा कर र भन्सार महसुलको स्रोत नै ठूलो थियो । त्यसैले मध्यकालको कर व्यवस्था बारेमा यहाँ अलिक विस्तारपूर्वक चर्चा गर्नु परेको छ ।

१०.१.१. करव्यवस्था

प्राचीनकालको तुलनामा मध्यकालको करव्यवस्थामा निकै अन्तर आएको देखिन्छ । लिच्छविकालमा प्रचलित स्थायी करहरू अब विस्तारविस्तार हराउन लागेका थिए । खासमा भूमिव्यवस्थामा आएको परिवर्तनको असरले यस्तो भएको हो । लिच्छविकालमा आवाद जग्गाहरू मध्यकालमा जस्तो अत्यधिक रूपमा विर्ता र गुठीको रूपमा परिणत भइसकेका थिएनन् । मध्यकालसम्ममा त्यस्ता अधिकांश जग्गाजमिन विर्ता तथा गुठीअन्तर्गत पर्ने जानाले भागकर (भूमिकर) मा अप्रत्याशित ह्रास आएको थियो । लिच्छविकालमा जग्गाको उत्पादन हेरेर १/२, १/६, १/१०, १/१२ र १/२० (विंशतिका)[2] सम्म उत्पादनको अंश 'भाग' करको रूपमा राज्यलाई बुझाउनु पर्ने चलन थियो । त्यसैगरी

राजकोषमा जाने भागकर (भूमिकर) बुझाएर जरगाधनीको तोकिएको कुत (पिण्डक) बुझाई बाँकी अंश खेतीवालले पाउँदथे । अरू प्राचीनकालका पशुपालन तथा उद्योगव्यापारसँग सम्बन्धित करहरू भने मध्यकालमा पनि कायमै थिए । व्यापार करको माध्यमबाट हुने आम्दानी प्राचीनकालको भन्दा पनि मध्यकालमा धेरै बढेको थियो । लिच्छविकालमा स्थानीय र विशेषकरबाहेक मूल राजकोषमा जाने भाग, भोग र कर (समुचितस्त्रिकर) अर्थात् भूमि, पशुपालनमा तथा उद्योगव्यापार आदि व्यवसायका कर गरेर ३ किसिमका कर प्रचलित थिए ।[३] मध्यकालमा 'समुचितस्त्रिकर' भनेर उपर्युक्त तीन प्रकारका करको उल्लेख कुनै पनि ऐतिहासिक स्रोतमा पाइएको छैन तापनि केही मात्रामा भूमि, पशुपालन तथा धेरै मात्रामा व्यापारकर मध्यकालमा प्रचलित थियो ।

उपर्युक्त परम्परागत करबाहेक मध्यकालको उत्तरार्द्धदेखि नयाँ किसिमका अस्थायी तथा विशेष उद्देश्यका कर लगाउने चलन निकै व्यापक रूपमा चलेको देखिन्छ । राजदरबारमा हुने विवाह, व्रतबन्ध, दीक्षा, अन्त्येष्टिक्रिया, राजामहाराजाहरूका तीर्थयात्रा वा विदेशभ्रमण, दरबारमा हुने तथा ठूलठूला देवालय किल्ला आदिसँग सम्बन्धित निर्माणात्मक काम आदिका अवसरमा बस्तीबस्तीबाट त्यहाँको उत्पादन र जनघनत्व हेरी नगद र जिन्सी दुवै किसिमका कर उठाउने गरेका प्रामाणिक ऐतिहासिक टिपोटहरू पाइएका छन् । विभिन्न किसिमका ठ्यासफू बाहेक खासगरीमल्लकालका यस्ता विशेष पर्वसँग सम्बन्धित 'धर:पौ' तथा लगत रूपका टिपोटबाट यस विषयमा व्यापक जानकारी पाइएको छ । विशेष उद्देश्यका निम्ति उठाइने यस करलाई मध्यकालमा 'सेवा कु' भनिन्थ्यो ।

पूर्वमध्यकालका सुरुसुरुका केही ऐतिहासिक ताडपत्र आदि स्रोतमा भूमिकरलाई 'मूलपिण्ड' भनेर उल्लेख गरिएको छ ।[४] यसैलाई कतिपय पत्रमा 'वस्तु' भनेर उल्लेख गरिएको पनि देखिन्छ ।[५] राजकोषमा जाने 'मूलपिण्ड' राजाले विभिन्न व्यक्तिलाई सेवा वा रीझबापत प्रदान गर्ने परिपाटी पनि तिनताका चलेको देखिन्छ । खासगरी उच्चवर्गका प्रधानपुरुष, ब्राह्मण, पण्डित, भारादारवर्ग (भारो) हरूलाई राज्यले उठाउने भूमिकार अर्थात् 'मूलपिण्ड' निजी उपभोगका निम्ति दिइएका उदाहरण पाइएका छन् ।[६] त्यस्तैगरी राजाले अनुग्रहद्वारा मूलपिण्ड वा भूमिकर पुरै वा आंशिक छुट दिने प्राचीन हिन्दूपरिपाटी मध्यकालसम्म रहेको पनि यस आधारमा बुझ्न सकिन्छ । कौटिल्यले पनि राजाले भूमिकर छुट दिन सक्ने कुराको चर्चा गरेका छन् ।[७] यो मूलपिण्ड पद्धति कौटिल्यको 'पिण्डकर' सँग सम्बन्धित थियो कि भनेर अनुमान गर्न सकिन्छ । कौटिल्यले राजदरबारको मुख्य खर्चको भरपुर गर्ने स्रोतका रूपमा 'पिण्डकर' को चर्चा गरेका छन् ।[८] पूर्वमध्यकालमा मूलपिण्डको व्यवस्था हुँदा

यसको दर कस्तो थियो भन्ने विषयमा स्पष्ट जानकारी भने पाइएको छैन तापनि धेरैजसो आर्थिक सामाजिक परिपाटी मध्यकालको पूर्वार्द्धसम्म लिच्छविकालकै जस्तो भएबाट लिच्छविकालकै भूमिकरको दर यसबेलासम्म कायमै रहेको हुनुपर्दछ भनेर अनुमान गर्नसम्म सकिन्छ । रुद्रवर्णमहाविहार पाटनमा प्राप्त ताडपत्रहरूका आधारमा मूलपिण्ड लगभग १/३ मानिका देखि ४ मानिकासम्मको दरमा लागेको देखिन्छ । यो पुरानु मूलपिण्डको चलन ने.सं. २९६ भन्दापछिका स्रोतसामग्रीमा उल्लेख भएको पाइँदैन । त्यसैले ने.सं. २९६ पछि ने.सं. ३२६ बीचमा नेपालको खासगरी काठमाडौँ उपत्यका र आसपासको भूमिव्यवस्थामा परिवर्तन भएको चर्चा माथि भूमि व्यवस्थाअन्तर्गतको अध्ययनमा सप्रमान गरियो । लिच्छविकालको अन्त्य वा मध्यकालको प्रथम शताब्दीताकादेखि जग्गाको नापमा रोपनीको प्रथा र यो 'मूलपिण्ड' भन्ने भूमिकरको प्रथा एकैचोटी सुरु भएको केही अन्वेषकहरूले गरेको अनुमान[१०] ऐतिहासिक सामग्रीमा उल्लिखित तथ्यले ठिकै जस्तो लाग्दछ । भूमिकरकै सन्दर्भमा पूर्वमध्यकालमा केही ऐतिहासिक सामग्रीमा 'लासो' र 'चाटी' नामक करको पनि उल्लेख भएको पाइन्छ । यी करहरू कुन उद्देश्यका थिए भन्ने विषयमा स्पष्ट जानकारी भने पाइएको छैन तर ताडपत्रहरूमा मूलपिण्डको तुलनामा अत्यन्त कम परिमाणमा अन्न (धान) तिरोको रूपमा बुझाउने गरेको देखिन्छ । ने.सं. ३०६ र ने.सं. ३१० का ताडपत्रहरूमा 'लासो' को चर्चा परेको छ, जसमा प्रतिरोपनी क्रमशः ०.२५ प्रस्थ (पाथी) र ०.३७५ प्रस्थ (पाथी) परिमाण 'लासो' लागेको कुरा उल्लिखित छ ।[११] त्यसैगरी ने.सं. २११ र २९४ का ताडपत्रहरूमा 'चाटी' नामक भूमिसम्बन्धी तिरोको चर्चा परेको छ ।[१२] लासोको तुलनामा 'चाटी' को तिरो परिमाण धेरै देखिन्छ, किनकि प्रतिरोपनी 'चाटी' १.२५ प्रस्थ लाग्ने गरेको चर्चा उक्त ताडपत्रमा परेको छ ।[१३] लासोका सन्दर्भमा "... तत् क्षेत्रस्थित लासो ..." भन्ने समेत उल्लेख भएबाट[१४] कुनै निश्चित जग्गामाथि परम्परागत रूपमा लागेर आएको विशेष तिरोको रूपमा यसलाई मान्न सकिने आधारसम्म मिलेको छ । यसदेखि बाहेक यी दुवै भूमिसम्बन्धी नौलो किसिमका विशेष करका बारेमा कुनै जानकारी पाइएको छैन ।

लिच्छविकालमा प्रत्येक जनसाधारणले राज्यलाई तिर्नुपर्ने तिरोमध्ये 'श्रावणिका' भन्ने घरैपिच्छे जग्गैपिच्छे, तिर्नुपर्ने पनि एक थियो ।[१५] यो करलाई पछिमल्लकाल र शाहकालमा प्रचलित सगुने, सगोन (मल्लकालमा), साउने वा साउन्या-फागु (शाहकालमा) भन्ने गरेको देखिन्छ । वास्तवमा पहिले प्राचीन र मल्लकालमा श्रावण महिनामा उठाइने वा तिर्नुपर्ने वार्षिक करलाई यस किसिमले विभिन्न कालमा भिन्नभिन्न नामले उल्लेख गरिएको मात्र हो ।

मध्यकालको पूर्वार्द्धको एउटा ताडपत्रमा पनि प्रत्येक वर्षाद्मा बुझाउनुपर्ने 'मूलपिण्ड' भन्ने उल्लेख आएको छ ।[१६] यस उल्लेखले प्राचीनकालको 'श्रावणिका' मल्लकालको सुगुने वा सगोन र शाहकालको साउन्या भन्नेसँग सामञ्जस्य राखेको जस्तो लाग्दछ तर श्रावणिका सगुने वा साउने-फागु आदि दस्तुर भने नगदमा बुझाइन्थ्यो ।

दोलखा भेकमा प्राप्तमल्लकालिक ऐतिहासिक कागजपत्रहरूमा पनि यो सगुने वा सगोन भन्ने करको उल्लेख पाइएको छ ।[१७] यस किसिमको साउने-फागु भन्ने राजाबाट छुट पाएका बाहेक सबै देशवासीलाई मल्लकालदेखि परम्परागत रूपमा लागि आएको कर नुवाकोट जितिसकेपछि त्यस भेकमा जनतालाई पृथ्वीनारायण शाहले छुट दिएको प्रसङ्ग पनि यहाँ उल्लेखनीय छ । यसै सिलसिलामा 'सेर्मा' आदि बुझाउनु पर्ने अरू दस्तुहरूमा पनि नुवाकोटवासीले त्यसैबेला छुट पाएथे ।[१८] विर्ता, गुठी आदि र विशेष किसिमले छुट पाएका व्यक्ति र गाउँलेहरू बाहेक यस्तो कर देशभरका सबै जनतालाई लाग्दथ्यो भन्ने जानकारी उपर्युक्त आधारबाट मिलेको छ । डि. आर. रेग्मीले कपुचीन पादरीहरूको टिपोटको आधारमा प्रत्येक घरैपिच्छे लाग्ने कर (Poll Tax) को चलन मल्लकालमा भएको चर्चा गरेका छन् ।[१९] पादरीहरूको टिपोटमा यो कर तुलनात्मक हिसाबले हल्का अर्थात् कम दरको थियो भनेर पनि उल्लेख भएको पाइन्छ । वास्तवमा पादरीहरूले उल्लेख गरेको यो घरैपिच्छे लाग्ने कर भनेको यही 'सगोने' वा 'साउने' कर नै हुनुपर्दछ । दोलखा भेकमा नगद रूपमा उठाइने अर्को एउटा करको नाम 'दिपादाम' थियो ।[२०] तर यो कस्तो किसिमको कर हो र दोलखाबाहेक अन्यत्र यस करको चलन थियो या थिएन भन्ने विषयमा भने जानकारी पाउन सकिएको छैन ।

प्राचीनकालमा झैं स्पष्ट रूपमा मल्लकालमा भाग या भूमिकरको चर्चा पाइँदैन भनेर माथि नै उल्लेख गरियो । ने.सं. ७७२ (वि.सं. १७०८) को एउटा ताडपत्रमा 'वाफल' भन्ने करको उल्लेख परेको छ ।[२१] प्राचीन 'भाग कर' लाई नै उक्त स्रोतमा 'वा फ' भनिएको हो कि जस्तो लाग्दछ । धेरैजसो जग्गाजमिनहरू गुठी, विर्ता जागिरहरूमा परिणत भए तापनि बाँकी जग्गाबाट राजाको तर्फबाट भूमिकर त अवश्यै उठाइन्थ्यो ।मल्लकालमा भूमिकर प्रायः जिन्सीमा नै उठ्दथ्यो । यसरी भूमिकर उठाउँदा आवश्यकता हेरी कहिलेकाहीँ २।३ वर्षको एकैचोटि उठाउने पनि चलन थियो । कहिले २।३ वर्ष नउठाएर पछि उठाएका उदाहरण पनि पाइएका छन् । भक्तपुरका राजा भूपतीन्द्रमल्लको विवाहको धरःपौमा पहिलो सालको र चालू सालको कृषि उत्पादनबाट लिइने अन्न (धान) एकैपल्ट उठाएको चर्चा परेको छ ।[२२] कर्कप्याट्रिकले पनि राज्यको आम्दानीमा भूमिकर पनि पर्दथ्यो भनेर चर्चा गरेका छन् । उनले सिंचाइ सुविधा

नहुने बारी र खोरिया जमिन कमसल भएको कारण राज्यलाई त्यस्ता जग्गाबाट कममात्र आम्दानी हुने भए तापनि अरू जग्गाबाट राम्रै आम्दानी हुन्थ्यो भन्ने चर्चा गरेका छन् ।[२३]

प्राचीनकालमा पशुपालन व्यवसायमा लाग्ने करलाई 'भागकर' भनिन्थ्यो भनेर माथि चर्चा गरियो । मध्यकालमा 'भाग कर' भनेर स्पष्ट उल्लेख भएको त पाइएको छैन तर पशुपालन व्यवसायसँग सम्बन्धित कर दस्तुरका विषयमा सांकेतिक चर्चा भने पाइएको छ । माथि पशुपालन व्यवसायको अध्ययनको प्रसङ्गमा पनि यस बारमा केही चर्चा गरिसकिएको छ । उपत्यकाका काँठकाँठका बस्ती र बाहिरसमेत लिच्छविकालदेखि नै पशुपालन व्यवसायमा जोड दिइएका उदाहरण पाइएका छन् । तिनताका पशुपालन व्यवसायमा कुनै प्राकृतिक प्रकोप पर्दा वा कुनै कारणवश कष्ट परेमा राजाले बस्ती सारेर भए पनि पशुपालन व्यवसायको विकासमा निरन्तरता दिन लगाउँथे ।[२४] पशुपालन व्यवसायलाई बढावा दिनका निमित्त कहिलेकाहीँ राजाहरूले पशुपालन कर छुट पनि गरिदिन्थे ।[२५] प्राचीनकालमा हात्ती, घोडा, गाई, भैँसी, भेँडा, सुँगुर, कुखुरा, मृग आदिको पशुपालन व्यवसाय चलेका प्रमान पाइएका छन् ।मल्लकालमा पनि परम्परागत रूपमा पशुपालन पेशा गरिआउने गोपालीहरू उपत्यकाका छेउछाउमा उक्त पेशा अपनाएर जीवनयापन गरिरहेकै थिए । अझ मल्लराजाहरूबाट खर्क, घाँस विर्ता आदिको व्यवस्था गरेर गाई, भैँसी, घोडा, चौरी, भेँडाच्याँग्रा आदि पशुपालन व्यवसायमा जोड दिएका थिए भन्ने विषयमा पशुपालनअन्तर्गत सप्रमान चर्चा गरिसकिएको छ । यसरी राज्यतर्फबाट विशेष सुविधा दिएर पालिएका गोठहरूबाट करको रूपमा तथा उत्पादनको बिक्री वितरणको हिस्साको रूपमा राजस्व उठ्दथ्यो । उपत्यका बाहिर खर्कमा पालिएका घोडा आदि धेरै मूल्य पर्ने पशुहरूको बिक्रीवितरण सरकारी दस्तूर बुझाएर सरकार तर्फबाट छाप लगाएपछि मात्र हुन्थ्यो । यसरी घोडा आदि पशुको बेचबिचन गर्न सरकारी स्वीकृति लिँदा अर्थात् छाप लगाउँदा बुझाउने दस्तुरलाई 'छपाउनी' भनिन्थ्यो । पशुपालनको चर्चा र पशुपालनबाट हुने कर, भन्सार आदि दस्तूरसहित त्यस व्यवसायसम्बन्धी स्थितिबन्धेजका विषयमा दोलखा नुवाकोट भेकका ऐतिहासिक कागजपत्रमा धेरै उल्लेख भएको पाइएको छ ।[२६] दोलखा भेकमा पाइएका ऐतिहासिक कागजपत्रमा उल्लिखित 'लाफ' 'लाफल' नामका करलाई धनवज्र वज्राचार्यले पाल्तु पशुमा लागेको कर हो कि भन्नेतर्फ संकेत गर्नुभएको छ ।[२७] नेवारी भाषामा लाको अर्थ मासु हुने हुनाले र राँगो, बँदेल आदि मासु खाने पशुहरूको प्रसङ्गमा त्यहाँ उठ्ती हुने सबै लाफल (रकम वा जिन्सी) उठाएर पठाउनू भन्ने उल्लेख समेत पाइएकोले[२८] त्यस्ता वस्तुका निम्ति पशुपालक जनतासँग बेग्लै कर लिने चलन थियो कि भन्ने

अनुमान हुन्छ । राँगा, बँदेल आदि काटेर मासुको बिक्री व्यवसाय गर्नेहरूसँग उठाउने दस्तुर या मासुको सुकुटी नै करको रूपमा उठाउने चलन पनि यो हुनसक्दछ । कुनैकुनै पत्रमा पहिलेदेखि चलिआएको मर्यादाअनुरूपका दिपादाम, सगुने दाम, सेवा, सृत्ति, आदि सरकारले लिने गरेका दस्तुहरूको प्रसङ्गमा लाफको चर्चा पनि परेको पाइएको छ ।[२९]

पशुपालन व्यवसायबाट धेरै लाभ हुने र त्यसका निम्ति सरकारबाट जोड दिइएको समेत हुनालेमल्लकालमा पशुपालनबाट हुने राजस्व भने प्राचीनभन्दा कम थियो भन्न सकिँदैन । खाद्य पदार्थ, यातायात-पारवहन, बिक्रीवितरण, लत्ताकपडा समेतको स्रोतको रूपमा पशुपालन व्यवसायको उपादेयता मल्लकालमा अत्याधिक थियो ।

मल्लकालमा सबैभन्दा ठूलो आम्दानीको स्रोत बाह्य व्यापार र भन्सार महसुल थियो भनेर माथि व्यापारवाणिज्यको अध्ययनको क्रममा चर्चा गरिसकिएको छ । यहाँ त्यस बेलाको कर व्यवस्थाको अध्ययनअन्तर्गत व्यापार-वाणिज्यअन्तर्गत पर्ने जगातभन्सारको व्यवस्थालाई पनि उल्लेख गर्नुपर्ने हुन्छ । बाहिरबाट उपत्यका पस्ने सबै महत्त्वपूर्ण नाकामा उपत्यकाका शासकहरूले आ-आफ्ना भन्सारचौकीहरू राख्ने चलन थियो । यसबाहेक तराई र भोटतर्फ जाने बाटामा पनि ठाउँठाउँमा भन्सारहरू ठेक्काको रूपमा चलाउने गरी राखिन्थे ।मल्लकालको उत्तरार्द्धमा उपत्यकाका तीनै शहरमा आ-आफ्ना केन्द्रीय भन्सारहरू हुन्थे र तिनमा भन्सारीहरू नियुक्त भएका हुन्थे भन्ने चर्चा डि.आर. रेग्मीले गरेका छन् ।[३०] नुवाकोटमा पाइएको एक ऐतिहासिक पत्रमामल्लकालको अन्त्यताका नाम चलेका एकजना जयसिं नाम भएका भन्सारीले गोसाइँ कमलवनसँग रकम सापट लिएको चर्चा पाइएको छ ।[३१] धरःपौ आदिमल्लकालका अन्त्यतिरका खर्चवर्चको टिपोट रूपका ऐतिहासिक पत्रहरूमा पनि 'टक्सारी', 'भन्सारी' आदिको उल्लेख पाइएको छ । भन्सारीहरूले उपत्यकाबाट बाहिर जाने र बाहिरबाट उपत्यकामा भित्रिने दुवै थरी सामानको जाँच गरी सरकारी महसुल असुल गरेर आयातनिर्यातको अनुमति दिन्थे । सामान निकासी गर्दा भन्सारीलाई अग्रिम सूचना दिई सामानका थैलामा छाप लगाउने व्यवस्था भएको चर्चा पादरीहरूको टिपोटमा परेको छ । यस विषयमा पनि माथि व्यापारवाणिज्यअन्तर्गत केही विस्तारपूर्वक चर्चा गरिसकिएको छ । त्यसबेला भन्सार ठेक्कामा दिँदा रकम बढाबढमा दिने चलन थियो तर ठेक्का व्यवस्थामा ठेक्का लिन चाहने व्यक्तिको हैसियत पनि हेरिन्थ्यो । दोलखा तर्फबाट चल्ने कुतीको बाटो र नुवाकोटतर्फबाट चल्ने क्यीरोङतर्फको बाटो दुवै भोट व्यापारका निम्ति चल्तीका थिए । यी दुवै बाटोबाट उपत्यका आएर र उपत्यका नआइकनै पनि भारतीय मैदानतर्फ जानेआउने क्रम पनि चल्दथ्यो ।

त्यसैले यी दुवै महत्त्वपूर्ण अन्तर्राष्ट्रिय बाटोमा ठाउँठाउँमा उपत्यकाका शासकका भन्सार चौकीहरू स्थापना गरिएका उदाहरण पाइन्छन् । यी दुवै बाटोबाट नेपालका मात्र नभएर भोटचीन र भारतीय मैदानबाट आउने सामानहरूको समेत व्यापारिक हिसाबले ल्याउनेलैजाने काम हुने हुनाले भन्सारहरूबाट प्रशस्तै आम्दानी हुन्थ्यो । मध्यकालको पूर्वार्द्धसम्म उपत्यकाका शासकहरूले तराईभन्दा माथिका पहाडि इलाका जति कज्याउन सफल भएका हुनाले यी दुवै बाटामा हिमालदेखि तराईसम्मका बाटोमा पर्ने मुख्यमुख्य व्यापारिक स्थलहरूमा भन्सार राख्न सफल भएका थिए । मध्यकालको उत्तरार्द्धतिर भने मकवानपुरको सेन राज्यले उपत्यकाभन्दा दक्षिणका र पूर्वतर्फका पहाडी इलाका आफ्नो अधिकारमा लिई दिनाले पहिलेको अवस्था कायम रहन सकेन । उल्टै पहिलेदेखि उपत्यकाअन्तर्गत रहेको भोटतर्फको बाटोमा पर्ने महत्त्वपूर्ण व्यापारिक बस्ती भएको दोलखासमेत विक्रमको सोह्रौं शताब्दीको अन्त्यताकादेखि सुरु भएर झण्डै १ शताब्दीजति स्वतन्त्र राज्यको रूपमा देखा पर्‍यो । यसो हुनाले पहिले जस्तो एकछत्र अवस्था नभएको कारण सीमित क्षेत्रभित्रका मात्र जगात भन्सारमाथि उपत्यकाकामल्ल राजाहरूको अधिकार कायम रह्यो । यसो भए तापनि स्थिति मल्लले उपत्यकाको शासनव्यवस्थामा पहिलेदेखि भइरहेको कलहपूर्ण अवस्थालाई समाप्त गरेपछि केही राज्यविस्तार र आर्थिक उन्नतिको क्रम भने चल्न थालेको थियो । पछि यक्ष मल्लका समयमा आइपुग्दा दोलखा नुवाकोट आदि क्षेत्रमात्र नभएर भोटको कुती क्यीरोङ् आदि इलाकासम्म पनि कहिलेकाहिं अधिकार कायम हुन पुगेको कुरा यहाँ उल्लेखनीय छ । यस्तै किसिमले पछि प्रताप मल्लका समयमा पनि कान्तिपुरको तर्फबाट भीममल्लका प्रयासले कुती क्यीरोङ्भन्दा उत्तरका प्रदेशसम्म नेपालको अधिकार कायम हुन पुगेको थियो । यस्तो अवस्थामा भोट प्रदेशदेखि नेपालका ईलाकासम्म र दक्षिणतर्फ पनि तराईभन्दा माथिका इलाकासम्म नेपालतर्फबाट जगात-भन्सार राखिनु स्वभाविकै थियो । दोलखा भेकबाट तराईको मैदानमा पर्ने बाटोमा अघिदेखि तीन पाटन भन्ने ठाउँमा किल्लाचौकी र भन्सार राखिएको थियो । मध्यकालको पूर्वार्द्धसम्म उपत्यकाका शासकअन्तर्गतकै सामन्त 'मझि भारो' भन्नेहरूले त्यहाँको स्थानीय शासन चलाउनुका साथै जगात-भन्सार पनि उनीहरूले नै उठाउने गर्दथे, तर पछि मकवानपुरका प्रथम सेन राजा लोहाङ्सेनले उक्त इलाका समेत पूर्वतर्फका धेरै प्रदेशहरू आफ्नो हातमा लिएपछि त्यहाँ आफ्नोतर्फबाट जगात खडा गरी उत्तरदक्षिण खेप व्यापार गर्ने व्यापारी र यात्रुहरूबाट महशुल उठाउन थाल्नाले उपत्यकावासीलाई धेरै कठिन परेको थियो भन्ने जानकारी पाइएको छ । पछि लोहाङ्सेनका नाति हरिहर सेनको शासनकालको अन्त्यताका मकवानपुर

टुक्रिएर मोरङ्ग, विजयपुर राज्य खडा हुन पुग्यो । मकवानपुरका शुभसेन र विजयपुरका विधाता इन्द्रसेनबीच कलहसमेत भयो र त्यही मौका छोपेर काठमाडौं र पाटनका राजा मिली उक्त तीनपाटनभेकमा आक्रमण गरी सेन राजाको तर्फबाट राखेका चौकी र जगात उठाई उक्त व्यापार मार्गलाई साझा बनाएको प्रसङ्ग स्पष्ट नै छ ।[३२] दोलखा भेकमा राखिएका जगात-भन्सारको दस्तुरबाट हुने आम्दानीबाट त्यहाँको भीमेश्वरको स्थानमा प्रत्येक साँझ बत्ती बाल्ने गुठी कान्तिपुरका राजा प्रताप मल्लले राखिदिएको कुरा यहाँ उल्लेखनीय छ ।[३३] कुतीतर्फबाट आउँदा नेपालको सीमानामा नेष्टी भन्ने ठाउँमा नेपालको भन्सार रहेको चर्चा कपुचीन पादरीहरूले गरेका छन् ।[३४] पुराना कागजपत्रमा कुती र लिस्तीमा पनि जगात रहेको उल्लेख पाइन्छ । वि.सं. १८०६ र १८३५ मा पृथ्वीनारायण शाहले गोसाइँ भगवतीवनहरूलाई लेखिदिएका धर्मपत्रमा यसको स्पष्ट चर्चा परेको छ ।[३५] दोलखाभेकबाट उत्तरतर्फको बाटोमा लप्चिमा पनि त्यस भेकका थरिमार्फत् चल्ने गरी जगात भन्सार राखिएको देखिन्छ ।[३६] नुवाकोटतर्फबाट भोट जाने बाटोका भन्सारमध्ये स्याब्रुक, तिमिरे र रसुवाका जगातहरू उल्लेखनीय थिए ।[३७] मल्लकालदेखि पछिसम्म नै पनि यस्ता जगात भन्सार इजारा (ठेक्का) मा दिएर चलाइए तापनि परम्परालाई तोडेर तोकिएकाभन्दा धेरै नगदजिन्सी दस्तुर लिन भने भन्सारीलाई छुट हुँदैनथ्यो । यस्ता विषयमा केन्द्रमा उजुर परेका बखत राम्रैसँग सुनुवाइ र छलफल हुन्थ्यो। दरबारसँग विशेष सम्बन्ध कायम भएको केही व्यापारी व्यवसायीहरूले भने जगात भन्सार छूट पनि पाउँदथे । नुवाकोटका धामी खलक र गोसाइँहरूले जगात-भन्सारसमेत अनेक दस्तुरहरूमा पृथ्वीनारायण शाहबाट छूट पाएको प्रसङ्ग यहाँ उल्लेखनीय छ ।[३८]

मल्लकालको उत्तरार्द्धताका नेपाल आउने इशाई पादरीहरूले गरेका टिपोटका आधारमा तात्कालिक भन्सारमहसुल दर बारेमा पनि केही जानकारी हुन्छ, जसअनुरूप नेपालबाट भोटतर्फ जाने प्रत्येक सामग्रीमा मानिस र जनावरले बोक्ने भारीमा प्रतिभारी ९ महीन्द्र मल्ली अर्थात् ९ मोहर टंका भन्सार दस्तुर लाग्दथ्यो । त्यसैगरी यताबाट भोटतर्फ जाने प्रत्येक भरियाले भोटमा पुगेर नून खरिद नगरी फर्किएमा १ मोहर टंका कुतीका स्थानीय शासकलाई बुझाउनु पर्दथ्यो । धात्विक वर्तन तथा मूर्ति आदि र कपडा निकासी गर्दा नेपालीले ९ महीन्द्र मल्ली प्रतिभारी बुझाउनु पर्दथ्यो भने विदेशीहरूद्वारा निकासी गर्ने भए प्रतिभारी १५ महीन्द्र मल्ली बुझाउनु पर्दथ्यो ।[३९] भोट जाँदा र फर्कदा नेस्टी भन्ने ठाउँमा प्रत्येक यात्रुले साढे दुइ महीन्द्र मल्ली राहदानीका निम्ति भनेर बुझाउनु पर्दथ्यो । यसमा युरोपीय यात्रु भएमा ५० महीन्द्र मल्ली रूपैयाँ बुझाउनु पर्दथ्यो ।[४०] दोलाखा भेकबाट

उपत्यकातर्फ र तराईतर्फ जाने सामग्रीमा मल्लकाल भन्दा केही पछि किटान गरिएको भन्सारमहसुल दरको लेखो पाइएको छ । जसअनुरूप प्रति ऊनी र सुती कपडा, बोचीन, पारो, वाज, हात्ती, घोडा आदिमा सयकडा साढे एक रूपैयाँ (सय मूल्यमा साढे एक रूपैयाँका हिसावले), खेपुवा १ भारी सामान, राँगा १ जोर, चिया, धुवार (?) मेवा, खाकी धागो, चाँगो, पाँगो, राडी, हरिताल, सोहाग, मैन आदिका भारीमा प्रतिजोर र प्रतिभारीका हिसाबले ६ आना, फलाम, सूर्ति, तमाखु, जडिबुटी, कागत आदिबाट प्रतिभारी ४ आना, नून, कपास आदिमा प्रतिभारी ४ आना २ पैसा, तामामा प्रतिभारी १२ आना, चौर चरेस भारी १ मा १ रूपैयाँ ४ आना, कस्तूरी प्रति सेर १० आना भन्सार दर तोकिएको देखिन्छ ।[४१] सम्भवत:मल्लकालको उत्तरार्द्धको भन्सार दरसँग यस दरले प्राय: सामन्जस्य राखेको हुनु पर्दछ । तिनताका सरकारी सामानबाहेक देशदेशका राजामहाराजाहरूका सामानहरूमा समेत भन्सार लाग्दैनथ्यो भन्ने संकेत पाइएको छ । दोलखामा प्राप्त एउटा ऐतिहासिक पत्रमा भोटबाट कस्तूरी लिएर आएका लप्चीका थरिले लप्चीका भोटेलाई देखेर दस्तुर असुल गर्न खोज्दा भोटका राजाको सामान भनेर नबुझाइकन उपत्यकातर्फ आएको स्पष्टै चर्चा परेको छ ।[४२]

१०.१.२ अस्थायी वा विशेष उद्देश्यका करहरू

मल्लकालमा विभिन्न स्थायी करभन्दा पनि बढी लोकप्रिय रूपमा प्रचलित धेरै करहरू अस्थायी र विशेष उद्देश्यका हुन्थें भनेर माथि पनि थोरै चर्चा गरियो । राज्यको खर्चअन्तर्गत दरबारमा हुने विवाह, व्रतबन्ध, दीक्षा चूडाकर्म तथा ठूलठूला लक्षाहुति जस्ता पूजाआजा, पूराण आदि र राजाहरूको देशविदेश भ्रमण तीर्थयात्रा आदिमा हुने खर्चसमेत पर्दथ्यो । यस्ता विशेष पर्वका निमित्त देशवासीहरूसँग नगद तथा सामान दुवै उठाउने गरिन्थ्यो । यसरी उठाउने उठ्तीलाई 'सेवाकु' भनिन्थ्यो । त्यसै हुनाले सेवाकुलाई पनि एक किसिमको करकै रूपमा उल्लेख गर्न सकिन्छ । राज्यको खर्चको महत्त्वपूर्ण हिस्सा यस माध्यमबाट परिपूर्ति हुने हुनाले यसलाई राजस्वको एक महत्त्वपूर्ण माध्यम मान्नु पर्दछ । यस्ता विशेष उत्सवहरू मल्लकालमा धेरै हुने हुनाले राज्यको खर्चको ठूलो हिस्सा यसमा जान्थ्यो भन्न पनि सकिन्छ ।

राजदरबारमा विवाह, व्रतबन्ध, चूडाकर्म, दीक्षा आदि समारोहहरूमा ६ महिनाअघिदेखि नै अनेक परिकारहरूको तयारी गराउनका निम्ति ठाउँठाउँका भन्सारी टक्सारीहरूलाई पत्र लेखिन्थ्यो । सेवाकु सम्बन्धमा पनि २/३ महिना अघिदेखि नै ठाउँठाउँमा सम्बन्धित क्षेत्रक्षेत्रका अधिकारीहरूलाई आदेश पठाइन्थ्यो । ठीक समय भएपछि पत्रमा लेखिएबमोजिमका नगद तथा

सामानहरू उठाउन ठाउँठाउँमा केन्द्रबाट मानिस खटाइन्थे । यसरी ठाउँठाउँबाट सेवाकु बुझाउँदा कहिलेकाहीँ त राजदरबारले तोकेको परिमाणभन्दा बढी वस्तु स्थानीय अधिकारी-द्वारे, उमराहरूले उठ्ती गरी पठाउने पनि गर्दथे । जस्तै भक्तपुरका राजा भूपतीन्द्र मल्लको विवाहको अवसरमा नालाबाट तोकिएको भन्दा बढी सामान उठाएर दरबार पठाइएको थियो । यस्तो 'सेवाकु' सामन्त राज्य तथा छिमेकी राज्यहरूले समेत दिई सहयोग गर्ने चलन पनिमल्लकालमा चलेको थियो ।

उपर्युक्तबाहेक प्राचीनकालमा जस्तै ठाउँठाउँमा हुने स्थानीय परम्परागत उत्सव र पर्वहरूमा लाग्ने करको पनि चर्चा मध्यकालका ऐतिहासिक सामग्रीमा पाइन्छ । पुल्चोकमा प्राप्त पाटनका राजा श्रीनिवास मल्लको ने.सं. ७८६ (वि.सं. १७२३) को एउटा अभिलेखमा 'कुचुपौ' भन्ने करको उल्लेख परेको छ । उक्त अभिलेखमा दिइएको विवरणअनुसार उक्त 'कुचुपौ' भन्ने करबाट उठेको रकमले रङ्ग किन्ने चलन रहेछ भन्ने जानकारी पनि पाइएको छ । उक्त रकम वार्षिक ठेक्काको रूपमा जिन्सी उठ्ती गर्ने व्यवस्था गरिएको थियो भन्ने कुराको जानकारी अभिलेखको विवरणबाट पाइन्छ ।[५१] यसैगरी देशमै उत्पादन हुने आन्तरिक दैनिक उपभोग्य वस्तु तथा विलासका वस्तुमासमेत कर लाग्दथ्यो । जंगलबाट ल्याउने काठ-दाउरा, सार्वजनिकस्थलमा मासु बिक्रीका निम्ति काटिने राँगो, बँदेल, सुङ्गुर आदिमा पनि कर लाग्दथ्यो । भाषावंशावलीमा स्थिति मल्लको सुधारको प्रसङ्गमा खुलाचौरमा राँगो काट्दा राँगाको दस्तुर रु. १ र मासुको पसल राखेर व्यापार गर्नेले १ राँगोको दस्तुर रु. २ बुझाउनुपर्ने कुराको उल्लेख छ । त्यसैगरी टेपोच जातले पालुङ्गाको साग आदि उब्जाई बेच्दा पनि राजामा दस्तुर बुझाउनु पर्ने व्यवस्था बाँधिएको थियो भन्ने चर्चा वंशावलीमा छ । यस्तै व्यवस्था कुम्हालहरूले उत्पादन गर्ने माटाका भाँडावर्तनमाथि पनि गरिएको थियो ।[५२] बाँध, पोखरी आदि बनाउँदा पनि मध्यकालको पूर्वार्द्धदेखि नै विशेष किसिमका कर लागेका उदाहरण पाइएका छन् ।[५३] राजकुलो, बाँध, पोखरी आदिको निम्ति कर तिर्नुपर्ने कुराको चर्चा गोपालवंशावलीमा ठाउँठाउँमा परेको छ । भर्खरै उल्लेख गरिएको ने.सं. २३९ (वि.सं. ११७६) मा पोखरी खन्दा खेतीवालहरूले बाली (कर) तिर्नु परेको प्रसङ्ग पनि करसँग सम्बन्धित हो । यसमा पहिलेदेखि द्रम्मको आधा (रु. १/२) तिर्नेले पोखरी खनेको वर्ष पुरै १ द्रम्म (रु. १) तिर्नु परेको थियो । ने.सं. ५०१ (वि.सं. १४३८) मा कुलोको पानीका निमित्त एकैचोटि जिन्सीकरको रूपमा धान उठाएको र त्यसपछि पानीको दस्तुर बेग्लै तिर्नु नपर्ने व्यवस्था बाँधिएको चर्चा गोपालवंशावलीमा परेको छ ।[५४]

यस्तै किसिमले ठूल्ठूला देव मन्दिरमा विशेष कोष चढाउनु पर्दा पनि करकै रूपमा जिन्सी तथा नगद उठाउने चलन थियो । ने.सं. ४६८ (वि.सं. १४१४) मा बनेपा र भक्तपुरले दुवै ठाउँका प्रजाहरूसँग समेत प्रतिव्यक्ति १/१ द्रम्मकादरले नगद उठाएर पशुपतिलाई विशेष कोष चढाएको उल्लेख पाइएको छ ।[५५] आन्तरिक समस्या सुल्झाउने उद्देश्यले बाह्य देशका फौजलाई भित्र्याउँदा पनि जनताबाट राज्यले कर उठाएर उक्त बाह्य शक्तिलाई उनीहरूको दस्तूर स्वरूप सम्पत्ति बुझाउने गरेका उदाहरण पाइएका छन् । जस्तो ने.सं. ४२० (वि.सं. १३५६) मा र ने.सं. ४३१ (वि.सं. १३६७) मा तिरहुतेहरूसँग उपत्यकाका शासकले गुहार माग्दा उनीहरूलाई दस्तुर तिर्नु परेको थियो । पहिलो गुहारको समयमा जनतासँग जग्गामा रोपनी पिच्छे ६/६ द्रम्म र घरैपिच्छे ४।४ द्रम्मका दरले कर उठाउनु परेको थियो ।[५६] त्यस्तैगरी पश्चिम कर्णाली प्रदेशका राजाहरूलाई पनि उपत्यकाबाट रकम उठाई बुझाउनुपरेको उल्लेख गोपालवंशावलीमा परेको छ ।[५७] त्यस्तै कपडा उत्पादन गर्ने, तेलको व्यवसाय गर्ने तथा खनिज तथा अन्य विविध व्यवसायीहरूबाट पनि केही उठाइन्थ्यो । मध्यकालको पूर्वार्द्धको एउटा ताडपत्रमा 'तैलपिण्ड' भनेर तेलकरको स्पष्ट उल्लेख परेको छ ।[५८] प्राचीनकालमा पनि 'तैल्यकर' भन्ने उल्लेख पाइएको हुनाले[५९] विविध व्यवसायीहरूसँग कर उठाउने पुरानो परम्परा मध्यकालमा पनि बाँकी नै रहेको संकेत मिलेको छ ।

मध्यकालको सरकारी राजस्वअन्तर्गत सेवा-विष्टीको रूपमा लिइने श्रमलाई पनि चर्चा गर्नुपर्ने हुन्छ । राज्यको तर्फबाट हुनुपर्ने महत्त्वपूर्ण विकास-निर्माणका कामहरू प्राय:जसो झारा-विष्टीको रूपमा जनताहरूसँग श्रमदान लिएर पूरा गर्ने परिपाटी चलेको हुनाले यसलाई पनि राजस्वअन्तर्गत उल्लेख गर्नुपर्ने भएको हो । यसले राज्यको खर्चमा प्रत्यक्ष रूपले नै कटौती गर्दथ्यो । खासगरी सडक, पोखरी, मन्दिर, धारा, पाटीपौवा, दरबार, किल्ला आदि विभिन्न स्मारकहरू तथा सिंचाइ, कूलो आदिको निर्माण-संभार गर्नु पर्दा र वृक्षारोपण गर्दा राजढुकुटीबाट कममात्र खर्च गरी सबै झारा-विष्टीबाट नै काम पूरा गर्ने चलन थियो । गोपालवंशावलीमा मध्यकालको पूर्वार्द्धदेखिकै यस्ता झारा-विष्टीका उदाहरणहरू प्रशिस्त पाइएका छन् । मल्लकालको उत्तरार्द्धमा उपत्यकामा भ्रमण गर्ने इशाई पादरीहरूको टिपोटमा पनि यस्तो परम्पराका बारेमा चर्चा गरिएको पाइएको छ । माथि श्रमशक्तिको अध्ययनको सन्दर्भमा यस विषयमा सप्रमान उल्लेख गरिसकिएको छ ।

झाराको रूपमा श्रम असुल गरेपछि श्रम तिर्नेलाई अन्य कतिपय कुरामा छुटसमेत हुने र राष्ट्रिय दृष्टिकोणबाट हेर्दा देशको श्रमशक्तिको खर्च हुने हुनाले यसलाई पनि आम्दानीमा राख्नु आवश्यक देखिन आएको हो । दोलखा भेकका

केही ऐतिहासिक पत्रहरूमा त 'विष्टीकर' भनेर नै उल्लेख भएको पनि पाइएको छ । प्राचीनकालमा पनि विदेश जानु पर्दा वा मित्रराज्यहरूमा करकोसेली पठाउनु पर्दा तथा अन्य राजकीय कामहरूमा 'विष्टी' को रूपमा श्रम लिइन्थ्यो । 'भोट्ट विष्टि' आदिको उल्लेख प्राचीनकालमा यसै सन्दर्भमा आएको हो ।[६०] मध्यकालमा पनि राजा र राजपरिवारका सदस्यहरूको विदेश भ्रमण हुँदा वा राजप्रतिनिधिमण्डल बाह्य राज्यमा पठाउँदा जनताले श्रमदानसहित कर तिर्नु पर्दथ्यो । यस विषयमा माथि सेवाकुको प्रसङ्गमा पनि थोरै चर्चा गरियो । दोलखा भीमेश्वरको भण्डारमा प्राप्त ने.सं.६८८ (वि.सं. १६२४) को एक सुवर्णपत्रमा पनि यस विषयमा उल्लेख परेको छ । यस सुवर्णपत्रमा देवदर्शनका निम्ति, तथा अन्य काम (सरकारी वा राजाहरूको निजी) मा देशबाहिर जानु पर्दा देशबासी प्रजावर्ग, दोलखाभेकका हिमाल छेउछाउ बस्ने भोट मूलका जनजाति र थामीहरूसँग पहिलेदेखि लिई आएका दस्तूरहरू मध्ये 'जाथ्वं,' 'केथ्वं' (?) बाहेक अरू सबै माफी गरिदिएको चर्चा छ ।[६१] यस आधारबाट 'जाथ्वं,' 'केथ्वं' भन्ने श्रमसेवाको रूपमा बुझाउने स्थानीय कर हुनु पर्दछ भन्ने भएको संकेत मिलेको छ ।

मध्यकालको राजस्वअन्तर्गत करप्रणालीको चर्चा गर्दा 'सृष्टि' 'सृत्ति' वा 'सिर्त्ती' रूपको करको विषयमा पनि उल्लेख गर्नु पर्दछ, किनकि उपत्यकाका शासकहरूले यस माध्यमबाट पनि राजकोष बलियो पार्ने केही मौका पाएथे । सामन्तद्वारा शासित प्रदेशबाट केन्द्रका शासकहरू वा केन्द्रलाई बुझाउने करलाई खासगरी 'सृष्टि' वा 'सत्ति' भनिन्थ्यो । मध्यकालको पूर्वार्द्धमा उपत्यकाका शासकलाई 'सुर्त्ति' बुझाउने पूर्वपश्चिममा सामन्त प्रदेशहरू धेरै थिए । तिनताका सामन्त राज्य वा प्रदेशलाई विषय भनिन्थ्यो । पन्नग, फनपिङ्ग, जिग्लोद्ग्राम, मग्वर, गण्डीगुल्म, उद्यपुर, नवकोट्ट आदि विषय वा सामन्त प्रदेशहरूको मध्यकालको पूर्वार्द्धदेखि नै उल्लेख पाइन्छ ।[६२] पछि यक्ष मल्लताका र मल्लकालको उत्तरार्द्धसम्म नै केन्द्रका राज्यअन्तर्गत केही सामन्त प्रदेशहरू थिए । दोलखा, नुवाकोटजस्ता ठाउँहरू नै पनि सामन्त प्रदेशको रूपमा थिए मल्लकालमा । ने.सं. ८५० (वि.सं. १७८७) मा काठमाडौँका राजा जगज्जय मल्लले जारी गरेको दोलखा भीमेश्वर भण्डारमा सुरक्षित एक ताम्रपत्रमा यस्तो 'सृत्ति' करका विषयमा चर्चा परेको छ । केन्द्रले उठाउने 'सृष्टि' असुल गर्न अबदेखि खस, मगरहरूलाई नपठाई दोलखाका देशवार प्रमानहरू २ जनालाई खटाउने वन्दोवस्त गर्न उक्त ताम्रपत्र जारी गरिएको थियो । उक्त ताम्रपत्रको बेहोराअनुरूप प्रत्येक गाउँबाट रु. ११ सरकारमा जाने गरी सृष्टि उठाउने र उठाउन जाने देशवार प्रमानहरूलाई जागिरमा दर्ता भएको बेताली गाउँबाट उठाउन जाने देशवार प्रमानहरूलाई जागिरमा दर्ता भएको बेताली गाउँबाट प्रतिगाउँ रु. १ र साउने आदि रकम तिर्ने रैकर जग्गाका गाउँबाट प्रतिगाउँ रु.

५ उठाएर खान पाउने सुविधा दिइएको थियो ।[६३] नुवाकोटमा प्राप्त पृथ्वीनारायण शाहको शाके १६९१ (वि.सं. १७२६) को एक लालमोहरमा पनि त्यस भेकका जनताले अघिदेखि तिरीआएका विभिन्न दस्तुरहरू माफ गर्ने क्रममा सेर्मा-सिर्तो पनि माफ गरिएको चर्चा परेको छ ।[६४]

यस किसिमले मध्यकालको करप्रणालीका बारेमा केही न केही जानकारी अवस्य प्राप्त हुन्छ । यसो भए तापनि मध्यकालको पूर्वार्द्धदेखिमल्लहरूको शासनकालको अन्त्यसम्मको झण्डै हजार वर्ष लामो अवधिको करव्यवस्था एकै किसिमको नहुनुको साथै शासनव्यवस्थामा आएका अनेक कमजोरी र राज्य विखण्डनका कारण करव्यवस्था नै त्यति स्पष्ट थिएन । त्यसैले त आकस्मिक रूपका विशेष करहरू लगाउने र तात्कालिक समस्या टार्ने धेरै फितलो परिपाटी चल्न थालेको हो । स्थायी करहरू कममात्र बाँकी हुनु र अस्थायी करको परम्परामा धेरै वृद्धि हुनुले राजकोषमा ह्रास आएको स्पष्ट संकेत हुन्छ । कपुचीन पादरीहरूलेमल्लकालमा नेपालको करव्यवस्था त्यति स्पष्ट थिएन भनेर उल्लेख गरेको प्रसङ्ग यहाँ स्वीकार्य नै लाग्दछ ।

१०.१.३. आम्दानीका अन्य स्रोतहरू

कर तथा भन्सार महसुलदेखि बाहेक पनि आम्दानीका केंही अन्य साधारण स्रोतहरू मध्यकालमा थिए, जसमा नेपाली मुद्रा भोटतर्फ हुने निकासी, नेपाली कलाकार कालिगढ तथा बौद्ध पण्डितहरूको ज्ञान र शीपसँग सम्बन्धित श्रमको भोटतर्फ हुने निर्यातबाट प्राप्त हुने दानदातव्य उपहार तथा पारिश्रमिक, आवाद नभएंको पर्ति जग्गाहरूको पजनी, दण्ड-कुण्ड, अपुताली आदि र कृषि, पशुपालन, व्यापार-वाणिज्य, उद्योगधन्दा आदि व्यवसायमार्फत् प्राप्त हुने सबै किसिमका भौतिक सम्पत्तिहरू पर्दथे ।

यी विभिन्न स्रोतमध्ये मुद्रा निकासीबाट हुने फाइदामल्लकालमा निकै उल्लेखनीय थियो । यस माध्यमबाट मात्र लाखौंको आम्दानी उपत्यकाका शासकहरूलाई हुन्थ्यो भन्ने विषयमा सप्रमान विनिमय परम्परा र मुद्राको अध्ययनको सिलसिलामा माथि नै उल्लेख गरिसकिएको छ । त्यस्तै गरी देशभित्र विद्यमान कृषि, उद्योग, व्यापार-वाणिज्यजस्ता व्यवसायका विषयमा वा उक्त व्यवसायमार्फत् हुने आम्दानी र फाइदाका विषयमा समेत सम्बन्धित परिच्छेदअन्तर्गत विस्तार पूर्वक चर्चा गरिसकिएको छ । कृषिउपजले उपत्यकाबासीलाई प्रशस्त खान लाउन र मनोरञ्जनका निमित्त समेत पुग्दथ्यो । व्यापार-वाणिज्य र उद्योग व्यवसायबाट प्राप्त रकम घरखर्च आदिका निमित्त प्रयोग गर्ने चलन कममात्र थियो । आफ्नै भूमिबाट उत्पादित खाद्यवस्तुको प्रयोग गर्नु सामाजिक मर्यादाको चिन्ह हुने हुनाले पनि तिनताका कृषिव्यवसाय

र उत्पादनमा जोड दिइन्थ्यो । मध्यकालमा उपत्यकाबासीहरूको आम्दानीको महत्त्वपूर्ण स्रोत त व्यापार-बाणिज्य र त्यसैसँग सम्बन्ध राख्ने उद्योगधन्दा सबैभन्दा महत्त्वपूर्ण थिए भनेर माथि नै उल्लेख गरिसकिएको छ । यस स्रोतमा खासगरी देशभित्रका औद्योगिक उत्पादनको भोटतर्फ हुने निकासी व्यापार र उत्तर-दक्षिण बीचको मध्यस्थ व्यापारबाट नेपाललाई अत्यधिक आर्थिक फाइदा हुन्थ्यो । यसरी प्राप्त हुने आम्दानीबाट सांस्कृतिक क्रियाकलापका निमित्त हुने खर्च काटिन्थ्यो । खासगरी धार्मिक मठमन्दिर, मूर्ति आदिको निर्माण र सजिसजावट, पूजाआजा, पूराण, यज्ञयागादि, ग्रन्थलेखन, सामाजिक सेवाका कामहरू जस्तै: पाटीपौवा, धारा, बाटोघाटोको निर्माण-संभार, गोष्ठी (गुठी) हरूका निम्ति दानदातव्य आदि कार्यमा राज्यको खास खर्च हुन्थ्यो । राज्यको तर्फबाट दरबार, किल्ला आदिको निर्माण र सामरिक र प्रशासनिक कार्यका निमित्तसमेत खर्च हुन्थ्यो ।

मध्यकालका आम्दानीका स्रोतमध्ये विद्या र शिल्पसम्बन्धी कलाकारको श्रमको निर्यातबाट प्राप्त हुने आय पनि एक महत्त्वपूर्ण थियो भनेर माथि उल्लेख गरियो । यस विषयमा केही चर्चा औद्योगिक परम्पराको अध्ययनअन्तर्गत पनि गरिसकिएको छ । नेपालका ठूलठूला बौद्ध आचार्यहरू र बौद्ध शिल्पीहरूलाई भोटमा आमन्त्रण गरी त्यहाँ विहारहरूको निर्माण, तिनको सजिसजावट, मूर्ति चित्रकला आदिको निर्माणका साथै बौद्ध ग्रन्थहरूको लेखन, अनुवाद तथा पाठपूजा प्रवचन आदि गराउने चलन मध्यकालभरि नै लोकप्रिय रूपमा चलेको थियो । प्राचीनकालदेखि नै नेपाली आचार्यहरू बुद्धधर्मको विस्तारका निमित्त भारतीय आचार्यहरूका साथमा भोटतर्फ जाने गर्दथे । मध्यकालदेखि बौद्धकलाका शिल्पीहरूसमेत त्यसतर्फ जान थाले । यताबाट जाने बौद्ध आचार्य र शिल्पीहरू भोटमा वर्षौंसम्म बसेर धार्मिक व्याख्यान, लेखन तथा निर्माणसम्बन्धी कामहरू गर्ने गर्दथे । यसरी विद्वान् आचार्य र शिल्पीहरूलाई आमन्त्रण गर्न भोटका मानिसहरू उपत्यकामै आउने गर्दथे । यसरी आमन्त्रण गर्दा सुरुदेखि नै उक्त आचार्य भिक्षुहरूसँग सम्बन्धित विहारमा र घरमैसमेत सुनचाँदीका ढिक्कासहित अनेक उपहार कोसेली आदि चढाउँने गर्दथे । भोटबाटै खबर पठाएर आमन्त्रण गर्दा पनि यसरी कोसेलीको रूपमा भौतिक सम्पत्ति, चढाई पठाउने चलन थियो । भोटमा ठाउँठाउँमा स्वागत गर्दा धार्मिक कार्यहरू पूरा गरेर एक ठाउँबाट अर्को ठाउँमा जाँदा र स्वदेश फर्कदासमेत भोटका जनता र शासकहरूबाट समेत अनेक भौतिक सम्पत्ति दान दिँदै विदा गर्ने परिपाटी चलेको हुनाले यस माध्यमबाट पारिश्रमिक तोकिने शिल्पी श्रमिक तथा दान पाउने पण्डित आचार्यको भन्दा तुलना नै गर्न नमिल्ने गरी अत्यधिक आर्थिक लाभ हुन्थ्यो । त्यसैले यस्ता शिल्पी र आचार्यहरू भोटबाट फर्कदा

भरियासमेत लगाई असंख्य सम्पत्ति लिएर फर्कने चलन थियो । भोटमा नयाँ गोन्पाको निर्माणका समयमा मात्र नभएर व्यक्तिगत घरघरमा, दरबारमा र सार्वजनिक ठाउँमा समेत देवमूर्ति, ग्रन्थ, देवघर वा पूजाकोठा (ल्हखङ), चैत्य आदिको निर्माण र सजिसजावटका निमित्त नेपाली बौद्ध आचार्य र शिल्पीहरूलाई लैजाने चलन थियो । पुरानो गोन्पाको जीर्णोद्वार र नवनिर्माणका समयमा र अन्य धार्मिक उद्देश्यका निम्तिसमेत नेपाली बौद्ध शिल्पी भिक्षुहरूलाई भोट लगिन्थ्यो । त्यसैले मध्यकालका विभिन्न आर्थिक स्रोतमध्ये सेवाश्रमको निर्यात निकै महत्त्वपूर्ण थियो ।

यसरी नेपालबाट भोट गई धार्मिक-सांस्कृतिक सेवा कार्य गर्ने नेपालीहरूको संख्या सीमित हुँदैथ्यो । मल्लकालको उत्तरार्द्धमा (अठारौँ शताब्दी) भोट र नेपालको भ्रमण गर्ने पादरीहरूले पनि यस विषयमा टिपोट गरेका छन् । पादरी डेसीडेरीले धेरै संख्यामा नेपाली शिल्पीहरू ल्हासामा कार्यरत रहेको र त्यस माध्यमबाट उनीहरूले उल्लेखनीय रूपमा सम्पत्ति कमाउने गरेको आफैँले देखेको चर्चा गरेका छन् ।[६५] मध्यकालका अभिलेखमा पनि यस विषयमा प्रशस्तै उल्लेख भएको पाइन्छ । उपत्यकामा यस सन्दर्भका लोकगाथा र किम्बदन्तीहरू पनि त्यत्तिकै प्रचलित छन् । सिंह सार्थवाहसँग सम्बन्धित लोकपरम्परा पनि यस्तै हो । यस क्षेत्रमा ललितपुरको भूमिका विशेष उल्लेखनीय छ । कलाकौशल र बौद्ध विद्यापरम्पराको क्षेत्रमा मध्यकालको पूर्वार्द्धदेखि नै ललितपुरभेक निकै उल्लेखनीय रहेको थियो । ने.सं. १४४ (वि.सं. १०८१) को ललितपुर गुइतः विहारमा प्राप्त एक अभिलेख यसको महत्त्वपूर्ण सर्वप्राचीन उदाहरण बनेको छ । उक्त अभिलेखमा पाटनका गौतमश्री भन्ने बौद्ध पण्डितले भोट गएर धेरै धनलाभ गरी फर्किएर गुईतः (पुरानो नाम सप्तपुरी महाविहार) विहारको प्राङ्गणमा इँटा छाप्न लगाई अनेक धार्मिक सेवाकार्य गरेको उल्लेख छ ।[६६] यस्तै किसिमले ने.सं. (वि.सं. १६९८) को एक ताम्रपत्रमा कठविहार यन्तागृहका पन्दुजु भन्ने शाक्य पण्डितले कवचपाल भट्टारिकाको मन्दिरमा ७ गोटा गजुर चढाएको कुराको उल्लेख छ । यसै प्रसङ्गमा उक्त शाक्य पण्डितले ३३ वर्षसम्म भोटमा बसेर दानदातव्य, उपहार कोसेली पाएर धेरै धन कमाएको कुराको पनि उल्लेख उक्त अभिलेखमा परेको छ ।[६७] यस्तै किसिमले काठमाडौँको विश्वकर्माविहार र मन्जुश्री नकवहिलका शाक्य पण्डितहरू पनि यस्तै कामका निमित्त भोट जाने गर्दथे । वि.सं. १५८०/९० तिर चर्चित देखिएका यस विहारका रूपतेजपाल भन्ने शाक्य भिक्षु पनि भोट तथा हाल नेपालका मुस्ताङजस्ता हिमाली प्रदेशतर्फ गएर बौद्ध ग्रन्थलेखन तथा शिल्पसम्बन्धी काम गरी धेरै धनसम्पत्ति आर्जन गरी फर्किएर उक्त विश्वकर्माविहार र नकवहिल भेकमा अनेक धार्मिक कार्यका साथ धार्मिक स्मारकहरू राख्ने समेत काम

गरेका थिए ।[६८] यस मन्जुश्री नकवहिल वा विश्वकर्मा विहारका शाक्यहरूको भोटसँगको सम्बन्ध पछिपछिसम्म पनि कायमै रहेको बुझिएको छ । अहिले पनि तिब्बती तथा नेपालका हिमाली भेकका जनजातिहरू उक्त विहारका शाक्यहरूकहाँ गहनाका साथै अनेक कलात्मक सामग्रीहरू बनाउन आउने परम्परा यथावतै छ । यी एक दुई उदाहरणस्वरूप राखिएका ऐतिहासिक प्रमानमात्र हुन् । मध्यकालका यस्ता अनगिन्ति प्रमानहरू ऐतिहासिक स्रोतका माध्यमबाट यत्रतत्र पाउन सकिन्छ ।

मध्यकालको उत्तरार्द्धतिर आईपुग्दा उपत्यकाकामल्ल राजाहरूले राज्यका आम्दानीका विभिन्न स्रोतमध्ये आवाद नभएको उपत्यकाका मुख्य शहरभन्दा बाहिर-बाहिर (कांठ) तिरका जग्गा जमिनको साधारण मूल्य लिई पंजनी गर्ने परिपाटीलाई पनि एउटा स्रोत बनाएको देखिन्छ । खास गरी पश्चिमतर्फबाट बसाइँ सर्दै आएका ब्राह्मण, खस, मगर आदिलाई उपत्यकाका काँठ-काँठका पर्ति जग्गा थोरै मूल्य लिएर बिक्री गर्ने नीति मल्ल राजाहरूले लिएका थिए । यस माध्यमबाट राजकोष पनि बढ्ने र देश आवाद गुल्जार पनि हुने सोचाई राजाहरूको थियो । जग्गा विर्ता र जागिरको रूपमा राजाहरूले कसैलाई पँजनी गर्दा पनि केही रकम राजाको सामु दस्तुर-दामको रूपमा चढाउनु पर्दथ्यो । मध्यकालमा जग्गा जागिर र विर्ताको रूपमा पंजनी गर्ने चलन अत्यधिक रूपमा चलेको हुनाले दस्तुर-दामको रूपमा राखिएको रकमबाट पनि केही न केही राजकोषलाई आम्दानी हुन्थ्यो । ने.सं. ८६१ (वि.सं. १७९८) को दोलखामा प्राप्त एक पत्रमा जागिरको बेताली (पगरी) वापतको दामको चर्चा परेको छ ।[६९] राज्यभित्रका जुनसुकै व्यक्तिलाई जुनसुकै जग्गा जमिन यसरी बेताली गरी पंजनी गर्दा यस्तो दस्तुर दाम राजाले उठाउँथे । यस्तै किसिमले देशवासी जनताले अपराध गरेमा सामाजिक, शारीरिकका साथसाथै आर्थिक दण्ड पनि दिइन्थ्यो । यसरी दण्डबाट उठेको रकम पनि राजकोषमा जान्थ्यो । ठूल्ठूला अपराधमा राजदण्ड धेरै हुन्थ्यो । दोलखामा प्राप्त ने.सं. ८१७ (वि.सं. १७५३) को एउटा अभिलेखमा राजदण्ड लागेको हुनाले राजदण्डको रकम चुक्ता गर्न खेतबारी नै बेच्नु परेको पनि चर्चा छ ।[७०] राजाले छिनेका मुद्दामामिलामा पछि कसैले कचिङ्गल उठाएमा धेरै राजदण्ड हुन्थ्यो । राजाले छिनेको अपुतालीको सम्पत्ति वितरणसम्बन्धी मुद्दामा कसैले कचिङ्गल उठाएमा ३०० रूपैयाँसम्म दण्ड गर्ने स्थिति कायम गरिएको उल्लेख ने.सं. ७९३ (वि.सं. १७२९) को एउटा पत्रमा परेको छ ।[७१]

राज्यभित्र शान्ति सुव्यवस्था कायम राख्न र सामाजिक मर्यादा दरो रूपले पालन गराउन मध्यकालको दण्डविधान हिन्दू धर्मशास्त्रअनुरूप तर्जुमा गरी जोड्दार रूपमा पालन गराइएको देखिन्छ । यस्तै सामाजिक, राजनैतिक नीति र

परम्पराको पालना नगर्नेहरूबाट आर्थिक दण्ड पनि असुल गरिने हुँदा यस माध्यमबाट राजकोषमा जाने रकम पनि मोटै हुन्थ्यो । सार्वजनिक सम्पत्तिको नाश गर्ने वा त्यस्तो सम्पत्तिलाई हानी पुऱ्याउने, गाई मार्ने, किल्लाहरू बनाउने आदि काममा नआई नियम उल्लङ्घन गर्नेलाई पनि दण्ड दिएका वा दण्ड दिने भन्ने घोषणा भएका आधिकारिक अभिलेखहरू पाइएका छन् । ने.सं. ५७३ (वि.सं. १५१०) मा राजा यक्ष मल्लले भक्तपुरमा शहर वरिपरि बलियो गढ किल्ला रूप बनाएपछि उक्त गढको सुरक्षा र संभारका निम्ति जारी गरेको स्थिति यस प्रसङ्गमा उल्लेखनीय छ, जसमा गढको इँटा, माटो आदि भत्काएमा, चोरेमा, बिग्रिएको नबनाएमा दण्ड गरिने र उक्त दण्ड द्रम्म (नगद) र कुरुवा चामल (जिन्सी अन्न) दुवै सरकारी आयको रूपमा राजकोषमा जम्मा हुने व्यवस्था गरिएको थियो ।[७२] यसैगरी कुनैकुनै सामग्रीमा सीमाक्षेत्रका जनताले निजी किल्ला बनाई विद्रोह गर्ने र गाई मार्ने अपराध गरेको खवर आएकोले त्यस्तो दुवै अपराध गरे नगरेको हेरी यदि गरेको भए स्थितिमा नबसी नियम उल्लङ्घन गर्ने त्यस्ता व्यक्तिको धन पनि जीउ पनि दुवै सरकार लाग्ने गरी केन्द्रमा (राजधानीमा) पठाउनु भन्ने आदेश जारी भएको पनि उल्लेख पाइएका छन् ।[७३]

यसैगरी देशवासी जनता कसैको अपुताली परेमा पनि उसको धनसम्पत्ति सरकार लाग्ने चलन अघिअघि थियो । मल्लकालमा पनि यस्ता उदाहरणहरू पाइन्छन् । यस माध्यमबाट पनि केही न केही सरकारलाई आम्दानी हुन्थ्यो ।

आधुनिक कालमा झैं सार्वजनिक ऋणको रूपमा राजाले ऋण सापटी लिएर राजकीय खर्चवर्च गरेका एकाध उदाहरण पनि पाइएका छन् । विजय अभियान चलाउन, शत्रुसँग युद्ध गर्न तथा त्यस्तै महत्त्वपूर्ण काम गर्न सरसापटी लिएर एकीकरण अभियानका बेला पृथ्वीनारायण शाहले पनि काम चलाएका उदाहरण पाइएका छन् । देशका वा देशबाहिरका साहू-महाजनहरूले यस्तो खरखाँचो राजा महाराजाहरूलाई टार्ने गरेका उदाहरण अन्यत्र पनि पाइन्छन् । माथि ऋण लेनदेन अध्ययनअन्तर्गत पनि यस विषयमा केही चर्चा गरिसकिएको छ । मल्लकालका धरःपौं आदि स्रोतमा दरबारमा हुने कर्मकाण्ड आदि धार्मिक विधिविधानअनुरूप पूजा-आजा, यज्ञ आदि गर्न तथा देव-देवीको स्थापना गरी मन्दिर बनाउनेजस्ता काम गर्न सेवाकुको रूपमा उठेको रकमबाट नपुगेमा राज्यभित्रका साहू-महाजनहरूसँग सरसापटीसमेत लिएर मल्लराजाहरू काम चलाउने गर्दथे भन्ने उल्लेख पाइएको छ ।

मल्लकालमा देशको कुल वार्षिक आम्दानी कतिसम्म हुन्थ्यो भनेर किटानसाथ उल्लेख गर्न सकिँदैन । कुनै पनि ऐतिहासिक स्रोतबाट यसको संकेत पाइएको छैन । यसो भए तापनि मल्लहरूको पतनभन्दा २ दशकमात्र पछि

नेपाल भ्रमण गर्ने अंग्रेज अधिकारी कर्कप्याट्रिकले नेपालको वार्षिक आय लगभग २५ देखि ३० लाखसम्म भएको अनुमानित हिसाब दिएका छन्। जसमा निर्यात महसुलबाट ३/४ लाख, टक्सारबांट ७/८ लाख, भूमिकर, नून, सोडा, तामा, फलाम जस्ता वस्तुको उत्पादनमा लाग्ने महसुलबाट १५ देखि १८ लाखसम्मको र तामा निकासीबाट ३/४ लाखसम्म आम्दानी हुन्थ्यो भन्ने आँकडा उनले प्रस्तुत गरेका छन् । यस आँकडामा उल्लिखित कतिपय रकम आम्दानीमल्लकालमा नभए तापनि निकासी व्यापार, भन्सार महसुलबाट र तिब्बतका निम्ति मुद्रा टकमरी आदिबाट कर्कप्याट्रिकले उल्लेख गरेको समयको भन्दामल्लकालमा अवश्य पनि धेरै हुन्थ्यो । कर्कप्याट्रिकले उल्लेख गरको एकीकरणताकाको आम्दानीको रकमभन्दामल्लकालमा पनि अन्तिमकालमा गोरखाको आर्थिक नाकाबन्दी र युद्ध हुँदाको अवस्थामा बाहेक अरू समयमा अवश्य कम थिएन ।

१०.२ राज्यको खर्च

मध्यकालमा राज्यको खर्चअन्तर्गत धारो, कुवा, पोखरी, कुलो, पाटीपौवा, धर्मशाला, मठमन्दिर, चैत्य, दरबार, बाटोघाटो, पुलपुलेसा आदिको निर्माणजस्ता लोककल्याणकारी काममा, हातहतियार, दुर्ग, (किल्ला) र अन्य सामरिक वा रक्षाव्यवस्थासम्बन्धी काममा, दैनिक प्रशासनको सञ्चालनसम्बन्धी काममा, राजकीय वा दरबारको खर्चका निम्ति र दरबारमा हुने तथा राज्यमा सम्पन्न हुने अन्य ठूलठूला यज्ञयागादि पूराण, चाडपर्व, उत्सव-मनोरञजन आदि काममा देशको राजस्वको कुनै न कुनै रूपले खर्च हुन्थ्यो । मध्यकालको पूर्वार्द्धका बाह्य शक्तिलाई तिर्नुपर्ने करकोसेली आदि दस्तुरका निम्ति पनि धेरैपल्ट निकै मोटो परिमाणमा खर्च भएका प्रमान पाइएका छन्।

यी उपर्युक्त विभिन्न कामका निमित्त हुने कतिपय खर्च सोझै राजकोषबाट नगरीकन देशवासी जनताहरूबाट झाराको रूपमा, सेवाकुको रूपमा अनेक वस्तु तथा श्रमसेवा उठाएर चलाइन्थ्यो । यसरी खर्च चलाइए तापनि राज्यको खर्चको हिसावले त श्रम वा भौतिक सम्पत्तिकै रूपमा भए पनि खर्च भएकै हुन्थ्यो, चाहे त्यो राजकोषमा दाखिल भएर होस् वा नभैकन होस् । यसरी हेर्दा निर्माणात्मक, धार्मिक-सामाजिक, दानदातब्य, रक्षाव्यवस्था तथा दैनिक प्रशासन आदि काममा देशको राजस्वको खर्च मध्यकालमा हुन्थ्यो भन्न सकिन्छ । देशको प्रशासन चलाउनका निमित्त नियुक्त उच्च पदका पदाधिकारी र भारदारहरूलाई जागिरको रूपमा जग्गा दिएर पनि देशको भूमिबाट प्राप्त हुने राजस्वमा कटौति गरी खर्च बचाउने जुन परिपाटी लोकप्रिय रूपमा मध्यकालमा चलेको थियो,

त्यसबाट पनि प्रत्यक्ष रूपमा राजस्वमा कटौतिमात्र नभएर अप्रत्यक्ष रूपमा राज्यको खर्च नै कम हुन्थ्यो भन्न सकिन्छ ।

मल्लकालमा राजदरबारमा हुने विवाह, व्रतबन्ध, दीक्षा, ठूल्ठूला पूजाआजा, राज्याभिषेक, यज्ञयागादिजस्ता पर्वमा अहिलेको हिसाबमा तुलना गर्ने हो भने अनुमानै गर्न नसक्ने मोटो परिमाणमा खर्च हुने गरेका प्रमानहरू त्यसकालका ऐतिहासिक सामग्री विशेषगरी धरःपौ आदिका माध्यमबाट प्राप्त भएका छन् । त्यस्तैगरी ठूल्ठूला देवालय, राजकुलो, किल्ला, दरबार आदिको निर्माण र संभार हुँदा पनि त्यस्तै मोटो परिमाणमा राज्यको खर्च हुन्थ्यो, तर यस्ता महत्त्वपूर्ण काम हुँदा जनताबाट श्रमशक्ति वा सेवाकु रकमको रूपमा विशेष करको उठ्ती गर्ने चलन थियो । उक्त कार्यका निम्ति ६/६ महिना अघिदेखि नै राजदरबारमा आवश्यक हुने अनेक वस्तुहरू जम्मा गर्दै गर्न राज्यका ठाउँ-ठाउँका भन्सारी, टक्सारी, द्वारे उमरा आदिलाई केन्द्रबाट खबर जान्थ्यो । यसरी सेवाकु वापतको रकम उठ्ती गरी केन्द्रमा पठाउने अभिभारा पाउने भन्सारी, टक्सारी आदि पदाधिकारीहरूलाई उठ्ती मध्येको केही रकम मिनाहा दिने पनि चलन थियो । भक्तपुरका राजा भूपतीन्द्रमल्लको १३ वर्षको उमेरमा ने.सं. ८०८ कार्तिकमा विवाह सम्पन्न हुँदा ६ महिना अगाडिदेखि नै गाउँ-गाउँमा नाना प्रकारका रोटीसमेत अनेक परिकारहरू बनाउँदै गर्नू भन्ने आदेश दिईएको थियो र उठ्ती गर्ने भन्सारी, टक्सारीहरूलाई उनीहरूको पारिश्रमिकस्वरूप ६००.०० रूपैयाँसम्म मिन्हा दिइएको थियो ।[७४] राजदरबारमा हुने दीक्षा आदि कार्यमा पनि दान-दातव्यमा मात्र पनि निकै मोटो रकम खर्च हुन्थ्यो । ने.सं. ८०७ मा भक्तपुर दरबारमा भएको दीक्षाको सिलसिलामा एकैजना मुख्य ब्राह्मणलाई दक्षिणा मात्र पनि रु. ५००।- सम्म दिएको चर्चा धरःपौमा परेको छ ।[७५] दरबारमा हुने यस्ता पर्वहरूका भोजमा आवश्यक हुने चिउरा, राँगो, बोका, मर-मसला, गेडागुडी (दलहन) पात आदि लायकू (राजदरबारमा) मा ल्याउन आदेश दिइन्थ्यो । यस पर्वमा धेरै खर्च हुन्थ्यो भन्ने राम्रो प्रमान भूपतीन्द्रमल्लको विवाहको पर्वमा खर्च गर्न उठाइएका भौतिक वस्तु तथा नगदको कूल रकमको आँकडाबाट मिलेको छ । यस पर्वमा भक्तपुरभित्रबाट रु. ११,७५० बराबरको र छिमेकी राज्य तथा प्रदेशहरूबाट रु. १५,३७२ बराबरको नगद तथा जिन्सी उठाईएको थियो ।[७६] यसरी सेवाकुको रूपमा उठ्ती मात्र जम्मा रु. २७,१२२।- बराबरको र राजदरबारबाट समेत सुनचाँदीका गरगहना, मणिमाणिक्य, पोशाक आदिका निमित्त लगभग यति नै जति रकम अवश्य खर्च हुन्थ्यो । यसो हुँदा एउटा विवाह जस्तो पर्वमा लगभग ५०,०००।- जतिसम्म खर्च हुने गरेको देखिन आउँछ । आजभन्दा ३।४ सयवर्ष अघिको ५०,००० को महत्त्व कति हुन्थ्यो जुनबेला १ तोला सुनको भाउ सरदर रु. १०।- देखि १५।-

सम्म मात्र पर्दथ्यो । उता राज्यको वार्षिक आम्दानी १५/२० लाखभन्दा बढी हुन नसक्ने समयमा रु. ५०,०००।- युवराजको विवाहोत्सवमा मात्र खर्च हुँदा त्यस खर्चलाई लरतरो मान्नहुँदैन । यसै किसिमले अरू दीक्षा, व्रतबन्ध, पूजाआजा, पूराण, यज्ञयागादि, राज्याभिषेक जस्ता पर्वहरूमा पनि मोटो रकम खर्च हुन्थ्यो । राजदरबारमा हुने यस्ता कुनै पनि पर्वहरूमा बाहिर-बाहिरबाट र छिमेकी राज्यबाट समेत अनेक सांस्कृतिक टोलीहरू अनेक कार्यक्रम लिएर भेला हुन्थे । त्यस्ता टोलका सदस्यहरूलाई राम्ररी भोज खुवाउनु पर्दथ्यो र केही दस्तुरसमेत दिने चलन थियो । यस्तो अवसरमा राज्यभित्रकालाई कम र बाहिरकालाई बढी बढी दस्तुर दिने चलन थियो । जस्तै भूपतीन्द्रमल्लको विवाहमा भक्तपुरभित्रका आफ्ना प्रजालाई प्रतिटोली ६ मोहर र बाहिरबाट आएका टोलीलाई प्रतिटोली २० मोहरसम्म दिएको उल्लेख धर:पौमा परेको छ ।[७७] दरबारमा हुने यस्ता पर्वमा राज्यभिषेकपछि सबैभन्दा धेरै खर्चालु उत्सवमा विवाहसम्बन्धी पर्व नै हुन्थे । यसको तुलनामा दीक्षा, व्रतबन्ध तथा यज्ञयागादि, पूजाआजामा कम नै खर्च हुन्थ्यो ।

मल्लकालमा राज्यको खर्चको ठूलो हिस्सा सार्वजनिक र धार्मिक स्मारकहरूको निर्माण तथा संभारका निम्ति पनि खर्च हुन्थ्यो । यसमा पनि धारो, पाटी, पौवा, विहार र मठमन्दिरहरूको निर्माणमा धेरै खर्च हुने गरेको देखिन्छ । यस विषयमा माथि औद्योगिक परम्परा र श्रमशक्तिअन्तर्गत पनि केही चर्चा गरिसकिएको छ । यस्ता सार्वजनिक र धार्मिक स्मारकहरूको निर्माणसँग सम्बन्धित काम हुँदा पनि देशबासीहरूबाट नगद, जिन्सी तथा झारामा श्रमशक्तिको समेत उठ्ती गर्ने चलन थियो । यसको उदाहरणका निम्ति भक्तपुर न्ह्यात पौ: मन्दिरको निर्माणसँग सम्बन्धित, पनौती क्वाठ निर्माणसँग सम्बन्धित धर:पौहरूलाई यहाँ उल्लेख गर्न सकिन्छ । यी दुवै निर्माण कार्य भक्तपुरका राजा भूपतीन्द्रमल्लको समयमा भएका हुन् । यसैगरी राजा जितामित्र मल्लले ने.सं. ८०५ (वि.सं. १७४१) मा तलेजु मूलद्वारको तोरण फेर्दाको उठ्ती र खर्चसँग सम्बन्धित जितामित्रमल्लको धर:पौलाई पनि यहाँ अध्ययनका निमित्त उल्लेख गर्न सकिन्छ । यो तोरण फेर्ने मात्र कामका निमित्त ८० धार्नीभन्दा धेरै त तामा नै लागेको थियो । यसैगरी सुनको मोलम्बा लगाउन त्यत्तिकै खर्च भएको थियो । भक्तपुर र कान्तिपुरका समेत टमोट, सुवर्णकार, न:कर्मी, सिंकर्मी, लोहकर्मी, अवाले आदि शिल्पीहरूको उपयोग गर्दा उनीहरूलाई दिने ज्यालामा पनि त्यत्तिकै खर्च भएको देखिन्छ । यस कामका निम्ति उपर्युक्त विविध शिल्पीहरू जम्मा ४७२ जनाले काम गरेका थिए । यसबाट यस्ता काममा कतिको खर्च हुन्थ्यो भनेर सोझै अनुमान गर्न सकिन्छ । शिल्पीहरूले झारामा

काम गर्ने चलन भने त्यति नचलेको हुनाले तिनलाई पारिश्रमिक वितरण गर्नु पर्दथ्यो ।

देश रक्षाका निम्ति किल्लाहरूको निर्माण र पछिल्लामल्लकालमा त सैनिकहरू राख्नका निम्ति र हातहतियारका निम्ति पनि उत्तिकै खर्च हुन्थ्यो । राजाका अङ्गरक्षक सैनिक त पहिलेदेखि नै रहन्थे, तरमल्लकालको अन्त्यतिर आईपुग्दा ज्याला दिएर सैनिक नै राखेका उदाहरण पनि पाईएका छन् । कान्तिपुरका अन्तिममल्ल राजा जयप्रकाशमल्लले मठमन्दिरका ढुकुटी, गजुरहरू समेत मासेर सामरिक खर्च पुऱ्याउनु परेको घटना यहाँ उल्लेखनीय छ ।

गोपालवंशावलीमा वर्णन भएअनुसार विदेशी शक्तिको आक्रमणको सामना गर्नका निम्ति पनि उपत्यकाले बेलाबेलामा प्रशस्त सुनचाँदी, नगद आदि सम्पत्ति बुझाउनु पर्दथ्यो भन्ने जानकारी प्राप्त भएको छ । गोपालवंशावलीमा समशुद्दीनको आक्रमणका बखत लुटिएको सम्पत्तिबाहेक नै पनि दक्षिणबाट तिरहुतेहरूको आक्रमण हुँदा र पश्चिमबाट कर्णाली प्रदेशका खसहरूको आक्रमण हुँदा उपत्यकाबासीहरू घरैपिच्छे रकम उठाएर दस्तुर बुझाउनु परेको समेत स्पष्टै चर्चा परेको छ । त्यसैगरी ठूल्ठूला मन्दिरका कोषहरू समेत रित्तै पारेर झिकिएका उदाहरण गोपालवंशावलीमा चर्चित छन् ।[७८]

उपर्युक्त बाहेक दैनिक प्रशासन चलाउन र दरबारको खर्च चलाउन पनि राजकोषबाट धेरै नै खर्च हुन्थ्यो । माथिल्ला तहका राज कर्मचारी तथा भारदारहरूलाई जागिर वृत्तिको रूपमा जग्गा-जमिन दिएर काम चलाइए तापनि त्यसबाट राजकोषमा आम्दानी हुने राजस्वमा सोझै कटौती हुने हुनाले त्यो वास्तवमा प्रशासनमा हुने खर्चअन्तर्गत पर्दथ्यो । राजदरबारमा विलासिताको क्रममल्लकालमा निकै बढेको थियो । भारतीय मुगल शासकहरूको प्रभाव दरबारको रहनसहनमा धेरै गहिरो रूपमा परेको थियो । दरबारमा धेरै विलासी वस्तुहरूको संग्रह गरिन्थ्यो भन्ने ज्वलन्त उदाहरण भक्तपुर दरवारका सामग्री सूचीले प्रस्तुत गर्दछ ।[७९] वास्तवमा यस स्रोतको अध्ययनबाट दरबारमा विलासको अवस्थाले सीमा नाघ्न थालेको राम्रै जानकारी हुन्छ । त्यसो हुँदा दरबारी भोग-विलासका निमित्त पनि ठूलो धनराशी खर्च हुन्थ्यो भन्नु पर्दछ । देशको ढुकुटी र राजढुकुटी एउटै हुने त्यस युगमा दरबारको खर्चले पनि राज्यको खर्च निकै बढाएको थियो भन्न सकिन्छ ।

मध्यकालमा सबैभन्दा धेरै खर्च धार्मिक मठमन्दिरहरूको निर्माण-संभारका निम्ति नै हुन्थ्यो । त्यस्तै गरेर सार्वजनिक कल्याण सम्बन्धी निर्माण तथा पर्वहरूमा पनि ठूलै हिस्सा खर्च हुन्थ्यो । मल्लकालमा निर्मित मन्दिर, विहार, पाटीपौवा, धारा, कुवा, पोखरी, कुलो आदि अहिले पनि प्रशस्त मात्रामा यत्रतत्र देखिन्छन् । उपत्यकाका मध्यकालिक नगर र बस्तीहरूको गहिरो रूपमा

अध्ययन गर्दा त्यस युगमा राज्यको आम्दानीको ठूलो हिस्सा धार्मिक तथा लौकिक कार्यहरूमा हुन्थ्यो भन्ने कुरा स्पष्ट हुन्छ । त्यसंकालमा बनेका मठमन्दिरहरू र स्मारकहरूको अहिले संरक्षण मात्र गर्न पनि असम्भव जस्तै महसुस हुँदै गएको यथार्थ हाम्रो सामु छँदैछ ।

टिप्पणी

१. डि.आर. रेग्मी, *मेडिएवल नेपाल, पार्ट टू,* कलकत्ता: के.एल. मुखोपाध्याय, पृ. ५३४ ।
२. धनवज्र वज्राचार्य, *लिच्छविकालका अभिलेख,* काठमाडौँ: नेपाल र एशियाली अध्ययन संस्थान, वि.सं. २०३०, अ.सं. ११२ ।
३. रमेश ढुङ्गेल, *प्राचीन अर्थव्यवस्था,* काठमाडौँ: शारदाप्रसाद उपाध्याय ढुङ्गेल, वि.सं. २०४३, पृ. ६७-७० ।
४. वर्नहार्ड कुल्भर र हेमराज शाक्य, *डकुमेन्ट्स फ्रम द रुद्रवर्ण महाविहार पाटन,* भि.जि.एच.डब्ल्यू.एस.ए., ई. १९८५, डकुमेन्ट्स ५९, ६५, ६८ आदि ।
५. *त्यही,* पृ. ७१-७२ ।
६. *त्यही* ।
७. *कौटिल्यको अर्थशास्त्र,* २।३५।३, २।१०।४०।, २।१०।४२ ।
८. *त्यही* ।
९. कुल्भर र शाक्य, *पूर्ववत्,* ४, पृ. ७२ ।
१०. *त्यही,* पृ. ७६ ।
११. *त्यही,* पृ. ७६ तथा सामग्री संख्या १४, १५ का ताडपत्र ।
१२. *त्यही,* पृ. ७६-७७ तथा सामग्री संख्या ४ र ६७ का ताडपत्र ।
१३. *त्यही,* सामग्री संख्या ६७ को ताडपत्र ।
१४. *त्यही,* पृ. १२४, सामग्री संख्या १४ को ताडपत्र ।
१५. वज्राचार्य, *पूर्ववत्,* २, पृ. ३२० ।
१६. कुल्भर र शाक्य, *पूर्ववत्,* ४, ११४, सामग्री संख्या ८ को ताडपत्र । "मूलपिण्ड वर्षामप्रति दया धान्य नव प्रस्थ..." ।
१७. धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ, *दोलखाको ऐतिहासिक रूपरेखा,* काठमाडौँ: नेपाल र एशियाली अध्ययन संस्थान, वि.सं. २०३१, सामग्री संख्या १९ र ३४ का पत्रहरू ।
१८. धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ, *नुवाकोटको ऐतिहासिक रूपरेखा,* काठमाडौँ: नै.ए. अध्ययन संस्थान, वि.सं. २०३२, पृ. १०३-१०४ ।
१९. रेग्मी, *पूर्ववत्,* १, पृ. ५२६ ।
२०. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्,* १७, संख्या १९ को पत्र पृ. १४५ ।
२१. कुल्भर र शाक्य, *पूर्ववत्,* ४, पृ. ७० ।
२२. "वा आ ५२० थागुनेया चौक्वास काया वा आ ६०० थोपालेया टुकाया ..." भूपतीन्द्र मल्लको विवाहको धर:पौबाट ।
२३. कर्कप्याट्रिक, *यान् एकाउण्ट् अफ् द किङ्दम् अफ् नेपाल,* पृ. ९४ ।
२४. वज्राचार्य, *पूर्ववत्,* २, पृ. ३४८, अभिलेख संख्या ८२ ।
२५. ढुङ्गेल, *पूर्ववत्,* ३, पृ. ६८ ।

२६. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्,* संख्या १७, पृ. ५४-५५ । संख्या १८, पृ. ९६, ९७ ।
२७. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्,* संख्या १७, पृ. ६१ ।
२८. *त्यही,* २३ संख्याको पत्र, पृ. १४७ ।
२९. *त्यही,* १९ संख्याको पत्र, पृ. १४४ ।
३०. रेग्मी, *पूर्ववत्,*१, पृ. ५३५ ।
३१. वज्राचार्य, *पूर्ववत्,* १८, सामग्री संख्या १ को पत्र ५ र पृ. ६७ ।
३२. बाबुराम आचार्य, *श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी,* तेस्रो भाग, काठमाडौं: राजदरबार प्रमुख सम्वाद सचिवालय, पृ. ३९८ ।
३३. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्,* १६, पृ. ११०, अभिलेख संख्या ४३ ।
३४. पेटेक, *इटालिनी मिशनरी...,* भोल २, पार्ट ४, पृ. ५१, ५७ ।
३५. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्,* १७, पृ. ७०, पत्र संख्या ७ र पृ. ७२ पत्र संख्या १२ ।
३६. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्,* १७, पृ. १५७, पत्र संख्या ३५ को पत्र ।
३७. *त्यही,* पृ. १०१ ।
३८. *त्यही,* पृ. १००, १०३, १०४ ।
३९. पेटेक, *इटालिनी मिशनरी...,* भोल २, पार्ट ४, पृ. ६९ ।
४०. रेग्मी, *पूर्ववत्,* १, पृ. ५३७ ।
४१. वज्राचार्य, *पूर्ववत्* संख्या १७, पृ. १७६-१७७, संख्या ७२ को पत्र ।
४२. *त्यही,* पत्र संख्या ३५, पृ. १५७ ।
४३. जितामित्र मल्लको धर:पौं, ने.ए.अ. केन्द्रद्वारा संकलित ।
४४. *त्यही* ।
४५. *त्यही* ।
४६. *त्यही* ।
४७. *त्यही* ।
४८. रणजित मल्लको विवाहको धर:पौं ।
४९. जितामित्र मल्लको धर:पौ ।
५०. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्,* १६, पृ. ६१ ।
५१. धनवज्र वज्राचार्य, *मध्यकालको अभिलेख,* नेपाल र एशियाली अनुसन्धान केन्द्रमा बुझाएको अनुसन्धान प्रतिवेदन (पाटन खण्ड) ।
५२. देवीप्रसाद लंसाल (सं.), *भाषावंशावली द्वितीय भाग,* काठमाडौं: नेपाल राष्ट्रियं पुस्तकालय, वि.सं. २०२३, पृ. ४६-४८ ।
५३. *गोपालराजवंशावली,* पत्र संख्या २४ 'ख', ३१ 'क' ।
५४. *त्यही,* पत्र संख्या ६० 'क' ।
५५. *त्यही,* पत्र संख्या ५१ ।
५६. *त्यही,* पत्र संख्या ४१ 'क', ४२ 'ख' ।
५७. *त्यही,* पत्र संख्या ४८ 'क' ।
५८. कुल्भर र शाक्य, *पूर्ववत्,* पृ. १२६ ताड़पत्र संख्या १५ ।
५९. ढुङ्गेल, *पूर्ववत्,* पृ. ७०, १७२ ।
६०. ढुङ्गेल, *पूर्ववत्,* ३, पृ. १९० ।
६१. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्,* १७, पृ. ९८ सामग्री संख्या २७ को अभिलेख ।

६२. धनवज्र वज्राचार्य, "मध्यकालका सुरुका केही अभिलेख", *कन्ट्रिब्यूसन्स् टू नेपलिज स्टडिज,* वर्ष ५, अंक १, पृ. ... ।
६३. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्,* १७, पृ. १२१, अभिलेख संख्या ५५ ।
६४. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्,* १८, पृ. ७४, ७५, संख्या १६ को पत्र ।
६५. रेग्मी, *पूर्ववत्,* १, पृ. ५२९ ।
६६. वज्राचार्य, *मध्यकालको अभिलेख,* पाटन खण्ड, अप्रकाशित प्रतिवेदन, नेपाल र एशियाली अनुसन्धान केन्द्र ।
६७. हेमराज शाक्य र टि.आर. वैद्य, *मेडिएवल नेपाल कोलोफन्स् यान्ड् इन्स्क्रिप्सन्स्,* काठमाडौंः टि.आर. वैद्य, ई. १९७०, पृ. १०८, अभिलेख संख्या २४ ।
६८. रमेश ढुङ्गेल, *लो (मुस्ताङ्ग) राज्यको ऐतिहासिक रूपरेखा,* नेपाल र एशियाली अनुसन्धान केन्द्रमा बुझाएको अनुसन्धान प्रतिवेदन, २०४४, पृ. ३३३-३३४ ।
६९. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्,* संख्या १७, पृ. १६१ सामग्री संख्या ४१ को पत्र ।
७०. *त्यही,* पृ. १३९-४०, सामग्री संख्या ११ को पत्र ।
७१. *त्यही,* पृ. १३६, सामग्री संख्या ६ को पत्र ।
७२. धनवज्र वज्राचार्य, *मध्यकालका अभिलेख पहिलो भाग,* भक्तपुर दरबारको अभिलेख (संख्या उल्लेख नभएको), अप्रकाशित प्रतिवेदन, ने.ए.अ. केन्द्र, त्रि.वि., कीर्तिपुर ।
७३. वज्राचार्य र श्रेष्ठ, *पूर्ववत्,* १६, पृ. १४४, सामग्री संख्या १८ को पत्र ।
७४. भक्तपुरका राजा जितामित्र मल्लसँग सम्बन्धित धरःपौ ।
७५. भक्तपुरका राजा जितामित्र मल्लको धरःपौ ।
७६. *त्यही* ।
७७. *त्यही* ।
७८. *गोपालराजवंशावली,* पत्र संख्या ४२ ख, ४३ क, ४८ क आदि
७९. तुलसीराम वैद्य, *पृथ्वीनारायण शाह-रणजित मल्लकालिक कागतपत्र,* काठमाडौंः नेपाल अध्ययन संस्थान, वि.सं. २०२८ ।

सन्दर्भ ग्रन्थ सूची (Bibliography)

अमरकोश, नेवारी (अप्रकाशित)।

आचार्य, बाबुराम, *श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी*, तेश्रो भाग, काठमाडौँ: राजदरवार प्रमुख सम्वाद सचिवालय, वि.सं. २०२५।

उपाध्याय, बासुदेव, *प्राचीन भारती मुद्राए*, पटना: प्रज्ञा प्रकाशन, ई. १९७१।

खनाल, मुक्तिनाथ (अनु.), *नेपाल माहात्म्य*, काठमाडौँ: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि.सं. २०२८।

खनाल, मोहन प्रसाद, *नेपालका केही मल्लकालीन अभिलेख*, काठमाडौँ: मोहन खनाल, वि.सं. २०२९।

........., *अभिलेख संकलन*, काठमाडौँ: साझा प्रकाशन, वि.सं. २०२८।

........., *चाँगुनारायणका ऐतिहासिक सामग्री*, काठमाडौँ: नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.सं. २०४०।

खोंजू, हरिभक्त, *धुलिखेलको सांस्कृतिक सर्वेक्षण*, काठमाडौँ: नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.सं. २०४३, पृ. १२।

खोयेमा, एन.डी. वोल्सो, "बौद्धवादी केन्द्रीय एशियाका जनताहरूको मल्लकालीन संस्कृति तिब्बती साहित्यको इतिहासमा नीतिशास्त्रहरू", *अभिलेख*, वर्ष १, अंक १, (वि.सं. २०४०), पृ. ८७-११०।

गैरोला, वाचस्पति (अनु.), *कौटिल्यका अर्थशास्त्र*, वाराणसी: चौखम्वा विद्याभवन १९६५।

गोयन्दका, जयदयाल (सं.), *संक्षिप्त महाभारत*, गोरखपुर: गीता प्रेस, वि.सं. २०३५।

चालिसे. चक्रपाणि (अनु.), *मनुस्मृति*, काठमाडौँ: नेपाली भाषा प्रकाशिनी समिति, वि.सं. २००३।

जोशी, सत्यमोहन, *नेपाली धातु मूर्तिकलाको विकासक्रम*, काठमाडौँ: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि.सं. २०३५।

........., *नेपाली राष्ट्रिय मुद्रा*, (दोश्रो संस्करण), ललितपुर: साझा प्रकाशन, वि.सं. २०४२।

........., *कलाकार अरनिको*, काठमाडौँ: विजय गजानन्द वैद्य।

ढुङ्गेल, रमेश, *लो (मुस्ताङ्) राज्यको ऐतिहासिक रूपरेखा*, ने.ए.अ. केन्द्र, त्रि.वि. मा बुझाएको अनुसन्धान प्रतिवेदन, वि.सं. २०४४।

........., *प्राचीन अर्थव्यवस्था*, काठमाडौँ: शारदाप्रसाद उपाध्याय ढुङ्गेल, वि.सं. २०४४।

........., "आचार्य दीपङ्कर श्रीज्ञान (अतीश) को तिब्बत यात्रा: एक नयाँ अध्ययन", *कन्ट्रिब्यूसन्स् टू नेपलिज स्टडिज*, भोल १३, नं. २, (ई. १९८६), पृ. १८२-२०४।

........., "नेपालमा आहतमुद्राको प्राप्ती: इतिहासमा नयाँ आयाम", *गरिमा*, वर्ष १, अंक २, (माघ २०३९); पृ. ४५-५१।

........., "मौद्रिक परम्परा र केही नेपाली माटोका मुद्रा", *कन्ट्रिब्यूसन्स् टू नेपलीज स्टडिज*, भोल ११, नं. २ (वैशाख, २०४१), पृ. ७१-८४।

………, "जनरल भक्तवीर कुंवर राणाले छोराहरूलाई वि.सं. १९१२ मा गरिदिएको अंशबण्डापत्र र तात्कालिक केही आर्थिक साथै अन्य सवालहरू", *प्राचीन नेपाल*, संख्या ८६-८८ (वि.सं. २०४१), पृ. १-२६ ।

………, "नेपाल-भुटान सम्बन्धलाई प्रकाश पार्ने थप सामग्री", *आर्थिक नेपाल*, पूर्णाङ्क २१, पृ. ९-१४ ।

………, "स्वयम्भूस्थित स्यामरपा लामा दशौंको तिब्बती अभिलेख र त्यसको अनुवाद", *आर्थिक नेपाल*, पूर्णाङ्क २५ (२०४५ वैशाख-जेठ), पृ. १-११ ।

………, "नेपाल-भुटान ऐतिहासिक सांस्कृतिक सम्बन्ध", *कन्ट्रिब्यूसन्स् टू नेपलीज् स्टडिज्*, वर्ष १६, अंक १ ।

तमोट, काशीनाथ, *पुत्रवैत्रादिबोधिनी*, काठमाडौं: पासामुना, ने.सं. ११०३ ।

तेवारी, रामजी र अरु, *अभिलेख संग्रह*, दोश्रो भाग, काठमाडौं: संशोधन मण्डल, वि.सं. २०१८ ।

नेपाल, ज्ञानमणि, *नेपाल निरुक्त*, काठमाडौं: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि.सं. २०४० ।

………, *जयत-रचित महीरावधवध नाटक विवेचनात्मक अध्ययन*, काठमाडौं: नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.सं. २०४० ।

………, "पशुपतिनाथको दर्शन स्पर्शन र पूजन सम्बन्धमा समीक्षा", काठमाडौं: महेशराज पन्त, वि.सं. २०४३ ।

………, *पद्म-व्कह्-थङ्* (तिब्बती ग्रन्थ पेमाकाथङ् अर्थात् पद्मसंभवको जीवनी) ।

पन्त, दिनेशराज, *गोरखाको इतिहास*, काठमाडौं: दिनेशराज पन्त, वि.सं. २०४३ ।

प्रधान, रुक्मिणी वन्त, "विक्रमशील महाविहारको ऐतिहासिक महत्त्व", *कन्ट्रिब्यूसन्स् टू नेपलिज स्टडिज*, भोल १२, नं. २ (वैशाख, २०४२), पृ. १०३-११६ ।

पुरातत्व विभाग (श्री ५ को सरकार), *श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायण शाहको दिव्य उपदेश* ।

पौडेल, नयनाथ (सं.), *भाषा वंशावली* (भाग १), काठमाडौं: नेपाल राष्ट्रिय पुस्तकालय, वि.सं. २०२० ।

पौडेल, भोलानाथ, "भक्तपुरको राजकुलो", *पूर्णिमा*, पूर्णाङ्क ४, (वि.सं. २०२१ माघ), पृ. ४४-४९ ।

………, "जितामित्र मल्लका कृतिहरू", *पूर्णिमा*, पूर्णाङ्क २, (वि.सं. २०२१ श्रावण), पृ. ११-२० ।

बुढाथोकी, चन्द्रविक्रम (सं.), *जयस्थितिमल्लको सुधार*, ललितपुर: साझा प्रकाशन, वि.सं. २०३९ ।

भट्टराई, गोविन्द प्रसाद, *रामाङ्ग-नाटिका*, काठमाडौं: नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, वि.सं. २०३२ ।

मानन्धर, पूर्णदास, "रणजित मल्लको सिकूचा मोहर", *प्राचीन नेपाल*, संख्या ९१, (पौष-माघ २०४२), पृ. १-५ (नेपाली खण्ड) ।

मिश्र, भाव, *भावप्रकाश* (अनु.) शालिग्राम वैश्य, मुम्बई: खेमराज श्रीकृष्णदास, वि.सं. १९७६ ।

योगी, नरहरिनाथ, (सं.), *इतिहास प्रकाश*, भाग २-३, काठमाडौं: इतिहास प्रकाशक संघ, मृगस्थली गोरक्ष पीठ, वि.सं. २०१३ ।

………, (सं.), *संस्कृत सन्देश*, अंक १०, ११, १२, वि.सं. २०१०-११

.........., (सं.), *हिमवत्खण्ड*, काशी: गोरक्षटिल्ला, योगप्रचारिणी, वि.सं. २०१३ ।

.........., (सं.), *दिव्य उपदेश*, वाराणसी: योग प्रचारिणी महासभा, गोरक्षटिल्ला, वि.सं. २०१६, पृ. २२ ।

रसुवा नगथली गोन्पास्थित तिब्बती भाषामा लेखिएको *देव-ठा* राणाकालको शुरू-शुरू ताका लेखिएको हस्तलिखित सामग्री ।

राजवंशी, शंकरमान, (सं.), *पुरातत्व-पत्र संग्रह*, १-२३, काठमाडौँ: श्री ५ को सरकार, पुरातत्व विभाग ।

.........., (सं.), *भक्तपुर शिलालेख सूची*, काठमाडौँ: श्री ५ को सरकार पुरातत्व र संस्कृति विभाग, वि.सं. २०२० ।

.........., (सं.), *कान्तिपुर शिलालेख सूची*, काठमाडौँ: राष्ट्रिय अभिलेखालय, वि.सं. २०२७ ।

.........., (सं.), *भूमिसम्बन्धी तमसुक ताड़पत्र*, भाग १, २, ३, ४, काठमाडौँ: राष्ट्रिय अभिलेखालय, वि.सं. २०४०-४४ ।

राजवंशी, शंकरमान, "मानचन्द्र शाक्यको ताम्रपत्र र त्यसको ऐतिहासिक व्याख्या", *पूर्णिमा*, पूर्णाङ्क ४, पृ. ५५-५७ ।

.........., "महीन्द्रसिंह (भाष्कर मल्ल) को ताम्रपत्र र त्यसको ऐतिहासिक व्याख्या", *पूर्णिमा*, वर्ष १, अंक २ (श्रावण, २०२१) ।

राजशेखर, *काव्यमीमाँशा*, वाराणसी: चौखम्बा विद्याभवन, वि.सं. २०२१ ।

रिसाल मधुसुदन (अनु.), *पशुपति पुराण*, काठमाडौँ: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि.सं. २०२९ ।

रेग्मी, जगदीशचन्द्र, *नेपालको वैधानिक परम्परा*, काठमाडौँ: त्रि.वि., पाठ्यक्रम विकास केन्द्र, वि.सं. २०३६ ।

.........., *लिच्छवि संस्कृति*, काठमाडौँ: रत्न पुस्तक भण्डार, वि.सं. २०२६ ।

लंसाल, देवीप्रसाद, *भाषावंशावली*, द्वितीय भाग, काठमाडौँ: नेपाल राष्ट्रिय पुस्तकालय, वि.सं. २०२३, पृ. ४१-४७ ।

लामा, तारानाथ, *भारत में बौद्ध धर्मका इतिहास*, पटना: काशीप्रसाद जयसवाल शोध संस्थान, ई. १९७१ ।

वज्राचार्य, गौतमवज्र, *हनुमानढोका राजदरबार*, काठमाडौँ: नेपाल र एशियाली अध्ययन संस्थान, वि.सं. २०३३, पृ. ४८-४९ ।

वज्राचार्य, चिरन्जीविप्रभा, "भास्करदेव संस्कारित केशवचन्द्रकृत पारावत महाविहार एक अध्ययन", त्रि.वि., नेपाली इतिहास संस्कृति र पुरातत्व विभागमा बुझाएको अप्रकाशित शोधपत्र २०४० ।

वज्राचार्य, चुन्दा (संकलन), मल्लकालीन धरःपौहरू, ने.ए.अ. केन्द्रमा बुझाएका प्रतिवेदन, (*जितामित्र मल्लकालीन धरःपौ*, काठमाडौँ: ने.ए.अ.केन्द्र, २०५३) *न्यात पौः देवल निर्माण सम्बन्धी धरःपौ*, (अप्रकाशित) *रणजितमल्लको विवाहको धरःपौ*, (अप्रकाशित) *भूपतीन्द्र मल्लको गादेश भ्रमणको धरःपौ*, (अप्रकाशित), *भक्तपुरसँग सम्बन्धित ऐतिहासिक घटनावली* (अप्रकाशित) ।

वज्राचार्य, धनवज्र (सं.), *इतिहास संशोधनको प्रमाण प्रमेय*, ललितपुर: जगदम्बा प्रकाशन, वि.सं. २०१९ ।

......., "चौतारा भगिरथ भैया", *पूर्णिमा*, पूर्णाङ्क ५, वि.सं. २०२२, पृ. २१-३१ ।

.........., "मध्यकालका शुरुका केही अभिलेख", *कन्ट्रिब्यूसन्स् टू नेपलिज स्टडिज,* वर्ष ५, अंक १, (डिसेम्वर १९८०), पृ. २२०-२२३ ।

............, "मध्यकालका प्रसिद्ध राजा शिवेदव", *कन्ट्रिब्यूसन्स् टू नेपलिज् स्टडिज्,* वर्ष ८, अंक १, पृ. २०७-२२२ ।

............, *मध्यकालका अभिलेख,* पहिलो, दोश्रो, तेश्रो र चौथो खण्ड, ने.ए.अ. केन्द्र, त्रि.वि. मा बुझाएको प्रतिवेदन (अप्रकाशित) ।

वज्राचार्य, धनवज्र र टेकबहादुर श्रेष्ठ, *दोलखाको ऐतिहासिक रूपरेखा,* काठमाडौं: ने.ए.अ. संस्थान, वि.सं. २०३१ ।

.........., *नुवाकोटको ऐतिहासिक रूपरेखा,* काठमाडौं: नेपाल र एशियाली अध्ययन संस्थान, वि.सं. २०३२ ।

.........., "शक्तिशाली भारदार रामवर्द्धनहरू र तात्कालिक नेपाल", *पूर्णिमा,* पूर्णाङ्क ७ ।

.........., "कर्णाली प्रदेशको ऐतिहासिक रूपरेखा" भीमप्रसाद श्रेष्ठ (सं.), कर्णाली प्रदेश: एक विटो अध्ययन, जुम्ला, वि.सं. २०२८ ।

.........., *लिच्छविकालका अभिलेख,* काठमाडौं: नेपाल र एशियाली अध्ययन संस्थान, वि.सं. २०३० ।

.........., "ताडपत्रहरूको ऐतिहासिक महत्त्व", *आर्थिक नेपाल,* वर्ष २, अंक ३, पूर्णाङ्क १० (वैशाख, २०४१) ।

.... र टेक बहादुर श्रेष्ठ, *पान्चाली शासन पद्धतिको ऐतिहासिक विवेचना,* काठमाडौं: नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.सं. २०३५ ।

वज्राचार्य, शान्तहर्ष (सं.), *न्यायविकासिनी मानव न्याशास्त्र* (स्थितिमल्लका पालामा मन्त्री जयतवर्माका निम्ति), काठमाडौं: नेपाल भाषा परिषद्, वि.सं. २०४४ ।

वज्राचार्य, शान्तिप्रभा, "कटुवाल घोक्ने", *रोलम्वा,* वर्ष ६, अंक २ (अप्रिल-जुन, १९८६), पृ. ११-१७ ।

वाङ्गदेल, लैनसिंह, *प्राचीन नेपाली चित्रकला,* काठमाडौं: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि.सं. २०३४ ।

..........., *प्राचीन नेपाली मूर्तिकलाको इतिहास,* काठमाडौं: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि.सं. २०३९ ।

वैद्य, तुलसीराम, *पृथ्वीनारायण शाह-रणजित मल्लकालिक कागतपत्र,* काठमाडौं: नेपाल अध्ययन संस्थान, वि.सं. २०२८ ।

.........., "ठिमीबाट प्राप्त ऐतिहासिक पत्र", *भ्वाइस् अफ् हिष्ट्री,* भोल ८, नं. १, (डिसेम्वर, १९८२), पृ. १८-६५ ।

शर्मा, कुनू, *कीर्तिपताका,* अनु. योगी नरहरिनाथ, पाटन: जगदम्बा प्रकाशन, वि.सं. २०१८ ।

शर्मा, जनकलाल, "सद्धर्मपुण्डरीक सूत्र", *अभिलेख,* वर्ष २, अंक २, (वि.सं. २०४१) ।

शाक्य, हेमराज, *शिक्देव संस्कारित श्रीरुद्रवर्ण महाविहारस्थित ताडपत्र-अभिलेख,* काठमाडौं: बुद्ध जयन्ती समिति, बुद्ध संवत २५२४ ।

शाक्य, हेमराज, "पूज्य गुरु धर्मादित्य धर्माचार्यजु नाप बौद्धकला अनुसन्धान", *सितु,* वर्ष १, अंक ३, पृ. ९३ ।

श्रेष्ठ, टेकबहादुर, "पशुपतिका दुइ ताम्रपत्र देवदासी प्रथामा नयाँ प्रकाश", *कन्ट्रिब्यसन्स् टू नेपलिज् स्टडिज,* भोल १, नं. २, १०३-१०६ (वि.सं. २०३१) ।

संशोधन मण्डल, *इतिहास संशोधनको प्रमाण प्रमेय*, ललितपुर, जगदम्वा प्रकाशन, वि.सं. २०१९ ।

संशोधन मण्डल, *अभिलेख संग्रह*, दोश्रो भाग ।

संशोधन मण्डल, *इतिहास संशोधन*, ६७ संख्या, काठमाडौँ: संशोधन मण्डल, वि.सं. २०२५, पृ. १-४ ।

सांकृत्यायन, राहुल, *तिब्बत में बौद्धधर्म*, इलाहावाद: किताब महल, सन् १९७५ ।

ज्ञवाली, सूर्यविक्रम, *नेपाल उपत्यकाको मध्यकालीन इतिहास*, काठमाडौँ: रायल नेपाल एकेडेमी, वि.सं. २०१९ ।

अंग्रेजी

Apte, H.N. (ed.), *Yāgnavalkyasmṛti*, Vols 2, Poona,1903-4.

Apte, V.S., *The Students Sanskrit-English Dictionary*, Delhi: Motilal Banarasidass, 1986.

Bagchi, S. (ed.), *Mulasarvastivadvinayavastu*, Darbhanga: Mithila Institute, 1970.

Beal, Samuel, *Life of Huian Tsang*, Delhi: Munshiram Manoharlal, 1973.

Brown, P., *Pitcuresque Nepal*, London: 1982.

Bruce, Colin R.& Others (eds.), *The Stndard Guide to South Asian Coins & Paper Money*, Wisconsin: Krause Publications.

Chattopadhyay, Alaka, *Atisa & Tibet*, Delhi: Motilal Banarasidass, 1981.

Cunningham, Alexander, *Coins of Ancient India*, Reprint, Vanarasi: Indological Book House, 1963.

Das, Sarat Chandra, *Tibetan-English Dictionary* (Compact Ed.), Kyoto: Rinsen Book Company, 1983.

Das, Sarat Chandra, *Indian Pandits in the Land of Snow*, Reprint, Calcutta: K.L. Mukhopadhyay, 1965.

Dhungel, Ramesh, "Notes on Some Medieval Coins of Nepal", *Rolamba*, Vol. 1-4, No. 3, (July-Sept, 1984), pp. 34-41.

Fillippo De Fileppi (ed.), *Father Ippolito Desideri- An Account of Tibet*, 1931.

Ghosal, U.N., *Contributions to the History of the Hindu Revenue System* (2nd ed.), Calcutta: 1972.

Government of India, *Epigraphia Indica*, Vol. 27.

Gopal, Lallanji, *Economic Life of Northern India*, Varanasi: Motilal Banarasidass, 1965.

Gupta, Parmeshwari Lal, *India: The Land & People: Coins*, New Delhi: Nationa Book Trust, 1969.

Hamilton, Francis Buchanan, *An Account of the Kingdom of Nepal*, Reprint, New Delhi: Asian Educational Service, 1986, First Publication 1819.

Keshar Lal, *Lore & Legend of Nepal*, Kathmandu, 1966.

Kirkpatrick, Colonel, *An Account of the Kingdom of Nepal*, Reprint, New Delhi: Asian Educational Services, 1986, First Publication 1811.
Kolver, Bernhard and Hemraj Shakya, *Documents from the Rudravarna-Mahavihara Patan*, VGH W.S.A., 1985.
Kolver, B., "Documents from Nepal 2: A Transfer of Lease.", *Studien zur Indologie and Iranistik 7* (1981).
.........., "Chronicles and deeds on currency and land (Documents from Nepal), *Journal of Nepal Research Centre*, Vol. 5, No. 6, (1982).
Landon, P., *Nepal*, Vol. II, London: 1928.
Levi, Sylvain, *Le Nepal*, Paris: 1905-08.
Locke, John K. *Buddhist Monastaries of Nepal*, Kathmandu: Sahayogi Press, 1985.
Pant, Maheshraj & Aishwaryadhar Sharma, *The Two Earliest Copper-Plate Inscriptions From Nepal*, Kathmandu: Nepal Research Centre, 1977.
Petech, L. (ed.), *Missionari Italiani nel Tibet e nel Nepal* 7 parts, Roma: 1953.
Petech, Lucino, *Medieval History of Nepal*, Roma: Is.M.E.O., 1958 and 1984.
Regmi, D.R., *Medieval Nepal*, Parts I-III, Calcutta: K.L. Mukhopadhyay, 1965-66.
Regmi Jagdish Chandra (ed.), "Malla Coins", *Nepal Antiquary* XLVI-L (September, 1982).
.........., *Medieval Nepal* Part IV, Patna: Published by the author, 1966.
Rhodes, N.G. & C. Valdettaro, "Coins of Medieval Nepal", *Numismatic Chronicle*, London, Seventh Series, Vol XVI (1976), pp. 158-167.
Roerich, G. (Tr.), *Biography of Dharmasvamin,* Patna: K.P. Jayaswal Research Institute, 1959.
.... (Tr.), *Blue Annals*, Vol. I & II, Delhi: Motilal Banarasidass, 1975.
Slusser, M.S., "On the Antiquity of Nepalese Metal Craft", *Archives of Asian Art*, Vol. 29, 1975-76, pp.
........., *Nepal Mandala,* Vol. 1-2, Princeton: 1982.
Shakya, Hemraj & T.R. Vaidya, *Medieval Nepal*, (Colophons and Inscriptions), Kathmandu: T.R. Vaidya, 1970.
Shakya, Karna, *Tales of Kathmandu*, Brisbane: 1980.
Shamshastry, R. (Tran.). *Kautilya's Arthashastra* (3rd edition), Maisore, 1929.
Sharma, Mana Mohan, *Folklore of Nepal*, New Delhi: 1978.
Tucci, Guiseppee, *Preliminary Studies on Two Scientific Expedition in Nepal*, Roma: Is.M.E.O., 1956.
........., *Trans-Himalaya*, Delhi: Vikash Publishing House, 1973.

Vajracharya, Dhanavajra, "The Development of Early and Medieval Settlements in the Kathmandu Valley", *Heritage of the Kathmandu Valley* (Proceedings of an International Conference in Lubech, June 1985), Published in 1987 by VGH W.S.A., pp. 355-364.

Vajracharya, Dhanavajra & Kamal P. Malla, *The Gopalarajvamsavali*, Franz Steiner Verlag Wiesbuden Gombtt, 1985.

Walsh, E.H., *The Coinage of Nepal*, Reprint, Delhi; Inological Book House, 1973.

Wessels, C., *Early Jesuit Travellers in Central Asia, 1603-1721*, The Hague: Martinus Nighoff, 1924.

Watters, Thomes, *On Yuan-Chwang's Travel in India*, Vol. I, Delhi: Munshiram Manoharilal, 1961.

Wright, D. (ed.), *History of Nepal*, Reprint, Kathmandu: Nepal Antiquited Book Publishers, 1972.

मुद्रक : आगम-प्रिन्टर्स पब्लिसर्स एण्ड जनरल सप्लायर्स सहकारी लि.,
नयाँ बानेश्वर, फोन नं. : ४७२५१६